# विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी

# लूकाको सुसमाचारको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# लूकाको सुसमाचारको पुस्तकको भूमिका

*'संसारको सबैभन्दा सुन्दर पुस्तक यही हो।'*

*श्री एर्नष्ट रेनान्*

## १) नयाँ नियमको कानुनमा त्यसको अद्वितीय स्थान

(टिकाः यस ठाउँमा 'कानुन' भन्नाले मण्डलीको मान्यता पाएका पवित्र बाइबलका पुस्तकहरूको सूचि बुझिन्छ)

'सबैभन्दा सुन्दर पुस्तक यही हो' भन्दाखेरि लूकाको सुसमाचारको पुस्तकलाई उच्च सराहना मिलेको छ; अनि विचार गर्नुहोस्ः यो त एक सन्देहवादीको मुखबाट निस्केको प्रशंसा हो। लूकाको सुसमाचारको पुस्तकको मूल्याङ्कन गरेपछि फ्रान्सेली आलोचक श्री रेनान्को राय यो थियो। अनि कुनचाहिँ सक्षम विश्वासीले लूकाको सुसमाचारको पुस्तक, त्यो परमेश्वरको प्रेरणाले दिइएको ग्रान्थरत्न पढ़ेपछि श्री रेनान्का यी शब्दहरूलाई खण्डन गर्ला? अन्यजातिहरूबाट लूका मात्र परमेश्वरले चुन्नुभएको लेखक थिए, जसले परमेश्वरको वचन लेख्ने जिम्मा पाए। अनि हुन सक्छ, यही कारणले त्यस पुस्तकले पश्चिमी मानिसहरूलाई विशेष आकर्षण गर्दछ, जति ग्रीक-रोमी संस्कृतिका उत्तराधिकारी छन्।

वैद्य लूकाले आफ्नो सुसमाचारको पुस्तक नलेखेका भए हाम्रो आत्मिक हानि ठूलो हुनेथियो; किनकि त्यस पुस्तकमा उनले प्रभु येशू र उहाँको सेवकाइको सम्बन्धमा भिन्नै जोड़ लगाए। प्रभु येशूले यहूदीहरूलाई मात्र प्रेम गर्नुहुन्न, तर सबै जातिका मानिसहरूलाई प्रेम गर्नुहुन्छ र सबै मानिसहरूकहाँ मुक्ति प्रस्तुत गर्नुहुन्छ, साथै व्यक्ति-व्यक्तिमा उहाँको विशेष चासो छ, अँ, गरिब र बहिस्कृत गरिएका मानिसहरूप्रति उहाँको कृपा छ भन्ने कुरा त्यस पुस्तकमा जोड़ गरिएका विशेषताहरू हुन्। लूकाले आफ्नो सुसमाचारको पुस्तकमा अझ स्तुति-प्रशंसामा, प्रार्थनामा र पवित्र आत्मामा जोड़ लगाउँछन्। लूका एक अध्यायमा शुरुका इसाईहरूका भजनहरूका कति उदाहरण समावेश छन्।

## २) त्यसको लेखक

'लूका एन्टिओकको वासिन्दा थिए। उनको पेसाअनुसार उनी वैद्य थिए। उनी धेरै समय प्रेरित पावलको साथी थिए; अनि अरू प्रेरितहरूसित पनि उनी ध्यानपूर्वक बातचित गर्थे। उनका दुई पुस्तकमा उनले हाम्रो आत्माका निम्ति औषधी हाले, जुन औषधी उनले प्रभुका प्रेरितहरूबाट सङ्कलन गरेका थिए।'

'हिस्टोरिका एक्क्लेसिअस्टा' नामक किताबको तीन अध्यायको ४ पदमा श्री युसेबियुस्ले (इस्वी संवत् ३२५-३४०) यही शब्दहरू लेखेर लूकाको सुसमाचारको विषयमा बाहिरी प्रमाण दिएका छन्; तिनले भन्दछन्ः लूका त्यस पुस्तकको लेखक हुन्। अनि यो गवाही शुरुका इसाईहरूको विश्वव्यापी परम्पराले पुष्टि गरेको छ। श्री इरेनेयुस्ले (इस्वी संवत् १३०-२०२) त्यस सुसमाचारको पुस्तकबाट धेरै खण्डहरू उद्धृत गर्छन्, र यो लूकाको रचना हो भनी भन्छन्। जुष्टिन मार्टर (इस्वी संवत् १५०-१५५), हेगेसिप्पुस्, अलेक्सन्द्रियाको क्लेमेण्ट (इस्वी संवत् १५०-२१५) र टेर्टुलियन् (इस्वी संवत् १५०-२२०) पनि गवाहीहरूमध्येका हुन्। नामी झूटो शिक्षक मर्किओनले (इस्वी संवत् १४०) तयार गरेको नयाँ नियममा, जसलाई त्यसले आफ्नो पूर्वाग्रहअनुसार सङ्किप्त रूप

दियो, त्यसले लूकाको सुसमाचारको पुस्तक मात्र समावेश गऱ्यो। मुराटोरी कानुनले, जुन कानुन अधूरा रूपमा छ, लूकाको सुसमाचारलाई तेस्रो सुसमाचारको पुस्तक भन्छ (इस्वी संवत् १७०)।

सुसमाचारका लेखकहरूमा लूकाले मात्र आफ्नो सुसमाचारको उत्तरकाण्ड लेखे। अनि प्रेरितको पुस्तकको त्यस अंशबाट लूका नै ती पुस्तकहरूका लेखक हुन् भन्ने पक्का प्रमाण मिलेको छ। प्रेरितको पुस्तकमा कति खण्डहरू छन्, जसमा 'हामी' भन्ने शब्द प्रयोग गरिएको छ। यसर्थ लेखक आफू त्यहाँ उपस्थित थिए भन्ने कुरा स्पष्ट देखिन्छ (प्रेरित १६:१०; २०:५-६; २१:१५; २७:१ र २८:१६ पदहरू २ तिमोथी ४:११ पदसित तुलाना गर्नुहोला)। लूका मात्र यी सबै समयहरूमा हाजिर थिए, अरू सबैजना लोप भएर गए। लूकाको सुसमाचार र प्रेरिकको पुस्तक दुवै थियोफिलोस्‌लाई अर्पण गरेका हुनाले र यी दुईवटा पुस्तकको एउटै लेख्ने शैलीले गर्दा यिनको लेखक पनि एकैजना हुनुपर्छ भन्ने कुरा बुझिन्छ।

प्रेरित पावलले लूकालाई 'प्रिय वैद्य' भन्ने नामले सम्बोधन गर्छन्, अनि उनलाई यहूदी इसाई साथीहरूको सूचिमा नहालीकन कलस्सीको पत्रमा अलग राख्छन् (कलस्सी ४:११); यसो गर्दा पावलले उनलाई अन्य-जातिहरूबाटको एकमात्र लेखक तुल्याएका छन्। लूकाको सुसमाचार र प्रेरितको पुस्तक जोड्दा यसको परिनाम प्रेरित पावलले लेखेका जम्मै पत्रभन्दा धेरै छ।

प्रमाणिक लेखहरू र परम्पराको बाहिरी प्रमाणको साथ भित्री प्रमाणहरू पनि छन्, जसले यही कुरालाई पुष्टि गर्छन्। नयाँ नियमका अरू लेखकहरूले नचलाएका शब्दहरू लिएर उनले सही डाक्टरी भाषा प्रयोग गरेका छन्। उनको लेख्ने शैली पनि ग्रीकमा पूरा शिक्षित भएको व्यक्तिको छ। तब अन्यजातिहरूबाट लूकाबाहेक अरू को त्यसको लेखक हुन सक्छ, जो शिक्षित वैद्य थिए, जसले यहूदी संस्कृति पनि जान्दथे? लूकाले मितिहरू र घटनाहरूको सठीक अनुसन्धान र खोजतलाश गरेका हुनाले उनी मण्डली इतिहास लेख्ने सबभन्दा पहिलो इतिहासकार भए (उदाहरणको निम्ति लूका १:१-४ र ३:१)।

## ३) त्यस पुस्तकको लेख्ने मिति

पहिलो शताब्दीको पचास सालको केही वर्षपछि उनले यो पुस्तक लेखे। यसको लेख्ने मिति उचित देखिन्छ। कतिजनाले लूकाको सुसमाचारको लेख्ने मिति इस्वी संवत् ७५-८० सालतिर वा दोस्रो शताब्दीमा पार्न खोज्छन्; यसो गर्ने मुख्य कारण प्रभु येशूले यरूशलेमको विनाशको ठीक-ठीक भविष्यवाणी गर्न सक्नुहुन्न भन्ने यी मानिसहरूको अविश्वासको फल हो। इस्वी संवत् ७० सालमा यरूशलेम शहर नाश भयो। यसैले प्रभु येशूले दिनुभएको भविष्यवाणी यस मितिको अगाड़ि उल्लेख गरिएको हुनुपर्छ अरे।

प्रेरितको पुस्तक लेख्नुभन्दा अघि लूकाले आफ्नो सुसमाचारको पुस्तक लेखेका हुन् भन्ने कुरामा प्रायः सबैले आफ्नो सहमति दिएका छन्, अनि प्रेरितको पुस्तकको वर्णनचाहिँ प्रेरित पावल रोममा भएको बयान गर्दै इस्वी संवत् ६३ सालमा टुङ्गिन्छ; यसर्थ लूकाको सुसमाचारको लेख्ने मिति यसको अघि भएको हुनुपर्छ। अनि विचार गर्नुहोस्, लूकाजस्तो इतिहासकारले रोममा ठूलो आगलागी भएको, सम्राट नेरोले इसाईहरूलाई त्यसको दोष लगाएर सताएको, अनि प्रेरित पत्रुस र पावल शहीद भएको कुरा कसरी छोड्न सक्थे, जुन कुराहरू सबै इस्वी संवत् ६४ सालमा घटे ? यसैकारण लूकाको सुसमाचार लेख्ने मिति ६१-६२ सालतिर भएको हो भन्ने अनुमान गर्न उचित छ।

## ४) सन्दर्भ र विषयवस्तु

ग्रीकहरूको निरन्तर खोजी एकजना मानिस थिए, जसको सिद्ध ईश्वरीय र मानवीय स्वभाव छ। तिनीहरूले यस्तो मानिसलाई खोजे, जसका सद्गुणहरू पुरुष र स्त्रीहरूमा पाइने सबै असल गुणले युक्त हुन्छन्, तर जसको चरित्रमा तिनीहरूको कमजोरीहरूमध्ये एउटा पनि हुनुहुँदैन। लूकाले आफ्नो सुसमाचारमा त्यही गरे, र प्रभु येशूलाई मानिसका पुत्रको रूपमा प्रस्तुत गरे, जो सामर्थी र दयावान् हुनुहुन्छ। प्रभु येशूको मानव स्वभाव उनको सुसमाचार प्रमुख छ।

उदाहरणको निम्ति, अरूका सुसमाचारका पुस्तकहरूमा भन्दा लूकाको सुसमाचारमा प्रभु येशूले प्रार्थना गर्नुभएको कुरामा जोड़ गरिएको छ। उहाँको सहानुभूति र उहाँले दया देखाउनुभएको कुरा घरिघरि उल्लेख गरिएको पाइन्छ। हुन सक्छ, यही कारणले लूकाको सुसमाचारमा स्त्रीहरू र नानीहरूले यति धेरै पल्ट स्थान पाएका छन्। लूकाको सुसमाचारलाई मिशनरी सुसमाचारको रूपमा पनि चिनिन्छ। यस पुस्तकमा सुसमाचार अन्यजातिहरूकहाँ जान्छ। यस पुस्तकमा प्रभु येशू संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। अन्तमा, यो पुस्तक चेलापनको सम्बन्धमा नियम-पुस्तक ठहर्छ; किनभने यसमा हामी हाम्रा प्रभुको जीवन नियाल्दा चेला हुने मार्ग भेट्टाउँछौं, र प्रभु येशूले आफ्ना अनुयायीहरूलाई तालिम दिनुहुँदा हामी त्यसको सम्बन्धमा शिक्षा पाउँछौं। अनि यही दृष्टिकोण लिएर हामी लूकाको सुसमाचारको पुस्तक व्याख्या गर्नेछौं। सिद्ध मानिसको जीवनमा हामी सबै मानिसहरूका निम्ति उपयोगी तत्त्वहरू भेट्टाउँछौं, जसद्वारा हामी एक आदर्शी जीवन जिउन सक्नेछौं। उहाँका अतुल्य वचनहरूमा हामी क्रूसको बाटोको दर्शन पाउँछौं, र त्यही बाटो अपनाएर हामी उहाँको पछि लाग्ने बोलावट सुन्छौं।

जब हामी लूकाको सुसमाचारको पुस्तक अध्ययन गर्नेछौं, तब हुन सक्छ, हामी प्रभुको बोलावट सुनौंला, सबै त्याग्नेछौं र उहाँको पछि लाग्नेछौं। आज्ञाकारिताचाहिँ आत्मिक ज्ञान पाउने साधन हो। यसर्थ बुझ्नुहोस्ः पवित्र शास्त्रहरूको अर्थ त्यस बेलामा झन् स्पष्ट, झन् छर्लङ्ग र अझै प्यारो हुन्छ, जब हामी आज्ञाकारी भई तिनमा बताइएका र सिकाइएका अनुभवहरूभित्र प्रवेश गर्छौं।

# रूपरेखाः

**खण्ड एक) लूका १:१-४:** परिचयः लूकाको लेख्ने उद्देश्य र तिनको अनुसन्धान गर्ने तरिका

**खण्ड दुई) लूका १:५-२:५२:** मानिसका पुत्रको आगमन र उहाँको अग्रदूत

**खण्ड तीन) लूका ३:१-४:३०:** मानिसका पुत्रको सेवकाइको तयारी

**खण्ड चार) लूका ४:३१-५:२६:** मानिसका पुत्रको शक्तिको प्रदर्शन

**खण्ड पाँच) लूका ५:२७-६:४९:** मानिसका पुत्रले आफ्नो सेवकाइको विषयमा अर्थ खोल्नुहुन्छ

**खण्ड ६) लूका ७:१-९:५०:** मानिसका पुत्रले आफ्नो सेवकाइको क्षेत्र बढ़ाउँदै लानुहुन्छ

**खण्ड सात) लूका ९:५१-११:५४:** मानिसका पुत्रले बढ्दै गरेको विरोधको सामना गर्नुपर्छ

**खण्ड आठ) लूका १२-१६:** यरूशलेमको बाटोमा हुँदा मानिसका पुत्रले शिक्षा दिँदै हुनुहुन्छ र कतिपय मानिसहरूलाई निको पार्दै हुनुहुन्छ

**खण्ड नौ) लूका १७:१-१९:२७:** मानिसका पुत्रले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै हुनुहुन्छ

**खण्ड दस) लूका १९:२८-२१:३८:** मानिसका पुत्र यरूशलेममा

**खण्ड एघार) लूका २२-२३:** मानिसका पुत्रको क्रूस र मृत्यु

**खण्ड बाह्र) लूका २४:** मानिसका पुत्रको विजय

# लूकाको सुसमाचारको पुस्तकको टिप्पणी

## खण्ड १) लूका १:१-४: परिचयः लूकाको लेख्ने उद्देश्य र तिनको अनुसन्धान गर्ने तरिका

यस पुस्तकको भूमिकामा लूकाचाहिँ इतिहासकारको रूपमा देखा परेका छन्। किनकि यहाँ तिनको यस लेखका निम्ति प्राप्य सूत्र-समाग्रीहरू के-के थिए र यो पुस्तक लेख्नमा तिनले कस्तो प्रणाली अपनाए, सो बयान गर्छन्। त्यसपछि तिनले यो पुस्तक किन लेखे, सो उद्देश्य प्रकट गर्छन्। यसो हेर्दा तिनका सूत्र-समाग्रीहरू दुई प्रकारका थिएः ख्रीष्ट येशूको जीवनीका कतिपय लिखित वृत्तान्तहरू र प्रत्यक्ष-साक्षीहरूका मौखिक विवरणहरू; ती प्रत्यक्षसाक्षीहरूले प्रभु येशूको जीवनमा घटेका घटनाहरू आफ्नै आँखाले देखेका थिए।

**लूका १:१:** तिनको अनुसन्धानका निम्ति उपलब्ध यी लिखित विशेष वृत्तान्तहरूको विषयमा तिनले जानकारी दिएर यहाँ, यस पदमा यसो भनेका छन्: *'हामीहरूको बीचमा पूरा निश्चयतासाथ विश्वास गरिएका कुराहरूको विषयमा क्रमैसँग बयान दिने काममा धेरैजनाले हात हाले।'* यी वृत्तान्तहरू लेख्ने लेखकहरू को-को थिए, सो हामीलाई थाह छैन। सम्भवतः ती लेखकहरूमध्ये मत्ती र मर्कूस थिए होलान्। तर अरू अज्ञात लेखकहरूका वृत्तान्तहरू शायद पवित्र आत्माद्वारा प्रेरित थिएनन्, कि कसो? अनि यूहन्नाको सुसमाचार पछि मात्र लेखियो।

**लूका १:२:** अनि लूकाले मौखिक विवरणहरू आश्रित लेखे; किनभने *'शुरुदेखि नै आफ्नै आँखाले देख्ने प्रत्यक्षसाक्षीहरू छँदैथिए; अनि यी वचनका सेवकहरूले यी कुराहरू हामीलाई सुम्पिदिए।'* यसर्थ लूका आफूचाहिँ प्रत्यक्षसाक्षी थिएनन्; तर बितेको समयमा तिनले यी प्रत्यक्षसाक्षीहरूसित अन्तर्वार्ता गरेका र यिनीहरूबाट सुनिश्चित जानकारीहरू पाएका थिए। अनि यी हाम्रा प्रभु येशूको साथमा रहनेहरूचाहिँ प्रत्यक्षसाक्षीहरू र वचनका सेवकहरू थिए। अनि यूहन्नाले आफ्नो सुसमाचारको पुस्तकमा गरेजस्तै लूकाले यहाँ पनि ख्रीष्ट येशूलाई 'वचन' भनेका छन्। अनि यहाँ, यस ठाउँमा 'शुरुदेखि नै ...' भनेको इसाई युगको शुरुआतदेखिको समय बुझिन्छ, जुन युगको आरम्भ बप्तिस्मा दिने यूहन्नाले घोषणा गरेका थिए। लूकाले यी लिखित वृत्तान्तहरू र यी मौखिक विवरणहरू प्रयोग गरे; यसकारण तिनले आत्माको प्रेरणाद्वारा लेखेनन् भन्न मिल्दैन। तिनको लेख शाब्दिक प्रेरणाको फल हो; किनभने पवित्र आत्माले तिनलाई यी सूत्र-समाग्रीहरूबाट कुराहरू छान्न र यी कुराहरू मिलाउनमा अगुवाइ गर्नुभयो।

यस विषयमा श्री जेम्स एस. स्टूवर्टले यस प्रकारले टिप्पणी गरेका छन्:

> 'लूकाले कुरा पूरा रूपले खुलस्त पार्छन्: आत्माको प्रेरणाद्वारा लेख्ने लेखकहरूले पूरा यत्नसित र पूरा दुःख गरेर इतिहासको अनुसन्धान गर्नुपरेको छ। यहाँ कुनै चमत्कृति हुँदैन, जसले तिनीहरूलाई यस

प्रकारको आवश्यकताबाट छुट दिन्छ। ... तब आत्माको प्रेरणा भनेको के हो त? परमेश्वर ती मानिसहरूको मन र ज्ञानेन्द्रियहरूसित जादु गर्नुहुन्न, तिनलाई मोहित पार्नुहुन्न र तिनलाई नाघेर जानुहुन्न। तर परमेश्वरले ती समर्पित मानिसहरूको मनमस्तिष्क काममा लगाएर नै आफ्नो इच्छा व्यक्त गर्नुहुन्छ। आत्माको प्रेरणाले लेखकको व्यक्तित्व रद्द गर्दैन, र उसको स्थान पनि लिँदैन; त्यसले ती पवित्र मानिसहरूलाई आफ्नो यन्त्र वा मेसिन पनि तुल्याउँदैन। बरु आत्माको प्रेरणाले लेखकको व्यक्तित्वमा वृद्धि ल्याउँछ र उसलाई परमेश्वरको जीवित साक्षी तुल्याइदिन्छ।' [1)]

**लूका १ः३ः** छोटकरीमा लूकाले आफ्नो अभिप्राय बताउँछन् र आफ्नो लेख्ने प्रणाली प्रकट गर्छन्। '*हे माननीय थियोफिलस, मैले पहिलेदेखिकै सबै कुराहरूको पक्का ज्ञान प्राप्त भएको हुनाले तपाईंको लागि क्रमैसँग लेखिदिन मलाई पनि उचित लाग्यो।*' तिनको अभिप्राय के थियो? तिनलाई पनि लेख्न असल लाग्यो। 'मैले यो सुसमाचारको पुस्तक लेख्नुपर्छ' भन्ने तिनको दृढ़ विश्वास थियो। मानिसको दृष्टिकोणले हेर्नु हो भने त्यसको पृष्ठभूमि यो थियो। तर हामीलाई थाहै छ, कि तिनको यस निर्णयमा तिनलाई करमा पार्ने ईश्वरीय बाध्यताको अदृश्य हात थियो।

अनि तिनले अपनाएको प्रणालीको विषयमा? पहिले तिनले शुरुदेखि सबै कुराहरूको यथार्थ सिलसिला पत्ता लगाए। त्यसपछि तिनले यी कुराहरू क्रमैसँग लेखिदिए। हाम्रा मुक्तिदाता प्रभुको जीवनमा घटेका घटनाहरूको सिलसिला केकस्तो थियो, सो सम्बन्धमा वैज्ञानिक अनुसन्धान होशियारीसाथ गर्नु तिनको काम थियो। लूकाले जम्मा गरेका सूत्र-समाग्रीहरूको विश्वस्तताको जाँच गरे, र ऐतिहासिक तथ्य नभएका र आत्मिक हिसाबले अर्थहीन भएका सबै कुराहरू हटाइदिए। त्यसपछि तिनले बाँकी सूत्र-समाग्रीहरूबाट आज हाम्रो हातमा भएको पुस्तक तयार गरे। अनि जब लूकाले 'मैले क्रमैसँग लेखिदिएँ' भनेर भन्छन्, तब तिनले सधैं कालक्रमअनुसार लेखे भन्ने कुरा बुझ्नुपर्दैन। किनकि यस सुसमाचारको पुस्तकमा घटनाहरूको कालक्रम सधैं कायम राखिएको छैन। यी घटनाहरूको लेख्ने क्रम नैतिक वा आत्मिक हो। यी घटनाहरू

समयको हिसाबले होइन, तर विषयवस्तुको प्रसङ्गअनुसार र नैतिक शिक्षासित सुहाउँदो रीतिले प्रस्तुत गरिएका छन्। लूकाले लेखेको सुसमाचारको पुस्तक र प्रेरितहरूको पुस्तक थियोफिलसका निम्ति लेखिए; रपनि यिनी को थिए, यस विषयमा हामीलाई कुनै जानकारी छैन। कति अचम्म ! 'माननीय थियोफिलस'को सम्बोधनबाट के अनुमान गरिन्छ भने, यिनी एक सरकारी कर्मचारी भएको हुनुपर्ला। अनि यिनको नामको अर्थ 'परमेश्वरको मित्र' हो। यसर्थ यिनी एक ख्रिष्ट-विश्वासी भएको हुनुपर्ला, जो रोमी साम्राज्यको सेवामा कार्यरत एक परराष्ट्रीय उच्च पदाधिकारी थिए।

**लूका १ः४ः** थियोफिलसले प्रभु येशूको जीवन र सेवकाइको विषयमा पाएको शिक्षा सम्पूर्ण रूपले विश्वासयोग्य र पक्का थियो। यसकारण लूकाले यिनलाई यो लिखित वृत्तान्त दिन खोजे, जुन वृत्तान्तद्वारा यिनले पाएको शिक्षाको पक्कापक्की गरिन्छ। एक मुखदेखि अर्को मुखसम्म विवरणको स्थानान्तरण हुँदा जुनसुकै वृत्तान्तमा पनि अशुद्धताहरू पस्नु स्वाभाविक कुरा हो। यसकारण यस दिव्य वृत्तान्तको विशुद्धता कायम राख्नलाई एउटा लिखित वृत्तान्त अनिवार्य थियो। यस स्थायीकरणद्वारा यसको यथार्थताको संरक्षण भएको छ।

यसरी लूका १ः१-४ पदको खण्डमा छोटकरीमा यस पुस्तकको ज्ञानबोधक पृष्ठभूमि हामीलाई दिइएको छ र पवित्र बाइबलको यो पुस्तक कुन परिस्थितिमा लेखियो, सो जानकारी यस खण्डबाट मिलेको छ। अनि हामी जान्दछौं, लूकाले यो पुस्तक पवित्र आत्माको प्रेरणाद्वारा लेखेका हुन्। तिनले यो कुरा यहाँ बताउँदैनन्। तर हुन सक्छ, यी निम्न शब्द-हरूबाट हामी यसको सम्भवतः सङ्केत पाउँछौं; किनभने लूका १ः३ पदमा 'पहिलेदेखिकै' भन्ने शब्दहरूको अर्थ 'माथिबाट'[2] पनि हुन सक्छ।

# खण्ड २) लूका १:५-२:५२: मानिसको पुत्रको आगमन र उहाँको अग्रदूत

## क) लूका १:५-२५: उहाँको अग्रदूतको जन्मको विषयमा दिइएको पूर्वसूचना

**लूका १:५-६:** लूकाले आफ्नो वृत्तान्तमा पहिले बप्तिस्मा दिने यूहन्नाका बुबाआमाको परिचय दिन्छन्। यहूदियामाथि महान् हेरोदले राज्य गरेको समयमा तिनीहरू बाँचिरहेका थिए। हेरोद एक दुष्ट राजा थिए। उनको खास घर इदुमिया थियो अर्थात् उनी एसाव-वंशीका मानिस थिए।

जकरियाचाहिँ अबियाको दलअन्तरगत एक पूराहारी थिए। (जकरिया नामको अर्थ 'परमप्रभु सम्भनुहुन्छ' हो)। राजा दाऊदले यहूदीहरूको पूजाहारीगणलाई चौबीस दलहरूमा छुट्ट्याएका थिए (१ इतिहास २४:१०)। हरेक दलले वर्षमा दुईपल्ट एक विश्राम-दिनदेखि अर्को विश्राम-दिनसम्म यरूशलेमको मन्दिरमा आफ्नो पालोमा सेवा गर्दथियो। त्यस समयका पूजाहारीहरूको सङ्ख्या धेरै थियो; यसकारण मन्दिरको पवित्रस्थानमा धूप बाल्ने सौभाग्य विरलै, अँ, जीवनभरिमा एकैपल्ट पनि पालो पाउनु गाह्रो पर्थ्यो।

एलिशिबाचाहिँ महापूजाहारी हारूनको वंशकी थिइन्। (एलिशिबा नामको अर्थ 'परमेश्वरको शपथ' हो)। तिनी र तिनको पति पूरा भक्तिको साथ यहूदीधर्म मान्थे। तिनीहरूले पुरानो नियमका पवित्र धर्मशास्त्रहरूमा

लेखिएका सबै नैतिक र विधिवत् नियमहरू र आज्ञाहरू होशियारीसाथ पालन गर्थे। तिनीहरू पक्का पनि पापरहित थिएनन्; तर कुनै कारणवश जब तिनीहरूले पाप गरे, तब तिनीहरू प्रायश्चितको बलिदान चढ़ाउन वा व्यवस्थाले माग गरेको जुनसुकै विधि पूरा गर्न तत्पर हुन्थे।

**लूका १:७:** यस जोड़ाको कुनै सन्तान भएन। यहूदीहरूको बीचमा यो एक ठूलो कलङ्क र निन्दाको कारण थियो। लूकाको बयानअनुसार एलिशिबाचाहिँ निस्सन्तान हुने कारण थिइन्, किनकि तिनी बाँझी थिइन्। अनि ती दुवैजनाको उमेर ढल्किसकेको थियो। तब यो तिनीहरूको समस्या के हल हुन्थ्यो?

**लूका १:८-१०:** एकदिन जकरियाले मन्दिरमा आफ्नो पूजाहारी-सेवाको काम गरिरहेका थिए। यो दिन तिनको जीवनको सर्वोत्तम दिन हुन गयो; किनभने गोलाअनुसार त्यस दिनमा पवित्रस्थानमा धूप बाल्ने काम तिनको भयो। तिनले धूप बाल्दा मन्दिर-बाहिर मानिसहरू भेला भएका थिए, र प्रार्थना गर्दैथिए। धूप बाल्ने घड़ी कुन बेला थियो, सो सम्बन्धमा अहिलेसम्म कसैलाई केही निश्चित कुरा थाहा भएन।

अनि यस कुरामा विशेष ख्याल गरौं: यस सुसमाचारको पुस्तकले यहाँ शुरुमा मानिसहरूले मन्दिरमा प्रार्थना गरेको दृश्य दिन्छ, र यस पुस्तकको अन्तमा पनि मानिसहरूले मन्दिरमा परमेश्वरको प्रशंसा गरेको दृश्य छ। अनि यसको बीचमा हालिएका अध्यायहरूमा परमेश्वरले तिनीहरूका प्रार्थनाहरूको उत्तर दिनुभएको बयान छ। प्रभु येशू, उहाँको सेवकाइ र उहाँको त्राणको काम तिनीहरूका प्रार्थनाहरूको उत्तर हुनुहुन्छ। आउनुहोस्, हामी यस कुराबाट प्रार्थना गर्ने हौसला लिऔं!

**लूका १:११-१४:** पूजाहारीले अनि मानिसहरूले पनि प्रार्थना चढ़ाइरहेका थिए। ईश्वरीय दर्शनरूपी प्रकाशका निम्ति कति उपयुक्त समय, कति अनुकूल वातावरण! परमप्रभुको एकजना दूत धूपवेदीको दाहिने हातपट्टि उभिरहेका देखा परे। दाहिने हातपट्टि भन्नाले परमेश्वरको कृपाको स्थान बुझिन्छ। शुरुमा जकरिया साह्रै डराए; किनभने तिनको समयमा स्वर्गदूत हतपत देखिँदैनथिए; अनि त्यस दिनसम्म तिनका चिनारुहरूमध्ये कसैले पनि कुनै स्वर्गदूतलाई देखेका थिएनन्। तर यी

स्वर्गदूतसँग तिनका निम्ति एउटा उदेकको समाचार थियोः तिनकी पत्नी एलिशिबाले एउटा छोरा जन्माउनेछिन्! तिनको छोराको नाम यूहन्ना हुनेछ। (यूहन्ना नामको अर्थ 'परमप्रभुको निगाह' हो)। छोरा यूहन्ना आफ्ना बुबाआमाका निम्ति हर्ष र आनन्दको कारण बन्नेछन् र धेरै मानिसहरूका निम्ति आशिषको कारण हुनेछन्।

**लूका १:१५ः** यी छोरा परमप्रभुको दृष्टिमा महान् हुनेछन्। अनि खास गरी यस प्रकारको महानता मात्र गनिन्छ। यिनको महानता केमा थियो? एक, यिनी परमेश्वरका निम्ति अलग गरिएर जिउनेछन्। यिनले जीवनभरि दाखमद्य र मदिरा पिउनेछैनन्। दाखमद्य अङ्गुरबाट र मदिरा अन्नबाट बनिन्छ।

दोस्रो, यिनको आत्मिक शक्ति ठूलो हुनेछ; किनभने आमाको गर्भदेखि नै यिनी पवित्र आत्माले भरिनेछन्। यूहन्ना जन्मदेखि मुक्तिप्राप्त व्यक्ति हुनेछन् वा जन्मदेखि प्रभुकहाँ फर्कनेछन् भन्ने अर्थ यस भनाइबाट बुझ्नुहुँदैन, तर परमेश्वरको आत्माले यिनलाई जन्मदेखि नै ख्रीष्ट येशूको अग्रदूत हुन आफ्नो कामका निम्ति तयार पार्नुभएको कुरा हामीले यहाँबाट बुझ्नुपर्छ।

**लूका १:१६-१७ः** तेस्रो, यिनको बोलावट ठूलो थियो; किनभने यिनी ख्रीष्टको अग्रदूत हुनेछन्। यिनले धेरै यहूदीहरूलाई परमप्रभुकहाँ फर्काउनेछन्। यिनको सेवकाइ भविष्यवक्ता एलियाको सेवकाइजस्तै हुनेछ, जसले मानिसहरूलाई पश्चात्तापद्वारा परमेश्वरसितको सठीक सम्बन्धमा ल्याउन खोजेका थिए। यस विषयमा श्री जी. कोल्म्यान लकले कुरा यसरी व्यक्त गरेका छन्ः

> 'यिनको प्रचारको फल यस प्रकारको हुनेछः त्यसले आफ्ना छोराछोरीहरूको आत्मिक अवस्थाको विषयमा फिक्री नगर्ने बुबाआमाहरूका हृदयहरू बदलेर तिनीहरूमा आफ्ना छोराछोरीहरूका निम्ति साँचो वास्ता पैदा गर्नेछ। अनि यिनले अनाज्ञाकारी, विद्रोही छोराछोरीहरूका हृदयहरू धर्मी जनहरूको बुद्धितिर फर्काउनेछन्।' [3)]

अर्को शब्दमा भन्नु हो भने, यिनले संसारबाट विश्वासीहरूलाई प्रभुको निज जातिको रूपमा जम्मा गर्ने सकभर प्रयास गर्नेछन्, जुन विश्वासीहरू

प्रभु आउनुहुँदा उहाँलाई भेट्न तयार हुनेछन्। अनि यस प्रकारको सुयोग्य सेवकाइ हामी हरेकको भएको छ।

याद गर्नुहोस्, लूका १:१६-१७ पदको खण्डमा ख्रीष्टको परमेश्वरत्वको सङ्केत छ। किनभने लूका १:१६ पदअनुसार यूहन्नाले इस्राएलीहरूमध्ये धेरैजनालाई परमप्रभु तिनीहरूका परमेश्वरकहाँ फर्काउनेछन्। अनि त्यसपछि लूका १:१७ पदअनुसार यूहन्ना उहाँको अघि-अघि जानेछन्। 'उहाँको' भन्ने शब्दको सन्दर्भ के हो? अघिको पदसित आफ्नो सम्बन्ध जोड्ने यसको सन्दर्भ परमप्रभु तिनीहरूका परमेश्वर हो। अनि हामीलाई थाह छः यूहन्ना येशूको अग्रदूत थिए। तब यसबाट कुरा स्पष्ट छः येशू परमेश्वर हुनुहुन्छ।

**लूका १:१८:** विचरा, वृद्ध भइसकेका जकरियाले स्वर्गदूतको प्रतिज्ञा पत्याउन सकेनन्। तिनकी पत्नीले एउटा छोरा पाउनु – असम्भव! यो तिनले थाम्नै नसक्ने बज्रपात थियो। तिनी र तिनकी पत्नीको उमेर ढल्किसकेको थियो, र सन्तान पाउने सम्भावना धेरै पार भइसकेको थियो। 'खोइ, म यो के-कसो गरी जानूँ?' भन्ने तिनको उदासीन प्रश्नचाहिँ तिनको हृदयमा गुम्सेर बसेको शङ्काको फल थियो।

**लूका १:१९:** यी स्वर्गदूतले तिनलाई उत्तर दिएर पहिलो आफ्नो परिचय दिन्छन्ः 'म गाब्रिएल हुँ।' (गब्रिएल नामको अर्थ 'परमेश्वरको शूरवीर' हो)। उनीलाई प्रायः प्रधान स्वर्गदूत मानिन्छ; तर उनको विषयमा पवित्र धर्मशास्त्रमा यति लेखिएको छः उनी परमेश्वरको सामु खड़ा रहने स्वर्गदूत हुन्, जसले परमेश्वरको सन्देश मानिसहरूकहाँ ल्याउने गर्छन् (दानियल ८:१६ र ९:२१)।

**लूका १:२०:** जकरियाले शङ्का गरेको कारणले बालक नजन्मेसम्म तिनी गुँगा रहनेछन् र बोल्न सक्नेछैनन्। यसर्थ परमेश्वरको वचनप्रति शङ्का-उपशङ्का गर्ने हरेक विश्वासीले आफ्नो गवाही र आफ्नो गीत गुमाउनुपर्नेछ। अविश्वासले उसका ओठहरूमा मोहरछाप लगाउँछ र उसको मुख बन्द गरिदिन्छ; अनि उसको हृदयमा विश्वास नफर्केसम्म उसको मुख बन्द रहिरहनेछ। तब उसको हृदयबाट विश्वास फुटेर आउनेछ, अनि स्तुति र गवाहीको धारा फेरि बग्न पाउनेछ।

**लूका १:२१-२२:** मन्दिरबाहिर पर्खेका ती मानिसहरू अधीर भइसकेका थिए; किनभने धूप बाल्ने कामले यत्ति समय नलिनुपर्नेथियो। अरू दिनहरूमा पूजाहारी छिटो फर्केर आउँथे। बल्ल जकरिया बाहिर निस्के, तर बोल्न नसकेर तिनले मानिसहरूसित इसाराको भरमा कुरा गर्नुपरेको थियो। तब तिनले मन्दिरभित्र एउटा दर्शन देखेछन् भन्ने तिनीहरूले बुझे।

**लूका १:२३:** तिनका मन्दिरको सेवा गर्ने दिनहरू पूरा भएपछि तिनी घर फर्के; अनि यी स्वर्गदूतले भनेजस्तो तिनी गुँगा भइरहे।

**लूका १:२४-२५:** अनि जब एलिशिबाले गर्भधारण गरिन्, तब तिनी पाँच महिनासम्म लुकेर बसिन्। मानिसहरूको बीचमा तिनको निस्सन्तान भएको निन्दा हटाउनु परमप्रभुलाई उचित लागेकोमा तिनी रमाउँदैथिइन्।

## ख) लूका १:२६-३८: मानिसको पुत्रको जन्मको विषयमा दिइएको पूर्वसूचना

**लूका १:२६-२७:** जकरियाकहाँ देखा परेको र एलिशिबा गर्भवती भएकी छैटौं महिनामा यी स्वर्गदूत गब्रिएल फेरि देखा परे, यसपालि मरियमकहाँ – एउटी कन्याकहाँ, जो गालीलको नासरत शहरमा जिइरहेकी थिइन्। यी मरियमको मगनी यूसुफ नाम भएका एकजना पुरुषसित भएको थियो, जुन यूसुफचाहिँ दाऊदको वंशका थिए। ती मानिस सिकर्मी थिए; तर कानुनको हिसाबले तिनी दाऊदको सिंहासनको उत्तराधिकारी पनि थिए। त्यस समयको मगनी आजभोलिको मगनीभन्दा धेरै बाध्यकारी अनुबन्धन थियो। मगनीको सम्बन्ध छुटानामरूपी कानुनी त्याग-पत्रद्वारा मात्र विच्छेद गर्न सकिन्थ्यो।

**लूका १:२८:** यी स्वर्गदूतले मरियमलाई 'हे कृपाको पात्र' भनेर सम्बोधन गरे। परमप्रभु तिनीसित भेटघाट गर्न आउनुभएको तिनको विशेष सौभाग्य थियो। अनि यस सम्बन्धमा हामीले दुईवटा कुरा याद

गर्नुपर्छः **क)** यी स्वर्गदूतले मरियमलाई दण्डवत् गरेनन् र तिनलाई कुनै प्रार्थना चढ़ाएनन्। यिनले तिनलाई केवल अभिवादन गरे। **ख)** यिनले तिनलाई सम्बोधन गर्दा 'हे अनुग्रहले पूर्ण भएकी तिमी' भनेनन्, तर तिनलाई केवल कृपाको पात्र भएकी सम्झे।

**लूका १ः२९-३०ः** यस प्रकारको अभिवादनले मरियम घबराएकी थिइन्। यो स्वभाविक कुरा हो। यसको अर्थको विषयमा तिनी दोधारमा परेकी थिइन्। यी स्वर्गदूतले तिनका डरहरू शान्त पार्दै तिनलाई बताइदिए, कि परमेश्वरले तिनलाई ख्रीष्ट येशूकी आमा हुनलाई चुन्नुभएको हो, जुन ख्रीष्टको आगमनको बाटो यहूदीहरूले उहिलेदेखि हेरिरहेका थिए।

**लूका १ः३१-३३ः** यस पूर्वसूचनामा निम्न महत्त्वपूर्ण तथ्यहरू समावेश गरिएका छन्ः

**क)** ख्रीष्ट येशू पूरा रूपले मानिस हुनुहुन्छ। *'हेर, तिमी गर्भधारण गर्नेछ्यौ र एउटा छोरा जन्माउनेछ्यौ।'*

**ख)** ख्रीष्ट येशू परमेश्वर हुनुहुन्छ; अनि उहाँ मुक्तिदाता भएर आउनुहुनेछ। *'तिमीले उहाँको नाम येशू राख्नू!'* (येशू नामको अर्थ 'परमप्रभु मुक्तिदाता हुनुहुन्छ' हो)।

**ग)** ख्रीष्ट येशूमा र उहाँको त्राणको काममा महानता छ। *'उहाँ महान् हुनुहुनेछ।'*

**घ)** ख्रीष्ट येशू परमेश्वरको पुत्र हुनुहुन्छ; उहाँको परिचय यही हो। *'अनि उहाँ परमप्रधानको पुत्र कहलाइनुहुनेछ।'*

**ङ)** दाऊदको सिंहासनमाथि उहाँको अधिकार छ। *'अनि परमप्रभु परमेश्वरले उहाँलाई दाऊदको सिंहासन दिनुहुनेछ।'* यस यस राज्याभिषेकले उहाँ नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिनेछ।

**च)** ख्रीष्ट येशूको राज्य अनन्त राज्य र विश्वव्यापी राज्य हुनेछ। *'अनि उहाँले याकूबको घरानामाथि सदा-सर्वदै राज्य गर्नुहुनेछ र उहाँको राज्यको अन्त हुनेछैन।'*

लूका १ः३१ र ३२[क] पदको खण्डको सन्दर्भ ख्रीष्ट येशूको पहिलो आगमन हो भने लूका १ः३२[ख]-३३ पदको खण्डको सन्दर्भ उहाँको दोस्रो आगमन हो, जब उहाँ राजाहरूको महाराजा र प्रभुहरूको परमप्रभुको रूपमा आउनुहुनेछ ।

**लूका १ः३४-३५ः** जब मरियमले यी स्वर्गदूतलाई सोधिन्ः 'यो कसरी हुनेछ होला ?', तब तिनले यी स्वर्गदूतले बताएको कुरामा आफ्नो शङ्का प्रकट गरिनन्, तर यसको विषयमा आफू कति दोधारमा परेकी थिइन्, सो व्यक्त गरिन् । तिनको कुनै पुरुषसितको सम्बन्ध कहिल्यै भएकै थिएन; तब तिनले एउटा छोरा कसरी जन्माउन सक्नेछिन् ? यी स्वर्गदूतले तिनलाई उत्तर दिए, जसको निष्कर्ष यस प्रकारको थियोः उहाँको जन्म कन्याबाटको जन्म हुनेछ; किनभने यो जन्म पवित्र आत्माको आश्चर्यको काम थियो । पवित्र आत्मा तिनीमाथि आउनुहुनेछ र परमप्रधानको शक्तिले तिनीमाथि छाया पार्नेछ। कसरी ? यो मरियमको प्रश्न थियो। अनि मानिसको दृष्टिकोणले हेर्नु हो भने यो असम्भव कुरा पनि थियो। तर 'कसरी' भन्ने प्रश्नको जवाफ परमेश्वरले यसरी दिनुभयोः 'पवित्र आत्माद्वारा ।'

*'यसकारण तिमीबाट जन्मनुहुने पवित्र जनचाहिँ परमेश्वरको पुत्र कहलाइनुहुनेछ ।'* यहाँ सेतो कागजमा कालो मसीले लेखिएको उत्कृष्ठ व्याक्य छः परमेश्वरको पुत्रले मानिसको चोला धारण गर्नुहुनेछ। मरियमको पुत्र मानिसको शरीरमा प्रकट हुनुभएको परमेश्वर हुनुहुन्छ। यस वाक्यमा लुकाइराखिएको अपार रहस्य बयान गर्न सक्ने शब्द नै छैन ।

**लूका १ः३६-३७ः** यी स्वर्गदूतले मरियमकी नातेदार एलिशिबाको विषयमा तिनलाई यो खुशीको खबर सुनाएः यिनी जो बाँझी थिइन्, यिनी गर्भवती भएकी छ महिना भइसक्यो। अनि यस आश्चर्यकर्मले मरियमलाई आश्वासन दिलायोः हो, परमेश्वरका निम्ति कुनै कुरा असम्भव छैन ।

**लूका १ः३८ः** मरियमले सुन्दर ढङ्गले आफ्नो अधीनता स्वीकार गर्दै आफूलाई परमप्रभुको हातमा समर्पण गरिन् । उहाँका अचम्म र उदेकका

उद्देश्यहरू पूरा भएका होऊन्। त्यसपछि यी स्वर्गदूतले तिनलाई छोड़े।

## ग) लूका १:३९-४५: मरियमको एलिशिबासितको भेटघाट

**लूका १:३९-४०:** यस बेलामा मरियमले एलिशिबालाई किन भेट्न गएकी, यसको जानकारी छैन। तर हुन सक्छ, यसरी तिनी नासरतमा आफ्नो बदनाम हुनुदेखि उम्केकी होलिन्; किनभने तिनको हालत प्रकट हुनु अनिवार्य थियो। यसो हो भने एलिशिबाले तिनलाई गरेको न्यानो स्वागत र तिनलाई देखाएको दयामा दुईगुणा मिठास छ।

**लूका १:४१:** एलिशिबाले मरियमको सोर सुन्नासाथ उनको गर्भमा बालक उफ्र्यो। अचम्म, एलिशिबाको गर्भमा हुने र संसारमा के भइरहेको छ, सो विषयमा केही पनि नजान्ने यी अग्रदूतले मरियमको गर्भमा हुनुहुने ख्रीष्ट येशूलाई उहाँको आगमनमा कसरी यस प्रकारले रहस्यमय स्वागत जनाउन सके? अनि एलिशिबा पवित्र आत्माले भरिन्। पवित्र आत्माले उनलाई आफ्नो नियन्त्रणमा राख्नुभयो र उनलाई यहाँ उनका शब्दहरू र कामहरूमा अगुवाइ गर्नुभयो।

लूका एक अध्यायमा तीनजना व्यक्तिहरू पवित्र आत्माले भरिए: बप्तिस्मा दिने यूहन्ना (लूका १:१५), एलिशिबा (लूका १:४१) र जकरिया (लूका १:६७)।

पवित्र आत्माले भरिएका लक्षणहरूमध्ये एउटाचाहिँ भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बोल्नु हो (एफेसी ५:१८-१९)। यसकारण लूका एक अध्यायमा तीनवटा गीतहरू र दोस्रो अध्यायमा दुईवटा गीतहरू समावेश गरिएकोमा हामी अचम्म मान्दैनौं। यी गीतहरूमध्ये चारवटाका नामहरू प्रसिद्ध छन्, जसका शीर्षकहरू ल्याटिन भाषामा छन्, जुन शीर्षकहरू यी गीतहरूको पहिलो लाइनका शब्द हुन्, जस्तैः

**क)** एलिशिबाको अभिवादन (लूका १:४२-४५)। यस गीतको ल्याटिन नाम छैन।

**ख)** *'म्याग्निफिक्यट'* (लूका १ः४६-५५)। त्यस गीतले प्रभुको बढ़ाइ गर्छ।

**ग)** *'बेनेडिक्टस'* (लूका १ः६८-७९)। परमप्रभु इस्राएलका परमेश्वर धन्य होऊन्!

**घ)** *'ग्लोरिया इन एस्केल्सिस डेओ'* (लूका २ः१४), जसको अनुवाद 'परमधाममा परमेश्वरलाई महिमा' हो।

**ङ)** *'नुन्क डिमिट्टिस'* (लूका २ः२९-३२), जसको अनुवाद 'अब तपाईंले (आफ्नो दासलाई शान्तिसित) बिदा दिनुहुन्छ' हो।

**लूका १ः४२-४५ः** एलिशिबाले मरियमलाई अभिवादन गर्दा आत्माको प्रेरणाले यसरी बोल्दैथिइन्ः 'मेरा प्रभुकी आमा!' उनको हृदयमा कुनै डाहा थिएन, तर उनी आनन्द र हर्षले भरिएकी थिइन्; किनकि मरियमको गर्भमा भएको बालक उनका प्रभु हुनुहुन्थ्यो। मरियम स्त्रीहरूमा धन्य थिइन्; किनभने तिनले ख्रीष्ट येशूलाई गर्भधारण गर्ने सौभाग्य पाएकी थिइन्। अनि तिनको गर्भको फल धन्य हुनुहुन्थ्यो; किनकि उहाँचाहिँ प्रभु र मुक्तिदाता हुनुहुन्थ्यो। पवित्र बाइबलभरि कहिल्यै मरियमलाई 'परमेश्वरकी आमा' भनिएको छैन। ठीक छ, तिनी येशूकी आमा थिइन्; अनि येशू परमेश्वर हुनुहुन्छ; तरैपनि परमेश्वरकी आमा हुने सिद्धान्त हाँसोउठ्दो छ। प्रभु येशू अनादिदेखि हुनुहुन्थ्यो। तर मरियमचाहिँ एक सीमित प्राणी थिइन्, जसको अस्तित्व एउटा निश्चित मिति र दिनबाट शुरु भएको थियो। तिनी उहाँलाई एउटा मानव शरीर धारण गराइदिनुमा मात्र येशूकी आमा थिइन्।

*'हेर, तिम्रो अभिवादनको आवाज मेरो कानमा पर्नसाथ बालक मेरो गर्भमा आनन्दले उफ्र्यो'* भनेर एलिशिबाले आफ्नो पेटको बालक कसरी सहजानुभूत उत्तेजनाले उत्तेजित भइदियो, सो कुरा मरियमलाई सुनाउँछिन्। त्यसपछि उनले मरियमलाई आश्वासन दिएर भन्छन्, कि तिनको विश्वासको इनाम ठूलो हुनेछ। तिनको आकङ्क्षा पूरा हुनेछ। तिनको विश्वास व्यर्थ भएन; किनकि तिनलाई प्रतिज्ञा गरेअनुसार तिनको बालक जन्मनेछ।

## घ) लूका १ः४६-५६ः परमप्रभुलाई उच्च पार्ने मरियमको स्तुतिगान

**लूका १ः४६-४९ः** *'म्याग्निफिक्यट'* नामक मरियमको स्तुतिगान र हन्नाको स्तुतिगान उस्तै-उस्तै छन् (१ शमूएल २ः१-१०)। पहिले मरियमले परमप्रभुको बढ़ाइ गर्छिन्; किनभने उहाँले तिनका निम्ति ठूला-ठूला कामहरू गर्नुभयो (लूका १ः४६ख-४९)। अनि तिनले लूका १ः४८ पदमा भनेको कुरा स्मरणीय छः *'सबै पुस्ताहरूले मलाई धन्यकी भन्नेछन्।'* यस पदअनुसार तिनले अरूलाई आशिषहरू दिनुको सट्टामा अरू मानिसहरूले पो तिनलाई आशीर्वाद दिनेछन्। तिनले यहाँ परमेश्वरलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्छिन्। मरियम पापरहित भएकी भए तिनलाई मुक्तिदाता किन चाहियो ? यस प्रकारको विचारधारणा पूरापूर गलत हो।

**लूका १ः५०-५३ः** दोस्रो, तिनले परमप्रभुको प्रशंसा गर्छिन्; किनभने उहाँको डर मान्नेहरूमाथि उहाँको दया पुस्ता-पुस्तासम्म रहिरहनेछ। उहाँले घमण्डीहरू र शक्तिशालीहरूलाई तल झार्नुहुन्छ। अनि उहाँले नम्र हुनेहरू र भोकाएकाहरूलाई उच्च पार्नुहुनेछ।

**लूका १ः५४-५५ः** अनि अन्तमा, तिनले परमप्रभुको स्तुति गर्छिन्; किनभने उहाँले अब्राहाम र उनको वंशसित गर्नुभएका प्रतिज्ञाहरूको सम्बन्धमा विश्वासयोग्य हुनुहुन्छ; किनकि उहाँले यी प्रतिज्ञाहरू इस्राएलीहरूप्रति कायम राख्नुभयो र तिनीहरूमा पूरा गर्दै आउनुभयो।

**लूका १ः५६ः** मरियम एलिशिबासँग तीन महिना बसिन्, त्यसपछि तिनी नासरतको आफ्नो घरमा फर्किन्। तिनको विवाह अझै पनि भएको थिएन। पक्का पनि छरछिमेकमा मानिसहरूले तिनको शङ्का गरेका थिए, र तिनी तिनीहरूको निन्दाको विषय बनेकी थिइन्। तर परमेश्वरले तिनलाई एक दिन निर्दोष ठहराउनुहुनेछ। तिनी समय पर्खनु मात्र परेको थियो।

## ङ) लूका १ः५७-६६ः अग्रदूतको जन्म

**लूका १ः५७-६१ः** एलिशिबाको जन्माउने समय पूरा भयो, अनि तिनले एउटा छोरा जन्माइन्। तिनका आफन्तहरू र इष्टमित्रहरू साह्रै खुशी भए। आठौं दिनमा यस बालकको खतना हुनुपरेको थियो। अनि मानिसहरूले यिनका बुबाको नामअनुसार यिनलाई जकरिया भन्ने नाम दिन खोजे; यो एलिशिबा र जकरियाको इच्छा नाघ्ने तिनीहरूको अग्रसर निर्णय थियो। तर जब यस बालककी आमाले 'होइन, यिनको नाम यूहन्ना राखिन्छ' भनेर भनिन्, तब ती मानिसहरू छक्क परे; किनकि यिनका नातेदारहरूमध्ये कसैको नाम यूहन्ना थिएन।

**लूका १ः६२-६३ः** यिनको नामको विषयमा फैसला गर्न तिनीहरूले इसारा गरेर जकरियालाई सोधे। के जकरिया गुँगो मात्र होइन, तर बहिरा पनि थिए ? यसको सङ्केत यसरी बुझ्नुपर्छ। तब तिनले एउटा लेख्ने पाटी मागे र 'उसको नाम यूहन्ना हो' भनेर लेखिदिए। यो यसको अन्तिम निर्णय ठहरियो। सबै मानिसहरू छक्कै परे।

**लूका १ः६४-६६ः** तर जकरियाले पाटीमा 'यूहन्ना' लेख्न मात्र सकेका थिए, तब तिनी फेरि बोल्न सके। त्यस कुरामा मानिसहरू अझै पनि तीनछक परे। यहूदियाको सारा पहाड़ी मुलुकभरि नै यसको खबर छिटो-छिटो चारैतिर फैलियो। आउँदा दिनहरूमा यस अनौठो बालकको काम केकस्तो हुनेछ होला भन्ने कुराको विषयमा मानिसहरू दोधारमा परेका थिए। तर यिनीमाथि परमप्रभुको अनुग्रहको हात रहेको तिनीहरूले महसुस गरे।

## च) लूका १ः६७-८०ः यूहन्नाको विषयमा दिइएको जकरियाको भविष्यवाणी

**लूका १ः६७ः** अनि अविश्वासको बन्धनबाट मुक्त भएका जकरिया पवित्र आत्माले भरिए। तिनले आत्माप्रेरित निम्न अर्थपूर्ण स्तुतिगान व्यक्त गरे, जसमा पुरानो नियमका विभिन्न खण्डहरू उद्धृत गरिएका छन्।

**लूका १:६८-६९:** *उहाँले गर्नुभएका कामहरूका निम्ति परमेश्वरको स्तुति होस्!* तिनको छोरा यूहन्नाको जन्मले ख्रीष्टको आगमन नजिकै आइपुगेको सङ्केत गरेको कुरा जकरियालाई थाहा थियो। तिनका निम्ति ख्रीष्ट येशूको आगमन हुनुभन्दा अघि त्यो आगमन एउटा भइसकेको तथ्य भएको थियो। विश्वासद्वारा तिनले भन्न सकेः *'परमेश्वरले मुक्तिदाताको रूपमा आफ्नो निज प्रजालाई भेट गर्नुभएको र तिनीहरूलाई छुटकारा दिनुभएको हो। उहाँले आफ्नो सेवक दाऊदको घरानामा हाम्रा निम्ति एउटा मुक्तिको सिङ खड़ा गर्नुभएको छ।'* (सिङचाहिँ राजाहरूको अभिषेकको तेलदानी हुन्थ्यो। यसकारण शायद यहाँको सिङ्ले मुक्ति दिने ती राजालाई सङ्केत गरेको होला, जुन राजा दाऊदको वंशबाट खड़ा हुनुहुनेछ। अथवा सिङचाहिँ शक्तिको एक प्रतीक थियो। अनि यहाँ यस शब्दले शक्तिशाली मुक्तिदाताको अर्थ लिन सकिन्छ।)

**लूका १:७०-७१:** *परमेश्वरको स्तुति होस्; किनभने उहाँले आफ्ना भविष्यवाणीहरू पूरा गर्नुभएको छ।* ख्रीष्टको आगमन संसारको शुरुदेखि नै पवित्र भविष्यवक्ताहरूका भविष्यवाणीको विषयवस्तु थियो। उहाँको आगमनमा हाम्रा शत्रुहरूबाट मुक्ति र हाम्रा वैरीहरूबाट सुरक्षा थियो।

**लूका १:७२-७५:** *परमेश्वरको स्तुति होस्; किनभने उहाँ आफ्ना प्रतिज्ञाहरूको विषयमा विश्वासयोग्य हुनुहुन्छ।* परमप्रभुले अब्राहामसँग अनुग्रह-आधारित सर्तरहित मुक्तिको वाचा स्थापित गर्नुभएको थियो। अनि उनीसित गर्नुभएको उहाँको प्रतिज्ञा प्रभु येशू ख्रीष्टको आगमनमा पूरा भएको छ; उहाँ अब्राहामको उही वंश हुनुहुन्थ्यो। जुन मुक्ति उहाँले ल्याउनुभएको छ, त्यस मुक्तिका दुईवटा भागहरू छन्ः बाहिरी भाग र भित्री भाग। शत्रुहरूको हातबाट हुने छुटकारा त्यसको बाहिरी भाग हो भने, उहाँको सामु पवित्रता र धार्मिकतामा जीवनभरि विनाडर उहाँको सेवा गर्न पाउनु यसको भित्री भाग हो।

श्री जी. च्याम्पबेल मोर्गनले यस खण्डको व्याख्या[5)] गर्दा दुईवटा घतलाग्दा विचारहरू व्यक्त गरेका छन्ः पहिले, तिनले यूहन्नाको नाम र यस स्तुतिगानको विषयवस्तुको बीचमा अखण्डनीय सम्बन्ध भएको देख्छन्ः त्यो परमेश्वरको अनुग्रह हो। त्यसपछि तिनले लूका १:७२-७३

पदमा यूहन्ना, जकरिया र एलिशिबाका नामहरूका साङ्केतिक अर्थहरू पाउन सके, जस्तैः

*यूहन्नाः* 'परमप्रभुको निगाह' – प्रतिज्ञा गरिएको दया देखाउनलाई (लूका १ः७२)

*जकरियाः* 'परमप्रभु सम्झनुहुन्छ' – पवित्र वाचाको सम्झना गर्नलाई (लूका १ः७२)

*एलिशिबाः* 'परमेश्‍वरको शपथ' – त्यो शपथ, जुन शपथ उहाँले अब्राहामसित खानुभयो (लूका १ः७३)

बप्तिस्मा दिने यूहन्नाले घोषणा गरेको परमेश्‍वरको दयाचाहिँ उहाँले आफ्नो पवित्र वाचारूपी शपथको सम्झना गर्नुभएको फल भएको रहेछ।

**लूका १ः७६-७७ः** *मुक्तिदाता प्रभुको अग्रदूत हुनु यूहन्नाको बोलावट थियो।* यूहन्ना परमप्रधानको भविष्यवक्ता हुनेछन्, जसले मानिसहरूका हृदयहरू परमप्रभुको आगमनका निम्ति तयार गर्छन् र उहाँको प्रजालाई तिनीहरूका पापहरूको क्षमामा मुक्तिको प्रचार गर्छन्। पुरानो नियममा परमप्रभुलाई सङ्केत गरेका खण्डहरू यहाँ, नयाँ नियममा हामी प्रभु येशूमा लागू गराइएका पाउँछौं। मलाकीले परमप्रभुको अघि-अघि जाने र उहाँका बाटाहरू तयार पार्ने अग्रदूतको विषयमा भविष्यवाणी गरेका थिए (मलाकी ३ः१)। अनि यहाँ, यस ठाउँमा जकरियाले यूहन्नालाई उक्त अग्रदूत हुन् भनी भनेका छन्। अनि यूहन्नाले प्रभु येशूको सामु बाटो तयार पारेको कुरा हामीलाई विदितै छ। तब येशू नै परमप्रभु हुनुहुन्छ भन्ने निष्कर्ष पुग्नु अनिवार्य हो।

**लूका १ः७८-७९ः** *सूर्य-उदायरूपी ख्रीष्ट येशूको आगमन।* तादीदेखि संसार अन्धकारमा थियो। तर अब परमेश्‍वरको कोमल कृपामा संसारमाथि बिहानको उज्यालो खस्न लागेको छ। यो ख्रीष्ट येशूको आगमन हो। उहीं येशू अन्धकार र मृत्युको छायामा बस्ने जाति-जातिका मानिसहरूमाथि चम्कनुहुनेछ, र उहाँले इस्राएलीहरूका पाउहरू शान्तिको मार्गमा डोऱ्याउनुहुनेछ (मलाकी ४ः२)।

**लूका १:८०:** यस अध्यायको अन्तमा यूहन्नाको विषयमा के पढ़िन्छ भने, ती बालक बढ्दै र आत्मामा बलियो हुँदै गए। तिनको शारीरिक र आत्मिक वृद्धि र विकास भयो। अनि इस्राएली जातिकहाँ खुला रूपले प्रकट नभएसम्म तिनी उजाड़स्थानहरूमा रहिरहे।

## छ) लूका २:१-७: मानिसको पुत्रको जन्म

**लूका २:१-३:** सम्राट अगस्टसको उर्दीअनुसार सारा संसारको नामदर्ता हुनुपरेको थियो अर्थात् उनको सम्पूर्ण राज्यको जनगणना लिनुपरेको थियो। अनि यो प्रथम जनगणनाचाहिँ कुरिनियस सिरियाको राज्यपाल हुने बेलामा भयो। अनि यही कुरिनियसको नामले गर्दा लूकाको सुसमाचारको यथार्थताको विषयमा शङ्का उठेको थियो। अनि यस प्रकारको शङ्का धेरै वर्षसम्म टिक्न पायो। तर पछिबाट पुरातत्त्वीय प्राप्तिहरूले तिनको वृत्तान्त सत्य ठहराए। सम्राट अगस्टसको विचारमा, उनी स्वयम्ले ग्रीक-रोमी जगत्माथि सर्वोच्च अधिकार जमाएका थिए। तर परमेश्वरको दृष्टिमा, यी अन्यजाति सम्राट उहाँको योजना पूरा गर्नमा साथ दिने कठपुतलीरूपी व्यक्ति मात्र थिए (हितोपदेश २१:१)।

**लूका २:४-७:** सम्राट अगस्टसको उर्दीले यूसुफ र मरियमलाई बेतलेहेममा आउने बाध्यतामा पार्‍यो; यसरी नै उनीहरू सठीक समयमा बेतलेहेममा आइपुगे, यस उद्देश्यले कि ख्रीष्टको जन्मको विषयमा दिइएको भविष्यवाणी पूरा भएको होस् (मीका ५:२)। गालीलबाट उनीहरू त्यहाँ आइपुग्दा बेतलेहेम खचाखच भइसकेको थियो। उनीहरूका निम्ति पौवामा ठावैं थिएन; यसैले उनीहरू त्यसकै गोठमा बसे। मानिसहरूले मुक्तिदाता प्रभुलाई कुन प्रकारले स्वागत गर्नेछन्, यो त्यसको पूर्व-सङ्केत हो। नासरतबाट आएको यो जोड़ा त्यहाँ रहँदा-रहँदै मरियमले आफ्ना जेठा छोरा जन्माइन्। उहाँलाई लपेट्ने लुगाहरूमा बेरेर तिनले प्रेमसाथ उहाँलाई डुँड़मा राखिन्।

यसरी नै परमेश्वर यस धरतीमा आउनुभयो, एक असहाय बालकको रूपमा, मलमूत्र गन्हाउने एउटा गोठमा, अति गरिब भएको अवस्थामा। कति उदेकको कुरा! श्री जी. एन. डार्बीले यो कुरा सुन्दर ढङ्गले व्यक्त गरेका छन्:

'उहाँको जीवन डुँड़मा शुरु भयो र क्रूसमा अन्त भयो; अनि डुँड़देखि क्रूससम्मको बाटोमा उहाँको शिर राख्ने ठाउँधरि थिएन।' 6)

## ज) लूका २ः८-२०ः स्वर्गदूतहरू र गोठालाहरू

**लूका २ः८ः** यस अद्वितीय जन्मको पहिलो सूचना यरूशलेमका धर्मनेताहरूलाई होइन, तर यहूदियाको पहाड़ी मुलुकमा बस्ने मननशील गोठालाहरूलाई दिइयो। यी साधारण मानिसहरूले विश्वासयोग्यतासाथ आफ्नो गोठाला-काम गर्दैथिए।

यस सन्दर्भमा श्री जेम्स एस. स्टूवर्टले आफ्नो ख्यालमा आएका कुराहरू यसो भनेका छन्ः

'यी साधारण गोठालाहरूले आफ्नो साधारण काममा व्यस्त रहेको बेलामा सबैभन्दा पहिले प्रभुको आगमनको महिमाको चमक देख्न पाएकोमा ठूलो अर्थ छ। पहिले, पेशा साधारणभन्दा साधारण काम किन नहोस्, तर काम गर्ने ठाउँ नै दर्शन पाउने स्थान रहेछ भन्ने कुरा यहाँबाट बुझिन्छ। अनि अर्थपूर्ण दोस्रो कुरा यो होः स्वर्गको राज्यका ढोकाहरू भक्तिको सरल, तर गम्भीर जीवन कायम राखेका र बालसुलभ हृदय भएका मानिसहरूका निम्ति तुरुन्तै खोलिन्छन्।' 7)

**लूका २ः९-११ः** परमप्रभुको दूत यी गोठालाहरूकहाँ आए। अनि तिनीहरूको वरिपरि एउटा अत्यन्तै उज्ज्वल, तेजिलो ज्योति चम्क्यो। तिनीहरू साह्रै डराए र पछि हटे। तर यी स्वर्गदूतले तिनीहरूलाई सान्त्वना दिएर यसो भन्दै खुशीको खबर सुनाएः *'हेर, म तिमीहरूलाई बड़ो आनन्दको शुभ समाचार सुनाउँदैछु, जुन समाचार सबै मानिसहरूका निम्ति हो।'* त्यही दिनमा बेतलेहेममा एउटा बालकको जन्म भएको हो। अनि यी बालक मानिसहरूको मुक्तिदाता हुनुहुन्छ। उहाँ ख्रीष्ट प्रभु हुनुहुन्छ। यहाँ सङ्क्षिप्त धर्मविज्ञान-माला छः एक, उहाँ मुक्तिदाता हुनुहुन्छ। उहाँको नाम येशू हो, जसले यो सङ्केत दिन्छ। उहाँ ख्रीष्ट हुनुहुन्छ अर्थात् परमेश्वरको ती अभिषिक्त जन, जो इस्राएलीहरूको मसीह हुनुहुन्छ। अनि उहाँ प्रभु हुनुहुन्छ। परमेश्वरले मानिसको चोला धारण गर्नुभएको छ र मानिसको शरीरमा प्रकट हुनुभएको छ।

**लूका २:१२:** ती गोठालाहरूले उहाँलाई कसरी चिन्ने ? यी स्वर्गदूतले तिनीहरूलाई दुईवटा सङ्केतहरू दिए: एक, ती बालक लपेट्ने लुगाहरूमा बेरिएका छन्। तर तिनीहरूले अघि पनि लपेट्ने लुगामा बेरिएका कति बालबालिकाहरूलाई देखिसके। तर यी स्वर्गदूतको सूचनाअनुसार ती बालक प्रभु हुनुहुन्छ। अनि कुनै मानिसले कहिल्यै प्रभुलाई लपेट्ने लुगामा बेरिएको बालकको रूपमा देखेको थिएन। अनि दोस्रो सङ्केतचाहिँ: उहाँ डुँड़मा सुतिरहनुहुन्छ। अनि एउटा बालक डुँड़मा सुतेको, अहँ, यस्तो कुरा यी गोठालाहरूले आफ्नो जीवनमा कहिल्यै देखेका थिएनन् होलान्। तर जीवन र महिमाको प्रभु यस धरतीमा आउनुहुँदा उहाँका निम्ति साँचेर राखिएको अनादरको स्थान यही थियो। सृष्टिकर्ता परमेश्वर र सारा विश्वको पालनकर्ताचाहिँ मानव इतिहासको मञ्चमा आउनुहुँदा लड़ाइँ जितिदिने शूरवीर योद्धाको रूपमा होइन, तर सानो बालकको रूपमा देखा पर्नुभएको कुरा विचार गर्दा हाम्रो दिमागलाई रिँगटा लाग्छ। तर परमेश्वर देहधारी हुनुभएको तथ्य यही हो।

**लूका २:१३-१४:** स्वर्गको हर्षोन्माद अझ पनि थाम्न सकिएन; एक्कासि यसको हर्षउल्लास फुटेर आयो। स्वर्गीय सेनाको ठूलो भीड़ देखा पर्‍यो, जसले परमेश्वरको प्रशंसा गरिरहेको थियो। *'ग्लोरिया इन एस्केल्सिस डेओ'* भन्ने नामले आचेल प्रख्यात भएको गीतले यस बालकको जन्मको महत्त्व राम्ररी व्यक्त गरेको छ। उहाँको जीवन र सेवकाइले परमेश्वरलाई सर्वोच्च स्वर्गमा महिमा प्रधान गर्नेछ र पृथ्वीमा शान्ति ल्याउनेछ। उहाँद्वारा मानिसहरूप्रति परमेश्वरको शुभेच्छा प्रकट हुनेछ। संयुक्त बाइबल सोसाइटीले चलाउने पाण्डुलिपिमा 'उहाँ प्रसन्न हुनुभएका मानिसहरूलाई शान्ति !' लेखिएको छ; तर कुन मानिसहरूसँग परमेश्वर प्रसन्न हुनुहुन्छ त ? परमेश्वर यस्ता मानिसहरूसँग प्रसन्न हुनुहुन्छ, जसले आफ्ना पापहरूको विषयमा पश्चात्ताप गर्छन् र येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छन्।

**लूका २:१५-१९:** स्वर्गदूतहरू जानेबित्तिकै यी गोठालाहरू हतार-हतार बेतलेहेममा गए, अनि तिनीहरूले मरियम र यूसुफलाई, अनि डुँड़मा सुतिरहेका बालकलाई भेट्टाए। त्यसपछि तिनीहरू आफूले देखेको र

स्वर्गदूतद्वारा यी बालकको विषयमा तिनीहरूलाई बताइएको कुरा चारैतिर सुनाए। अनि यो कुरा सुन्नेहरू सबैले अचम्म माने। तर मरियममा यहाँ भइरहेको कुराको विषयमा गहन ज्ञान थियो; किनकि तिनले यी सबै कुराहरू आफ्नो मनमा साँचेर राखिन् र यिनको विषयमा विचारमग्न भइन्।

**लूका २:२०:** यी गोठालाहरू आफ्नो बगालकहाँ फर्के। तिनीहरू आफूले सुनेका र देखेका सबै कुराहरूमा अति आनन्दित थिए। आफ्नो आनन्द तिनीहरूले परमेश्वरको स्तुतिप्रशंसामा पोखिदिए।

## झ) लूका २:२१-२४: येशूको खतना र उहाँको समर्पण

यस खण्डमा कम्तीमा यहूदीहरूका तीनवटा विधिहरू पूरा गरिएको वर्णन छ।

**क)** पहिलो विधि येशूको खतना थियो। उहाँ आठ दिनको हुनुहुँदा उहाँको खतना गरियो। खतनाचाहिँ परमेश्वरले अब्राहामसित बाँध्नुभएको वाचाको चिन्ह थियो। यहूदीहरूको परम्पराअनुसार खतना गरिएको दिनमा बालकको नामकरण पनि गरिन्थ्यो। अनि स्वर्गदूतले अघि मरियम र यूसुफलाई 'उहाँको नाम येशू राख्नू' भन्ने आदेश दिएका थिए। यसैले त्यस दिनमा उहाँको नाम येशू राखियो।

**ख)** दोस्रो विधि मरियमको शुद्धीकरण थियो। यो शुद्धीकरण बालक जन्मेको चालीस दिनपछि गरिन्थ्यो (लेवी १२:१-४)। नियमअनुसार बालकको बुबाआमाले होमबलिका निम्ति भेड़ाको पाठो र पापबलिका निम्ति एउटा परेवाको बच्चा अथवा एउटा ढुकुर ल्याउनुपर्थ्यो (लेवी १२:६-८)। तर मरियमसँग भेड़ाको पाठो ल्याउने औकात थिएन; तिनले परेवाका दुईवटा बच्चा ल्याइन्। यस कुराले हामीलाई येशूले एउटा गरिब परिवारमा जन्म लिनुभएको झलक दिन्छ।

**ग)** तेस्रो विधि यरूशलेमको मन्दिरमा येशूको समर्पण थियो। परमेश्वरको नियमअनुसार गर्भ खोल्ने हरेक पहिलो फल उहाँको हुन्थ्यो (प्रस्थान १३:२)। त्यसपछि उहाँले लेवी कुललाई इस्राएलीहरूका जेठा छोराहरूको सट्टामा लिनुभयो र आफ्ना निम्ति अलग गर्नुभयो (गन्ती

३ः४५)। अबदेखि उसो पाँच शेकेल तिरेर बालकको बुबाआमाले आफ्ना जेठा छोरालाई छुट्टाउन पाउँथे। अनि येशूको समर्पणमा मरियम र यूसुफले ठीक त्यही कुरा गरे।

## ञ) लूका २ः२५-३५ः ख्रीष्टलाई देख्न पाउने शिमियोनको एकमात्र बाँच्ने रहर

**लूका २ः२५-२६ः** शिमियोन भक्त यहूदीहरूको बाँकी भागमा परेका थिए, जसले ख्रीष्टको बाटो हेरिरहेका थिए। परमप्रभुको अभिषिक्त ख्रीष्टलाई देख्नुभन्दा अघि तिनले मृत्यु देख्नुपर्नेछैन भन्ने कुरा तिनलाई पवित्र आत्माद्वारा प्रकट भएको थियो। *'परमप्रभुको रहस्य उनीहरूसँग रहन्छ, जसले उहाँको भय मान्दछन्'* (भजन २५ः१४)। जुन मानिसहरू परमेश्वरको शान्तमय, मननशील सङ्गतिमा हिँड़िरहन्छन्, ती मानिसहरूले रहस्यमय सञ्चारद्वारा ईश्वरीय ज्ञान प्राप्त गर्दा रहेछन्।

**लूका २ः२७-२८ः** अनि यस्तो भयोः बुबाआमाले विधिपूर्वक बालक येशूलाई मन्दिरमा परमेश्वरको हातमा समर्पण गर्दैथिए; त्यस क्षणमा आत्माको अगुवाइमा शिमियोन मन्दिरमा पसिहाले। ती बालक प्रतिज्ञा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ भन्ने दिव्य जानकारी तिनलाई दिइएको थियो। यसकारण बालक येशूलाई आफ्ना पाखुरामा लिएर तिनले यी प्रसिद्ध शब्दहरू उच्चारण गरेर परमेश्वरलाई धन्यवाद चढ़ाए, जुन शब्दहरू 'नुन्क डिमिट्टिस' नामक स्तुतिगानको रूपमा हिजोआज सुप्रख्यात भएका छन्, जसको अर्थ होः 'अब तपाईंले (आफ्नो दासलाई शान्तिसित) बिदा दिनुहुन्छ'।

**लूका २ः२९-३२ः** यस स्तुतिगानको शब्द यस प्रकारको छः *'प्रभु, अब तपाईंले आफ्नो दासलाई शान्तिसित बिदा दिनुहुन्छ; किनकि मेरा आँखाहरूले तपाईंको मुक्ति देखेका छन्।'* 'तपाईंको वचनअनुसार मैले यी बालकमा तपाईंले प्रतिज्ञा गर्नुभएको उद्धारकर्ता देखें, जुन उद्धारकर्ता तपाईंले सबै जातिका मानिसहरूका निम्ति तयार गर्नुभएको छ। उहाँ अन्यजातिहरूलाई प्रकाश दिने ज्योति हुनुहुनेछ र आफ्नो निज प्रजा इस्राएलको महिमा हुनुहुनेछ।'

उहाँ पहिलो आगमनमा अन्यजातिका मानिसहरूलाई प्रकाश दिने ज्योति हुनुभयो र दोस्रो आगमनमा उहाँ इस्राएली जातिमाथि चम्कनुहुने महिमा हुनुहुनेछ। प्रभु येशूलाई यसरी नै भेटेपछि शिमियोन मर्न तयार भए। मृत्युबाट त्यसको खील खोसियो।

**लूका २ः३३ः** 'यूसुफ र उहाँकी आमा' भनेर सही शब्दमा लूकाले यहाँ होशियारीसाथ येशूको जन्म कन्याबाटको जन्म भएको हो भन्ने शिक्षा संरक्षण गर्छन्। अङ्ग्रेजी के.जे.वी. र बृहत् ग्रीक पाण्डुलिपिहरू यसमा सठीक छन्। [9)]

**लूका २ः३४-३५ः** शिमियोनमा ख्रीष्टका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउने मुहान यस प्रकारले फुटेपछि तिनले उनीहरूलाई आशिर्वाद दिए र मरियमसित एउटा भविष्यवाणी बोले। यस भविष्यवाणीका चार खण्ड छन्, जस्तैः

**क)** *'यी बालक इस्राएलमा धेरैको पतन र उत्थानका निम्ति ठहरिनुभएको छ।'* जुन मानिसहरू अहङ्कारी, पछुतो नमान्ने र आफ्नो अविश्वासमा हठी हुन्छन्, ती मानिसहरू पतित हुनेछन्, र दण्ड पाउनेछन्। तर जस-जसले आफूलाई विनम्र तुल्याउँछन्, आफ्ना पापहरूमा पछुतो मान्छन् र प्रभु येशूलाई विश्वासद्वारा ग्रहण गर्छन्, उनीहरूको उत्थान हुनेछ; उनीहरूले आशिष पाउनेछन्।

**ख)** *'... र एउटा चिन्हका निम्ति ठहरिनुभएको छ, जसको विरोधमा बोलिनेछ।'* ख्रीष्ट येशूको विषयमा एउटा विशेषता के थियो भने, पृथ्वीमा उहाँको उपस्थिति मानिसको पाप र अपवित्रताका निम्ति ठूलो हप्की हुन्थ्यो। यसकारण त्यसले मानिसको हृदयमा तिक्त विरोध र शत्रुता उत्पन्न गर्थ्यो।

**ग)** *'अँ, तपाईंकै प्राणलाई पनि एउटा तरवारले वारपार छेंड्नेछ;'* शिमियोनले यहाँ मरियमको हृदयलाई पूरा रूपले डुबाइदिने पीड़ाको प्रलयको विषयमा भविष्यवाणी गरेका छन्, जुन शोकको प्रलय तिनले आफ्नो पुत्र येशूको क्रूसको मृत्यु आफ्नै आँखाले देख्दा तिनलाई छोपिदिनेछ (यूहन्ना १९ः२५)।

**घ)** *'– धेरै हृदयका विचारहरू प्रकट होऊन् भन्ने हेतुले।'* मानिसले मुक्तिदाता प्रभुप्रति कुन किसिमको प्रतिक्रिया जनाउँछ, त्यस प्रतिक्रियाबाट उसको मनभित्रका मनसाय र भावनाहरू प्रकट हुन्छन्।

यसरी शिमियोनको स्तुतिगानमा ख्रीष्ट येशू मानिसहरूको हृदय जाँच्ने कसी हुनुभएको छ, ठेसको कारण हुनुभएको छ, उत्थानको साधन हुनुभएको छ, अँ, आमाको हृदय छेंड्ने तरवार हुनुभएको छ।

## ट) लूका २ः३६-३९ः भविष्यवक्तिनी हन्ना

**लूका २ः३६-३७ः** भिवष्यवक्तिनी हन्ना पनि शिमियोनजस्तै विश्वासयोग्य इस्राएलीहरूको बाँकी भागमा परेकी थिइन्, जसले ख्रीष्टको आगमनको बाटो हेरिरहेका थिए। तिनी आशेर कुलकी थिइन्। (आशेरको अर्थ 'सुखी' वा 'धन्य' हो)। इस्वी पूर्व ७२१ सालमा अश्शूरीहरूले इस्राएलीहरूका दस कुलहरूलाई कैदमा लगे, तब त्यसमा आशेर कुल पनि परेको थियो। हन्ना निक्कै वृद्धा थिइन्, अँ, प्रायः चौरासी वर्षकी एउटी विधवा थिइन्, जसको विवाह केवल सात वर्ष रहेको थियो। भविष्यवक्तिनी भएको नाताले तिनले परमेश्वरबाट प्रकाशहरू पाउने गर्थिन्; यसमा शङ्का छैन; किनकि तिनी परमश्वरको मुखपात्र थिइन्। मन्दिरमा सम्पन्न गरिएका सभाहरूमा उपस्थित हुनुमा तिनी अति विश्वासयोग्य थिइन्; रातदिन तिनले उपवास र प्रार्थना गर्दैथिइन्। तिनको ठूलो उमेरले तिनलाई परमप्रभुको सेवा गर्नदेखि रोक्न सक्दैनथियो।

**लूका २ः३८ः** परमेश्वरको सामु येशूको समर्पण भइरहेको र शिमियोनले मरियमसित कुरा गरिरहेको समयमा हन्ना पनि उनीहरू भएको ठाउँमा आइपुगिन्। तिनले उद्धारकर्ताका निम्ति परमप्रभुलाई धन्यवाद चढ़ाइन्; त्यसपछि तिनी गएर यरूशलेमभरि छुटकाराको बाटो हेर्ने विश्वासयोग्य हुनेहरू सबैलाई येशूको विषयमा बताइन्।

**लूका २ः३९ः** मरियमको शुद्धीकरण र येशूको समर्पण सिद्धिएपछि यूसुफ र मरियम गालीलमा, आफ्नो शहर नासरतमा फर्के। लूकाले

ज्योतिषीहरूको भेटघाट र मिस्र देशमा भागेको घटनाको विषयमा केही पनि लेख्दैनन् ।

## ठ) लूका २ः४०-५२ः येशूको बाल्यावस्था

**लूका २ः४०ः** बालक येशूको वृद्धि निम्न क्षेत्रमा भएको थियोः **क)** शारीरिक, **ख)** मानसिक र **ग)** आत्मिक । येशूको शारीरिक विकास यस प्रकारको थियोः उहाँ बढ्नुभयो र बलियो हुनुभयो ।[10] उहाँको शारीरिक विकासको क्रम अरू मानिसहरूको जस्तो थियो । उहाँले हिँड्न, बोल्न, खेल्न र काम गर्न सिक्नुपरेको थियो । यसकारण उहाँ हाम्रो वृद्धिको एक-एक कदममा हामीसँग सहानुभूति गर्न सक्नुहुन्छ। उहाँको मानसिक विकास यस्तो थियोः उहाँ बुद्धिले भरपूर हुनुभयो । उहाँले क-ख-ग र एक-दुई-तीन मात्र सिक्नुभएन, उहाँले केवल त्यसको समयको सामान्य ज्ञान हासिल गर्नुभएन, तर उहाँले सिक्नुभएको ज्ञान जीवनका समस्याहरू समाधान गर्नुमा कसरी व्यवहारमा लगाउनुपर्छ, सो कुरा पनि सिक्नुभयो । बुद्धि खास यो हो। अनि यसमा उहाँ पनि बढ्नुभयो। *'परमेश्‍वरको अनुग्रह उहाँमाथि थियो'* भन्ने वाक्यले उहाँको आत्मिक विकास व्यक्त गरेको छ। परमेश्‍वरसित उहाँको अटुट सङ्गत हुन्थ्यो। उहाँले पवित्र आत्माको भरमा हिँड्न सिक्नुभयो। उहाँले पवित्र बाइबलको पठन र अध्ययन गर्नुभयो । उहाँले प्रार्थनामा समय बिताउनुभयो । उहाँले पिताको इच्छा पूरा गर्नुमा आनन्द पाउनुभयो ।

**लूका २ः४१-४४ः** यहूदी केटाको उमेर बाह्र वर्षको हुँदा ऊ व्यवस्थाको शिष्य बन्दछ। यहाँ, यस समयमा हाम्रा प्रभुको उमेर बाह्र वर्षको भएको थियो; अनि अरू वर्षहरूमा गरेजस्तो उहाँको परिवारले निस्तार-चाड़को बेलामा यरूशलेमको तीर्थ गर्‍यो। तर जब उनीहरू गालीलमा फर्के, तब उनीहरूले येशू उनीहरूको भ्रमण-टोलीमा नहुनुभएको कुरा चालै पाएनन् । त्यो कुरा हामीलाई अनौठो लाग्ला । तर यसमा कुनै अनौठो कुरा थिएन; किनभने यस परिवारले यात्रीहरूको एउटा निक्कै ठूलो भीड़सँग यात्रा गरेको हुनुपर्छ। अनि यूसुफ र

मरियमले येशू आफ्ना दौंतरीहरूसँग हिँड़िरहनुभएको अनुमान गरेका थिए; यसमा शङ्का छैन।

यस कुरामा यूसुफ र मरियमलाई दोष लगाउनुभन्दा अघि हामीले एउटा कुरा याद गर्नुपर्छः हाम्रो जीवनमा स्वीकार नगरेको कुनै पापले गर्दा प्रभुसँग हाम्रो व्यक्तिगत सम्बन्ध टुटेको अवस्थामा प्रभु साथमा हुनुहुन्छ भन्ठानेर चौबीस घण्टा अघि बढ्नु हाम्रा निम्ति कति सजिलो कुरा हो। उहाँसित हाम्रो सम्बन्ध फेरि स्थापित गर्न हामी त्यस ठाउँमा, त्यस कुरामा फर्कनुपर्छ, जहाँ अथवा जसले गर्दा उहाँसित हाम्रो सङ्गत टुटेको छ। हामीले आफ्नो पाप मानिलिनुपर्छ र हाम्रो पाप छोड्नुपर्छ।

**लूका २ः४५-४७ः** येशूको चिन्ताकुल बुबाआमा यरूशलेममा फर्के। अनि उनीहरूले येशूलाई मन्दिरमा भेट्टाए। उहाँ व्यवस्थाका गुरुहरूको बीचमा बसिरहनुभएको, उहाँले तिनीहरूको कुरा सुन्नुभएको र तिनीहरूलाई प्रश्नहरू गर्नुभएको थियो। उहाँले गुरुजनहरूसित वादविवाद गर्ने अकालप्रौढ़ ठिटोले जस्तै व्यवहार देखाउनुहुँदैनथियो। तर यहाँ उहाँले एउटा साधारण ठिटाले जस्तै व्यवहार गर्नुभयो, जुन ठिटाले नम्र र शान्त भई आफ्ना गुरुहरूबाट सिक्छ। तर सिक्ने सिलसिलामा उहाँले तिनीहरूलाई केही प्रश्न सोध्नुभएको हुनुपर्छ; किनभने उहाँको कुरा सुन्नेहरू सबै उहाँको समझ र उहाँका जवाफहरूमा छक्कै परे।

**लूका २ः४८ः** अनि येशूले आफूभन्दा धेरै उमेरदार भएका यी मानिसहरूसित बुद्धिमानीसाथ प्रश्न-उत्तरहरूमा भाग लिनुभएकोमा उहाँको बुबाआमा पनि छक्कै-छक्क परे। अनि उहाँकी आमाले उहाँलाई हप्काइन्; किनभने तिनले उहाँमा आफ्नो चिन्ता र पीर पोख्ने ठाउँ पाएकी थिइन्। के उनीहरूले उहाँको फिक्रीचिन्ता गरेको उहाँलाई थाहा थिएन?

**लूका २ः४९ः** प्रभु येशूको यस जवाफबाट, उहाँले बोल्नुभएका यी प्रथम शब्दहरूबाट बुझिन्छ, कि उहाँले परमेश्वरको पुत्ररूपी आफ्नो अस्तित्व र आफ्नो ईश्वरीय बोलावट राम्ररी बुझ्नुभएको थियो। *'तपाईंहरूले मलाई किन खोज्नुभएको? म मेरा पिताको काममा व्यस्त रहनुपर्छ भन्ने कुरा के तपाईंहरूलाई थाहा थिएन?'* तिनले भनिन्ः 'हेर, तिम्रा बुबा र मैले ...।' तर उहाँले भन्नुभयोः 'मेरा पिताको काम।'

**लूका २ः५०ः** त्यस बेलामा उहाँले यस गोपनीय वचनले के भन्न खोज्नुभएको थियो, सो उनीहरूले बुझेनन्। हुनु पनि हो, बाह्र वर्षको ठिटाले यस्तो कुरा गर्नु मामुली कुरा थिएन।

**लूका २ः५१ः** जे होस्, परिवार फेरि एकसाथ मिलिगयो; यसकारण उहाँहरू नासरतमा फर्कन तयार हुनुभयो। उहाँ उनीहरूको अधीनतामा रहनुभयो। यो येशूको नैतिक सद्‌गुण थियो। विश्वको सृष्टिकर्ता हुनुभएको उहाँ; तापनि उहाँले यस गरिब यहूदी परिवारभित्र आज्ञाकारी छोराको स्थान लिनुभयो। तर उहाँकी आमाले यी सबै कुराहरू पछिसम्म आफ्नो मनमा राखिन्।

**लूका २ः५२ः** यस पदमा हाम्रा प्रभु सम्पूर्ण रूपले मानिस हुनुभएको र साधारण मानिसको जस्तै वृद्धि गर्नुभएको कुरा उल्लेख गरिएको छ।

**क)** *मानसिक शक्तिको विकासः* येशू बुद्धिमा बढ्दै जानुभयो।

**ख)** *शारीरिक विकासः* येशू डिलडौलमा बढ्दै जानुभयो।

**ग)** *आत्मिक विकासः* येशू परमेश्वरको अनुग्रहमा बढ्दै जानुभयो।

**घ)** *सामाजिक विकासः* येशू मानिसको अनुग्रहमा बढ्दै जानुभयो।

आफ्नो व्यक्तित्वको हरेक क्षेत्रमा येशूले पूर्ण वृद्धि गर्नुभयो।

यहाँ लूकाले आफ्नो वृत्तान्तमा प्रभु येशूको जीवनको अठार वर्षको विषयमा चुप रहन्छन्, जुन अवधि सिकर्मीको छोरा भएर उहाँले नासरतमा बिताउनुभयो। यी अठार वर्षहरूले उहाँको तयारी र तालिमका वर्षको रूपमा ठूलो भूमिका खेल्दा रहेछन्। येशूजस्तै मानिसलाई पनि कति धीरजको खाँचो परेको थियो; अनि साधारण पेसागत काममा कतिको महत्त्व छ, सो कुरा यी मौन वर्षहरूले हामीलाई सिकाउँछन्।

नयाँ जन्म पाउनेबित्तिकै सेवकाइमा हाम फाल्नुहुँदैन भन्ने चेताउनी हामीलाई यहाँबाट मिलेको छ। यस खतराबाट हामी बाँच्नुपरेको छ। आत्मिक बाल्यावस्था र जवानीपनबाट हुर्केर नगएकाहरूले पछि कुनै समयमा प्रायः आफ्नो जीवनको गवाही बिगारिपठाउँछन्।

# खण्ड ३) लूका ३ः१-४ः३०ः

# मानिसको पुत्रको सेवकाइको तयारी

## क) लूका ३ः१-२०ः उहाँको अग्रदूतले गरेको तयारी

**लूका ३ः१-२ः** लूका इतिहासकार भएको हुनाले तिनले बप्तिस्मा दिने यूहन्नाले आफ्नो प्रचार शुरु गरेको वर्ष तोकेर भन्छन्ः सम्राट तिबेरियासको पन्ध्रौं वर्ष। अनि तिनले राजनीतिका र धर्मका निम्न नेताहरू तिनीहरूका नामहरूसमेत उल्लेख गर्छन्ः एकजना सम्राट (तिबेरियास), एकजना राज्यपाल (पोन्तियस पिलातस), तीनजना रजौटाहरू (हेरोद, फिलिप र लुसानियास) र दुईजना महापूजाहारीहरू (हन्नास र कायफा)। त्यस बेलामा इस्राएली जाति कस्तो कड़ा पक्राउको वशमा परेको थियो, त्यो कुरा यी शासकहरूका नामले बताउँछन्। राजनीतिक हिसाबले मात्र होइन, तर इस्राएलमा दुईजना महापूजाहारीहरू हुनु – धार्मिक दृष्टिकोणले पनि कस्तो गड़बड़ भएको विचित्र अवस्था!! संसारको नजरमा यी मानिसहरू महान् थिए; तर परमेश्वरको दृष्टिमा तिनीहरू दुष्ट थिए, अँ, चरित्रहीन थिए। यसकारण जब परमेश्वरले मानिसहरूसित बोल्न चाहनुभयो, तब उहाँले यी राजाहरूको महल र यी धर्मनेताहरूको सभाघरहरू बाहेक गर्नुभयो र उजाड़स्थानमा भएको यूहन्नाकहाँ आफ्नो सन्देश पठाउनुभयो, जुन यूहन्नाचाहिँ जकरियाको छोरा थिए।

**लूका ३ः३ः** परमेश्वरको वचन पाउनेबित्तिकै यूहन्ना यर्दनको वरिपरिका सबै इलाकाहरूमा गए। हुन सक्छ, यी इलाकाहरू यरिहोको वरिपरि भएका इलाका थिए। तिनले इस्राएली जातिका मानिसहरूलाई पापको क्षमा पाउन आफ्ना पापहरूको विषयमा पश्चात्ताप गर्ने आह्वान गरे। यसरी तिनीहरू ख्रीष्टको आगमनका निम्ति तयार हुनेथिए। तिनले

मानिसहरूलाई पानीको बप्तिस्मा लिने आग्रह गरे। यो बप्तिस्माचाहिँ साँचो गरी पश्चात्ताप गरेको बाहिरी चिन्ह थियो। यूहन्ना एक साँचो भविष्यवक्ता थिए, जसले पापको विरोधमा आफ्नो आवाज उठाउँदै र आत्मिक मानिसहरूको नवीकरणको माग गर्दै तिनीहरूको बीचमा विवेकको काम गर्थे।

**लूका ३ः४ः** तिनको सेवकाइमा यशैया ४०ः३-५ पदको खण्डको भविष्यवाणी पूरा भयो। उजाड़स्थानमा कराउनुहुनेको आवाज तिनी थिए। आत्मिक रूपले त्यस बेलाको इस्राएली जाति एउटा उजाड़स्थान भएको थियो। त्यस बन्जर, उराठलाग्दो भूमिले परमेश्वरका निम्ति कुनै फल फलाउँदैनथियो। तर प्रभुको आगमनका निम्ति तयार हुनु हो भने, यस जातिका मानिसहरूको नैतिक परिवर्तन हुनुपरेको थियो। तिनीहरूको जमानाको कुरा होः राजाको सवारीको तयारीमा राजमार्ग र मूलबाटाहरू चिल्ला र सीधा बनाइन्थे। यूहन्नाले मानिसहरूलाई यसो गर्ने आह्वान गरे। ख्रीष्टको आगमनको तयारीमा तिनीहरूले राजमार्गहरू होइन, तर उहाँलाई स्वागत गर्न आफ्नो हृदय तयार गर्नु थियो।

**लूका ३ः५ः** ख्रीष्टको आगमनले निम्न प्रभावहरू गरिदिन्छः

**क)** *'हरेक घाटी भरिनेछ'*ः साँचो पश्चात्ताप गरेर आफूलाई होच्याउनेहरूले मुक्ति पाउनेछन्, र तृप्त हुनेछन्।

**ख)** *'हरेक पहाड़ र डाँड़ा होचिनेछ'*ः शास्त्रीहरू र फरिसीहरूजस्तै घमण्डी र अहङ्कारी मानिसहरू नम्र पारिनेछन्।

**ग)** *'टेढ़ामेढ़ा ठाउँहरू सोझा पारिनेछन्'*ः महसुल उठाउने-हरूजस्तै इमानदार नभएकाहरूको चरित्रमा सुधार आउँछ।

**घ)** *'खल्ड्याङ-खुल्डुङ बाटाहरू सम्म पारिनेछन्'*ः सिपाही-हरूजस्तै रूखा र क्रूर भएकाहरूको स्वभाव साधिनेछ र सुध्रिनेछ।

**लूका ३ः६ः** अनि ख्रीष्टको आगमनको अन्तिम नतिजा यस प्रकारको हुनेछः *'सबै प्राणीहरूले परमेश्वरको मुक्ति देख्नेछन्।'* सबै प्राणीहरू भन्नाले यहूदी र अन्यजातिका सबै मानिसहरू बुझिन्छ। उहाँको पहिलो

आगमनमा सबै मानिसहरूले उहाँलाई ग्रहण नगरे तापनि तिनीहरू सबैकहाँ मुक्ति-दान प्रस्तुत गरिन्छ। तर उहाँको दोस्रो आगमनमा, जब उहाँ राज्य गर्न आउनुहुनेछ, तब यस पदको पूरा अर्थको समाप्ति हुनेछ। तब सबै इस्राएलीहरूले मुक्ति पाउनेछन्; अनि अन्यजातिका मानिसहरू पनि उहाँको महिमित राज्यका आशिषहरूमा सहभागी हुनेछन्।

**लूका ३ः७ः** यूहन्नालाई थाहा थियो, पानीको बप्तिस्माका निम्ति तिनीकहाँ निस्किआउने भीड़ैभीड़ मानिसहरू सबै इमानदार थिएनन्। तिनीहरूमध्ये कपटीहरू पनि थिए, जसको धार्मिकताका निम्ति कुनै भोक र तिर्खा थिएन। तिनीहरूलाई नै यूहन्नाले विषालु सर्पका सन्तान भनेका छन्। *'आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो ?'* यस प्रश्नबाट यूहन्नाले तिनीहरूलाई यो चेताउनी दिएनन् भन्ने बुझिन्छ। किनभने तिनको सन्देश ती मानिसहरूका निम्ति मात्र थियो, जो आफ्ना पापहरू मानिलिन तयार थिए।

**लूका ३ः८ः** परमेश्वरप्रति तिनीहरूको इच्छा र चाहना साँचो हो भने तिनीहरूले यो कुरा देखाउनुपर्छ। पश्चात्ताप गर्ने कुरामा सच्चा र इमानदार भएको मानिसले आफ्नो जीवनको परिवर्तनबाट यो कुरा स्पष्ट देखाउँछ। साँचो पश्चात्तापका फलहरू हुनेछन् र देखा पर्नुपर्छ। अब्राहामको वंश हुने नाता पर्याप्त हुँदैन; यो एक मिथ्या आशा हो। भक्तजनहरूसितको नाताको सम्बन्धले हामीलाई आफैआफ भक्तजन तुल्याउँदैन। अनि परमेश्वर आफ्ना उद्देश्यहरू पूरा गर्नमा अब्राहामको वंशमा सीतिम हुनुहुन्न। उहाँले यर्दानको छेउमा पड़िरहेका ढुङ्गाहरू लिएर अब्राहामका निम्ति सन्तान पैदा गर्न सक्नुहुन्छ। अनि हुन सक्छ, यी ढुङ्गाहरूले अन्यजातिका मानिस-हरूलाई सङ्केत गर्छन् होलान्; किनभने परमेश्वरले आफ्नो दिव्य अनुग्रहको शक्तिको कामद्वारा तिनीहरूलाई ख्रीष्ट-विश्वासीहरू तुल्याउन सक्नुहुन्छ, जसको विश्वास अब्राहामको जस्तो विश्वास हुन्छ। अनि ठीक त्यही कुरा हुन आयो। इस्राएली जातिरूपी अब्राहामको वंशले परमेश्वरको ख्रीष्टलाई इन्कार गऱ्यो, तर अन्यजातिका धेरै मानिसहरूले उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरे; अनि यसरी नै तिनीहरू अब्राहामका आत्मिक सन्तान बने।

**लूका ३ः९ः** *'अनि अहिले पनि रूखहरूको जरामा बन्चरो राखिएको छ ।'* यस वाक्यको अर्थ होः ख्रीष्ट येशूको आगमन त्यो कसी हो, जसले मानिसहरूको पश्चात्ताप साँचो कि झूटो ठहराउनेछ। पश्चात्तापका फलहरू आफ्नो जीवनमा देखाउन नसक्नेहरू दोषी ठहरिनेछन् ।

'यूहन्नाका शब्दहरू र वाक्यहरू लाग्ने तरवारहरूजत्तिकै थिए, जुन शब्दरूपी तरवारहरू तिनको मुखबाट निस्किरहेका थिएः "सर्पका सन्तान", "आउन लागेको क्रोध", "बन्चरो", "काटेर ढालिन्छ", "आगोभित्र फालिन्छ"। परमप्रभुका भविष्यवक्ताहरूको बोलीमा चिप्लोपन केही पनि थिएन । तिनीहरू नैतिक शूरवीर थिए। हाम्रा पुर्खाहरूले आफ्ना शत्रुहरूका टोपहरूमाथि बजार्ने बन्चराहरूजस्तै यी भविष्यवक्ताहरूका शब्दहरू मानिसहरूमाथि बज्रन्थे ।'

स्क्रिप्चर यूनियनको दैनिक टिप्पणीबाट उद्धृत

**लूका ३ः१०ः** कायल पार्ने त्यो खील मानिसहरूलाई पूरा लागेको थियो; यसकारण तिनीहरूले साँचो पश्चात्ताप देखाउने सम्बन्धमा यूहन्नाबाट केही व्यवहारिक सुझाउहरू पाउन चाहन्थे ।

**लूका ३ः११-१४ः** यस खण्डमा तिनले ती मानिसहरूलाई आफ्नो इमानदारी देखाउने केही तरिकाहरू बताइदिए। आफ्ना लुगा र आफ्ना खानेकुराहरू गरिबहरूसित बाँड़चूड़ गरेर तिनीहरूले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गरेको प्रमाण दिन सक्छन्। यो एक सर्वमान्य नियम थियो ।

अनि महसुल उठाउनेहरूः तिनीहरूले आफ्ना सबै लेनदेनहरूमा बिलकुल इमानदारी देखाउनुपरेको थियो । तिनीहरू टेढ़ामेढ़ा र दुईनम्बरी गुटका भ्रष्ट मानिसहरू थिए। यसकारण तिनीहरूका निम्ति लेनदेनमा इमानदारी देखाउनुचाहिँ पश्चात्तापको पक्का प्रमाण थियो ।

अन्तमा सिपाहीहरूः तिनीहरूले आफ्नो ड्यूटि गर्दा तीनवटा पापहरू त्याग्नुपरेको थियोः बलमिचाइ, निन्दा र असन्तुष्टि । यी पापहरू प्रायः सैनिकहरूले गर्ने गरेका पापहरू थिए ।

मानिसहरूले यी आदेशहरू मानेकोमा मुक्ति पाएनन् भन्ने कुरा याद गर्नु जरुरी छ। जब मानिसहरूको हृदयको सम्बन्ध परमेश्वरसित सठीक थियो, तब तिनीहरूले आफ्नो हृदयभित्रको यो कुरा बाहिर प्रकट गर्नलाई तरिकाहरू यी नै थिए।

**लूका ३:१५-१६[क]:** बप्तिस्मा दिने यूहन्ना आत्माशंसा नगर्ने, आफ्नो गुणगान नगर्ने मानिस थिए। यो प्रशंसनीय छ। कम्तीमा केही समयसम्म तिनले आफू ख्रीष्ट हुँ भन्ने बहाना गर्न सक्नेथिए र यसरी आफ्नो पछि लाग्ने धेरै अनुयायीहरूलाई पाउन सक्नेथिए। तर यसो गर्नु परै जाओस् ! होइन, तिनले बरु आफूलाई ख्रीष्टको तुलनामा आउन नसक्ने साह्रै निकम्मा, निकृष्ट तुल्याए। तिनको बप्तिस्मा बाहिरी शरीरमा गरिने विधि थियो। तर ख्रीष्टको बप्तिस्माचाहिँ मनभित्र हुने आत्मिक बप्तिस्मा हुनेछ। तिनी ख्रीष्टका जुत्ताको फिता खोल्न लायकको थिएनन्।

**लूका ३:१६[ख]-१७:** ख्रीष्टको बप्तिस्मा पवित्र आत्मा र आगोले हुनेछ। उहाँको सेवकाइ दुई किसिमको थियो। पहिले, उहाँले विश्वासीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ। पेन्टेकोष्टको दिनमा यो प्रतिज्ञारूपी वचन पूरा भयो, जब सबै विश्वासीहरू पवित्र आत्माद्वारा ख्रीष्टको शरीर बन्नका निम्ति त्यसभित्र बप्तिस्मा भए। अनि दोस्रो, उहाँले आगोसित बप्तिस्मा दिनुहुनेछ।

अनि लूका ३:१७ पदबाट कुरा स्पष्ट हुन्छः आगोको बप्तिस्मा न्यायको बप्तिस्मा हो। यस पदमा प्रभु गहुँ निफन्ने निफनुवा हुनुहुन्छ। उहाँले आफ्नो नाङ्लोले अन्न हावामा बत्ताउनुहुन्छ; तब भुस उड़ेर जान्छ र अलि पर खलाको छेउँमा पड़िरहन्छ। अन्तमा भुस बटुलिन्छ र आगोमा जलाइन्छ।

जब बप्तिस्मा दिने यूहन्नाले विश्वासीहरू र विश्वास नगर्नेहरूको मिस्रित भुन्डसित कुरा गर्थे, तब तिनले पवित्र आत्माको बप्तिस्मा र आगोको बप्तिस्माको कुरा सँगसँगै गर्थे (मत्ती ३:११ र लूका ३:१६)। तर जब तिनले विश्वासीहरूसँग मात्र बोल्थे, तब तिनले आगोको बप्तिस्माको कुरा गरेनन् (मर्कूस १:८)। कुनै सच्चा ख्रीष्ट-विश्वासीले कहिल्यै आगोको बप्तिस्माको अनुभव गर्नेछैन।

**लूका ३:१८-२०:** अब लूका हाम्रो ध्यान बप्तिस्मा दिने यूहन्नादेखि हटाएर प्रभु येशूमाथि खिच्न तयार भएका छन्। यसकारण यस खण्डमा तिनले यूहन्नाको सेवकाइको बाँकी भागको सङ्क्षिप्त वर्णन दिन्छन् र हामीलाई त्यस घड़ीमा पुऱ्याइदिन्छन्, जुन घड़ीमा रजौटा हेरोदले

यूहन्नालाई जेलमा हाले। यूहन्ना झ्यालखानामा हालिएको घटना प्रायः अठार महिना पछाड़ि भएको थियो। यिनले रजौटा हेरोदलाई हप्काए; किनभने उनी आफ्नो बुहारीसँग व्यभिचारको सम्बन्धमा जिइरहेका थिए। यसकारण रजौटा हेरोदले यूहन्नालाई जेलमा राखेर आफ्ना अधर्महरूको नाप भरिदिए। यसरी उनले आफ्ना सबै दुष्ट कामहरूमाथि आफ्नो शर्मको मुकुट लगाइदिए।

## ख) लूका ३ः२१-२२ः पानीको बप्तिस्माद्वारा येशूको तयारी

यसरी बप्तिस्मा दिने यूहन्ना हाम्रो ध्यानरूपी मञ्चबाट लोप भएर गए, र अबदेखि उसो प्रभु येशू यस पुस्तकमा प्रमुख स्थान ओगट्नुहुन्छ। यर्दनमा बप्तिस्मा लिएर उहाँले तीस वर्षको उमेरमा आफ्नो सेवकाइ शुरु गर्नुभयो।

येशूको बप्तिस्माको यस वृत्तान्तमा ख्यालमा राख्ने निम्न कुराहरू छन्ः

**क)** त्रिएक परमेश्वरका तीनै व्यक्तिहरू यहाँ सम्मेलित हुनुहुन्छः येशू (लूका ३ः२१), पवित्र आत्मा (लूका ३ः२२[क]) र पिता (लूका ३ः२२[ख])।

**ख)** प्रभु येशूले बप्तिस्मा लिनुभएको बेलामा प्रार्थना गर्नुभएको कुरा केवल लूकाले लेखेका छन् (लूका ३ः२१)। लूकाले ख्रीष्ट येशूलाई मानिसको पुत्रको रूपमा प्रस्तुत गरेका छन्, जुन मानिसको पुत्र सधैं पिता परमेश्वरको भरमा जिउनुहुन्थ्यो। अनि उहाँले प्रार्थना गर्नुभएको कुरा यस विषयवस्तुसित राम्रोसँग मिलेको छ। हाम्रा प्रभुको प्रार्थनाले पूर्ण जीवन यस सुसमाचारको पुस्तकमा एक प्रमुख विषय बनेको छ। उहाँले यहाँ आफ्नो सेवकाइ शुरु गर्नुभन्दा अघि प्रार्थना गर्नुभयो। उहाँको कीर्ति बढ्दै गरेको र ठूला-ठूला भीड़हरू उहाँको पछि आइरहेको बेलामा पनि उहाँले प्रार्थनामा समय बिताउनुभयो (लूका ५ः१६)। उहाँले आफ्ना बाह्रजना चेलाहरूलाई चुन्नुभन्दा अघि रातभरि प्रार्थना गर्नुभयो (लूका ६ः१२)। सिजरिया फिलिप्पीको घटना हुनुभन्दा अघि उहाँले प्रार्थना गर्नुभयो

(लूका ९ः१८), जुन घटना उहाँको शिक्षारूपी सेवकाइको चरमबिन्दु मानिन्छ। उहाँले एउटा पहाड़मा प्रार्थना गर्नुहुँदा उहाँको रूप परिवर्तन भयो (लूका ९ः२८)। उहाँले आफ्ना चेलाहरूको उपस्थितिमा प्रार्थना गर्नुभयो, जसले गर्दा उहाँले प्रार्थनाको सन्दर्भमा शिक्षा दिने मौका पाउनुभयो (लूका ११ः१)। उहाँले विश्वासमा पछि हटेको पत्रुसका निम्ति प्रार्थना गर्नुभयो (लूका २२ः३२)। अनि उहाँले गेत्समनीको बगौंचामा प्रार्थना गर्नुभयो (लूका २२ः४१ र ४४)।

**ग)** येशूको बप्तिस्मामा परमेश्वरको वाणी आयो। परमेश्वर आफ्नो प्रिय पुत्रको सेवकाइको अवधिमा तीनपल्ट स्वर्गबाट बोल्नुभयो। तीस वर्षसम्म उहाँले नासरतमा येशूको जीवन नियाल्नुभयो, अनि त्यसमा कुनै खोट पाउनुभएन। यसकारण उहाँले यहाँ यसको विषयमा आफ्नो फैसला सुनाएर भन्नुभयोः *'तिमी मेरा प्रिय पुत्र हौ; तिमीसँग **म अत्यन्तै प्रसन्न छु**।'* अझ दुईपल्ट पिताले स्वर्गबाट बोल्नुभयोः **क)** त्यस बेलामा, जब येशूको रूप परिवर्तन भएको पहाड़माथि पत्रुसले त्यहाँ तीनवटा डेराहरू बनाउने सुझाउ दिए (लूका ९ः३५)। अनि **ख)** त्यस बेलामा, जब कुनै ग्रीक मानिसहरूले फिलिपकहाँ आएर येशूलाई भेट्ने आफ्नो इच्छा प्रकट गरे (यूहन्ना १२ः२०-२८)।

## ग) लूका ३ः२३-२८ः आदमको सन्तान भएर येशूको तयारी

हाम्रा प्रभुको सेवकाइको वर्णनमा प्रवेश गर्नुभन्दा अगाड़ि आफ्नो वृत्तान्तमा यतिरूपी विराम लगाएर लूकाले उहाँको वंशावली दिन लागेका छन्। येशू साँचो मानिस हुनुहुन्थ्यो; यसकारण उहाँ आदमको सन्तान हुनुपरेको थियो। अनि यस वंशावलीले यसको प्रमाण दिन्छ। सर्वमान्य विश्वासअनुसार येशूको यो वंशावली मरियमको तर्फको वंशको वर्णन हो। यसकारण तपाईंले याद गर्नुहोला, कि लूका ३ः२३ पदमा 'यूसुफको छोरा येशू' नभएर, तर *'उहाँ मानिएअनुसार यूसुफका छोरा हुनुहुन्थ्यो।'* यो वंशावली मरियमको वंशावली भएको धारणाअनुसार एलीचाहिँ यूसुफको बुबा होइन, तर तिनको ससुरा र मरियमको बुबा पो भएका हुनुपर्ला।

मरियममार्फत प्रभु येशूको वंशावली दिनुमा बाइबलका विद्वान्हरूले निम्न कारणहरू देखेका छन्ः

**क)** सर्वप्रथम, यूसुफको वंशावलीचाहिँ मत्तीको सुसमाचारमा दिइएको हो (मत्ती १ः२-१६)।

**ख)** लूकाको सुसमाचारको पुस्तकको शुरुका अध्यायहरूमा यूसुफको होइन, तर मरियमको भूमिका ठूलो छ। तर मत्तीको सुसमाचारको पुस्तकमा यूसुफले ठूलो भूमिका खेल्छन्।

**ग)** यहूदीहरूका वंशावलीहरूमा प्रायः स्त्रीहरूका नामहरू पाइँदैनन्। यही कारणले यस वंशावलीमा मरियमको नाम देखा परेन।

**घ)** मत्ती १ः१६ पदअनुसार याकूबले यूसुफलाई जन्माए। यो कुरा स्पष्ट छ। अनि यहाँ लूका ३ः२३ पदमा 'एलीले यूसुफलाई जन्माए' भनेर लेखिएको छैन। तर 'यूसुफ एलीको छोरा थिए' भन्ने कुरा लिखिएको छ, जसको अर्थ ज्वाइँ पनि हुन सक्छ।

**ङ)** अनि यहाँ ग्रीक भाषाको व्याकरणको अर्को कुरा पनि छः यूसुफको नामको बाहेक वंशावलीको हरेक नामको सम्बन्ध-कारकको विशेष शब्द छ। ग्रीक भाषाको 'तौ' भन्ने शब्दचाहिँ सम्बन्ध-कारण शब्द हो। यूसुफको नामको साथमा यो सम्बन्ध-कारक शब्द नभएको कारण यस प्रकारले बुझाइन्छः मरियमसित यूसुफको विवाह भएको कारणले मात्र तिनको नाम यहाँ, यस वंशावलीमा हालिएको छ।

हामीले केलाई-केलाईकन यस वंशावलीको बेलीबिस्तार गर्नुपर्दैन होला। तर केही महत्त्वपूर्ण कुराहरूको टिप्पणी गर्न उपयोगी देखिन्छ, जस्तैः

**क)** यस वंशावलीअनुसार मरियमको नाता दाऊदको छोरा नातानमार्फत दाऊदसित पर्दो रहेछ (लूका ३ः३१)। मत्तीको सुसमाचार-अनुसार येशूले दाऊदको सिंहासनमाथि बसेर राज्य गर्ने आफ्नो कानुनी उत्तराधिकार सुलेमानमार्फत पाउनुभएको हो।

अनि यूसुफको कानुनी छोरा हुनुभएको हुनाले उहाँले दाऊदसित बाँधिएको परमेश्वरको करारमा पहिलो भूमिका निभाउनुभयो; त्यस

करारमा गरिएको प्रतिज्ञाअनुसार दाऊदको सिंहासन सदा-सर्वदा रहिरहनेछ। तर येशू यूसुफको हाड़नाताको छोरा हुनुहुन्नथियो, नत्र उहाँमाथि राजा यकोनियाहमाथि लगाइएको श्राप आइपर्नेथियो; परमेश्वरको यस श्रापअनुसार यस दुष्ट राजाको कुनै वंश सफल हुनेछैन (यर्मिया २२:३०)।

तर मरियमको साख छोरा हुनुभएको हुनाले येशूले दाऊदसित बाँधिएको परमेश्वरको करारमा अर्को भूमिका पनि निभाउनुभयो; त्यस करारमा गरिएको प्रतिज्ञाअनुसार दाऊदको वंशबाट कोही उनको सिंहासनमाथि सदा-सर्वदा बस्नेछ। अनि नातानमार्फत दाऊदको वंश हुनुभएको हुनाले उहाँ यकोन्याहमाथि लगाइएको श्रापमनि पर्नुभएन।

**ख)** लूका ३:३८ पदअनुसार आदमचाहिँ परमेश्वरको छोरा थिए। आदम परमेश्वरको सृष्टि थिए – यसको अर्थ यो हो।

**ग)** कुरा स्पष्ट छः ख्रीष्टको यो वंशावली प्रभु येशूमा टुङ्गियो। यसर्थ अबदेखि उसो सधैंका निम्ति दाऊदको सिंहासनको कानुनी हक दाबी गर्न सक्ने अरू कोही पनि हुनेछैन।

## घ) लूका ४:१-१३: परीक्षाद्वारा येशूको तयारी

**लूका ४:१:** प्रभु येशूको जीवनमा यस्तो कुनै घड़ी नै थिएन, जुन घड़ीमा उहाँ पवित्र आत्माले भरिनुभएको थिएन। तर यहाँ उहाँको परीक्षाको सन्दर्भमा यस कुरामा विशेष जोड़ दिइएको छ। पवित्र आत्माले भरिनु भनेको उहाँमा पूरा समर्पित हुनु र परमेश्वरको एक-एक वचनमा पूरा आज्ञाकारी हुनु हो। पवित्र आत्माले भरिएको व्यक्तिले जानीबुझी आफ्नो जीवनमा कुनै पाप रहन दिँदैन वा राख्दैन; ऊ आफूलाई बाँकी नराख्ने आत्मत्यागी, स्वार्थत्यागी मानिस हो। अनि परमेश्वरको वचनले प्रशस्तसँग उसमा वास गर्छ।

बप्तिस्मा लिनुभएको प्रभु येशू यर्दनबाट फर्कंदै हुनुहुन्थ्यो, जब परमेश्वरको आत्माले उहाँलाई उजाड़स्थानमा लानुभयो। यो उजाड़स्थान यहूदियाको उजाड़स्थान भएको थियो होला, जुन उजाड़स्थान मृत सागरको पश्चिम तटको लमाइ बराबरी परेको थियो।

**लूका ४ः२-३ः** यस ठाउँमा चालीस दिनसम्म शैतानले उहाँको परीक्षा लियो। यी दिनहरूमा उहाँले केही पनि खानुभएन। यस अवधिको अन्तमा उहाँ तीनमुखे परीक्षामा पर्नुभयो, जससित हामी सुपरिचित छौं। हुन त, ती तीन किसिमका परीक्षाका जाँचहरू बेग्ल-बेग्लै ठाउँमा लिइएका थिएः उजाड़स्थानमा, एउटा पहाड़माथि र यरूशलेमको मन्दिरमा। *'उहाँ भोकाउनुभयो।'* येशू पूरा रूपले मानिस हुनुभएको कुरा यी शब्दहरूबाट स्पष्ट बुझिन्छ। अनि पहिलो परीक्षाको जाँच यस क्षेत्रमा भएको थियो। शैतानको सुझाउ थियोः उहाँले आफ्नो ईश्वरीय शक्तिले आफ्नो शरीरको भोक मेटाइदिऊन्। आफ्नो भोक मेटाउनुमा गल्ती के पो थियो, तपाईं आफू भन्नुहोस्! यसो गर्नु बिलकुल न्यायसँगत काम थियो। तर यस कुरामा शैतानको आज्ञा मान्नु सरासर गल्ती हो। शैतानको छट्टूपन यसैमा थियो। तर प्रभु येशू हरेक कुरामा परमेश्वर पिताको इच्छा पूरा गर्नुपरेको थियो।

**लूका ४ः४ः** प्रभु येशूले पवित्र धर्मशास्त्रको उचित पद उद्धृत गरेर यस परीक्षाको सामना गर्नुभयो (व्यवस्था ८ः३)। आफ्नो शरीरको भोक मेट्नुभन्दा परमेश्वरको वचन पालन गर्नुमा ठूलो महत्त्व छ। उहाँले शैतानसित तर्क गर्नुभएन। यस विषयमा श्री जी. एन. डार्बीले यसो भनेका छन्ः

> 'आत्माको शक्तिमा प्रयोग गरिएको परमेश्वरको वचनको एउटै पदले शैतानलाई चुप गराएको छ र गराउँदछ। परीक्षामा परेको बेलामा हाम्रो विजयको शक्तिको रहस्य केमा छ? त्यत्ति बेलामा हामीले परमेश्वरको वचन सठीक रूपले प्रयोग गर्न सक्नुपर्छ।'

**लूका ४ः५-७ः** दोस्रो परीक्षामा शैतानले येशूलाई छिनभरमै संसारका सबै राज्यहरू देखायो। शैतानलाई आफूले दिन सक्ने सबै कुराहरू देखाउन कति पनि समय लाग्दैन रहेछ। त्यसले संसार दिन सक्दैन, तर संसारका सबै राज्यहरू दिन सक्छ। एक प्रकारले, यस संसारका सबै राज्यहरूमाथि त्यसको अधिकार छ। मानिसले पाप गरेको कारणले शैतान यस संसारको शासक भएको छ (यूहन्ना १२ः३१, १४ः३० र १६ः११); त्यो यस संसारको ईश्वर भएको छ (२ कोरिन्थी ४ः४); त्यो

आकाशमाथि अधिकार भएको शासक भएको छ (एफेसी २ः२)। तर परमेश्वरको उद्देश्यअनुसार एक दिन *‘यस संसारका राज्यहरूचाहिँ हाम्रा प्रभुका र उहाँको ख्रीष्टका राज्यहरू हुनेछन्’* (प्रकाश ११ः१५)। यसर्थ शैतानले ख्रीष्ट येशूलाई यहाँ जे दिन्छु भन्ने प्रतिज्ञा गर्‍यो, ती सबै कुराहरू जसो भए पनि अन्तमा उहाँकै हुने नै छन्।

तर सिंहासनमाथि पुग्नलाई कुनै चोरबाटो छैन। दिव्य क्रममा सिंहासन हुनुभन्दा अघि क्रूस आएको छ। परमेश्वरको मनसायअनुसार प्रभु येशूले आफ्नो महिमा प्राप्त गर्नुभन्दा अघि दुःख भोग्नुपरेको थियो। स्वीकार गर्नु लायकको लक्ष्यमा पुग्न गलत तरिका र उपायहरू अपनाउनुहुँदैन। कुनै हालतमा पनि उहाँले शैतानलाई दण्डवत् गर्नुहुनेछैन नै – यसो नगर्नका निम्ति उहाँले जति नै मूल्य चुकाउनु किन नपरोस्।

**लूका ४ः८ः** यसकारण प्रभु येशूले व्यवस्था ६ः१३ पद उद्धृत गर्नुभयो। किनभने मानिसले परमप्रभु आफ्ना परमेश्वरलाई मात्र दण्डवत् गर्नुपर्छ र उहाँको मात्र सेवा गर्नुपर्छ।

**लूका ४ः९-११ः** तेस्रो परीक्षामा शैतानले येशूलाई यरूशलेममा, मन्दिरको टुप्पामाथि लगे। *‘आफूलाई यहाँबाट तल फाल्नुहोस्’* भन्ने त्यसको सुझाउ थियो; किनभने भजन ९१ः११-१२ पदको खण्डमा परमेश्वरले आफ्नो अभिषिक्त ख्रीष्टलाई रक्षा गर्छु भन्ने प्रतिज्ञा गर्नुभयो। हुन सक्छ, शैतानले येशूलाई अद्भुत कमाल/कलाबाजी देखाएर आफ्नो विषयमा ख्रीष्ट भएको प्रमाण दिने प्रलोभनद्वारा जाँच्यो होला। भविष्यवक्ता मलाकीले भविष्यवाणी गरेका थिए, कि ख्रीष्ट अचानक आफ्नो मन्दिरमा आउनुहुनेछ (मलाकी ३ः१)। यसकारण यहाँ प्रभु येशूले क्रूसमा नगई प्रतिज्ञा गरिएको उद्धारकको रूपमा यश र ख्याति प्राप्त गर्ने मौका पाउनुभयो।

**लूका ४ः१२ः** तेस्रो पल्ट प्रभु येशूले पवित्र बाइबलबाट उद्धृत गर्दै परीक्षाको सामना गर्नुभयो। व्यवस्था ६ः१६ पदले परमेश्वरलाई परीक्षामा पार्न मनाही गरेको छ।

**लूका ४ः१३ः** आत्माको तरवारको ऐंचमा परेर हार खाएको शैतानले येशूलाई छोड्यो, तर केही समयका निम्ति अथवा उपयुक्त समयसम्म

मात्र। परीक्षाहरू अटुट लहराहरूको रूपमा आउने होइनन्, तर आउने-जाने गर्छन्। परीक्षाको सम्बन्धमा यहाँ केही थप बुँदाहरू पेश गर्नु हामीलाई उचित लागेको छ, जस्तैः

**क)** कुनै कारणवश मत्तीको सुसमाचारमा उल्लेख गरिएका दोस्रो र तेस्रो परीक्षाको क्रम लूकाको सुसमाचारको वर्णनको क्रमसित मिल्दैन, तर उल्टो छ।

**ख)** यी तीनवटा परीक्षाहरूमा शैतानद्वारा पेश गरिएको र अन्तमा प्राप्त हुने कुरा ठीक त थियो, तर त्यसको प्राप्तिका निम्ति सुझाउ दिइएका तरिकाहरू गलत थिए। शैतानको आदेश मान्नु सधैं गलत हो। शैतानलाई दण्डवत् गर्नु वा अरू कुनै सृष्टि गरिएको थोकलाई ढोग्नु सरासर गलत हो। अनि परमेश्वरलाई परीक्षामा पार्नु पनि बिलकुल गलत हो।

**ग)** पहिलो परीक्षा शरीरको जाँच थियो, दोस्रो परीक्षा मनको जाँच थियो र तेस्रो परीक्षा आत्माको जाँच थियो, जसले शरीरको अभिलाषा, आँखाको अभिलासा र जीवनको सेखीलाई ताकेका थिए।

**घ)** यी तीनवटा परीक्षाहरूले मानिसका सबैभन्दा प्रबल अस्तित्वात्मक अभिलाषाहरूको जाँच गरेः शरीरलाई लाग्ने भोक, मनलाई लोभ लाग्ने अधिकार र धनसम्पत्ति, अनि मानिसको आत्मालाई तृष्णा लाग्ने मान-इज्जत। ख्रीष्टका चेलाहरू सुखी र शानदार जीवन खोज्ने, संसारमा प्रमुख स्थान ओगट्ने र मण्डलीमा उच्च पद हासिल गर्ने परीक्षामा घरिघरि पर्न जान्छन्।

**ङ)** यी तीनवटा परीक्षाहरूमा शैतानले धार्मिक भाषा चलायो र यसरी नै यी परीक्षाहरूलाई एउटा मर्यादाको भेष दियो। त्यसले पवित्र धर्मशास्त्रबाट उद्धृत पनि गर्‍यो (लूका ४:१०-११)।

यस सन्दर्भमा श्री जेम्स स्टूवर्टले उचित बुँदाहरू निकालेर यसो भनेका छन्ः

> 'प्रभु येशूको परीक्षाको वर्णन अध्ययन गर्दा निष्कर्षमा दुईवटा महत्त्वपूर्ण बुँदाहरू निस्कन्छन्ः एक, परीक्षामा पर्नु पाप होइन रहेछ। अनि दुई, प्रभुको एकजना चेलाको महान् वचन सत्य ठहरिएको छ, जसले यसो भनेः "परीक्षामा पर्दा उहाँ आफैले दुःख भोग्नुभएको हुनाले परीक्षामा परेकाहरूलाई सहायता गर्न सुयोग्य हुनुहुन्छ" (हिब्रू २:१८)।' [11)]

प्रभु येशूले पाप गर्न सक्नुभएन भने उहाँको परीक्षा अर्थहीन थियो भन्ने तर्क कताकतै सुनिन्छ। कुरा सत्य होः प्रभु येशू परमेश्वर हुनुहुन्थ्यो, र परमेश्वरले पाप गर्न सक्नुहुन्न। प्रभु येशूले आफ्नो ईश्वरत्वको कुनै सद्गुण कहिल्यै छाड्नुहुँदैनथियो। पृथ्वीमा उहाँको जीवनभरि उहाँको ईश्वरत्व मानव शरीररूपी पर्दाले ढाकिएको थियो। तर उहाँले आफ्नो ईश्वरत्व कहिल्यै त्याग्नुभएन, अँ, त्याग्न पनि सक्नुभएन। कतिजनाको भनाइ छः परमेश्वर भएर उहाँले पाप गर्न सक्नुभएन भने मानिस भएर उहाँले पाप गर्न सक्नुपर्नेथियो। तर उहाँ जहिले पनि दुवै परमेश्वर र मानिस रहि-रहनुभयो। अनि आज पनि उहाँ उही परमेश्वर र उही मानिस हुनुहुन्छ। अनि उहाँले आजको दिनमा पाप गर्न सक्नुभएको कल्पना गर्नु असम्भव छ। उहाँको परीक्षामा उद्देश्य के थियो? यसबाट उहाँले पाप गर्न सक्नुहुन्छ भन्ने कुरा होइन, तर उहाँले पाप गर्न सक्नुहुन्न भन्ने कुरा देखाउनु थियो। किनभने पवित्र, पापरहित मानिस मात्र हाम्रा उद्धारकर्ता हुनु सुयोग्य थियो।

## ङ) लूका ४ः१४-३०ः उहाँको तयारीमा उहाँको शिक्षाको भूमिका

**लूका ४ः१४-१५ः** लूका ४ः१३ र १४ पदको बीचमा एक वर्षको अन्तराल परेको छ। यस अवधिभरि उहाँ यहूदियामा सेवारत हुनुहुन्थ्यो। यस सेवकाइको एकमात्र बयान हामीले यूहन्ना २-५ अध्यायमा पाउँछौं।

जब प्रभु येशू आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, तब उहाँको सार्वजनिक सेवकाइको दोस्रो वर्ष शुरु भयो। उहाँको कीर्ति वरिपरिको सारा इलाकाभरि फैलियो। उहाँले यहूदीहरूका सभाघरहरूमा शिक्षा दिनुभयो; यसकारण उहाँले सबै मानिसहरूबाट प्रशंसा पाउनुभयो।

**लूका ४ः१६-२१ः** आफ्नो बाल्यावस्था बिताउनुभएको नासरत शहरमा प्रभु येशू आफ्नो आदतअनुसार शनिवारको विश्रामदिनमा सभाघरमा जानुहुन्थ्यो। अरू दुईवटा कुराहरू नियमित रूपले गर्नु उहाँको आदत थियोः उहाँले प्रार्थना गर्नुहुन्थ्यो (लूका २२ः३९), र उहाँले अरू

मानिसहरूलाई शिक्षा दिनुहुन्थ्यो (मर्कूस १०:१)। एक दिनको कुरा होः उहाँ सभाघरमा उपस्थित हुनुभयो र उहाँ पुरानो नियमका पवित्र धर्मशास्त्रको कुनै खण्ड पढ़ेर सुनाउन खड़ा हुनुभयो। सभाघरको परिचारकको हातबाट उहाँलाई यशैयाको पुस्तकको मुठा दिइयो। प्रभु येशूले यो मुठा लिनुभयो र यशैया ६१ अध्याय खोल्नुभयो। उहाँले यस अध्यायको एक-दुई पद पढ्नुभयो। यस खण्डले ख्रीष्टको सेवकाइको वर्णन गर्छ भन्ने कुरा उहिलेदेखि सर्वमान्य थियो। यो खण्ड पढ्नुभएपछि उहाँले यसो भन्नुभयोः *'आज पवित्र धर्मशास्त्रको यो वचन तिमीहरूका कानमा पूरा भएको छ।'* यसो गरेर उहाँले 'इस्राएलीहरूको ख्रीष्ट म नै हुँ' भन्ने कुरा सफासँग भन्नुभयो। योभन्दा अझ स्पष्टसँग भन्नु असम्भव थियो।

ख्रीष्टको बोलावटबाट कस्ता-कस्ता क्रान्तिकारी व्यवहारिक बुँदाहरू निक्ले, सो तपाईंले याद गर्नुहोला। मानिस जातिको लामो इतिहासमा उहिलेदेखि मानिसहरूलाई सताइरहेका ठूला-ठूला समस्याहरूसित व्यवहार गर्न उहाँ आउनुभयो।

**क)** *गरिबीः* उहाँ गरिबहरूलाई सुसमाचार प्रचार गर्न आउनुभयो।

**ख)** *शोकचिन्ताः* उहाँ मन भाँचिएकाहरूलाई निको पार्न आउनुभयो।

**ग)** *बन्धनः* उहाँ कैदीहरूलाई छुटकाराको घोषणा गर्न आउनुभयो।

**घ)** *दुःखकष्टः* उहाँ अन्धाहरूलाई दृष्टि-प्राप्तिको प्रचार गर्न आउनुभयो।

**ङ)** *अत्याचारः* उहाँ पेलिएकाहरूलाई छुटकारा दिन आउनुभयो।

छोटकरीमा भन्नु हो भने, उहाँ परमप्रभुको ग्रहणयोग्य वर्षको प्रचार गर्न आउनुभयो। यस ग्रहणयोग्य वर्षले एउटा नयाँ सुनौलो युगको उदय सङ्केत गर्छ, जुन सुनौलो युग यस संसारका पीरले सुस्केरा हालेका र शोकमा डुबेर रोइरहेका भीड़ैभीड़ मानिसहरूका निम्ति हुनेछ। हामीलाई सताउने जुनसुकै खराबीको नाम लिनुहोस्, उहाँ यो खराबी हल गर्ने उपाय

हुनुहुन्छ। यी खराबीहरूमा शारीरिक अर्थ लगाउनुहोस्, यी खराबीहरूमा आत्मिक अर्थ लगाउनुहोस्, जेजस्तो गरे पनि ख्रीष्ट येशू यी सबै खराबीहरू हल गर्ने सही जवाफ हुनुहुन्छ।

*'परमप्रभुको ग्रहणयोग्य वर्षको प्रचार गर्न उहाँले मलाई पठाउनुभएको हो'* भन्ने वाक्य पढ्नुभएपछि उहाँले धर्मशास्त्रको पठन बन्द गर्नुभयो। *'परमप्रभुको ग्रहणयोग्य वर्ष र हाम्रा परमेश्‍वरको बदला लिने दिनको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको हो'* भनेर उहाँले यशैयाको बाँकी शब्दहरू पनि पढ्न सक्नुहुनेथियो, तर उहाँले यसो गर्नुभएन। किनभने उहाँको पहिलो आगमनको उद्देश्य परमप्रभुको ग्रहणयोग्य वर्षको प्रचार गर्नु थियो। वर्तमान युग अनुग्रहको युग हो; कृपादृष्टिको समय र मुक्तिको दिन अहिले नै हो। उहाँको दोस्रो आगमनमा उहाँ यस पृथ्वीमा फर्केर आउनुहुनेछ; त्यस बेलामा उहाँले हाम्रा परमेश्‍वरको बदला लिने दिनको घोषणा गर्नुहुनेछ। ग्रहणयोग्य समय वर्षदिन, तर बदला लिने दिन केवल एक दिन हुनेछ भन्ने कुरा तपाईंले ख्याल गर्नुहोला।

**लूका ४ः२२ः** कुरा स्पष्ट छः यी मानिसहरू निक्कै प्रभावित भए। उहाँका अनुग्रहले पूर्ण वचनहरूद्वारा प्रभावित भई तिनीहरूले उहाँको विषयमा असल मात्र बोले। तिनीहरूका निम्ति एउटा रहस्य रहेको थियोः सिकर्मी यूसुफको यी छोराको यत्रो बौधिक विकास कसरी भयो, कसरी ?

**लूका ४ः२३ः** उहाँको लोकप्रियता कति फ्यात्लो रहेछ, सो प्रभु येशूलाई थाहा थियो; किनभने उहाँको व्यक्तिगत विशेषता, योग्यता वा वास्तविकतामा कसैले कुनै गुण देख्दैनथियो, त्यसमा कुनै चासो देखाउँदैनथियो। तिनीहरूका निम्ति उहाँ आफ्नो गाउँले केटा मात्र हुनुहुन्थ्यो, जसले कपर्नहुममा निक्कै विकाश गरेको थियो। तिनीहरूले उहाँलाई 'हे वैद्य, आफूलाई निको पार!' भन्ने उखान भन्नेछन्, सो कुरा उहाँलाई अगाड़िबाट थाहा थियो। यस उखानको साधारण अर्थ यस प्रकारको थियोः 'तिमीले अरूका निम्ति गरेको काम आफ्नो निम्ति पनि गर! तिमीले अरू मानिसहरूलाई निको पाऱ्यौ; तब आफूलाई किन निको पार्दैनौ त?' तर यहाँ, यस ठाउँमा यस उखानको अर्थ निम्न शब्दहरू-अनुसार अलिकति बेग्लै छ, जस्तैः *'कपर्नहुममा जे-जे गरिएका हामीले*

*सुनेका छौं, ती कुराहरू यहाँ आफ्नो नासरत देशमा पनि गरिहाल!'* तिनीहरूले यसो भनेर उहाँलाई निन्दात्मक चुनौती दिए: 'अरू ठाउँहरूमा गरेजस्तै नासरतमा पनि अचम्मका कामहरू देखाऊ र आफूलाई हाँसोको पात्र हुनुदेखि बचाऊ!'

**लूका ४:२४-२७:** प्रभुको उत्तरमा हामीले मानिस-मानिसको बीचको व्यवहारमा एउटा गहन समस्या देख्छौं: आफ्नो छरछिमेकमा महान् व्यक्तिहरूको इज्जत हुँदैन। त्यसपछि उहाँले पुरानो नियमको समयका दुईवटा घटनाहरू प्रस्तुत गर्नुभयो, जुन घटनाहरूमा परमेश्वरका भविष्यवक्ताहरूले इस्राएलीहरूबाट कुनै आदर पाउँदैनथिए र यही कारणले अन्यजातिहरूकहाँ पठाइएका थिए। एक समयमा, इस्राएल देशमा अनिकाल परेको थियो; तर एलिया यहूदी विधवाहरूमध्ये कुनै एउटीकहाँ पठाइएनन्, यद्यपि यस्ता विधवाहरू प्रशस्त थिए। तर तिनी सिडोनकी एउटी विधवाकहाँ पठाइए, जो अन्यजाति थिई। भविष्यवक्ता एलिशाको समयमा इस्राएल देशमा कोरीहरू प्रशस्त थिए; तर उनी तिनीहरूकहाँ पठाइएनन्। अन्यजाति नामान उनीकहाँ आए र निको भए; तिनी सिरियाको सेनापति थिए। अब येशूका यी शब्दहरूको प्रभाव कल्पना गर्नुहोस्! तिनीहरूको दृष्टिमा स्त्रीहरू, अन्यजातिका मानिसहरू र कोरीहरू यहूदी समाजमा सबैभन्दा निम्न स्तरका, तुच्छ मानिएका मानिसहरू थिए। तर यी तुच्छ मानिएका तीन किसिमका मानिसहरूको स्तर प्रभु येशूको नजरमा आफ्नो अविश्वासमा अडिग रहेका यी यहूदीहरूको भन्दा उच्च थियो। पुरानो नियमको यो शर्मलाग्दो इतिहास येशूको सामु अहिले फेरि एकपल्ट दोहोरिएको थियो। उहाँले देखाउनुभएका अचम्मका कामहरूले यसमा कुनै भिन्नता ल्याउन सकेनन्। नासरतका मानिसहरूले मात्र होइन, तर सारा इस्राएली जातिले उहाँलाई तिरस्कार गर्नेथियो। यसकारण एलिया र एलिशाले गरेजस्तै उहाँ अन्यजातिहरूकहाँ फर्कनुहुनेछ।

**लूका ४:२८:** नासरतका मानिसहरूले उहाँले यहाँ भन्नुभएको कुरा राम्ररी बुझे। अन्यजातिका मानिसहरूलाई दया देखाइदिने उहाँको यस सङ्केतमा तिनीहरू रिसले चूर भए।

यस सन्दर्भमा बिशप राइलले टिप्पणी गरेर यसो भनेका छन्ः

> ‘मानिसहरूले परमेश्वरको सर्वाधिकारको शिक्षा तिक्त घृणाले हेला गर्छन्-गर्छन्, जुन प्रकारको शिक्षा ख्रीष्ट येशूले भर्खर यहाँ प्रस्तुत गर्नुभयो। परमेश्वरलाई तिनीहरूको बीचमा अचम्मका कामहरू गर्नुपर्ने कुनचाहिँ बाध्यता परेको छ?’ 12)

**लूका ४ः२९-३०ः** यी मानिसहरूले उहाँलाई शहरदेखि बाहिर डाँड़ाको डिलसम्म घचेटे; तिनीहरूले उहाँलाई त्यस पहरादेखि तल फ्याँक्न खोजिरहेका थिए। निस्सन्देह, शैतानले तिनीहरूलाई यसो गर्न सुस्र्याएको हो; योचाहिँ राजकीय उत्तराधिकारीलाई नष्ट गर्ने त्यसको अर्को प्रयास थियो। तर अचम्म, प्रभु येशू यस भीड़को बीचबाट भएर जानुभयो र उहाँले यो शहर छोड़्नुभयो। उहाँका शत्रुहरूले उहाँलाई रोक्न सकेनन्। तिनीहरूको शक्ति पुगेन। हाम्रो जानकारीअनुसार उहाँ नासरतमा फेरि कहिल्यै फर्केर आउनुभएन।

# खण्ड ४) लूका ४ः३१-५ः२६ः मानिसको पुत्रको शक्तिको प्रदर्शन

## क) लूका ४ः३१-३७ः अशुद्ध आत्मामाथि उहाँको अधिकार

**लूका ४ः३१-३४ः** नासरतको हानि कपर्नहुमको लाभ भयो। येशूको शिक्षा अधिकारसित थियो; त्यो कुरा कपर्नहुमका मानिसहरूले मान्नुपर्‍यो। उहाँका घतलाग्दा शब्दहरूमा कायल पार्ने शक्ति थियो। लूका ४ः३१-४१ पदको खण्डमा लेखिएको घटना प्रभु येशूको जीवनका धेरै

विश्रामदिनहरूका निम्ति एउटा नमुना हो। यस खण्डमा उहाँ दुष्ट आत्माहरू र सबै रोगबिमारहरूमाथि अधिकार भएका मालिकको रूपमा प्रकट हुनुभएको छ। यस दिनमा पहिले उहाँ सभाघरमा जानुभयो, र त्यहाँ उहाँले अशुद्ध आत्मा लागेको मानिसलाई भेट्नुभयो। दुष्ट आत्माहरू अशुद्ध आत्मा हुन्। ती आत्माहरू अशुद्ध छन्, र तिनीहरूको पक्राउमा परेका मानिसहरूको जीवन अशुद्ध तुल्याउँछन्। दुष्ट आत्माको बाधा लाग्न सक्छ भन्ने कुरा प्रमाणित गर्न यो खण्ड साक्षी बसेको छ। शुरुमा 'हामीलाई छोड़िदिनुहोस्' भन्ने डरत्रासको चिच्च्याहट सुनियो। त्यसपछि दुष्ट आत्मा आफूले जानेको-बुझेको कुरा प्रकट गर्‍यो: नासरतको येशू परमेश्वरको पवित्र जन हुनुहुन्थ्यो, जसले अन्तमा शैतानका सेनाहरू नाश गर्नुहुनेछ।

**लूका ४:३५:** येशूले त्यस दुष्ट आत्मालाई एकैचोटि दुईवटा आज्ञा गर्नुभयो: 'चुप लाग् र त्यसबाट निस्की!' अनि त्यस दुष्ट आत्माले त्यही गर्‍यो: त्यसले त्यस मानिसलाई भुइँमा पछार्‍यो र त्यसलाई कुनै चोटपटक नलगाएर त्यसबाट निस्क्यो।

**लूका ४:३६-३७:** सबै मानिसहरू छक्क परे। येशूका शब्दहरूमा केको शक्ति थियो, कि यी अशुद्ध आत्माहरूले उहाँको आज्ञा मानिहाल्छन्? उहाँ अधिकार र शक्तिको साथ बोल्नुहुन्थ्यो; यसको रहस्य केमा थियो? यस घटनाले गर्दा उहाँको कीर्ति वरिपरिको इलाकाको हरेक ठाउँमा फैलिनु स्वभाविक कुरा थियो।

प्रभु येशूले मानिसहरूलाई शारीरिक चङ्गाइ दिनलाई गर्नुभएका शक्तिका कामहरूले उहाँले उस्तै प्रकारले आत्मिक क्षेत्रमा पनि गर्नुहुने अचम्मका कामहरू सङ्केत गर्छन्। लूकाको सुसमाचारको वृत्तान्तमा निम्न अचम्मका कामहरू यसका निम्ति उदाहरण हुन्; किनभने ती अचम्मका कामहरूमा आत्मिक पाठहरू सिकाइएका छन्, जस्तै:

**क)** *लूका ४:३१-३७:* उहाँले अशुद्ध आत्माहरू निकाल्नुभयो। उहाँले हामीलाई पापको सबै फोहोर, अश्लीलता, व्यभिचार र सारा अशुद्धताबाट शुद्ध पार्नुहुन्छ।

**ख)** *लूका ४ः३८-३९ः* उहाँले पत्रुसकी सासूलाई ज्वरोबाट निको पार्नुभयो। उहाँले हामीलाई पापको अशान्ति र दुर्बलताबाट मुक्त गर्नुहुन्छ।

**ग)** *लूका ५ः१२-१६ः* उहाँले कोरीलाई शुद्ध पार्नुभयो। उहाँले हामीलाई पापको घिनलाग्दो अवस्था र निराशाबाट उठाउनुहुन्छ (यस सन्दर्भमा लूका १७ः११-१९ पनि हेर्नुहोला)।

**घ)** *लूका ५ः१७-२६ः* उहाँले पक्षाघात लागेको मानिसलाई निको पार्नुभयो। उहाँले हामीलाई पापको पक्षाघातबाट छुटकारा दिएर हामीलाई परमेश्वरको सेवा गर्ने शक्ति दिनुहुन्छ।

**ङ)** *लूका ७ः११-१७ः* उहाँले विधवाको छोरालाई मरेको अवस्थाबाट बौराएर उठाउनुभयो। (यस सन्दर्भमा लूका ८ः४९-५६ पनि हेर्नुहोला)। पापी मानिसहरू आफ्ना पाप र अधर्महरूमा मरेका छन्। तिनीहरूलाई जीवनको आवश्यकता पर्छ, जुन जीवन ख्रीष्टमा छ। यसको प्रमाण यहाँ छ।

**च)** *लूका ८ः२२-२५ः* उहाँले आँधी शान्त पार्नुभयो। ख्रीष्ट येशूले आफ्ना चेलाहरूको जीवनमा चल्ने आँधीबेह्रीहरू शान्त पार्नुहुन्छ।

**छ)** *लूका ८ः२६-३९ः* उहाँले दुष्ट आत्माहरूको फौज निकाल्नुभयो। शैतानले मानिसहरूमा उग्रता, अत्याचार र हिंसा, साथै व्याकुलता, डरत्रास र पागलपन उब्जाउँछ। पापले मानिसहरूलाई आफ्नो सभ्य र सज्जन समाजबाट वञ्चित गराउँछ। तर प्रभु येशूले मानिसमा होश, सज्जनता, सलज्जता, सुशीलता र मानसिक सन्तुलन सृजना गर्नुहुन्छ र मानिसलाई आफ्नो सङ्गतिमा ग्रहण गर्नुहुन्छ।

**ज)** *लूका ८ः४३-४८ः* उहाँले रगत बग्ने स्त्रीलाई निको पार्नुभयो। पापले मानिसलाई जुकाले चुसेजस्तै उसमा आत्मिक गरिबी ल्याउँछ र मानिसमा उदासीपन, निराशा, आत्महत्या गर्ने इच्छा र विभिन्न मानसिक रोगहरू पैदा गर्छ।

**झ)** *लूका ९:१०-१७:* उहाँले पाँच हजार मानिसहरूलाई खुवाउनुभयो। पापी संसारका मानिसहरूलाई परमेश्वरको जीवनको रोटीको भोक लागेको छ। अनि ख्रीष्ट येशूले आफ्ना चेलाहरूमार्फत तिनीहरूलाई तृप्त पार्नुहुन्छ। जीवन, भरपूर जीवन ख्रीष्टमा छ।

**ञ)** *लूका ९:३७-४३[क]:* उहाँले एकजना मानिसको दुष्ट आत्मा लागेको छोरालाई निको पार्नुभयो। शैतानको क्रूरता, उपद्रव, बलमिचाइ, बलात्कार र बन्धनहरू धेरै छन्; तर ख्रीष्ट येशूमा शैतानभन्दा ठूलो शक्ति छ; उहाँमा पूरा छुटकारा र पूरा चङ्गाइ छ।

**ट)** *लूका १३:१०-१७:* उहाँले कुप्री स्त्रीबाट दुर्बलताको आत्मा निकाल्नुभयो। पापले मानिसमा कुरूप ल्याउँछ र उसलाई अपाङ्ग तुल्याउँछ। तर येशूको स्पर्शले पूरा स्वाथ्र्य र सुन्दरता दिन्छ।

**ठ)** *लूका १४:१-६:* उहाँले जलोदरको रोगीलाई निको पार्नुभयो। पापले बेचैनी, पीड़ा, कष्ट उत्पन्न गर्छ र मानिसलाई नाश हुने खतरामा पार्छ; तर येशूमा शान्ति, सान्त्वना, आनन्द, सुरक्षा र अनन्त जीवन छ, अँ, अनगिन्ती आशिषहरू छन्।

**ड)** *लूका १८:३५-४३:* उहाँले अन्धा बर्तिमैलाई निको पार्नुभयो। पापले मानिसहरूलाई तिनीहरूले अनन्त तथ्य र अवस्थाहरू नदेखून् भन्ने हेतुले अन्धा तुल्याइदिन्छ। तर ख्रीष्ट येशूमा नयाँ जन्मले हाम्रा आँखाहरू खोलिदिन्छ।

## ख) लूका ४:३८-३९: ज्वरोमाथि उहाँको अधिकार

अब सभाघरबाट उठेर येशू शिमोनको घरमा बिरामीलाई हेर्न आउनुभयो; किनकि शिमोन पत्रुसकी सासू निस्लोट ज्वरोले थलिएकी थिइन्। प्रभु येशूले ज्वरोलाई हकार्नेबित्तिकै ज्वरोले तिनलाई छोड़िहाल्यो। तिनको चङ्गाइ तत्कालै थियो, र पूर्ण थियो; किनभने तिनी उठेर पाहुनाहरूको सेवाटहल गर्न लागिन्। अरू बेलामा हुनु हो भने, ज्वरोले मानिसलाई कमजोर र शिथिल पार्छ।

पूजाहारीपदमा रहेर सेवा गर्नेहरू अविवाहित हुनुपर्छ भन्ने शिक्षाको पक्ष लिनेहरूले यहाँ, यस ठाउँमा ध्यान दिनुपर्छः हेर्नुहोस्, शिमोन पत्रुसको विवाह भएको थियो।

## ग) लूका ४ः४०-४१ः रोगहरू र दुष्ट आत्माहरूमाथि उहाँको अधिकार

**लूका ४ः४०ः** त्यो विश्रामदिन सक्न लागेको थियो, अनि मानिसहरू कुनै काम गर्न नपाउने विश्रामदिनको प्रतिबन्धदेखि मुक्त भए। यसकारण तिनीहरूले अहिले ठूलो सङ्ख्यामा बिरामीहरूलाई र दुष्ट आत्मा लागेकाहरूलाई उहाँकहाँ ल्याए। अनि कोही पनि व्यर्थ आएन। उहाँले सबै बिरामीहरूलाई निको पार्नुभयो र सबै दुष्ट आत्माहरू निकालिदिनुभयो। प्रभु येशूले तिनीहरूमध्ये हरेकलाई निको पार्नुभयो।

वर्तमान समयको कुरा गरौंः विश्वासको भरमा निको पार्ने चङ्गाइदाताहरू धेरै छन्, जसले अघिबाट आफ्नो सेवकाइद्वारा निको हुनेहरूलाई छानी-छानी आफ्ना अचम्मका कामहरू यी विशेष व्यक्तिहरूमा सीमित राख्छन्; यो के हो ?

**लूका ४ः४१ः** निकालिन लागेका यी दुष्ट आत्माहरूले येशूलाई उहाँ परमेश्वरको पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनेर चिन्थे र उहाँलाई स्वीकार गर्थे। तर उहाँले यी दुष्ट आत्माहरूको यो गवाही ग्रहण गर्नुभएन। तिनीहरू चुप लाग्नुपरेको थियो। उहाँ परमेश्वरको अभिषिक्त ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा तिनीहरूले जान्दथिए। तर परमेश्वरलाई तिनीहरूको गवाही के खाँचो पर्थ्यो र? यो कुरा प्रचारप्रसार गर्न उहाँसँग ती दुष्ट आत्माहरूभन्दा उत्तम हातहतियार र साधनहरू थिए।

## घ) लूका ४ः४२-४४ः चारैतिर सुसमाचार प्रचारको काम गर्ने उहाँको अधिकार

भोलिपल्ट प्रभु येशू कपर्नहुमको नजिकै भएको एउटा सुनसान ठाउँमा जानुभयो। अनि भीड़ मानिसहरूले उहाँलाई धुँइपत्ता गरी खोजे र

भेट्टाए। तिनीहरूले उहाँलाई 'हामीलाई छोड़ेर नजानुहोला' भनेर अनुरोध गरे। तर उहाँले तिनीहरूलाई सम्झाएर भन्नुभयोः 'मैले गालीलका अरू शहरहरूमा पनि काम गर्नुपर्छ।' यसकारण उहाँ एक सभाघरदेखि अर्को सभाघरसम्म जानुभयो, र परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्नुभयो। प्रभु येशू परमेश्वरको राज्यको राजा हुनुहुन्थ्यो। अनि उहाँले तिनीहरूमाथि राज्य गर्न चाहनुभयो। तर पहिले तिनीहरूले पश्चात्ताप गर्नुपर्छ। उहाँले आफ्ना पापहरूमा लीन भएका मानिसहरूमाथि राज्य गर्नुहुनेछैन। यो तिनीहरूको समस्या थियो; किनभने तिनीहरूले आफ्ना राजनीतिक समस्याहरूबाट छुटकारा पाउन खोजेका थिए, तर उहाँले तिनीहरूलाई तिनीहरूका पापहरूबाट बचाउनु – अहँ, तिनीहरू राजी थिएनन्।

## ङ) लूका ५ः१-११ः मानिसहरूलाई चेला-तालिमको बोलावट दिने उहाँको अधिकार

पत्रुसको बोलावटको साधारण वर्णनबाट हामीले सिक्नुपर्ने कतिपय महत्त्वपूर्ण पाठहरू देखा पर्छन्, जस्तैः

**क)** प्रभु येशूले पत्रुसको डुङ्गा प्रचार गर्ने मञ्चको रूपमा प्रयोग गर्नुभयो, जहाँबाट उहाँले मानिसहरूको भीड़लाई शिक्षा दिनुभयो। हामीले आफ्नो चल-अचल सम्पत्तिहरू मुक्तिदाता प्रभुलाई समर्पण गर्‍यौं भने उहाँले ती कुराहरू अद्‌भुत रीतिले प्रयोग गर्नुहुन्छ, र हामीलाई यसका निम्ति इनाम दिनुहुनेछ।

**ख)** पत्रुस र तिनका सहकर्मीहरूले बितेको रातभरि माछा मारेर एउटा माछा पनि पक्रेका थिएनन्। तर प्रभु येशू अहिले पत्रुसलाई थुप्रै माछाहरू पक्रने सही जग्गा देखाउनुभयो। सर्वज्ञानी प्रभुलाई माछाहरूले चलहल गर्ने त्यो ठाउँ थाहा थियो। आफ्नो बुद्धि र शक्तिमा भर पर्ने सेवकाइ असफल हुन्छ। ख्रीष्ट येशूका निम्ति गरिने सेवा र काममा हामीलाई उहाँको अगुवाइको खाँचो पर्छ। सफलताको रहस्य यसैमा छ।

**ग)** पत्रुस एक अनुभावी मछुवा थिए; तर तिनले सिकर्मीको छोराबाट अर्ती ग्रहण गरे र उहाँको सल्लाह माने। फलस्वरूप तिनीहरूका जालहरू

माछाहरूले भरिए। *'... तैपनि तपाईंले भन्नुभएकोले म जाल हाल्नेछु।'* नम्रतामा, शिक्षालाभ हुने तयारीमा र विवादविनाको आज्ञापालनमा ठूलो महत्त्व छ।

**घ)** 'गहिराइमा जाऊ!' गहिरो पानीमा जालहरू फाट्ने गरी माछाहरूले भरिए। यसर्थ हामीले आत्मिक सागरको किनारलाई किन अँगालिराखौं, र आफ्नो जीवनरूपी जहाज समर्पणको ज्वारको उच्च छालमा किन नउतारौं? विश्वासको गहिराइ छँदैछ। ठीक त्यस्तै दुःख, शोक र हानिको गहिराइ पनि हुन्छ। यी प्रकारका गहिराइहरूमा हाम्रा जालहरू फलवन्त हुने सफलताले भरिनेछन्।

**ङ)** तिनीहरूको जाल फाट्ने थाल्यो र तिनीहरूका डुङ्गाहरू डुब्न लागे (लूका ५:६-७)। ख्रीष्ट येशूको निर्देशनअनुसार गरेको सेवकाइमा समस्याहरू आउन त आउँछन्, तर यस प्रकारका समस्याहरू कति आनन्ददायक हुन्छन्! यस किसिमका समस्याहरूद्वारा सच्चा जलाहारीको हृदय आनन्दले पुलकित हुन्छ।

**च)** प्रभु येशूको महिमापूर्ण यस भेटघाटले पत्रुसलाई यहाँसम्म प्रभावित पार्‍यो, कि तिनले आफ्नो अयोग्यता महसुस गरे र यस भावले तिनी छोपिए। यशैयाको अनुभव पनि यस्तै थियो (यशैया ६:५)। जसका आँखाहरूले राजालाई आफ्नो सुन्दरतामा देखेका छन्, उनीहरू सबैको अनुभव यस्तै हो।

**छ)** जुन बेलामा प्रभु येशूले पत्रुसलाई मानिसहरूको जलाहारी हुने बोलावट दिनुभयो, त्यस बेलामा तिनी आफ्नो पेशागत काममा संलग्न भएका थिए। के तपाईंले परमेश्वरको मार्गदर्शन खोज्दै हुनुहुन्छ? तब आफ्नो काममा व्यस्त रहनुहोस्! अनि तपाईं जे काम गर्नुहुन्छ, त्यो काम तनमनले गर्नुहोस्! त्यो काम प्रभुका निम्ति गर्नुहोस्! पतवारले चलि-रहेको पानीजहाजलाई मात्र दायाँ-बायाँतिर मोड्न सक्छ; ठीक त्यस्तै परमेश्वरले मानिसहरूलाई तब अगुवाइ गर्नुहुन्छ, जब तिनीहरू काममा व्यस्त रहन्छन्।

**ज)** मछुवा हुनुदेखि मानिसहरूलाई पक्राइदिने जलाहारी बन्ने पत्रुसका निम्ति ख्रीष्ट येशूको बोलावट थियो। अथवा अझै पनि अक्षरशः शब्दले

भन्नु हो भने, 'तिमीले मानिसहरूलाई जिउँदै पक्रनेछौ।' ख्रीष्टका निम्ति अनन्त-अनन्तसम्म जितेको एउटा आत्माको तुलनामा समुद्रभरिका सबै माछाहरू केही पनि होइनन्। अनि अमूल्य आत्माहरू जित्ने यो अद्वितीय, अतुलनीय सौभाग्य पत्रुसको हुने भयो।

**झ)** पत्रुस, याकूब र यूहन्ना – यी तीनजनाले आफ्ना डुङ्गाहरू किनारमा ल्याएपछि यी सबै थोकहरू त्यागे, र यिनीहरूको मछुवा हुने जीवनको सबैभन्दा राम्रो कमाइ भएको दिनमा यिनीहरू उहाँको पछि लागे। अनि यिनीहरूले यस निर्णयका निम्ति आफ्नो सारा जीवन-निर्वाह बाजीमा हाल्नुपरेको थियो। तर यिनीहरूले आफ्ना डुङ्गाहरूमा रहने निर्णय गरेका भए सायदै हामीले यिनीहरूको विषयमा फेरि कहिल्यै सुन्नेथिएनौं होला।

## च) लूका ५ः१२-१६ः कोरमाथि उहाँको अधिकार

**लूका ५ः१२ः** लूका वैद्य भएका हुनाले यहाँ यस मानिसको कोर जीउभरि भएको विशेष टिपन गर्छन्। त्यस मानिसको कोर-रोग धेरै छिपिसकेको हुनाले मानिसको दृष्टिमा त्यसको अवस्था आशाहीन थियो। तर यस कोरीको विश्वास प्रशंसनीय छ; किनकि त्यसले यसो भन्योः '... *तपाईंले मलाई शुद्ध पार्न सक्नुहुन्छ।'* यस संसारको अरू कुनचाहिँ मानिसको विषयमा यसो भन्न सकिन्थ्यो? तर प्रभु येशूको शक्तिमा त्यसको भरोसा अटल थियो। जब त्यसले *'तपाईंले इच्छा गर्नुभयो भने ...'* भन्यो, तब त्यसले कुन्नि येशू इच्छुक हुनुहुन्छ कि हुनुहुन्न, सो विषयमा आफ्नो शङ्का प्रकट गरेन, तर त्यसले यहाँ विन्ती चढ़ाउने प्रार्थीको ठाउँ ओगटेर आफूलाई पूरा रूपले प्रभुको असीम कृपा र अनुग्रहको हातमा राखिछोड्यो; किनभने त्यसको निको हुने कुनै हक थिएन।

**लूका ५ः१३ः** कोरीलाई छुनु स्वास्थ्यको हिसाबले खतरा थियो, धर्मको दृष्टिकोणले आफूलाई अशुद्ध पार्ने काम थियो र समाजिक दृष्टिले अपमानित कुरा थियो। तर मुक्तिदाता प्रभु अशुद्ध कहाँ हुनुभयो!! होइन नि! बरु त्यस कोरीको शरीरमाथि चङ्गाइ र स्वास्थ्यको तरङ्ग पो

उर्लिरहेको थियो। त्यसको रोगको चङ्गाइ बिस्तार-बिस्तारै भएन; होइन, तुरुन्तै त्यसबाट कोर हटिगयो। त्यस आशाहीन, सहाराहीन कोरीलाई छिनभरमै आफू सम्पूर्ण तवरले निको भएको क्षणमा कस्तो लाग्यो? विचार गर्नुहोस्!

**लूका ५:१४:** यस चङ्गाइको विषयमा 'कसैलाई नभन!' भनेर येशूले त्यसलाई आज्ञा गर्नुभयो। मुक्तिदाता प्रभुले कुतूहली मानिसहरूको भीड़ भेला भएको वा जनतामा उहाँलाई राजा तुल्याउने आन्दोलन मच्चिएको चाहनुभएन। तर यसको ठीक उल्टो प्रभु येशूले त्यसलाई आज्ञा गर्नुभयो: 'जाऊ, आफूलाई पूजाहारीकहाँ देखाऊ र आफ्नो शुद्धिका निम्ति मोशाले आज्ञा गरेअनुसारको भेटी चढ़ाऊ!' (लेवी १४:४)। कोरीको शुद्धी-करणको यस भेटीको एक-एक थोकले ख्रीष्ट येशूको विषयमा केही न केही सङ्केतात्मक कुरा गर्छ। अनि पूजाहारीचाहिँ – तिनले कोरीलाई ऊ निको भएको-नभएको जाँच्नुपरेको थियो। पूजाहारीले कोरीलाई निको पार्न सक्दैनथिए, र निको पार्नुपर्दैनथियो, तर उसलाई जाँचेर निको भएको घोषणा गर्नुपरेको थियो। एकजना कोरी निको भएको विरलै देखिन्थ्यो। अनि निश्चय यहाँको पूजाहारीले आफ्नो जीवनमा कहिल्यै एकजना कोरीलाई निको भएको देखेका थिएनन्। तिनका निम्ति त्यो कोरी निको भएको दृश्य अजिब, अपूर्व भएको थियो। यसबाट ख्रीष्ट बल्ल आउनुभएको हो भन्ने कुरा तिनले निश्चित रूपले जान्नु र बुझ्नुपरेको थियो। यो कुरा सबै पूजाहारीहरूका निम्ति एउटा पक्का साक्षी थियो। तर तिनीहरूको अविश्वासले तिनीहरूका हृदयहरू अन्धा तुल्याएको थियो।

**लूका ५:१५-१६:** प्रभु येशूका कसैलाई नभन्ने आदेशहरूले यस अचम्मको कामको समाचार फैलनुदेखि रोक्न सकेनन्। यस घटनाको खबर चारैतिर फैलिगयो, र ठूला-ठूला भीड़हरू वचन सुन्न र निको हुन भेला भए।

प्रभु येशू घरिघरि उजाड़ ठाउँहरूहुँदो प्रार्थनामा केही समय बिताउन अलग हुनुहुन्थ्यो। हाम्रा मुक्तिदाता प्रार्थना गर्ने मानिस हुनुहुन्थ्यो। अनि उहाँको प्रार्थनाको जीवनको विषयमा अरू सुसमाचारका पुस्तकहरूमा

भन्दा हामीलाई बढ़ी जानकारी दिनु यस सुसमाचारको वृत्तान्तलाई सुहाउँछ, जुन वृत्तान्तले उहाँलाई मानिसको पुत्रको रूपमा पेश गर्छ।

## छ) लूका ५ः१७-२६ः पक्षाघातमाथि उहाँको अधिकार

**लूका ५ः१७ः** प्रभु येशूको सेवकाइको विषयमा समाचार जति फैलिँदै गयो, त्यत्ति नै फरिसी र व्यवस्थाका गुरुहरूले उहाँसित दुस्मनी गर्न थाले। यहाँ हामी तिनीहरूलाई येशूमा कतै कुनै निहुँ पाऔं र उहाँलाई दोष लगराऔं भन्ने हेतुले गालीलमा भेला भएका देख्छौं। प्रभुको निको पार्ने शक्ति त्यहाँ हाजिर थियो। वास्तवमा प्रभु येशूसँग निको पार्ने शक्ति सधैं हुन्थ्यो; तर निको पार्ने परिस्थिति सधैं मिलेन। नासरत यसको उदाहरण होः मानिसहरूको अविश्वासले गर्दा उहाँले त्यहाँ धेरै शक्तिका कामहरू गर्नुभएन (मत्ती १३ः५८)।

**लूका ५ः१८-१९ः** त्यस दिनमा कुरा यस्तो भयोः चारजना मानिसहरूले पक्षाघात भएको मानिसलाई ओछ्यानमा बोकेर प्रभु येशूले शिक्षा दिनुभएको घरमा ल्याउँदैथिए; तर भीड़को कारणले तिनीहरू उहाँको नजिकै पुग्न सकेनन्। यसकारण तिनीहरू घरबाहिरबाट छतमा पुग्ने सिँड़ीमा चढ़े र त्यस घरको कौसीमा पुगे। त्यसपछि छानाका केही झिँगटीहरू निकालेर तिनीहरूले त्यस बिरामीलाई ओछ्यानसित छतको त्यस भ्वाङबाट ओरालिदिए।

**लूका ५ः२०-२१ः** प्रभु येशूले तिनीहरूको विश्वास देख्नुभयो, जुन विश्वासले तिनीहरूलाई यति दुःख गरेर प्रभुको सहायताको खाँचो परेको त्यस बिरामीलाई उहाँकहाँ ल्याउने प्रेरणा दियो। जब उहाँले ती चारजनाको र त्यस बिरामीको विश्वास देख्नुभयो, तब उहाँले त्यस पक्षाघातको बिरामीलाई यसो भन्नुभयोः *'हे मानिस, तिम्रा पापहरू तिमीलाई क्षमा भए।'* अघि कहिल्यै यस्ता शब्दहरू सुनिएका थिएनन्। यी शब्दहरूले शास्त्री र फरिसीहरूलाई उस्काए। तिनीहरूलाई थाहा थियोः परमेश्वरले पापहरू क्षमा गर्नुहुन्छ; अनि उहाँलाई छोड़ेर अरू कसैले पनि पापहरू क्षमा गर्न सक्दैन। अनि येशू परमेश्वर हुनुहुन्छ भन्ने

कुरा तिनीहरू कुनै हालतमा पनि स्वीकार गर्न राजी थिएनन्; यसकारण तिनीहरूले उहाँलाई ईश्वर-निन्दा गरेको आरोप लगाइदिए।

**लूका ५ः२२-२३ः** अबचाहिँ प्रभु येशूले आफूसँग त्यस मानिसका पापहरू क्षमा गर्ने अधिकार छ भन्ने कुराको स्पष्ट प्रमाण दिन लाग्नुभयो। पहिले उहाँले तिनीहरूलाई यो प्रश्न सोध्नुभयोः *' "तिम्रा पापहरू तिमीलाई क्षमा भए" भन्नु कि "उठ र हिँड़" भन्नु – कुनचाहिँ सजिलो छ ?'* एक प्रकारले, यी दुईवटा कुराहरू भन्नु सजिलो छ। तर गर्नुचाहिँ – यी दुईवटा कुराहरू गर्नु मानिसलाई असम्भव छ। यहाँ भन्न चाहिएको कुरा यस प्रकारको छः खास गरी 'तिम्रा पापहरू क्षमा भए' भन्नु सजिलो थियो; किनभने यी पापहरू क्षमा भए कि भएनन् – कसले पो देख्छ र ? तर त्यस बिरामीलाई 'उठ र हिँड़' भनेपछि त्यो बिरामी निको भएको-नभएको कुरा प्रत्यक्ष रूपले देखिन्छ।

यी फरिसीहरूले त्यस मानिसका पापहरू क्षमा भएको कुरा देख्न सकेनन्; यसैले तिनीहरूले विश्वास गरेनन्। यसकारण प्रभु येशूले प्रमाण-स्वरूप एउटा अचम्मको काम गर्न लाग्नुभयो, जुन अचम्मको काम तिनीहरूले देख्न सक्नेथिए र उहाँसँग साँच्चै पापहरूको क्षमा दिने अधिकार हुँदो रहेछ भन्ने कुरा पत्याउन सक्नेथिए। उहाँले त्यस पक्षाघातको बिरामीलाई हिँड्ने शक्ति दिन लाग्नुभयो।

**लूका ५ः२४ः** यसैले उहाँले भन्नुभयोः *'तर मानिसको पुत्रलाई पृथ्वीमा पापहरू क्षमा गर्ने अधिकार छ भन्ने कुरा तिमीहरूलाई थाहा होस् !'* मानिसको पुत्र भन्ने शब्दले प्रभु येशूलाई सम्पूर्ण रूपले मानिस हुनुभएको रूपमा प्रस्तुत गर्छ। एक प्रकारले, हामी सबैजना आदमका सन्तानहरू हौं; तर मानिसको पुत्रको यस उपाधिले उहाँलाई यस संसारमा जिउने अरू सबै मानिसहरूबाट अलग पार्छ। उहाँ परमेश्वरको इच्छाअनुसारको मानिस हुनुहुन्थ्यो; उहाँ नैतिक हिसाबले सिद्ध मानिस हुनुहुन्थ्यो। उहाँ पापी मानिसहरूको त्राणका निम्ति दुःख भोग्ने र रगत बगाइदिने, आफ्नो प्राण दिने मानिस हुनुहुन्थ्यो। उहाँ विश्वको सर्वाधिकार पाएको सर्वोच्च मानिस हुनुहुन्थ्यो।

**लूका ५:२५:** उहाँले पक्षाघातको बिरामीलाई भन्नुभयोः *'म तिमीलाई आज्ञा गर्छुः उठ, आफ्नो ओछ्यान उठाऊ र घर जाऊ !'* उहाँको आज्ञा मानेर त्यो पक्षाघातको बिरामी उठ्यो । त्यसले आफ्नो चटाईरूपी ओछ्यान उठायो र परमेश्वरलाई महिमा दिँदै घर गयो ।

**लूका ५:२६:** भीड़का मानिसहरू सबै छक्कैछक परे । तिनीहरूले पनि परमेश्वरलाई महिमा दिए; किनभने तिनीहरूले त्यस दिनमा पापको क्षमाको घोषणा र पापको क्षमा पाएको प्रमाण-स्वरूप देखाइएको त्यस आश्चर्यकर्ममा अजिब, अपूर्व कुराहरू देख्न सके ।

# खण्ड ५) लूका ५:२७-६:४९: मानिसको पुत्रले आफ्नो सेवकाइको अर्थ खोल्नुहुन्छ

## क) लूका ५:२७-२८: लेवीको बोलावट

लेवी रोमी सरकारका निम्ति महसूल उठाउने यहूदी मानिस थिए । यहूदी समाजमा महसूल उठाउनेहरूलाई घृणा गरिन्थ्यो; किनभने तिनीहरू

रोमीहरूको सहयोगी थिए, र प्रायः दुईनम्बरी काम गर्थे। त्यस दिनको कुरा होः लेवी करको अड्डामा आफ्नो काम गरिरहेका थिए, जब प्रभु येशू त्यहाँबाट भएर जानुभयो र तिनलाई *'मेरो पछि लाग'* भनेर उहाँको चेला हुने बोलावट दिनुभयो। अचम्म, यी लेवीले कति छिटो सबै कुराहरू छोड़े! तिनी उठे र उहाँको पछि लागे। विचार गर्नुहोस्ः यस साधारण निर्णयले कति ठूला नतिजाहरू निम्त्यायो? लेवी यी मत्ती हुन्, जसले पछि 'मत्तीको सुसमाचार' नामक पहिलो सुसमाचारको पुस्तक लेखे। उहाँको बोलावट मान्ने र उहाँलाई पछ्याउने तिनको इनाम यो हो।

## ख) लूका ५ः२९-३२ः मानिसको पुत्रले पापी मानिसहरूलाई बोलाउनुहुने कारण के हो?

**लूका ५ः२९-३०ः** कतिजनाको सुझाउअनुसार लेवीले यो ठूलो भोज लगाएका तीनवटा कारण थिए। यसरी नै तिनले प्रभु येशूलाई सम्मान दिन चाहे, उहाँसितको नयाँ सम्बन्ध खुला रूपले स्वीकार गर्न खोजे र आफ्ना साथीहरूलाई येशूको परिचय दिने इच्छा गरे। यहूदीहरूले प्रायः महसूल उठाउनेहरूसित खाना खाँदैनथिए। तर प्रभु येशूले महसूल उठाउनेहरू र पापी मानिसहरूसित खानुभयो। निस्सन्देह उहाँ तिनी-हरूसित तिनीहरूका पापहरूमा सहमत हुनुहुन्नथियो। उहाँले कहिल्यै आफ्नो गवाही सम्झौतारूपी खतरामा हाल्नुभएन। तर यस प्रकारका अवसरहरूमा उहाँले मानिसहरूलाई शिक्षा दिनुहुन्थ्यो, तिनीहरूलाई हप्काउनुहुन्थ्यो, तिनीहरूलाई आशिष दिनुहुन्थ्यो।

यहूदीहरूका शास्त्रहरू र फरिसीहरूले[13)] गनगनाए; तिनीहरूले येशूमा एउटा भूल भेट्टाए; किनभने उहाँले यी तुच्छ ठानिएका, समाजका कसिङ्गर मानिएका मानिसहरूसित सङ्गत गर्नुहुन्थ्यो।

**लूका ५ः३१ः** येशूको जवाफबाट स्पष्ट बुझिन्छः उहाँको यस संसारमा आउने उद्देश्यसित यस कामले पूरा मेल खाएको हो। स्वस्थ मानिसहरूलाई डाक्टरको के खाँचो? रोगीहरूलाई मात्र डाक्टरको आवश्यकता पर्छ।

**लूका ५ः३२ः** फरिसीहरूले आफूलाई धर्मी सम्झन्थे। तर तिनीहरू न आफ्नो पापको विषयमा, न आफ्नो आवश्यकताको विषयमा गम्भीर थिए। यसकारण वैद्यहरूको महावैद्यको सेवकाइबाट तिनीहरूलाई कुनै लाभ भएन। तर यी महसूल उठाउनेहरू र पापी मानिसहरूले आफूलाई पापी सम्झन्थे र आफ्ना पापहरूबाट मुक्ति पाउनुपर्ने आफ्नो खाँचो जान्दथिए। मुक्तिदाता प्रभु यस्ताहरूका निम्ति आउनुभयो। अनि वास्तवमा, फरिसीहरू धर्मी मानिसहरू थिएनन्। महसूल उठाउनेहरूलाई जस्तै तिनीहरूलाई पनि मुक्ति पाउने आवश्यकता थियो। तर तिनीहरूले आफ्ना पापहरू र आफ्नो दोष मानिलिन पटक्कै मान्दैनथिए। अनि यही कारणले तिनीहरूले महावैद्यको व्यवहारमा दोष भेट्टाए, जो ती मानिसहरूकहाँ जानुहुन्थ्यो, जुन मानिसहरू आत्मिक हिसाबले सिकिस्त बिरामी थिए।

## ग) लूका ५ः३३-३५ः येशूका चेलाहरू उपवास नबसेको कारण के हो?

**लूका ५ः३३ः** फरिसीहरूको अर्को दाउ हेर्नुहोस्! तिनीहरूले प्रभु येशूसित उपवास बस्ने प्रथाको विषयमा प्रश्न उठाए। बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले आफ्नो गुरुको सन्न्यासी जीवनको पथ अपनाएका थिए। अनि फरिसीहरूका अनुयायीहरूले पनि विभिन्न विधिवत् उपवासहरू पालन गरेका थिए। तर प्रभु येशूका चेलाहरू उपवास बस्दैनथिए, किन?

**लूका ५ः३४-३५ः** प्रभु येशूको उत्तर सुन्नुहोस्! उहाँ आफ्ना चेलाहरूसँग रहुन्जेल उनीहरूलाई उपवास बस्नु दरकार छैन। यसो गर्नका निम्ति कुनै कारण थिएन। उहाँले भन्नुभएको तात्पर्य यस प्रकारको छः उपवासचाहिँ शोक मानेको र विलाप गरेको चिन्ह हो। एक दिन उहाँ आफ्ना चेलाहरूबाट लगिनुहुनेथियो, जबरजस्ती लगिनुहुनेथियो र क्रूसको मृत्युमा सुम्पिनुहुनेथियो; तब उनीहरू आफ्नो शोकमा उपवास बस्नेथिए।

## घ) लूका ५ः३६-३९ः नयाँ युगको सन्दर्भमा दिइएका तीनवटा दृष्टान्तहरू

**लूका ५ः३६ः** अब प्रभु येशू तीनवटा दृष्टान्तहरू पेश गर्नुहुन्छ, जुन दृष्टान्तहरूमार्फत उहाँले के शिक्षा दिन खोज्नुभयो भने, एउटा नयाँ युग शुरु भइसकेको छ; अनि पुरानो युग र नयाँ युगको बीचमा खिचड़ी गर्नुहुँदैन ।

पहिलो दृष्टान्तमा पुरानो वस्त्रले मोशाको व्यवस्थाको युग वा यहूदीधर्मको मत सङ्केत गरेको छ। तर नयाँ कपड़ाले अनुग्रहको युग सङ्केत गरेको छ। यी दुईवटा कुराहरू आपसमा मिल्दैनन्। अनि जसले व्यवस्थारूपी पुरानो नियम र अनुग्रहरूपी नयाँ नियम मिलाउन खोज्छ, त्यसले यी दुवै नियमहरू बिगार्छ। नयाँ कपड़ाबाट एउटा टालो निकाल्दा नयाँ कपड़ा बिग्रिन्छ; अनि त्यो टालो पुरानो वस्त्रसित टालिँदैन, न देख्नुमा न बलमा त्यससिँग मिल्छ। यस सम्बन्धमा श्री जे. एन. डार्बीको यो व्याख्यान सठीक छः

> 'आफ्नो इसाईशिक्षा यहूदीधर्ममा कलमी गर्नु प्रभु येशूको काम कदापि होइन। मानिसको पापी स्वभाव व्यवस्थासित मिल्छ; तर अनुग्रह र व्यवस्था अर्थात् परमेश्वरको धार्मिकता र मानिसको धार्मिकता जति मिलाउन खोजेर पनि कहिल्यै मिल्दैनन्।'

**लूका ५ः३७-३८ः** दोस्रो दृष्टान्तबाट पाउने शिक्षा यस प्रकारको छः पुराना मशकहरूमा नयाँ दाखमद्य हाल्नु मूर्खता हो। नयाँ दाखमद्यमा मर्चा हालेर त्यो रस कुहाएको खण्डमा ठूलो दाब पर्छ, जुन दाब पुराना मशकहरूले खप्न सक्दैनन्; किनकि ती मशकहरूले नमनशील हुन छोड़े र तिनीहरूको तन्किने शक्ति पुग्दैन। यसैले पुराना मशकहरू फुट्छन् र दाखमद्य पोखिन्छ। यहूदीधर्मका असमायिक चालहरू, विधिहरू, परम्पराहरू र कठोर रीतिहरूले नयाँ युगको आनन्द, हर्षउल्लास, तेज र फुर्ती थाम्न सकेनन्। यस अध्यायमा हामी नयाँ दाखमद्यले काम गरेको एक, यी चारजना मानिसहरूमा, जसले पक्षाघातको बिरामीलाई येशूकहाँ

ल्याउँदाखेरि रूढ़िमुक्त तरिकाहरू अपनाए; अनि दुई, लेवीको ताजापन र जोशमा देख्न सक्छौं। अनि पुराना मशकहरूचाहिँ – ती मशकहरूले यी फरिसीहरूलाई येशूमा केही चासो र चाख नलागेको नीरसता र तिनीहरूको चिसो रीतिवाद सङ्केत गर्छन्।

**लूका ५ः३९ः** तेस्रो दृष्टान्त यस प्रकारको छः पुरानो दाखमद्य पिइसकेको कुनै पनि मानिसको रुचि नयाँ दाखमद्यमा छैन; त्यसले 'होइन, पुरानो मद्य राम्रो हो नि' भन्छ। यस उखानले मानिसहरूको स्वभाविक हिचकिचाउने बानीलाई सङ्केत गर्छ, जसले गर्दा तिनीहरूले पुरानोलाई छाड्न र नयाँलाई अपनाउन गाह्रो मान्दछन्। तिनीहरूले इसाईशिक्षाका निम्ति यहूदीधर्म, परमेश्वरको अनुग्रह पाउनका निम्ति मोशाको व्यवस्था, र वास्तविक कुरा प्राप्त गर्नका निम्ति छायारूपी कुरा छाड्नुपर्छ। यस सन्दर्भमा श्री जे. एन. डार्बीको कुरा सुनौंः

> 'रीतिवादी मानिसले मानिसका रीतिविधिहरू, पितापुर्खाहरूको धर्म र परम्परा आदि कुराहरू खूब मन पराउँछ। यस्तो मानिसलाई परमेश्वरको राज्यको नयाँ नियम र नयाँ शक्ति कहिल्यै मन लाग्दैन।'

## ङ) लूका ६ः१-११ः मानिसको पुत्र विश्रामदिनमाथि अधिकार जमाउनुहुने प्रभु हुनुहुन्छ

**लूका ६ः१-२ः** विश्रामदिनको सम्बन्धमा दुईवटा घटनाहरू यहाँ हाम्रो सामु प्रस्तुत गरिन्छन्, जुन घटनाहरूले प्रभु येशूप्रति धर्मनेताहरूबाट उठेको विरोध चरमबिन्दुमा पुगेको देखाउँछन्। पहिलो घटना दोस्रो विश्रामदिनमा घटेको थियो। निस्तार-चाड़को कुरा होः पहिलो विश्रामदिन निस्तारचाड़पछिको पहिलो शनिवार हो भने दोस्रो विश्रामदिन त्यसको एक सातापछिको दोस्रो शनिवार हो। यही निस्तारचाड़पछिको दोस्रो विश्रामदिनमा प्रभु येशू आफ्ना चेलाहरूसित अन्नबारीहरूको बीचबाट गइरहनुभएको थियो। अनि उहाँका चेलाहरूले बालाहरू टिप्दै, हातमा माड्दै र गहुँ-जौ खाँदै हिंड्दथिए। फरिसीहरूले उहाँका चेलाहरूले बाला टिपेर अन्न खाएको कुरामा आरोप लगाउन सकेनन्;

किनकि व्यवस्थाले उनीहरूलाई यसो गर्ने अनुमति दिएको थियो (व्यवस्था २३ः२५)। तर उनीहरूले बाला टिपेको र हातमा माड़ेको कुरा विश्रामदिनमा गरेकोले तिनीहरूले यसमा उनीहरूको दोषारोपण गर्ने निहुँ पाए। बाला टिप्नु तिनीहरूका निम्ति कटनी गर्नु बराबर थियो र तिनीहरूको दृष्टिमा बाला हातमा माड्नुचाहिँ अन्न झाँट्ने काम थियो।

**लूका ६ः३-५ः** प्रभु येशूले दाऊदको जीवनमा घटेको घटना लिएर तिनीहरूलाई जवाफ दिनुभयो; किनभने विश्रामदिनको धर्मनियमले खानुजस्तै नगरी नहुने कुनै काम कुनै हालतमा पनि मनाही गर्दैन। तिरस्कृत र खेदो गरिएका दाऊद र उनका मानिसहरूलाई भोक लागेको थियो। उनीहरू परमेश्वरको भवनमा पसेका थिए, र भेटीका रोटीहरू खाएका थिए, जुन भेटीका रोटीहरू केवल पूजाहारीहरूका निम्ति थिए। तर यसमा दाऊदले परमेश्वरबाट छुट पाए। त्यस समयमा इस्राएली जातिमा पाप थियो, र दाऊद त्यागिएका थिए। परमेश्वरले नियुक्त गर्नुभएको राजा दाऊद बरु भोकले मरे पनि हुन्छ, तर यी रोटीहरू खानुहुँदैन भन्ने ममता र दया केही पनि नजान्ने उद्देश्यले यो भेटीका रोटीहरूको नियम दिइएको थिएन।

अनि यहाँहरूको अवस्था उस्तै-उस्तै थियो। ख्रीष्ट येशू र उहाँका चेलाहरूलाई भोक लागेको थियो। अनि फरिसीहरूलाई उहाँहरू भोकले मरे पनि मरून्, तर विश्रामदिनमा कुनै हालतमा पनि बाला टिप्नुहुँदैन भन्ने सठीक लाग्यो। तर मानिसको पुत्र विश्रामदिनमाथि समेत अधिकार गर्ने प्रभु हुनुहुन्छ। उहिले उहाँले इस्राएलीहरूलाई यो नियम दिनुभएको थियो। अनि यस नियमको आत्मिक माने के हो, सो कुरा उहाँले राम्ररी जान्नहुन्थ्यो। त्यो विश्रामदिनको नियम कसैले गलत अर्थमा बुझ्नु-हुँदैनथियो; उहाँले यस्तो कुराबाट त्यसको रक्षा गर्नुपरेको थियो।

**लूका ६ः६-८ः** दोस्रो घटना अरू कुनै विश्रामदिनमा घटेको चङ्गाइ थियो। शास्त्रीहरू र फरिसीहरूले दुष्ट भावना लिएर येशूले विश्रामदिनमा निको पार्नुहुन्छ कि भनेर उहाँलाई चिया गरिरहेका थिए; किनभने दाहिने हात सुकेको एकजना मानिस त्यस सभाघरमा उपस्थित थियो। जहाँसम्म तिनीहरूको अनुभव र उहाँको विषयमा तिनीहरूको जानकारी पुग्यो,

त्यहाँसम्म तिनीहरूले अड्कल काट्न सक्नेथिए: हो, उहाँले विश्रामदिनमा निको पार्नुहुने नै छ। अनि प्रभु येशूले तिनीहरूलाई निराशामा पार्नुभएन। पहिले उहाँले हात सुकेको मानिसलाई बीचमा खड़ा हुने आदेश दिनुभयो। हुन सक्छ, त्यस सभाघरमा थुप्रै मानिसहरू भेला भएका थिए होलान्। अनि हात सुकेको मानिस तिनीहरूको बीचमा खड़ा हुँदा तिनीहरू सबैको ध्यान त्यसमाथि परेको थियो। अब के हुन लागेको थियो ?

**लूका ६:९:** त्यसपछि येशूले आफ्नो विपक्षमा हुनेहरूलाई सोध्नुभयो: 'के विश्रामदिनमा भलाइ गर्नु उचित छ कि खराबी गर्नु उचित छ ?' सठीक जवाफ दिनलाई तिनीहरूले स्वीकार गर्नुपरेको थियो: हो, विश्रामदिनमा भलाइ गर्नु उचित छ, खराबी गर्नु उचित छैन। अनि विश्रामदिनमा भलाइ गर्नु उचित हो भने त्यस मानिसलाई निको पार्नुहुँदा उहाँले एउटा भलाइको काम गर्नुहुनेथियो। तर विश्रामदिनमा खराबी गर्नु अनुचित हो भने तिनीहरूले विश्रामदिनमा किन प्रभु येशूलाई मार्ने षड्चन्त्र राचे त ? तिनीहरूले पो विश्रामदिनको नियम भङ्ग गरेका रहेछन्।

**लूका ६:१०:** उहाँका शत्रुहरू निरुत्तर भए। यसकारण प्रभु येशूले त्यस मानिसलाई 'आफ्नो हात पसार' भन्ने आज्ञा गर्नुभयो। प्रभुको आदेशसित यो आज्ञा पालन गर्ने शक्ति पनि दिइयो। त्यस मानिसले यस आज्ञाअनुसार गर्‍यो र त्यसको हात अर्कोजस्तै स्वस्थ भइगयो। (लूकाले मात्र लेखे, कि त्यस मानिसको दाहिने हात सुकेको थियो (लूका ६:६)।)

**लूका ६:११:** यी फरिसीहरू र शास्त्रीहरू रिसले चूर भए। तिनीहरू येशूलाई विश्रामदिन भङ्ग गर्नुभएकोमा आरोप लगाउन आएका थिए। अनि उहाँ केही शब्दहरू मात्र बोल्नुभयो, र त्यो मानिस निको भइहाल्यो। उहाँले कुनै परिश्रमको काम गर्नुभएन; तब तिनीहरूले उहाँलाई मार्ने युक्ति कहाँबाट आयो त ?

परमेश्वरको इच्छाअनुसार विश्रामदिन मानिसको भलाइका निम्ति ठहरिएको दिन थियो। यसको नियम ठीक प्रकारले बुझ्नु हो भने यस नियमले हामीलाई नगरी नहुने काम गर्नु अथवा कुनै कल्याण-कार्य गर्नुदेखि रोक्दैन।

## च) लूका ६:१२-१९: प्रभु येशूले चुन्नुभएका बाह्रजना चेलाहरू

**लूका ६:१२:** प्रभु येशूले बाह्रजना चेलाहरूलाई चुन्नुभन्दा अघि रातभरि प्रार्थनामा समय बिताउनुभयो। हाम्रो आवेगले पूर्ण तर परमेश्वरको भरमा नपरेको जीवनका निम्ति यो कत्रो हप्की हो ! लूकाले मात्र यस रातभरि गरेको प्रार्थनाको वर्णन हामीलाई दिएका छन्।

**लूका ६:१३-१६:** उहाँले धेरै चेलाहरूको बीचबाट निम्न बाह्रजनालाई छान्नुभयोः

**क)** शिमोन, जसको नाम उहाँले 'पत्रुस' पनि राख्नुभयो। तिनी योनाको छोरा थिए, र प्रेरितहरूमा प्रमुख थिए।

**ख)** अन्द्रियास पत्रुसको दाजु थिए। उनले पत्रुसलाई प्रभु येशू चिनाइदिए।

**ग)** जब्दीको छोरा याकूबः तिनले पनि पत्रुस र यूहन्नाको साथमा प्रभुको रूप परिवर्तन भएको पहाड़मा जाने सुअवसर पाए।

**घ)** जब्दीको छोरा यूहन्ना याकूबको भाइ थिए। प्रभु येशूले ती दुई भाइछोराहरूलाई 'गर्जनका छोराहरू' भन्ने नाम दिनुभयो। प्रेरित यूहन्नाले यहून्नाको सुसाचारको पुस्तक लेखे, साथै तीनवटा पत्रहरू र प्रकाशको पुस्तक पनि लेखे।

**ङ)** फिलिप बेतसैदाको मानिस थिए, जसले नथनएललाई प्रभु येशू चिनाए। प्रेरित फिलिप र सुसमाचार प्रचारक फिलिप भिन्न व्यक्ति हुन्। सुसमाचार प्रचारक फिलिपको विषयमा प्रेरितको पुस्तकमा लेखिएको छ।

**च)** बार्थोलोमाइको अर्को नाम नथनएल भएको मानिन्छ। बाह्रजनाका सूचिहरूमा बाहेक उनको विषयमा कुनै जानकारी भएको छैन।

**छ)** मत्ती महसूल उठाउने लेवी हुन्, जसले पहिलो सुसमाचारको पुस्तक, अर्थात् मत्तीको सुसमाचार लेखे ।

**ज)** थोमालाई जुम्लाहा भनिन्थ्यो । प्रभु येशू मरेकाहरूबाट बौरि-उठ्नुभएको तथ्य तिनले तबसम्म विश्वास गरेनन्, जबसम्म तिनले यसको पक्का प्रमाण पाएनन् ।

**झ)** अल्फयसका छोरा याकूबः सम्भवतः रजौटा हेरोदले जब्दीको छोरा याकूबलाई हत्या गरेपछि तिनले यरूशलेमको मण्डलीको कार्यभार सम्हाले होलान् ।

**ञ)** जेलोतेस भनिने उग्रवादी शिमोनः तिनको विषयमा पवित्र धर्मशास्त्र बाइबलबाट अरू बढ्ता जानकारी छैन ।

**ट)** याकूबको भाइ यहूदाः हुन सक्छ, तिनी यहूदाको पत्र लेख्ने यहूदा हुन् । सर्वमान्य विश्वासअनुसार तिनी थद्देयस उपनाम भएका लेब्बेयस हुन् (मत्ती १०ः३ र मर्कूस ३ः१८) ।

**ठ)** यहूदा इस्करयोतीः उनलाई यहूदियाको करियोत भन्ने ठाउँको निवासी मानिन्छ । यसो हो भने बाह्रजना प्रेरितहरूमा उनी मात्र गालीलको थिएनन् । उनले हाम्रा प्रभु येशूलाई विश्वासघात गरेर सुम्पिदिए । यसकारण प्रभु येशूले उनलाई 'विनाशको पुत्र' भन्ने नाम दिनुभयो ।

यी बाह्रजना चेलाहरू सबैजना अरू मानिसहरूभन्दा बुद्धिमान् वा सक्षम थिएनन् । उनीहरू सबै मानिसहरूको प्रतिनिधि गर्ने समूहको भूमिका निभाए । प्रभु येशूसित उनीहरूको सम्बन्ध र उहाँप्रतिको समर्पणचाहिँ उनीहरूको महानता थियो । मुक्तिदाता प्रभुले उनीहरूलाई चुन्नुहुँदा उनीहरू जवान थिए, सायद उनीहरूको उमेर बीस-तीस वर्षको थियो । जवानीमा मानिसहरूको जोश ठूलो हुन्छ; अनि जवानीपन शिक्षा हासिल गर्ने समय हो । अनि जवानहरू बढ़ी दुःखकष्ट खप्न सक्षम हुन्छन् । प्रभु येशूले केवल बाह्रजनालाई छान्नुभयो । उहाँले मानिसहरूको सङ्ख्यामा भन्दा तिनीहरूको गुणस्तरमा चासो लिनुभयो । मानौं, यी

प्रेरितहरू उहाँले खोज्नुभएको गुणस्तरअनुसारका मानिसहरू भएदेखि उहाँले यिनीहरूलाई संसारमा पठाउन सक्नुहुनेथियो, र आत्मिक प्रजनन-रूपी गुणनाद्वारा सारा संसारमा सुसमाचार पुऱ्याउन सक्नुहुनेथियो ।

यी बाह्रजना चेलाहरू चुनिएपछि यिनीहरूलाई परमेश्वरको राज्यका नियमहरूको सम्बन्धमा पक्कापक्की हुने तालिम चाहिएको थियो । यो कुरा महत्त्वपूर्ण थियो । यस अध्यायको बाँकी भागमा प्रभु येशूका चेलाहरूमा कस्तो चरित्र र कस्तो व्यवहार हुनुपरेको छ, सो विषयमा सङ्क्षिप्त सार दिइएको छ ।

**लूका ६ः१७-१९ः** तलतिरको उपदेश र पहाड़ी उपदेश उस्तै होइनन् (मत्ती ५-७ अध्याय) । पहाड़ी उपदेश एउटा पहाड़मा बसेर दिइएको थियो भने निम्न उपदेश समतल जमिनमा उभिएर दिइयो । पहाड़ी उपदेशमा आशीर्वादहरू समावेश भएका थिए, तर धिक्कार्ने कुरा केही पनि थिएन । तर यहाँ प्रस्तुत गरिएको उपदेशमा दुवै आशीर्वादहरू र धिक्कार्ने कुराहरू पनि छन् । यी दुई उपदेशहरूमा अरू भिन्नताहरू पनि छन्, जस्तै प्रयोग गरिएका शब्दहरू, उपदेशको लमाइ र उपदेशमा दिइएको जोड़ आदि । [14)]

कठोर चेलापनको प्रवचन बाह्रजनालाई मात्र होइन, तर भीड़का मानिसहरूलाई पनि दिइयो भन्ने कुरा ख्याल गर्नुहोस् ! हामीलाई के लाग्छ भने, जब-जब ठूला-ठूला भीड़हरू येशूको पछि आइरहेका थिए, तब-तब उहाँले निक्कै सोझै शब्दहरू चलाएर ती मानिसहरूको इमानदारीता जाँच्नुभयो, जसरी एकजना अज्ञात व्यक्तिले यसो भनेका छन्ः 'ख्रीष्ट येशूले पहिले मानिसहरूलाई प्रेमको आह्वान गर्नुहुन्छ, त्यसपछि तिनीहरूलाई केलाउनुहुन्छ ।'

यी मानिसहरू सारा यहूदिया र यरूशलेमबाट अर्थात् दक्षिणबाट आएका थिए, साथै टायर र सिडोनबाट, अर्थात् उत्तरपश्चिमबाट आएका थिए । यी मानिसहरू यहूदी र अन्यजातिका मानिसहरू थिए । बिरामीहरू र दुष्ट आत्मा लागेकाहरूले उहाँलाई छुन खोजे; किनभने उहाँबाट निको पार्ने शक्ति निस्कन्थ्यो भन्ने कुरा तिनीहरूलाई थाहा थियो ।

एउटा अति महत्त्वपूर्ण कुरा हामीले बुझ्नुपरेको छः मुक्तिदाता प्रभुका शिक्षाहरू अत्यन्तै क्रान्तकारी छन्। अनि याद रहोस्ः उहाँ क्रूसमा जान लाग्नुभएको थियो। उहाँ मर्नुहुनेथियो, मरेको तेस्रो दिनमा बौरि-उठ्नुहुनेथियो र स्वर्गमा फर्कर जानुहुनेथियो। सित्तैंमा मुक्ति पाउने यो सुसमाचार सारा संसारमा प्रचारप्रसार गर्नुपरेको थियो। मानिसहरूले यो समाचार सुन्नुपर्छ, नत्र तिनीहरूले मुक्ति पाउन सक्दैनन्। तब संसारभरि सुसमाचार कसरी पुग्नेछ? यस संसारका चालाक अगुवाहरू हुनु हो भने, तिनीहरूले यसका निम्ति एउटा विशाल सेना तयार गर्नेथिए; तिनीहरूले ठूलो धनराशी खर्च गर्नेथिए, प्रशस्त खानेकुराको प्रबन्ध गर्नेथिए, आफ्ना मानिसहरूलाई हौसला दिन मनोरञ्जनका साधनहरू जुटाउनेथिए र असल जन-सम्पर्क राख्नेथिए।

## छ) लूका ६ः२०-२६ः कि त धन्य, धन्य कि त धिक्कार !

**लूका ६ः२०ः** तर प्रभु येशूले यी बाह्रजना चेलाहरूलाई चुन्नुभयो र यी गरिब, भोका र सतावटमा परेकाहरू पठाउनुभयो। के यस प्रकारले सारा संसारमा सुसमाचार पुर्‍याउन सकिन्छ? हो, यस प्रकारले सुसमाचार संसारको अन्तमा पुग्ने नै छ; अरू कुनै उपाय छैन। मुक्तिदाता प्रभुले अब आफ्नो उपदेश चारवटा आशीर्वादका वचनहरू र चारवटा धिक्कार्ने वचनहरूबाट शुरु गर्नुभयो।

*'धन्य तिमी गरिब हुनेहरू !'* गरिबहरू धन्य होइनन्। तर तिमी गरिब हुनेहरू धन्य हौ ! गरिबीमा के आशिष छ? होइन, गरिबी प्रायः एउटा श्राप हो। तर यहाँ प्रभु येशूले यस्तो एउटा गरिबीको विषयमा कुरा गर्नुहुन्छ, जुन गरिबी मानिस आफूले छानेर उहाँको खातिर आफूमाथि ल्याउँछ। गरिबहरू किसिमका हुन्छन्; किनकि अल्छीपन, बिछोड़, दुःखद घटना र आफ्नो शक्तिदेखि बाहिरका कतिपय कारणहरूले गर्दा गरिबी आउँछ। तर यसको विषयमा प्रभु येशू यहाँ बोल्नुभएन। तर उहाँको वचनको सन्दर्भ ती मानिसहरू हो, जसले आफ्ना मुक्तिदाता प्रभुमा पाएको आशिष अरू मानिसहरूसित बाँड़चूड़ गर्ने उद्देश्यले आफू गरिब हुन रोजेका छन्। अनि तपाईंले यसको विषयमा सोच्नुभयो भने तपाईं कुन

निचोड़मा आइपुग्नुहुन्छ ? विवेक र समझले मान्ने एकमात्र समुचित तरिका यही हो। मानौं, प्रभुका चेलाहरू धनी मानिसहरूको रूपमा निस्केका भए हूलैहूल मानिसहरू धनी हुने आशा लिएर ख्रीष्ट येशूकहाँ ओइरनेथिए। तर वास्तविक कुरा कस्तो थियो ? यी चेलाहरूले कसैलाई सुन र चाँदी दिने प्रतिज्ञा गर्दैनथिए, अँ, कबुल दिन पनि सक्दैनथिए। अनि मानिसहरू साँच्चै प्रभुकहाँ फर्केर आउनु हो भने, तिनीहरूले उहाँमा कुनै न कुनै आत्मिक आशिष खोज्नुपर्नेथियो। अर्को कुराः उहाँका चेलाहरू धनी भएका भए उनीहरू प्रभुमाथि निरन्तर भर पर्ने र उहाँको विश्वासयोग्यता अनुभव गर्ने आशिषबाट वञ्चित हुनेथिए। परमेश्वरको राज्य उनीहरूकै हो, जो आफूलाई परिरहेका खाँचाहरू पूरा भएकोमा सन्तुष्ट हुन्छन्; योभन्दा बढ़ी जेजति प्रभुको काममा लगाइन्छ।

**लूका ६:२१:** *'धन्य तिमी अहिले भोकाउनेहरू !'* यस वचनले ती भीड़ैभीड़ मानिसहरूलाई समावेश गर्दैन, जसले खाना नपाएर तिनीहरूको आँत छिनेको छ। यसको सन्दर्भ येशू ख्रीष्टका चेलाहरू हुन्, जसले अरू मानिसहरूका आत्मिक र शारीरक खाँचोहरू पूरा गर्नमा मद्दत पुर्‍याउने हेतुले राजीखुशीले आत्मत्यागको जीवन अपनाउँछन्। अरू मानिसहरू सुसमाचार पाउनुदेखि वञ्चित नहोस् भन्ने उद्देश्यले मीठो-नसिना नखाएर बरु सादा खाना, साग र सिस्नुको भात खान तयार भएका मानिसहरूको कुरा गरिएको छ यहाँ। अनि एक भावी दिनमा यस प्रकारको सबै आत्मत्यागको मीठो प्रतिफल मिल्नेछ।

*'धन्य तिमी अहिले रुनेहरू !'* शोकमा के आशिष हुन्थ्यो र ? संसारका मानिसहरूका आँसुहरूमा के फाइदा छ र ? होइन, यस वाक्यको सन्दर्भ अर्को छ। प्रभु येशूले उनीहरूको कुरा गर्नुभयो, जसले उहाँको खातिर आँसुहरू बगाउँछन्, जस्तै मुक्ति नपाई नाश हुन लागेका मानिसहरूका निम्ति बगाइएका आँसुहरू, ख्रीष्टको मण्डलीमा आएका फाटोहरू र त्यसको शक्तिहीन अवस्थाको विषयमा बगाइएका आँसुहरू अनि प्रभु येशू ख्रीष्टको सेवकाइमा भोग्नुपरेका शोकचिन्ताहरू आदि। आँसु बहाउँदै बीउ छर्नेहरूले हर्षसित कटनी गर्नेछन् (भजन १२६:५)।

**लूका ६ः२२ः** *'तिमीहरू धन्य हौ, जब मानिसहरूले मानिसको पुत्रको कारणले तिमीहरूलाई घृणा गर्नेछन्, अनि जब तिनीहरूले तिमीहरूलाई बहिष्कार गर्नेछन्, तिमीहरूको निन्दा गर्नेछन् र तिमीहरूको नाम दुष्ट ठानेर काटिदिनेछन् ।'* यो आशीर्वाद ती मानिसहरूका निम्ति होइन, जसले आफ्ना पापहरू वा आफ्नो मूर्खताको खातिर दुःख भोग्नुपर्छ। ख्रीष्ट येशूप्रति निष्ठवान् र विश्वासयोग्य रहेको खातिर उपेक्षा, तिरस्कार, भर्त्सना र निन्दा भोग्नेहरू धन्य हुन् ।

यी आशीर्वादका चारवटा वचनहरूको अर्थ खोल्ने चाबी 'मानिसको पुत्रको खातिर' भन्ने वाक्य हो। जुन कुराहरूमा श्राप छ, ती कुराहरू आशिषमा परिणत हुन्छन्, जब हामीले ती कुराहरू उहाँका निम्ति भोग्छौं। जे हामी गर्छौं, जे हामी सहन्छौं, त्यसको प्रेरणा ख्रीष्ट येशूलाई गरिने प्रेम हुनुपर्छ, नत्र ता यसमा कुनै लाभ हुँदैन, नत्र अपूर्व वीरता वा ठूलो त्यागरूपी बलिदानमा पनि कुनै फाइदा हुँदैन।

**लूका ६ः२३ः** ख्रीष्ट येशूका निम्ति सहेको सतावट ठूलो रमाहटको कारण हो। एक, स्वर्गको ठूलो इनाम यसको प्रतिफल हो; अनि दुई, यस कुराले सतावटमा परेको व्यक्तिलाई बितेका युगहरूमा परमेश्वरका विश्वासयोग्य गवाहीहरूसित एक तुल्याउँछ।

यी चारवटा आशीर्वादहरूले परमेश्वरको राज्यको आदर्श व्यक्तिको वर्णन गर्छन्, जो एक त्यागपूर्ण, सादगी, अति संयमी र सहनशील जीवन जिउँछ।

**लूका ६ः२४ः** तर ख्रीष्ट येशूको नयाँ समाजमा सबैभन्दा कम आदरयोग्य व्यक्तिहरूका निम्ति चारवटा धिक्कार्ने वचनहरू छन्। दुःखको कुरा होः आजको संसारमा यस्ताहरूको मान र इज्जत ठूलो छ। *'तिमी धनवान् हुनेहरूलाई धिक्कार !'* यस्तो संसारमा धन थुपार्ने कामले गम्भीर नैतिक समस्याहरू सृजना गर्छ, जुन संसारमा हजारौं मानिसहरू खाना नपाएर भोकले मरिरहेका छन् र त्यसका आधा मानिसहरू सुसमाचार सुन्नदेखि वञ्चित गरिएका छन्, जुन सुसमाचार सुनेर तिनीहरूले ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा मुक्ति पाउनेथिए। ख्रीष्ट-विश्वासीहरूले प्रभु येशूका यी शब्दहरूको विषयमा होशियार हुनुपर्छ र तिनमा पूरा ध्यान

दिनुपर्छ, अँ, ती वचनहरूमाथि गहन चिन्तन गर्नुपर्छ। यस पृथ्वीमा धन थुपार्ने खतरामा र पासोमा नपरौं ! अशुभ दिनका निम्ति मितव्ययी कन्चुसी र जमाखोरी नबनौं ! किनभने यसो गर्नेहरू उल्टा काम गर्छन् र यस भ्रान्तिपूर्ण संसारका निम्ति जिउँछन् ।

प्रसङ्गवश धनवान् हुनेहरूलाई धिक्कार्ने यस वचनले निश्‍चयतापूर्वक पुष्टि गर्छ, कि प्रभु येशूले लूका ६ः२० पदमा 'धन्य तिमी गरिब हुनेहरू' भन्नहुँदा उहाँले यस वाक्यसित आत्मामा गरिब हुनेहरूलाई सङ्केत गर्नुभएन; नत्रभने लूका ६ः२४ पदको अर्थ 'तिमी आत्मामा धनवान् हुनेहरूलाई धिक्कार' हुनुपर्नेथियो । अनि लूका ६ः२४ पदको अर्थ पक्का पनि यो हुँदै होइन । जस-जससँग धनसम्पत्ति छ, र जस-जसले त्यो धन अरू मानिसहरूको आत्मिक, अनन्त भलाइका निम्ति सदुपयोग गर्दैनन्, तिनीहरूले पाउन सक्ने एकमात्र इनाम तिनीहरूले पाइसकेः आफ्नो स्वार्थ र आफ्ना अभिलाषाहरू पूरा गरेको सन्तुष्टि; बस यति ।

**लूका ६ः२५ः** *'तिमी अहिले तृप्त हुनेहरूलाई धिक्कार !'* यी ख्रीष्ट-विश्‍वासीहरूले महँगा भोजनालयहरूमा खाने गर्छन्; यिनीहरू स्वादिष्ठभन्दा स्वादिष्ठ खाने स्वादे जिब्रेहरू हुन्, जसले खानेकुराहरू किन्दाखेरि भान्सा गर्नका निम्ति चाहिँदोभन्दा बढ़ी खर्च गर्छन् । 'परमेश्‍वरका छोराछोरीहरूलाई केवल उत्तमभन्दा उत्तम थोकहरू मात्र सुहाउँछन्' भन्ने वाक्य यिनीहरूको आदर्श हो । तर प्रभु येशूले यस्ताहरूको विषयमा भन्नुभयोः भविष्यमा यिनीहरू भोका रहनेछन्; किनभने जुन दिनमा विश्‍वासयोग्य, त्यागपूर्ण चेलापनको प्रतिफल-स्वरूप इनामहरू बाँड़िनेछन्, त्यस दिनमा यिनीहरू रित्तो रहनेछन् ।

*'तिमी अहिले हाँस्नेहरूलाई धिक्कार !'* मनोविनोद, मोजमज्जा, मनोरञ्जन र भोगविलासको चक्रभित्र आफ्नो जीवन बिताउनेहरूलाई धिक्कार ! यस वचनले तिनीहरूलाई ताकेको छ। तिनीहरूका निम्ति जीवनको अर्थ केवल मजाक र आमोदप्रमोद हो । अनि ख्रीष्ट येशूविहीन, उहाँको अनुग्रहदेखि बाहिर भएका मानिसहरूको शोचनीय दशाको तिनीहरूलाई के वास्ता, यी अरूका समस्या देख्न नसक्ने अन्धाहरू ? ठिक्कै छ, तिनीहरूले वर्तमान समयमा हाँस्दै गरून्, मोज गरून्, आनन्द

लिऊन्! तर त्यो दिन आउँछ, जब तिनीहरूले विलाप गर्नेछन्, र धुरुधुरु रुनेछन्; किनभने तिनीहरूले आफ्नो जीवन बर्वाद गरेका छन्। तिनीहरूले खेर फालेका सुनौला मौकाहरू खोइ, कहाँ छन्? स्वार्थमय जीवनको आनन्द लुट्नेहरूले फर्केर हेर्दा र आफ्नो जीवन नियाल्दा आफ्नो आत्मिक गरिबी बाहेक अरू केही पनि देख्नेछैनन् नै।

**लूका ६:२६:** *'जब सबै* 15) *मानिसहरूले तिमीहरूको विषयमा राम्रा कुरा गर्दछन्, तब तिमीहरूलाई धिक्कार!'* हाम्रो विषयमा मानिसहरूले राम्रो-राम्रो कुरा किन भन्ने? यो त ख्रीष्टीय जीवन नजिएको वा विश्वासयोग्यतासाथ सुसमाचार प्रचार नगरेको लक्षण र हाम्रो विरोधमा बस्ने साक्षी हो। सुसमाचारको गुण यस्तो छः त्यसले भक्तिहीन मानिसहरूलाई ठेस खुवाउँछ-खुवाउँछ। जुन-जुन व्यक्तिले संसारका मानिसहरूको 'वाह, वाह!' र तिनीहरूको प्रशंसा ग्रहण गर्छन्, ती मानिसहरू पुरानो नियमको समयमा जिएका झूटा भविष्यवक्ताहरूका सङ्गी-यात्री ठहरिन्छन्; किनभने यी झूटा भविष्यवक्ताहरूले केवल मानिसहरूका कानहरू चिलाउँथे र मानिसहरूलाई तिनीहरूले सुन्न चाहेको कुरा मात्र प्रचार गर्थे। यिनीहरूको चासो मानिसहरूको अनुमोदनमा थियो, परमेश्वरको स्याबासीमा होइन।

## ज) लूका ६:२७-३८: मानिसको पुत्रको प्रेमको रहस्यमय गुप्त हातहतियार

**लूका ६:२७-२९[क]:** अबचाहिँ प्रभु येशूले परमेश्वरको शस्त्रगृहबाट एउटा विशिष्ट रहस्यमय गुप्त हतियार झिकाएर आफ्ना चेलाहरूलाई देखाउनुहुन्छः त्यो हतियार प्रेम हो। योचाहिँ संसारभरि सुसमाचार पुऱ्याउनलाई सबैभन्दा प्रभावशाली हतियार हो। तर जब उहाँले प्रेमको विषयमा कुरा गर्नुहुन्छ, तब उहाँले सांसारिक प्रेमको कुरा गर्नुहुन्न, जुन प्रेम मानिसको मनबाट उठिदिने एक कोमल भावना मात्र हो, जुन भावना प्रेमको नाम पाउनु योग्यको हुँदैन। परमेश्वरको प्रेम अलौकिक प्रेम हो। केवल नयाँ जन्म पाएका मानिसहरूले यो प्रेम जान्दछन्, र यो प्रेम देखाउन

सक्छन् । जस-जसभित्र पवित्र आत्माले वास गर्नुहुन्न, तिनीहरूका निम्ति जुनसुकै हालतमा पनि यो प्रेम जान्नु र यो प्रेम देखाउनु असम्भव छ। किनकि एउटा हत्याराले पनि आफ्ना छोराछोरीहरूलाई माया गर्ला, तर त्यो स्नेह प्रभु येशूले भन्नुभएको प्रेम होइन । स्नेहचाहिँ मानिसको मनमा उत्पन्न हुने कोमल भावना हो; तर प्रभु येशूले कुरा गर्नुभएको प्रेम दिव्य प्रेम हो । स्नेह देखाउन मानिसको शरीरमा भएको प्राण-आत्मा पुग्छ । तर दिव्य प्रेम देखाउन दिव्य जीवन अनिवार्य हो । स्नेह मनका भावनाहरूको फल हो भने दिव्य प्रेम मानिसको इच्छाको फल हो । जोसुकै मानिसले आफ्ना मित्रहरूलाई प्रेम गर्न सक्छ, तर आफ्ना शत्रुहरूलाई प्रेम गर्नका निम्ति ईश्वरीय शक्ति चाहिन्छ । नयाँ नियमको अर्थमा प्रेम यही हो, जुन प्रेम ग्रीक भाषामा 'अगापे' भनिन्छ, जसको अर्थ यस प्रकारको छः *'तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर ! जसले तिमीहरूलाई सराप्छन्, तिनीहरूलाई आशीर्वाद देओ, जसले तिमीहरूलाई अपमान गर्छन्, तिनीहरूका निम्ति प्रार्थना गर ! अनि जसले तिमीलाई एउटा गालामा हिर्काउँछ, त्यसलाई अर्को पनि थापिदेऊ !'*

यस सन्दर्भमा श्री एफ. बी. मेयरले आफ्नो स्पष्टीकरण दिएर यसो भनेका छन्ः

> 'यस शब्दको गहन अर्थमा प्रेमचाहिँ ख्रीष्टीय विश्वासको एकाधिकारी पेवा हो । अरू मानिसहरूले आफ्ना मित्रहरूप्रति जुन भावना देखाउँछन्, त्यो भावना हामीले आफ्ना शत्रुहरूप्रति देखाउनुपर्ने; दुष्ट र असल दुवैमाथि घाम उदाउनुपर्ने, धर्मी र अधर्मी दुवैमाथि पानी बर्साउनुपर्ने; अरू मानिसहरूले आकर्षित र आफूलाई मनपर्दा व्यक्तिहरूको सेवा गर्छन् भने हामीले आकर्षित नभएका र आफूलाई मन नपरेका मानिसहरूको सेवा गर्नुपर्ने; आफ्नो मनका मुद्राहरू, निराश, उमाङ्ग, रिस र चञ्चलताजस्तै तरङ्ग र लहड़हरूको वशमा नआउने, तर सदैव एकनासको रहनुपर्ने; सहनुपर्ने; खराबीको हिसाब नराख्नुपर्ने; सत्यतामा आनन्दित हुनुपर्ने; सबै कुराहरू सहनुपर्ने, विश्वास गर्नुपर्ने, आशा गर्नुपर्ने; सबै कुराहरूमा धीरज धर्नुपर्ने; कहिल्यै टल्न नपाउने – प्रेम यो हो ! ! अनि यो प्रेम पवित्र आत्माको फल हो । हामीले कुनै हालतमा पनि यो प्रेम आफूबाट पैदा गर्न सक्दैनौं ।' 16)

यस प्रकारको प्रेम अद्वितीय, अजेय छ। संसारको आदत कस्तो छ? त्यसले आफ्नो विरोधमा उठ्ने मानिसलाई दमन गरेर जित्छ-जित्छ। संसार गुरिल्ला युद्धमा अनुभवी हो। त्यसले घातको सट्टामा प्रतिघात दिन जान्दछ। तर त्यसले हरेक खराबीको सट्टामा भलाइ मात्र गरिरहने मानिससित व्यवहार गर्न जान्दैन। यस प्रकारको अलौकिक व्यवहारले संसारलाई अलमल्ल र रनभुल्ल पार्छ, अँ, त्यसको संगठन भङ्ग गर्छ।

**लूका ६:२९[ख]-३१:** आफ्नो कोट खोसिँदा प्रेमले आफ्नो दौरा वा सूट पनि दिइहाल्छ। प्रेमले खाँचो परेकोलाई कहिल्यै रित्तै पठाउँदैन, जसको खाँचो साँचो खाँचो हो। कसैले अन्याय गरेर त्यसको सम्पत्ति हड्प गरेमा त्यसले त्यो फिर्ता माग्दैन। जुन भलाइ र वास्ता आफूले अरूबाट पाउने आशा गरिन्छ, त्यही भलाइ र वास्ता आफूले अरूलाई देखाउनुपर्छ – प्रेमको स्वर्ण नियम यो हो।

**लूका ६:३२-३४:** मुक्ति नपाएका मानिसहरूले आफूलाई प्रेम गर्नेहरूलाई प्रेम गर्छन्। त्यो स्वभाविक र सर्वमान्य व्यवहार हो। यस प्रकारको प्रेमले कसैलाई प्रभावित पार्दैन; किनकि संसारका मानिसहरूले यसो गर्न जान्दछन्। बैङ्कहरू र अरू लेनदेन गर्ने संस्थाहरूले पनि ब्याजसहित आफ्नो पैसा फिर्ता पाउने हिसाबले सापट दिन्छन्। यसो गर्नलाई ईश्वरीय जीवनको आवश्यकता पर्दैन।

**लूका ६:३५:** यसकारण प्रभु येशूले दोहोर्‍याएर भन्नुहुन्छः *‘आफ्ना शत्रुहरूलाई प्रेम गर! भलाइ गर, अनि फिर्ता पाउने आशा नगरी सापट देओ!’* यस प्रकारको व्यवहार सुस्पष्ट इसाई व्यवहार हो, र यसले परमप्रधानका छोराछोरीहरूलाई चिनाइदिन्छ। हुन त, परमप्रधानका छोराछोरी बन्ने तरिका यो हुँदै होइन। परमेश्वरको सन्तान हुने हक येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नेले मात्र पाउँछ (यूहन्ना १:१२)। तर सच्चा ख्रीष्ट-विश्वासीहरूले आफूलाई संसारकहाँ परमेश्वरको सन्तानको रूपमा देखाउने तरिका यो हो। परमेश्वरले हामीसित लूका ६:२७-३५ पदको खण्डअनुसार व्यवहार गर्नुभयो। उहाँ बैगुणी र दुष्टहरूप्रति दयालु हुनुहुन्छ। अनि हामी उहाँले जस्तो व्यवहार गर्छौं भने उहाँको घरानासित हाम्रो पारिवारिक कुलवन्त

समानता छ भनेर प्रमाणित हुन्छ। हामी परमेश्वरबाट जन्मेका हौं भन्ने कुरा प्रस्ट देखाउँछौं।

**लूका ६:३६:** *'दयालु होओ!'* दयालु हुनु भनेको आफूसँग बदला लिने क्षमता हुँदा-हुँदै आफ्नो अपराधीलाई क्षमा दिनु हो। परमेश्वर पिताले हामीलाई हामीले पाउनुपर्ने दण्ड नदिएर हामीप्रति आफ्नो दया देखाउनुभयो। यसैले हामीले पनि अरू मानिसहरूप्रति दयाको व्यवहार गरेको उहाँको चाहना हो।

**लूका ६:३७:** प्रेमको व्यवहारले दुईवटा कुराहरू गर्दैन, अँ, गर्नै सक्दैनः त्यसले न्याय गर्दैन र दोषी ठहराउँदैन। प्रभु येशूले भन्नुभयोः *'न्याय नगर, र तिमीहरूको न्याय गरिनेछैन।'* एक, हामीले अरू मानिसहरूका अभिप्रायहरू जाँच्नुहुँदैन। हामीले अर्को मानिसको हृदय-भित्रको कुरा पत्ता लगाउन सक्दैनौं; यसकारण फलाना मानिसले किन यसो-उसो गर्छ, सो हामी कहिल्यै जान्न सक्दैनौं। दुई, हामीले अरू कुनै ख्रीष्ट-विश्वासीको भण्डारीपनरूपी सेवकाइ जाँच्नुहुँदैन (१ कोरिन्थी ४:१-५)। यस्ता कुराहरूको सम्बन्धमा न्याय गर्ने न्यायकर्ता परमेश्वर स्वयम् हुनुहुन्छ। अनि तीन, सर्वमान्य हिसाबले हामी छिद्रन्वेषी हुनुहुँदैन। अरूका गल्तीहरू खोतल्ने भावना र निन्दात्मक आलोचनाचाहिँ प्रेमको व्यवस्थाको विरुद्धमा छ।

तर ख्रीष्ट-विश्वासीहरूले न्याय गर्नुपर्ने केही क्षेत्रहरू छन्। फलाना मानिस साँचो इसाई हो कि होइन, हामीले जाँच्नुपर्छ; नत्र ता हामी असमान जुवामा नारिन पुग्छौं (२ कोरिन्थी ६:१४)। परिवारमा र मण्डलीमा पसेको पापसित हामीले कार्यवाही गर्नुपर्छ। हामीले असल र खराबको बीचमा छुट्ट्याउन सक्नुपर्छ। तर अरू मानिसहरूका अभिप्रायहरूको विषयमा शङ्का गर्नुहुँदैन, न ता कसैको चरित्रहत्या गर्नु हुन्छ।

हाम्रो पापको क्षमा हामीले अरूको पाप क्षमा गरेकोमा भर पर्छ – यस आज्ञाको तात्पर्य हो। तर परमेश्वरको वचनका अन्य पदहरूबाट के बुझिन्छ भने, हामीले विश्वासद्वारा ख्रीष्ट येशूलाई ग्रहण गरेबापत अरू कुनै सर्तविना, सित्तैंमा हाम्रा पापहरूको क्षमा भएको हो। तब हामीलाई आपसमा मेल नखाएको जस्तो लाग्ने यो कुरा कसरी समाधान गरौं?

यसको जवाफ दुई प्रकारको पापको क्षमामा हुन्छः न्यायिक क्षमा र पारिवारिक क्षमा। न्यायिक क्षमा हुँदा परमेश्वरले न्यायकर्ताको ठाउँ लिनुहुन्छ, र उहाँले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्ने हरेक मानिसका पापहरू क्षमा गर्नुहुन्छ। यसर्थ ख्रीष्ट येशूले हाम्रा सबै पापहरूका निम्ति योग्य सजाय भोगिदिनुभयो; अनि उहाँमाथि विश्वास गर्नेहरूले आफ्ना पापहरूको सजाय भोग्नुपर्नेछैन। यो पापको क्षमा सर्तरहित क्षमा हो।

अनि पारिवारिक क्षमाचाहिँ? यस कुरामा परमेश्वरले हाम्रा बुबाको ठाउँ लिनुहुन्छ; अनि उहाँले आफ्नो छोराछोरीलाई तब उसको पापको क्षमा दिनुहुन्छ, जब उसले त्यो पाप स्वीकार गर्छ र छोड्छ। परमेश्वरको परिवारभित्र सङ्गतिको पुनर्स्थापना यस पापको क्षमाको फल हो। यो कार्य पापहरूको सजायसित सम्बन्धित छैन। यहाँ परमेश्वर हाम्रा बुबा हुनुहुन्छ; अनि उहाँले हामीलाई तबसम्म हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्न, जबसम्म हामीले एक-अर्कालाई पापको क्षमा गर्दैनौं। उहाँ क्षमाशील हुनुहुन्छ; अनि उहाँ कुनै हालतमा पनि क्षमाशील नभएको व्यक्तिसित सङ्गत गर्नुहुन्न। अनि जब प्रभु येशूले 'क्षमा गर, र तिमीहरूलाई क्षमा गरिनेछ' भनेर भन्नुभयो, तब उहाँका शब्दहरूको सन्दर्भ पारिवारिक क्षमा हो।

**लूका ६:३८:** प्रेम कसरी प्रकट हुन्छ? केही न केही कुरा दिएर नै (यूहन्ना ३:१६ र एफेसी ५:२५)। ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइ खर्च गर्ने सेवकाइ हो। जस-जसले उदारचित्तले दिन्छन्, तिनीहरूले प्रशस्त इनाम पाउँछन्। यस पदले हाम्रो सामु यस्तो एउटा नक्सा कोरिदिएको छः यहाँ एकजना मानिस छ, जसको कम्मरपेटीजस्तो पटुकामा अगाड़िपट्टिको एउटा ठूलो खल्ती छ। बीउ बोक्नु यस पटुकाको खास काम हो। यस मानिसले जति बढ़ी बीउ छर्छ, त्यत्ति नै बढ़ी उसको कटनी हुनेछ। पूरा नाप उसको इनाम हो, जुन नाप खाँदी-खाँदी र हल्लाई-हल्लाई, अँ, पोख्ने गरी उसलाई दिइनेछ। उसलाई त्यो इनाम आफ्नो काखमा हालिनेछ अर्थात् उसले थापेको लुगाको खल्तीमा दिइनेछ। हाम्रो बीउ छर्ने धेरथोर कामअनुसार हाम्रो कटनी हुनेछ – यो एक विश्वव्यापी नियम हो, जुन नियम हाम्रो जीवनमा पनि लागू हुन्छ। हाम्रा कामहरूको प्रतिफल जसरी भए पनि हाम्रो जीवनमाथि आइपर्छ-पर्छ। जुन नापले

हामी अरू मानिसहरूलाई नापिदिन्छौं, त्यही नापअनुसार हामीलाई पनि नापिन्छ। हामीले भौतिक कुराहरू छर्छौं भने हामीले आत्मिक धनसम्पत्तिरूपी कटनी गर्नेछौं, जसको मूल्य जोखेर पत्ता लगाउन सकिँदैन। अनि यस विषयमा यो कुरा पनि सत्य ठहरिन्छः जुन कुरा हामी आफ्ना निम्ति राख्छौं, त्यो कुरा हामी गुमाउँछौं, अनि जुन कुरा हामी प्रभुको सेवामा अरूको भलाइका निम्ति दिइहाल्छौं, त्यो कुरा अनन्तसम्म हाम्रै हुनेछ।

## झ) लूका ६ः३९-४५ः अन्धा कपटीको दृष्टान्त

**लूका ६ः३९ः** अघिको खण्डमा प्रभु येशूले आफ्ना चेलाहरूलाई उनीहरूको दिने सेवकाइको सम्बन्धमा शिक्षा दिनुभयो। अनि अब उहाँले उनीहरूलाई चेताउनी दिएर भन्नुहुन्छः उनीहरूको व्यक्तिगत आत्मिक अवस्थाले उनीहरूलाई अरू मानिसहरूका निम्ति आशिषको कारण बन्नमा सीमित राखिदिन्छ। अन्धाले अन्धालाई डोऱ्याउन सक्दैन, नत्र दुवैजना खाड़लमा पर्छन्-पर्छन्। आफूसँग नभएको कुनै कुरा हामीले अरूलाई दिनै सक्दैनौं। परमेश्वरको वचनका कति तथ्यहरूको सम्बन्धमा अन्धा छौं भने हामीले यी क्षेत्रहरूमा अरू कसैलाई सहायता गर्न सक्दैनौं। हाम्रो आत्मिक जीवनमा अज्ञात क्षेत्रहरू छन् भने हाम्रो देखासिकी गर्नेहरूको जीवनमा पनि ठीक त्यस्तै नेत्रहीन क्षेत्रहरू हुनेछन्।

**लूका ६ः४०ः** *'चेला आफ्नो गुरुभन्दा श्रेष्ठ हुँदैन, तर हरेक जो सिद्ध छ, ऊ आफ्नो गुरुजस्तै हुनेछ।'* कसैले पनि आफूले नजानेको कुरा अरूलाई सिकाउन सक्दैन। जुन स्तरमा शिक्षक आफू पुगेका हुन्छन्, त्योभन्दा उच्च स्तरमा तिनले आफ्ना विद्यार्थीहरूलाई पुऱ्याउन सक्दैनन्। शिक्षकले तिनीहरूलाई सिकाउँदै गरून्, झन् बढ़ी त्यस्तै गर्दै गरून्, तब तिनले तिनीहरूलाई जति बढ़ी सिकाउँछन्, तिनीहरू त्यत्ति नै बढ़ी शिक्षकसमान बन्नेछन्। यसो गर्दा-गर्दै तिनले तिनीहरूलाई कहाँसम्म ल्याइपुऱ्याउन सक्छन्? यसको चरमबिन्दु के हो? तिनी आफू पुगेको स्तर यसको सर्वोच्च सीमा हो। शिष्यको तालिम तब सिद्धिन्छ, जब ऊ

आफ्नो शिक्षकसित समान भएको हुन्छ। शिक्षकको जीवनमा वा तिनको शिक्षाको क्षेत्रमा भएका घटीकमीहरू तिनका विद्यार्थीहरूको जीवनमा देखा पर्नेछन् र अघि बढ्नेछन्। अनि जब चेलारूपी विद्यार्थीहरूको शिक्षा-तालिम सिद्धिन्छ, तब यी शिक्षार्थीहरूको स्तर तिनीहरूको शिक्षकको स्तरभन्दा उच्च हुन्छ भन्ने आशा छैन।

**लूका ६ः४१-४२ः** यस महत्त्वपूर्ण तथ्यमा अझै पनि जोड़ दिने यसको जोड़दार उदाहरण छेस्को र मुदाको दृष्टान्त हो। मानौं, एक दिनमा कुनै मानिस अन्न झाँटिरहेको खलाको छेउबाट भएर जान्छ। अचानक हावाको झोक्काले भुसको एउटा सानो छेस्को हुइयाँ उठाएर त्यो उसको आँखामा पस्छ। तब उसले आफ्नो आँखा माड्न थाल्छ; तर उसले आँखा जति माड्छ, त्यत्ति नै बढ़ी त्यो आँखा बिझिन्छ। त्यस घड़ीमा अर्को एकजना मानिस त्यहाँ आइपुग्छ, र उसलाई आपद्मा परिरहेको देख्छ, अनि उसलाई सहायता गर्न खोज्छ। तर विचरा, त्यस मानिसको आँखामा एउटा मुढ़ा छ। त्यो आफूले नदेखेको हुनाले त्यसले अर्कोलाई के सहायता गर्न सक्थ्यो र? यस उदाहरणबाट शिक्षाको स्पष्ट पाठ यो होः कुनै शिक्षकको जीवनमा आफ्ना शिक्षार्थीहरूका जीवनहरूमा भएका खोटहरू छन् र तिनमा ती खोटहरू झन् बढ़ी मात्रामा छन् भने, तर तिनले ती खोटहरू देख्न सक्दैनन् भने तिनले आफ्ना शिक्षार्थीहरूलाई तिनी-हरूका खोटहरू देखाउन सक्दैनन्। हामी अरू मानिसहरूका निम्ति सहायताको कारण बन्नु हो भने, हाम्रो जीवन एक उदाहरणीय जीवन हुनुपर्छ; नभए तिनीहरूले हामीलाई यसो भन्लान्ः 'हे वैद्य, आफूलाई निको पार!'

**लूका ६ः३-४५ः** अब यसको चौथो उदाहरणको रूपमा प्रभु येशूले एउटा रूख र त्यसको फल लिनुहुन्छ। एउटा रूखले फल फलाउँछ-फलाउँछ; त्यो आफू जेजस्तै छ, त्योअनुसार त्यसले कि त असल, कि त खराब फल फलाउँछ। अनि हामीले हरेक रूखलाई त्यसको फलको गुण र स्तरबाट जाँच्छौं। अनि चेलापनको तालिममा कुरा उस्तै छः नैतिक हिसाबले शुद्ध भएको र आत्मिक हिसाबले स्वस्थ भएको मानिसले आफ्नो हृदयको असल ढुकुटीबाट असल कुराहरू निकालेर अरू मानिसहरूका

निम्ति आशिषको कारण बन्छ। तर अशुद्ध मन भएको मानिसले केवल खराब कुराहरू निकाल्छ।

यसर्थ लूका ६:३९-४५ पदको खण्डमा प्रभु येशूले आफ्ना चेलाहरूलाई के भन्न चाहनुभयो भने, उनीहरूको सेवकाइ तिनीहरूको चरित्र आधारित सेवकाइ हो। तिनीहरूले गरेका कामहरूभन्दा र तिनीहरूले भनेका शब्दहरूभन्दा तिनीहरूको चरित्र नै बढ़ी महत्त्वपूर्ण हुन्छ। तिनीहरू आफू जेजस्ता छन्, अन्तिममा यस कुरामा तिनीहरूको सेवकाइको नतिजा निर्भर गर्छ।

## ञ) लूका ६:४६-४९: आज्ञाकारिता प्रभु येशूको माग हो

**लूका ६:४६:** *'अनि तिमीहरू मलाई किन "प्रभु, प्रभु" भन्छौ, र मैले भनेका कुराहरूचाहिँ पालन गर्दैनौ ?'* प्रभु भनेको स्वामी वा मालिक हो। अनि मालिक भनेको हामी उहाँका हौं, र हाम्रो जीवनमाथि उहाँको एकाधिकार छ; अनि उहाँले जे भन्नुहुन्छ, त्यो कुरा हामीले मान्नुपर्छ। उहाँलाई 'प्रभु' भनेर उहाँको आज्ञापालन नगर्नुचाहिँ अर्थहीन हुन्छ, यो व्याघात हो। मुखले मात्र उहाँलाई 'प्रभु' भन्न कुनै हालतमा पुग्दैन। जसको प्रेम र विश्वास साँचो प्रेम र साँचो विश्वास हो, उसले आज्ञापालन गर्छे-गर्छ। हामी उहाँले भन्नुभएको कुरा पूरा गर्दैनौं भने हामीले खास गरेर न उहाँलाई प्रेम गर्छौं, न उहाँमाथि विश्वास गर्छौं।

तिमी *'येशू बाटो हुनुहुन्छ'* भन्छौ, तर उहाँको बाटो हिँड्दैनौ।
तिमी *'येशू जीवन हुनुहुन्छ'* भन्छौ, तर उहाँको जीवन जिउँदैनौ।
तिमी *'येशू मेरो जीवनको मालिक हुनुहुन्छ'* भन्छौ, तर उहाँको आज्ञापालन गर्दैनौ।
येशूले तिमीलाई दोषी ठहराउनुभयो भने उहाँलाई दोष नलगाऊ !

तिमी *'येशू जीवनको रोटी हुनुहुन्छ'* भन्छौ, तर त्यो रोटीबाट खाँदैनौ।
तिमी *'येशू एकमात्र सत्यता हुनुहुन्छ'* भन्छौ, तर उहाँमाथि विश्वास गर्दैनौ।

तिमी *'येशू मेरा प्रभु हुनुहुन्छ'* भन्छौ, तर उहाँको सेवा गर्दैनौ।
येशूले तिमीलाई दोषी ठहराउनुभयो भने उहाँलाई दोष नलगाऊ!

श्री जेफ्फरी ओ'हारा

**लूका ६ : ४७-४९ :** यस तथ्यको महत्त्वमा म कति जोड़ गरूँ? प्रभु येशूले यहाँ यसका निम्ति दुईजना घर बनाउने नाइकेहरूको दृष्टान्त भन्नुहुन्छ। हामीले प्रायः यस दृष्टान्तको अर्थ सुसमाचारतिर लाउँछौं। बुद्धिमान् घर बनाउने नाइकेले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाएको मानिसलाई सङ्केत गर्छ भने मूर्ख नाइकेले ख्रीष्ट येशूलाई तिरस्कार गरेर आफ्नो आत्मा गुमाउनेछ। अनि यस दृष्टान्तमा यस प्रकारको अर्थ लगाउन मिल्छ। तर यस दृष्टान्तको सन्दर्भ अध्ययन गरेको व्याख्यानले योभन्दा गहिरो अर्थ निकालिदिन्छ।

यस व्याख्यानअनुसार बुद्धिमान् मानिस त्यो हो, जो मुक्ति पाउनलाई ख्रीष्ट येशूकहाँ आउँछ, जसले शिक्षा पाउनलाई उहाँका वचनहरू सुन्छ र आज्ञाकारी भई उहाँका वचनहरू पालन पनि गर्छ। उसले यस अध्यायमा प्रस्तुत गरिएको चेलापनअनुसार ख्रीष्टका सिद्धान्तहरूमाथि आफ्नो जीवन बसालेको छ। अनि आफ्नो जीवन निर्माण गर्ने एकमात्र सठीक तरिका हो। किनभने जीवनरूपी घरमाथि बाढ़ीहरू र आँधीबेह्रीहरू बजारिए भने पनि त्यो स्थिर रहन्छ; किनभने त्यस घरको जग चट्टानमाथि बसालिएको छ, जुन चट्टानचाहिँ ख्रीष्ट येशू र उहाँका शिक्षाहरू हुन्।[17)]

अनि मूर्ख मानिसचाहिँ? मूर्ख मानिस त्यो हो, जसले येशूका वचनहरू सुनेर शिक्षा पाउँछ, तर उहाँको शिक्षा पालन गर्दैन। यो अनाज्ञाकारिता हो। त्यस मानिसले आफूलाई जस्तो उचित लाग्छ, त्यस्तै आफ्नो जीवनरूपी घर निर्माण गर्छ, अनि यसो गर्दा त्यसले यस संसारका शारीरिक सिद्धान्तहरू अपनाउँछ। अनि त्यसको जीवनमा पनि आँधी-बेह्रीहरू अवश्य जोरले चल्नेछन्; त्यसको जगविनाको घर स्वात्तै लगिन्छ। त्यसको आत्मा जसोतसो बाँच्ला, तर त्यसको जीवन बर्बाद भयो-भयो।

बुद्धिमान् मानिस को हो? ऊ त्यो हो, जो मानिसको पुत्रको खातिर गरिब र भोका छ, जो शोकित भई रुन्छ र सतावटमा परेको हुन्छ। अनि

संसारले यस प्रकारको मानिसलाई 'मूर्ख' भन्छ, तर प्रभु येशूले उसलाई 'बुद्धिमान्' भन्नभएको छ।

अनि मूर्ख मानिसचाहिँ – त्यो धनी हो, त्यो ऐस-आरामको जीवन यापन गर्ने हो, त्यो हाँसी-हाँसी उल्लसित जीवन जिउने हो, त्यो एक लोकप्रिय व्यक्ति हो। संसारले त्यस्तोलाई 'बुद्धिमान्' भन्छ, तर प्रभु येशूले त्यसलाई 'मूर्ख' भन्नुभएको छ।

# खण्ड ६) लूका ७:१-९:५०:

# मानिसको पुत्रले आफ्नो सेवकाइको क्षेत्र बढ़ाउँदै लानुहुन्छ

## क) लूका ७:१-१०: सुबेदारको नोकरले कसरी चङ्गाइ पायो ?

**लूका ७:१-३:** प्रभु येशूले आफ्नो उपदेश सिद्ध्याउनुभयो; त्यसपछि उहाँले भीड़लाई छोड्नुभयो, र कपर्नहुमभित्र पस्नुभयो। त्यहाँ आइ-पुग्नासाथ यहूदीहरूका बूढ़ा प्रधानहरूले उहाँलाई घेरे, जसले अन्यजाति सुबेदारको नोकरको विषयमा उहाँलाई विन्ती गरे। यी सुबेदार यहूदी जातिप्रति धेरै दयालु थिए; किनभने तिनले उनीहरूका निम्ति एउटा सभाघर पनि बनाएका थिए। नयाँ नियममा अरू सबै सुबेदारहरूको

चरित्रजस्तै तिनको चरित्र पनि असल थियो (लूका २३:४७; प्रेरित १०:१-४८)।

यी सुबेदारजस्तै आफ्नो दासप्रति दयालु भएको मालिक पाउनु विरलै कुरा थियो। जब सुबेदारको नोकर बिरामी भयो, तब तिनले यहूदीहरूका बूढ़ा प्रधानहरूलाई आग्रह गरे, र तिनीहरूले प्रभु येशूलाई तिनको नाममा त्यसलाई निको पारिदिने अनुरोध गरे। अनि हाम्रो जानकारीअनुसार रोमी सैनिक अधिकारीहरूमध्ये यिनीचाहिँ आफ्नो नोकरका निम्ति प्रभु येशूबाट आशिष खोज्ने एकमात्र व्यक्ति थिए।

**लूका ७:४-७:** यी बूढ़ा प्रधानहरूका निम्ति कुरा अप्ठ्यारो थियो; किनभने तिनीहरूले प्रभु येशूमाथि विश्वास गर्दैनथिए, तर ती सुबेदारसित मित्रता गाँसेको हुनाले येशूकहाँ जान तिनीहरूलाई करै लाग्यो। यी सुबेदारको विषयमा 'यिनी योग्यका छन्' भन्ने तिनीहरूको साक्षी थियो। तर जब यी सुबेदारले प्रभु येशूलाई भेटे, तब यिनले 'म योग्यको छैनँ' भने, जसको अर्थ होः 'तपाईं मकहाँ आउनलाई ममा महत्त्व के छ र?'

मत्तीको सुसमाचारअनुसार यी सुबेदार सीधा येशूकहाँ गए। तर यहाँ लूकाको सुसमाचारमा यिनले यहूदीहरूका बूढ़ा प्रधानहरूलाई पठाए। दुवै कुरा सत्य छन्। पहिले यिनले ती बूढ़ा प्रधानहरूलाई पठाए, त्यसपछि यिनी आफू येशूकहाँ गए।

यी सुबेदारको नम्रता र यिनको विश्वास प्रशंसनीय छन्। प्रभु येशू यिनको घरमा आउनु, असम्भव! यिनले आफूलाई योग्य ठानेनन्। अनि यिनले आफूलाई येशूकहाँ जानुको योग्य सम्झेनन्। तर प्रभु येशू उपस्थित नभई निको पार्न सक्नुहुन्छ भन्ने यिनको विश्वास थियो; अँ, उहाँको एकै शब्दले यिनको नोकरबाट रोग हटाइदिनेथियो।

**लूका ७:८:** यी सुबेदारले यस पदमा आफ्नो अधिकार र आफ्नो कर्तव्यको विषयमा कुरा गर्न लागे। यस क्षेत्रमा यिनको पूरा अनुभव थियो। यिनी रोमी सरकारको अधीनस्त एक सैनिक अधिकारी थिए, जसले सरकारका हुकुम र उर्दीहरू मान्नुपरेको थियो। त्यसबाहेक यिनको अधीनतामा कति सिपाहीहरू थिए, जसले तत्कालै र खुरुन्धार यिनका हुकुमहरू मान्नुपरेको थियो। अनि रोमी सरकारसित यिनीमाथि जुन

अधिकार थियो र यिनीसित यिनका अधीनस्त सिपाहीहरूमाथि जुन अधिकार थियो, प्रभु येशूसित सबै रोगहरूमाथि यस प्रकारको अधिकार छ भन्ने कुरा यिनी पूरा विश्वस्त थिए।

**लूका ७ः९-१०ः** यी अन्यजाति सुबेदारको विश्वासको सम्बन्धमा प्रभु येशू छक्कै पर्नुभयो। यसमा अचम्म लाग्ने केही पनि छैन; किनभने इस्राएली जातिभरि कोही पनि थिएन, जसले प्रभु येशूको सर्वाधिकारको विषयमा यस प्रकारको साहसी अङ्गीकार व्यक्त गरेको छ। अनि यत्रो ठूलो विश्वासको प्रतिफल नहुनु असम्भव थियो। यी सुबेदारको घरमा फर्कि-आएको बेलामा येशूकहाँ पठाइएकाहरूले यस नोकरलाई पूरा निको भएको भेट्टाए।

सुसमाचारका चारवटा पुस्तकहरूमा प्रभु येशू छक्क पर्नुभएको कुरा दुईपल्ट मात्र लेखिएको छ। यहाँ उहाँ यी अन्यजाति सुबेदारको ठूलो विश्वासको विषयमा छक्क पर्नुभयो र मर्कूस ६ः६ पदमा उहाँ इस्राएली जातिको अविश्वासको विषयमा छक्क पर्नुभयो।

## ख) लूका ७ः११-१७ः नाइनमा उहाँले विधवाको एकमात्र छोरालाई बौराएर उठाउनुभयो

**लूका ७ः११-१५ः** नाइन एउटा सानो ठाउँ थियो, जुन ठाउँ कमर्नहुमदेखि दक्षिण-पश्चिम परेको थियो, लगभग बीस माइल टाढ़ो थियो। प्रभु येशू नाइनको नजिकै पुग्नुभएको बेलामा यस शहरदेखि मलामीहरू निस्किरहेका थिए। त्यो मृतक विधवाको एकमात्र छोरा रहेछ। प्रभु येशूले यस शोकित आमामाथि टिठाउनुभयो। उहाँले त्यस लाश बोक्ने अर्थीलाई छुनुभयो, र त्यो अर्थी बोक्नेहरू टक्क अड़िए। उहाँले यस जवानलाई 'उठ' भन्ने आदेश दिनुभयो। अनि तत्कालै उसको मृत शरीरभित्र जीवन फर्केर आयो, र त्यो ठिटो उठेर बस्यो। मृत्यु र रोगहरूमाथि अधिकार हुनुभएको प्रभुले त्यस ठिटोलाई त्यसकी आमाकहाँ फिर्ता दिनुभयो।

**लूका ७ः१६-१७ः** सबै मानिसहरू डराए; किनभने तिनीहरूले आफ्नै आँखाले एउटा महान् अचम्मको काम देखे। त्यस मरेको जवानलाई मरेकाहरूबाट बौराइयो र फेरि जीवित पारियो। प्रभु येशू परमेश्वरले पठाउनुभएको महान् भविष्यवक्ता हुनुहुँदो रहेछ भन्ने विश्वास तिनीहरूमा जाग्यो। परमेश्वरले आफ्ना जनहरूलाई भेट्नुभएको छ भन्दाखेरि सायदै तिनीहरूले 'प्रभु येशू स्वयम् तिनीहरूलाई भेट्न आउनुभएको परमेश्वर हुनुहुन्छ' भन्ने कुरा बुझेनन् होलान्। यस आश्चर्यकर्मबाट तिनीहरूले 'परमेश्वर छुट्टै अस्तित्वमा तिनीहरूको बीचमा काम गर्दै हुनुहुन्छ' भन्ने एउटा प्रमाण देखे। यस आश्चर्यकर्मको खबर वरिपरिको सारा इलाकाभरि फैलेर गयो।

लूकाले आफ्नो वृत्तान्तमा स्वास्थ्यलाभका तीनवटा विवरणहरू हाले, जुन विवरणहरूमा एकमात्र छोरालाई कि एकमात्र छोरीलाई बुबाआमाकहाँ फर्काइएको विषयमा उल्लेख गरिएको छ, जस्तै यहाँ, यस ठाउँमा नाइनकी विधवाको छोरा, याइरसकी छोरी (लूका ८ः४२) र दुष्ट आत्मा लागेको छोरा (लूका ९ः३८)।

## ग) लूका ७ः१८-२३ः मानिसको पुत्रले आफ्नो अग्रदूतलाई आश्वासन दिनुहुन्छ

**लूका ७ः१८-२०ः** प्रभु येशूले देखाउनुभएका अचम्मका कामहरूका खबरहरू कतैबाट झ्यालखानामा बसिरहेका बप्तिस्मा दिने यूहन्नाको कानमा पुगेछन्, जो मृत सागरको पूर्वीय तटमा अवस्थित मकाइरूस नामक किल्लामा हालिएका थिए। येशू साँच्चै ख्रीष्ट हुनुभयो भने उहाँले आफ्नो शक्ति प्रयोग गरेर यूहन्नालाई रजौटा हेरोदको हातबाट किन मुक्त गर्नु-हुँदैनथियो? यसकारण यूहन्नाले आफ्ना दुईजना चेलाहरूलाई येशूकहाँ सोध्न पठाउनुभयोः 'त्यो अभिषिक्त ख्रीष्ट – के तपाईं नै त्यो ख्रीष्ट हुनुहुन्छ कि के हामी ख्रीष्टको बाटो अझै पनि हेर्नुपर्छ?' बप्तिस्मा दिने यूहन्नाले येशूचाहिँ ख्रीष्ट हुनुहुने कुरामा शङ्का गरेको हामीलाई अनौठो

लाग्ला। तर यस कुरामा हामीलाई याद गर्नुपर्छः मानिसहरू जति उत्तम विश्वासी किन नहोऊन्, तर तिनीहरूको जीवनमा विश्वासमा ढलपल हुने घड़ीहरू आउँदा रहेछन्। अनि यो कुरा पनि नभुलौंः मानिसले उदासमा मानसिक डुबुल्की मार्नुचाहिँ उसले भोगिरहेको शारीरिक कष्टको फल पनि हुन सक्छ।

**लूका ७ः२१-२३ः** यूहन्नालाई सम्झना दिलाउने येशूको जवाफ यस प्रकारको थियोः पुरानो नियमका भविष्यवक्ताहरूले जुन आश्चर्यकर्महरू ख्रीष्टले पूरा गर्नुहुनेछ भनेर भविष्यवाणी गरेका थिए, ती आश्चर्यकर्महरू येशूले गरिरहनुभएको थियो (यशैया ३५ः५-६ र ६१ः१)। त्यसमाथि उहाँले यो पनि थपेर भन्नुभयोः *'धन्य तिनी, जसले ममा ठेस खाँदैनन् !'* यूहन्नाका निम्ति यो परिशिष्टरूपी थपुवा अंश थियो। यस वाक्यमा एउटा हप्की बुझ्न मिल्छ। किनकि येशूले आफ्नो शासन गर्ने अधिकार नचलाउनुभएको र भनेजस्तै आफूलाई प्रकट नगर्नुभएकोमा यूहन्नाले ठेस खाएकै थिए। तर 'हे यूहन्ना, आफ्नो विश्वास नछोड़, वा विश्वासबाट पछि नहट !' भनेर यस वाक्यले उत्साह दिइएको अर्थ लिन सक्छ।

यस विषयमा श्री सी. जी. मोरले यसो भनेका छन्ः

'येशूले आफ्नो ख्रीष्ट हुने अधिकार पुष्टि गर्ने प्रमाणहरू बढ़ाउँदै लानुभएका, तर आफ्नो शासन गर्ने अधिकार नलिनुभएका बप्तिस्मा दिने यूहन्नाको विश्वासको गहन जाँचका यी घड़ीहरूभन्दा मलाई कुनै तिक्त घड़ी थाहै छैन। ... यूहन्नाले पठाएका दुईजना खबरदारहरू येशूबाट खबर लिएर फर्के, र तिनलाई यसो भनेः "हो, येशूसँग त ख्रीष्ट हुने अधिकार पूरै छ, अनि हामीले देखेका कुराहरू तपाईंले उहाँको विषयमा सोच्नुभएको जस्तै छन्। तर उहाँले तपाईंलाई झ्यालखानाबाट निकाल्छु भन्ने एक वचन पनि बोल्नु-भएन।" यूहन्नालाई अरू कुनै स्पष्टीकरण दिइँदैन; तिनको विश्वासले पुष्टि पाएको छ; तर तिनको झ्यालखानाका ढोकाहरू भने बन्द रहिरहे; अनि "धन्य तिनी, जसले ममा ठेस खाँदैनन्" भन्ने सन्देश तिनका निम्ति येशूको अन्तिम सन्देश थियो; बस यति।' [18)]

## घ) लूका ७ः२४-२९ः मानिसको पुत्रले आफ्नो अग्रदूतको प्रशंसा गर्नुहुन्छ

**लूका ७ः२४ः** प्रभु येशूले बप्तिस्मा दिने यूहन्नालाई गुप्तमा जेजस्तो भन्नुभए पनि उहाँले खुलामा केवल तिनको प्रशंसा गर्नुभयो। जब मानिसहरू यर्दनको तटनिर भएको उजाड़स्थानमा निस्केर त्यहाँ यूहन्नाको वरिपरि धुइरो लाएका थिए, तब तिनीहरूले के पाउने आशाले यसो गरेका थिए? के एकजना चञ्चल डरपोकलाई, एकजना डगिरहेको मौका-वादीलाई? होइन; कसैले पनि यूहन्नालाई 'बतासले हल्लाइरहेको निगालो' भन्ने दोष लगाउन सक्दैनथियो।

**लूका ७ः२५ः** के तिनीहरूले फेसनका भड्किला लुगा लगाएको बॉलीवुडको अभिनेताको मनमोजी जवानलाई भेट्ने आशा गरेका थिए त, जसले ऐयासी र सुस्ती जीवनरूपी आहालमा लड़िबुड़ी गरेको थियो? होइन नि! यस्ताहरूलाई राजभवनहरूमा पो भेटिन्छ, जहाँ यस्ताहरूले सन्तुष्टि प्राप्त गर्ने उद्देश्यले उच्चवर्गीय राजकीय समाजका सुखहरू उपभोग गर्दै र आफ्नो फाइदाका निम्ति अनगिन्ती मानिसहरूसित सम्पर्क राख्दै शरीरका आभिलाषाहरू पूरा गर्ने गर्छन्।

**लूका ७ः२६ः** होइन, होइन! तिनीहरू एकजना भविष्यवक्तालाई हेर्न गएका थिए, जसले शरीरधारी विवेकको रूपमा जति मूल्य चुकाउन परे पनि जीवित परमेश्वरको वचन प्रचार गर्थे। उनी भविष्यवक्ताभन्दा महान् थिए।

**लूका ७ः२७ः** पुरानो नियममा बप्तिस्मा दिने यूहन्नाको विषयमा पनि भविष्यवाणी गरिएको थियो। अनि ख्रीष्ट राजाको अग्रदूत भएर उनले उहाँको परिचय गर्ने अनुपम सौभाग्य पाए। प्रभु येशूले यूहन्नाको सम्बन्धमा यहाँ प्रमाणस्वरूप मलाकी ३ः१ पदबाट उद्धृत गर्नुभयो। तर उहाँले यस पदबाट उद्धृत गर्दा केही सर्वनामहरू बदली गर्नुभयो। मलाकी ३ः१ पदमा यसो लेखिएको छः *'हेर, म आफ्नो दूतलाई पठाउनेछु, जसले मेरो अघि-अघि बाटो तयार पार्नेछ।'* तर प्रभु येशूले भन्नुभयोः *'हेर, म आफ्नो*

*दूतलाई तिम्रो सम्मुख पठाउँछु, जसले तिम्रो अघि तिम्रो बाटो तयार पार्नेछन् ।'* यसो गर्दा 'मेरो' भन्ने सर्वनाम 'तिम्रो' भएछ ।

यस सन्दर्भमा श्री एफ. एल. गोडेटले आफ्नो स्पष्टीकरण दिएर यसो भनेका छन्ः

'मालकीको भविष्यवाणीमा परमप्रभुले कुरा गर्नुभयो । उहाँले नै आफ्नो दूतलाई पठाउनुहुनेछ, अनि यी दूतले उहाँको सामु बाटो तयार गर्नेछन् । यसैले मलाकीको पुस्तकमा "मेरो दूत" र "मेरो अघि" लेखिएको छ । तर येशूको विषयमा कुरा अर्को छ । कुरा गर्दाखेरि उहाँले आफ्नो विषयमा र पिताको विषयमा सधैं छुट्ट्याउनुहुन्थ्यो । मलाकीको भविष्यवाणीमा परमप्रभुले आफ्नो विषयमा कुरा गर्नुभएन, तर उहाँले प्रभु येशूसित बोल्नुभएको हो । यसकारण सर्वनाममा परिवर्तन आउनु अनिवार्य थियो र "मेरो अघि" "तिम्रो अघि" हुन गयो । ख्रीष्टको आगमनमा परमप्रभुको आगमन भएको कुरा यसबाट प्रमाणित भएको छ । मलाकीको भविष्यवाणीभित्रबाट र प्रभु येशूले यसको उद्धरण गर्नुभएको कुराबाट यसको निष्कर्ष पुग्नु अनिवार्य हो, होइन र ?' **19)**

**लूका ७ः२८ः** प्रभु येशू यूहन्नाको तारिफ गर्दै जानुहुन्छ र भन्नुहुन्छः *'स्त्रीहरूबाट जन्मनेहरूमध्ये बप्तिस्मा दिने यूहन्नाभन्दा महान् भविष्यवक्ता अरू कोही छैन ।'* यूहन्नाको महानता हामीले उनको व्यक्तिगत चरित्रमा खोज्नुहुँदैन, तर उनी ख्रीष्टको अग्रदूत भएकोमा खोज्नुपर्छ । उनको जस्तो जोश भएका, उनको जस्तो नाम चलेका, उनले जस्तो परमेश्वरको भक्ति गरेका अरू मानिसहरू छँदैथिए । तर अरू कसैले ख्रीष्ट राजाको आगमनको घोषणा गर्ने सौभाग्य पाएन । यसमा यूहन्नाले खेलेको भूमिका अद्वितीय हो । तर प्रभु येशूले थप कुरा के भन्नुभयो भने, *'परमेश्वरको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा महान् हुन्छ ।'* यसर्थ ख्रीष्ट राजाको अग्रदूतभन्दा परमेश्वरको राज्यका आशिषहरू उपभोग गर्ने मानिस ठूलो रहेछ ।

**लूका ७ः२९ः** हुन सक्छ, यस पदमा प्रभु येशू अझै यूहन्नाको विषयमा कुरा गर्दै हुनुहुन्छ होला । मानिसहरूले यूहन्नाको प्रचार स्वागत गरेको सम्झना उहाँको मनमा आलो थियो । सबै मानिसहरूले अनि विशेष गरी महसूल उठाउनेहरूजस्ता प्रत्यक्ष पापी मानिसहरूले पश्चात्ताप गरेर

यर्दनमा बप्तिस्मा लिएका थिए। तिनीहरूले यूहन्नाको सन्देश ग्रहण गरेका थिए र त्यस सन्देशअनुसार काम पनि गरेका थिए। यसरी नै तिनीहरूले परमेश्वरलाई धर्मी ठहराए। किनभने यस्ताहरूले मानिलिए, कि ख्रीष्ट येशूले इस्राएली जातिमाथि राज्य गर्नुभन्दा अघि तिनीहरूले पश्चात्ताप गर्नुपर्छ भन्ने परमेश्वरको माग बिलकुल ठीक र समुचित थियो। धर्मी ठहरिने शब्दको प्रयोगमा ध्यान दिनुहोस्! यसको माने 'धर्मी तुल्याउनु' हुन सक्दैन; किनभने कसैले पनि परमेश्वरलाई धर्मी तुल्याउन सक्दैन। तर यस क्रियापदको खास अर्थ स्पष्ट छः परमेश्वर आफ्ना आज्ञाहरू र आफ्ना मागहरूमा बिलकुल धर्मी हुनुहुन्छ भन्ने कुरा स्वीकार गर्नु नै, अँ, उहाँलाई यसको श्रेय दिनु नै यसको मतलब हुनुपर्छ।

## ङ) लूका ७ः३०-३५ः मानिसको पुत्रले आफ्नो पुस्ताका मानिसहरूमा केही दोष भेट्टाउनुभयो

**लूका ७ः३०-३४ः** फरिसीहरू र व्यवस्थाका शिक्षकहरूले आफ्ना निम्ति यूहन्नाको बप्तिस्मा अस्वीकार गरे। अनि यसरी नै तिनीहरूले तिनीहरूको भलाइका निम्ति तय गरिएको परमेश्वरको योजना रद्द गरे। यस पुस्ताका मानिसहरूलाई खुशी पार्नु असम्भव थियो, जुन मानिसहरूका अगुवाजनहरू तिनीहरू थिए। प्रभु येशूले आफ्नो पुस्ताका मानिसहरूलाई बजारहुँदा खेल्ने केटाकेटीहरूसित तुलना गर्नुभयो, जो न बिहेबटुलो खेल्न, न शवयात्राको खेल खेल्न राजी छन्। तिनीहरू टेढ़ामेढ़ा र हठधर्मी थिए, तिनीहरू तरङ्गी र जिद्दी थिए। परमेश्वरले तिनीहरूको बीचमा जुनसुकै किसिमका सेवाकार्यहरू काममा लगाउनुभए पनि तिनीहरूले तिनैबाट सधैं छुट्टी लिन्थे। बप्तिस्मा दिने यूहन्ना अतिसंयमी, तपस्वी र आत्मत्यागी मानिस थिए; यो तिनीहरूलाई मनपर्दैनथियो; यसैले तिनीहरूले उनलाई 'भूत लागेछ', 'बौलाहा' भने। अनि मानिसको पुत्रले महसूल उठाउनेहरू र पापी मानिसहरूसित खानपान गर्नुहुन्थ्यो। उहाँले आफूलाई ती मानिसहरूसित एक तुल्याउनुभयो, जुन मानिसहरूलाई आशिष दिन उहाँ आउनुभयो। तर यसमा फरिसीहरू फेरि पनि खुशी

भएनन् । तिनीहरूले उहाँलाई घिचुवा र मतवाला भने । उपवास बसेर वा भोजभतेर लाएर होस्, दफनको कि विवाहको खेल खेलेरै होस्, यूहन्नाको कि येशूको सेवकाइ होस्, जे गरे पनि, जस्तो गरे पनि तिनीहरूलाई रिजाउनु असम्भव थियो ।

यस सम्बन्धमा श्री जे. चार्लस रायलले दिएको अर्तीउपदेश यस प्रकारको छः

> 'हामीले सबै मानिसहरूलाई खुशी पार्न सक्छौं भन्ने विचार फाल्नुपर्छ । यो गर्नु असम्भव छ; अनि यसो गर्ने हरेक प्रयास समय खेर फाल्नु हो । ख्रीष्ट येशूका पाइलाहरूमा टेकेकोमा हामी सन्तुष्ट रहनुपर्छ – संसारले जेसुकै भनोस् ! जे नै गरे पनि, जस्तो नै गरे पनि हामी संसारलाई खुशी पार्न सक्दैनौं, न ता त्यसको दुष्ट स्वभावबाट उठेका लाञ्छनाहरू हान्ने काम बन्द गर्न सक्छौं । पहिले तिनीहरूले बप्तिस्मा दिने यूहन्नामा दोष भेट्टाएका थिए, त्यसपछि हाम्रा परमधन्य प्रभुमा दोष भेट्टाए । अनि प्रभु येशूका चेलाहरूमध्ये एकजना मात्र संसारमा रहे पनि तिनीहरूले ऊसित विनाकारणको झैझगड़ा र छिद्रानुसरण गरेका-गरेकै हुनेछन् ।' [20)]

लूका ७ः३५ः *'तर बुद्धि आफ्ना सबै सन्तानद्वारा सत्य ठहरिन्छ ।'* यहाँ, यस ठाउँमा बुद्धिले मुक्तिदाता प्रभुलाई सङ्केत गर्छ । अनि उहाँलाई आदर गर्ने चेलाहरू अल्प सङ्ख्यामा छन्; तर उनीहरू सबैचाहिँ यहाँ बुद्धिका सन्तान गनिन्छन् । बहुसङ्ख्य मानिसहरूले उहाँलाई तिरस्कार गर्लान्, तर उहाँका सच्च अनुयायीहरूले प्रेम, पवित्रता र श्रद्धाभक्तिले पूर्ण जीवन जिएर उहाँका दाबीहरू सत्य प्रमाणित गर्नेछन् ।

## च) लूका ७ः३६-३९ः एउटी पापी स्त्रीले मुक्तिदाता प्रभुका पाउमा सुगन्धित तेल घस्छे

**लूका ७ः३६ः** यहाँ उल्लेख गरिएको घटनामा बुद्धि आफ्नो एक सन्तानद्वारा सत्य ठहरिएको उदाहरण छ, अनि बुद्धिलाई सत्य प्रमाणित गर्ने त्यो सन्तान एउटी पापी स्त्री रहेछ । डा. एच. सी. वूडेरिङ्गले यसको बुँदा राम्ररी पक्रेर यसो भनेका छन्ः

'परमेश्वरले धर्मनेताहरूलाई ख्रीष्ट येशूको कदर गर्न लाउन सक्नुहुन्न भने उहाँले वेश्याहरूलाई यसो गर्न लाउनुहुनेछ।'

शिमोन नाम गरेका फरिसीले येशूलाई आफूसँग खाना खाने निम्तो दिए। यसमा तिनको अभिप्राय के पो थियो होला? जिज्ञासो थियो कि दुष्मन?

**लूका ७ः३७-३८ः** भोजन गरिरहेको बेलामा त्यस भान्साकोठामा एउटी पापी स्त्री आइपुगी। ऊ को थिई को, यो किटेर भन्न सकिँदैन। परम्पराअनुसार ऊ मरियम मग्दलिनी थिई अरे; तर यसका निम्ति बाइबलीय प्रमाण एउटा पनि छैन। सेतो सङ्गमर्मरको एउटा भुँडुल्कोमा त्यस स्त्रीले सुगन्धित तेल त्यहाँ ल्याई। प्रभु येशू खाना खाँदै हुनुहुन्थ्यो। यहूदीहरूको दस्तूरअनुसार उहाँ ओछ्यानमा लेटेर र उहाँको शिर टेबलतिर फर्केर उहाँले यसो गर्नुभयो। त्यो स्त्री उहाँका पाउनिर उभिई। उसले आफ्ना आँसुले उहाँका पाउहरू धुन थाली, र आफ्नो शिरका केशले तिनलाई पुछी, अनि उहाँका पाउहरू घरीघरी चुम्बन गरी। त्यसपछि उसले तिनमा त्यो दामी सुगन्धित तेल घसी। ऊसँग प्रभु येशूलाई नदिई बाँकी राखिएको एउटै कुरा पनि रहेन। उसको आराधना र उसको त्यागबाट यो स्पष्ट बुझिन्छ।

**लूका ७ः३९ः** तर शिमोनको भावना अर्को प्रकारको थियो। तिनको विचारमा भविष्यवक्ताहरू फरिसीहरूले गरेजस्तै पापी मानिसहरूबाट अलग बस्नुपर्नेथियो। येशू साँच्चै भविष्यवक्ता हुनुहुँदो हो त उहाँले यस प्रकारले एउटी पापी स्त्रीको प्रेम ग्रहण गर्नुहुनेथिएन।

## छ) लूका ७ः४०-५०ः दुईजना ऋणीहरूको दृष्टान्त

**लूका ७ः४०-४३ः** प्रभु येशूले शिमोनको मनको कुरा पढ्नुभएछ। अनि उहाँले शिष्टतापूर्वक शिमोनलाई एउटा कुरा भन्न पाऊँ भन्ने अनुमति माग्नुभयो। कथा सुनाउने सीपले पूर्ण हुनुभएको येशूले शिमोनलाई साहूका दुईजना ऋणीहरूको दष्टान्त सुनाउनुभयो। एकजनाको पचास दीनार र अर्कोको पाँच सय दीनारको ऋण लागेको थियो। यी दुईजनाले कुनै हालतमा पनि त्यो लागेको ऋण तिर्नै सकेनन्। यसकारण साहूले यी

दुईजनाको ऋण माफ गरिदिए। अनि यस ठाउँमा येशूले शिमोनलाई सोध्नुभयोः 'यी दुई ऋणीहरूमध्ये कुनचाहिँले साहूलाई बढ़ी प्रेम गर्ला ?' तब शिमोनले ठीक उत्तर दिएर भनेः *'मलाई लाग्छ, उसैले, जसलाई उनले बेसी माफ गरेका छन् ।'* यसो भनेर तिनले आफूलाई दोषी ठहराइहाले । यो कुरा प्रभु येशूले अहिले तिनलाई देखाउन लाग्नुभएको छ।

**लूका ७ः४४-४७ः** प्रभु येशू शिमोनको घरमा पस्नु मात्र भएको थियो, त्यस घड़ीदेखि यस स्त्रीले प्रशस्त गरी उहाँमाथि आफ्नो प्रेम खन्याइदिई। तर शिमोनले चाहिँ उहाँलाई आफ्नो घरमा न्यानो स्वागत गरेनन्। तिनले उहाँलाई पाहुना-सत्कारको सर्वमान्य मर्यादाका व्यवहार-हरूसम्म पनि देखाएनन्, जस्तै पाहुनाका पाउहरू धुनु, पाहुनाको गालामा चुम्बन गर्नु र पाहुनालाई उसको शिरमा लगाउने तेल दिनु आदि। यी दुईजनाको बीचमा यत्रो भिन्नता किन भएको थियो ? यस स्त्रीलाई आफ्ना धेरै पापहरू क्षमा भएको महसुस थियो, तर शिमोनले आफूलाई पापी सम्झेका थिएनन्। *'तर जसलाई थोरै क्षमा गरिएको छ, त्यसले थोरै प्रेम गर्छ ।'*

येशूका शब्दहरूबाट फरिसी ठूलो पापी थिएनन् भन्ने सुझाउ आउँदैन। तर उहाँले जोड़ गर्नुभएको कुरा यस्तो थियोः शिमोनले अहिलेसम्म आफ्नो ठूलो दोष मानेका थिएनन्, र यसैले तिनले आफ्ना पापहरूको क्षमा पाएका थिएनन्। तिनको पापको क्षमा भएको भए तिनले पनि प्रभु येशूलाई प्रगाढ़ प्रेमले प्रेम गर्नेथिए, अँ, यस वेश्याले जत्तिकै प्रेम गर्नेथिए। हामी सबैजना ठूला पापी हौं, जसले आफ्ना सबै पापहरूको क्षमा पाउन सक्छन्। हाम्रा सबै पापहरूको क्षमा कत्रो क्षमादान हो ! ! जसका पापहरू क्षमा भएका छन्, तपाईं र म, हामी सबैजनाले प्रभु येशूलाई गहिरो प्रेमले प्रेम गर्न सक्छन्। के तपाईंको पापको क्षमाको अनुभव छ ?

**लूका ७ः४८ः** त्यसपछि प्रभु येशूले खुला रूपले यस स्त्रीलाई भन्नुभयोः *'तिम्रा पापहरू क्षमा भए ।'* ख्रीष्ट येशूलाई प्रेम गरेकी हुनाले यस स्त्रीका पापहरू क्षमा भएनन्, तर यस स्त्रीले आफ्ना पापहरूको क्षमा पाएकी हुनाले उहाँलाई बढ़ी प्रेम गरी। उसलाई क्षमा गरिएका पापहरू धेरै

थिए, यसैले उसले धेरै प्रेम गरी। यस अवसरमा प्रभु येशूले खुला रूपले उसका पापहरूको क्षमा भएको कुरा घोषणा गर्नुभयो।

**लूका ७:४९-५०:** यस भोजमा भाग लिएका अरू पाहुनाहरूका मनहरू शङ्काको एउटा छायाले छोपेको थियोः प्रभु येशूमा पापहरूको क्षमा दिने अधिकार छ कि, छैन कि? अनुग्रहलाई घृणा गर्नेहरू ती को हुन्? तिनीहरू आदमका सन्तानको स्वभाविक मन भएकाहरू हुन्। तर केही परबाह छैन। प्रभु येशूले यस स्त्रीलाई आश्वासन दिएर भन्नुभयोः *'तिम्रो विश्वासले तिमीलाई बचाएको छ; शान्तिसित जाऊ!'* मानसिक रोगहरू उपचार गर्ने डाक्टरहरूले यसो गर्न सक्दैनन्। तिनीहरूले आफ्नो परमर्शको सीपले दोषका मनोग्रन्थिरूपी बन्धनहरू फुकाउलान्, तर येशूले दिने आनन्द र शान्ति तिनीहरूले दिन सक्दैनन्।

यी फरिसीको मेजमानीमा प्रभु येशू बस्नुभएको कुरामा आड़ लिएर कतिजना इसाईहरूले आफ्नो कुव्यवहारको प्रतिरक्षा गर्न खोज्छन्; किनकि तिनीहरू अइसाई मानिसहरूसित घनिष्ठ आत्मीय सम्बन्ध राख्छन् र तिनीहरूसित मोजमज्जाहरूमा भाग लिन्छन् र मनोरञ्जनहरूमा आनन्द लिन्छन्। चेताउनीको रूपमा श्री जे. चार्लस रायलले यसो भनेका छन्ः

> 'यस विषयमा तर्क उठाउनेहरूले एउटा कुरा अर्थात् हाम्रा प्रभुले यस अवसरमा देखाउनुभएको व्यवहार याद गर्नुपर्छ। किनभने उहाँ यहाँ, फरिसी शिमोनको टेबलमा पनि आफ्ना पिताको काममा व्यस्त रहनुभएको थियो। उहाँले शिमोनलाई जेलजालमा पारिने तिनको कमजोरीको विरुद्ध, तिनको चिर अभ्यस्त पापको विरोधमा बोल्नुभयो। उहाँले तिनीसित पापहरूको क्षमाको सित्तैंमा पाइने दानको कुरा गर्नुभयो, र उहाँलाई साँचो प्रेमले कसरी प्रेम गरिन्छ, सो रहस्य पनि खोल्नुभयो। उहाँले यस स्त्रीको उदाहरणबाट बचाउने विश्वास के हो, सो प्रष्ट पार्नुभयो। अइसाई मानिसहरूसित घनिष्ठ सम्बन्ध कायम राख्ने यी इसाई भाइबहिनीहरू हाम्रो प्रभुको अभिप्राय बोकेर तिनीहरूको घरमा भेटघाट गर्न जानुपर्छ अनि उहाँले जस्तो बोल्नुपर्छ र उहाँले देखाउनुभएको व्यवहार देखाउनुपर्छ। तब तिनीहरूले यस प्रकारको आत्मीयता कायम राख्न सक्छन्। तर मेरा प्रिय भाइबहिनीहरूका निम्ति मेरो प्रश्न छः के तिमीहरूले आफ्ना अइसाई साथीहरूका घर वा टेबलमा प्रभु येशूले शिमोनको घर र

टेबलमा गर्नुभएको बोली र देखाउनुभएको व्यवहार अपनाउँछौ ? यस प्रश्नको उत्तर तिमीहरूले आफूलाई, नभए आफ्ना प्रभुलाई दिनुपर्छ ।' 21)

## ज) लूका ८ः१-३ः केही स्त्रीहरूले प्रभु येशूको सेवा गर्छन्

सुसमाचारका पुस्तकहरूमा हाम्रा प्रभुको जीवन र सेवकाइका केही घटनाहरू मात्र उल्लेख गरिएका छन् भन्ने कुरा हाम्रो स्मरणमा रहोस् ! पवित्र आत्माले यी विशेष घटनाहरू येशूको जीवनीमा हाल्न छान्नुभयो, र अरू धेरै घटनाहरू छोड्नुभयो । यहाँ, यस खण्डमा प्रभु येशू आफ्ना बाह्रजना चेलाहरूको साथमा गालीलको एक-एक शहरमा र एक-एक गाउँमा घुम्नुभएको र सेवा गर्नुभएको बयान छ । यसो गर्दा उहाँले प्रचार गर्नुहुन्थ्यो र परमेश्वरको राज्यको सुसमाचार सुनाउनुहुन्थ्यो । अनि उहाँको सेवकाइद्वारा आशिष पाएका केही स्त्रीहरूले उहाँको सेवाटहल गर्दथिए; हुन सक्छ, यी स्त्रीहरूमार्फत उहाँहरूलाई खाने र बस्ने प्रबन्ध मिलेको थियो ।

मरियम मग्दलिनी यसको उदाहरण हुन् । कतिजनाको विचारअनुसार तिनी मग्दलाकी कुलीन श्रीमती मरियम थिइन् अरे । मग्दला पुरानो नियमको भाषामा मिग्दल हो, जसको अर्थ धरहरा हो । जे होस्, अद्‌भुत रीतिले तिनले छुटकारा पाएकी थिइन्, जब तिनीबाट सातवटा दुष्ट आत्माहरू निस्केका थिए । अनि दोस्री स्त्रीको नाम योअन्ना हो, जसको पति रजौटा हेरोदको भण्डारी थिए । तेस्री स्त्री सूसन्ना थिइन्, अनि अरू अपरिचित स्त्रीहरू धेरै थिए । हाम्रा प्रभुलाई देखाएको तिनीहरूको भलाइ अदेख भएन, नलेखिनु भएन । तिनीहरूले आफ्नो सम्पत्तिद्वारा प्रभु येशूको सेवा गर्दा तिनीहरूको विचारमा अलिकति पनि आएको थिएन, कि यस सारा युगका इसाईहरूले तिनीहरूको उदारता र तिनीहरूको अतिथि-सत्कारको विषयमा पढ्नेछन् ।

प्रभु येशूको सेवकाइको मुख्य विषयवस्तु परमेश्वरको राज्यको सुसमाचार थियो । परमेश्वरको राज्य भन्नाले परमेश्वरको हुकुम चल्ने उहाँको शासन-क्षेत्र बुझिन्छ, चाहे त्यो शासन-क्षेत्र देख वा अदेख किन

नहोस्। मत्तीले यस राज्यको नाम 'स्वर्गको राज्य' भन्ने नाम दिए। तर परमेश्वरको राज्य र स्वर्गको राज्य प्रायः एउटै कुरा हो। दानियल ४:१७ पदको शब्दमा भन्नु हो भने *'परमप्रधानले मानिसहरूको राज्यमा शासन गर्नुहुन्छ।'* अथवा दानियल ४:२६ पदले भनेअनुसार *'स्वर्गले शासन गर्छ।'*

नयाँ नियमअन्तर्गत परमेश्वरको राज्यका विकासका विभिन्न श्रेणीहरू हुन्छन्, जस्तैः

**क)** पहिले, बप्तिस्मा दिने यूहन्नाको घोषणाअनुसार परमेश्वरको राज्य नजिकै थियो (मत्ती ३:१-२)।

**ख)** त्यसपछि ख्रीष्ट राजाको उपस्थितिले राज्य आइपुगेको थियो। लूका १७:२१ पदअनुसार 'परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ।' प्रभु येशूले प्रचार गर्नुभएको शुभ समाचार यही थियो। उहाँले आफूलाई इस्राएलीहरूको राजाको रूपमा प्रस्तुत गर्नुभयो (लूका २३:३)।

**ग)** तब इस्राएली जातिले परमेश्वरको राज्य तिरस्कार गर्‍यो (लूका १९:१४; यूहन्ना १९:१५)।

**घ)** अनि वर्तमान समयमा परमेश्वरको राज्यले एउटा अस्थाही रहस्यमय रूप लिएको छ (मत्ती १३:११)। ख्रीष्ट राजा केही समयका निम्ति अनुपस्थित हुनुहुन्छ; तर यस पृथ्वीमा कति मानिसहरूले आफ्नो हृदय र जीवनमाथि उहाँको शासन स्वीकार गर्छन्। एक प्रकारले, आज परमेश्वरको राज्यभित्र आफ्ना जीवनमाथि उहाँको शासन-अधिकार स्वीकार गर्ने सबै मानिसहरू समावेश हुन्छन्, तिनीहरू साँचो गरी प्रभुकहाँ फर्के-नफर्के पनि। मुखले स्वीकार गर्नेहरूको बाहिरी क्षेत्रचाहिँ बीउ छर्नेको दृष्टान्तमा देखिन्छ (लूका ८:४-१५), अनि गहुँ र सामाको दृष्टान्तमा देखिन्छ (मत्ती १३:२४-३०), र महाजालको दृष्टान्तमा पनि देखिन्छ (मत्ती १३:४७-५०)। तर परमेश्वरको राज्यको गहन र वास्तविक अर्थ पनि छः वास्तवमा त्यस राज्यमा उनीहरू मात्र पर्छन्, जो बदलिए (मत्ती १८:३), र जसको नयाँ जन्म भएको छ (यूहन्ना ३:३)। भित्री वास्तविकताको क्षेत्रचाहिँ यो हो। (तपाईंले मत्ती ३:१-२ पदको चित्र हेर्नुहोला)।

**ङ)** एक दिन परमेश्वरको राज्य साँचो हुने गरी यस पृथ्वीमा स्थापित हुनेछ। अनि राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभु भएर प्रभु येशूले हजार वर्षसम्म राज्य गर्नुहुनेछ (प्रकाश ११ः१५, १९ः१६ र २०ः४)।

**च)** परमेश्वरको राज्यको अन्तिम रूप हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्य हुनेछ (२ पत्रुस १ः११)। अनन्त-अनन्तसम्म रहिरहने राज्य यो हो।

## झ) लूका ८ः४-१५ः बीउ छर्नेको दृष्टान्त

**लूका ८ः४-८ः** बीउ छर्नेको दृष्टान्तमा परमेश्वरको राज्यको वर्तमान स्थिति वर्णन गरिएको छ। परमेश्वरको राज्यभित्र दुवै मुखले स्वीकार गर्नेहरू र हृदयदेखि विश्वास गर्नेहरू पनि समावेश छन्। अनि यिनीहरूको बीचको भिन्नता परमेश्वरको वचन कसरी सुनिन्छ, त्यसमा निर्भर गर्छ। यसकारण हामी परमेश्वरको वचन कुन प्रकारले सुन्छौं, यस सम्बन्धमा यस दृष्टान्तले हामीलाई गम्भीर चेताउनी दिन्छ। पवित्र धर्मशास्त्रका वचनहरूको प्रचार सुन्नु र त्यसको शिक्षा पाउनु मामुली कुरा होइन। वचन सुन्नेहरूको जिम्मेवारी छ र तिनीहरूको जिम्मेवारी बढ्दैछ। जसले सुनेको सन्देश एक कानले सुन्छन् र अर्को कानले उड़ाउँछन्, अथवा जस-जसलाई वचन पालन गर्ने बाध्यता नभएको लाग्छ, तिनीहरूले आफ्नै खुट्टामा बन्चरो हान्छन्। तर परमेश्वरको वचन ध्यानसित सुन्ने र वचन पालन गर्नेहरू भाग्यमानी हुन्छन्; किनभने परमेश्वरले उनीहरूलाई फेरि-फेरि अझै पनि प्रकाश दिनुहुन्छ। यो दृष्टान्त ठूलो भीड़को सामु प्रस्तुत गरियो, त्यसपछि यसको अर्थ चेलाहरूलाई स्पष्ट पारियो।

| *जमिनको प्रकारः* | *नतिजाः* |
|---|---|
| **क)** बाटोको किनारः | मानिसहरूले यो बीउ कुल्चीमिल्ची पारे र चराहरूले यो बीउ खाइदिए। |
| **ख)** चट्टानः | ओस नभएकोले यो बीउ सुकिगयो। |

**ग)** काँढ़ाहरूः काँढ़ाहरूले यो बीउ बढ्न दिएनन्, तर पूरा निस्सासिदिए।

**घ)** असल जमिनः एक-एक बीउले सय गुणा फल फलायो।

*'जसका सुन्ने कानहरू छन्, त्यसले सुनोस्'* भनेर प्रभु येशूले यस दृष्टान्तको अन्त गर्नुभयो। अर्को शब्दमा भन्नु हो भने, जब हामी परमेश्वरको वचन सुन्छौं, तब त्यो सुनेको वचन हामी कसरी ग्रहण गर्छौं, हामी त्यसको विषयमा होशियार हुनुपर्छ। वचनको बीउ तब फलवन्त हुन्छ, जब त्यो बीउ असल जमिनरूपी हृदयमा पर्छ।

**लूका ८ः९-१०ः** जब प्रभु येशूका चेलाहरूले यस दृष्टान्तको अर्थ बुझ्न चाहे, तब उहाँले उनीहरूलाई स्पष्टसँग भन्नुभयोः परमेश्वरको राज्यका रहस्यहरू बुझ्नु सबै मानिसहरूको पेवा होइन। ख्रीष्ट येशूको शिक्षा बुझ्ने क्षमता उहाँका चेलाहरूलाई दिइन्छ; किनभने उनीहरू उहाँको शिक्षा मान्न र पालन गर्न तयार थिए। तर उहाँलाई साँचो प्रेमले प्रेम नगर्नेहरूले नबुझून् भन्ने उद्देश्यले प्रभु येशूले धेरै तथ्यहरू दृष्टान्तहरूको रूपमा प्रस्तुत गर्नुभयो। यस्ताहरूले हेर्न त हेर्छन्, तर देख्दैनन्; यिनीहरूले सुन्न त सुन्छन्, तर बुझ्दैनन्। एक प्रकारले, यी मानिसहरूले बाहिरी आँखाले देखे र बाहिरी कानले सुने; किनभने यिनीहरूले यहाँसम्म कुरा बुझे, कि यहाँ, यस दृष्टान्तमा प्रभु येशूले बीउ छर्ने मानिस र उसको बीउको कुरा गर्नुभएको थियो। तर यस दृष्टान्तको भित्री अर्थ यिनीहरूले बुझेनन्। यी मानिसहरूले आफ्नो हृदय कठोर र अपश्चात्तापी भएको, काँढ़ैकाँढ़ाले ढाकिएको जमिनजस्तो थियो भन्ने कुरा जानेनन्। यसकारण यिनीहरूले सुनेको वचनबाट कुनै लाभ उठाएनन्।

**लूका ८ः११-१५ः** प्रभु येशूले केवल आफ्ना चेलाहरूलाई यस दृष्टान्तको अर्थ खोल्नुभयो। उनीहरूले अघिदेखि उहाँबाट शिक्षा पाइरहेका थिए र त्यो शिक्षा ग्रहण गरेका थिए। यसकारण उनीहरूलाई अझै पनि थप शिक्षा दिइन्छ। यस दृष्टान्तको अर्थ खोल्दा प्रभु येशूले भन्नुभयोः बीउचाहिँ परमेश्वरको वचन हो। परमेश्वरको वचन भन्नाले उहाँको सत्यता बुझिन्छ, अँ, येशूको शिक्षा बुझ्नुपर्छ।

कति वचन सुन्नेहरू बाटोको किनारजस्ता छन्। तिनीहरूले वचन सुन्न त सुने – गहन ध्यानसित होइन, तर हलका प्रकारले र सतही रूपले। वचनको बीउ तिनीहरूको जीवनभित्र पस्न सकेन, तर बाहिरी तहमा रह्यो। यसो हुँदा त्यो बीउ खोसेर लैजान शैतानलाई सजिलो भयो। दृष्टान्तमा आकाशका चराहरूले शैतानलाई सङ्केत गर्छन्।

कति वचन सुन्नेहरू चट्टानजस्ता छन्। तिनीहरूले पनि वचन सुने, तर वचनले तिनीहरूलाई तोड्न, अहँ, तिनीहरूले दिएनन्। तिनीहरू अपश्चात्तापी रहे। वचनको बीउलाई कुनै हौसलारूपी ओस मिलेन, यसैले त्यो बीउ सुकियो र मर्‍यो। हुन सक्छ, यस्ताहरूले शुरुमा प्रफुल्ल भएर मुखले विश्वास गर्छु भन्ने स्वीकार गरे होलान्, तर यो स्वीकार सत्य ठहरेन; किनभने यो आधारहीन थियो। बाहिरबाट हेर्दा तिनीहरूमा आत्मिक जीवन भएको जस्तो थियो, तर जमिनरूपी हृदयभित्र, सतहदेखि मनि कुनै जरा थिएन। जब तिनीहरूको जीवनमाथि समस्याहरू आइपरे, तब तिनीहरूले आफ्नो मुखले स्वीकार गरेका ख्रीष्ट येशूलाई त्यागे।

कति वचन सुन्नेहरू काँड़ैकाँड़ाले ढाकिएको जमिनजस्ता छन्। केही समयसम्म तिनीहरू विश्वासमा बढ़ेका जस्तो देखा पर्‍यो। तर तिनीहरू साँचो विश्वासी हुने प्रमाण दिन सकेनन्; किनभने तिनीहरू विश्वासमा सुदृढ़ भएनन्, दिगो रहेनन्। फिक्रीचिन्ताहरू, धनसम्पत्ति र यस जीवनका सुखविलासहरूले तिनीहरूलाई आफ्ना वशमा पारे, र सास थुनेर वचनलाई सास फेर्न दिएनन्।

कति वचन सुन्नेहरू असल जमिनजस्ता छन्। तिनीहरू साँचो ख्रीष्ट-विश्वासीहरू हुन्, जसका हृदयहरू भलो र असल छन्। तिनीहरूले वचन ग्रहण गरे; यति मात्र होइन, तर तिनीहरूले वचनलाई तिनीहरूका जीवनहरू एउटा नयाँ ढाँचामा ढाल्न दिएका छन्। तिनीहरूले शिक्षालाभ गर्छन्; तिनीहरू आज्ञाकारी हुन्छन्। तिनीहरूमा ख्रीष्टको चरित्र रूप लिएर देखा पर्छ, अनि तिनीहरू परमेश्वरका निम्ति फल फलाउँदै रहन्छन्।

श्री जी. एन. डार्बीले यस खण्डको उपदेशको सार यस प्रकारले दिएका छन्ः

'हामी ध्यानसित वचन सुन्ने मानिस हौं भने हामीले सुनेको कुरा हाम्रै हुनेछ। वचन ग्रहण गर्नेहरूलाई आनन्द हुन्छ; यति मात्र होइन, तर सुनेको वचन हामीले यहाँसम्म आफ्नै तुल्याउनुपर्छ, कि त्यो वचन आफ्नै मनको तत्त्वरूपी अंश बन्नुपर्छ। तब हामीलाई वचनबाट फेरि-फेरि थप आशिषहरू मिल्नेछन्। किनभने कुनै सत्यता यस प्रकारले पचेर हाम्रै मनको तत्त्वरूपी अंश भएको छ भने हामीमा वचनबाट नयाँ आशिष पाउन फेरि खाली ठाउँ हुनेछ।' [22)]

## ञ) लूका ८ः१६-१८ः वचन सुन्नेहरूको जिम्मेवारी

**लूका ८ः१६ः** एकै हेराइले यो खण्ड र अघिको खण्डको बीचमा सम्बन्ध नजोड़िएको लाग्न सक्छ। तर खास गरी तिनको सन्दर्भको प्रसङ्ग एउटै हो। मुक्तिदाता प्रभुले यहाँ भन्नुभएको कुराको जोड़ यो होः उहाँका चेलाहरूले उहाँको शिक्षासित कुन प्रकारले व्यवहार गर्छन्, यो महत्त्वपूर्ण हो। उहाँले आफूलाई त्यस मानिससित तुलना गर्नुभयो, जुन मानिसले एउटा बत्ती बालेको छ। त्यो बत्ती कुनै भाँड़ाले छोप्नुहुँदैन; त्यसलाई खाटमनि राख्नुहुँदैन, तर त्यसलाई सामदानमाथि राख्नुपर्छ; तब सबै मानिसहरूले त्यसको उज्यालो देख्नेछन्। जब प्रभु येशूले आफ्ना चेलाहरूलाई परमेश्वरको राज्यका नियमहरूको शिक्षा दिनुहुन्थ्यो, तब उहाँले यस बत्तीको भूमिका निभाउनुहुन्थ्यो। अब उनीहरूले यस शिक्षासित के गर्नुपर्छ?

पहिले, उनीहरूले त्यो बत्ती कुनै भाँड़ाले छोप्नुहुँदैन। मत्ती ५ः१५, मर्कूस ४ः२१ र लूका ११ः३३ पदअनुसार यो भाँड़ा एउटा पाथी हो। पाथी एक नापतौलको वस्तु हो, जुन भाँड़ा अन्नका व्यापारहरूले चलाउँछन्। यसो हो भने, बत्ती पाथीमनि राख्नु भनेको व्यापार-धन्दाले आफ्नो साक्षीमा घुम्टो हालेर त्यसको उज्यालो धमिलो पार्न वा धकेल्दा-धकेल्दै निभाइदिनु हो। बत्ती पाथीमाथि राख्नु उचित छ; बजारको चोकमा इसाई व्यवहार देखाउनु र आफ्नो व्यापारधन्दा सुसमाचार प्रचारप्रसारको माध्यम तुल्याउनु यस भनाइको अर्थ हो।

दोस्रो, ख्रीष्टको चेलाले बत्ती खाटमनि राख्नुहुँदैन। यस खाटले विश्राम, ऐसआराम, अल्छीपन र अतिभोगलाई सङ्केत गर्छ। यी सबै

कुराहरूले बत्ती निभाउने काम गर्छन्। चेलाले बत्ती एउटा सामदानमाथि राख्नुपर्छ। अर्को शब्दमा भन्नु हो भने, ऊ सबै मानिसहरूले देख्ने गरी जिउनुपर्छ र सत्यता प्रचार गर्नुपर्छ।

**लूका ८ः१७ः** यस पदबाट के बुझिन्छ भने, हाम्रो व्यापारधन्दाले गर्दा वा हाम्रो अल्छीपनले गर्दा हामीले सुसमाचारको सन्देशमा घुम्टो हालेका छौं भने यसमा हाम्रो लापरवाही र हाम्रो भूल एक दिन प्रकट हुनेछ। सत्यता लुकाएर लुकिँदैन, तर त्यो प्रकट हुने नै छ। सत्यता गुप्तमा राखेर गोप्य रहँदैन, र प्रकाशमा आउने नै छ।

**लूका ८ः१८ः** यसकारण हामी कसरी सुन्दछौं, यस विषयमा होशियार हुनुपर्छ। हामी विश्वासयोग्यतासाथ आफूले पाएको सत्यको ज्ञान अरू मानिसहरूसित बाँड्चूड् गर्छौं भने परमेश्वर हामीलाई फेरि पनि नयाँ, गहाकिला तथ्यहरू प्रकट गर्दै जानुहुनेछ। तर हामीसँग सुसमाचार प्रचार गर्ने जोशै छैन भने परमेश्वरले हामीबाट त्यो सत्यको ज्ञानरूपी तथ्य हटाउनुहुनेछ; मसँग छ भन्ने लड्डू एक मिथ्य कल्पना मात्र हो। जुन कुरा हामी प्रयोगमा ल्याउँदैनौं, त्यो कुरा हामी गमाइपठाउँछौं। यस सन्दर्भमा श्री जी. एच. लाङले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'प्रभु येशूका चेलाहरूले वचन ध्यानसित सुने। उनीहरूले बुझ्न चाहन्थे; उनीहरू वचन विश्वास गर्न र पालन गर्न तयार थिए। अरू मानिसहरूले मन नलागेरै, जिज्ञासा नलिएरै वा पूर्व-विरोध गरेरै वचन सुने। उहाँका चेलाहरूलाई अझै पनि ज्ञान थपिँदै गयो। तर अरूबाट तिनीहरूसँग भएको ज्ञान पनि खोसियो। तिनीहरूको ज्ञानको कोसा वा खोल मात्र रह्यो।' [23)]

*माथिबाट पाएको यो असल वस्तु हामीले बाँड्नुपर्छ,*
*नत्र यो हामीसँग रहँदैन।*
*यो अमूल्य वस्तु अरूसित बाँड्न छोड़ेमा*
*यो हामीसँग पनि रहन छोड्छ।*
*प्रेमको नियम यस्तो छ।*

*श्री आर. सी. ट्रेन्च*

## ट) लूका ८ः१९-२१ः प्रभु येशूकी साँचो आमा र साँचो भाइहरू को हुन् ?

प्रभु येशूले उपदेश दिँदै गर्नुहुँदा उहाँ यस ठाउँमा आइपुग्नुभयो । तब उहाँकी आमा र उहाँका भाइहरू उहाँलाई भेट्न आएको खबर उहाँकहाँ ल्याइयो । भीड़को कारणले यिनीहरू उहाँको नजिक आउन सकेनन् । यस सिलसिलामा प्रभु येशूले जवाफ दिएर भन्नुभयोः उहाँसितको खास सम्बन्ध शरीरको नातामा होइन, तर परमेश्वरको वचनप्रतिको आज्ञा-कारितामा निर्भर गर्छ । उहाँको परिवारका सदस्य-सदस्याहरू यिनीहरू हुन्, जो परमेश्वरको वचनदेखि काम्छन्, जसले उहाँको वचन विनम्रता-साथ ग्रहण गर्छन् र कुनै विवाद नगरीकन उहाँको वचन पालन गर्छन् । कुनै भीड़ले उहाँको आत्मिक परिवारको कुनै सदस्य-सदस्यालाई उहाँकहाँ आउनदेखि छेकथुन गर्दैन, गर्नै सक्दैन ।

## ठ) लूका ८ः२२-२५ः मानिसको पुत्रले आँधीबेह्रीलाई शान्त पार्नुभयो

**लूका ८ः२२ः** यस अध्यायको बाँकी भागमा हामी प्रभु येशूलाई भूतत्त्वहरूमाथि, दुष्ट आत्माहरूमाथि, रोगहरूमाथि र मृत्युमाथि पनि आफ्नो प्रभुत्व चलाउनुभएको देख्छौं । यी सबै कुराहरूले उहाँको हुकुम मान्नुपर्छ । उहाँको हुकुम नमान्नेचाहिँ मानिस मात्र हो ।

गालीलको समुद्रमाथि अचानक डरलाग्दा आँधीबेह्रीहरू चल्छन्, जसले गर्दा समुद्र-यात्रा गर्नु खतरनाक हुन्छ । हुन सक्छ, यस वृत्तान्तमा बयान गरिएको आँधीबेह्री शैतानले चलायो होला । सायदै त्यसले संसारको मुक्तिदातालाई नाश गर्न खोज्यो, कि कसो ?

**लूका ८ः२३ः** यो आँधी चल्न शुरु हुँदा प्रभु येशू डुङ्गामा सुतिरहनुभएको थियो । उहाँ निदाउनुभएकोमा उहाँ पूरा मानिस हुनुभएको प्रमाण झलक्कै देखिन्छ । अनि जब प्रभु येशू बोल्नुभयो, तब त्यो आँधी शान्त भयो । आँधीले उहाँको हुकुम मानेकोमा उहाँ सम्पूर्ण रूपले परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण छ ।

**लूका ८:२४:** मुक्तिदाता प्रभुका चेलाहरूले उहाँलाई बिउँझाए। उनीहरूलाई ठूलो डर लागेको थियो। उनीहरूको ज्यान खतरामा परेको थियो। कत्रो प्रशान्तचित्तको मानिस!! उहाँले आँधीबतास र समुद्रका छालहरूलाई हपार्नुभयो; अनि सबको सब शान्त भइहाल्यो। अनि जुन कुरा उहाँले गालीलको समुद्रसित गर्नुभयो, त्यो कुरा निश्चय उहाँले वर्तमान समयमा दुःख र आपद्‌विपद्‌रूपी आँधीले यता-उता हुत्त्याइएका आफ्ना चेलाहरूका निम्ति पनि गर्न सक्नुहुन्छ।

**लूका ८:२५:** उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो: *'खोई, तिमीहरूको विश्वास कहाँ छ?'* उनीहरूले फिक्री गर्नुपर्दैनथियो; उनीहरूले उहाँलाई निद्राबाट बिउँझाउनुपर्ने आवश्यकता पनि थिएन। जुन पानीजहाजमा समुद्र, पृथ्वी र आकाशको मालिक निदाएर सुत्नुहुन्छ, त्यस्तो पानीजहाजलाई कुनै समुद्रको छालले डुबाउन सक्दैन। अनि ख्रीष्ट येशूसँग एउटै पानीजहाजमा हुनेहरू बिलकुल सुरक्षित र सकुशल रहन्छन्।

प्रभु येशूका यी चेलाहरूले आफ्ना स्वामी र मालिकको अधिकार कहाँसम्म जाने हो, सो कुरा पूरा रूपले मूल्याङ्कन गर्न सकेनन्; किनभने उहाँको विषयमा उनीहरूको ज्ञान अधूरा र सीमित थिए। भूतत्त्वहरूले उहाँको हुकुम मानेकोमा उनीहरूले अचम्म माने। अनि उनीहरू र हामीमा कुनै भिन्नता छैन। जीवनका आँधीबेह्रीहरू चल्दाखेरि हामी प्रायः आत्तिन्छौं। अनि जब प्रभु येशूले हामीलाई मद्दत गर्नुभयो भने, हामी हाम्रो पक्षमा प्रयोग गरिएको उहाँको अलौकिक शक्तिको प्रदर्शनमा अचम्म मान्दछौं, अनि उहाँमाथि किन बढ़ी भरोसा नगरेकोमा हामी छक्क पर्दछौं।

## ड) लूका ८:२६-३९: मानिसको पुत्रले गादारेनी देशको दुष्ट आत्माले पीड़ित भएको मान्छेलाई निको पार्नुभयो

**लूका ८:२६-२७:** प्रभु येशू र उहाँका चेलाहरू गालीलको समुद्रको पारिपट्टिको किनारमा उत्रे। यो ठाउँ गादारेनीहरूको[24)] मुलुक थियो। तब

दुष्ट आत्माहरू लागेको एकजना मान्छेले उहाँहरूलाई भेट्यो। मत्तीको वृत्तान्तअनुसार दुष्ट आत्मा लागेका दुईजना मानिसहरू थिए। तर मर्कूस र लूकाको सुसमाचारअनुसार केवल एकजना मान्छे थियो। यस प्रकारको नमिल्ने कुराहरूबाट एकै घटना होइन, तर दुई भिन्न घटनाहरू भएको अनुमान लगाउनु सजिलो छ। तर हुन सक्छ, एकजना लेखकले अर्को लेखकले भन्दा विस्तृत वर्णन दिएका पनि सम्भव छ। दुष्ट आत्मा लागेका मानिसहरूको हालत उस्तै-उस्तै नहोला। यस व्यक्ति विशेषको सिलसिलामा त्यसलाई लागेका दुष्ट आत्माहरूले त्यसलाई आफ्ना लुगाहरू फुकाल्न लाउँथे, आफ्नो समाज छोड़ेर चिहानहरूहुँदो रहन लाउँथे।

**लूका ८:२८-२९:** जब त्यसले प्रभु येशूलाई देख्यो, तब त्यसले उहाँलाई 'मलाई छोड़िदिनुहोस्' भन्ने विन्ती गर्‍यो। हुन त, त्यो बोल्नेचाहिँ त्यो अशुद्ध आत्मा थियो, जसले त्यस दुःखी मानिसमार्फत बोल्यो।

दुष्ट आत्मा लाग्नु वास्तविक कुरा हो। यी दुष्ट आत्माहरू कसैको जीवनमा परेको दुष्ट प्रभावहरू मात्र होइनन् नि। दुष्ट आत्माहरू अलौकिक सृष्टिहरू हुन्। अनि यी आत्माहरूले त्यस मान्छेभित्र वास गर्थे, र त्यसका विचारहरू, त्यसको बोली र त्यसको व्यवहार आफ्नो वशमा ल्याएका थिए। यी विशेष किसिमका दुष्ट आत्माहरूले त्यसलाई अति क्रुद, अति शक्तिशाली तुल्याए, यहाँसम्म कि दुष्ट आत्माहरूको विप्लवकारी पक्राउमा परेको बेलामा त्यसले आफू बाँधिएका साङ्ला र नेलहरू टुक्राटुक्रा पार्थ्यो, र उजाड़स्थानतिर भाग्थ्यो। अनि यसमा कुनै अनौठो मान्ने कुरा छैन; किनकि त्यस एकैजना मानिसभित्र लगभग दुई हजार सुँगुरहरूलाई नाश गर्न पर्याप्त दुष्ट आत्माहरूले वास गर्दथिए (मर्कूस ५:१३)।

**लूका ८:३०-३१:** त्यस मान्छेको नाम 'फौज' थियो; किनकि त्यसभित्र धेरै दुष्ट आत्माहरू पसेका थिए। यी दुष्ट आत्माहरूले प्रभु येशूलाई सर्वोच्च परमेश्वरको पुत्र हुनुहुन्छ भनेर चिने। अनि आफ्नो नभई नहुने विनाशको विषयमा, साथै त्यो विनाश यिनीहरूमाथि ल्याउनुहुनेचाहिँ येशू हुनुहुन्छ भन्ने कुरा यिनीहरूलाई पनि थाहा थियो। यिनीहरूले अथाह

कुण्डबाट उम्कनलाई एउटा बाँच्ने उपाय खोजे; यसकारण यिनीहरूले उहाँलाई 'हामीलाई अथाह कुण्डमा जाने आज्ञा नगर्नुहोस्' भनेर विन्ती गरे।

**लूका ८ः३२-३३ः** यिनीहरूले त्यस मान्छेबाट निक्लनुपरेपछि त्यहाँ पहाड़मा चरिरहेका धेरै सुँगुरहरूको एउटा बगालभित्र पस्ने अनुमति मागे। प्रभु येशूले यिनीहरूलाई यसो गर्ने अनुमति दिनुभयो। फलस्वरूप यी सुँगुरहरू वेगले हानिएर यस पहाड़को पाखाबाट भएर ओरालै-ओरालो दगुरेर तालभित्र पसे र डुबे। वर्तमान समयमा प्रभु येशूलाई उहाँले यहाँ अर्कोको सम्पत्ति नाश गर्नुभएको दोष लगाइएको छ। यस सम्बन्धमा हाम्रो जवाफ यस प्रकारको छः यी सुँगुरहरू चराउनेहरू यहूदी मानिसहरू भएदेखि तिनीहरूको यो काम एउटा अवैध काम थियो, तिनीहरूलाई अशुद्ध पार्ने एउटा काम थियो। अनि ती चराउनेहरूले यहूदी वा अन्यजातिका मानिसहरू जेजसो भए पनि दुई हजार सुँगुरहरूको मोल-भन्दा एकजना मानिसको दाम धेरै भएको ठान्नुपर्नेथियो।

**लूका ८ः३४-३९ः** यस घटनाको खबर तुरुन्तै यस इलाकाको चारैतिर फैलियो। जब एउटा ठूलो भीड़ भेला भयो, तब तिनीहरूले त्यस दुष्ट आत्माहरू लागेका मानिसलाई ठीक होशमा आएको र भद्र भएको, अँ, पूरा चेतनशील अवस्थामा फर्केको देखे। अनि गादारेनीहरूलाई साह्रै डर लाग्यो। तिनीहरूले प्रभु येशूलाई त्यहाँबाट पालिदिने आग्रह गरे। तिनीहरूको सोच यी नष्ट भएका सुँगुरहरूमाथि अड़ेको थियो; विचरा, तिनीहरूले आफ्नो विचार मुक्तिदाता प्रभुमाथि पुर्‍याउन सकेनन्। आफ्ना आत्माहरूको फिक्री गर्नुभन्दा तिनीहरूले यी सुँगुरहरूबाट उठाउनुपरेको हानि पो सम्झे। यस सन्दर्भमा श्री जी. एन. डार्बीको ध्यानमा आएको कुरा यस प्रकारको छः

> 'संसारका मानिसहरूले प्रभु येशूलाई गइदिने आग्रह गर्छन्; किनकि तिनीहरूले आफ्नो चैन खोजेका छन्। अचम्म, दुष्ट आत्माहरूको फौजले भन्दा परमेश्‍वरको उपस्थिति र शक्तिको प्रदर्शनले तिनीहरूको शान्ति हरण गरेको रहेछ!! अनि प्रभु येशू गइहाल्नुभयो। अनि त्यो निको पारिएको मानिसचाहिँ? त्यो मानिस येशूको साथमा जान उत्सुक थियो; तर प्रभु येशूले

त्यसलाई आफ्नो घरमा पठाउनुभयो, यस उद्देश्यले कि त्यो आफूले अनुभव गरेको परमेश्वरको अनुग्रह र शक्तिको गवाही बनोस् ।' [25)]

पछिको कुरा होः जब प्रभु येशूले डेकापोलिसको भ्रमण गर्नुभयो, तब उहाँप्रति आकर्षिक भएको एउटा भीड़ उहाँलाई भेट्यो (मर्कूस ७ः३१-३७)। के यो कुरा दुष्ट आत्माहरूको जकड़बन्दबाट छुटकारा पाएको त्यस मानिसको विश्वासयोग्य गवाहीको कारणले पो यस्तो भएको थियो कि ?

## ढ) लूका ८ः४०-५६ः मानिसको पुत्रले कुनै इलाज नहुने एउटी नारीलाई निको पार्नुभयो र याइरसकी मरेकी छोरीलाई बौराएर उठाउनुभयो

**लूका ८ः४०-४२ः** प्रभु येशू गालीलको समुद्र वारि फर्केर आउनुभयो र त्यसको पश्चिमी किनारमा जहाजबाट उत्रनुभयो। त्यहाँ फेरि पनि एउटा भीड़ले उहाँलाई पर्खिरहेको थियो। विशेष गरी सभाघरका शासक याइरस उहाँलाई भेट्न आतुरिरहेका थिए; किनकि तिनकी बाह्र वर्षकी छोरी मर्न लागेकी थिई। तिनले प्रभु येशूलाई छिटो आफूसँग जाने आग्रह गरे। तर भीड़ैभीड़ मानिसहरूको ठेलमठेलाले गर्दा उहाँहरूलाई अघि बढ्न गाह्रो भयो।

**लूका ८ः४३ः** अनि यस भीड़मा एउटी भीरु स्त्री थिई, जो लाचारी थिई; किनकि बाह्र वर्षदेखि उसलाई रगत बग्ने रोग लागेको थियो। लूका जो आफू वैद्य थिए, तिनले यो कुरा पनि मानेका छन्ः आफ्नो सारा जीविका बैद्यहरूका निम्ति खर्च गरेर पनि उसले तिनीहरू कसैबाट सहायता पाउँदैनथिई। थप कुराः मर्कूसले त्यस स्त्रीको स्वार्थ्य झन् खराब भएको बताउँछन् (मर्कूस ५ः२६)।

**लूका ८ः४४-४५ः** प्रभु येशूमा उसलाई निको पार्ने शक्ति छ भन्ने उसलाई महसुस थियो। यसकारण भीड़बाट बाटो खोज्दै ऊ पछाड़िबाट येशू हुनुभएको ठाउँतिर पुगी, अनि निहुरेर उसले उहाँको वस्त्रको किनार छोई। वस्त्रको किनार भन्नाले यहूदीहरूको वस्त्रको फेदको किनारमा

प्रायः एउटा झुम्का थियो (गन्ती १५ः३८-३९; व्यवस्था २२ः१२)। तुरुन्तै उसको रगत बग्ने रोग बन्द भयो, र ऊ पूरा निको भई। उसले लुकी-लुकी त्यहाँबाट गइहाल्न खोजी; तर प्रभु येशूले सोध्नुभएको प्रश्नले उसलाई रोकिदियो; किनकि तत्कालै उहाँले भन्नुभयोः 'कसले मलाई छोयो ?' पत्रुस र अरू चेलाहरूको विचारमा यो एउटा नचाहिँदो प्रश्न थियो; किनभने यत्रो खचाखचमा निश्चय मानिसहरूले धकेल्दै, ठेल्दै र उहाँलाई कतैबाट छोएका हुनुपर्छ नि।

**लूका ८ः४६ः** तर प्रभु येशूलाई थाहा थियोः त्यस स्त्रीको छुवाइ अर्को किसिमको थियो। यस सम्बन्धमा एकजना अज्ञात व्यक्तिको भनाइ यस्तो छः 'शारीरिक ठेलाइ, तर विश्वासको छुवाइ हुन्छ।' यहाँ विश्वासको छुवाइ भएको उहाँले महसुस गर्नुभयो; किनभने उहाँबाट शक्ति बगेको रहेछ, जुन शक्तिले त्यो स्त्री निको भई। 'मबाट शक्ति निस्किगएको मलाई थाहा छ।' अघिभन्दा अहिलेचाहिँ उहाँको शक्ति निक्कै घटेको – यसको अर्थ होइन; तर मानिसहरूलाई निको पार्दाखेरि उहाँले आफ्नो केही न केही कुरा खर्च गर्नुपरेको थियो भन्ने कुरा बुझ्नुपर्छ। अरूलाई निको पार्नुमा उहाँको खर्च थियो।

**लूका ८ः४७-४८ः** त्यो स्त्री काम्दै आई र उहाँको सामु घोप्टो परी। क्षमा-याचना गर्दै उसले येशूलाई सबै मानिसहरूको सामु उहाँलाई छोएको कारण बताई र कृतज्ञ भएर आफू कसरी निको भई, सो गवाही दिई। यस प्रकारले उसले मानिसहरूको सामु गवाही दिएको हुनाले उहाँले पनि मानिसहरूको सामु उसको विश्वासको सहरना गर्नुभयो। परमेश्वरको शान्ति उसमाथि भइरहेको होस्! उसका निम्ति यो प्रभु येशूको शुभकामना थियो। उहाँले खुला रूपले उसको शान्तिको घोषना गर्नुभयो। जब कसैले विश्वासद्वारा प्रभु येशूलाई छुन्छ, तब उहाँ यो कुरा अवश्य जान्नुहुन्छ। अनि उहाँलाई छुने हरेक मानिसले उहाँबाट कुनै न कुनै आशिष पाउने नै छ। अनि उहाँलाई मुखले स्वीकार गर्ने हरेक मानिस मुक्तिको निश्चयताको सम्बन्धमा मजबुत पारिन्छ-पारिन्छ।

**लूका ८ः४९ः** रगत बग्ने रोग लागेको यस स्त्रीलाई निको पार्ने घटनाले धेरै समय लिएन, येशूलाई धेरै ढिलाएन होला। तर प्रभु येशू

त्यहाँबाट अघि बढ्न पाउनुभन्दा अघि नै एकजना खबरदार आइपुग्यो, जसले याइरसकी छोरीको मृत्युको समाचार ल्यायो । अब त येशूको सेवा किन चाहियो ? तिनकी छोरी निको हुने तिनको विश्वास त थियो, तर प्रभु येशूले उसलाई मरेको अवस्थाबाट बौराएर उठाउनुहुन्छ भन्ने विश्वास कसैको थिएन ।

**लूका ८ः५०ः** तर प्रभु येशूले 'ए, त्यसो भए त होस्' भनेर छोड़िहाल्नुभएन । उहाँले याइरसलाई सान्त्वना दिनुभयो, ढाढ़स दिनुभयो र तिनलाई प्रतिज्ञा पनि गर्नुभयोः *'नडराऊ ! विश्वास मात्र गर, र ऊ निको पारिनेछे ।'*

**लूका ८ः५१-५३ः** प्रभु येशू याइरसको घरमा आइपुग्नासाथ उहाँ पत्रुस, याकूब र यूहन्नालाई, साथै यस ठिटीका बुबाआमालाई साथमा लिएर यो ठिटी भएको कोठामा पस्नुभयो । सबैजना रोइरहेका र उसका निम्ति विलाप गरिरहेका थिए । तर प्रभु येशूले तिनीहरूलाई नरुने आदेश दिनुभयो; किनभने उहाँको भनाइअनुसार त्यो ठिटी मरेकी थिइन, तर केवल सुतिरहेकी थिई । तर तिनीहरू ऊ मरेकी हो भन्ने कुरामा सुनिश्चित थिए । यसकारण तिनीहरूले उहाँलाई खिसी गरेर हाँसिदिए ।

के त्यो ठिटी साँच्चै मरेकी थिई ? कि के ऊ केवल बेहोश, केवल मूर्च्छा परेकी थिई ? प्रायः सबै टिप्पणीकारहरूको रायअनुसार ऊ मरेकी थिई । प्रभु येशूले मरेको लासरसको विषयमा पनि तिनी सुतिरहेका भन्नुभयो (यूहन्ना ११ः११) । श्री रोबर्ट एन्डर्सनको तर्क मात्र रह्यो, जसले त्यो ठिटी मरेकी थिइन भनेका छन् ।[26] तिनको पत्यार नलाग्दो तर्क यस प्रकारको छः

' "**एक,** *विश्वास मात्र गर, र तिम्री छोरी* ***निको पारिनेछे"*** भनेर प्रभु येशूका शब्द थिए । लूका ८ः४८ पदमा पनि यही शब्द प्रयोग गरिएको छ, जहाँ प्रभु येशूले भन्नुभएको छः *"तिम्रो विश्वासले तिमीलाई* ***निको पारेको छ*** *।"* अनि अठचालीस पदको सन्दर्भ चङ्गाइ हो, बौरिउठाइ होइन । नयाँ नियमभरि मरेकोहरूको बौरिउठाइको सम्बन्धमा यो शब्द कहिल्यै चलाइएको छैन ।

**दुई,** प्रभु येशूले *"लासरस निदाएका छन्"* भन्दा प्रयोग गर्नुभएको शब्द अर्को हो ।

**तीन,** मानिसहरूको विचारमा त्यो ठिटी मरेकी थिई; तर प्रभु येशूले जान्नुभयोः ऊ केवल सुतिरहेकी थिई। तब उहाँले उसलाई मरेको अवस्थाबाट बौराउने श्रेय कसरी लिने ?

**चार,** श्री एन्डर्सन निष्कर्षमा आएर यसो भन्छन्ः कसको कुरा विश्वास गर्ने ? प्रभु येशूले *"ऊ सुतिरहेकी छे"* भन्नुभयो; तर मानिसहरूले उसलाई मरेकी ठाने।'

**लूका ८ः५४-५६ः** जेजस्तो भए पनि, यो व्यर्थको तर्क यत्तिमै राखौं ! प्रभु येशूले उसलाई भन्नुभयोः 'हे नानी, उठ !' अनि उसको आत्मा फर्केर आयो। (प्रकाशको टिप्पणीः सुतेको मानिसको आत्मा कहिल्यै फर्केर आउँछ, मलाई भन्नुहोस् !)। ऊ तुरुन्तै उठी। हल्लेलूयाह ! !

उहाँले त्यस ठिटीलाई जिउँदो अवस्थामा त्यसका बुबाआमाकहाँ फर्काउनुभयो। 'तिमीहरूले यो भएको घटना कसैलाई नभन्नू ल' भनेर उहाँले त्यसका बुबाआमालाई यस आश्चर्यकर्मको प्रचारप्रसार नगर्ने आदेश दिनुभयो। आफ्नो कीर्तिमा उहाँको चासो अलिकति थिएन; किनभने मानिसहरू आफ्नो रायमा चञ्चल थिए। यस घटनामा मानिसहरूको जिज्ञासो व्यर्थ थियो।

यसरी नै प्रभु येशूको सेवकाइको दोस्रो वर्ष सिद्धिन्छ। लूका नौ अध्यायमा उहाँको तेस्रो वर्ष शुरु हुन लागेको छ। उहाँले आफ्ना बाह्रजना चेलाहरूलाई प्रचार गर्न पठाउनुहुन्छ।

## ण) लूका ९ः१-११ः मानिसको पुत्रले आफ्ना चेलाहरूलाई प्रचार गर्न पठाउँदै हुनुहुन्छ।

**लूका ९ः१-२ः** यहाँ उल्लेख गरिएको घटना र मत्ती १०ः१-१५ पदको खण्डमा उल्लेख गरिएको घटना एउटै हो, तर वर्णनका कति बेलि-बिस्तारहरू भिन्नै छन्। यहाँ मत्तीको सुसमाचारबाट एउटा उदाहरण दिऔंः प्रेरितहरूले 'इस्राएलको घरानाका हराएका भेड़ाहरूकहाँ जाओ' भन्ने अर्थात् यहूदीहरूकहाँ जाने आदेश पाए। अनि तिनीहरूले बिरामीहरूलाई निको पार्ने, कोरीहरूलाई शुद्ध पार्ने, मरेकाहरूलाई बिउँताउने र दुष्ट

आत्माहरू निकाल्ने काम पाए। लूकाको सुसमाचारमा उहाँले तिनीहरूलाई सबै दुष्ट आत्माहरूमाथिको र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो। लूकाको सुसमाचारको विवरण यस ठाउँमा किन छोटकारीमा दिइएको छ, सो स्पष्ट छैन।

प्रभु येशूसँग अचम्मका कामहरू गर्ने शक्ति र अधिकार थियो। यति मात्र होइन, तर उहाँ अरूलाई यो शक्ति र अधिकार दिन पनि सक्षम हुनुहुन्थ्यो। शक्ति भनेको अलौकिक बल वा क्षमता हो; अनि अधिकार भनेको यो अलौकिक क्षमता प्रयोग गर्ने हक हो। उहाँका प्रेरितहरूको सन्देशले तबसम्म चिन्हहरू र अचम्मका कामहरूद्वारा आफ्नो दिव्य पुष्टि पाउँथ्यो (हिब्रू २:३-४), जबसम्म परमेश्‍वरको लिखित वचन पूरा रूपले उपलब्ध भएको थिएन। परमेश्‍वर अवश्य अचम्म प्रकारले निको पार्न सक्नुहुन्छ। तर के वर्तमान समयमा सुसमाचारको प्रचारको कामले यस प्रकारको पुष्टि पाउनु जरुर छ? यस कुरामा हामीले एउटा ठूलो प्रश्‍नचिन्ह लगाउनुपर्छ।

**लूका ९:३-५:** अबचाहिँ प्रभुका प्रेरितहरूले उहाँबाट सिकेका शिक्षाहरू व्यवहारमा ल्याउने मौका पाए। 'झोला, रोटी, पैसा नबोक!' आफ्नो खाँचो पूरा हुनलाई तिनीहरूले उहाँमाथि भर पर्नुपरेको थियो। तिनीहरूको लौरो एउटा, दौरा एउटा! तिनीहरू कति साधारण हुनुपरेको थियो! प्रचार-धावामा जुन घरका मानिसहरूले तिनीहरूलाई स्वागत गर्छन्, त्यस घरमा तिनीहरू रहनुपरेको थियो। यता-उता घम्दै तिनीहरूले बढ़ी सुविधा खोज्नुहुँदैनथियो। जस-जसले तिनीहरूको सन्देश ग्रहण गर्दैनन्, उनीहरूकोमा नबस्ने, उनीहरूलाई जबरजस्ती नगर्ने आदेश थियो। तर त्यस ठाउँबाट निस्कँदा तिनीहरूले उनीहरूको विरोधमा साक्षी हुनलाई आफ्ना पाउहरूबाट धूलोधरि टकटक्याउनुपरेको थियो।

**लूका ९:६:** यी प्रेरितहरूले यस बेलामा सम्भवतः गालीलका गाउँ र शहरहरूमा सुसमाचार प्रचार गरे र बिरामीहरूलाई निको पारे। तिनीहरूले प्रचार गरेको सन्देश परमेश्‍वरको राज्यमाथि केन्द्रित थियो। तिनीहरूले मानिसहरूको बीचमा ख्रीष्ट राजा आउनुभएको घोषणा गरे, र कुन सर्तमा

उहाँले तिनीहरूमाथि शासन गर्नुहुनेछ, सो पनि सुनाइदिए। उहाँ पश्चात्तापी मानिसहरूमाथि मात्र राज्य गर्न राजी हुनुहुन्थ्यो।

**लूका ९:७:** त्यस समयमा रजौटा हेरोद एन्तिपासले गालील र पेरियामा राज्य गरेका थिए। तिनले महान् हेरोदको छोरा भएर उनको राज्यको एक चौथाइमाथि शासन गर्दैथिए। तिनको कानमा खबर पुग्यो, कि तिनको राज्यभित्र कुनै एकजना मानिसले अलौकिक शक्तिका कामहरू देखाउँदैथिए। यस खबरबाट तिनको विवेक जाग्यो, र तिनलाई प्रश्नहरू गर्न थाल्यो। बप्तिस्मा दिने यूहन्नाको आलो सम्झनाले तिनलाई अशान्ति दिइरहेको थियो। यूहन्नाको शिर काटीकन तिनले उनको निडर आवाज सधैंका निम्ति बन्द गरेका थिए; तर यूहन्नाको मृत्युपछि पनि उनको जीवनले अझै पनि तिनलाई घरिघरि सताइरहेको थियो। हेरोदलाई घरिघरि यूहन्नाको विषयमा सोच्न लगाउने को थिए त? के उनी मरेकाहरूबाट बौरिउठेका यूहन्ना हुन् त, जसरी तिनले कसै-कसैको मुखबाट सुन्न पाइरहेका थिए?

**लूका ९:८-९:** अरूले येशूलाई एलिया ठाने, अथवा पुरानो नियमका भविष्यवक्ताहरूमध्ये कुनै एकजना सम्झे। 'बप्तिस्मा दिने यूहन्नाको शिर मैले काटिदिएँ' भनेर हेरोदले आफूलाई सान्त्वना दिन खोजे र आफ्नो विवेक चुप गराउन चाहे। तर तिनको मनमा डर रहि नै रह्यो। होइन, यी अचम्मका कामहरू गर्ने को थिए, सो तिनले निश्चित रूपले जान्न खोजे। यसकारण तिनले उहाँलाई भेट्ने इच्छा गरे। तर मुक्तिदाता प्रभुको क्रूसको मृत्युको घड़ीको केही अगाड़िसम्म तिनले उहाँलाई भेट्ने अवसर पाएनन्।

पवित्र आत्माको शक्तिले पूर्ण जीवन यति शक्तिशाली हुन्छ, कि रजौटा हेरोदले प्रभु येशूलाई कहिल्यै नभेटीकन अपरिचित सिकर्मीले तिनलाई थरथर काम्ने तुल्याउनुभयो। यसकारण पवित्र आत्माले भरिएको मानिसको प्रभाव हामीले कहिल्यै कम नसम्झनु ठीक होला।

**लूका ९:१०:** पहिलो प्रचार-धावाबाट फर्केर आएका प्रेरितहरूले सीधा प्रभु येशूलाई आफ्नो मिशन-कार्यको प्रतिवेदन सुनाए। मलाई लाग्छ, सबै ख्रीष्टका सेवक-सेविकाहरूका निम्ति यसो गर्नु उचित होला।

किनभने आफ्नो कामको प्रतिवेदन विज्ञापन र प्रकाशन गरेकोले यो चल्ती काम गराइ धेरैजसो डाहा र फाटोको कारण बनेको छ। यस सन्दर्भमा श्री जी. च्याम्पबेल मोर्गनले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'साङ्ख्यिकीहरूमा हाम्रो उत्साह र उमङ्ग आत्माको फल होइन, तर आफूमा केन्द्रित रहेको शरीरको फल हो।'

हाम्रा प्रभुले यी चेलाहरूलाई एउटा एकान्त जग्गामा लैजानुभयो, जुन जग्गा बेतसैदाको नजिक अवस्थित थियो। (बेतसैदाको अर्थ माछा मार्ने घर हो)। हाम्रो विचारमा, त्यस समयमा बेतसैदाको नाम भएका दुईवटा ठाउँहरू हुनुपर्छ – गालीलको समुद्रको पश्चिमपट्टि एक, र त्यस समुद्रको पूर्वपट्टि एक। ती ठाउँहरूको सठीक अवस्थितिको विषयमा कुनै निश्चित जानकारी छैन।

**लूका ९:११:** तर उहाँहरूको मन बहकाउने शान्तिमय समय पाउने आशा एकैक्षणमा खतम भयो। किनकि थोरै समयभित्र भीड़ैभीड़ मानिसहरू उहाँहरूकहाँ भेला भए। तर प्रभु येशूकहाँ आउने प्रवेश सबै मानिसहरूका निम्ति सधैं खुला रह्यो। उहाँले आफूकहाँ आउने मानिसहरूलाई कहिल्यै शान्ति भङ्ग गर्ने फिजोको रूपमा मान्नुभएन। किनकि मानिसहरूलाई आशिष दिन नसक्ने गरी उहाँ कहिल्यै व्यस्त रहनुहुन्नथियो। वचनले के भन्दछ? *'अनि उहाँले तिनीहरूलाई स्वागत गर्नुभयो।'* उहाँले तिनीहरूसित परमेश्वरको राज्यको कुरा गर्नुभयो र जस-जसलाई निको हुनु खाँचो थियो, यिनीहरूलाई निको पार्नुभयो।

## त) लूका ९:१२-१७: मानिसको पुत्रले पाँच हजार मानिसहरूलाई खुवाउनुहुन्छ

**लूका ९:१२:** साँझ पर्न लागेको थियो; अनि उहाँका बाह्रजना चेलाहरू अधीर हुन थाले। यति धेरै मानिसहरू, र तिनीहरूका निम्ति केही खानेकुरा नभएको, कत्रो कठिनाइ, कत्रो समस्या! यसकारण उनीहरूले उहाँलाई 'यस भीड़लाई बिदा गरिदिनुहोस्' भन्ने विन्ती गरे। उनीहरूमा हाम्रो हृदयसित केही समानता देख्छौं। आफ्नो सम्बन्धमा हामी पत्रुसको

शब्दहरूमा भन्छौं: 'मलाई तपाईंकहाँ आउने आज्ञा दिनुहोस्!', तर अरू मानिसहरूको सम्बन्धमा 'तिनीहरूलाई बिदा गरिदिनुहोस्' भन्न हामीलाई कति सजिलो लाग्छ।

**लूका ९:१३:** तर यी मानिसहरू वरिपरिका गाउँहरूहुँदा खानेकुरा खोज्न जाने प्रभु येशूको इच्छा थिएन। मानिसहरूको सेवामा चेलाहरू टाढ़ा-टाढ़ाका प्रचार-धावाहरूमा निस्किजान तयार हुनु, तर आफ्नो सम्मुखमा आएका मानिसहरूलाई वास्ता नगर्नु, कसरी? होइन, उहाँका चेलाहरूले यी भीड़का मानिसहरूलाई खुवाइदिऊन्। तर उनीहरूसँग पाँचवटा रोटी र दुईवटा माछा मात्र थियो। यो उनीहरूको तर्क, उनीहरूको समस्या थियो। तर उनीहरूसँग प्रभु येशू हुनुहुन्थ्यो, र उहाँको साथमा उनीहरूसँग असीमित स्रोतहरू थिए; यो कुरा उनीहरूको सम्झनामा आएन।

**लूका ९:१४-१७:** उहाँले आफ्ना चेलाहरूलाई अह्राउनुभयो, र उनीहरूले मानिसहरूलाई बस्न लगाए; पुरुषहरू प्रायः पाँच हजार थिए; स्त्रीहरू र केटाकेटीहरू कति थिए, सो गन्ती गरिएन। त्यसपछि उहाँले धन्यवाद दिनुभयो र रोटीहरू भाँच्नुभयो र चेलाहरूलाई रोटीका टुक्राहरू दिँदै गर्नुभयो। अनि उनीहरूले यी रोटीहरू मानिसहरूको बीचमा बाँड़े। सबै मानिसहरूका निम्ति खानेकुराहरू प्रशस्त भए। मानिसहरूले खाइ-सकेपछि शुरुको पाँच रोटीभन्दा अति नै धेरै रोटीका टुक्राहरू उब्रेका थिए। उब्रेका टुक्राहरूले एक-एक चेलाका निम्ति एक डाला हुने गरी बाह्र डालाहरू भरिए। बिचरा, यस अचम्मको कामको विषयमा आफ्ना नकार्ने तर्कहरू र भनाउँदा स्पष्टीकरणहरू पेश गर्नेहरू आफ्ना कुराले किताबहरू भरिदिन्छन्, र भद्रगोलबाहेक यसबाट असल केही पनि निस्केको छैन।

यस घटनामा प्रभुका चेलाहरूका निम्ति ठूलो महत्त्व छ, जसको जिम्मेवारीचाहिँ सारा संसारभरि सुसमाचार पुर्‍याउनु हो। यी पाँच हजार मानिसहरूले जीवनको रोटी खान नपाएर नाश हुन लागेको मानव जातिलाई सङ्केत गर्छन्। अनि यी बाह्रजना चेलाहरूले सहाराहीन इसाईहरूलाई सङ्केत गर्छन्, जसका स्रोतहरू सीमित छन्, जो आफूसँग भएको चीज अरूसँग बाँड्न तयार छैनन्। प्रभुको जुन आज्ञा छः 'तिमीहरूले नै यिनीहरूलाई खान देओ', त्यो आज्ञाचाहिँ महान् आज्ञाको परिभाषा हो।

अनि यस घटनाबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः आफूसँग भएको थोक हामीले प्रभु येशूलाई दिनुपर्छ। यदि हामीले आफूसँग भएको थोक उहाँलाई दियौं भने उहाँले आत्मिक भोक लागेका भीड़का मानिसहरूलाई पुग्ने गरी त्यो कुरा धेरै गुणा बढ़ाउनुहुनेछ। त्यो सुनको औंठी के, त्यो बीमा-पत्र के, त्यो बैङ्कको खाता के, ती व्यावाम वा खेलकुदका समाग्रीहरू आदि कुराहरू के ? के ती चीजहरू, उदाहरणका निम्ति, सुसमाचारका पर्चापर्चीहरू र पुस्तकपुस्तिकाहरूमा खर्च गरिने सुयोग्य थोकहरू होइनन् र ? फलस्वरूप मानिसहरूले मक्ति पाउनेछन्, जसले अनन्त-अनन्तसम्म परमेश्वरको थुमालाई दण्डवत् गर्नेछन् र उहाँलाई निरन्तर धन्यवादका बलिहरू चढ़ाउनेछन्।

ख्रीष्ट-विश्वासीहरूले आफूलाई र आफूसँग भएका सबै कुराहरू ख्रीष्ट येशूको हातमा सुम्पिदिएका भए यस पुस्ताभित्र तिनीहरूले सारा संसारभरिका मानिसहरूकहाँ सुसमाचार पुऱ्याउन सक्नेथिए। योचाहिँ प्रभु येशूले पाँच हजार मानिसहरूलाई खुवाउनुभएको घटनाबाट सिक्ने चिरकालीन पाठ हो।

## थ) लूका ९:१८-२२: पत्रुसको महान् अङ्गीकार

**लूका ९:१८:** प्रभु येशूले भीड़का मानिसहरूलाई अघाउन्जेलसम्म खुवाउनु मात्र भएको थियो, जब पत्रुसले सिजरिया फिलिप्पीमा ख्रीष्ट येशूको विषयमा त्यो स्मरणीय अङ्गीकार गरे। के पाँचवटा रोटी र दुईवटा माछा लिएर देखाइएको प्रभु येशूको यस आश्चर्यकर्मले उहाँका चेलाहरूका आँखाहरू खोल्यो, र उनीहरूले प्रभु येशूको महिमा, परमेश्वरको अभिषिक्त जनको महिमा देख्न सके ?

सिजरिया फिलिप्पीमा घटेको घटनाचाहिँ मुक्तिदाता प्रभुले आफ्ना बाह्रजना चेलाहरूलाई शिक्षा-तालिम दिनुभएको युगसन्धि मानिन्छ। यहाँसम्म उहाँले उनीहरूलाई धीरजसित अगुवाइ गर्दै लानुभयो र आफूलाई उनीहरूकहाँ चिनाउनुभयो; अनि ती गुणग्राही चेलाहरूले उहाँ को हुनुहुन्छ, सो चिन्न र जान्न सके र उहाँले उनीहरूमा र उनीहरूद्वारा के-के गर्न

सक्नुहुन्छ, सो बुझ्न सके। उहाँको यो उद्देश्य पूरा भयो; अबदेखि चाहिँ क्रूस आफ्नो लक्ष्य बनाएर उहाँ निश्चयतासाथ त्यहाँतिर अघि बढ्नुहुन्छ।

प्रभु येशूले एकलै प्रार्थना गर्नुभयो। पवित्र बाइबलमा उहाँले चेलाहरूसँग प्रार्थना गर्नुभएको कुनै वर्णन छैन। उहाँले उनीहरूका निम्ति प्रार्थना गर्नुहुन्थ्यो। उहाँले उनीहरूको उपस्थितिमा प्रार्थना गर्नुहुन्थ्यो। अनि उहाँले उनीहरूलाई प्रार्थना गर्न सिकाउनुहुन्थ्यो। तर प्रार्थना गर्नुचाहिँ – उहाँले आफ्नो प्रार्थना उनीहरूको प्रार्थनाबाट अलग रहेर गर्नुहुन्थ्यो। यहाँ, यस खण्डमा उहाँले एकलै प्रार्थनामा केही समय बिताउनुभएपछि उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयोः 'जनसाधारण मानिसहरू मेरो विषयमा के भन्छन्?'

**लूका ९:१९-२०:** अनि उनीहरूले आफूले जाने-बुझेअनुसार उहाँलाई यस प्रकारले जवाफ दिएः 'कतिजनाको विचारमा तपाईं बप्तिस्मा दिने यूहन्ना हुनुहुन्छ, अनि अरू मानिसहरूका आँखामा तपाईं एलिया हुनुहुन्छ। अनि अझै पनि अरू मानिसहरू छन्, जसको नजरमा तपाईं पुरानो नियमका भविष्यवक्ताहरूमध्ये कुनै एकजना हुनुहुन्छ, जुन भविष्यवक्ता बौरिउठेका छन्।' तर अब उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयोः 'अनि तिमीहरूका आँखामा म को हुँ त?' तब पत्रुसले पूरा निश्चयतासाथ स्वीकार गरेः *'तपाईं परमेश्वरको ख्रीष्ट हुनुहुन्छ।'*

श्री जेम्स् स्टूवर्टले सिजरिया फिलिप्पीको घटनाको विषयमा साह्रै राम्रो टिप्पणी गरेका छन्, जसको उद्धरण हामी यहाँ पूरा दिन चाहन्छौंः

> 'प्रभु येशूले आफ्नो कुरा शुरु गर्दा आफ्ना चेलाहरूलाई तिनीहरू कसैसँग सम्बन्ध नराख्ने एउटा सामान्य प्रश्न सोध्नुभयोः "मानिसहरूले मलाई को भएको भन्छन्?" अनि यस प्रश्नको उत्तर दिन अलिकति पनि गाह्रो थिएन; किनभने चारैतिर मानिसहरूले उहाँको विषयमा चर्चा गरिरहेका थिए। उहाँको विषयमा सुन्नमा आएका विचारहरू थुप्रै थिए। मानिसहरूको बीचमा प्रसारित होहल्ला र रायहरू किसिम-किसिमका थिए। येशू सबै मानिसहरूको मुखमा हुनुहुन्थ्यो। अनि मानिसहरूले उहाँको कुरा मात्र गर्नु कहाँ हो र? तिनीहरूले त उहाँको विषयमा ठूला-ठूला कुराहरू पो गर्दथे। कतिजनाको विचारमा, उहाँ बप्तिस्मा दिने यूहन्ना हुनुहुन्थ्यो, जो मरेकाहरूबाट बौरिउठेछन्। अरू

मानिसहरूका निम्ति उहाँ एलियाजस्तै हुनुहुन्थ्यो। अनि अझै पनि अरू मानिसहरू थिए, जसको रायअनुसार उहाँ यर्मिया अथवा भविष्यवक्ताहरूमा कुनै एकजना हुनुहुन्थ्यो। अर्को शब्दमा भन्नु हो भने, प्रभु येशूको विषयमा मानिसहरूको बीचमा एक मत नभए पनि तिनीहरू सबैले उहाँलाई एक महान् व्यक्ति सम्झे। यहूदी जातिको महापुरुषहरूमा उहाँको गन्ती पनि आयो।

यहाँ सम्झना गर्नु लायकको कुरा के हो भने, यस विषयमा आज इतिहास फेरि एकपल्ट दोहोरिन्छ; किनकि यी दिनहरूमा प्रभु येशू फेरि पनि सबै मानिसहरूको मुखमा हुनुहुन्छ। वर्तमान समयमा उहाँको विषयमा चलिरहेको चर्चा-परिचर्चा ख्रीष्टको मण्डलीभित्र मात्र सीमित रहँदैन। अनि उहाँको विषयमा मानिसहरूका रायहरू हजार छन्। इटालीको दार्शनिक जोवन्नी पपिनीका निम्ति उहाँ महाकवि हुनुहुन्छ (इस्वी संवत् १८८१-१९५६)। यू.एस.ए.को लेखक ब्रूस एफ. बार्टनका निम्ति उहाँ एक महान् कार्यकर्ता हुनुहुन्छ (इस्वी संवत् १८८६-१९६७)। अनि ब्रिटिश लेखक जोह्न मिड्लटन मर्रीका निम्ति उहाँ रहस्यमय महाऋषी हुनुहुन्छ (इस्वी संवत् १८८९-१९५७)। पवित्र धर्मशास्त्रसम्मत नभएका मानिसहरूले पनि प्रभु येशूलाई सान्तहरूको मूर्तिमान् आदर्शको रूपमा लिन्छन् र उहाँलाई सबै युगका नैतिकतामा अग्रसर हुनेहरूका नेतृत्व गर्ने नायकको रूपमा मान्छन्। यस विषयमा इस्वी १८०६-७३ सालमा जिउने दार्शनिक श्री जोह्न स्टूवर्ट मिल्लले यसो भनेः "अहिले पनि सद्गुणको स्वर्ण-नियमको उच्च सिद्धान्त व्यवहारमा उतार्न खोज्ने इसाई-अइसाई मानिसका निम्ति ख्रीष्ट येशूले अनुमोदन गर्नुभएको जीवन जिउने तरिकाभन्दा उत्तम आदर्श पाउन गाह्रो पर्ला।" प्रभु येशूको पुस्ताका मानिसहरूले उहाँलाई बप्तिस्मा दिने यूहन्ना, एलिया, यर्मिया ठान्थे भने वर्तमान समयका मानिसहरू पनि मान्न तयार छन्ः हो, येशूजस्तै महापुरुष, उहाँजस्तो पवित्रजन यस संसारमा कहिल्यै जिएको छैन। उहाँ नै सबैभन्दा सर्वश्रेष्ठ व्यक्ति हुनुहुन्छ।

मानिसहरूले उहाँलाई बप्तिस्मा दिने यूहन्ना, एलिया, यर्मिया सम्झन्थे; तर मानिसहरूको यस उच्च रायसित प्रभु येशू खुशी हुनुहुन्नथियो। किनभने यसरी तिनीहरूले उहाँलाई अरू भविष्यवक्ताहरूको स्तरमा राखे। यसको मतलब यो हो, कि उहाँ आउनुभन्दा अगाड़ि कोही-कोही थिए, अनि उहाँसित समान भएकाहरू पनि छन्। अनि मानौं उहाँ तिनीहरूमध्ये सर्वप्रथम र सर्वोच्च हुनुभए

पनि यस विषयमा कुरा एउटै होः यसरी उहाँ पनि समान भएकाहरूमध्ये केवल प्रथम हुनुहुन्छ। तर नयाँ नियममा ख्रीष्ट येशूले दाबी गर्नुभएको कुरा अर्कै हो। ख्रीष्ट येशूले गर्नुभएको दाबी मानिसहरूले मानून् कि नमानून्, तर उहाँको दाबी रहन्छ; अनि उहाँले दाबी गर्नुभएको कुरामा कुनै शङ्का छैन। मत्ती १०:३७, ११:२७ र २४:३५; यूहन्ना १०:३० र १४:६ पदहरू यसका निम्ति उदाहरण हुन्। उहाँ अपूर्व, उहाँ अद्वितीय, उहाँ अनुपम, उहाँ अतुल्यनीय हुनुहुन्छ। यो उहाँको दाबी हो।' 27)

**लूका ९:२१-२२:** पत्रुसले प्रभु येशूलाई 'ख्रीष्ट' भनेर स्वीकार गरे। यो एक ऐतिहासिक अङ्गीकार थियो। तिनको यो अङ्गीकार सुन्नुभएपछि प्रभु येशूले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयोः 'तिमीहरूले यो कुरा अरू कसैलाई नभन्नू ल!' अब कुनै कुराले उहाँको क्रूसमा जाने बाटो छेक्नुहुँदैनथियो। त्यसपछि मुक्तिदाता प्रभुले तिनीहरूलाई आफ्नो निकट भविष्यमा के-के घटनाहरू घट्नुपरेको थियो, सो कुरा भन्नुभयो। उहाँले धेरै दुःखहरू भोग्नुपरेको थियो; इस्राएलीहरूका धर्मनेताहरूले उहाँलाई तिरस्कार गर्नेछन्; उहाँ मारिनुपरेको थियो र तेस्रो दिनमा बौरिउठ्नुपरेको थियो। यो कस्तो-कस्तो पूर्वसूचना थियो?! हामी यो कुरा पनि नभुलौंः यी शब्दहरू पापरहित, धर्मी मानिसका शब्दहरू हुन्; उहाँजस्तो पवित्र, उहाँजस्तो धर्मी व्यक्ति अरू कोही पृथ्वीको शुरुदेखि अहिलेसम्म आएको छैन। यी शब्दहरू इस्राएली जातिको साँचो ख्रीष्टका शब्दहरू हुन्। यी शब्दहरू देहधारी परमेश्वरका शब्द हुन्। भरपूर जीवन, सिद्ध जीवन, परमेश्वरको इच्छाअनुसार जिउने मानिसको आज्ञाकारी जीवनमाथि पनि किसिम-किसिमका दुःखकष्ट, तिरस्कार र मृत्यु आइपर्छ-आइपर्छ। यी शब्दहरू यसका निम्ति साक्षी हुन्। अनि त्यसपछि मृत्युसम्म आज्ञाकारी हुने व्यक्तिलाई अमर जीवनका निम्ति बौराइनेछ। अरू मानिसहरूका निम्ति बलिको रूपमा खर्चिएको जीवन यस्तो हुन्छ।

निस्सन्देह, ख्रीष्ट येशूको यस भूमिकासित मानिसहरूको विचारले के मेल खान्थ्यो र? तिनीहरूको सोच एकदम फरक थियो, उल्टो थियो। तिनीहरूले तरवार चलाउने सेनापतिको बाटो हेरिरहेका थिए, जसले तिनीहरूका शत्रुहरूलाई नाश गर्छन्। यस पूर्वसूचनाबाट उहाँका

चेलाहरूलाई पनि निक्कै घत लागेको हुनुपर्छ। तर यदि प्रभु येशू उनीहरूले स्वीकार गरेका परमेश्वरको ख्रीष्ट हुनुभयो भने उनीहरूलाई निराश हुने कुनै कारणै छैन। उनीहरूको सपना भङ्ग भएकै छैन। उहाँ परमेश्वरको अभिषिक्त जन हुनुभयो भने उहाँ कहिल्यै विफल हुनुहुन्न-थियो; उहाँले आफ्नो काम पूरा गरेर छाड्नुहुनेथियो। उहाँमाथि वा उनीहरूमाथि जेजस्तो कुरा आइपरे पनि उहाँहरू विजेता हुनुहुनेथियो। ख्रीष्टको विजय अनिवार्य हुनेथियो, उहाँको राज्य अवश्य आउने नै थियो। एक दिन उहाँको दाबी नभन्दै वास्तविकतामा परिणत हुने-थियो।

## द) लूका ९:२३-२७: क्रूस उठाएर बोक्ने निम्तो

**लूका ९:२३:** प्रभु येशूले आफ्नो निकट भविष्यमा आफूमाथि आइपर्ने घटनाक्रम पेश गर्नुभएपछि उहाँले आफ्ना चेलाहरूलाई उहाँको पछि आउने निम्तो दिनुभयो। उहाँको पछि लाग्दा आफूलाई इन्कार गर्नु र आफ्नो क्रूस उठाउनु अनिवार्य थियो। आफूलाई इन्कार गर्नु भनेको आफ्नो मानमानी वा आफ्नो खुशीअनुसार नगरेर आफ्नो जीवनको हरेक क्षेत्रमा उहाँको प्रभुत्व स्वीकार गर्नु हो। अनि आफ्नो क्रूस उठाउनु भनेको आफ्नो राजीखुशीले उहाँको जस्तो जीवन अपनाउनु हो; उहाँको जस्तो जीवन अपनाउँदा निम्न कुराहरू समावेश हुन्छन्:

**क)** आफ्ना प्रियजनहरूबाट विरोध र प्रतिरोध आउन सक्छ।

**ख)** संसारका मानिसहरूले निन्दा गर्छन्।

**ग)** घर-परिवार, जग्गाजमिन, जीवनका सुखहरू र सुविधाहरू परित्याग गर्नुपर्ला।

**घ)** जीवन-निर्वाहका निम्ति परमेश्वरमाथि पूरा भर पर्नुपर्छ।

**ङ)** पवित्र आत्माको अगुवाइअनुसार चल्नुपर्छ।

**च)** लोकप्रिय नभएको सुसमाचार प्रचार गर्नुपर्छ।

**छ)** जीवनको यात्रामा एकलोपनाको अनुभव गर्नु छ।

**ज)** धर्मनेताहरूबाट विभिन्न हमलाहरू सामना गर्नुपर्छ ।

**झ)** धार्मिकताका निम्ति दुःख भोग्नुपर्छ ।

**ञ)** निन्दा र अपमान आइपर्छ ।

**ट)** अरू मानिसहरूको सेवामा आफ्नो जीवन खर्च गर्नुपर्छ ।

**ठ)** आफ्नो स्वार्थप्रति र संसारप्रति मर्नुपर्छ ।

तर यति मात्र कहाँ हो र ? नकारात्मक कुराहरू छँदै हामीले वास्तविक जीवन पाउनुपर्छ र त्यसलाई बलियो गरी पक्रिराख्नुपर्छ । हाम्रो अस्तित्वको खास उद्देश्य भेट्टाउनु यस भनाइको अर्थ हो । अनि अनन्त इनाम प्राप्त गर्नु यसको मतलब पनि हो । तर हामी क्रूस उठाएर बोक्ने जीवनबाट स्वभावतः पछि हट्छौं । हाम्रो जीवनका निम्ति यो नै परमेश्वरको इच्छा हुन्छ भन्ने कुरा हामी मान्न तयार छैनौं, हामी विश्वास गर्न इच्छुक छैनौं । तर *'जसकसैले मेरो पछि आउने इच्छा गर्छ, उसैले ...'* भन्ने ख्रीष्ट येशूका यी शब्दहरूबाट स्पष्ट के बुझिन्छ भने कसैका निम्ति पनि आफ्नो क्रूस नउठाउन बहाना गर्ने ठावैं रहेन, कसैलाई यसबाट छूट छैन ।

**लूका ९:२४:** आफूलाई बचाउने हाम्रो स्वभाव हो । यसैले हामीले आफ्नो स्वार्थ, आफ्नो आत्मसन्तुष्टि, आफ्नो नित्यक्रम आदि कुराहरू अगाड़ि राखेर एक मुट्ठी जिन्दगीका निम्ति आफ्नो प्राण बचाउन खोजिरहेका छौं । यसरी हामीले घाम वा आगो तापेझैं सुखचैन, ऐस-आराम, सुविधाहरूले युक्त र फुर्सतै-फुर्सतले भरिएको जीवनको न्यानो अनुभव गर्न सक्छौं होला; अनि यसरी हामीले सायद आफ्ना भोग-विलासाहरू र आफ्नो शरीरका अभिलाषाहरू पूरा गर्न पाउँछौं होला; तर यस वर्तमान समयका निम्ति जिएर र केही वर्षसम्म एक नकली सुरक्षाका निम्ति आफ्ना सर्वोत्तम तोड़ाहरू संसारसित साटेर हामीले क्षणिक आनन्द लुटिरहेका हौंला । तर यसो गर्नाले हामीले आफ्नो जीवन गुमाइपठाउँछौं, अर्थात् आफ्नो जीवनको खास लक्ष्य र निसानादेखि चुकिजान्छौं, झन् अर्थपूर्ण जीवनको गहन आत्मिक आनन्द उपभोग गर्ने कुरा परै जाओस् !

तर यतापट्टि अर्को किसिमको जीवन पनि छ । हामी राजीखुशीले मुक्तिदाता प्रभुका निम्ति आफ्नो जीवन गुमाउन सक्छौं । हामीले आफ्ना

स्वार्थ र उच्च आकाङ्क्षाहरू त्याग्दा, परमश्वरको राज्य र उहाँको धार्मिकता पहिले खोज्दा, आफूलाई प्रभु येशूको हातमा पूरा समर्पण गर्दा मानिसहरूले हामीलाई मूर्ख ठान्लान्। तर यस प्रकारको त्यागपूर्ण जीवन वास्तवमा खास जीवन हो। यस किसिमको जीवनमा आनन्द छ, निश्चिन्त छ र आन्तरिक तृप्ति छ, यसको बयान गरेर साध्य छैन।

**लूका ९ः२५ः** यहाँ, यस खण्डमा मुक्तिदाता प्रभुले बाह्रजना चेलाहरूसित कुरा गर्दै हुनुहुन्थ्यो। उनीहरूसँग कुरा गर्दा उहाँलाई के याद भयो भने, उनीहरूका निम्ति भौतिक धनसम्पत्तिको लोभचाहिँ आफूलाई पूर्ण रूपले समर्पण गर्नदेखि रोक्ने ठूलो बाधा पो हुन्छ कि? यसकारण उहाँले भन्नुभएको कुराको परिभाषा यस प्रकारको छः 'मानौं, तिमीहरूले सारा संसारको सुन र चाँदी थुपार्न सकौला, सबै भूसम्पत्तिहरू, सबै सेयरहरू र सबै ऋणपत्रहरू तिमीहरूको हातमा आउलान्, साथै भौतिक मूल्यवान् वस्तुको जुनसुकै होस्, त्यो सबका सब तिमीहरूकै होला। अनि यी सबै थोकहरू प्राप्त गर्ने भरमग्दुर धुनमा तिमीहरूले जीवनको खास लक्ष्य र उद्देश्य गुमाइपठायौ भने तिमीहरूलाई के फाइदा भयो त, मलाई भन! थोरै समयका निम्ति यी सबै थोकहरू तिमीहरूका होलान्, तर त्यसपछि तिमीहरूले यी थोकहरू सधैंका निम्ति छोड्नुपर्छ। यी थोकहरू त खेलबाड़का व्यर्थ, नाशवान् सामग्रीहरू मात्र हुन्, जसका निम्ति तिमीहरूले यो छोटो, एउटै मात्र जीवन साटिरहेका छौ। यस प्रकारको लेनदेन पागलपन हो।'

**लूका ९ः२६ः** आफूलाई पूर्ण रूपले ख्रीष्ट येशूको हातमा समर्पण गर्नदेखि रोक्ने अर्को बाधा पनि छः उहाँको लाज मान्ने डर। आफ्नो सृष्टिकर्तादेखि लाज मान्नु उहाँको सृष्टिको जुनै प्राणीका निम्ति लाजमर्दो कुरा हो, अँ, बिलकुल असंगत र बेसमझको कुरा हो। के कुनै पापी मानिसलाई आफ्ना मुक्तिदाताको लाज मान्न सुहाउँछ? तर यस सम्बन्धमा हामीमध्ये को निर्दोष होला? प्रभुको नाम लिनदेखि मानिसलाई लाज लाग्नु सम्भव छ। यसकारण प्रभु येशूले यसको विरोधमा हामीलाई गम्भीर चेताउनी दिनुभयो। लाजमा पर्नुपर्छ भन्ने डरले चमेराजस्तो यता पनि ठिक्कै, उता पनि ठिक्कै हुने नामधारी इसाई जीवन यापन गर्‍यौं भने

मानिसको पुत्र आफ्नो महिमा, आफ्नो पिताको महिमा र पवित्र दूतहरूको महिमामा आउनुहुँदा उहाँ पनि हामीदेखि लजाउनुहुनेछ। उहाँको दोस्रो आगमनको महिमा त्रिगुणी गौरवले युक्त महिमा हो। यसर्थ वर्तमान समयमा जुन अपमान वा जुन निन्दा हामी उहाँका निम्ति सहन्छौं, त्यो अपमान वा त्यो निन्दा त्यस बेलामा उहाँको दोस्रो आगमनको तीव्र महिमाको ज्योतिमा अति सूक्ष्म देखा पर्नेछ; अनि यसको तुलनामा वर्तमान समयमा उहाँलाई स्वीकार नगर्नेहरूको लाज कत्रो हुनेछ होला ? यहाँ प्रभुको वचनको जोड़ यसैमा छ।

**लूका ९ः२७ः** उहाँले आफ्नो दोस्रो आगमनको महिमा आफ्नो मुखमा लिनासाथ यस कुरासित निम्न कुरा जोड़नुपर्छः उहाँको सामु उभिरहेका उहाँका चेलाहरूमध्ये कोही छन्, जो परमेश्वरको राज्य देखेरै मर्नेछन्। यो यस पदमा दिइएको उहाँको पूर्वजानकारी हो, जुन जानकारीका शब्दहरू लूका ९ः२८-३६ पदको खण्डमा कुनै एक पहाड़माथि उहाँको रूप परिवर्तन भएको घटनामा पूरा भए। अनि परमेश्वरको राज्य देखेर मर्ने चेलाहरू पत्रुस, याकूब र यूहन्ना थिए। त्यस पहाड़माथि उनीहरूले जे देखे, त्यस दृश्यबाट उनीहरूले पृथ्वीमाथि स्थापित गरिने उहाँको राज्यको महिमा कस्तो हुँदो रहेछ, सो पूर्व-दर्शन पाए। वास्तवमा पत्रुसले आफ्नो दोस्रो पत्रमा यही भनेका छन्ः

*'किनकि जब हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको प्रताप र आगमनको विषयमा जानकारी दियौं, तब हामीले चतुऱ्याइँसित रचिएका दन्त्यकथाहरूको अनुसरण गरेनौं; तर हामीले उहाँको प्रताप आफ्नै आँखाले देखेका थियौं। किनकि जब प्रतापमय महिमाबाट "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु" भन्ने वाणी उहाँकहाँ आयो, तब उहाँले परमेश्वरबाट आदर र महिमा पाउनुभयो। अनि त्यस पवित्र पहाड़माथि उहाँसँग हुँदाखेरि हामीले स्वर्गबाट आएको त्यो वाणी सुन्यौं।'*

२ पत्रुस १ः१६-१८

यस खण्डमा तपाईंले प्रभु येशूको शिक्षाको प्रसङ्ग कति राम्रोसँग मिलेको छ, सो कुरामा ध्यान दिनुहोला। भर्खर उहाँले आफ्नो तिरस्कार, कष्ट र मृत्युको पूर्व-जानकारी दिनुभयो। अनि उहाँले आफ्ना

चेलाहरूलाई आफ्नो पछि लाग्ने बोलावट दिनुभयो; अनि यस प्रकारको जीवन आत्मत्याग, दुःखकष्ट र बलिदानहरूले युक्त जीवन थियो । अनि अहिले उहाँले तिनीहरूलाई यसो भन्नुहुन्छः 'तर याद गरः तिमीहरूले मसँग दुःख भोग्यौ भने तिमीहरूले मेरो साथमा राज्य पनि गर्ने नै छौ । क्रम यस प्रकारको छः पहिले क्रूस आउँछ, त्यसपछि महिमा । अनि तिमीहरूले जुन मूल्य चुकाउनुपरेको छ, त्यस मूल्यको तुलनामा तिमीहरूको इनाम अपरिमेय छ ।'

## ध) लूका ९ः२८-३६ः मानिसको पुत्रको रूप परिवर्तन भएको

**लूका ९ः२८-२९ः** आठ दिनपछिको कुरा होः पत्रुस, याकूब र यूहन्नालाई लिएर प्रभु येशू प्रार्थना गर्न एउटा पहाड़माथि चढ्नुभयो । त्यस पहाड़को अवस्थिति अज्ञात छ । हुन सक्छ, त्यो पहाड़ हर्मोन पहाड़ थियो कि ? यो सम्भव छ; किनभने हर्मोन पहाड़ अग्लो छ, र त्यसको टुप्पा सदैव हिउँले ढाकिएको हुन्छ ।

प्रभु येशूले प्रार्थना गर्दै हुनुहुन्थ्यो; अनि उहाँको बाहिरी रूप बदली हुन थाल्यो । अनि यो एक अकाट्य सत्यता होः प्रार्थनाले धेरै कुराहरू बदल्छ; प्रार्थनाद्वारा प्रार्थना गर्ने मानिसको अनुहार बदली हुन्छ-हुन्छ। येशूको अनुहार सूर्यजस्तै चम्किलो भयो, अनि उहाँको वस्त्र आँखाहरू तिरमिर पार्ने सेतो भयो। हामीले यस विषयमा अघि भनिसकेका छौंः यो दृश्यचाहिँ आउँदो युगमा उहाँको राज्यमा उहाँको महिमा यस्तै हुनेछ भन्ने पूर्व-दर्शन हो । प्रभु येशू यस पृथ्वीमा उपस्थित हुने बेलामा उहाँको महिमा प्रायः उहाँको शरीररूपी घुम्टोले ढाकिएको थियो । उहाँ विनम्र र विनीत हुनुहुन्थ्यो; किनभने उहाँले एउटा दासको रूप धारण गर्नुभएको छ। तर हजार वर्षको राज्यमा उहाँको महिमा पूरा रूपले प्रकट हुनेछ। सबै मानिसहरूले उहाँलाई आफ्नो सारा गौरव र प्रतापमा देख्नेछन् ।

यस सन्दर्भमा श्री डब्ल्यू. एच. रोजर्सले आफ्नो स्तरीय टिप्पणी गरेका छन्ः

'प्रभु येशूको रूप-परिवर्तनमा हामी उहाँको भविष्यतः राज्यका सबै प्रमुख भूमिका खेल्ने मानिसहरूको लघुरूप देख्छौं, जसरी ती मानिसहरू एक दिनमा प्रकट हुनेछन्। पहिले हामी प्रभु येशूलाई महिमाको वस्त्रमा सुसज्जित हुनुभएको देख्छौं, दासको विनम्र थाङ्नारूपी पहिरनमा होइन। त्यसपछि हामी मोशालाई महिमित अवस्थामा देख्छौं; उनले ती नयाँ जन्म पाएका विश्वासीहरूलाई सङ्केत गर्छन्, जो मृत्यु सहेर परमेश्वरको राज्यमा प्रवेश गर्छन्। अनि हामी महिमित एलियालाई देख्छौं, जसले ती मुक्ति पाएका विश्वासीहरूलाई सङ्केत गर्छन्, जो जिउँदै आकाशमा उठाइलगीकन परमेश्वरको राज्यभित्र प्रवेश गर्छन्। अनि यी तीनजना चेलाहरू पत्रुस, याकूब र यूहन्ना त्यहाँ छन्; यिनीहरूको महिमित अवस्था छैन। यिनीहरू ती इस्राएलीहरूको प्रतिनिधि हुन्, जुन इस्राएलीहरू हड् र मासुको शरीर भएको अवस्थामा हजार वर्षको राज्यमा जिउनेछन्। अनि यस पहाड़को फेदमा भएका भीड़का मानिसहरूले अन्यजातिका मानिसहरूलाई सङ्केत गर्छन्, जसले परमेश्वरको राज्यको स्थापना भएपछि त्यसभित्र प्रवेश गर्नेछन्।' 28)

**लूका ९:३०-३१:** मोशा र एलियाले प्रभु येशूसँग उहाँको प्रस्थानरूपी मृत्युको कुरा गरे, जुन प्रस्थान उहाँले यरूशलेममा पूरा गर्न लाग्नुभएको थियो। याद गर्नुहोस्: उहाँको मृत्यु पूरा हुने एउटा काम हुँदो रहेछ। अनि मृत्यु एउटा प्रस्थान मात्र हो। मृत्युद्वारा मानिसको अस्तित्व मेटिँदैन, तर मानिस एक ठाउँदेखि अर्को ठाउँमा प्रस्थान पो गर्छ।

**लूका ९:३२-३३:** यो सबै भइरहेको बेलामा यी चेलाहरू निद्राले लट्ठ भएका थिए। यस विषयमा बिशप राइलले यसो भनेका छन्:

'सम्झना रहोस्: यहाँ प्रभुको महिमाको दर्शन हुँदा निदाएका यी चेलाहरू गेत्समनीको बगैंचामा उहाँको भारी सङ्घर्षमा पनि सुतिरहेका हुनेछन्। यो मासु र रगतको शरीर बदलेर मात्र स्वर्गभित्र प्रवेश गर्न सक्दो रहेछ। यो जरुरी हो। हाम्रो यो तुच्छ, कमजोर शरीर न ख्रीष्ट येशूसित उहाँको परीक्षाको घड़ीमा सचेत रहन सक्यो, न उहाँसित उहाँको महिमित रूप-परिवर्तनमा जागा रहन सक्यो। निश्चय स्वर्गको आनन्द उपभोग गर्न सक्नलाई हाम्रो शरीरको बनावटमा ठूलो परिवर्तन आउनैपर्छ।' 29)

जब यी चेलाहरू बिउँझे, तब यिनीहरूले ख्रीष्ट येशूको तेजिलो अनुपम महिमा देखे। यस घटनाको पवित्र दृश्य अमर तुल्याउने उद्देश्यले

पत्रुसले तीनवटा डेराहरू वा तम्बूहरू बनाउने सल्लाह दिएः पहिले येशूको सम्मानका निम्ति एउटा, त्यसपछि मोशाका निम्ति एउटा र एलियाका निम्ति एउटा । तर तिनको यो विचार होशको फल होइन, तर जोशको फल थियो ।

**लूका ९ः३४-३६ः** यिनीहरूलाई चारैतिरबाट ढाकिरहेको बादलबाट परमेश्वरको आवाज सुनियो। यस वाणीमा परमेश्वरले प्रभु येशूलाई आफ्नो प्रिय पुत्रको रूपमा स्वीकार गर्नुभयो। उहाँले यी चेलाहरूलाई आफ्नो पुत्र येशूको कुरा सुन्न र उहाँको आज्ञापालन गर्ने आदेश दिनुभयो। यो वाणी सक्नेबित्तिकै मोशा र एलिया पनि अल्पिए र प्रभु येशू त्यहाँ एकलै उभिनुभएको थियो। अनि परमेश्वरको राज्यमा कुरा पनि यस्तै हुनेछः उहाँले सबै कुराहरूमा पहिलो स्थान पाउनुहुनेछ। उहाँले आफ्नो महिमा अरू कसैसँग बाँड़चूड़ गर्नुहुनेछैन।

यी चेलाहरू त्यस पहाड़बाट फर्कंदैथिए, तर यस घटनाबाट गहन भयको छाप लागेका यी तीनजनाले यस घटनाको विषयमा अरू कसैलाई भनेनन्।

## न) लूका ९ः३७-४३[क]ः मानिसको पुत्रले दुष्ट आत्मा लागेको ठिटालाई निको पार्नुभयो

**लूका ९ः३७-३९ः** भोलिपल्ट प्रभु येशू र यी तीनजना चेलाहरू त्यस महिमाको दर्शनस्थलरूपी पहाड़बाट फर्कनुभयो र तल मानवीय आवश्यकता भएको फेदीमा पुग्नुभयो। हाम्रो जीवनमा आत्मिक उच्च अनुभवका क्षणहरू आउलान्, तर परमेश्वरले यी उच्च अनुभवहरू दैनिक परिश्रम र खर्चको क्रमले सठीक पारेर सन्तुलनमा ल्याउनुहुन्छ।

प्रभु येशूलाई भेट्न आएका मानिसहरूको भीड़को बीचबाट एकजना चिन्ताले ग्रसित मानिसले आफ्नो सोर उचालेर उहाँलाई दुष्ट आत्मा लागेको आफ्नो छोराका निम्ति विन्ती गर्‍यो, जो उसको एकमात्र छोरा थियो, उसको मुटुको टुक्रा थियो। तब दुष्ट आत्माको जकड़बन्दमा

आफ्नो छोरालाई कक्र्याक-कुक्रुक्क परेको देखेर त्यसको बुबाको हृदयको पीड़ा र आघात असह्य थियो। दुष्ट आत्माका आक्रमणहरू कुनै पूर्व-लक्षणविना अचानक त्यसमाथि आइपर्थ्यो। अनि दुष्ट आत्माको पक्राउमा परेको त्यो ठिटा उच्च सोरले चिच्च्याउँथ्यो, र मुखमा फींज काढ्थ्यो। लछारपछारको डरलाग्दो संघर्षपछि मात्र दुष्ट आत्माले त्यसलाई चोटैचोट परेको हालतमा छोड्थ्यो।

**लूका ९:४०:** हैरानमा परेको त्यो बुबा अघिबाट उहाँका चेलाहरूकहाँ गएको थियो, तर उनीहरूले उसलाई केही सहायता गर्न सकेनन्। किन उहाँका चेलाहरू त्यस ठिटालाई सहायता गर्न असमर्थ थिए? हुन सक्छ, उनीहरू आफ्नो सेवकाइमा नित्यक्रमी भए कि? उनीहरू बढ़ी पेसागत भए कि? सायद, निरन्तर अविराम आत्मिक अभ्यासविना पनि उनीहरू आत्माको भरपूरीमा सेवा गर्न सक्छौं भन्ने सुरमा थिए कि? हुन सक्छ, त्यो ठिटा निको भइहाल्छ नि भनेर उनीहरू अतिविश्वस्त वा अवलिप्त हुने भूलमा परे कि?

**लूका ९:४१:** यस समस्त तमाशामा प्रभु येशू दुःखित हुनुभयो। कुन व्यक्ति विशेषलाई नताकीकन उहाँले भन्नुभयोः 'हे विश्वासहीन र भ्रष्ट पुस्ता!' के चेलाहरू, के भीड़, के ठिटाको बुबा, के तिनीहरू सबका सब, अँ, उहाँले तिनीहरू सबैलाई यसो भन्नुभएको थियो; किनभने यस मानवीय आवश्यकताको सामु तिनीहरू सबै शक्तिहीन थिए, यद्यपि तिनीहरूले उहाँको अनन्त शक्तिका कहिल्यै नसकिने स्रोतहरूबाट आफ्नो खाँचोको पूरा पूर्ति प्राप्त गर्न सक्नेथिए। कहिलेसम्म उहाँ तिनीहरूसँग रहनुपर्ने, कहिलेसम्म तिनीहरूलाई सहनुपर्ने हो? त्यसपछि उहाँले त्यस ठिटाको बुबालाई भन्नुभयोः 'तिम्रो छोरालाई यहाँ मकहाँ ल्याऊ!'

**लूका ९:४२-४३[क]:** त्यो ठिटा प्रभु येशूकहाँ आउँदैथियो; तब दुष्ट आत्माले त्यसलाई पक्र्यो, र त्यसलाई जोड़ले भुइँमा पछार्‍यो। तर यसरी दुष्ट आत्माले आफ्नो शक्तिको प्रदर्शन गर्दा प्रभु येशूलाई के डर लाग्थ्यो र? दुष्ट आत्माको शक्तिले उहाँलाई बाधा के दिन्थ्यो र? मानिसहरूको अविश्वासले पो उहाँलाई बाधा दिएको थियो। उहाँले त्यस अशुद्ध

आत्मालाई निकाल्नुभयो। उहाँले त्यस केटालाई निको पार्नुभयो र त्यसलाई त्यसको बुबाकहाँ फर्काउनुभयो। मानिसहरू सबै छक्कै परे; किनभने तिनीहरूले यस आश्चर्यकर्ममा परमेश्वरको महाशक्तिले काम गरेको देखे।

## प) लूका ९ः४३[ख]-४५ः मानिसको पुत्रले आफ्नो मृत्यु र बौरिउठाइको पूर्वसूचना दिनुभयो

**लूका ९ः४३[ख]-४४ः** उपरोक्त घटनाबाट उहाँका चेलाहरू कुन निष्कर्षमा आइपुगे भने, उनीहरूको स्वामीले अचम्मका कामहरू गर्दै जानुहुनेछ र अन्तमा सारा इस्राएली जातिले उहाँलाई राजाको रूपमा स्वागत गर्नेछन् अरे। यस प्रकारको सोचाइ अपनाउनदेखि प्रभु येशूले उनीहरूलाई रोकिराख्नुभयो र उनीहरूलाई फेरि एकपल्ट यसो भन्दै सम्झाउनुभयोः *'यी वचनहरू तिमीहरूका कानभित्र पस्न देओ; किनकि मानिसको पुत्र मानिसहरूको हातमा सुम्पिन लागेका छन्'* अर्थात् उहाँ मारिनुपर्छ।

**लूका ९ः४५ः** उनीहरूले यस पूर्वजानकारीको अर्थ किन बुझ्न सकेनन्? किनभने उनीहरूको पूर्वविचारअनुसार ख्रीष्टचाहिँ लोकप्रिय नायक हुनुपरेको थियो। अनि उनीहरूको विचारमा, उहाँको मृत्युचाहिँ उहाँको मिशनमाथि हारको छापको रूपमा मानिलिनुपरेको थियो। मर्नुचाहिँ हार्नु थियो। अनि उनीहरूको यो मिथ्य आशा वा भ्रम यति सुदृढ़ थियो, कि कुनै कुराले पनि यसलाई हल्लाउन सक्दैनथियो, उनीहरूको विचार बदल्ने कुरा परै जाओस्। परमेश्वरले उनीहरूबाट यो सत्यता लुकाउनुभएन, तर एकोहोरे भएर उनीहरूले एउटा नयाँ विकल्प स्वागत गर्न मान्दै मानेनन्। अनि यस कुराको स्पष्टीकरण पाऔं भनेर उनीहरू उहाँलाई यस कुराको विषयमा सोध्न सम्म डराए; हुन सक्छ, कतै उनीहरूका सुर्ताहरूअनुसार कुराहरू हुन जालान् कि भन्ने डरले उनीहरूलाई छोपेको थियो।

## फ) लूका ९ः४६-४८ः परमेश्वरको राज्यमा वास्तविक महानता

**लूका ९ः४६ः** प्रभु येशूका चेलाहरूले परमेश्वरको महिमित राज्य अति चाँड़ै शुरु हुन लागेको आशा गरेका थिए; त्यति मात्र होइन, तर त्यस राज्यमा उनीहरूले ठूला-ठूला पदहरू ओगट्ने कल्पना र आकाङ्क्षा पनि गरे। अनि यति बेलामा उनीहरूमध्ये सबैभन्दा ठूलो को हुने होला भन्ने विषयमा तिनीहरूले आपसमा तर्कवितर्क गरिरहेका थिए।

**लूका ९ः४७-४८ः** अनि उनीहरूको बीचमा चलिरहेको प्रश्न प्रभु येशूलाई थाहा थियो। यसकारण उहाँले एउटा बालकलाई लिएर त्यसलाई आफ्नो छेउमा राख्नुभयो र भन्नुभयोः *'जसले यस बालकलाई मेरो नाममा ग्रहण गर्छ, उसले मलाई ग्रहण गर्छ।'* सरसरी दृष्टिमा यस वाक्य र यी चेलाहरूमध्ये सबैभन्दा ठूलो को हुने विषयमा चलिरहेको प्रश्नको बीचमा सम्बन्ध नरहेको देखिन्छ। तर हामीले झट्टै नबुझेको यसको सम्बन्ध यस प्रकारको छः वास्तविक महानता सानाहरूको वास्तामा, असहायहरूको कल्याण-सेवामा, संसारले अवहेला गरेका तुच्छ, निकृष्ट मानिसहरूको स्याहारमा पो छ। यसकारण जब प्रभु येशूले *'तिमीहरू सबैको बीचमा जो सबैभन्दा सानो छ, उही महान् हुनेछ'* भनेर भन्नुभयो, तब उहाँले त्यस चेलाको विषयमा कुरा गर्नुभयो, जसले केहीजस्तो गन्ती नगरिएको, कुनै महत्त्व नदिइएका, तुच्छ ठानिएका विश्वासीहरूसित सङ्गति गर्नलाई आफूलाई होच्याउँछ।

मत्ती १८ः४ पदमा प्रभु येशूले के भन्नुभयो भने, *'जसले आफूलाई यो सानो बालकजस्तै नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा ठूलो हो।'* अनि यहाँ लूकाको सुसमाचारमा साँचो महानताचाहिँ परमेश्वरका छोराछोरीहरूमध्ये सबैभन्दा निम्न स्तरका, नीच भाइबहिनीहरूसित आफूलाई एक तुल्याउनुमा छ। दुवै मत्तीको सुसमाचारमा र लूकाको सुसमाचारमा मुक्तिदाता प्रभुले स्वयम्ले गर्नुभएझैं हामीलाई नम्रताको स्थान ओगट्ने आदेश दिनुहुन्छ।

## ब) लूका ९ः४९-५०ः मानिसको पुत्रले मत-अन्धा साम्प्रदायिक हुनु मनाही गर्नुहुन्छ।

**लूका ९ः४९ः** जुन प्रकारको व्यवहारको विषयमा प्रभु येशूले भर्खर आफ्ना चेलाहरूलाई शिक्षा दिनुभयो, यहाँको घटना त्यस शिक्षाको विपरीत व्यवहारको नकारात्मक उदाहरण रहेछ। उहाँका चेलाहरूले कुनै एकजना मानिसलाई येशूको नाममा दुष्ट आत्माहरू निकाल्दै गरेको भेट्टाएका थिए। अनि उनीहरूले उसलाई मनाही गरेका थिए; किनभने ऊ उनीहरूको साथमा लाग्दैनथियो। उनीहरूले प्रभुका जनहरूमा एकजनालाई उहाँको नाममा ग्रहण गरेनन्। उनीहरूको मन सानो, सङ्कीर्ण थियो। उनीहरू मत-अन्धा, साम्प्रदायिक थिए। त्यस भाइले दुष्ट आत्माहरू निकालेकोमा उनीहरूले आनन्द पो लिनुपर्नेथियो। उनीहरूले कसैलाई, कुनै समुदाय या संस्थालाई कदापि डाहा गर्नुहुँदैनथियो, जसले उनीहरूले भन्दा बढ़ी काम गर्दथियो, जसले उनीहरूको भन्दा बढ़ी सफलता प्राप्त गरेको थियो। तर यसो हो भने, ख्रीष्टको हरेक चेला होशियार बस्नुपर्छ, र अरूलाई छिः छिः-दूरदूर गर्ने, अरूलाई बाहेक गर्ने चाहनाको घोर विरोध गर्नुपर्छ। कहिलेदेखि आत्मिक शक्तिको एकमात्र पेवा हाम्रो भएको छ? के यशको योग्य हामी मात्र हौं कि क्या हो? सारा श्रेयको योग्य हामी, कसरी?

**लूका ९ः५०ः** प्रभु येशूले यूहन्नालाई भन्नुभयोः *‘उसलाई महानी नगर; किनभने जो हाम्रो विरोधमा छैन, ऊ हाम्रै पक्षमा छ।’* ख्रीष्ट येशू र उहाँको त्राणको कामको सम्बन्धमा हामी निष्पक्ष, तटस्थ हुन सक्दैनौं। हामी कि त उहाँको पक्षमा कि त विपक्षमा छौं। जुन मानिसहरू ख्रीष्टको पक्षमा छैन, ती मानिसहरू उहाँको विरोधमा छन्। तर ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइको सन्दर्भमा हामीले श्री ए. एल. विलियम्सको कुरा याद गर्नुपर्छ, जसले यसो भनेका छन्ः

> ‘गम्भीर, जोशिला ख्रीष्ट-विश्वासीहरूले यो कुरा मनमा राख्नुपर्छः जब कुनै बाहिरको व्यक्तिले ख्रीष्ट येशूको नाममा केही काम गर्छ, तब मोटामोटी

हिसाबले त्यस कुराले उहाँको मिशन-कार्य वा कार्यक्रमलाई साथ दिन्छ। ... प्रभुले दिनुभएको जवाफमा हामी सबैमाथि लागू हुने एक विस्तृत, व्यापक सत्यता पेश गरिएको छः यस पृथ्वीमाथि स्थापित भएको कुनै यस्तो संघ, संस्था वा सङ्गति नै छैन, त्यो जतिकै पवित्र किन नहोस्, जसले ती दिव्य शक्तिहरू आफ्नै निम्ति मात्र दाबी गर्न सक्छ, जुन शक्तिहरूचाहिँ उहाँको नामको सच्चाइसाथ र विश्वासयोग्यतासाथ गरिने प्रयोगदेखि कुनै हालतमा पनि विच्छेद गर्न सकिँदैनन्।’ 30)

# खण्ड ७) लूका ९:५१-११:५४: मानिसको पुत्रले बढ्दै गरेको विरोधको सामना गर्नुपर्छ

## क) लूका ९:५१-५६: समारियाका मानिसहरूले मानिसको पुत्रलाई तिरस्कार गर्छन्

**लूका ९:५१:** उहाँको माथि उठाउने समय नजिक आयो अर्थात् प्रभु येशूको स्वर्गारोहण हुने समय नजिक आइपुगेको थियो। यो उहाँलाई

राम्ररी थाहा थियो । तर क्रूसले स्वर्ग जाने बाटो छेकेको थियो भन्ने कुरा उहाँले पनि जान्नहुन्थ्यो । यसकारण उहाँ दृढ़तासाथ यरूशलेमतिर अघि बढ्नुभयो, जहाँ उहाँको प्रतीक्षामा रहेका जेजति कुराहरू उहाँ सामना गर्न तयार हुनुभएको थियो ।

**लूका ९:५२-५३:** यरूशलेम जाने बाटोमा पर्ने एउटा समारी गाउँ थियो, जसका मानिसहरूले परमेश्वरको पुत्रलाई स्वागत गरेनन् । यी मानिसहरूले उहाँ यरूशलेम जाँदै हुनुहुन्छ भन्ने कुरा जान्दथिए । अनि यही कारणले गर्दा तिनीहरूले उहाँलाई ग्रहण गरेनन् । समारी र यहूदी मानिसहरूको बीचमा ठूलो घृणा थियो । तिनीहरूको जातीयता, तिनीहरूको धर्मान्धता, तिनीहरूको पृथक्तावाद, तिनीहरूको वर्ग-सङ्घर्षबाट चढ़ेको घमण्डले तिनीहरूलाई महिमाको प्रभुलाई ग्रहण गर्न दिएन ।

**लूका ९:५४-५६:** यी समारीहरूको यस अशिष्ट व्यवहारले याकूब र यूहन्नाको रिस उठाइदियो । आकाशबाट आगो बर्साइदिने र ती अपराधीहरूलाई भस्म पार्ने उनीहरूको सल्लाह थियो । तर प्रभु येशूले तत्कालै उनीहरूलाई हप्काउनुभयो । उहाँ मानिसहरूलाई नष्ट गर्न होइन, तर बचाउन आउनुभएको हो । अहिलेचाहिँ परमप्रभुको ग्रहणयोग्य वर्ष चल्दैथियो; यो समय 'हाम्रा परमेश्वरको बदला लिने दिन' थिएन नि । उनीहरूको चरित्र अनुग्रहको स्वाद र गुणले युक्त हुनुपरेको थियो, बदला दिने भावनाले होइन ।

## ख) लूका ९:५७-६२: चेलापनमा आउने बाधाहरू

**लूका ९:५७:** यी पदहरूको खण्डमा हामीले तीनजना व्यक्तिहरूको परिचय पाउँछौं, जसले प्रभु येशूको भावी चेला हुन चाहे । यी तीनजना मानिसहरू चेलापनमा तनमनले प्रवेश गर्न नदिने तीनवटा मुख्य कारणहरू दर्साउने उदाहरण हुन् । पहिलो व्यक्ति प्रभु येशूको पछि लाग्नमा सुनिश्चित, जहाँ पनि जान तयार थियो । उसलाई कुनै बोलावट चाहिँदैनथियो । यसमा उसलाई पूरा हतार लागेको थियो । चेला हुने

प्रस्ताव बिलकुलै उसैबाट आएको थियो। ऊ आत्मविश्वासी थियो, उसको उमङ्ग धेरै थियो। तर चेलापनमा कुनचाहिँ मूल्य चुकाउनुपरेको छ, सो कुरामाथि उसले एकक्षण पनि आफ्नो विचार पुर्‍याएन। यसकारण 'जहाँ पनि म तपाईंकै पछि लाग्छु' भन्नेमा उसले के भन्यो, सो आफूले बुझेको थिएन।

**लूका ९ः५८ः** शुरुमा प्रभु येशूको जवाफ यस मानिसको प्रस्तावसित नमिलेको जस्तै देखिन्छ। तर वास्तवमा यी दुई कुराहरूमा गहिरो सम्बन्ध छ। किनभने प्रभु येशूले भन्नुभएको मतलब यस्तो छः 'मेरो विचारमा, मेरो पछि लाग्नुको खास अर्थ के हो, सो तिमीले जानेका-बुझेका छैनौ। यसको मतलब जीवनका सुख र सुविधाहरू त्याग्नु हो। मेरो आफ्नो घर छैन। यो संसार मेरो विश्रामस्थल होइन। मेरो भन्दा बरु स्यालहरू र चराहरूको सुख धेरै, तिनीहरूको सुरक्षा बढ़ी हुन्छ। ठीक छ, तिमीले मलाई पछ्याउन चाहन्छौ; तर के, के तिमीले तब पनि मेरो पछि लाग्छौ, जब तिमीले यी कुराहरू पनि त्याग्नुपर्छ, जुन कुराहरू अरू मानिसहरूले आफ्ना अनिवार्य, तिनीहरूबाट कहिल्यै खोस्न नहुने हकहरू सम्झेका छन्?' जब हामीले *'मानिसको पुत्रको शिर राख्ने ठाउँधरि छैन'* भन्ने कुरा पढ्छौं, तब हामी 'बिचरा!' भन्दै उहाँसित टिठाउन पुग्छौं। तर टिप्पणीकारहरूमध्ये एकजनाले यसो भनेका छन्ः 'प्रभु येशूलाई हाम्रो दयामाया चाहिँदैन। हामीलाई सात समुद्र पार पठाउने ख्रीष्ट येशूको इच्छा हुँदा हामीलाई जानदेखि रोकिराख्ने आफ्नो घर भएकोमा हामीले आफूलाई टिठाउनुपर्छ।' हामी यस पहिलो मानिसको विषयमा फेरि केही पढ्न पाउँदैनौं। यसबाट हामी के अनुमान लगाउन सक्छौं भने, उसले परमेश्वरको पुत्रको पछि लाग्ने मूल्य चुकाएन; उसले आफ्नो जीवनका सुखसुविधाहरू छोड्न मानेन होला।

**लूका ९ः५९ः** दोस्रो मानिसले चाहिँ ख्रीष्ट येशूको बोलावट पायो। एक प्रकारले ऊ प्रभुको पछि लाग्न तयार थियो; तर त्यहाँ एउटै कुरा थियो, जुन कुरा उसले पहिले गरिछाड्नु थियो। उसले आफ्ना बुबाको दफन गर्न चाहेको थियो। उसले भनेको कुरामा तपाईं ध्यान दिनुहोलाः *'प्रभु, पहिले मलाई ...।'* अर्थात् पहिले म। उसले प्रभु येशूलाई 'प्रभु'

भनेर सम्बोधन त गऱ्यो, तर वास्तवमा उसले आफ्ना इच्छा र चाहनाहरू प्रभुभन्दा अघि, पहिलो स्थानमा राख्यो। 'प्रभु' र 'पहिलो म' एकसाथ भन्नु सुहाउँदैन। यी दुई कुराले आपसमा मेल खाँदैनन्। कि त येशू हाम्रा प्रभु हुनुहुन्छ, कि त हामी पहिलो स्थानमा हुन्छौं। यी दुईमा हामीले एउटा कुरा रोज्नुपर्छ।

उसको बुबा मरिसकेका अथवा मर्न लागेका थिए र यस छोराले तिनको मृत्यु पर्खन खोजेको थियो, सो कुरामा केही परबाह छैन। उसले कुनै दोस्रो कुरालाई ख्रीष्ट येशूले उसलाई दिनुभएको बोलावटको पहिलो स्थान ओगट्न दियो। मृत्युले लगिसकेका बुबालाई, अथवा मर्न लागेका बुबालाई सम्मान देखाउन जुनसुकै छोरालाई सुहाउँछ। तर ख्रीष्ट येशूसँग होड़बाजी गर्ने स्पर्धी मानिस वा चीज निश्चय पाप हुन जान्छ। दोस्रो मानिसको अर्को एउटा काम थियो, जुन काम उसले गर्नु थियो। ल, त्यस कामलाई हामी जागिर वा पेशाको नाम दियौं! त्यस कुराले उसलाई देब्रे-दाहिने कतै नहेरी सीधा प्रभुको पछि हिँड्न र चेलापनको पथमा पाइला टेक्न दिएन।

**लूका ९:६०:** प्रभु येशूले उसलाई यस प्रकारको दोधारे, दुईचित्ते मनले गर्दा यसरी हप्काउनुभयो: *'मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ! तर तिमीचाहिँ जाऊ र परमेश्‍वरको राज्यको प्रचार गर!'* आत्मिक हिसाबले मरेका मानिसहरूले मृत-शरीरहरू गाड्न सक्छन्, तर तिनीहरूले सुसमाचार प्रचार गर्न सक्दैनन्। ख्रीष्टका चेलाहरूले यस्ता कामकुराहरूमा पहिलो स्थान दिनुहुँदैन, जुन कामकुराहरू मुक्ति नपाएका मानिसहरूले पनि गर्न सक्छन्। ख्रीष्ट-विश्‍वासीले आफूलाई आफ्नो जीवनको नगरी नहुने परम कर्तव्यका निम्ति सधैं उपलब्ध गरिराख्नुपर्छ। पृथ्वीमाथि ख्रीष्ट येशूको मिशन-कार्य-कार्यक्रमको उन्नति र विस्तारले चाहिँ उसको प्राथमिकता पाउनुपर्छ; उहाँको इच्छा र योजना उसको प्रमुख चिन्ता र प्रेरणाको कारण हुनुपर्छ।

**लूका ९:६१:** अनि तेस्रो भावी चेला हुने व्यक्तिले ख्रीष्ट येशूको पछि लाग्ने आफ्नै इच्छा प्रकट गरे, पहिलो व्यक्तिले जस्तै। अनि ऊ दोस्रो व्यक्तिसित पनि मिल्छ; किनभने उसले पनि *'प्रभु, पहिले मलाई ...'*

भन्यो, जुन कुरा उसको भन्न नहुने कुरा थियो। उसले पहिले आफ्नो परिवारबाट बिदा लिन चाह्यो। उसको यस विन्तीमा नराम्रो के पो थियो त? अरू बेलामा हुनु हो भने, उसको अनुरोधमा कुनै गल्ती हुनेथिएन होला। तर जब जीवनका सामान्य शिष्ट व्यवहार र भद्र कामकुराले प्रभुको आदेश तत्कालै र सहर्षसाथ पूरा गर्नुमा बाधा पार्छन्, तब यी कुराहरू अगाड़ि राख्दा यी कुराहरू बिलकुल गलत हुन जान्छन्।

**लूका ९:६२:** प्रभु येशूले उसलाई जवाफ दिएर यसो भन्नुभयोः *'आफ्नो हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यका निम्ति योग्य हुँदैन।'* चेलापनमा हात हाल्ने जुनसुकै व्यक्तिले पछिल्तिर हेर्नुहुँदैन[31)]। ख्रीष्ट येशूको चेला मनतातो, स्वप्नदर्शी, भावुक अनुयायी हुँदै होइन। घर-परिवार वा इष्टमित्रहरू ध्यानमा राख्ने कुरा हुनुहुँदैन। उहाँका निम्ति हाम्रो परित्याग सम्पूर्ण हुनुपर्छ। कुनै आफूमा उचित र न्यायसँगत देखिने कुरा पनि प्रभु र हाम्रो बीचमा आउन दिनुहुँदैन। 'परमेश्वरको राज्यको योग्य' भन्ने वाक्यांश यहाँ मुक्तिको सन्दर्भमा होइन, तर सेवकाइको सन्दर्भमा बोलिएको हो। परमेश्वरको राज्यभित्र पस्नु यहाँ, यस खण्डको प्रसङ्ग होइन, तर परमेश्वरको राज्यमा प्रवेश गरेपछि गरिने सेवा यसको सिलसिला हो। परमेश्वरको राज्यभित्र प्रवेश गर्ने हाम्रो योग्यता प्रभु येशू र उहाँको त्राणको काममा छ। उहाँमाथि राखिएको विश्वासद्वारा हामी उहाँमा योग्य हुन्छौं।

यी तीनजना व्यक्तिहरूका जीवनहरू नियालेर हामीले चेलापनमा प्रमुख बाधाहरू कहाँबाट आउँछन्, सो स्पष्ट उदाहरण पाएका छौं, जस्तैः

**क)** भौतिक सुख-सुविधाहरू

**ख)** जागिर वा पेशा

**ग)** परिवार र इष्टमित्रहरू

अरू कुनै जार-नाठो नहुने गरी प्रभु येशूले हाम्रो हृदयमा राज्य गर्न पाउनुपर्छ। अरू सबै स्नेह, माया, ममताका सम्बन्धहरू र अरू सबै निष्ठा, आस्था, भक्तिका भावनाहरू उहाँको अधीनतामा बस्नुपर्छ।

## ग) लूका १०ः१-१६ः मानिसको पुत्रले सत्तरीजनालाई पठाउनुहुन्छ।

**लूका १०ः१-१२ः** चारवटा सुसमाचारका पुस्तकहरूमध्ये लूकाको सुसमाचारमा मात्र प्रभु येशूले सत्तरीजना चेलाहरूलाई [32)] पठाउनुभएको वर्णन उल्लेख गरिएको छ। अनि यहाँको वर्णन मत्ती दस अध्यायमा गरिएको बयानसित निक्कै मिल्छ, जहाँ प्रभु येशूले बाह्रजना प्रेरितहरूलाई पठाउनुभयो। तर मत्ती दस अध्यायमा प्रभु येशूले चेलाहरूलाई इस्राएल देशको उत्तर खण्डमा पठाउनुभयो भने यहाँ उहाँले यी सत्तरीजनालाई दक्षिणमा ती ठाउँहरूमा पठाउनुहुन्छ, जुन ठाउँहरूहुँदो प्रभु येशू यरूशलेम जान लाग्नुभएको थियो। यस प्रचार-धावाको उद्देश्यचाहिँ प्रभु येशूका निम्ति बाटो तयार पार्नु थियो; उहाँको यात्रा उत्तरमा सिजरिया फिलिप्पीदेखि शुरु भयो। उहाँ गालील र समारियाबाट भएर जाँदै यर्दन-नदी पार गरेर पेरियाबाट दक्षिण हुँदै र त्यहाँबाट फेरि यर्दनवारि आएर यरूशलेममा पुग्नुहुनेथियो।

यी सत्तरीजना चेलाहरूको यस सेवकाइको कर्तव्य अस्थायी थियो। तर प्रभु येशूले यिनीहरूलाई दिनुभएका आदेशहरूमा हामी जीवन-सम्बन्धित धेरै मूल्यवान् शिक्षाका बुँदाहरू देख्छौं, जुन बुँदाहरू पुस्ता-पुस्ताका ख्रीष्ट-विश्वासीहरूका निम्ति लागू हुन्छन्।

यी शिक्षाका बुँदाहरूमध्ये केही हामी यहाँ सारांशको रूपमा प्रस्तुत गर्दछौं, जस्तैः

**क)** प्रभु येशूले यिनीहरूलाई दुई-दुईजना हुने गरी पठाउनुभयो (लूका १०ः१)। एउटा सक्षम, बलियो गवाहीका निम्ति कम्तीमा दुईजना चाहिन्छ; किनभने *'दुईजना वा तीनजनाको मुखबाट प्रत्येक कुरा सत्य वा झूटो ठहराइनेछ'* (२ कोरिन्थी १३ः१)।

**ख)** प्रभु येशूका दासदासीहरूले निरन्तर यसो प्रार्थना गर्नुपर्छः *'उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्!'* (लूका १०ः२)। उहाँको फसलमा सधैं खेतालाहरूको खाँचो भइरहन्छ। तर यसमा कुरा

स्पष्ट छः 'हे प्रभु, खेतालाहरूलाई पठाइदिनुहोस्' भनेर प्रार्थना गर्ने मानिस आफू जान पनि तयार हुनुपर्छ। किनकि लूका १०ः२ पदमा प्रार्थना गर्ने आदेश छ भने लूका १०ः३ पदमा जाने आदेश दिइएको कुरामा ख्याल राख्नुहोस् !

**ग)** प्रभु येशूले आफ्ना चेलाहरूलाई ब्वाँसाहरूको बीचमा अर्थात् विरोधी वातावरणमा पठाउनुभयो (लूका १०ः३)। चेलाहरूका शत्रुहरू ब्वाँसाहरूजस्तै, तर यिनीहरू आफूचाहिँ असुरक्षित भेड़ाका पाठा-हरूजस्तै ! संसारका मानिसहरूबाट के आशा गर्न सकिन्छ ? तिनीहरूले ख्रीष्टका चेलाहरूलाई उच्च स्तरीय व्यवहार देखाउँदैनन्, तर उनीहरूलाई खेदो गर्नेछन् र मार्नेछन्।

**घ)** आफ्नो सुविधाहरूका निम्ति प्रबन्ध गर्न पाइँदैन (लूका १०ः४[क])। *'न ता पैसाको थैली, न झोला, न जुत्ता बोक !'* पैसाको थैलीले आर्थिक प्रबन्धहरू सङ्केत गर्छ; झोलाले खानेकुराको प्रबन्ध सङ्केत गर्छ; अनि यहाँ जुत्ता भन्नाले आफूले लाउने जुत्ता छोड़ेर दोस्रो जोड़ा जुत्ता बुझिन्छ अथवा अन्य सानदार पाउपोसको प्रबन्ध बुझिन्छ। यी तीनवटा कुराले त्यो गरिबी सङ्केत गर्छ, जुन गरिबी गरिबीजस्तै देखिन्छ, तर अरूलाई धनी तुल्याउँछ, जसरी लेखिएको छः *'गरिबजस्ता ता पनि हामी धेरैजनालाई धनी बनाउँछौं; केही नहुनेजस्ता, तरै पनि हामीसँग सबै थोक छन्'*(२ कोरिन्थी ६ः१०)।

**ङ)** *'बाटोमा कसैलाई अभिवादन नगर !'* (लूका १०ः४[ख])। ख्रीष्ट येशूका दासहरूले आफ्नो समय खेर फाल्नुहुँदैन। लामा-न-लामा रीतभाँते स्वागत-कार्यक्रमहरूबाट उनीहरूले उम्कनुपरेको थियो। मध्यपूर्वमा यस प्रकारका भव्य विधिवत् कार्यक्रमहरू चल्ती छन्। उनीहरू मिलनसार हुनुपर्छ, उनीहरू भद्र र शिष्ट हुनुपर्छ; तर गन्थने बातचितमा समय फाल्नुभन्दा उनीहरूले आफ्नो समय महिमित सुसमाचारको प्रचारमा सदुपयोग गर्नुपर्छ। यसमा ढिलाइ-सुस्ती गर्ने कारण छैन, समय नै छैन।

**च)** उनीहरूले जुनसुकै मानिसको अतिथि-सत्कारको निम्तो स्वीकार गर्नुपर्छ (लूका १०:५-६)। उनीहरूको अभिवादन जसद्वारा खुशीसाथ स्वीकार गरिन्छ, त्यस घरको मालिक शान्तिको छोरा हुनुपर्छ। त्यो मानिस शान्तिप्रिय मानिस हुनुपर्छ; अनि त्यसले शान्तिको, मेलमिलापको शुभ सन्देश ग्रहण गर्ला। कतै चेलाहरूलाई स्वागत गरिँदैन; त्यसबाट उनीहरूले हरेश खानुहुँदैन; किनभने उनीहरूको शान्ति उनीहरूकहाँ फर्केर आउँछ। उनीहरूलाई कुनै हानि भएकै छैन, केही कुरा खेर गएको छैन। निश्चय अन्त कहीं अरू मानिसहरूले उनीहरूको शान्ति ग्रहण गर्नेछन्।

**छ)** जुन घरले प्रभुका यी चेलाहरूलाई ग्रहण गर्छ, त्यही घरमा बस्ने उनीहरूका निम्ति प्रभुको आदेश हो (लूका १०:७)। *'घर-घरमा नजाओ!'* घर-घरमा घुमिहिँड्नेहरू आफ्ना निम्ति सुख र सुविधाहरू खोज्नेहरू हुन्। तर प्रभुका चेलाहरू साधारण हुनुपर्छ र दुःखसुख, जेजस्तो पाई आभारी हुनुपर्छ।

**ज)** उनीहरूको सामु टक्राइएको जुनसुकै खानेकुरा वा पिउने कुरा उनीहरूले हिचकिच नगरीकन खानु हुन्छ (लूका १०:७)। खानु-बस्नु प्रभुका दासहरूको भाग हो।

**झ)** शहर वा गाउँका मानिसहरू होऊन्, तिनीहरूमध्ये कसैले प्रभुको पक्ष, कसैले विपक्ष लिन्छ-लिन्छ (लूका १०:८-९)। जुन इलाकामा मानिसहरूले शुभ सन्देश ग्रहण गर्छन्, त्यस इलाकामा प्रभुका चेलाहरूले सुसमाचार प्रचार गर्नुपर्छ, उनीहरूलाई उपलब्ध गरिएको सत्कार स्वीकार गर्नुपर्छ र सुसमाचारका आशिषहरू छोड्नुपर्छ। ख्रीष्ट येशूका दासहरूले आफ्नो सामु टक्राइएका खानेकुराहरू नाटीकुटी नगरीकन धन्यवादसाथ ग्रहण गर्नुपर्छ र सत्कार गर्ने घरलाई कुनै असुविधा दिनुहुँदैन। प्रभुका दासहरूको जीवनमा खानेकुराको महत्त्व कम हुनुपर्छ। जुन-जुन गाउँघरले प्रभुका प्रचारकहरूलाई स्वागत गर्छन्, ती गाउँघरहरूका पापले ग्रस्त 'रोगी' बासिन्दाहरूले अझै पनि आत्मिक

चङ्गाइ पाउँछन्। अनि ख्रीष्ट राजा तिनीहरूकहाँ नजिक-नजिक आउँदै हुनुहुन्छ (लूका १०:९)।

**ञ)** यस्ता गाउँ-शहरहरू पनि होलान्, जुन-जुन गाउँ-शहरका मानिसहरूले सुसमाचार ग्रहण गर्दैनन्, तर अस्वीकार गर्छन्; अनि तिनीहरूलाई सुसमाचार फेरि सुन्ने मौका नहुनु सम्भव छ (लूका १०:१०-१२)। परमेश्वरको समय-तालिकामा यस्तो समय आउला, जब मुक्तिको सुसमाचार अन्तिम पल्ट सुनिन्छ। मानिसहरूले सुसमाचारसित खेलाँची गर्नुहुँदैन; किनभने तिनीहरूबाट सुसमाचार सधैंका निम्ति लगिनु सम्भव छ। जुन मानिसले उसलाई दिइएको प्रकाश ग्रहण गर्दैन, त्यस मानिसलाई अझै प्रकाश दिइनेछैन, तर त्यस मानिसबाट त्यो प्रकाश लगिनेछ। जुन-जुन गाउँ र शहरहरूले सुसमाचार सुन्ने सौभाग्य पाएर पनि त्यो सन्देश ग्रहण गर्दैनन्, ती गाउँ र शहरहरूको न्याय गरिनेछ र तिनीहरूको दशाचाहिँ सदोमको भन्दा भयानक हुनेछ। मानिसहरूलाई प्रदान गरिएको ठूलो-सानो सौभाग्यअनुसार तिनीहरूको उत्तरदायित्व पनि कि त ठूलो, कि त सानो हुन जान्छ।

**लूका १०:१३-१४:** यी कुराहरू भन्दै गर्नुहुँदा प्रभु येशूलाई गालीलका तीनवटा शहरहरूको सम्झना आयो। अरू शहरहरूको भन्दा यी शहरहरूको सौभाग्य अति ठूलो थियो; किनभने ती शहरहरूका शड़कहरूहुँदा मानिसहरूले प्रभु येशूलाई उहाँका शक्तिका कामरूपी आश्चर्यकर्महरू पूरा गर्नुभएको देखेका थिए र उहाँका अनुग्रहले पूर्ण वचनहरू र शिक्षा सुनेका थिए। तर तिनीहरूले उहाँलाई तिरस्कार गरे। जुन आश्चर्यकर्महरू उहाँले खोराजिन र बेतसैदामा गर्नुभएको थियो, ती आश्चर्यकर्महरू टायर र सिडोनजस्ता प्राचीन बन्दरगाह शहरहरूमा गरिएका भए ती शहरका मानिसहरूले पूरा अफसोसी भई गहन पश्चात्ताप गरिसकेका हुनेथिए। तर प्रभु येशूका कामहरूले गालीलका ती शहरहरूका मानिसहरूलाई प्रभावित पार्न सकेनन्; यसकारण तिनीहरूको न्याय ज्यादा हुनेछ, टायर र सोडोनको भन्दा कड़ा हुनेछ। ऐतिहासिक कुरा होः

खोराजिन र बेतसैदाको नामनिसान छैन। ती शहरहरू यहाँसम्म नष्ट भए, कि हिजोआज ती शहरहरूको अवस्थितिको पत्ता छैन।

**लूका १०:१५ः** नासरत छोड़ेर आउनुभएदेखि कपर्नहुमचाहिँ प्रभु येशूको घर भयो। यो शहरको सौभाग्य ठूलो थियो; किनभने उहाँको उपस्थितिले कपर्नहुम स्वर्गसम्म उचालियो। तर त्यसका बासिन्दाहरूले आफ्नो सबैभन्दा वरिष्ठ नागरिकलाई कुनै वास्ता गरेनन्, र त्यो सुअवसर र त्यो सुदिन गुमाइपठाए। यसकारण त्यो शहर न्यायमा पातालसम्म खसालिनेछ।

**लूका १०:१६ः** प्रभु येशूले यी सत्तरीजनालाई आफ्ना आदेशहरू दिएर यिनीहरूलाई अन्तमा भन्नुभयोः 'तिमीहरूहरू मेरा राजदूत हौ। जसले तिमीहरूलाई तिरस्कार गर्छ, त्यसले मलाई तिरस्कार गर्छ; अनि जसले मलाई इन्कार गर्छ, त्यसले परमेश्वर मेरा पितालाई इन्कार गर्छ।'

श्री जे. चार्लस रायलले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'मेरो विचारमा, नयाँ नियमभित्र प्रभु येशूको विश्वासयोग्य दासको उच्च पदको महानता बयान गर्ने यी शब्दहरूभन्दा अझै सुस्पष्ट शब्दहरू कहीं नपाइएला। अनि प्रभुको दासको सन्देश सुन्न इन्कार गर्ने मानिसहरूलाई लाग्ने दोष यहाँ पेश गरिएको सजायभन्दा ज्यादा र कड़ा कुनचाहिँ होला? अनि हामीले यो पनि याद गर्नुपर्छः यी शब्दहरू प्रभु येशूले प्रेरितहरूलाई होइन, तर यी सत्तरीजना चेलाहरूलाई भन्नुभएको थियो, जसका नामहरू र जसका जीवनीहरूको विषयमा हामीलाई केही पनि थाहा छैन। यस सम्बन्धमा श्री थोमस स्कोटले यसो भनेका छन्ः "जुन मानिसले राजदूतलाई तिरस्कार गर्छ वा जसले उसको अपमान गर्छ, त्यस मानिसले यस राजदूतलाई यसको कार्यभार सुम्पेर पठाउनुभएको राजालाई पो अपमान गर्छ, जसको प्रतिनिधि यस राजदूतले गरेको हुन्छ। प्रेरितहरू र यी सत्तरीजना चेलाहरू ख्रीष्ट येशूका राजदूत र प्रतिनिधिहरू थिए। अनि जुन-जुन मानिसहरूले उनीहरूलाई तिरस्कार गरे र उनीहरूलाई तुच्छ ठाने, ती मानिसहरूले प्रभु येशूलाई तिरस्कार गरे र उहाँलाई तुच्छ ठाने।" ' 33)

## घ) लूका १०ः१७-२४ः यी सत्तरीजना प्रचार-धावाबाट फर्कन्छन्

**लूका १०ः१७-१८ः** जब यी सत्तरीजना चेलाहरू आफ्नो प्रचार-धावाबाट फर्के, तब यिनीहरूले उत्तेजित भएर प्रभु येशूलाई यसो भनेः *'हे प्रभु, तपाईंको नाममा दुष्ट आत्माहरू पनि हाम्रो वशमा छन् ।'* उहाँले यिनीहरूलाई दिनुभएको उत्तर हामीले दुई प्रकारले बुझ्न सक्छौं । पहिले, यी चेलाहरूको सफलतामा हामीले शैतान अन्तमा स्वर्गबाट खसेको एउटा अग्रिम अंश देख्न सक्छौं । श्री जेमिसन, श्री फोस्सेट र श्री ब्राउनले यसको परिभाषा यसो गरेका छन्ः

> 'तिमीहरूको प्रचार-धावामा म आत्मामा तिमीहरूको पछि-पछि आएको थिएँ र मैलर तिमीहरूका सफलताहरूमाथि ध्यान लगाउँदैथिएँ । मेरो नाममा दुष्ट आत्माहरू तिमीहरूको वशमा भएको कुराको विषयमा तिमीहरूले अचम्म मानिरहेको बेलामा मैले त्योभन्दा महान् अद्‌भुत दृश्य देखेंः हेर, शैतान बिजुलीझैं स्वर्गबाट खसेको थियो !'

शैतानको यो पतन अझै भएको छैन, तर भविष्यमा कुनै दिनमा हुनेछ । माइकल र तिनका दूतहरूले शैतानलाई स्वर्गबाट निकालिदिनेछन् र त्यसलाई तल पृथ्वीमाथि फ्याँक्नेछन् (प्रकाश १२ः७-९) । त्यो घटना ख्रीष्ट येशूले यस पृथ्वीमाथि आफ्नो महिमित राज्य स्थापित गर्नुभन्दा अघि सङ्कष्टकालमा घट्‌नेछ ।

उहाँले यिनीहरूलाई उत्तरमा भन्नुभएका वचनको दोस्रो व्याख्यान यस प्रकारको छः यी शब्दहरूमा हामीले घमण्डको विरोधमा उहाँको चेताउनी देख्न सक्छौं । मानौं उहाँले यिनीहरूलाई यसो भन्नुभयोः 'होशियार, दुष्ट आत्माहरू तिमीहरूको वशमा भएकोमा तिमीहरू घमण्डले फुल्दछौ ! तर याद गरः मूल पाप घमण्ड थियो । लुसिफरको पतन घमण्डको फल थियो र त्यसलाई स्वर्गबाट निकालेर तल फ्याँक्ने खास कारण घमण्ड नै हो । यसकारण यस खतरामा पर्नुदेखि होशियार बस !'

**लूका १०ः१९ः** प्रभु येशूले आफ्ना चेलाहरूलाई शैतानको सारा सेनामाथि अधिकार दिनुभयो । यिनीहरूको प्रचार-धावाभरि नै

यिनीहरूलाई हर प्रकारको हानि लाग्नुदेखि दिव्य प्रतिरक्षा थियो। परमेश्वरका सबै दासदासीहरूको विषयमा यो कुरा पनि सत्य होः तिनीहरू परमेश्वरको सुरक्षाको घेराभित्र छन्।

**लूका १०ः२०ः** तर दुष्ट आत्माहरूमाथि यिनीहरूको अधिकार भएकोमा यिनीहरूले आनन्द नगर्ने, तर मुक्ति पाएकोमा आनन्द गर्नु-पर्नेथियो। केवल यस ठाउँमा प्रभु येशूले आफ्ना चेलाहरूलाई आनन्द गर्न मनाही गर्नुभएको एकमात्र पवित्र बाइबलमा उल्लेख गरिएको उदाहरण छ। ख्रीष्टको सेवामा सफलता प्राप्त हुनेहरूका निम्ति जटिल खतराहरू छन्। तर हामी आफूले अनुग्रहद्वारा पाएको मुक्तिमा रमाउँदाखेरि त्यहाँ हाम्रा निम्ति कुनै खतरा नहोला; किनभने हाम्रा नामहरू स्वर्गमा लेखिएको कुराले हामीलाई परमेश्वरप्रति र उहाँको पुत्रप्रति बेहिसाबले ऋणी छौं भन्ने कुरा याद दिलाउँछ र कृतज्ञ तुल्याउँछ।

**लूका १०ः२१ः** बहुसङ्ख्य मानिसहरूले प्रभु येशूलाई तिरस्कार गरेका थिए; यसकारण आफ्ना विनीत चेलाहरूमाथि आफ्ना आँखाहरू उठाएर उहाँ आत्मामा आनन्दित हुनुभयो। उहाँले आफ्ना पितालाई उहाँको अपार बुद्धिका निम्ति धन्यवाद चढ़ाउनुभयो। किनभने यी सत्तरीजना चेलाहरू यस संसारका बुद्धिमान् र समझदार मानिसहरू थिएनन्। यिनीहरू बुद्धिजीवी वा विद्वान्हरू थिएनन्; यिनीहरू बालकहरू थिए। तर यी बालकहरूमा विश्वास थियो, भक्ति थियो, सुनिश्चित आज्ञापालन थियो। आफ्नो स्वार्थ-सिद्धिका निम्ति बुद्धिजीवीहरूको बुद्धि बेसी छ; तिनीहरूको ज्ञान बेसी छ; तिनीहरूको बाठोपन बेसी छ। तिनीहरूको घमण्डले तिनीहरूलाई अन्धा तुल्याएको थियो। यसैले तिनीहरूले परमेश्वरको प्रिय पुत्रमा खास केही मूल्य देख्न सकेनन्। परमेश्वरले बालकहरूद्वारा सबैभन्दा बढ़ी प्रभावकारी काम गर्नुहुन्छ। हाम्रा प्रभु परमेश्वर पिताले उहाँलाई दिनुभएका सबैजना चेलाहरूका निम्ति आभारी हुनुहुन्थ्यो। अनि यी सत्तरीजनाले हासिल गरेको अग्रिम सफलतामा उहाँ खुशी हुनुभयो; किनभने यो शैतानको अन्तिम पतनको पूर्वसूचना दिने सङ्केत हो।

**लूका १०ः२२ः** परमेश्वर पिताले सबै कुराहरू उहाँको पुत्रको हातमा सुम्पनुभयो, चाहे स्वर्गमा भएका कुराहरू, चाहे पृथ्वीमाथि भएका कुराहरू, चाहे पृथ्वीमनि भएका कुराहरू। परमेश्वरले सारा सृष्टि उहाँको पुत्रको अधिकारमा सुम्पिदिनुभयो। अनि पिताबाहेक कसैले पनि पुत्रलाई उहाँ को हुनुहुन्छ, सो जान्दैन। पुत्र देहधारी हुनुभएकोमा यस्तो गहन रहस्य छ, जुन रहस्य पिता परमेश्वरबाहेक अरू कसैले पनि जान्न सक्दैन। परमेश्वर कसरी मानिस बन्नुभयो? परमेश्वरले मानिसको चोला धारण गर्नु, कसरी? यो कुरा हामीजस्तै कमजोर प्राणीले के बुझ्न सक्छ र? अनि पुत्रबाहेक कसैले पनि पितालाई उहाँ को हुनुहुन्छ, सो जान्दैन। तर उसले जान्दछ, जसकहाँ पुत्रले पितालाई प्रकट गर्ने इच्छा गर्नुहुन्छ। परमेश्वर मानिसको सोचदेखि बाहिर, असीमित हुनुहुन्छ। परमेश्वरको पुत्रले उहाँलाई पूरा चिन्नुहुन्छ। अनि पुत्रले उहाँलाई कमजोर, नीच र तुच्छ मानिएका मानिसहरूकहाँ चिनाउनुहुन्छ, जुन मानिसहरूले प्रभु येशूमाथि विश्वास गर्छन् (१ कोरिन्थी १ः२६-२९)। जस-जसले पुत्रलाई देखेका छन्, तिनीहरूले पितालाई देखेका छन्। पिताको छातीमा हुनुहुने एकमात्र जन्माइएका पुत्रले पिताको विषयमा पूरा जानकारी दिनुभएको हो (यूहन्ना १ः१८)।

यस सन्दर्भमा श्री विलियम केल्लीले यसो भनेका छन्ः

> 'पुत्रले पितालाई प्रकट गर्नुहुन्छ। तर ख्रीष्ट येशूको महिमाको दुर्बोध रहस्य जान्न खोज्ने मानिसको दिमाग बरु फुटिजाला।'

**लूका १०ः२३-२४ः** प्रभु येशूले आफ्ना चेलाहरूलाई व्यक्तिगत रूपले के भन्नुभयो भने, उनीहरू अति भाग्यमानी थिए, किनभने उनीहरूले अघि कहिल्यै नभएको सुदिनमा जिउन पाए। पुरानो नियमका भविष्यवक्ताहरू र राजाहरूले ख्रीष्टका दिनहरू हेर्ने खूब रहर गरेका थिए, तर तिनीहरूले यी दिनहरू देख्न पाएनन्। यहाँ प्रभु येशूले दाबी गर्नुभयोः पुरानो नियमका भविष्यवक्ताहरूले बाटो हेरेका ख्रीष्ट उहाँ स्वयम् हुनुहुन्छ। अनि येशूका चेलाहरूले उहाँका अचम्मका कामहरू देख्न र उहाँको शिक्षा सुन्न पाइरहेका थिए। इस्राएल जातिको आशा हुनुहुनेको मुखारविन्दबाट आफूले सुन्न पाउनु कत्रो सौभाग्य उनीहरूको थियो!!

## ङ) लूका १०:२५-३७: व्यवस्थाको शिक्षक र उपकारी समारी

**लूका १०:२५:** व्यवस्थाको शिक्षक भन्नाले मोशाको व्यवस्थाका शिक्षाहरूमा पोख्त विद्वान् बुझिन्छ। अनि जुन व्यवस्थाको शिक्षकले यहाँ प्रभु येशूलाई प्रश्न गरे, ती शिक्षकको मन सफा थिएन होला। तिनले जालसाजी काम गरेर मुक्तिदाता प्रभुलाई फसाउन खोजे र पूरा रूपले उहाँको परीक्षा गरे। हुन सक्छ, प्रभु येशूले व्यवस्था खण्डन गर्नुहुन्छ भन्ने आशा तिनले गरे होलान्। तिनका निम्ति प्रभु येशू केवल एक शिक्षक हुनुहुन्थ्यो। अनि अनन्त जीवनचाहिँ – तिनको विचारमा, त्यो त मानिसले कमाउन सक्ने पुण्यफल रहेछ।

**लूका १०:२६-२८:** प्रभु येशूले यी सबै कुराहरू ध्यानमा राखेर तिनलाई जवाफ दिनुभयो। मलाई लाग्छ, यी व्यवस्थाको पण्डित नम्र र पश्चात्तापी भएका भए मुक्तिदाता प्रभुले तिनलाई अझै स्पष्ट र सरल उत्तर दिनुहुनेथियो। यस परिस्थितिमा प्रभु येशूले तिनको ध्यान व्यवस्थामाथि लगाइदिनुभयो। व्यवस्थाको माग के थियो? मानिसले परमप्रभुलाई नै सारा तनमनले प्रेम गर्नुपर्छ र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नुपर्छ। व्यवस्थाको माग यो थियो। प्रभु येशूले तिनलाई भन्नुभयो: *'यही गर, र तिमी बाँच्नेछौ।'*

यो सुन्दा शुरुमा कस्तो-कस्तो लाग्छ? प्रभु येशूले व्यवस्था पालन गरेर मुक्ति पाइन्छ भन्ने कुरा पो सिकाउनुभएको जस्तै लाग्छ, लाग्न सक्छ। तर खास कुरा यस्तो छैन। व्यवस्थाको आज्ञापालन गरेर कसैको मुक्ति कहिल्यै हुँदैन। व्यवस्था दिँदा यो परमेश्वरको उद्देश्य कदापि थिएन। व्यवस्थाका दस आज्ञाहरू पापी मानिसहरूलाई दिइए। व्यवस्थाले पापबाट बचाउँदैन, तर पापको ज्ञान पो दिन्छ। व्यवस्थाको उद्देश्य यो हो। व्यवस्थाले मानिसलाई त्यसको दोष देखाइदिन्छ र त्यसलाई दोषी ठहराउँछ।

अनि एउटा पापी मानिसले परमेश्‍वरलाई आफ्नो सारा हृदयले प्रेम गर्नु असम्भव छ; त्यसले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नै सक्दैन। जुन मानिसले जन्मको दिनदेखि मृत्युको दिनसम्म यी दुईवटा आज्ञा पालन गर्न सक्छ, त्यस मानिसलाई मुक्तिको दरकार छैन। यस्तो मानिसको आत्मा नष्ट हुनेछैन। तर व्यवस्था पालन गर्ने मानिसको इनाम यस पृथ्वीमाथि लामो आयु हो। व्यवस्थाले स्वर्गको महिमा र अनन्त जीवन कसैलाई प्रतिज्ञा गरेको छैन। व्यवस्थाअनुसार जबसम्म मानिस पापरहित हुन्छ, तबसम्म उसले बाँच्न पाउनेछ। तर अनन्त जीवनचाहिँ – त्यो त यी पापी मानिसहरूका निम्ति हो, जसले आफ्नो पापमा हराएको अवस्था मानिलिन्छन् र परमेश्‍वरको अनुग्रहको दानस्वरूप मुक्ति पाउँछन्।

यसकारण प्रभु येशूले भन्नुभएको 'यही गर, र तिमी बाँच्नेछौ' भन्ने कुरा एउटा परिकल्पना मात्र हो। किनभने उहाँले व्यवस्थाको सन्दर्भमा जे भन्नुभयो, त्यस कुराले उहाँले आशा गर्नुभएअनुसार ती व्यवस्थाको शिक्षकको हृदयमा काम गरेको भए, तिनले तत्कालै यसो भन्दै स्वीकार गर्नेथिए: 'परमेश्‍वरको माग यही हो भने, मेरो आत्मा नाश हुन्छ, म त सहाराविहीन र आशा नभएको मानिस पो हुँ। हे प्रभु येशू, म तपाईंको शरण पर्छु; आफ्नो अपार प्रेम र कृपामा ममाथि दया गर्नुहोस् र आफ्नो निगाहमा मलाई बचाउनुहोस्!'

**लूका १०:२९:** तर यसो गर्नुको सट्टामा तिनले आफूलाई धर्मी ठहराउन थाले। कसले तिनलाई दोषी ठहरायो, र तिनले आफ्नो सफाइ गर्नुपर्ने? तिनको विवेकले तिनलाई दोषी ठहराएको हुनुपर्छ; तर तिनको हृदय घमण्डमा फुलेर तिनको विवेकको सामना गरेछ। यसकारण तिनले सोधे: *'अनि मेरो छिमेकी को हो त?'* यो प्रश्‍न तिनको टार्ने युक्ति थियो।

**लूका १०:३०-३५:** अनि तिनको यस प्रश्‍नको उत्तरमा प्रभु येशूले तिनको उपकारी समारीको कथा भन्नुभयो। यस कथाको बेलिबिस्तार गर्नुपर्दैन; किनभने यो कथा सबैलाई थाहा छ। डाँकूहरूको फेला परेको मानिस यहूदी हुनुपर्छ। यरिहोको बाटोमा ऊ अधमरो पारिएको अवस्थामा पड़िरहेको थियो। दुईजना, एक पूराहारी र एक लेवीले उसलाई सहायता केही पनि गरेनन्। हुन सक्छ, उसमा आफू फस्ने एउटा जाल वा फन्दा

देखेर तिनीहरूलाई डर लागेको थियो होला, अथवा त्यहाँ रोकिए भने आफू लुटपाटको शिकार बन्ने तिनीहरूको डर थियो कि ? अन्तमा एकजना 'तुच्छ' समारीले उसलाई मद्दत गर्‍यो । त्यसले उसको प्रथम उपचार गर्‍यो र उसलाई पौवामा पुर्‍यायो, अनि उसको स्याहार-सुसारका निम्ति उचित प्रबन्ध गर्‍यो । यस समारीका निम्ति आफ्नो छिमेकी त्यही खाँचोमा परेको यहूदी मानिस थियो ।

**लूका १०ः३६-३७ः** त्यसपछि मुक्तिदाता प्रभुले व्यवस्थाको शिक्षकलाई एउटा अपरिहार्य प्रश्न सोध्नुभयोः 'यस सहाराहीन मानिसका निम्ति यी तीनजनामा कुनचाहिँ मानिसले छिमेकीको भूमिका निभायो ?' 'उसलाई दया देखाउनेले नि !' हो नि ! तब ती व्यवस्थाको पण्डितले पनि यसो गर्नुपर्छ । 'यस समारीजस्तो मानिसले घाइते यहूदीलाई दया देखाएर उसका निम्ति साँचो छिमेकीको भूमिका निभाउन सक्छ भने त सबै मानिसहरू हाम्रा छिमेकी ठहरिएका छन् ।' 34)

हाम्रा निम्ति यस पूजाहारी र यस लेवीमा मोशाको व्यवस्थाको चित्र देख्न गाह्रो छैन, जुन व्यवस्था मरेतुल्य पापी मानिसलाई अलिकति पनि सहायता गर्न सक्षम छैन। व्यवस्थाले मानिसलाई आज्ञा गर्छः 'आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर !', तर त्यसले यस आज्ञाको साथमा कसैलाई आज्ञापालन गर्ने शक्ति दिँदैन। अनि कसैका निम्ति उपकारी सामरीमा प्रभु येशूको चित्र देख्न पनि गाह्रो नहोला। उहाँ हामीकहाँ आउनुभयो; उहाँले हामीलाई हाम्रा पापहरूबाट बचाउनुभयो र हाम्रा निम्ति पृथ्वीमा बाँच्नलाई, स्वर्गमा पुग्नलाई र सम्पूर्ण अनन्तकालसम्मको लागि प्रबन्ध गर्नुभयो। पूजाहारीहरू र लेवीहरूले हामीलाई धोका देलान् र निराश पार्लान्, तर अपकारी समारीरूपी प्रभु येशूले चाहिँ हामीलाई कहिल्यै, अँ, कहिल्यै धोका दिनुहुनेछैन ।

उपकारी समारीको कथामा हामी अचानक एउटा मोड़मा आइपुग्यौं । 'मेरो छिमेकी को हो' भन्ने प्रश्नबाट कथा शुरु भयो, तर अन्तमा हामी आफूले यस प्रश्नको जवाफ दिनुपर्छः 'कसका निम्ति हामीले छिमेकीको भूमिका निभाएका छौं ?'

## च) लूका १०ः३८-४१ः मरियम र मार्था

**लूका १०ः३८-४१ः** अबको खण्डमा प्रभु येशूले परमेश्वरको वचन र प्रार्थनामाथि आफ्नो ध्यान केन्द्रित गर्नुहुन्छ (लूका १०ः३८-११ः५४)। किनभने परमेश्वरको वचन र प्रार्थना परमेश्वरको आशिष पाउने ठूला स्रोत र माध्यमहरू हुन्।

मरियम प्रभु येशूका पाउनिर बसेर उहाँको वचन सुन्दैथिइन्। अनि मार्था महान् अतिथिको सत्कारको तयारीमा व्यस्त रहिन्, र व्याकुल भइन्। अनि प्रभुले मरियमलाई हप्काऊन् भन्ने मार्थाको इच्छा थियो; किनभने मरियमले उनलाई अलिकति पनि सहायता गरिनन्। तर प्रभु येशूले बरु मार्थालाई उनको व्याकुलताले गर्दा हप्काउनुभयो।

**लूका १०ः४२ः** हाम्रा प्रभुले हाम्रो सेवामा भन्दा हाम्रो प्रेममा ठूलो मूल्य देख्नुहुन्छ। हाम्रो सेवकाइमा घमण्डको र अहङ्कारको कलङ्क लाग्न सक्छ। त्यो एउटा कुरा, जसको हामीलाई खाँचो पर्छ, र जुन कुरा हामीबाट खोसिनेछैन, प्रभु येशूसित तल्लीन भइरहनु हो। यस सन्दर्भमा श्री सी. ए. कोट्सले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'प्रभु येशूले हामीलाई व्यवस्थाका पण्डित हुनुदेखि उपकारी समारी हुनेहरू तुल्याउन, साथै मार्था हुनुदेखि मरियम हुनेहरू तुल्याउन चाहनुहुन्छ।' [35)]

यस विषयमा श्री चार्लस आर. एर्डम्यानले यसो लेखेका छन्ः

> 'हामीले आफ्ना प्रभु र स्वामीका निम्ति गरेका सबै कामकुराहरू उहाँले कदर गर्नुहुन्छ; तर उहाँलाई थाहा छ, कि उहाँको चरणमा परेर उहाँको इच्छा जान्न हाम्रो परम आवश्यकता हो। तब मात्र आफ्ना कामहरू पूरा गर्दा हामी शान्त, मिलनसार र कृपालु हुनेछौं र रहनेछौं। अनि यसो गर्दा-गर्दै अन्तमा हाम्रो सेवकाइ पनि मरियमको सेवकाइको सिद्ध स्तर र उच्च श्रेणीमा आइपुग्ला, जसले केही समयपछि त्यो बहुमूल्य सुगन्धित तेल येशूका पाउमा घसिदिइन्, जुन तेलको सुगन्धले आजसम्म संसारलाई भरिदिएको छ।' [35)]

## छ) लूका ११ः१-४ः प्रभु येशूका चेलाहरूले प्रार्थना गर्न सिक्छन्

लूका दस र एघार अध्यायको बीचमा समयको अन्तराल परेको छ, जुन अवधिको बयान हामी यूहन्ना ९ः१-१०ः२१ पदको खण्डमा पाउँछौं।

**लूका ११ः१ः** लूकाको सुसमाचारमा हाम्रा प्रभुको प्रार्थना गर्ने चालको सम्बन्धमा घरिघरि प्रसङ्ग उठाइन्छ। यहाँ पनि कुरा यस्तो छ। अनि लूकाले ख्रीष्ट येशूलाई परमेश्वर पितामाथि सदैव निर्भर गर्नुहुने मानिसको पुत्रको रूपमा प्रस्तुत गर्ने विषयवस्तुसित यो सन्दर्भ पनि मिल्छ। अनि येशूको जीवनमा प्रार्थनाचाहिँ कति ठूलो वस्तुतथ्य र प्राणाधार शक्ति थियो, सो उहाँका चेलाहरूले महसुस गरे। जब तिनीहरूले उहाँलाई प्रार्थना गर्नुभएको सुने, तब तिनीहरूलाई पनि प्रार्थना गर्न मन लाग्यो। यसकारण उहाँका चेलाहरूमध्ये एकजनाले उहाँलाई 'हे प्रभु, हामीलाई प्रार्थना गर्नु सिकाउनुहोस्' भन्ने विन्ती गरे। तिनले गरेको विन्ती 'हामीलाई कसरी प्रार्थना गर्नुपर्छ, सो सिकाउनुहोस्' नभएर 'हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्' भन्ने विन्ती थियो। तर निस्सन्देह, यस अनुरोधमा प्रार्थना गर्ने अनुरोध र कसरी प्रार्थना गर्ने विन्ती समावेश थियो।

**लूका ११ः२ः** जुन आदर्श-प्रार्थना प्रभु येशूले यहाँ आफ्ना चेलाहरूलाई दिनुभयो, त्यो प्रार्थना र मत्तीको सुसमाचारको प्रभुको प्रार्थनामा केही भिन्नता छन्। अनि यी भिन्नताहरूमा केही न केही अर्थ र उद्देश्य छ। यसको कुनै भिन्नता बेमतलबको हुँदैन।

सबैभन्दा पहिले, प्रभु येशूले *'हे हाम्रा पिता'* भनेर आफ्ना चेलाहरूलाई परमेश्वरको सम्बोधन गर्न सिकाउनुभयो। पुरानो नियमका विश्वासीहरूले परमेश्वरसित यस प्रकारको पारिवारिक घनिष्ठ सम्बन्ध जान्दैनथिए। अनि यस सम्बोधनअनुसार ख्रीष्ट-विश्वासीहरूले परमेश्वरसित कुरा गर्दा उहाँलाई स्वर्गमा हुनुहुने प्रेमी बुबाको रूपमा मान्नुपर्छ।

दोस्रो, प्रभुको शिक्षाअनुसार हामीले परमेश्वरको नाम पवित्र मानिने प्रार्थना गर्नुपर्छ। परमेश्वरको श्रद्धा, उहाँको आदर र महिमा ख्रीष्ट-विश्वासीको हृदयको चाहना र पुकार हो।

अनि *'तपाईंको राज्य आओस्'* भन्ने विन्तीमा हाम्रो इच्छा त्यस सुदिनमाथि केन्द्रित रहन्छ, जुन शुभ दिनमा परमेश्वरले दुष्टका सबै सेना, शक्ति र अधिकारहरू आफ्नो वशमा ल्याउनुहुनेछ र ख्रीष्ट येशूले पृथ्वीको एकमात्र राजा भएर यस पृथ्वीमाथि राज्य गर्नुहुनेछ। तब उहाँको इच्छा स्वर्गमा भएजस्तै पृथ्वीमा पनि पूरा हुनेछ।

**लूका ११ः३ः** यसरी नै पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजिन्छ। त्यसपछि प्रार्थना गर्ने व्यक्तिले आफ्ना व्यक्तिगत खाँचो र आवश्यकताहरू पेश गर्न पाउँछ। मानिसहरूको आत्मिक र शारीरिक खुराक एउटा नित्य खाँचो भइरहन्छ। अनि हामीले दिन प्रतिदिन उहाँमाथि निर्भर गर्न सिक्नुपर्छ र उहाँलाई सबै असल थोकहरूको एकमात्र स्रोतको रूपमा चिन्नु र जान्नुपर्छ।

**लूका ११ः४ः** त्यसपछि पापको क्षमा अर्को प्रार्थनाको विषय हो। अनि पापको क्षमा पाउन चाहने मानिसले पहिले अरूलाई क्षमा गरेको हुनुपर्छ। यस पदको सन्दर्भ पापको सजाय भोग्नु नपरोस् भन्ने हेतुले पाउने पापको क्षमा होइन; किनभने यसका निम्ति ख्रीष्ट येशूले क्रूसको त्राणको कामद्वारा प्रबन्ध गर्नुभयो, र यस प्रकारको पाप-क्षमा पाउनका निम्ति उहाँमाथि विश्वास गर्नु पर्याप्त हुन्छ। तर यहाँ, यस पदको सन्दर्भ पारिवारिक कारवाहीअनुसार पापको क्षमा पाउनु हो। हामीले मुक्ति पाएपछि परमेश्वरले हामीसित आफ्ना छोराछोरीहरूसित गरेझैं व्यवहार गर्नुहुन्छ। अनि उहाँले हाम्रो हृदय कठोर र अरूप्रति क्षमाशील नभएको भेट्टाउनुभयो भने, उहाँले हामीलाई तबसम्म ताड़ना दिनुहुन्छ, जबसम्म हामी चूर्ण र पश्चात्तापी बन्दैनौं र उहाँको सङ्गतिमा फेरि स्थापित हुँदैनौं। अनि यस प्रकारको पापको क्षमा परमेश्वरसित हाम्रो सम्बन्ध छ कि छैन, त्यस कुरामा होइन, तर उहाँसित हाम्रो सङ्गतिमा छ कि छैन, यस कुरासित सम्बन्धित छ।

*'अनि हामीलाई परीक्षामा नलैजानुहोस्!'* यस विन्तीको विषयमा कसै-कसैलाई समस्या भएको छ। हामीलाई थाहै छः परमेश्वरले कहिल्यै कसैलाई पापको परीक्षामा पार्नुहुन्न। तर उहाँले हाम्रो जीवनमा हामीलाई विभिन्न जाँच र परीक्षाहरूमार्फत लानुहुन्छ, जुन जाँच र परीक्षाहरू हाम्रो

भलाइका निम्ति आएका हुन् । तर यहाँ, यस पदमा प्रस्तुत गरिएको बुँदा यस प्रकारको छः हर घड़ीमा भड्किएर जान सक्ने र पापमा फस्न सक्ने हाम्रो कमजोर मन छ भन्ने कुरा हामीले कहिल्यै बिर्सनुहुँदैन । अनि हामीले प्रभुसित 'पाप गर्ने इच्छा हुँदा-नहुँदा जसरी भए पनि मलाई पापमा गिर्नदेखि बचाउनुहोस्' भन्ने विन्ती गर्नुपर्छ । पाप गर्ने मौका र पाप गर्ने हाम्रो चाहनाको बीचमा कहिल्यै जम्काभेट नभएको होस् भन्ने प्रार्थना हामीले गर्नुपर्छ । हामीले आफ्नो शक्तिले पापको परीक्षाको सामना गर्न वा पापमाथि विजय प्राप्त गर्न सक्छौं भन्ने आत्मविश्वास गरेको गन्धसमेत आफूबाट मेटाइदिने स्वस्थ, खाँटी चाहना यस प्रार्थनाद्वारा व्यक्त गरिएको हो । प्रभुले सिकाउनुभएको प्रार्थनाको अन्तमा *'हामीलाई दुष्टबाट छुटाउनुहोस्'* भन्ने अनुरोध छ । [37)]

## ज) लूका ११ः५-१३ः प्रार्थनाको सम्बन्धमा दुईवटा दृष्टान्तहरू

**लूका ११ः५-८ः** प्रार्थनाको सन्दर्भमा अघि बढ्दै प्रभु येशूले एउटा दृष्टान्त दिनुहुन्छ, जुन दृष्टान्तबाट परमेश्वर पिता आफ्ना छोराछोरीहरूका विन्ती-प्रार्थना सुन्न र तिनको उत्तर दिन कति तत्पर रहनुहुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यो कथा यस प्रकारको छः एकजना मानिस छ, जसको घरमा आधा रातमा एकजना पाहुना आइपुगेको रहेछ । अनि अभाग्यवश त्यस मानिससित केही खानेकुरा थिएन । यसकारण ऊ छिमेकीको घरमा जान्छ, र त्यसको ढोकामा ढकढक्याउँछ र तीनवटा रोटी पैंचो माग्छ । शुरुमा त्यो छिमेकी बेखुशी हुन्छ; किनभने त्यसको निद्रा भङ्ग भएको छ; र त्यो उठ्न मान्दैन । तर चिन्तातुर आतिथेयले ढोकामा ढकढकाइरहन्छ र त्यसलाई बोलाएको-बोलाएकै गरेर उठाउँछ । अन्तमा त्यो छिमेकी उठ्छ र उसलाई खाँचो परेको चीज दिन्छ ।

यस दृष्टान्तमा अर्थ लगाउँदाखेरि हामी होशियार बस्नुपरेको छ र कति गलत निष्कर्षमा हाम फाल्नुहुँदैन । हामीले परमेश्वरलाई मागेको-

मागेकै गरेकोमा उहाँ बेखुशी हुनुहुन्न। अनि हामीले एकोहोरै मागेका-मागेकै गरेमा हाम्रा प्रार्थानाहरूको उत्तर पाइहाल्नु पनि होइन।

यस दृष्टान्तको शिक्षा यस प्रकारको छः एकजना छिमेकी आफ्नो साथीलाई उसले जिद्दी गरेकोमा सहायता गर्न तयार भयो भने परमेश्वर झन् बढ्ता गरी आफ्ना छोराछोरीहरूका पुकारहरू सुन्न तयार हुनुहुन्छ।

**लूका ११:९ः** अनि यस दृष्टान्तको दोस्रो शिक्षा यस्तो छः हामीले प्रार्थना चढ़ाउनुमा थाक्नुहुँदैन र हरेश खानुहुँदैन। 'मागिरहो ... खोजिरहो ... ढकढक्याइरहो !'[38) कुनै समयमा परमेश्वरले एकैपल्टमा हाम्रो प्रार्थनाको उत्तर दिइहाल्नुहुन्छ। तर अरू समयमा हामीले लामो समयसम्म उहाँलाई विन्ती गरेर उहाँले हामीलाई उत्तर दिनुहुन्छ।

*जस्तो भए पनि परमेश्वर हाम्रा प्रार्थनाहरूको उत्तर दिनुहुन्छः*
*जुन बेलामा हाम्रो हृदय कमजोर हुन्छ,*
*त्यत्ति बेला उहाँले ती कुराहरू पूरा गरिहाल्नुहुन्छ,*
*जुन कुराहरू हामी विश्वासीहरूले उहाँबाट मागेका छौं;*
*तर अरू बेलामा हाम्रो विश्वासको आड़भरोसा गहिरिनुपर्छ,*
*र परमेश्वर चुप लाग्नुभएको समयमा पनि हामीले उहाँमाथि भरोसा गर्न सिक्नुपर्छ; किनभने परमेश्वर प्रेम हुनुहुन्छ; यसकारण उहाँ जे गर्नुहुन्छ, त्यसमा उहाँ हाम्रो भलाइ खोज्नुहुन्छ।*
*आकाशका ताराहरूले चम्कन छोड़्लान्; अनि पर्खालझैं खड़ा रहेका पहाड़हरू टलेर जालान्। तर परमेश्वर विश्वासयोग्य र सत्य हुनुहुन्छ; उहाँका प्रतिज्ञाहरू अटल छन्। उहाँ नै हाम्रो बल हुनुहुन्छ।*

*एम. जी. पी.*

यस दृष्टान्तअनुसार आग्रह गर्ने कुरामा पनि श्रेणीहरू हुँदो रहेछन्ः माग्नु, त्यसपछि माग्नुदेखि खोज्नु र खोज्नुदेखि ढकढकाउनु तीन कदम हुन्छन्।

**लूका ११:१०ः** यस दृष्टान्तको शिक्षाअनुसार माग्ने हरेकले पाउँछ; खोज्ने हरेकले भेट्टाउँछ; अनि ढकढकाउने हरेकका निम्ति ढोका खोलिन्छ। यस पदको प्रतिज्ञा दाबी गर्नुहोस्; किनभने हामीले प्रार्थना गर्‍यौं भने परमेश्वरले सधैं हामीलाई हामीले मागेको कुरा अथवा त्योभन्दा

अझै राम्रो कुरा दिनुहुन्छ। अनि प्रार्थनाको उत्तर नकारात्मक पनि हुन सक्छ; किनभने हामीले मागेको कुरा हाम्रो भलाइ नगर्न पनि सक्दो रहेछ र यो कुरा उहाँलाई थाहै छ। यसकारण यत्ति बेलामा उहाँले हामीलाई हामीले मागेको कुरा नदिँदा अलस हुन्छ।

**लूका ११:११-१२:** परमेश्वरले हामीलाई कहिल्यै छल्नुहुन्न, अँ, हामीलाई कहिल्यै धोका दिनुहुँदैन भन्ने यस दृष्टान्तको शिक्षा हो। हामीले रोटी माग्दा उहाँले हामीलाई कुनै ढुङ्गा दिनुहुन्न। त्यस जमानाको रोटीको आकार च्याप्टो, बाटुलो थियो, चपातीजस्तै; अनि कति ढुङ्गा उस्तै-उस्तै छन्। परमेश्वरले हामीसित ठट्टा गर्नुहुन्न र हामीले मागेको खानेकुराको सट्टामा हामीलाई अरू कुनै खान नहुने थोक दिनुहुन्न। हामीले उहाँबाट माछा माग्दा उहाँले हामीलाई कुनै सर्प दिनुहुन्न अर्थात् माछाको बदलीमा हामीलाई हानि-होक्सानी गर्ने कुनै कुरा दिनुहुन्न। अनि हामीले उहाँलाई अण्डा माग्दा उहाँले हामीलाई कुनै बिच्छी दिनुहुन्न, अर्थात् अण्डाको सट्टामा हामीलाई पीड़ा र कष्ट दिने कुनै पनि कुरा दिनुहुन्न नै।

**लूका ११:१३:** शारीरिक बुबाले आफ्ना छोराछोरीहरूलाई कुनै नराम्रो थोक दिँदैनन्। तिनको पापी स्वभाव भए पनि तिनले आफ्ना छोरा-छोरीहरूलाई असल थोकहरू दिन जान्दछन्। *‘कति बढ़ता गरेर तिमी-हरूका स्वर्गीय पिताले आफूसित माग्नेहरूलाई पवित्र आत्मा दिनुहुनेछ।’* यस सन्दर्भमा श्री जे. जी. बेल्लेटले यसो भनेका छन्:

> ‘अचम्म ! जुन वरदान हामीलाई सबैभन्दा बढ़ी आवश्यक पर्छ र जुन वरदान उहाँले हामीलाई दिन सबैभन्दा बढ़ी इच्छा गर्नुहुन्छ, त्यो सर्वोच्च वरदान उहाँको रोजाइअनुसार पवित्र आत्मा हुनुहुन्छ।’

प्रभु येशूले यी वचनहरू बोल्नुभएको बेलामा पवित्र आत्मा अझै पनि दिइनुभएको थिएन (यूहन्ना ७:३९)। तर वर्तमान समयमा हामीले पवित्र आत्मा हामीलाई दिइएका होऊन् भनेर प्रार्थना गर्नुपर्दैन; किनभने हामी प्रभुकहाँ फर्केको बेलामा पवित्र आत्मा हामीमा वास गर्न आउनुभएको हो (रोमी ८:९[ख] र एफेसी १:१३-१४)।

तर अरू सम्बन्धहरूमा पवित्र आत्माका निम्ति प्रार्थना गर्नु उचित छ र हाम्रो लागि आवश्यक पनि हो। पवित्र आत्माद्वारा हामीलाई शिक्षा

मिलोस्, हामीलाई उहाँको अगुवाइ मिलोस्, हामीलाई उहाँको शक्ति मिलोस् भनेर हामीले प्रार्थना गर्नुपर्छ। ख्रीष्ट येशूका निम्ति गरिने हाम्रो सारा सेवकाइमाथि पवित्र आत्माको शक्ति रहेको होस्।

यो पनि सम्भव छ, कि प्रभु येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्मा माग्ने शिक्षा दिनुहुँदा यसको सन्दर्भ पवित्र आत्माको शक्ति थियो। किनभने पवित्र आत्माले उनीहरूलाई चेलापनको अलौकिक जीवन जिउने शक्ति दिनुहुन्छ, जुन चेलापनको उच्च जीवनको विषयमा उहाँले उनीहरूलाई अघिका केही अध्यायहरूमा शिक्षा दिनुभएको थियो। अनि उनीहरू यस बेलामा आइपुग्दा चेलापनको जीवनमाथि आइपर्ने जाँच र परीक्षाहरू आफ्नो शक्तिले सामना गर्न सकिँदैन – यो असम्भव छ भन्ने कुरा उनीहरूलाई महसुस थियो होला। अनि यो हो पनि हो। पवित्र आत्माले हामीलाई इसाई जीवन जिउन सक्षम तुल्याउनुहुन्छ। ख्रीष्टीय जीवनको शक्ति उहाँ हुनुहुन्छ। यसकारण प्रभु येशूले हाम्रो सामु त्यो मनचित्र कोर्नुभयो; किनभने परमेश्वर हामी माग्नेहरूलाई त्यो शक्ति दिन आतुर हुनुहुन्छ।

अनि यहाँ ग्रीक भाषाको व्याकरणको कुरा छः मूल-पाण्डुलिपिमा लूका ११:१३ पदमा यसो लेखिएको छः 'परमेश्वर पवित्र आत्मा दिनुहुनेछ', 'परमेश्वरले ती पवित्र आत्मालाई दिनुहुनेछ' भनेर लेखिएको छैन। यस सन्दर्भमा प्रोफेसर एच. बी. स्वेटेले हाम्रो ध्यानमा राखेका छन्, कि ग्रीकमा ती पवित्र आत्मा लेख्दा त्रिएक परमेश्वरको व्यक्ति पवित्र आत्मालाई सङ्केत गरिएको छ भने पवित्र आत्मा लेख्दा पवित्र आत्माका वरदानहरू वा हामी विश्वासीहरूको पक्षमा गरिएका उहाँका विभिन्न कार्यहरू सङ्केत गरिएको छ। यसो हो भने, यस खण्डमा प्रार्थनाद्वारा माग गर्ने वस्तु पवित्र आत्मा परमेश्वर हुनुहुन्न, तर हाम्रो जीवनमा उहाँका विभिन्न सेवकाइहरू हुन्। अनि लूका ११:१३ पदको प्रसङ्गसित मिल्ने, उस्तै-उस्तै मत्ती ७:११ पद हेर्नु हो भने, यो कुरा अझ स्पष्ट हुन जान्छ, जहाँ लेखिएको छः *'... त स्वर्गमा हुनुहुने तिमीहरूका पिताले आफूसित माग्नेहरूलाई झन् कति बढ़ता गरी* ***असल कुराहरू*** *दिनुहुनेछ, होइन र?'*

## झ) लूका ११ः१४-२६ः प्रभु येशूले आफ्ना विपक्षमा हुनेहरूलाई जवाफ दिनुहुन्छ

**लूका ११ः१४-१६ः** प्रभु येशूले कुनै दुष्ट आत्मा लागेको मानिसबाट एउटा दुष्ट आत्मा निकाल्नुभयो, जुन दुष्ट आत्मा आफूले पक्रेको मानिसलाई गुँगा बनाएको थियो । यसरी प्रभु येशूले मानिसहरूको बीचमा निक्कै ठूलो हलचल मच्चाउनुभयो । मानिसहरू छक्कैछक परे । अरूले खुला रूपले प्रभु येशूको विरोध गर्न थाले । विरोधी पक्ष दुई किसिमको थियोः एक, कतिजनाले *'यसले त दुष्ट आत्माहरूको शासक बेल्जेबुलद्वारा दुष्ट आत्माहरू निकाल्छ'* भनेर उहाँलाई दोष लगाए। अरूले उहाँबाट स्वर्गबाटको एउटा चिन्ह देख्ने इच्छा गरे । हुन सक्छ, यसो भन्नेहरूको विचारमा, यसरी नै उहाँको विरोधमा लगाइएको आरोप सधैंका निम्ति झूटो साबित हुनेथियो ।

**लूका ११ः१७-१८ः** उहाँले बेल्जेबुलको शक्तिद्वारा दुष्ट आत्माहरू निकाल्नुहुन्छ भन्ने आरोपको प्रतिवाद लूका ११ः१७-२६ पदको खण्डमा गरिन्छ भने लूका ११ः२९ पदमा स्वर्गबाटको चिन्ह खोज्नेहरूलाई उत्तर दिइन्छ । शुरुमा प्रभु येशूले ती मानिसहरूलाई सम्झना दिलाउनुहुन्छ, कि *'आपसमा फाटो भएको हरेक राज्य उजाड़ हुन्छ; अनि आपसमा फाटो भएको घर ढल्छ ।'* दुष्ट आत्माहरू निकाल्दा उहाँ शैतानको हातहतियार हुनु हो भने शैतान आफ्नो अधीनमा रहेका फौजीहरूको विरोधमा लड्ने रहेछ। तर शैतानले आफ्नो विरोध गरेको र आफ्ना युक्तिहरू आफूले विफल पारेको कल्पना हाँसोउठ्दा र मिथ्या हो ।

**लूका ११ः१९ः** दोस्रो, प्रभु येशूले आफ्नो विपक्षमा हुनेहरूलाई अर्को कुरा सम्झाउनुभयोः त्यही समयमा तिनीहरूकै जातिभाइहरूमध्ये कतिजनाले पनि दुष्ट आत्माहरू निकालिरहेका थिए। यदि उहाँले शैतानको शक्तिमा दुष्ट आत्माहरू निकाल्नुभयो भने तिनीहरूले त्यही शक्ति प्रयोग गरेको हुनुपर्छ, होइन र ? तर यी यहूदीहरूका निम्ति यो त कल्पनादेखि बाहिरको कुरा थियो । यो तिनीहरूले कहाँ मान्नु हो र ? तब

प्रभुको तर्क तिनीहरूले कसरी मान्यता नदिएका ? किनकि दुष्ट आत्माहरू निकाल्ने शक्ति कि त परमेश्वरबाट, कि त शैतानबाट आउँछ। दुष्ट आत्माहरू निकाल्न यी दुवै शक्तिहरूद्वारा मात्र सम्भव छ। तब यी दुईमा कुनचाहिँ शक्तिले यस कुरामा काम गर्छ ? प्रभु येशूलाई दोष लगाउनेहरूले उहाँको साथमा आफ्ना जातिभाइहरूलाई पनि दोष लगाए; किनभने यस कुरामा प्रभु येशूले प्रयोग गर्ने शक्ति र यी जातिभाइहरूले प्रयोग गरेको शक्ति एउटै हो।

**लूका ११:२०ः** तर साँचो कुरा के थियो ? प्रभु येशूले परमेश्वरको औलाद्वारा दुष्ट आत्माहरू निकाल्नुभयो। उहाँको सुस्पष्ट सफाइ यो हो। अनि परमेश्वरको औला भन्नाले के बुझिन्छ ? मत्ती १२:२८ पदमा यसो लेखिएको छः *'तर परमेश्वरको आत्माद्वारा म दुष्ट आत्माहरू निकाल्छु भने निश्चय नै परमेश्वरको राज्य तिमीहरूकहाँ आइपुगेको छ।'* यसबाट परमेश्वरको आत्मा र परमेश्वरको औला एउटा कुरा हुनुपर्छ भन्ने सफा बुझिन्छ। प्रभु येशूले परमेश्वरको आत्माको शक्तिद्वारा दुष्ट आत्माहरू निकाल्नुभयो। यसर्थ परमेश्वरको राज्य त्यस पुस्ताका मानिसहरूकहाँ आइपुगेको थियो। यसको खास प्रमाण यो थियो। किनकि ख्रीष्ट राजाको रूपमा नै परमेश्वरको राज्य आएको थियो। प्रभु येशू परमेश्वरको अभिषिक्त शासकको रूपमा इतिहासको मञ्चमा देखा पर्नुभएको थियो; यसको पक्का प्रमाण उहाँको उपस्थिति थियो, साथै उहाँले देखाउनुभएका अचम्मका कामहरू पनि थिए।

**लूका ११:२१-२२ः** त्यो हातहतियार भिरेको बलियो मानिस को होला ? यस दृष्टान्तमा त्यो मानिस शैतान हो, जसले त्यस घड़ीसम्म जरुर आफ्नो महलमाथि शासन गर्दैथियो। दुष्ट आत्मा लागेका मानिसहरू शैतानको जकड़बन्दमा परेका थिए। कसैले पनि शैतानलाई हाँक दिन सक्दैनथियो। त्यसका मालसामानहरू सुरक्षित थिए; किनभने कसैले त्यसको शासन-अधिकारको लागि त्यससित मुकाबिला गर्न सक्दैनथियो। शैतानभन्दा बलियो को होला ? प्रभु येशू शैतानभन्दा बलियो हुनुहुन्छ। त्यसमाथि जाइलागेर उहाँले त्यसका सबै हतियारहरू खोसखास पारेर त्यसका लुटका मालहरू बाँड्नुभयो।

प्रभु येशूले दुष्ट आत्माहरू निकाल्नुभएको कुरा उहाँका विरोधीहरूले पनि इन्कार गर्न सकेनन्। शैतान हार्‍यो, र यसकारण त्यसका जकड़बन्दमा रहेका मानिसहरूले छुटकारा पाइरहेका थिए; यसको एकमात्र कारण यो हुनुपर्छ। यी पदहरूमा प्रभु येशूले भन्न खोज्नुभएको कुरा यो हो।

**लूका ११ः२३ः** त्यसपछि उहाँले यसमा थपेर अर्को कुरा भन्नुभयोः *'हरेक जो मसँग छैन, त्यो मेरो विरोधमा छ; अनि हरेक जसले मसँग बटुल्दैन, त्यसले छरपुस्ट पार्छ।'* एकजना अज्ञात मानिसले यसको टिप्पणी यसो गरेका छन्ः 'मानिस कि त प्रभुको बाटोमा उहाँसँग-सँगै हिँड्दैछ, कि त उहाँको बाटो छेक्ने अवरोध हुन्छ।' हामीले अघि लूका ९ः५० पदको टिप्पणीमा भनिसक्यौंः यी दुईवटा पदहरूको बीचमा अमेल छैन। ख्रीष्ट येशू र उहाँको त्राणको कामको सम्बन्धमा मध्यगत ठाउँ छैन। मानिस कि त ख्रीष्टको पक्षमा, कि त उहाँको विपक्षमा छ। तर ख्रीष्ट येशूका निम्ति गरिने सेवाको सम्बन्धमा उहाँका दासदासीहरूको विरोधमा नभएकाहरू तिनीहरूको पक्षमा छन्। लूका ९ः५० पदको सन्दर्भ सेवा हो भने, यहाँको पदको सन्दर्भ मुक्ति हो।

**लूका ११ः२४-२६ः** मलाई के लाग्छ भने, अबचाहिँ प्रभु येशू आफ्नो विपक्षमा हुनेहरूसित ठाउँ साट्नुभएको छ। अघि तिनीहरूले उहाँलाई दुष्ट आत्मा लागेको आरोप लगाए। तर अहिले उहाँले यहूदी जातिलाई एउटा मानिससित तुलना गर्नुहुन्छ, जुन मानिसले केही सयम दुष्ट आत्माबाट छुटकारा पाएको थियो। तिनीहरूको इतिहास यसका निम्ति साक्षी छ। कैद गरेर बेबिलोनमा लगिनुभन्दा अगाड़ि इस्राएली जातिलाई मूर्तिपूजाको आत्मा लागेको थियो। तर यस कैदको अवस्थाले तिनी-हरूलाई त्यस प्रकारको दुष्ट आत्माबाट छुटकारा दिलाएको थियो, अनि त्यस समयदेखि यता यहूदीहरू फेरि मूर्तिपूजामा लागेनन्। यस दृष्टान्तको शब्दमा भन्नु हो भने, तिनीहरूको घर बढ़ारिएको र सजाइएको थियो। तर तिनीहरूले प्रभु येशूलाई आफ्नो घरमा आउन र त्यसलाई आफ्नो सम्पत्ति तुल्याउन दिएनन्। यसकारण उहाँले यहाँ भावी एक दिनको पूर्वसूचना दिनुहुन्छ, जुन दिनमा एउटा अशुद्ध आत्माले आफूभन्दा बढ़ी दुष्ट भएका

अरू सात आत्माहरू साथमा लिएर आउनेछ, अनि ती आत्माहरू त्यस घरभित्र पस्नेछन्, र त्यहाँ बसोबास गर्नेछन्। यसको सन्दर्भ सङ्कष्टकाल हो, जुन अवधिमा यहूदी जाति डरलाग्दो मूर्तिपूजामा फस्नेछ। त्यस बेलामा तिनीहरूले ख्रीष्ट-विरोधीलाई परमेश्वरको रूपमा स्वीकार गर्नेछन् (यूहन्ना ५:४३)। अनि यस पापको सजाय अति, धेरैभन्दा धेरै हुनेछ, यस जातिले अघि कहिल्यै यस प्रकारको सजाय भोग्नुपरेको थिएन।

यस दृष्टान्तको प्रमुख अर्थ इस्राएली जातिको इतिहासमा लागू भए ता पनि यसमा हाम्रो व्यक्तिगत जीवनका निम्ति मुख्य बुँदाहरू पनि छन्, जस्तै पश्चात्ताप गर्नु मात्र पुग्दैन अथवा आफ्नो जीवनको सुधार तबसम्म अधूरा हुन्छ, जबसम्म हामीले प्रभु येशू ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा निम्त्याउँदैनौं। आफ्नो जीवनमा एउटा नयाँ पन्ना शुरु गर्नु कहाँ पुग्छ र! ? हाम्रो जीवनमा ख्रीष्ट येशूले राज्य गर्नुपर्छ, नत्रता हाम्रो हृदयको ढोका अघिभन्दा झन् दुष्ट पापहरूका निम्ति खुला रहन्छ र यी पापहरूको झुकाउमा पूरा असक्त हुनेछौं।

## ञ) लूका ११:२७-२८: येशूकी आमा मरियमभन्दा अझै पनि धन्य हुने त्यो को होला ?

भीड़को बीचबाट कुनै एउटी स्त्री आई, जसले प्रभु येशूलाई निम्न शब्दले अभिवादन गरीः *'धन्य हो त्यो गर्भ, जसले तपाईंलाई धारण गर्‍यो; अनि ती स्तनहरू धन्य हुन्, जुन स्तनहरू तपाईंले चुस्नुभयो!'* हाम्रा प्रभु येशूले उसलाई दिनुभएको उत्तरमा ठूलो महत्त्व छ। उहाँकी आमा मरियम धन्यकी थिइन्; उहाँले यो कुरा मान्नुभयो। तर मरियमको धन्यताभन्दा अझै पनि ठूलो कुरा हुँदो रहेछ!! उहाँलाई जन्माउनु र हुर्काउनुभन्दा परमेश्वरको वचन सुन्नु र पालन गर्नुमा अझै पनि ठूलो अर्थ र महत्त्व हुँदो रहेछ। अर्को शब्दमा भन्नु हो भने, कन्या मरियम उहाँकी आमा हुनुमा धन्यकी थिइन् भने येशूमाथि विश्वास गरेर उहाँलाई ख्रीष्टको रूपमा मान्नु र उहाँको पछि लाग्नुमा उनी झन् धन्यकी हुनेथिइन्। किनभने शारीरिक नाताभन्दा आत्मिक नाताचाहिँ महत्त्वपूर्ण हुन्छ। यसबाट येशूकी आमा

मरियमलाई पूज्य व्यक्तिको रूपमा मान्नेहरू निरुत्तर भए कि भएनन्? तिनीहरू निरुत्तर भए-भए।

## ट) लूका ११ः२९-३२ः भविष्यवक्ता योनाको चिन्ह

**लूका ११ः२९ः** सोह्र पदमा कति मानिसहरूले प्रभु येशूलाई परीक्षा गरे, र उहाँबाट स्वर्गबाटको एउटा चिन्ह देख्न खोजे। उहाँ अहिले त्यस कुरामा फर्केर तिनीहरूलाई जवाफ दिनुहुन्छ। चिन्ह खोज्ने यो पुस्ता एउटा दुष्ट पुस्ता रहेछ। यसको खास सन्दर्भ उहाँको पुस्ताका यहूदी मानिसहरू हुन्; किनभने यी मानिसहरूले परमेश्वरको पुत्रको उपस्थितिमा जिउन पाएका थिए। यो तिनीहरूको सौभाग्य थियो। तिनीहरूले उहाँका वचनहरू सुन्न र उहाँका अचम्मका कामहरू देख्न पाउँथे। तर यत्तिमा तिनीहरू के सन्तुष्ट हुन्थे र? अब तिनीहरूको बहाना हेर्नुहोस्! स्वर्गबाट एउटा शक्तिशाली, अलौकिक चिन्ह देखेर तिनीहरूले उहाँमाथि विश्वास गर्नेथिए अरे!? प्रभु येशूको उत्तर सुन्नुहोस्! तिनीहरूलाई अरू कुनै चिन्ह होइन, तिनीहरूलाई केवल भविष्यवक्ता योनाको चिन्ह दिइनेछ।

**लूका ११ः३०ः** उहाँको यस भनाइको सन्दर्भ मरेकाहरूको बीचबाट बौरिने उहाँको बौरिउठाइ हो। योना विशाल माछाको पेटभित्र रहेको तीन दिन र तीन रातपछि तिनी समुद्रबाट छुटकारा पाई जमिनमा उत्रे। ठीक त्यसरी नै प्रभु येशू चिहानमा रहनुभएको तीन दिन र तीन रातपछि मरेकाहरूको बीचबाट बौरिउठ्नुहुनेथियो। अर्को शब्दमा भन्नु हो भने, प्रभु येशूको बौरिउठाइचाहिँ यस संसारमा उहाँको सेवकाइको अन्तिम, निर्णायक चिन्ह हुनेथियो। भविष्यवक्ता योना निनवेका मानिसहरूका निम्ति एउटा चिन्ह बने; किनभने प्रतीकात्मक रूपले, मानौं मरेकाहरूको बीचबाट बौरिउठेको मानिसजस्तो तिनी यस अन्यजातीय महानगरमा प्रचार गर्न गए।

**लूका ११ः३१-३२ः** दक्षिणी रानी शबाकी रानी थिइन्। तिनले सुलेमानको बुद्धिका वचनहरू सुन्न टाढ़ाबाट लामो यात्रा गरेकी थिइन्। तर त्यहाँ पुगेपछि तिनले कुनै अचम्मको काम देखिएकी थिइनन्।

सौभाग्यवश तिनले प्रभुको समयमा जिउन पाएकी भए तिनले खुशीसाथ उहाँलाई ग्रहण गर्नेथिइन्। यसकारण न्यायमा तिनी उठ्नेछिन्, र यस पुस्ताका दुष्ट मानिसहरूको विरोधमा साक्षी दिनेछिन्, जुन मानिसहरूले प्रभु येशूका अलौकिक कामहरू देखेर पनि उहाँलाई तिरस्कार गरे। येशूमा योनाभन्दा महान्, सुलेमानभन्दा महान् व्यक्ति मानव-इतिहासको मञ्चमा खुट्टा टेक्नुभएको छ। निनवेका मानिसहरूले योनाको प्रचारमा पश्चात्ताप गरेका थिए; तर इस्राएली मानिसहरूले योनाभन्दा महान् व्यक्तिको प्रचारमा पश्चात्ताप गर्न मानेनन्।

वर्तमान समयको अविश्वासको आधुनिक भाषामा योनाको कथा हिब्रूहरूको दन्त्यकथा भएको अरे। तर प्रभु येशूका निम्ति योना इतिहासमा जिएको वास्तविक मानिस थिए, सुलेमानजस्तै। कुनै आश्चर्यकर्म देखेर विश्वास गर्छु भन्ने मानिसहरू भूलमा परेका छन्। किनभने विश्वास परमेश्वरको जीवित वचनबाट आउँछ, ज्ञानेन्द्रियहरूले प्रमाणहरू मानेको फल होइन। जुन मानिसले परमेश्वरको वचन विश्वास गर्दैन, त्यस मानिसले कसैलाई मरेकाहरूबाट बौरिउठेको देख्न पाउँदा पनि विश्वास गर्नेछैन। चिन्ह खोज्ने यो भावना परमेश्वरलाई मनै पर्दैन। किनभने यो भावना विश्वासको भर होइन, तर दृष्टिको भर हो। अविश्वासको भाषा यस प्रकारको छः 'देखेरै म विश्वास गर्छु।' तर परमेश्वर हामीलाई यसो भन्नुहुन्छः 'विश्वास गर, र तिमीले देख्नेछौ।'

## ठ) लूका ११ः३३-३६ः बलिरहेको बत्तीको दृष्टान्त

**लूका ११ः३३ः** शुरुमा हामी यी पदहरूमा अघिको खण्डसित केही सम्बन्ध देख्दैनौं। तर ध्यानसित र नजिकैबाट नियालेर हेर्दा हामी यी दुई खण्डको बीचमा एउटा अभिन्न सम्बन्ध रहेको पाउँछौं। बत्ती बाल्ने कुनै पनि मानिसले त्यो बत्ती कुनै तहखाना, गोदाम-कोठाजस्तो गुप्त स्थानमा वा पाथीमनि राख्दैन। निश्चय उसले त्यो बत्ती देखिने गरी सामदानमाथि राख्छ; तब घरभित्र-बाहिर आउने-जानेहरू सबैले यसको उज्यालो उपभोग गर्नेछन्।

यसको व्यवहारिक अर्थ यस्तो छः परमेश्वरले प्रभु येशूमा एउटा बत्ती बाल्नुभएको छ। प्रभु येशू र उहाँको त्राणको कामद्वारा परमेश्वरले संसारका मानिसहरूलाई उज्यालो दिनुभएको छ। त्यो ज्योति नदेख्ने जुनसुकै मानिसले परमेश्वरलाई यसका निम्ति दोष लगाउन पाउँदैन; किनभने यसको गल्ती परमेश्वरमा हुँदै होइन। लूका आठ अध्यायमा प्रभु येशूले आफ्ना चेलाहरूलाई सुन्ने मानिसहरूमा विश्वास पैदा गर्ने सुसमाचार प्रचारप्रसार गर्ने जिम्मा लगाउनुभयो। उनीहरूले त्यो विश्वास दिलाउने ज्योति कुनै हालतमा पनि पाथीमनि राखेर लुकाउन पाउँदैनन्। अनि यहाँ लूका ११:३३ पदमा उहाँले आफ्नो विपक्षमा उभिएर यी चिन्ह खोज्नेहरूको अविश्वास पर्दाफास गर्नुभएको छ; त्यो अविश्वास तिनीहरूको लोभलालच र येशूको खातिर तिनीहरूले शर्म भोग्नुपर्ने डरको फल थियो।

**लूका ११:३४:** तिनीहरूको अविश्वास तिनीहरूको अशुद्ध मनको फल थियो। शारीरिक हिसाबले आँखाले सारा शरीरलाई उज्यालो दिन्छ। अनि जुन मानिसको आँखाको स्वस्थ्य सठीक छ, त्यस मानिसले ज्योति देख्छ-देख्छ। तर जुन मानिसको आँखा रोग लागेको छ, अथवा जसको आँखा अन्धा हुन्छ, त्यस मानिसभित्र ज्योति पस्नै सक्दैन।

आत्मिक हिसाबले कुरा पनि यस्तै छः येशू परमेश्वरको अभिषिक्त ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा साँचो हृदयले जान्न खोज्ने मानिसकहाँ परमेश्वरले उहाँलाई प्रकट गर्नुहुन्छ। तर जुन मानिसको मनको भावना शुद्ध छैन, जो लोभलालचमा लिप्त हुन्छ र जसलाई 'अरू मानिसहरूले मलाई के भन्लान्' भन्ने डर लागेको छ, त्यो मानिस अन्धा छ र मुक्तिदाता प्रभुमा सही मूल्य देख्न सक्दैन।

**लूका ११:३५:** जुन मानिसहरूसित प्रभु येशूले कुरा गर्नुभयो, ती मानिसहरूले आफूलाई खूब बुद्धिमान सम्झन्थे। तिनीहरूको विचारमा, तिनीहरूसँग प्रशस्त ज्योति थियो। तर प्रभु येशूले तिनीहरूलाई चेताउनी दिएर भन्नुभयो, कि वास्तवमा तिनीहरूमा भएको ज्योति अन्धकार पो थियो। किनकि तिनीहरूमा भएको बुद्धिले तिनीहरूलाई प्रभुकहाँ आउनुदेखि रोकिदियो, ठीक त्यस्तै तिनीहरूको अहङ्कारले पनि।

**लूका ११ः३६ः** जुन मानिसको मनको भावना शुद्ध छ, जसले प्रभु येशूका निम्ति आफ्नो मन पूरा खोल्छ, ऊ आत्मिक तवरले संसारको ज्योतिको झलझली प्रकाशले प्रदीप्त हुन्छ। उसको भित्री मन ख्रीष्ट येशूद्वारा उज्यालै-उज्यालो हुन्छ, जसरी बत्तीका किरणको न्यानो प्रकाशमा बस्ने मानिसको सारा शरीर उज्यालो हुन्छ।

## ड) लूका ११ः३७-४१ः बाहिर सफा वा भित्र सफा – कुनचाहिँ मुख्य हो ?

**लूका ११ः३७-४०ः** प्रभु येशूले कुनै एकजना फरिसीको खाना खाने निम्तो स्वीकार गर्नुभयो। तर उहाँको आतिथेय छक्कै परे; किनभने उहाँले खाना खानुभन्दा अगाड़ि आफ्ना हातहरू धुनुभएन। तर प्रभु येशूले तिनका विचारहरू जान्नुभयो र तिनलाई तिनको कपट र बहिर्मुखी बहिष्कोणका निम्ति हप्काउनुभयो। येशूको अर्ती सुन्नुहोस्ः कचौराको बाहिरी भाग सफा भएकोमा त्यति महत्त्व छैन, तर त्यसको भित्री भाग सफा हुनुपर्छ; मुख्य कुरा यो हो। बाहिरबाट हेर्दा फरिसीहरू धर्मी मानिस थिए, तर तिनीहरूको मन टेढ़ामेढ़ा र दुष्ट थियो। जुन परमेश्वरले मानिसको बाहिर भाग बनाउनुभयो, त्यही परमेश्वरले उसको भित्र भाग पनि बनाउनुभयो। अनि हाम्रो जीवनको भित्री भाग शुद्ध हुनुपर्छ; उहाँको इच्छा र चाहना यही हो। *'मानिसले बाहिरी रूप हेर्छ, तर परमप्रभुले चाहिँ हृदय हेर्नुहुन्छ'* (१ शमूएल १६ः७)।

**लूका ११ः४१ः** यी फरिसीहरू साह्रै लोभी र पूरा स्वार्थी थिए। अनि यो कुरा प्रभु येशूलाई थाहा थियो। यसकारण उहाँले आफ्नो आतिथेयलाई के सल्लाह दिनुभयो भने, *'बरु यस्ता कुराहरू दान दिइहाल, जुन कुराहरू भित्र छन्।'* तिनी अरूलाई प्रेम गर्ने यस प्रारम्भिक परीक्षामा उतिर्ण सके निस्सन्देह तिनका निम्ति सबै कुराहरू शुद्ध हुनेथिए। यस सन्दर्भमा श्री एच. ए. आइरनसाइडले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'जब परमेश्वरको प्रेमले कुनै मानिसको हृदय भरिदिन्छ, तब त्यस मानिसले अरू मानिसहरूका खाँचो-गाह्रोको फिक्री गर्छ, अनि बाहिरी रीतिरिवाजहरूमा

न उसका निम्ति कुनै मूल्य हुन्छ, न उसका निम्ति मतलब हुन्छ। जुन मानिसले लगातार आफ्ना निम्ति मात्र धनसम्पत्ति थुपार्छ, र आफ्नो वरिपरिका गरिबदुःखीहरूको वास्ता गर्दैन, त्यस मानिसले आफूमा परमेश्‍वरको प्रेम नरहेको प्रमाण दिन्छ।' 39)

यस विषयमा अज्ञात लेखकको सार यस प्रकारको छः 'लूका ११:३९-५२ पदको खण्डमा फरिसीहरू र शास्त्रीहरूको विरोधमा उल्लेख गरिएका कुराहरूमध्ये कतिवटाचाहिँ ती फरिसीको बेलुकीको भोजन गरिएको बेलामा उठेका प्रसङ्‌गहरू हुनुपरेको छ (लूका ११:३७)। सत्यनिष्ठा हुनुको सट्टामा "स्वादिष्ठ", "खूब मीठो" भनेर हामी खुसामद गर्छौं। जुन बेलामा हामीले आफ्नो बेखुशी प्रकट गर्नुपर्छ, त्यस बेलामा हामी मुस्कुराउँछौं; अनि बोल्नुपर्ने ठाउँमा हामी चुप रहन्छौं। तर परमेश्‍वरसित हाम्रो विश्‍वासको सम्बन्ध खतरामा राख्नुभन्दा बरु कति भोजनमा बस्नेहरूको मन दुखाउनु उचित होला।'

## ढ) लूका ११:४२-४४: फरिसीहरूले प्रभुको कड़ा हप्की खानुपर्‍यो

**लूका ११:४२:** फरिसीहरू बहिर्मुखी थिए। तिनीहरू व्यवस्थाका सानाभन्दा साना विधिहरूमा अत्यौपचारिक थिए, जस्तै तिनीहरूले पुदिना, सुदाब अनि अरू सातसब्जी र मरमसलाहरूको दसांश दिने गर्थे। तर परमेश्‍वरसितको सम्बन्धमा तिनीहरूले लापरवाही गर्दैथिए; त्यसरी नै तिनीहरूले अरू मानिसहरूको वास्ता गर्दैनथिए। तिनीहरूले गरिबहरूलाई थिचोमिचो गर्दैथिए र परमेश्‍वरलाई प्रेम गर्दैनथिए। तिनीहरूले साग-पातहरूको दसांश चढ़ाएकोमा प्रभु येशूले तिनीहरूलाई हप्काउनुभएन। तर उहाँले तिनीहरूमा कुन दोष भेट्टाउनुभयो भने, तिनीहरू दसांश दिनुमा अति जोशिलो हुनुपर्दैन, तर मानिसका सर्वमान्य कर्तव्यहरूमाथि ध्यान दिनुपर्छ, जस्तै उचित न्याय गर्नु र परमेश्‍वरलाई प्रेम गर्नु। प्रथम कर्तव्य भुलेर तिनीहरूको ध्यान मामुलीमा अड़ेको थियो। अरू मानिसहरूले तिनीहरूमा देख्न सक्ने कुराहरूको सम्बन्धमा तिनीहरू खूबै होशियारी,

अँ, सर्वश्रेष्ठ हुन्थे, तर परमेश्वरले मात्र देख्न सक्ने कुराहरूको सम्बन्धमा तिनीहरूले लापरवाही गर्दैथिए।

**लूका ११ः४३ः** तिनीहरू आफ्नो प्रदर्शन गर्नुमा अति सिपालु थिए। तिनीहरू सभाघरहरूमा मुख्य आसनहरूमाथि बस्नेहरू र बजारहरूहुँदा मानिसहरूको ध्यान आकर्षण गर्नेहरू थिए। बहिर्मुखी हुनु तिनीहरूको दोष मात्र कहाँ हो र? तिनीहरू अहङ्कारी पनि थिए।

**लूका ११ः४४ः** अन्तमा प्रभु येशूले तिनीहरूलाई अदेख चिहानहरूसित तुलना गर्नुभयो। मोशाको व्यवस्थाअनुसार हरेक मानिस जसले जानीबुझी वा अनजानमा एउटा चिहान छोयो, त्यो मानिस सात दिनसम्म अशुद्ध हुन्थ्यो (गन्ती १९ः१६)। फरिसीहरूले भक्त धर्मनेता-हरूको भेष लिने गर्थे। तर बरु तिनीहरूले मानिसहरूलाई सावधानी गराउने एउटा यसो भन्ने सूचना-चिन्ह बोक्नुपर्नेथियोः 'अशुद्ध, अशुद्ध! होशियार, मलाई छुने अशुद्ध हुन्छ।' किनभने तिनीहरू भ्रष्टता र अशुद्धताले भरिएका थिए, अदेख चिहानहरूजस्तै; तिनीहरूको सङ्गतमा आएर अरू मानिसहरूलाई सबै कुराहरू तिनीहरूको बहिर्मुखी दृष्टिकोणले हेर्ने रोग लाग्न सक्थ्यो, अरूमा तिनीहरूको अहङ्कार सर्ने डर पो थियो।

## ण) लूका ११ः४५-५२ः व्यवस्थाका पण्डितहरूलाई धिक्कार!

**लूका ११ः४५ः** व्यवस्थाका पण्डितहरू शास्त्रीहरू थिए, जो मोशाको व्यवस्थाको अर्थ खोल्न र व्याख्या गर्न निपुण थिए। तर तिनीहरूको सीप अरूलाई 'यो गर्नू, त्यो नगर्नू' भन्ने आदेश दिनुमा सीमित थियो; किनभने तिनीहरूले आफ्नो शिक्षा आफ्नो व्यवहारमा उतारेनन्। यी व्यवस्थाका पण्डितहरूमध्ये एकजनालाई प्रभु येशूका वचनमा पूरा घत लागेको थियो। तिनको विचारमा, उहाँले फरिसीहरूलाई दोष लगाउनुहुँदा सकुशल पण्डितहरूको पनि अपमान गर्नुभयो।

**लूका ११ः४६ः** प्रभु येशूले यस अवसरमा यी व्यवस्थाका पण्डितहरूलाई तिनीहरूका कतिपय पापहरूको दोष देखाइदिनुभयो। पहिले, तिनीहरूले मानिसहरूलाई बोक्न नसकिने गह्रौं धार्मिक भारीहरू लदाउँथे, मानिसहरूलाई थिचोमिचो गर्थे र मानिसहरूलाई यी भारीहरू बोक्नुमा अलिकति पनि सहायता गर्दैनथिए। श्री विलियम केल्लीले तिनीहरूको एउटा विशेष बुँदा निकालेर यसो भनेका छन्ः

> 'तिनीहरू यी मानिसहरूलाई अवहेलना र अपमान गर्नमा प्रसिद्ध थिए, जुन मानिसहरूबाट तिनीहरूले आफ्नो महत्त्व प्राप्त गरेका थिए।' **40)**

तिनीहरूका नियमहरू प्रायः परमेश्वरका आदेशहरू होइन, तर मानिसहरूको कल्पनाको फल मात्र थिए, जसमा वास्तवमा महत्त्व केही पनि थियो।

**लूका ११ः४७-४८ः** यी व्यवस्थाका पण्डितहरू कपटी हत्यारा थिए। तिनीहरूले परमेश्वरका भविष्यवक्ताहरूको इज्जत र प्रशंसा गरेको बहाना गर्थे। तिनीहरूले पुरानो नियमका भविष्यवक्ताका चिहानहरूमाथि स्मारकहरू खड़ा गर्नेसम्म गरे। तिनीहरूमा भविष्यवक्ताहरूप्रति कति सम्मान थियो, सो कुरा यी स्मारकहरूले प्रमाण दिन्थे। तर तिनीहरूसित कुरा यस्तो थिएन भन्ने प्रभु येशूलाई मात्र थाहा थियो। बाहिरी तवरले यी भविष्यवक्ताहरूलाई मार्ने आफ्ना यहूदी पितापुर्खाहरूबाट तिनीहरूले आफूलाई अलग पार्थे; तर वास्तवमा तिनीहरू आफ्ना पुर्खाहरूको पाइलामा टेकेका थिए। तिनीहरूले यी भविष्यवक्ताहरूका चिहानहरू सिँगारेको बेलामा प्रभु येशूमा परमेश्वरको सर्वश्रेष्ठ भविष्यवक्तालाई मार्ने मतो गर्दैथिए। अनि यसरी नै तिनीहरू निकट भविष्यमा परमेश्वरका विश्वास-योग्य भविष्यवक्ताहरू र प्रेरितहरूलाई मार्दै जानेछन्।

**लूका ११ः४९ः** यो पद मत्ती २३ः३४ पदसित तुलना गर्दा के देखिन्छ भने प्रभु येशू आफू परमेश्वरको त्यो बुद्धि हुनुहुन्छ। यहाँ, यस पदमा उहाँले परमेश्वरको बुद्धिले भनेको कुरा उद्धृत गर्नुहुन्छ, जसले भनेको छः 'म तिनीहरूकहाँ भविष्यवक्ताहरू पठाउनेछु।' मत्तीको सुसमाचारअनुसार उहाँले यो वचन न पुरानो नियमबाट उद्धृत गरिएको टुका, न अरू कसैको

भनाइ भएको बताउनुभयो, तर आफ्नै शब्दको रूपमा पेश गर्नुभयो। (१ कोरिन्थी १:३० पदअनुसार ख्रीष्ट येशू आफू परमेश्वरको बुद्धि हुनुहुन्छ)। यसर्थ प्रभु येशूले यहाँ प्रतिज्ञा गरेर भन्नुभयोः उहाँले आफ्ना पुस्ताका मानिसहरूकहाँ भविष्यवक्ताहरू र प्रेरितहरू पठाउनुहुनेछ; अनि यी मानिसहरूले उनीहरूलाई मार्नेछन् र सताउनेछन्।

**लूका ११:५०-५१:** तर उहाँले यस पुस्ताका मानिसहरूबाट परमेश्वरका मुखपात्ररूपी सबै वक्ताहरूको रगतको लेखा लिनुहुनेछ; किनभने पुरानो नियममा उल्लेख गरिएको पहिलो हत्या हाबिलको थियो, अनि त्यसमा उल्लेख गरिएको अन्तिम हत्या जकरियाको थियो, जसको हत्या वेदी र मन्दिरको बीचमा गरिएको थियो (२ इतिहास २४:२१)। यहूदीहरूको क्रमअनुसार पुरानो नियमका पुस्तकहरूमा दोस्रो इतिहासको पुस्तक अन्तिम पुस्तक थियो। यसकारण जब प्रभु येशूले हाबिल र जकरियाको नाम लिनुभयो, तब उहाँले शुरुदेखि अन्तसम्म शहीदहरूको सम्पूर्ण मापक्रम दिनुभयो। उहाँले यी वचनहरू बोल्नुहुँदा उहाँलाई राम्ररी थाहा थियो, कि उहाँको पुस्ताका मानिसहरूले उहाँलाई क्रूसमा टाँगेर मार्नेछन्; अनि यसरी नै तिनीहरूले अघिदेखि अपनाएको परमेश्वरका जनहरूको सतावटको क्रम डरलाग्दो चरमसीमामा पुऱ्याउनेछन्। तिनीहरूले उहाँको हत्या गर्नेछन्, यस हेतुले कि अगाड़िका युगहरूमा गरिएका सबै रक्तपातहरूको दोष तिनीहरूमाथि पर्नेछ।

**लूका ११:५२:** अन्तमा प्रभु येशूले यी व्यवस्थाका पण्डितहरूलाई भर्त्सना गर्नुभयो; किनभने तिनीहरूले ज्ञानको चाबी लगेका थिए अर्थात् मानिसहरूलाई परमेश्वरको वचनदेखि वञ्चित गरेका थिए। पवित्र धर्मशास्त्रनिष्ठ हुने बहाना गरेर तिनीहरूले आफ्नो हठमा चलेर उहाँको कुरा सुन्न र उहाँलाई ग्रहण गर्न इन्कार गरे, जसको विषयमा पवित्र शास्त्रले कुरा गरेको थियो। तिनीहरूले अरू मानिसहरूलाई ख्रीष्ट येशूकहाँ आउन बाधा दिन्थे। तिनीहरूले उहाँलाई चाहँदैनथिए; अनि अरू मानिसहरूले उहाँलाई ग्रहण गरेको पनि तिनीहरूले चाहँदैनथिए।

## त) लूका ११ः५३-५४ः शास्त्रीहरू र फरिसीहरूको प्रतिक्रिया

प्रभु येशूको मुखबाट तिनीहरूलाई सीधा ताक्ने ती दोषारोपणहरू सुनेर यी शास्त्रीहरू र फरिसीहरू रिसाए। यो कुरा स्पष्ट छ। उहाँसित ठूलो मनमुटाव भएकोले तिनीहरूले उहाँसँग निक्कै झगड़ा गर्न खोजे। तिनीहरूले उहाँलाई कुरैकुरामा फसाउने आफ्नो दाउ झन् कसिलो पारे। सम्भव भएको जुनसुकै पाराले तिनीहरूले उहाँका निम्ति बाजी थपेर उहाँलाई केही न केही अनुचित कुरा बोल्न पार्न खोजे, जसले गर्दा तिनीहरूले उहाँलाई मृत्यु-दण्डको योग्य ठहराउन सक्नेथिए। उहाँले तिनीहरूका मनोभावनाहरू कति अक्षरशः रूपले बुझ्नुभएको प्रमाण दिनुबाहेक तिनीहरूले आफ्नो यस दुष्ट कारवाहीबाट अरू के पो गर्थे र?

# खण्ड ८) लूका १२-१६ः यरूशलेमको बाटोमा हुनुहुँदा मानिसको पुत्रले शिक्षा दिँदै हुनुहुन्छ र कतिपय मानिसहरूलाई निको पार्दै हुनुहुन्छ

## क) लूका १२ः१-१२ः केही चेताउनी र प्रोत्साहनहरू

**लूका १२ः१ः** प्रभु येशूले फरिसीहरू र व्यवस्थाका पण्डितहरूलाई दोष देखाउनुहुँदा हजारौं मानिसहरू भेला भए। जहाँ बहस, वादविवाद चल्छ, त्यहाँ प्रायः भीड़ लाग्छ-लाग्छ। तर उहाँले यी कपटी धर्मनेताहरूलाई निडरको साथ दोषारोपण गर्नुभएको हुनाले यो भीड़ आकर्षित भएको हुनुपर्छ, यसमा शङ्का छैन। पाप सहन नसक्ने मानिस लोकप्रिय कहाँ हो र? तर मानिसको हृदय र विवेक साक्षी छः सत्य सधैं सत्य ठहरिन्छ, र पाप सहन नसक्ने मनोभाव धर्मी मानिसको सद्‌गुण हो; यो सुनिश्चित छ।

प्रभु येशू आफ्ना चेलाहरूतिर फर्केर उनीहरूलाई चेताउनी दिनुभयोः *'फरिसीहरूको खमिरदेखि होशियार बस!'* उहाँले उनीहरूलाई स्पष्ट पार्नुभयो, कि खमिरचाहिँ कपटको प्रतीक, पाखण्डको चित्र हो। कपटी

मानिस मुकुन्डो ओढ्ने नकाबधारी हुन्छ, जसको बाहिरी भेष त्यसको भित्री अवस्थासित मेल खाँदैन। फरिसीहरूको स्वाङ सद्‌गुणको आदर्शको जस्तो थियो भने तिनीहरू छद्मवेश धारण गर्नुमा अति सिपालु थिए।

**लूका १२ः२-३ः** तर तिनीहरूको दिन आउन लागेको छ, जब तिनीहरूको कपट प्रकट हुनेछ। तिनीहरूले ढाकछोप गरेका सबै कुराहरू प्रकट हुनेछन्। अनि तिनीहरूले अँध्यारोमा गरेका सबै कामकुराहरू उज्यालोमा ल्याइनेछन्।

एक दिन कपटको मुकुन्डो उघारिनेछ-उघारिनेछ। यो अनिवार्य हो। ठीक त्यस्तै सत्यताको जीत पनि सुनिश्चित हुने नै छ। त्यस बेलासम्म उहाँका चेलाहरूले प्रचार गरेको सुसमाचार त्यति प्रख्यात थिएन, र त्यसका श्रोताहरू सीमित थिए। तर इस्राएली जातिले ख्रीष्ट येशूलाई बहिष्कृत गरेपछि र पवित्र आत्मा आउनुभएपछि उहाँका चेलाहरू निडरको साथ प्रभु येशूको नाममा निस्केर सुसमाचार चारैतिर र टाढ़ासम्म प्रचार गर्ने भए। 'छानाहरूका धुरीहरूबाट सुसमाचार प्रचार गरिनेछ' भनेको कुरा यही हो। यस विषयमा श्री एफ. एल. गोडेटले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'प्रभुका चेलाहरू जसको प्रचारले हालैमा केही सुन्ने कानहरू मात्र पाउन सक्यो, जसको सुसमाचार त्यस बेलासम्म थोरै श्रोताहरूको बीचमा सीमित रहेको र अल्प सङ्ख्याले थाहा पाएको थियो, यी चेलाहरू संसारभरिका मानिसहरूका शिक्षकहरू बन्न लागेका छन्।' **41)**

**लूका १२ः४-५ः** *'हे मेरा मित्रहरूहो'* भन्ने ढाढ़स र प्रेमले पूर्ण सम्बोधन गर्दै प्रभु येशूले आफ्ना चेलाहरूलाई परीक्षाका घड़ीहरूमा उहाँसितको यस बहुमूल्य मित्रतादेखि लाज नमान्ने चेताउनी दिनुभयो। संसारभरि ख्रीष्ट येशूको सुसमाचार प्रचार गरिनेछ; यस कुराले विश्वासयोग्य चेलाहरूमाथि सतावट र मृत्यु ल्याउनेछ। तर फरिसीहरू इत्यादि मानिसहरूले उनीहरूलाई कहाँसम्म दुःख दिन पाउँथे ? तिनीहरूले हदै उनीहरूको शरीर मार्न सक्थे, तर त्योभन्दा बढ़ी अरू केही पनि गर्न सक्दैनथिए। अनि शरीरको मृत्युदेखि उनीहरू डराउनुहुँदैनथियो। परमेश्वर स्वयम्‌ले चेलाहरूलाई सताउनेहरूमाथि त्योभन्दा धेरै ठूलो दण्ड

ल्याउनुहुनेछ; किनभने नरकमा तिनीहरूले अनन्त मृत्युको दण्ड भोग्नेछन्। यसकारण चेलाहरू मानिसहरूसित होइन, तर परमेश्वरसँग डराउनुपर्छ।

**लूका १२ः६-७ः** प्रभु येशूले यहाँ आफ्ना चेलाहरूलाई भँगेराहरूको उदाहरण किन दिनुभयो ? परमेश्वर पिताले भँगेराहरूको वास्ता गर्नुभयो भने उहाँले चेलाहरूको सुरक्षामा झन् बढ़ी चासो लिनुहुन्छ। यस कुरामा बढ़ी जोड़ गर्न सकिँदैन। मत्ती १०ः२९ पदमा हामीले के पढ्छौं भने, दुईवटा भँगेराहरू एउटा तामाको पैसामा बिक्री भए भने यहाँ पाँचवटा भँगेराहरू दुईवटा तामाका पैसामा बिक्री हुन्छन्, अर्थात् चारवटा भँगेराहरू किन्दाखेरि एउटा भँगेराचाहिँ सित्तैंमा दिइन्छ। तर दाम नपरेको त्यो थप भँगेरा पनि परमेश्वरको दृष्टिदेखि लुकेको छैन, भुलिएको छैन। परमेश्वरले त्यो एउटै भँगेराको पनि वास्ता गर्नुहुन्छ; अनि परमेश्वरको पुत्रको सुसमाचार प्रचार गर्न निस्केका उहाँका सन्देशवाहकहरूको विषयमा के-कसो ? उनीहरूको झन् बढ़ी वास्ता हुन्छ; किनभने उनीहरूको शिरका केशधरि गन्ती गरिएका छन्।

**लूका १२ः८ः** मुक्तिदाता प्रभुले आफ्ना चेलाहरूलाई अर्को कुरा के भन्नुभयो भने, *'हरेक जसले मलाई मानिसहरूको सामु स्वीकार गर्छ, उसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरूको सामु स्वीकार गर्नेछन्।'* यो कुरा प्रभु येशूले साँचो विश्वासीहरूको विषयमा भन्नुभएको हो। उहाँलाई स्वीकार गर्नु भनेको उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नु वा अपनाउनु हो।

**लूका १२ः९ः** *'तर जसले मलाई मानिसहरूको सामु इन्कार गर्छ, त्यो पनि परमेश्वरका दूतहरूको सामु इन्कार गरिनेछ।'* यसको खास सन्दर्भ फरिसीहरू भए ता पनि यस पदको अर्थ यी सबै मानिसहरूमाथि लागू हुन्छ, जसले ख्रीष्ट येशूलाई इन्कार गर्छन् र उहाँलाई स्वीकार गर्न लाज मान्छन्। त्यस दिन उहाँले तिनीहरूलाई यसो भन्नुहुनेछः *'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ।'*

**लूका १२ः१०ः** प्रभु येशूको विरोधमा बोल्नु र पवित्र आत्माको निन्दा गर्नु दुईवटा कुरा हुन्। अनि यी कुरामा के भिन्नता छ, सो कुरा उहाँले

आफ्ना चेलाहरूलाई यहाँ बुझाउनुहुन्छ। मानिसको पुत्रको विरोधमा बोल्नेहरूको पाप क्षमा हुन सक्छ, यदि तिनीहरूले पश्चात्ताप गरेर येशूमाथि विश्वास गर्छन् भने। तर पवित्र आत्माको निन्दाचाहिँ क्षमा हुन नसक्ने पाप हो। फरिसीहरूलाई यस पापको दोष लाग्यो; तिनीहरूले यो पाप गरे (मत्ती १२ः२२-३२ पदको खण्ड हेर्नुहोला)।

पवित्र आत्मको निन्दा गर्ने पाप के हो ? यो त प्रभु येशूले गर्नुभएका आश्चर्यकर्महरू शैतानका कामहरू हुन् भन्नु हो। यसरी पवित्र आत्माको निन्दा गरिन्छ; किनभने प्रभु येशूले आफ्ना सबै अचम्मका कामहरू पवित्र आत्माको शक्तिमा गर्नुभएको थियो। यसकारण वास्तवमा पवित्र आत्माको निन्दा गर्दा मानिसले परमेश्वरको पवित्र आत्मालाई शैतान भन्दो रहेछ। यस प्रकारको पापका निम्ति यस अनुग्रहको युगमा पापको क्षमा पाइँदैन, अनि आउँदो युगमा पनि पाइनेछैन।

विश्वासबाट पछि हटेका केही विश्वासीहरूलाई यस किसिमको पाप गरेको डरले सताइरहे ता पनि साँचो ख्रीष्ट-विश्वासीले पवित्र आत्माको निन्दा गर्ने पाप गर्नै सक्दैन; किनभने विश्वासबाट पछि हट्नुचाहिँ क्षमा हुन नसक्ने पाप होइन। पछि हटेको विश्वासीलाई प्रभुको सङ्गतिमा फर्काएर ल्याउनु सम्भव छ। मानिसले क्षमा हुन नसक्ने पाप गरेको वा नगरेको कसरी जानिन्छ ? यसको विषयमा चिन्तित भएको व्यक्तिले यो पाप नगरेको प्रमाण दिन्छ।

विश्वास नगर्ने मानिसले ख्रीष्ट येशूलाई इन्कार गरेको पाप क्षमा हुन नसक्ने पाप पनि होइन। किनभने कसैले मुक्तिदाता प्रभुलाई घरिघरि लत्याएको होला, तर पछिबाट त्यो मानिस प्रभुकहाँ फर्कन र मुक्ति पाउन सक्छ। त्यो मानिस आफ्नो अविश्वासमा मर्‍यो भने कुरा अर्को छः त्यस्तो मानिसले अब कहिल्यै मुक्ति पाउन सक्दैन। अनि त्यस मानिसको अविश्वास क्षमा हुन नसक्ने पाप हुन पुगेको छ। तर हाम्रा प्रभुले यहाँ, यस पदमा वर्णन गर्नुभएको क्षमा हुन नसक्ने पाप अर्को प्रकारको छः फरिसीहरूले यो पाप गरे, जब तिनीहरूले प्रभु येशूका आश्चर्य-कर्महरू दुष्ट आत्माहरूको शासक बेल्जेबुलको शक्तिका कामहरू थिए भनेर भने।

**लूका १२ः११-१२ः** प्रभु येशूका चेलाहरूलाई सरकारी अधिकारीहरूको सामु न्याय-जाँचका निम्ति ल्याइनेछ-ल्याइनेछ; यो अनिवार्य थियो । प्रभु येशूले उनीहरूलाई स्पष्ट भन्नुभयोः त्यति बेलामा उनीहरूले के-के भन्नुपर्नेथियो, सो कुरा अघिबाट तयार पार्नुपर्दैनथियो; किनभने पवित्र आत्माले उनीहरूको परिस्थितिअनुसार ठीक समयमा उनीहरूको मुखमा ठीक-ठीक शब्दहरू हाल्नुहुनेछ । यसबाट परमेश्वरका दासहरूले सुसमाचार प्रचार गर्न वा परमेश्वरको वचन सिकाउनका निम्ति अघि प्रार्थना र अध्ययनमा समय बिताउनुपर्दैन भन्ने कुरा बुझ्नुहुँदैन । कसैले पनि यो कुरा आफ्नो अल्छीपनको बहाना नतुल्याओस् । तर यस पदमा ख्रीष्ट येशूको साक्षी दिनेहरूका निम्ति प्रभुको सुनिश्चित प्रतिज्ञा छः जब उनीहरू येशूको नामको खातिर न्याय-जाँचमा उभिनुपर्छ, तब उनीहरूले पवित्र आत्माको विशेष सहायता पाउनेछन् । अनि यहाँ परमेश्वरका सबै जनहरूका निम्ति सर्वमान्य प्रतिज्ञा पनि छः आत्माको भरमा हिँड्नेहरूलाई उनीहरूको जीवनका आपद्विपद्का क्षणहरूमा उनीहरूले बोल्नुपर्ने ठीक-ठीक शब्दहरू दिइनेछन् ।

## ख) लूका १२ः१३-२१ः धनसम्पत्तिको लोभ गर्ने मानिसलाई यहाँ चेताउनी छ

**लूका १२ः१३ः** यस अवधिमा एकजना मानिस भीड़बाट निस्केर आयो, जसले प्रभु येशूलाई उसको पक्षमा उसको दाजुसित भागबन्डाको मुद्दा लड़्ने विन्ती चढ़ायो । एउटा भनाइ छः 'छन् गेड़ी सबै मेरा, छैनन् गेड़ी सबै टेढ़ा ।' यो यस प्रकारको मामिला थियो कि ? त्यस मानिसबाट त्यसको अंश खोसिएको थियो कि ? अथवा के त्यसलाई आफ्नो अंशभन्दा बढ़ी सम्पत्ति पाउने लालच लाग्यो कि ? यो कुरा हामीलाई थाहा छैन ।

**लूका १२ः१४ः** तत्कालै मुक्तिदाता प्रभुबाट यो जवाफ आयोः अंश बाड़िदिने मामुली काम उहाँको हुँदै होइन । उहाँ यसका निम्ति संसारमा आउनुभएको थिएन । उहाँको आगमनको प्रमुख उद्देश्य पापी मानिस-हरूको मुक्ति थियो । उहाँले आफ्नो महान् र महिमित बोलावट छोड़ेर

सम्पत्ति बाड्ने यो तुच्छ काम कसरी गर्न सक्नुहुन्छ? अनि उहाँसँग मानिस-मानिसको बीचमा पैतृक-सम्पत्तिको भागबन्डाका निम्ति कानुनी अधिकार पनि थिएन; यसकारण उहाँले यस सम्बन्धमा गर्नुभएका फैसलाहरूमा कुनै मान्यता हुनेथिएन।

**लूका १२ः१५ः** तर यस अवसरमा मौका छोपेर प्रभु येशूले आफ्ना श्रोताहरूलाई मानिसको हृदयभित्र ढुकेर बस्ने सबैभन्दा खराब कुराहरूमध्ये एउटा अर्थात् लोभको विषयमा चेताउनी दिन लाग्नुभयो। मानिसको जीवनमा भौतिक सम्पत्तिहरूका निम्ति कहिल्यै तृप्त नहुने प्रबल अभिलाषा सबैभन्दा बलवान् प्रेरणा हो। तर लोभी मानिस आफ्नो जीवनको उद्देश्यरूपी निसानमा पूरा चुक्छ; *'किनकि मानिसको जिन्दगीचाहिँ त्यससँग भएको सम्पत्तिको भरपूरीमाथि निभर गर्दैन।'* यस सन्दर्भमा श्री जे. आर. मिल्लरले यसो भनेका छन्ः

> 'प्रभु येशूले यहाँ लाल बत्तीरूपी पूर्ण विरामको सङ्केत दिनुभएको छ, तर वर्तमान समयमा प्रायः सबै मानिसहरूले यो निषेध-सङ्केत बेवास्ता गरेका छन्। तर ख्रीष्ट येशूले धनसम्पत्तिबाट हुने खतराको विषयमा धेरै कुरा गर्नुभयो। तर मलाई भन्नुहोस्ः धनसम्पत्तिदेखि कसलाई डर लागेको छ? व्यवहारिक हिसाबले हाम्रो समयमा लोभ पाप गनिँदैन। कुनै मानिसले "हत्या नगर्नू" भन्ने छैटौं आज्ञा वा "चोरी नगर्नू" भन्ने आठौं आज्ञा उल्लङ्घन गर्‍यो भने त्यो मानिस अपराधी ठहरिन्छ र त्यसलाई जीवनभरि यस पापको कलङ्क लाग्छ। तर कसैले "लालच नगर्नू" भन्ने दसौं आज्ञा उल्लङ्घन गर्‍यो भने त्यो उद्योगी भनिन्छ। पवित्र बाइबलमा लेखिएको छः "रुपियाँपैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो।" तर हरेक जसले यो पद उद्धृत गर्छ, उसले जसोतसो कुरा मिलाएर 'पैसा होइन, तर पैसाको प्रेम पो खराबीको जड़ हो त नि' भनिहाल्छ। अनि यस जोड़ले यहाँको कुरा बिगार्छ।
>
> यता हेर्‍यौं, उता हेर्‍यौं, चारैतिर हेरेर हामीलाई के लाग्छ भने मानिसको जिन्दगी त्यससँग भएको सम्पत्तिको भरपूरीमाथि निर्भर गर्दो रहेछ। मानिस-हरूको विचारमा, पैसावाला ठूलो मानिस मानिन्छ। जसको धनसम्पत्ति बढ्छ, त्यसको बड़ोपन उत्तिकै बढ्छ। कुरा यस्तो देखिन्छ। किनभने संसारले मानिसहरूको नापजोख र मूल्याङ्कन तिनीहरूको बैङ्कको खाताअनुसार गर्छ।

योभन्दा ठूलो दुर्भाग्यशाली भूल अरू कुनै हुनै सक्दैन। किनभने मानिसको खास मूल्याङ्कन त्यससँग भएको सम्पत्तिको आधारमा होइन, तर परमेश्वरको दृष्टिमा त्यो के-कस्तो हो, यसको आधारमा हुनुपर्छ।' 42)

**लूका १२ः१६-१८ः** मूर्ख धनवानको दृष्टान्तबाट स्पष्ट बुझिन्छः धनसम्पत्तिचाहिँ जीवनको प्रमुख कुरा हुँदैन रहेछ। यस दृष्टान्तमा यस धनवान् कृषकको ठूलो समस्या के थियो भने, त्यस वर्षमा उसको फसल धेरैभन्दा धेरै, अति नै भएको थियो। यति धेरै अन्न कहाँ राख्ने ? उसका सबै भण्डार र ढुकुटीहरू अन्नले भरिसके। एकक्षण उसको दिमागमा खलबल मच्चियो, एउटा आँधी चल्यो, त्यसपछि उसले आफ्नो बुद्धि लगायो र उसको समस्या समाधान भयो। उसले आफ्ना सबै भण्डार र ढुकुटीहरू भत्काएर तीभन्दा ठूला-ठूला भण्डारहरू बनाउने निर्णय लियो। उसको वरिपरि जतातत्तै खाँचोखाँचैले भरिएको जगत्‌तिर आफ्ना आँखाहरू उठाएको भए र मानिसहरूको आत्मिक र शारीरिक भोक मेटाउन आफ्नो धनसम्पत्ति प्रयोग गरेको भए ती भण्डारीहरू निर्माण गर्ने विशाल योजनाका निम्ति चाहिएको खर्च बाँच्नेथियो र उसलाई कुनै झन्झट पर्नेथिएन। यस विषयमा बिशप एम्ब्रोजले यसो भनेका छन्ः

'गरिबहरूका पेट, विधवाहरूका घरहरू र भोकाएका नानीहरूका मुख यी ढुकुटीहरू हुन्, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैनन्।'

**लूका १२ः१९ः** यी नयाँ भण्डार र ढुकुटीहरू बनाएपछि उसले कामबाट अवकाश लिने निर्णय लियो। तपाईंले निम्न शब्दहरूबाट उसको आत्मनिर्भरताको मन र विचारमा ख्याल गर्नुहोलाः 'मेरा ढुकुटीहरू', 'मेरा अन्न', 'मेरा मालहरू', 'मेरो प्राण'। उसले आफ्नो भविष्यका निम्ति पूरा प्रबन्ध गरिसक्यो। अबचाहिँ उसले आराम गर्न, खान र पिउन अनि मोज गर्न लागेको थियो।

**लूका १२ः२०-२१ः** तर उसले आफ्नो बाँकी जीवन आफ्नो हुने विचार मात्र गरेको थियो, तब उसको योजनाले परमेश्वरको मनसायसित ठक्कर खायो, र तत्कालै उसको देहान्तको साथमा उसको अनन्त विनाश पनि भयो। परमेश्वरको फैसला थियोः त्यही रात उसको मृत्यु हुने भयो। अनि उसको मरण हुनासाथ उसले आफ्नो सारा धनसम्पत्तिमाथिको हक

गुमाइहाल्यो। उसको सम्पत्ति अर्काको हुने भयो। एकजना अज्ञात व्यक्तिको भनाइअनुसार त्यो मानिस मूर्ख मानिन्छ, जसका सबै योजनाहरू मृत्युमा शेष हुन्छन्। यस हिसाबले यस दृष्टान्तको धनवान् मानिस महामूर्ख थियो।

*'... तब जुन थोकहरू तैंले जोहो गरेको छस्, ती थोकहरू कसका हुनेछन् ?'* – परमेश्वरले सोध्नुभएको प्रश्न थियो। अनि हामीले आफूलाई यो प्रश्न सोध्नु उचित देखिन्छः 'ख्रीष्ट येशू आज आउनुभयो भने हाम्रो सारा सम्पत्ति कसको हुनेछ ?' हाम्रो सम्पत्ति भोलिको दिनमा शैतानको हातमा पर्नुभन्दा बरु आजको दिनमा परमेश्वरको काममा लगाउनु समुचित छ। यसैले आजै हामीले स्वर्गमा आफ्नो धन थुपारौं, र परमेश्वरप्रति धनी बनौं ! शरीरका निम्ति खर्च गरेर हामीले किन आफ्नो सम्पत्ति बर्बाद गरौं ? किन शरीरबाट विनाशको कटनी गरौं ?

## ग) लूका १२ः२२-३४ः फिक्री-विरुद्ध विश्वास

**लूका १२ः२२-२३ः** गाँस, वास र कपासलाई प्रथम स्थान दिनु र हाम्रो जीवनको प्रमुख लक्ष्य बनाउनु इसाई जीवनका निम्ति एउटा ठूलो खतरा हो। जीविका चलाउने र पैसा कमाउने धुनमा व्यस्त रहेर हामीले प्रभुको कामलाई दोस्रो स्थान दिएका हुन्छौं। तर नयाँ नियमको शिक्षाअनुसार ख्रीष्ट येशूको इच्छा हाम्रो जीवनमा प्रथम हुनुपर्छ। खानु र लाउनु उहाँको इच्छाको अधीनस्थ हुनुपर्छ। हामीले परिश्रम गर्नैपर्छ; हामीले आफ्नो जीविका चलाउनैपर्छ। तर आफ्नो भविष्यका निम्ति हामीले परमेश्वरमाथि भर पर्नुपर्छ। हामी उहाँको सेवामा लागिपर्नुपर्छ। हामी विश्वासमा जिउनुपर्छ।

जब प्रभु येशूले हामीलाई 'खाने र लाउने कुराका निम्ति फिक्री नगर' भनेर भन्नुभयो, तब उहाँले हामीलाई अल्छी भएर हात बाँधेर बस्न र काम नगरीकन 'आः, परमेश्वरले जुटाइदिइहाल्नुहुन्छ नि' भनेर यी कुराहरूको बाटो हेर्न सिकाउनुभएन। ख्रीष्टीय शिक्षाले आलस्यपनका निम्ति कुनै प्रबन्ध गर्दैन, कुनै प्रोत्साहन दिँदैन। तर उहाँले भन्नुभएको तात्पर्य यो हो, कि जीविका चलाउँदाखेरि हाम्रा आवश्यकताहरूले प्रथम स्थान

ओगट्नुहुँदैन; ती खाँचोगाह्रोहरूमा हामीले बढ़ी महत्त्व दिनुहुँदैन। हाम्रो जीवनमा हाम्रो खानेकुराभन्दा, हाम्रा लाउने कुराहरूभन्दा महत्त्वपूर्ण कुरा छ, केही न केही कुरा हुनुपर्छ। यस संसारमा हामी किन जिइरहेका छौं? हामी यहाँ ख्रीष्ट राजाका राजदूत हौं। यसर्थ हाम्रा व्यक्तिगत सुविधाहरू र रूपरङ्का कुराहरू हामीले यस एकमात्र महिमित कर्तव्यको अधीनस्थ राखिछोड्नुपर्छ; हामीले संसारलाई ख्रीष्ट येशू चिनाउनैपर्छ।

**लूका १२:२४:** परमेश्वरले आफूले सृष्टि गर्नुभएका प्राणीहरूका निम्ति प्रबन्ध गर्नुहुन्छ भन्ने कुरा स्पष्ट पार्न प्रभु येशूले कागहरूको उदाहरण दिनुभयो। कागहरूले आफ्नो आहारका निम्ति उन्मत्त खोजमा जीवन बिताउँदैनन्, कुनै चिन्ता गर्दैनन् र भविष्यका निम्ति पनि कुनै प्रबन्ध गर्दैनन्। कागहरू घण्टा-घण्टैमा परमेश्वरमाथि भर पर्छन्। *'तिनीहरूले न बीउ छर्छन्, न कटनी गर्छन्।'* यस वाक्यको अर्थ हददेखि बाहिर लानुहुँदैन। यहाँबाट मानिस कुनै व्यवसाय, कामधन्दा, पेशा वा रोजगारमा लाग्नुहुँदैन भन्ने अर्थ बुझ्नुहुँदैन, सिकाउनुहुँदैन। यसको सठीक अर्थ यस प्रकारको छः परमेश्वर आफूले सृष्टि गर्नुभएका प्राणीहरूलाई कुन-कुन कुराको खाँचो पर्छ, सो जान्नुहुन्छ र उहाँमाथि भर परेका मानिसहरूका निम्ति तिनीहरूलाई खाँचो परेका कुराहरू जुटाउनुहुन्छ। परमेश्वरले कागहरूलाई खुवाउनुहुन्छ। अनि हामीचाहिँ – उहाँले बनाउनुभएका सृष्टिहरू, उहाँको अनुग्रहले मुक्ति पाएकाहरू, उहाँको सेवा गर्ने बोलावट पाएका उहाँका दासदासहरू – के उहाँले हामीलाई झन् बढ़ता गरी खुवाउनुहुन्न? असम्भव! कागहरूको न कुनै भण्डार हुन्छ न ता कुनै ढुकुटी नै, तर पनि परमेश्वरले तिनीहरूको दैनिक आहार जुटाइदिनुहुन्छ; तब हामी किन अझै ठूला भण्डारहरू वा अझै ठूला ढुकुटीहरू बनाइबस्ने काममा हाम्रो जीवन बर्बाद गरौं?

**लूका १२:२५-२६:** प्रभु येशूको अर्को प्रश्न यस प्रकारको छः *'तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो कदमा एक हात थप्न सक्छौ?'* हाम्रो भविष्य आदि जुन कुराहरू हाम्रो वशमै छैनन्, ती कुराहरूको विषयमा फिक्रीचिन्ता गरिबस्नु के काम? यो मूर्खता हो। किनभने चिन्ता गरेर कसैले पनि आफ्नो कदमा एक इन्च पनि थप्न

सक्दैन, आफ्नो जीवनमा एक घण्टा पनि थप्न सक्दैन। यहाँ कदको अनुवाद आयु पनि हुन सक्छ। कुरा यस्तो छ भने, भविष्यका निम्ति हामी फिक्री किन गरिबसौं ? बरु ख्रीष्ट येशूको सेवामा हाम्रो बल र समय खर्च गरौं, र आफ्नो भविष्य उहाँको हातमा छोड़िदिऔं !

**लूका १२ः२७-२८ः** पहिरनका निम्ति बढ़ी समय खर्च गरिबस्ने वा आफ्ना सर्वोत्तम प्रतिभाहरू काममा लगाउने चेष्टा नगर्ने शिक्षा दिनलाई लिली फूलहरू अर्को उदाहरण हुन्। हुन सक्छ, लिली फूलहरू इस्राएल देशमा फुल्ने रातो 'क्राउन अनेमोने' नामक जङ्गली फूल होलान्। लिली फूलहरू परिश्रम गर्दैनन् र धागो कात्दैनन्। तर सुलेमान आफ्नो सारा महिमामा पनि ती फूलहरूको प्राकृतिक सुन्दरताको स्तरमा आउन सकेनन्। आज फुल्ने, भोलि ओइलिने यी फूलहरूमाथि यत्रो शोभा खर्च गर्नुहुने परमेश्वरले आफ्ना छोराछोरीहरूका खाँचोहरू बेवास्ता गर्न सक्नुहुन्न नै। हामी चिन्ता गर्नेहरू, हामी खिचखिच गर्नेहरू, हामी बढ़ी, अझ बढ़ी भौतिक सम्पत्ति थुपार्ने चक्करमा निरन्तर व्यस्त भइरहनेहरू कत्रो अल्पविश्वासी हौं ! ! हामी यस्तो कुराका निम्ति व्यर्थमा मेहनत गर्छौं र आफ्नो जीवन बर्बाद गर्दै जान्छौं, जुन कुरा, हाम्रो समर्पण अधूरो नभएको भए र हामीले आफ्नो समय र आफ्ना प्रतिभाहरू परमेश्वरको हातमा पूरा सुम्पेका भए उहाँले आफ्नो समयमा हाम्रा निम्ति गरिहाल्नुहुनेथियो।

**लूका १२ः२९-३१ः** वास्तवमा, हाम्रा दैनिक खाँचोहरू निक्कै साना हुन्छन्। अचम्म, हामीले चाह्यौं भने हामी कति साधारण तवरले जिउन सक्दा रहेछौं ! तब किन होला, खानेकुरा र लुगाफाताले हाम्रो जीवनमा यति प्रमुख स्थान पाएका छन्? अनि भविष्यको विषयमा फिक्री गर्ने शङ्कालु मनका हामी किन भयौं ? यो त मुक्ति नपाएका मानिसहरूको जिउने तरिका पो हो। संसारका जाति-जातिका मानिसहरूले परमेश्वरलाई पिताको रूपमा चिन्दैनन्। तिनीहरू खानेकुरा, पहिरन र सुखसुविधा-हरूमाथि केन्द्रित रहेको जीवन जिउँछन्। यी कुराहरू तिनीहरूको जीवन-केन्द्र हुन्; यी कुराहरूको घेराभित्र तिनीहरूको जिन्दगी बितिरहन्छ। तर परमेश्वरका छोराछोरीहरूका निम्ति यो उहाँको उद्देश्य होइन। उनीहरूले गाँस, वास र कपासका निम्ति दौड़धूप र हड़बड़ी गरिरहेका अनि आफ्नो

समय खर्च गरिरहेका उहाँ चाहनुहुन्न। यस पृथ्वीमाथि उनीहरूका निम्ति उहाँको काम छँदैछ। अनि परमेश्वरको प्रतिज्ञाअनुसार उहाँको स्याहार र वास्ता उनीहरूका निम्ति हो, जसले सम्पूर्ण हृदयले आफूलाई उहाँकहाँ समर्पण गर्छन्। उहाँको राज्यको खोजी गर्नेहरू न भोको रहन्छन्, न ता कतै नाङ्गो रहनुपर्छ। तर कति दुःखको कुरा होः हामीमध्ये कतिजनाको होश यिनीहरूको जीवनको अन्तमा मात्र खोलिएला! अनि त्यत्ति बेलामा यिनीहरूले स्वर्ग जाने टिकटको दाममा समावेश भइसकेका कुराहरूका निम्ति मरिमेटेको र प्रायः आफ्नो सब समय यी कुराहरूका निम्ति खर्च गरेकोमा खेद मान्नुपर्ला।

**लूका १२ः३२ः** प्रभु येशूका चेलाहरू एउटा सानो बगाल थिए। उनीहरू सहाराविहीन भेड़ाहरूजस्तै थिए। उहाँले उनीहरूलाई उनीहरूको कुभालो चिताउने वैरी संसारमा पठाउनुभयो। हो, यसो हेर्दा उनीहरूको सहायता कहीं थिएन, न कतै उनीहरूको सुरक्षा थियो। यसका निम्ति कुनै देखिने बन्दोबस्त थिएन। तर यी जवान मानिसहरूको लुत्रुक्क झुण्डको भाग्य राम्रो हुनेछ; किनभने उनीहरू ख्रीष्ट येशूसित परमेश्वरको राज्यको हकदार हुने भए। एक दिन उनीहरूले उहाँको साथमा सारा पृथ्वीमाथि राज्य गर्नेछन्। यही कुरा ध्यानमा राख्दै उनीहरू डराउनुपरेको थिएन। यसकारण प्रभु येशूले 'नडराओ' भनेर उनीहरूलाई ढाढ़स दिनुभयो; किनभने पिता परमेश्वरले उनीहरूका निम्ति यत्रो महिमित, उच्च सम्मानित भविष्य साचेर राख्नुभयो भने त्यहाँ नपुगुन्जेत उनीहरूले बाटोको खर्चका निम्ति चिन्ता गर्नुपर्दैन।

**लूका १२ः३३-३४ः** भौतिक सम्पत्ति हासिल गर्नु र फलाना थोकको प्राप्तिका निम्ति कति समय लाग्ला भन्ने हिसाबकिताब गरिबस्नुको सट्टामा उनीहरूले यी सबै धनसम्पत्तिहरू प्रभुको काममा लगाउन सक्छन्। यसो गरेर उनीहरूले स्वर्ग र अनन्तकालका निम्ति लगानी गर्छन्। स्वर्गमा थुपारिएको धन पुरानो हुँदै जाँदैन, त्यसमाथि कुनै विनाशकारी प्रभाव पर्दैन। स्वर्गको धन चोरी र हानि-नोक्सानीदेखि पूरा बिमाकृत, सुरक्षित हुन्छ। धनसम्पत्तिको सम्बन्धमा खास समस्या के हो भने, सम्पत्ति हुनेले आफ्नो सम्पत्तिमाथि भरोसा गर्छ-गर्छ। यसकारण प्रभु येशूले यसो

भन्नुभयोः *'जहाँ तिमीहरूको सम्पत्ति हुन्छ, त्यहीं तिमीहरूको हृदय पनि हुनेछ।'* यसकारण आउनुहोस्, हामी आफ्नो रुपियाँपैसा अघिबाट स्वर्गमा पठाइहालौं! तब हामी यस संसारका नाश हुने थोकहरूको मोह र मायारूपी दूधबाट सधैंका निम्ति छुटेको हुनेछौं।

## घ) लूका १२ः३५-४०ः जागा रहने दासको दृष्टान्त

**लूका १२ः३५ः** प्रभु येशूका चेलाहरूले आफ्ना खाँचोहरूका निम्ति प्रभुमाथि भरोसा गर्नुपर्छ; यति मात्र होइन, तर उनीहरू निरन्तर उहाँको दोस्रो आगमनको बाटो हेर्दै जिउनुपर्छ। *'तिमीहरूको कम्मर कसिएका र तिमीहरूका बत्तीहरू बलिरहेका होऊन्!'* मध्यपूर्वका देशहरूको कुरा होः जब कुनै मानिस छिटो-छिटो हिँड्थ्यो वा दगुर्थ्यो, तब त्यस मानिसले पहिले आफ्नो कम्मरमा एउटा पटुका वा पेटी बाँध्ने गर्थ्यो, जुन पटुका वा पेटीले त्यसको लामो, फरफरे वस्त्र अड्याउँथ्यो। कम्मर कसिनुको अर्थ खटाइएको कर्तव्य पूरा गर्ने आतुरी गर्नु हो भने, बत्ती बलिरहेको सङ्केतिक अर्थ आफ्नो गवाही कायम राख्नु हो।

**लूका १२ः३६ः** उहाँका चेलाहरू क्षण-क्षणै प्रभुको दोस्रो आगमनको बाटो हेर्दै जिउनुपरेको थियो। उहाँ जुनसुकै समयमा विवाहबाट फर्किआउन सक्नुहुनेथियो। यस सन्दर्भमा श्री विलियम केल्लीले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'प्रभुका चेलाहरू संसारका सबै बाधाबिघ्नहरूदेखि मुक्त हुनुपर्छ, यस हेतुले कि यस दृष्टान्तको भाषाअनुसार, जुन क्षणमा प्रभुले ढोकामा ढकढक्याउनुहुनेछ, त्यस क्षणमै तत्कालै उनीहरूले उहाँका निम्ति ढोका खोलिदिऊन्। यसरी उनीहरूलाई बाधा पार्ने कुनै कुरा हुनेछैन, अनि उनीहरूलाई त्यत्ति बेलामा तयार हुनु पनि खाँचो हुनेछैन। उनीहरूका हृदयहरू उहाँको प्रतीक्षामा छन्; उहाँ उनीहरूको मालिक, उनीहरूको स्वामी हुनुहुन्छ। उनीहरूले उहाँलाई प्रेम गरिरहेका छन्; उनीहरूले उहाँको बाटो हेरिरहेका छन्। उहाँले ढोकामा ढकढक्याउनुहुनेछ, र तत्कालै उनीहरूले उहाँका निम्ति ढोका खोल्नेछन्।' **43)**

विवाहबाट फर्किआउने मानिसको विषयमा यस दृष्टान्तको विस्तृत बयान हामीले हददेखि बाहिर लानुहुँदैन, अर्थात् एउटा भविष्यवाणीको रूपमा लिनुहुँदैन। हामीले यहाँ भनिएको विवाहमा थुमाको विवाह-भोज सम्झनुहुँदैन, न ता यस फर्किआएको मानिसले ख्रीष्ट-विश्वासीहरू उठाइलगिएको क्षणलाई सङ्केत गरेको बुझ्नु हुन्छ। प्रभु येशूले बताउनुभएको यस दृष्टान्तको एउटै उद्देश्य थियोः यस दृष्टान्तले यी चेलाहरूलाई सधैं जागा रहनुपर्छ र उहाँको दोस्रो आगमनको बाटो हेर्नुपर्छ भन्ने शिक्षा दिएको हो। यस दृष्टान्तले उहाँको दोस्रो आगमन हुँदा कुन-कुन घटनाहरू घट्नेछन्, सो कुराको घटनाक्रम दिन खोजेको होइन।

**लूका १२ः३७ः** यस दृष्टान्तमा घरको मालिक विवाहबाट फर्किआएका छन्, अनि तिनका उत्साहित दासहरूले तिनको बाटो हेरिरहेका छन्, र तिनीहरू तिनको आदेश तत्कालै मान्न तयार छन्। तिनीहरू जागा रहेकोमा तिनी अत्यन्तै खुशी छन्; यसैले तिनले मानौं तिनीहरूको स्थान लिनेछन्, दासको कम्मरपेटीले आफ्नो कम्मर कस्नेछन्, तिनीहरूलाई खाना खानका निम्ति बस्न लाउनेछन् र तिनीहरूको सेवाटहल गर्नेछन्। यसबाट हामी आफ्नो हृदयलाई स्पर्श गर्ने कुन सङ्केत पाउँछौं भने दासको रूप धारण गरेर यस संसारमा आउनुभएको प्रभु येशू फेरि पनि स्वर्गीय घरमा आफ्ना जनहरूको विनम्र सेवा गर्न झुक्नुहुनेछ। जर्मनीको समर्पित बाइबलविद् श्री जोह्न ए. बेङ्गलले लूका १२ः३७ पद परमेश्‍वरको वचन बाइबलको सबैभन्दा ठूलो प्रतिज्ञा सम्झे।

**लूका १२ः३८ः** रातको दोस्रो पहर राति नौ बजेदेखि बाह्र बजेसम्मको अवधि हो भने, तेस्रो पहर रातको बाह्र बजेदेखि बिहानको तीन बजेसम्म जान्छ। मालिक फर्किने पहर जुनसुकै होस्, तिनका दासहरू उहाँका निम्ति तयार भई पर्खिरहे।

**लूका १२ः३९-४०ः** यहाँ दृष्टान्तरूपी मञ्चसाज्जा बदली हुन्छ। प्रभु येशूले हाम्रो सामु एकजना घरको मालिकको मनचित्र कोरिदिनुहुन्छ, जसको घरमा तिनी सतर्क नरहेको क्षणमा चोरी भएछ। चोर आउला भन्ने तिनले सोचेकै थिएनन्। घरको मालिकले चोर कुन घड़ीमा आउँछ, सो जानेका भए तिनी जागा रहनेथिए, र तिनले आफ्नो घर फोर्न दिनेथिएनन्।

हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः प्रभु येशूको दोस्रो आगमनको समय अनिश्चित छ। उहाँ कुन दिन वा कुन घड़ीमा देखा पर्नुहुनेछ, सो कसैले पनि जान्दैन। जब उहाँ फेरि आउनुहुनेछ, तब यस पृथ्वीमाथि धनसम्पत्ति थुपार्ने विश्वासीहरूले आफ्नो सारा सम्पत्ति गुमाउनेछन्। यस सन्दर्भमा एकजना अज्ञात व्यक्तिले यसो भनेका छन्ः 'ख्रीष्ट-विश्वासीले कि त पृथ्वीमा आफ्नो धन छोड्नुपर्छ, कि त स्वर्गको धन प्राप्त गर्न जानेछ।' ख्रीष्ट येशूको दोस्रो आगमनको बाटो हेर्नेहरूले आफ्ना सबै थोकहरू बेच्नेछन्, र स्वर्गमा धन थुपार्दै जानेछन्, जहाँ कुनै चोरी लाग्दैन।

## ङ) लूका १२ः४१-४८ः विश्वासयोग्य दासहरू र अविश्वासी दासहरू

**लूका १२ः४१-४२ः** जागा रहने सन्दर्भमा बोल्नुभएको प्रभु येशूको दृष्टान्तको अर्थ चेलाहरूका निम्ति मात्र लागू हुने वा सबै मानिसहरूका निम्ति लागू हुने सम्बन्धमा पत्रुसले उहाँलाई प्रश्न गरे। प्रभुको उत्तर यस प्रकारको थियोः यो दृष्टान्त परमेश्वरका सबै भण्डारीहरूका निम्ति हो। विश्वासयोग्य र बुद्धिमान् भण्डारी उही हो, जसलाई उसका मालिकको घरानाको सारा जिम्मेवारी दिइन्छ, र जसले उहाँका जनहरूलाई बेला-बेलामा खुराक दिन्छ। यस भण्डारीको जिम्मेवारी भौतिक वस्तुहरूमाथि थिएन, तर मानिसहरूमाथि थियो। यो कुरा यस खण्डको सन्दर्भसित पूरा मेल खान्छ, जुन खण्डमा प्रभुका चेलाहरूले संसारका कुराहरूमा मन दिने प्रवृत्ति र रुपियाँपैसाको लोभ नगर्ने चेताउनी पाएका छन्। मानिसहरू महत्त्वपूर्ण हुन्; तिनीहरूको तुलनामा भौतिक वस्तुहरू केही पनि होइनन्।

**लूका १२ः४३-४४ः** प्रभु येशू आउनुहुनेछ; अनि जब उहाँले आफ्नो दासलाई साँचो मनले उहाँका जनहरूको आत्मिक भलाइ गरेको भेट्टाउनुहुनेछ, तब उहाँले उसलाई प्रशस्त इनाम दिनुहुनेछ। अनि हुन सक्छ, उसको इनाम हजार वर्षको राज्यमा ख्रीष्ट येशूको साथमा गरिने शासनको सम्बन्धमा दिइनेछ होला (१ पत्रुस ५ः१-४)।

**लूका १२:४५:** तर अर्को दास पनि छ, जसले 'ख्रीष्ट येशूको सेवा गर्छु' भन्छ, तर जो वास्तवमा विश्वासी नै होइन। परमेश्वरका जनहरूको कल्याण गर्नुको सट्टामा त्यसले तिनीहरूको अपमान र अपकार गर्छ, तिनीहरूलाई लुट्छ र आफ्नो शरीरका अभिलाषाहरू पूरा गर्दै जिउँछ। सन्दर्भअनुसार यस पदले फरिसीहरूलाई ताकेको छ होला।

**लूका १२:४६:** प्रभु येशू आउनुभएपछि उहाँले त्यसको देखावटी अवस्था प्रकट गर्नुहुनेछ। उहाँले त्यसलाई अरू सबै अविश्वासीहरूसित दण्ड दिनुहुनेछ। *'अनि तिनले त्यसलाई दुई टुक्रा पार्नेछन्'* भन्ने वाक्यको भाव-अनुवाद 'तिनले त्यसलाई बेस्सरी कोर्रा लाउनेछन्' पनि हुन सक्छ।

**लूका १२:४७-४८:** यी दुई पदहरूमा सेवकाइको सम्बन्धमा एक आधारभूत नियम पेश गरिएको छ। अनि यसको नियम यस प्रकारको छः कसैलाई दिइएको सौभाग्य र सुविधाअनुसार उसको जिम्मेवारी र कर्तव्य पनि बढ्छ। ख्रीष्ट-विश्वासीहरूको कुरा गर्नु हो भने, स्वर्गमा उनीहरूको इनाम बराबर होइन, तर ठूलो-सानो हुनेछ। अनि नरकमा विश्वास नगर्नेहरूको सजाय पनि बराबर हुनेछैन, तर ठूलो-सानो हुनेछ। पवित्र धर्मशास्त्रको प्रकाशअनुसार परमेश्वरको इच्छा जानिन्छ; परमेश्वरको इच्छा जान्नेहरूको जिम्मेवारी ठूलो छः उनीहरूले परमेश्वरको इच्छा पालन गर्नैपर्छ। जसलाई धेरै दिइएको छ, उसबाट धेरै फिर्ता लिइनेछ। तर जसको सौभाग्य सानो छ, र जसले अनजानमा गर्नु नहुने कामहरू गरिपठाएको छ, त्यसको सजाय नहुने होइन, तर त्यसको दण्ड कम हुनेछ।

## च) लूका १२:४९-५३: ख्रीष्ट येशूको पहिलो आगमनको प्रभाव

**लूका १२:४९:** प्रभु येशूलाई थाहा थियोः उहाँको पहिलो आगमनले शुरु-शुरुमा पृथ्वीमाथि शान्ति ल्याउँदैन। पहिले त्यसले मानिसहरूको बीचमा फाटो, झगड़ा, सतावट र रक्तपात सृजना गर्नुपर्छ। कुरा स्पष्ट छः

यस प्रकारको आगो पृथ्वीमाथि बर्साउने हेतुले उहाँ खास आउनुभएन; तर के गर्ने ? उहाँको आगमनले मानिसहरूको बीचमा यस प्रकारको प्रभाव ल्यायो र यस प्रकारको प्रतिक्रिया उब्जायो । यस संसारमा उहाँको सेवकाइ हुँदा नै उहाँमाथि दुःखकष्ट, अमेल, मनमुटाउ र विरोध आइपरे, तर क्रूसमा मात्र उहाँप्रति मानिसको हृदयभित्रको वास्तविक विचार सफासँग प्रकट भयो । यी सबै कुराहरू यस्तै हुनुपर्छ भन्ने प्रभु येशूलाई थाहा थियो । अनि सतावटको आगो दन्केर ढिलो-छिटो उहाँको विरोधमा आइ-लाग्नेथियो; यसको सामना गर्न उहाँ पूरा राजी हुनुहुन्थ्यो ।

**लूका १२ः५०ः** उहाँले लिनुपर्ने एउटा बप्तिस्मा थियो। अनि गलगथा भनिने ठाउँमा उहाँको क्रूसको मृत्यु हुँदा उहाँले यो बप्तिस्मा लिनुभयो। यसमा उहाँ ठूलो विवशमा पर्नुभएको थियो; किनभने नाश गर्न लागेका मानिसहरूको मुक्तिको प्रबन्ध गरिदिने करमा परेर उहाँ क्रूसमा जानुभयो। क्रूसको अपमान, दुःखकष्ट र मृत्यु उहाँका निम्ति परमेश्वर पिताको इच्छा थियो। अनि परमेश्वरको इच्छा पालन गर्न उहाँ पूरा उत्सुक हुनुहुन्थ्यो।

**लूका १२ः५१-५३ः** उहाँको पहिलो आगमनले पृथ्वीमाथि शान्ति स्थापित गर्दैन; अनि पृथ्वीले शान्तिका निम्ति अझै पर्खनुपर्छ भन्ने कुरा उहाँले राम्रोसँग जान्नुहुन्थ्यो। अनि यसकारण उहाँले आफ्ना चेलाहरूलाई चेताउनी दिएर भन्नुभयो, कि जुन मानिसहरू उहाँकहाँ फर्कन्छन्, ती मानिसहरूका परिवारहरूले तिनीहरूलाई सताउनेछन् र तिनीहरूलाई घरबाट निकालिदिनेछन्। ख्रीष्ट येशूको परिचय दिने सुसमाचारले पाँचजनाको सामान्य परिवारमा फाटो ल्याउँछ। मानिसको भ्रष्ट स्वभावको अनौठो लक्षण के हो भने, भक्तिहीन आफन्तहरूले प्रभु येशू ख्रीष्टको चेला हुँ भन्ने गवाही खुला रूपले दिने छोरालाई भन्दा बरु मतवाला र बदमास भएको छोरालाई रुचाउँछन्। यस खण्डले निम्न धारणा खण्डन गर्छ। प्रभु येशू संसारका सबै मानिसहरूलाई एउटै परिवार बनाउन र तिनीहरूलाई लिएर विश्वव्यापी एकै भ्रातृ-संघ स्थापित गर्न आउनुभएन। होइन नि! उहाँले त मानिसहरूको बीचमा अपूर्व रूपले फाटो ल्याउनुभएको हो।

## छ) लूका १२ः५४-५९ः कुन समयमा जिइरहेका छौं, सो हामीले जान्नुपर्छ !

**लूका १२ः५४-५५ः** अघिका पदहरू चेलाहरूसित बोलिएका वचनहरू थिए। तर अब मुक्तिदाता प्रभु भीड़पट्टि फर्केर बोल्नुहुन्छ। प्रभु येशूले एउटा नयाँ प्रसङ्ग उठाउनुभयोः मानिसहरूसँग मौसम छुट्ट्याउने क्षमता थियो। पश्चिममा भूमध्यसागरमाथि बादल उठिरहेको देख्दा 'पानी पर्ने रहेछ' भन्ने कुरा तिनीहरूलाई थाहा भयो। अनि दक्षिणबाट हावा चल्यो भने 'अब चर्को गर्मी लाग्छ र खड़ेरी आउँछ' भन्ने तिनीहरूलाई झट्टै थाहा लाग्यो। यहाँसम्म ती मानिसहरूको बुद्धि थियो। मौसम जान्ने बुद्धि तिनीहरूको मौसम जान्ने इच्छाको फल थियो।

**लूका १२ः५६ः** तर आत्मिक कुराहरूको विषयमा कुरा अर्को थियो। ती मानिसहरूको बुद्धि प्रायः सबैलाई हुने सामान्य बुद्धि थियो। तर मानव-इतिहासमा कति महत्त्वपूर्ण समय आइपुगेको थियो, सो तिनीहरूलाई थाहै भएन। परमेश्वरको पुत्र यस संसारमा आउनुभएको थियो। अनि उहाँ तिनीहरूको बीचमा खड़ा हुनुहुन्थ्यो। अपूर्व तवरले स्वर्गको राज्य तिनीहरूको नजिकै आएको थियो। तर तिनीहरूले यो समय, यो ईश्वरीय भेटघाट चिन्न सकेनन्। तिनीहरूसँग समय जान्ने बुद्धि त थियो, तर तिनीहरूको जान्ने इच्छा थिएन, कि कसो ? यसरी तिनीहरूले आफूलाई धोका दिए।

**लूका १२ः५७-५९ः** तिनीहरू आफूले जिउन पाएको जमानाको महत्त्व बुझेका भए तिनीहरूले विरोधीसँग मेलमिलाप गर्न हतार गर्नेथिए। यहाँ यस खण्डमा चारवटा शब्द प्रयोग गरिए, जुन वैधिक, कानुनी शब्द हुन्, जस्तै वादी, शासक, न्यायकर्ता, अफिसर। यी चारवटा शब्दहरूको प्रसङ्गिक अर्थ परमेश्वर हुनुहुन्छ। परमेश्वर स्वयम् तिनीहरूको बीचमा हिँड़डुल गर्नुभएको थियो। उहाँले तिनीहरूलाई आग्रह गर्दै हुनुहुन्थ्यो र तिनीहरूलाई मुक्ति पाउने मौका दिँदै हुनुहुन्थ्यो। तिनीहरूले पश्चात्ताप गर्नुपर्नेथियो र उहाँमाथि विश्वास गर्नुपर्नेथियो। तिनीहरूले यसो गर्न

अस्वीकार गरे भने तिनीहरू एक दिन परमेश्वरको सामु उभिनुपरेको थियो। उहाँ तिनीहरूको न्यायकर्ता हुनुहुनेछ। अनि मुद्दा तिनीहरूको विरोधमा जानेछ। तिनीहरूलाई अविश्वासको दोष लाग्नेछ; तिनीहरूले आफ्नो विरोधमा न्यायको फैसला सुन्नुपर्नेछ। तिनीहरूलाई झ्यालखानामा हालिनेछ, अनन्त सजाय दिनका निम्ति। अन्तिम कौड़ी नतिरेसम्म तिनीहरूले यस झ्यालखानाबाट निस्कन पाउनेछैनन्। यसो हो भने, तिनीहरूले कहिल्यै त्यहाँबाट निस्कन पाउनेछैनन् नै; किनभने तिनीहरूले आफ्नो त्यत्रो ऋण कहिल्यै चुक्त गर्न सक्नेछैनन्।

यही कारणले प्रभु येशूले तिनीहरूलाई 'तिमीहरू बाँचिरहेको आफ्नो समय चिन' भन्ने आदेश दिनुभयो। समय चिन्नेले आफ्ना पापहरूको विषयमा पश्चात्ताप गरेर आफूलाई पूरा रूपले येशूको हातमा सुम्पेर परमेश्वरसित आफ्नो सम्बन्ध सठीक राख्छ।

## ज) लूका १३ः१-५ः पश्चात्ताप गर्ने महत्त्व

**लूका १३ः१-३ः** यहूदी जातिले आफू बाँचिरहेको समय चिन्न सकेन। अनि प्रभु येशूले तिनीहरूलाई 'झट्टै पश्चाताप गर, नत्र तिमीहरू सधैंका निम्ति नाश हुनुपर्नेछ' भन्ने चेताउनी दिनुभयो। यसरी अध्याय बाह्र समाप्त भयो। अब अध्याय तेह्रमा त्यही सिलसिलामा अघि बढ्छ। यहाँ प्रायः यहूदी जातिमाथि लागू भएका शिक्षाहरू हामीले व्यक्तिगत पनि लिनुपर्छ। बितेको समयमा यस जातिमाथि दुईवटा ठूला विपत्तिहरू वा दुर्घटनाहरू आइपरेका थिए। अनि यी दुर्घटनाहरू यहाँको कुराकानीमा प्रसङ्गको रूपमा उठाइएका छन्। पहिलो दुर्घटनाचाहिँ गालीलीहरूको सामूहिक हत्या थियो। यी गालीलीहरू यरूशलेममा आराधना गर्न आएका थिए। पिलातस त्यस समयमा यहूदियाको राज्यपाल थिए, जसले तिनीहरूलाई तिनीहरूले बलिदान चढ़ाउँदा-चढ़ाउँदै गरेको बेलामा मार्न लगाएका थिए। यस हत्याकाण्डको विषयमा अरू केही जानकारी छैन। हाम्रो अनुमानअनुसार यी मारिएका गालीलीहरू सबै यहूदी मानिसहरू थिए। अनि यरूशलेममा बस्ने यहूदीहरूको मनमा के भ्रमको विचार

खेलेको थियो भने, यी मारिएका गालीलीहरूले भयङ्कर पापहरू गरेका अधर्मी हुनुपर्छ। अनि तिनीहरूको यस हिंसात्मक मृत्युले परमेश्वर तिनीहरूसित बेखुशी हुनुभएको प्रमाण दिन्छ अरे। तर प्रभु येशूले तिनीहरूको विचारमा सुधार ल्याउनुपर्‍यो र यी यहूदी मानिसहरूलाई यसो भन्दै चेताउनी दिनुभयोः *'तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ।'*

**लूका १३ः४-५ः** अर्को दुर्घटनाचाहिँ यस प्रकारको थियोः आचनक सिलोआमको धरहरा ढल्यो, र अठारजना मानिसहरूलाई पुरेर मार्‍यो। यहाँ बयान गरिएको घटनाको जानकारी यति हो। अनि हामीले यस दुर्घटनाको विषयमा बढ़ी जान्नु पनि पर्दैन। प्रभु येशूले यस विपत्तिको विषयमा जोड़ गरेर निकाल्नुभएको मुख्य बुँदा यस प्रकारको छः यस विपत्तिमा यी मानिसहरूको ठूलो दुष्टताले गर्दा तिनीहरूमाथि आइपरेको परमेश्वरको विशेष न्याय देख्तुहुँदैन। होइन, यो त हामीले सारा इस्राली जातिका निम्ति पश्चात्ताप गर्ने चेताउनीको रूपमा हेर्नुपर्छ। किनकि तिनीहरूले पश्चात्ताप गरेनन् भने उस्तै प्रकारको विपत्ति र विनाश तिनीहरूमाथि आइपर्नेथियो। अनि इस्वी संवत् ७० सालमा यो विनाश तिनीहरूमाथि आइपर्‍यो पनि, जब रोमी सेनापति तीतसले यरूशलेममाथि हमला गरे।

## भ) लूका १३ः६-९ः फलहीन नेभाराको रूखको दृष्टान्त

प्रभु येशूले अघि भन्नुभएको कुरासित यहाँको प्रसङ खूब मिलेको छ; किनभने उहाँले यहाँ उक्त सन्दर्भमा नेभाराको रूखको दृष्टान्त भन्नुहुन्छ। यस दृष्टान्तको अर्थ खोल्नु सजिलो छ। नेभाराको रूखले इस्राएली जातिलाई सङ्केत गर्छ; परमेश्वरले त्यो नेभाराको रूख आफ्नो संसाररूपी दाखबारीमा रोप्नुभएको थियो। परमेश्वरले त्यस रूखबाट फल खोज्नुभयो, तर एउटै पनि पाउनुभएन। यसकारण उहाँले दाखबारीको मालीरूपी प्रभु येशूलाई भन्नुभयोः *'हेर, तीन वर्षअघिदेखि म यस*

*नेभाराको रूखमा फल खोज्दै आउँछु, तर एउटै पनि पाउँदिनँ।'* यी तीन वर्षले हाम्रा प्रभु येशूका तीन वर्षको सेवकाइ सङ्केत गरेका छन्। सबैभन्दा सरल व्याख्या यो हो। यस खण्डमा प्रस्तुत गरिएको तर्क यस प्रकारको छः त्यस नेभाराको रूखलाई फल फलाउने पर्याप्त समय दिइएको थियो। अनि यदि त्यस रूखले तीन वर्षभित्र कुनै फल फलाउँदैन भने त्यो रूख सधैं फलहीन रहन्छ भन्ने निष्कर्षमा पुग्न स्वभाविक हो। त्यस रूखको फलहीन अवस्था देखेर परमेश्वरले *'यसलाई काटेर ढालिदेऊ'* भन्ने आज्ञा दिनुभयो। त्यसले व्यर्थैमा जमिन ओगटेको छ; त्यहाँ उब्जाउ दिने अरू केही थोक लगाउन सकिन्थ्यो। तर दाखबारीको मालीले नेभाराको रूखको पक्षमा यसरी विन्ती गरेः *'हे स्वामी, यो वर्ष पनि यसलाई रहन दिनुहोस्!'* त्यस अवधिको अन्तमा त्यो रूख अझै पनि फलहीन रहिरह्यो भने त्यो रूख काटे पनि हुनेथियो। अनि ठीक यो कुरा हुन आयोः प्रभु येशूको सेवकाइको यस चौथो वर्षमा इस्राएली जातिले उहाँलाई तिरस्कार गर्‍यो र उहाँलाई क्रूसमा टाँगेर मार्‍यो। फलस्वरूप इस्राएलको राजधानी यरूशलेम नष्ट भयो र इस्राएली जातिका मानिसहरू संसारभरि तितरबितर भए।

यस सन्दर्भमा श्री जी. एच. लाङले आफ्नो विचार यसो भनेर व्यक्त गरेका छन्ः

> 'दाखबारीको मालीरूपी परमेश्वरको पुत्रले दाखबारीको मालिकरूपी आफ्ना पिताको विचार बुझ्नुभयो, जसले उहाँलाई "यसलाई काटेर ढालिदेऊ" भन्ने भयानक आज्ञा दिनुभयो। किनभने इस्राएली जाति फेरि एकपल्ट परमेश्वरको धैर्यको सीमा नाघिदियो। त्यस जातिले वा त्यस व्यक्तिले परमेश्वरको स्याहारसुसार किन पाइरहोस्, जसले उहाँको महिमा र प्रशंसाका निम्ति धार्मिकताको फल फलाउँदैन? मानिसले आफ्नो सृष्टिकर्ताको महिमा गर्नुपर्छ र उहाँलाई खुशी पार्नुपर्छ। उसको जिउने उद्देश्य यो हो। मानिसले आफ्नो जीवनमा परमेश्वरको यो उद्देश्य पूरा गर्दैन भने त यो भूलचूक उसका निम्ति मृत्युदण्डको योग्य पाप ठहर्छ। यस्तो मानिसलाई आफ्नो सौभाग्यको स्थानबाट हटाउनु बिलकुल सठीक हो।' [44)]

## ञ) लूका १३ः१०-१७ः कुप्री स्त्रीको चङ्गाइ

**लूका १३ः१०-१३ः** यहाँ, यस घटनामा हामी सभाघरको शासकमा प्रभु येशूप्रति इस्राएली जातिको वास्तविक भावना देख्छौं। विश्रामदिनमा मुक्तिदाता प्रभुले त्यस स्त्रीलाई निको पार्नुभएकोमा यी धर्मअधिकारी रिसाए, र आफ्नो आपत्ति जनाए। अठार वर्ष – त्यस स्त्रीको ढाड़ अठार वर्षअघिदेखि कुप्रेको-कुप्रेकै भएको थियो ! उसको दशा दयनीय थियो; उसले आफूलाई कुनै हालतमा पनि सीधा पार्न सक्दिन थिई। उसले उहाँलाई विन्ती नगरीकन प्रभु येशूले निको पार्ने वचन बोल्नुभयो, उसमाथि आफ्ना हातहरू राख्नुभयो र उसको मेरुदण्ड सीधा पार्नुभयो।

**लूका १३ः१४ः** रिसाएको सभाघरको शासकले मानिसहरूलाई 'विश्रामदिनबाहेक हप्ताका अरू जुनै छ दिनमा निको हुन आओ' भन्ने सूचना दिए। तिनको धर्मनिष्ठता पेशागत थियो। मानिसहरूका समस्याहरूमा तिनको के वास्ता ? अनि हप्ताको छ दिनमा मानिसहरू तिनीकहाँ आएका भए तिनले तिनीहरूलाई कुनै मद्दत गर्न सक्नेथिएनन्। तिनी व्यवस्थाका सैदान्तिक बुँदाहरूको विषयमा जिद्दी गर्ने आग्रही थिए, तर तिनको हृदय चिसो, प्रेम र कृपारहित थियो। अनि त्यस स्त्रीको सट्टामा तिनको ढाड़ त्यसरी नै अठार वर्षसम्म कुप्रेको भए तिनको मेरुदण्ड सीधा पार्ने दिन कुनचाहिँ थियो, सो कुरामा तिनलाई कुनै मतलब हुनेथिएन।

**लूका १३ः१५-१६ः** प्रभु येशूले तिनलाई तिनको कपटका निम्ति र उहाँका अन्य विरोधीहरूलाई हप्काउनुभयो; किनभने विश्रामदिनमा पनि तिनीहरूमध्ये हरेकले पानी पियाउनलाई आफ्नो गोरु वा गधा थलाबाट फुकाल्ने गर्थे। विश्रामदिनमा आफ्नो नबोल्ने लाटो पशुप्रति तिनीहरूको यत्रो वास्ता हुँदा-हुँदै तिनीहरूले प्रभु येशूमा किन गल्ती भेट्टाए, जब उहाँले त्यस स्त्रीमाथि टिठ्याएर अब्राहामकी एउटी छोरीलाई निको पार्नुभयो ?

'अब्राहामकी छोरी' भन्ने शब्दले ऊ यहूदी स्त्री थिई भन्ने मात्र होइन, तर ऊ साँचो विश्‍वासी थिई, विश्‍वासकी नारी थिई भन्ने अर्थ दिन्छ। उसको

मेरुदण्ड बाङ्गो पार्नेचाहिँ शैतान थियो। अनि कति बिमारीहरू शैतानिक प्रभावको फल हुन् भन्ने कुरा पवित्र बाइबलका अन्य खण्डहरूबाट हामीलाई थाहा लागेको छ। अय्यूबका जीउभरिका खटिराहरू शैतानले उब्जाएको थियो। पावलको शरीरमा बिजेको काँड़ा शैतानको एउटा दूत थियो, जसले तिनलाई मुक्काले हान्थ्यो। तर प्रभुको अनुमतिविना शैतानले कुनै विश्वासीलाई यसरी कष्ट दिन पाउँदैन। अनि यस प्रकारको बिमारी वा कष्टमा परेर पनि यसमा परमेश्वरको हात छ, र यसबाट उहाँको महिमा हुनेछ।

**लूका १३ः१७ः** हाम्रा प्रभुका यी वचनहरूले उहाँका विरोधीहरूलाई शर्ममा पारे, तिनीहरूलाई लज्जित तुल्याए। तर साधारण मानिसहरू खुशी भए। परमेश्वरलाई धन्यवाद होस्! किनभने निश्चय तिनीहरूका आँखाको सामु एउटा अद्‌भुत आश्चर्यकर्म हुन गएको थियो।

## ट) लूका १३ः१८-२१ः परमेश्वरको राज्यका केही दृष्टान्तहरू

**लूका १३ः१८-१९ः** यस प्रकारको अद्‌भुत अलौकिक चङ्गाइ देखेर अब परमेश्वरको राज्य तत्कालै स्थापित हुन लागेको छ भन्ने निष्कर्ष पुग्नु मानिसहरूका निम्ति अति सरल थियो। यसकारण प्रभु येशूले यहाँ परमेश्वरको राज्यका दुईवटा दृष्टान्तहरू प्रस्तुत गर्नुभयो, जुन दृष्टान्तहरूले तिनीहरूको सो भूल-विचार नकारे। यी दुईवटा दृष्टान्त-हरूले ख्रीष्ट राजाको तिरस्कार भएको बेलादेखि पृथ्वीमाथि राज्य गर्न आउने उहाँको दोस्रो आगमनको समयको बीचमा परमेश्वरको राज्य कुन रूप लिन्छ, सो देखाउँछन्। इसाईधर्मको वृद्धि कसरी हुँदै जान्छ, र त्यसमा प्रभुलाई मुखले मात्र स्वीकार गर्नेहरू र वास्तविक ख्रीष्ट-विश्वासीहरू समावेश छन् भन्ने कुरा यी दुईवटा दृष्टान्तहरूबाट स्पष्ट बुझिन्छ (तपाईंले लूका ८ः१-३ पदको खण्डको टिप्पणी हेर्नुहोला)।

पहिलो दृष्टान्तमा प्रभु येशूले परमेश्वरको राज्य रायोको एउटा दानासित तुलना गर्नुभयो, जुनचाहिँ बीउहरूमध्ये सबैभन्दा सानो बीउ हो।

तर जमिन छरेको रायोको बीउ खास गरी कुनै रूख बन्दैन, तर डाँठ-पातसितको सागको सानो बिरुवा हो। यसकारण जब प्रभु येशूले रायोको दानाबाट ठूलो रूख बनेको कुरा गर्नुभयो, तब उहाँले यसको असाधारण वृद्धि सङ्केत गर्नुभयो; किनकि त्यो रूख यति ठूलो हुन्छ, कि त्यस रूखका हाँगाहरूमा चराहरूले वास बस्ने जग्गा पाउँछन्। इसाईधर्मको शुरु सानो हुन्छ, रायोको दानाजत्तिकै हुन्छ; तर त्यो बढ्छ र लोकप्रिय बन्छ र विकास हुँदै हिलोआज जानिएको रूप लिन्छ। इसाईधर्मभित्र प्रभु येशूप्रति आफ्नो विश्वास र निष्ठा स्वीकार गर्ने सबै मानिसहरू, तिनीहरूको नयाँ जन्म भएको-नभएको पनि समावेश हुन्छन्। अनि आकाशका चराहरू भन्नाले चील, गिद्ध वा अन्य हिंसक शिकारी चराहरू बुझिन्छ। यी चराहरूले किसिम-किसिमको खराबीलाई सङ्केत गर्छन्, र इसाईधर्म विभिन्न भ्रष्टाचारका निम्ति वासस्थान बनेको चित्रण दिन्छन्।

लूका १३ः२०-२१ः दोस्रो दृष्टान्तमा परमेश्वरको राज्य खमिरसित तुलना गरिएको छ। एउटी स्त्रीले तीन पाथी पीठोमा खमिर मिसाउँछे। पवित्र धर्मशास्त्रमा खमिर सधैं दुष्टताको प्रतीक हो। यसको अर्थ यस प्रकारको छः परमेश्वरका जनहरूलाई खाँटी शिक्षारूपी खुराकमा झूटो शिक्षा पनि मिसिन्छ। अनि झूटो शिक्षा एक ठाउँमा बस्दैन, तर चारैतिर फैलेर जान्छ। झूटो शिक्षाको गुप्त शक्ति यसैमा छ।

## ठ) लूका १३ः२२-३०ः परमेश्वरको राज्यभित्र पस्ने साँघुरो ढोका

**लूका १३ः२२-२३ः** प्रभु येशू यरूशलेमतर्फ यात्रा गर्दै हुनुहुन्थ्यो। भीड़बाट एकजना मानिसले उहाँलाई सोध्योः *'के मुक्ति पाउनेहरू थोरै हुन्छन् ?'* यो बिनसित्तिको प्रश्न केवल उसको जिज्ञासोको फल थियो होला।

**लूका १३ः२४ः** प्रभु येशूले यस अड्कलबाजी-प्रश्नको उत्तर दिँदा यस प्रश्न गर्ने मानिसलाई सीधा आज्ञा गर्नुभयो। उहाँले यस प्रश्नकर्तालाई यसो भन्नुभयोः *'साँघुरो ढोकाबाट भित्र पस्ने प्रयत्न गर !'* यस विषयमा

अरू मानिसहरूको कुरा गर्न छोड़ौं! हामी आफू यस साँघुरो ढोकाबाट भित्र पसेको हुनुपर्छ। जब प्रभु येशूले 'साँघुरो ढोकाबाट भित्र पस्ने प्रयत्न गर' भन्ने शब्द चलाउनुभयो, तब मुक्ति काम गरेर कमाउनुपर्छ भन्ने अर्थमा उहाँले यो कुरा भन्नुभएन। किनभने साँघुरो ढोका नयाँ जन्म हो; अनि मुक्ति विश्वासको फल, अनुग्रहको फल हो। प्रभु येशूको चेताउनी सुन्नुहोस्! यस साँघुरो ढोकाबाट भित्र पस्नुभएको निश्चित हुनुहोस्! *'किनकि ... धेरैजनाले भित्र पस्न त खोज्नेछन्, तर सक्नेछैनन्।'* किनभने एकदिन यो ढोका बन्द हुने नै छ। यी मानिसहरूले मुक्ति पाउने एकमात्र ढोकाबाट भित्र पस्न खोज्ने होइनन्, तर ढिलो परमेश्वरको राज्यभित्र पस्न चाहन्छन्। किनभने ख्रीष्ट येशू ठूलो शक्ति र महिमामा आउनुहुने दिनमा पस्न खोज्नलाई ढिलो हुनेछ। हामी बाँचिरहेको अनुग्रहको समय एकदिन सिद्धिनेछ। मुक्ति पाउनलाई ग्रहणयोग्य समय अहिले नै हो।

**लूका १३ः२५-२७ः** *'उत्ति नै खेर घरको मालिक उठ्छन् र ढोका बन्द गर्छन्।'* यस सन्दर्भमा चित्र यस प्रकारको छः त्यस बेलामा यहूदी जातिले मुक्तिको ढोकामा ढकढक्याउनेछ र प्रभुलाई 'ढोका खोलिदिनुहोस्' भन्ने विन्ती चढ़ाउनेछ। तर उहाँले तिनीहरूका निम्ति ढोका खोल्नुहुनेछैन; किनभने उहाँले तिनीहरूलाई चिन्नुहुन्न, कहिल्यै चिन्नुभएन। तर तिनीहरूले त्यस घड़ीमा आफ्नो आपत्ति जनाउनेछन् र उहाँको घनिष्ठ सम्बन्धमा जिएको दाबी गर्नेछन्। तर तिनीहरूको बहानाले उहाँलाई कुनै प्रभाव पार्न सक्नेछैन। तिनीहरू अधर्म गर्नेहरू हुन्। तिनीहरूले कुनै हालतमा पनि भित्र पस्न पाउनेछैनन्।

**लूका १३ः२८-३०ः** तिनीहरूको यस सरासर इन्कारले तिनीहरूमा रुवाबासी र दाह्राकिटाइ उत्पन्न गर्नेछ। रुवाबासी भन्नाले पछुतो बुझिन्छ भने दाह्राकिटाइले परमेश्वरप्रतिको तिक्त घृणा बुझाउँछ। यसबाट नरकका पीड़ा र कष्टहरूले मानिसको हृदय परिवर्तन गर्न सक्दैनन् भन्ने सुस्पष्ट सङ्केत पाइन्छ। विश्वास नगर्ने इस्राएलीहरूले अब्राहाम, इसहाक र याकूब, साथै सबै भविष्यवक्ताहरूलाई परमेश्वरको राज्यभित्र बसेका देख्नेछन्। तिनीहरूले आफू अब्राहाम, इसहाक र याकूबको नाता परेकोमा परमेश्वरको राज्यका भागिदार हुने आशा गरेका थिए। तर तिनीहरू बाहिर

फ्याँकिनेछन्। पृथ्वीको चारै दिशाबाट अन्यजातिका मानिसहरू पो ख्रीष्टको ज्योतिर्मय राज्यमा ओइरिनेछन् र त्यसका अद्‌भुत आशिषहरूको मिठास उपभोग गर्नेछन्। यसरी नै परमेश्‍वरको योजनामा आशिष पाउनलाई पहिलो स्थानमा आएका धेरै यहूदीहरू रद्द गरिनेछन्, जब तिनीहरूद्वारा तुच्छ दृष्टिले 'कुकुर' मानिएका अन्यजातिका मानिसहरूले ख्रीष्टको हजार वर्षको राज्यका आशिषहरू उपभोग गर्न पाउनेछन्।

## ड) लूका १३ः३१-३५ः भविष्यवक्ताहरूको मृत्यु यरूशलेममा हुनुपर्छ

**लूका १३ः३१ः** यस खण्डको अवधिमा प्रभु येशू रजौटा हेरोद एन्तिपासको अधिकारक्षेत्रभित्र उपस्थित हुनुभएको स्पष्ट बुझिन्छ। त्यस बेलामा केही फरिसीहरू उहाँकहाँ आए, जसले उहाँलाई 'हेरोदले तपाईंलाई मार्न खोज्दैछन् है' भन्‍ने चेताउनी दिए। प्रभु येशूको भलाइ र सुरक्षा खोज्ने तिनीहरूको यो भेष तिनीहरूको मन-चरित्रसित अलिकति पनि मिलेको थिएन। हुन सक्छ, तिनीहरू हेरोदसित प्रभु येशूलाई डर देखाउनुमा र उहाँलाई यरूशलेममा भगाउने तिनको षड्‌यन्त्रमा एकसाथ मिलेका थिए, कि कसो हो? जेजस्तो भए पनि, निस्सन्देह यरूशलेममा उहाँ पक्राउ पर्नुमा कुनै शङ्का थिएन।

**लूका १३ः३२ः** तर यस प्रकारको शारीरिक अत्याचारको धम्कीबाट हाम्रा प्रभु विचलित हुनुभएन। हो, त्यो हेरोदको दुष्ट दाउ थियो; उहाँले यो कुरा मान्‍नुभयो। यसकारण उहाँले यी फरिसीहरूलाई हेरोदकहाँ फर्केर जाने र 'त्यस स्याललाई' एउटा सन्देश दिने आदेश दिनुहुन्छ। प्रभु येशूले हेरोदलाई 'स्याल' भन्‍नु कसरी? कति मानिसहरूले यसमा आफ्नो आपत्ति जनाउलान्। याद रहोस्ः ग्रीक भाषाको मूललिपीमा झन् यहाँ स्यालका निम्ति फ्याउरीको शब्द प्रयोग गरिएको पो छ! ती मानिसहरूको दृष्टिमा प्रस्थान २२ः२८ पदअनुसार जनताको कुनै शासकको निन्दा गर्नुहुँदैन। के प्रभु येशूले यहाँ, यस ठाउँमा धर्मशास्त्रको यो आदेश उल्लङ्घन गर्नुभयो त? वास्तवमा उहाँले तिनको विषयमा कुनै खराबी भन्‍नुभएन, तर तिनको

बारेमा वास्तविक कुरा गर्नुभयो। हेरोदका निम्ति प्रभु येशूको छोटो सन्देश यस प्रकारको थियोः थोरै समय उहाँले अझै पनि काम गर्नुपरेको थियो। निर्धारित समयअनुसार उहाँले एक-दुई दिन दुष्ट आत्माहरू निकाल्नुहुन्छ र रोगीहरूलाई निको पार्दै अचम्मका कामहरू गर्नुहुन्छ। अनि तेस्रो दिनमा अर्थात् अन्तिम दिनमा उहाँले आफ्नो काम सिद्ध्याउनुहुनेछ। यसरी नै पृथ्वीमाथि उहाँको सेवकाइ पूरा हुनेछ। कसैले पनि र कुनै कुराले पनि उहाँलाई आफ्नो कर्तव्य पूरा गर्नदेखि रोक्नेछैन नै। उहाँको तोकिएको समय नआएसम्म पृथ्वीमा उहाँलाई हानि गर्न सक्ने कुनै शक्ति नै थिएन।

**लूका १३ः३३ः** अनि अर्को कुरा पनि छः उहाँलाई गालीलमा मार्नु असम्भव थियो। यसको परम अधिकार यरूशलेम शहरको पो थियो; किनभने यो शहर परमप्रधान परमेश्वरका दासहरूलाई मार्दै आएको थियो। त्यो यसको आदत र यसको प्रतीक थियो। परमेश्वरका वक्ता-हरूको मृत्युमा प्रायः सधैं यरूशलेमको एकाधिकाररूपी हात थियो। '*यरूशलेमदेखि बाहिर भविष्यवक्तालाई मार्नु असम्भव छ*' भन्ने प्रभु येशूका शब्दको खास अर्थ यही हो।

**लूका १३ः३४-३५ः** यस दुष्ट शहरको वास्तविकताको विषयमा यति भन्नुभएपछि प्रभु येशूको मनमुद्रा बद्लियो। उहाँ रुनुभयो, र यरूशलेमका निम्ति विलाप गर्नुभयो। परमेश्वरका भविष्यवक्ताहरूलाई मार्ने र उहाँका सन्देशवाहकहरूलाई ढुङ्गाले हान्ने यो शहर उहाँको प्रेम-पात्र थियो। जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई आफ्ना पखेटाहरूमनि बटुल्छे, त्यसरी नै उहाँले धेरै चोटि त्यस शहरका बासिन्दाहरूलाई बटुल्न चाहनुभयो; तर तिनीहरूले चाहेनन्। तिनीहरूको अट्टेरी मन उहाँको यस प्रयासको असफलतामा प्रमुख कारण थियो। अनि यसको नतिजा के भयो? तिनीहरूको शहर, तिनीहरूको मन्दिर र तिनीहरूको देश उजाड़ हुने भयो। लामो समयसम्म तिनीहरूले प्रवासी भई देशनिकालाको सजाय भोग्नुपर्नेछ। वास्तवमा, प्रभु येशूप्रति तिनीहरूको मन नबद्लिने समयसम्म तिनीहरूले उहाँलाई फेरि कहिल्यै देख्न पाउनेछैनन्। लूका १३ः३५[ख] पदको शब्द ख्रीष्ट येशूको दोस्रो आगमनको सन्दर्भमा बोलिएको हो। इस्राएली जातिको बाँकी भाग मानिसहरूले त्यस बखतमा पश्चात्ताप

गर्नेछन् र यसो भन्दै स्वीकार गर्नेछन्: *'परमप्रभुको नाममा आउनुहुने धन्य हुनुहुन्छ !'* त्यस बेलामा अर्थात् परमप्रभुको पराक्रमको दिनमा उहाँको प्रजा इच्छुक बन्नेछ (भजन ११०ः३)।

## ढ) लूका १४ः१-६ः जलोदरको रोगी निको पारियो

**लूका १४ः१-३ः** कुनै विश्राम-दिनको कुरा हो यो। फरिसीहरूको एकजना शासकले प्रभु येशूलाई आफ्नो घरमा आईकन भोजन गर्ने निम्तो दिए। तर यसमा तिनको स्वच्छ आतिथि-सत्कारको भावना थिएन, तर यी धर्मनेताहरूले परमेश्वरको पुत्रमा कुनै दोष, कुनै गल्ती भेट्टाउन खोज्ने दाउ पो थियो। हेर, त्यहाँ जलोदरको रोगले ग्रस्त भएको मानिस रहेछ! जलोदर भन्नाले पेटमा, खास गरी शरीरका सबै कोशिकाहरूमा पानी भरिने र जम्मै शरीरलाई फुलाउने रोग हो। मुक्तिदाता प्रभुले आफ्नो विपक्षमा हुने यी छिन्द्रान्वेषीहरूको खराब मन बुझ्नुभयो; यसकारण उहाँले तिनी-हरूलाई ताकेर यो प्रश्न सोध्नुभयो: *'के विश्रामदिनमा निको पार्नु उचित छ?'*

**लूका १४ः४-६ः** तिनीहरूले विश्रामदिनमा निको पार्नु उचित छैन भन्ने उत्तर दिन तिनीहरूको सकभर इच्छा त थियो, तर तिनीहरूसँग आफ्नो यस जवाफका निम्ति कुनै ठोष कारण नपाउँदा तिनीहरू चुप रहे। तिनीहरूबाट कुनै जवाफ नपाउँदा प्रभु येशूले यस रोगीलाई निको पारिदिनुभयो, र यसलाई बिदा गरिदिनुभयो। यो काम उहाँको कृपाको फल थियो। अनि परमेश्वरको प्रेम विश्रामदिनमा बन्द हुँदैन; उहाँको प्रेमले कहिल्यै विश्रामदिनमा निष्क्रिया हुने गरी विश्राम लिँदैन रहेछ (यूहन्ना ५ः१७)। त्यसपछि यी यहूदीहरूतिर फर्केर उहाँले तिनीहरूलाई के सम्झना दिलाउनुभयो भने, तिनीहरूका पल्तू पशुहरूमध्ये कुनै एउटा खाड़लभित्र खस्यो भने त्यो दिन विश्रामदिन भए पनि निस्सन्देह तिनीहरूले झट्टै त्यो पशु तानेर बाहिर निकाल्नेथिए। त्यो स्वाभाविक कुरा थियो। त्यस पशुमा तिनीहरूको व्यक्तिगत चासो, तिनीहरूको स्वार्थ थियो; किनभने तिनीहरूका निम्ति त्यसको मूल्य थियो। तर दुःख

भोगिरहेको सङ्गीको विषयमा कसो ? त्यसमा तिनीहरूको अलिकति पनि वास्ता थिएन । अनि सम्भव भए तिनीहरूले प्रभु येशूलाई उहाँले यस्तोलाई सहायता गर्नुभएकोमा दोष लाउनेथिए। तर तिनीहरू निरुत्तर भए, र तिनीहरूले मुक्तिदाता प्रभुको तर्क काट्ने कुनै वितर्क पाएनन्। तर तिनीहरू अवश्य उहाँदेखि अझ क्रुद्ध भए। यो सुनिश्चित छ।

## ण) लूका १४:७-११: ठूलो मान खोज्ने अतिथिहरूको दृष्टान्त

जब प्रभु येशू यी फरिसीको घरमा पस्न लाग्नुभएको थियो, तब उहाँले अरू अतिथिहरूलाई तिनीहरूले यताउता गर्दै टेबलको वरिपरि मुख्य-मुख्य आसनहरू रोजिरहेका देख्नुभयो। तिनीहरूले आफ्ना निम्ति मान र इज्जत खोजेका थिए। उहाँ स्वयम् यस भोजमा अतिथि हुनुभएको नाताले चुप लाग्नुभएन; तर उहाँले निष्कपटता र धार्मिकताको साथ आफ्नो कुरा गर्नुभयो। उहाँले एउटा दृष्टान्तबाट तिनीहरूलाई यस प्रकारको स्वार्थ बिलकुल त्याग्ने चेताउनी दिनुभयो। किनभने तिनीहरूले कुनै भोजमा निम्तो पाउँछन् भने, तिनीहरूले उच्च आसनको स्थानमा होइन, तर नीच स्थानमा बस्नुपर्छ। किनकि आफ्ना निम्ति उच्च स्थान खोज्दा तल झारिने र लज्जित हुने सम्भावना सधैं जारी रहन्छ। तर यदि हामी साँच्चै परमेश्वरको सामु नम्र र दीन भई बस्यौं भने हाम्रा निम्ति अझ गिर्नु असम्भव, तर पदोन्नति गर्नु मात्र सम्भव छ। प्रभु येशूको शिक्षाअनुसार पहिले उच्च दर्जा ओगटेर पछिबाट त्यो ठाउँ छोड्नु बाध्य हुनुभन्दा बरु अरू मानिसहरूद्वारा आदरको स्थानमा राखिएको असल हो। आफूलाई होच्याउने आत्मत्यागको सम्बन्धमा ख्रीष्ट येशू आफै एक जिउँदो उदाहरण हुनुहुन्थ्यो (फिलिप्पी २:५-८)। उहाँले आफूलाई होच्याउनुभयो, तर परमेश्वरले उहाँलाई उच्च पार्नुभयो। *'हरेक जसले आफूलाई उचाल्छ, त्यो (परमेश्वरद्वारा) होचो पारिनेछ।'*

## त) लूका १४ः१२-१४ः कुन-कुन अतिथिहरू सत्कार गरेमा परमेश्वर खुशी हुनुहुन्छ र इनाम दिनुहुन्छ ?

अवश्य पनि फरिसीहरूको यी शासकले आफ्नो यस भोजमा आफ्नो ठाउँका धनीमानी व्यक्तिहरूलाई निम्तो दिए। प्रभु येशूले यो थाहा पाइहाल्नुभयो; किनभने समाजका कुनै गरिब-दुःखीहरू यस भोजमा उपस्थित थिएनन् । यसकारण उहाँले यही अवसरमा इसाई धर्मका महान् शिक्षाहरूको एउटा यहाँ पेश गरेर स्थापित गर्नुभयो । हामीले प्रेम गर्न नलायकहरूलाई प्रेम गर्नुपर्छ, जसले हाम्रो सद्‌गुणको सट्टामा हामीलाई गुण फर्काउन सक्दैनन् । प्रायः साथीहरू, आफन्तहरू र धनी छिमेकीहरूलाई निम्तो दिइन्छ; किनभने तिनीहरूले गुण फर्काउँछन्, बदला तिरिदिन्छन् । तर यसो गर्नलाई कुनै आत्मिक जीवन, कुनै ईश्वरीय प्रेम चाहिँदैन । तर गरिबहरू, लुला-लङ्गड़ाहरू र अन्धहरूलाई दया र भलाइ देखाउनुचाहिँ अलौकिक कुरा हो । अनि यी निम्न दर्जाका मानिसहरूलाई प्रेम देखाउने-हरूका निम्ति परमेश्वरले एउटा विशेष इनाम राख्नुभएको छ। यस प्रकारका अतिथिहरूले हाम्रो सद्‌गुणको सट्टामा हामीलाई गुण फर्काउन सक्दैनन् । तर परमेश्वरको सुदृढ़ प्रतिज्ञा खड़ा रहन्छः उहाँले यस्ताहरूलाई धर्मी जनहरूको बौरिउठाइमा इनाम दिनुहुनेछ । पवित्र धर्मशास्त्र बाइबलमा धर्मी जनहरूको बौरिउठाइ पहिलो पुनरुत्थान पनि भनिन्छ, अनि यस पुनरुत्थानमा सबै साँचो ख्रीष्ट-विश्वासीहरू बौरिउठ्नेछन् । पहिलो पुनरुत्थान एकै समयमा हुने सीमित घटना होइन, तर हाम्रो विश्वासअनुसार चरण-चरणमा हुनेछ । विश्वासीहरू प्रभुलाई भेट्न आकाशमा उठाइ-लैजाँदा यसको पहिलो चरण र सङ्कष्टकालको अन्तमा यसको दोस्रो चरण हुनेछ ।

## थ) लूका १४ः१५-२४ः किसिम-किसिमका बहाना निकाल्ने अतिथिहरूको दृष्टान्त

**लूका १४ः१५-१८ः** प्रभु येशूसँग भोजमा बस्ने अतिथिहरूमध्ये एकजनाले यो सुनेर ‘परमेश्वरको राज्यका आशिषहरूमा सहभागी हुनु

कति अजिब, कति गजबको हुनुपर्छ' भन्ने मन्तव्य व्यक्त गर्‍यो। हुन सक्छ, प्रभु येशूले भर्खर सिकाउनुभएको व्यवहारिक सिद्धान्तको प्रभावमा परेर उसले यसो भनेको होला; हुन सक्छ, यस भनाइ उसको गम्भीर सोचको फल थिएन होला। जेजस्तो भए पनि प्रभु येशूको उत्तर यस प्रकारको छः परमेश्‍वरको राज्यमा रोटी खानु साँच्चै अजिब कुरा हो, तर दुःखको कुरा के हो भने, निम्तो पाउनेहरूमध्ये धेरैजनाले आफ्नो मूर्खतामा त्यो निम्तो अस्वीकार गरेर किसिम-किसिमका बहानाहरू निकाल्छन्। उहाँले यहाँ, आफ्नो दृष्टान्तमा परमेश्‍वरलाई ठूलो भोज लगाएर धेरै अतिथिहरूलाई त्यसमा भाग लिनलाई निम्तो दिने मानिसको रूप दिनुभएको छ। अब त्यो भोज तयार भयो। अनि यी मानिसले आफ्नो दासलाई यस भोजमा निम्तो पाएका अतिथिहरूकहाँ तिनीहरूलाई 'आओ, सबै कुराहरू तयार भइसके' भन्ने जानकारी दिन पठाए।

सबै तयार भइसक्यो भन्ने कुराले झलक्कै हाम्रो मन यस महान्‌भन्दा महान् घटनामा पुर्‍याएर हामीलाई गलगथाको क्रूसमा प्रभु येशूले पूरा गर्नुभएको त्राणको कामको सम्झना दिलाउँछ। अनि यस सिद्ध्याइएको मुक्तिको कामको आधारमा हालैमा ख्रीष्टको सुसमाचारको निम्तो चारैतिर दिइन्छ।

यस दृष्टान्तमा अघि बढौं ! एकजना अतिथिले एउटा जमिन किनेछ; गएर उसले त्यो जमिन हेर्नुपर्छ रे। सामान्य हिसाबले कुरा गर्नु हो भने, उसले जमिन किन्नुभन्दा अघि गएर त्यो हेर्नुपर्नेथियो, होइन र ? जस्तो भए पनि, यस मानिसले यो अनुग्रहमय निम्तो पछाड़ि सारेर आफ्नो हृदयमा त्यस भौतिक कुरालाई पहिलो स्थान दिएको रहेछ।

**लूका १४ः१९-२०ः** अर्को अतिथिले पाँच हल गोरु किनेछ; त्यसले तिनको जाँच गर्नु थियो। जुन मानिसले आफ्नो जागिर, आफ्नो पेशा वा आफ्नो व्यवसाय परमेश्‍वरको बोलावटको अगाड़ि राख्छ, त्यस मानिसको सङ्केत यस दोस्रो अतिथिले गर्छ। अनि तेस्रो अतिथिचाहिँ – त्यसले एउटी पत्नीलाई ल्याएको रहेछ; अनि यही कारण भोजमा आउन सकेनछ। नातागोता र समाजका बन्धनहरू अनेक छन्, जसले मानिस-हरूलाई मुक्तिको सुसमाचारको निम्तो ग्रहण गर्न बाधा पार्छन्।

**लूका १४ः२१-२३ः** त्यस दासले आफ्नो मालिकलाई आफ्नो कामको असफलताको विवरण दिएर यसो भन्छः 'जस-जसलाई त्यस भोजको निम्तो दिइएको थियो, तिनीहरू सबका सबले त्यो निम्तो अस्वीकार गरे।' तब त्यसको मालिकले त्यसलाई शहरमा गरिबहरू, लुला-लङ्गड़ाहरू र अन्धाहरूलाई बोलाउन पठाए। श्री जोह्न ए. बेङ्गलको भनाइअनुसार प्रकृतिले वायु नभएको, खाली भएको जगह वा शून्य अवस्था सहन सक्दैन; अनि अनुग्रहको नियम पनि यस्तै छ; जस्तो भए पनि परमेश्वरको घर भरिनुपर्छ। हुन सक्छ, प्रथम निम्तो पाएकाहरू यहूदी धर्मगुरु भएको हुनुपर्ला। जब तिनीहरूले मुक्तिको सुसमाचारको निम्तो अस्वीकार गरे, तब परमेश्वरले त्यो निम्तो यरूशलेम शहरका साधारण बासिन्दाहरूकहाँ पठाउनुभयो। अनि यिनीहरूमध्ये धेरैजनाले परमेश्वरको यो बोलावट स्वीकार गरे; तरैपनि यी मालिकको घरमा अझै पनि ठाउँ खाली नै थियो। यसकारण यी मालिकले आफ्नो दासलाई मूलबाटोहरू र उपमार्गहरूहुँदो पठाएर मानिसहरूलाई भित्र आउन कर लगाए। यस कुराले सुसमाचारको निम्तो अन्यजातिका मानिसहरूकहाँ पठाइएको चित्रण गर्छ; यसमा शङ्का छैन। तिनीहरूलाई कर लगाउनुको मतलब अस्त्रशस्त्रको बल लगाउनु भएको होइन (जस्तै इसाईको इतिहास यसो गरिएको कुनीतिको साक्षी बसेको छ), तर तिनीहरूलाई कर लगाउनु भनेको मानिसहरूलाई बहसको शक्तिले जित्नु हो। मानिसहरूलाई भित्र ल्याउनका निम्ति हामीले प्रेमको बलले तिनीहरूलाई विश्वास दिलाउन सक्नुपर्छ। यसरी नै हाम्रा मालिकको घर भरिनेछ।

**लूका १४ः२४ः** अनि तिनीहरूले भोज खाएको बेलामा प्रथम निम्तो पाएकाहरूको सम्झनाधरि आएन; किनकि जस-जसका निम्ति खास गरी यस भोजको निम्तो थियो, तिनीहरू आएनन्।

## द) लूका १४ः२५-३५ः साँचो चेलापनका निम्ति मानिसले तिर्नुपर्ने दाम

**लूका १४ः२५ः** यस बेलामा ठूला भीड़हरूले प्रभु येशूलाई पछ्याइरहेका थिए। आकृष्ट भीड़को बीचमा यत्रो व्यापक चासो पाएको

देखेर अरू अगुवाहरू मक्क हुन्थे, गजक्कै पर्थे। तर प्रभु येशूले चाहिँ यस्ता मानिसहरूको खोजीमा हुनुहुन्थ्यो, जसले उहाँमा आफ्नो जिज्ञासो पूरा गर्ने होइन, तर जो साँचो हृदयले उहाँको पछि लाग्छन्। उहाँले यस्ता मानिसहरूलाई खोज्नुहुन्थ्यो, जो उहाँका निम्ति तनमन दिएर भक्तिसाथ जिउन र परेको खण्डमा उहाँका निम्ति मर्न पनि तयार हुन्छन्। यसकारण उहाँले मानिसहरूलाई चेलापनका कड़ा सर्तहरू प्रस्तुत गर्दै त्यस भीड़लाई निफन्न थाल्नुभयो। कुनै समयमा प्रभु येशूले मानिसहरूलाई प्रेममा आग्रह गरेर र मीठो कुरा गरेर आफूकहाँ खिँच्नुहुन्थ्यो; तर जब मानिसहरू उहाँको पछि लाग्न थाल्थे, तब उहाँले तिनीहरूलाई अन्नको भुस बत्त्याएझैं बत्ताउनुहुन्थ्यो। यहाँ, यस खण्डमा यस प्रकारको निफन्ने काम भइरहेको छ।

**लूका १४ः२६ः** सर्वप्रथम उहाँको पछि आएका यी मानिसहरूलाई उहाँले के भन्नुभयो भने, उहाँका साँचो अनुयायी हुनु हो भने तिनीहरूले उहाँलाई अत्यधिक प्रेम गर्नुपर्छ। बुबा, आमा, पत्नी, छोराछोरीहरू, दाजुभाइहरू र दिदीबहिनीहरूलाई हृदयदेखि घृणा गर्नुपर्छ भन्ने सुझाउ दिएको हामीले यहाँ प्रभुको शिक्षाबाट कदापि बुझ्नुहुँदैन। तर उहाँको जोड़ यस प्रकारको छः ख्रीष्ट येशूप्रति हाम्रो प्रेम यति प्रगाढ़ हुनुपर्छ, कि त्यसको तुलनामा अरूलाई गरेको हाम्रो प्रेम घृणातुल्य होस् (मत्ती १०ः३७ पद हेर्नुहोस्!)। पारिवारिक नाता र दायित्यरूपी कुनै बन्धन वा रोकावट नै हुनुहुँदैन, जुनचाहिँ ख्रीष्टको चेलालाई आफ्नो प्रभु र स्वामीप्रति आज्ञाकारी नबन्नलाई उसको बाटोमा अवरोध वा ठेसको कारण हुँदछ। यस्तो कुरामा प्रभुको कुनै दयामाया छैन।

वास्तवमा *'जसले आफ्नै प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन'* भन्ने वाक्य हामीले यस पहिलो सर्तको सबैभन्दा कठिन भाग मान्नुपर्छ। हामीले आफ्ना आफन्तहरूलाई प्रभुलाई भन्दा कम प्रेम गर्नुपर्छ; यत्ति मात्र होइन, तर हामीले आफ्नो ज्यानलाई समेत घृणा गर्नुपर्छ। हामीले स्वकेन्द्रित जीवन जिउनुहुँदैन, तर ख्रीष्ट-केन्द्रित जीवन जिउनुपर्छ। कुनै विशेष कामकुरा गर्नाले त्यसले हामीलाई कुन प्रकारले असर गर्छ र हाम्रो निम्ति के-कस्तो नतिजा ल्याउँछ, सो कुरा फिक्री गर्नुको

सट्टामा त्यस कामकुराले ख्रीष्टलाई के-जस्तो असर गर्छ, र त्यसले उहाँको महिमा बढ़ाउँछ कि बढ़ाउँदैन भन्ने कुरामा हामीले बरु ध्यान दिनुपर्छ। हाम्रो महान् काम र कर्तव्य ख्रीष्ट येशूको महिमा गर्नु हो; हामीले जसरी भए पनि उहाँलाई नै चिनाउनुपर्छ। तब आफ्नो व्यक्तिगत सुविधा र सुरक्षा खोज्ने फिक्रीचिन्ताहरू हामीले यस परम कर्तव्यको अधीनतामा राख्नैपर्छ। मुक्तिदाता प्रभुका यी शब्दहरू शत-प्रतिशत सही र सुदृढ़ छन्। यिनलाई हामी यता-उता पार्न सक्दैनौं। हामीले उहाँलाई सबैभन्दा बढ़ी प्रेम गर्दैनौं भने, उहाँलाई आफ्नो परिवारकाहरूलाई भन्दा बढ़ी प्रेम गर्दैनौं र उहाँलाई आफ्नो जीवनभन्दा अधिक प्रेम गर्दैनौं भने, हामीले उहाँका चेला हुनै सक्दैनौं। आधा-आधा गर्ने सम्भावना छैन यहाँ; घटाउने-बढ़ाउने कुरा छैन यहाँ; यी दुईवटा कुराको बीचमा सम्झौता गर्ने ठावैं छैन यहाँ।

**लूका १४ः२७ः** दोस्रो सर्तः उहाँको शिक्षाअनुसार एउटा साँचो चेलाले आफ्नो क्रूस उठाएर बोक्नुपर्छ र उहाँलाई पछ्याउनुपर्छ। क्रूस भन्नाले कुनै शारीरिक दुर्बलता बुझ्नुहुँदैन; हामीलाई कुनै मानसिक वेदना लाग्नु यसको अर्थ नै होइन। तर जुन व्यक्ति स्वेच्छापूर्वक ख्रीष्ट येशूको खातिर निन्दा, दुःखकष्ट, एकलोपन र मृत्यु भोग्न तयार हुन्छ, उसैले क्रूसको बाटो अपनाएको हुन्छ। सबै ख्रीष्ट-विश्वासीहरू क्रूस उठाएर हिँड्दैनन्। कतिजनाले क्रूसको बाटो रोज्दैनन्, तर तिनीहरू मामुली जीवन जिएर नामधारी इसाई जीवनतिर तर्केर गएका छन्। तर सारा हृदयले ख्रीष्ट येशूका निम्ति जिउने निर्णय लिनुहोस्, तब शैतानले तपाईंलाई बाधा नपार्ने होइन! परमेश्वरको पुत्रले यस संसारमा हुनुहुँदा जुन शैतानिक विरोधहरू सामना गर्नुपरेको थियो, त्यस प्रकारको विरोध उसैले सहनुपर्छ, जसले सारा तनमनले आफ्नो जीवन ख्रीष्ट येशूका निम्ति जिउँछ। क्रूस उठाउनु भनेको यही हो। अनि ख्रीष्ट येशूको चेला उहाँको पछि लाग्नैपर्छ; उसले उहाँको देखासिकी गर्नुपर्छ। ख्रीष्ट येशूको जीवन जस्तै थियो, उसको जीवन उस्तै किसिमको हुनुपर्छ। यस संसारमा प्रभुको जीवन आत्मत्याग, नम्रता, अनि सतावट, निन्दा र परीक्षाले पूर्ण जीवन थियो, अँ, उहाँले आफ्नो विरुद्धमा पापी मानिसहरूबाट किसिम-किसिमको विरोध सहनुभयो। अनि हामीचाहिँ?

**लूका १४ः२८-३०ः** त्यसपछि प्रभु येशूले दुईवटा उदाहरणहरू दिनुभयो; किनभने उहाँको पछि लाग्न जसले कदम उठाउन लागेको छ, उसले पहिले हिसाब लगाउनु र खर्च जोड्नुपर्छ। उहाँले पहिले इसाई जीवन एउटा निर्माण-कार्यसित तुलना गर्नुहुन्छ, त्यसपछि एउटा लड़ाइँको रूप दिनुहुन्छ। पहिलो उदाहरणः एकजना मानिसले एउटा धरहरा बनाउने इच्छा गरेको छ। पहिले ऊ बसेर खर्च जोड्छ। उसको हिसाबअनुसार आफ्नो निर्माण-कार्य सिद्ध्याउनलाई उससँग पर्याप्त खर्च छैन भने ऊ अघि बढ्दैन; उसले बनाउन शुरु गर्दैन। नत्र ता यस धरहराको जग बसालेपछि उसले यो निर्माण-कार्य बन्द गर्नुपर्छ, अनि दर्शकहरूले यसो भन्दै उसलाई खिसी गर्छन्ः *'लौ हेर, यस मानिसले बनाउन शुरु त गर्‍यो, तर यसले सिद्ध्याउनै सकेन!'* चेलाहरूको कुरा पनि यस्तै छ। येशूको चेला हुन खोज्ने मानिसले पहिले हिसाब लगाउनैपर्छ। के हामी सारा हृदयले आफ्नो जीवन ख्रीष्ट येशूलाई समर्पण गर्ने तयार छौं? हिसाब नलगाउँदा हामी तेजको साथ चेलाको पथमा हिंड्न शुरु त गर्छौं, तर त्यसपछि सेलाएर जान्छौं र विफल हुन्छौं। यसो हो भने, हामीले असल ढङ्‌ले चेलापन शुरु गरेको, तर यसमा लज्जास्पद अन्त गरेको देखेर मानिसहरूले हामीलाई अवश्य गिल्ला गर्नेछन्। संसारले बेमन भएका इसाईहरूलाई हेप्छ-हेप्छ।

**लूका १४ः३१-३२ः** दोस्रो उदाहरणः एकजना राजा छन्, जो लड़ाइँमा आफ्नो शत्रुको सेनाको विरोधमा निस्कन लागेका छन्। शत्रुको सेना धेरै, आफ्नो सेना थोरै भएको कारणले तिनले होशियारसाथ विचार गर्नुपर्छ। के तिनले यो लड़ाइँ जित्न सक्छन्? तिनलाई राम्ररी थाहा हुन्छः कि त वार, कि त पार हुनुपर्छ; कि त सम्पूर्ण समर्पणको साथ जानुपर्छ कि त हार्नुपर्छ। अनि येशूको चेलापन पनि यस्तै छ। आधा कल्छो हुनुहुँदैन। आधा बाटो गएपछि छोड्न पाइँदैन। आधा-आधा चेला हुन सक्दैन।

**लूका १४ः३३ः** मेरो विचारमा, सम्पूर्ण पवित्र बाइबलमा मानिसहरूलाई सबैभन्दा मन नपरेको पद यही लूका १४ः३३ पद गनिन्छ होला; किनभने यहाँ स्पष्ट लेखिएको छः *'यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुराहरू त्याग्दैन, त्यो मेरो चेला हुन*

*सक्दैन ।'* यी शब्दहरूमा कुनै अर्को दोस्रो अर्थ लगाउन मिल्दैन; यहाँ कतै तर्किने बाटो पनि छैन । येशूको चेला हुन चाहने मानिस सबै कुराहरू त्याग्न तयार हुनुपर्छ भन्ने मतलब यस पदको अर्थ पनि होइन । तर उसले सबै कुराहरू त्याग्नैपर्छ । अनि के प्रभु येशूले यहाँ आफूले भन्नुभएको कुराको अर्थ स्वयम्ले बुझ्नुभएन? होइन नि! पक्का पनि उहाँ आफूले बोल्नुभएको आफ्नो वचनको अर्थ राम्ररी जान्नुभएको हो । तर आउनुहोस्, हामी उहाँको वचनलाई आफ्नो काम पूरा गर्न देऔं! अरू कुनै उपाय छैन; किनभने उहाँका चेलाहरू संसारका सबै कुराहरूभन्दा उहाँलाई बहुमूल्य ठानेर उहाँलाई सबै कुराहरूको भन्दा बढ़ी आदर दिने मानिसहरू हुनुपर्छ; उहाँको माग यही हो ।

यस सम्बन्धमा श्री जोह्न चार्लस् रायलले यसो भन्दै टिका-टिप्पणी गरेका छन्ः

> 'ख्रीष्ट येशूका निम्ति सबै थोक त्यागिदिने मानिसले आफ्नो भलाइ गर्दछ । सबैभन्दा उत्तम भाग उसैले पाएको छ; किनभने यस संसारमा उसले केही वर्षका निम्ति क्रूस उठाउनुपर्छ, तर आउने संसारमा उसले अनन्त जीवन पाउनेछ । तब सर्वोत्तम धनसम्पत्ति उसकै हुनेछ; किनभने उसले आफ्नो धन यहाँ, यस लोकमा छोड़ेर जानुपर्दैन, तर त्यसलाई मृत्युपार लैजान्छ । यस लोकमा ऊ अनुग्रहमा धनी हुन्छ, अनि परलोकमा ऊ महिमामा धनी हुनेछ । अनि सर्वस्य, ख्रीष्ट येशूमा उसले विश्वासद्वारा जेजति पाएको छ, उसले त्यो कहिल्यै गुमाउनेछैन, अँ, अनन्तसम्म त्यो हराउनुपर्नेछैन । असल भाग त्यो हो, जुन भाग उसबाट कहिल्यै खोसिनेछैन ।' **45)**

**लूका १४ः३४-३५ः** नुनले यहाँ येशूको चेलालाई सङ्केत गर्छ । प्रभु येशूका निम्ति भक्ति र परित्यागले पूर्ण जीवन जिउने मानिसमा केही न केही भलोकुशल र प्रशंसनीय कुरा छ । तर यस खण्डमा पढ़्दै जाँदा हामी नुनले आफ्नो स्वाद गुमाएको कुरा थाहा गर्छौं । हिजआज भान्सामा प्रयोग गरिएको नुनले आफ्नो स्वाद गुमाउँदैन; किनकि त्यो शुद्ध छ । तर पवित्र बाइबल लेखिएको समयमा प्रायः नुनमा विभिन्न मिसौट हुन्थ्यो । यसकारण भाँड़ामा नुन बिल्थ्यो, र मन्तिर थिग्रो बस्थ्यो । त्यो नुनको थिग्रो कुनै काममा आउँदैनथियो, अँ, बारीको मलमा पनि आउँदैनथियो । यसकारण त्यो फ्याँकिन्थ्यो ।

हाम्रो सामु कस्तो चित्र देखा परेको छ? यहाँ हामी एउटा चेलाको चित्र देख्छौं, जुन चेलाले चेलापनमा असल ढङ्गले शुरु गरेको छ, तर त्यसपछि प्रभुप्रति आफ्नो प्रतिज्ञा भङ्ग गरेर ऊ पछि हट्छ। ख्रीष्टको चेलाको अस्तित्वको एकमात्र आधारभूत कारण हुन्छ; अनि उसले चेलाको यो एकमात्र उद्देश्य पूरा गर्दैन भने ऊ अफसोस मानिने लायकको मात्र हुन्छ। अघि नुनलाई के भयो, सो हामीले पढ़िसक्यौंः *'मानिसहरूले त्यो बाहिर फ्याँकिदिनेछन्।'* वचनले के भनेको छ? परमेश्वरले त्यो नुन फ्याँक्नुहुन्छ भनी लेखिएको छैन यहाँ। त्यो कुरा परमेश्वरले कहिल्यै गर्नुहुन्न नै। तर मानिसहरूले चाहिँ त्यो नुन फ्याँकिदिनेछन् अर्थात् तिनीहरूले त्यस मानिसको गवाही आफ्ना खुट्टाले कुल्चन्छन्, जसले धरहरारूपी ख्रीष्टको गवाही निर्माण गर्न शुरु गऱ्यो, तर त्यो निर्माण-कार्य सिद्ध्याउन सकेन। श्री विलियम केल्लीले टिप्पणी गरेर यसो लेखेका छन्ः

> 'यस खण्डमा हाम्रो सामु एउटा खतरा प्रकट गरिएको छः असल शुरुआतको दुःखद अन्त भएको छ। संसारमा स्वादहीन नुनजस्तो काम नलाग्ने अरू कुनचाहिँ चीज होला, मलाई भन्नुहोस्! किनभने नुनको एकमात्र प्रशंसनीय गुण त्यसको नुनिलो स्वाद हो; नुनको मूल्य त्यसको स्वादमा छ। यसकारण स्वादहीन नुन काम नलाग्ने मात्र कहाँ हो र? त्यसले आफ्नो काम गर्दैन भने त्यसको अर्को काम के हुन्थ्यो र? ख्रीष्टको चेला पनि यस्तै छ, जब ऊ ख्रीष्ट येशूको चेला हुन छोड्छ। परमेश्वरको उद्देश्यका निम्ति जिउन उसले छोड्न त छोड़िहाल्यो, तब के संसारका निम्ति उसको जीवन अरू केही काममा आउँथ्यो र? ऊ संसारका व्यर्थ कुराहरू र त्यसका पापहरूमा लाग्न सक्दैन होला; किनभने उसको आत्मिक ज्ञान र प्रकाश ज्यादा छ, र त्यसले उसलाई यसो गर्न नदेला; तर ख्रीष्ट येशूको बाटोमा उसलाई सुरक्षित राख्न उसलाई अनुग्रह र सत्यताबाट आउने आनन्द पनि छैन। ... विचरा, स्वादहीन नुनरूपी उसको जीवन अपमान, गिल्ला र न्यायको पात्र पो भएछ।' [46)]

प्रभु येशूले चेलापनको विषयमा आफ्नो सन्देश यसो भन्दै अन्त्याउनुहुन्छः *'सुन्नलाई जसका कानहरू छन्, त्यसले सुनोस्!'* यस वाक्यबाट के बुझिन्छ भने, जुनसुकै मानिसले चेलापनका यी कड़ा,

गम्भीर सर्तहरू सुन्नलाई कान लाउँदैन। तर जस्तोसुकै मूल्य चुकाउनुपरे तापनि प्रभु येशूको पछि लाग्न चाहने मानिसले यी शब्दहरू ध्यानसित सुन्न र पालन गर्नुपर्छ।

श्री जोह्न क्याल्वीनले एकपल्ट यसो भनेका छन्ः

'हो, ख्रीष्ट येशूका निम्ति मैले सबै थोक त्यागें; अनि यस त्यागले गर्दा मैले के पाएँ, सो सुन्नुहोस्ः मैले ख्रीष्टमा सब थोक पाएँ।'

श्री हेन्री ड्रम्मोन्डले आफ्नो टिप्पणीमा यसो लेखेका छन्ः

'परमेश्वरको राज्यको प्रवेश-शुल्क मुफ्त हो भने त्यसको वार्षिक शुल्क सब थोक हो।'

## ध) लूका १५ः१-७ः हराएको भेड़ाको दृष्टान्त

**लूका १५ः१-२ः** यसो हेर्दा लूका चौध अध्यायमा हाम्रा प्रभु येशूले दिनुभएको शिक्षाको सेवकाइले तुच्छ ठानिएका महसुल उठाउनेहरूलाई, साथै समाजमा पापी मानिएका मानिसहरूलाई बढ़ी आकर्षित पाऱ्यो। प्रभु येशूले ती मानिसहरूलाई तिनीहरूका पापहरूको दोष देखाइदिनुभयो; तर तिनीहरूमध्ये धेरैजनाले उहाँद्वारा देखाइएको दोष बिलकुल सही हो भनेर मानिलिए। तिनीहरूले आफ्नो विरोधमा ख्रीष्ट येशूको दृष्टिकोण स्वीकार गरे। साँचो गरी पछुतो मानेर तिनीहरूले उहाँलाई आफ्नो प्रभुको रूपमा मान्न थाले। जहाँ-जहाँ प्रभु येशूले मानिसहरूलाई आ-आफ्ना पापहरू मानिलिन तयार भएको देख्नुभयो, त्यतातिर उहाँ खिचिनुहुन्थ्यो। उहाँले यस्ताहरूलाई आत्मिक सहायता दिनुहुन्थ्यो र तिनीहरूलाई आशिष दिनुहुन्थ्यो।

प्रभुको व्यवहारमा बेखुशी भएका फरिसीहरू र शास्त्रीहरूले चाहिँ गनगन गरे; किनकि प्रभु येशूले पापी साबित भएका मानिसहरूसित मित्रताको व्यवहार देखाउनुभएको थियो। तिनीहरूले यसो गरेनन्। बरु तिनीहरूले यी समाजका कसिङ्गरहरू, यी नैतिक कलङ्कहरू छिःछिः-दुर-दुर गर्थे। यसकारण तिनीहरूले प्रभु येशूको व्यवहारमा ठेस खाए। अनि यही कारणले तिनीहरूले उहाँलाई खिसी गरेर यसो भन्दै उहाँमाथि

दोष लगाइहाले: *'हेर त नि ! यस मानिसले पापहरूलाई ग्रहण गर्दो रहेछ, र अरे, तिनीहरूसँग खान्छ पनि ! !'* हो, उहाँले पापी मानिसहरूलाई ग्रहण गर्नुहुन्छ, यो सही कुरा थियो । हो, उहाँले यस्ताहरूसँग खानुभयो, यो कुरा साँचो थियो। तिनीहरूको विचारमा, उहाँले ठूलो गल्ती गर्नुभयो; तिनीहरूको दृष्टिमा यो एउटा निन्दीत काम थियो। तर वास्तवमा प्रभु येशूले यसो गरेर आफू यस संसारमा आएको आफ्नो उद्देश्य पो पूरा गर्नुभएछ ! !

तिनीहरूले लाएको यस आरोपको प्रतिवाद गर्दै प्रभु येशूले हराएको भेड़ाको दृष्टान्त, हराएको सिक्काको दृष्टान्त र हराएको छोराको दृष्टान्त भन्नुभयो। यी दृष्टान्तहरूमा फरिसीहरू र शास्त्रहरूका निम्ति केही पाठहरू हालिएका थिए, जो कायल भएर परमेश्वरको सामु आफ्नो हराएको अवस्था कहिल्यै मान्न तयार भएनन् । वास्तवमा, यी फरिसीहरू र यी शास्त्रीहरू महसुल उठाउनेहरू र पापी मानिएका मानिसहरूजत्तिकै हराएका थिए। तर अटेरी भएर तिनीहरू यो कुरा कुनै हालतमा पनि मानिलिन तयार थिएनन्। यी तीनवटा दृष्टान्तहरूमा उहाँले भन्न खोज्नुभएको तात्पर्य के हो भने, उहाँले पापी मानिसहरूलाई पश्चात्ताप वा पछुतो गरेको देखेर परमेश्वरलाई ठूलो आनन्द लाग्छ र सन्तुष्टि आउँछ । तर स्वधर्मी फरिसी र शास्त्रीजस्तै कपटी मानिसहरूबाट उहाँलाई कुनै आनन्द आउँदैन; किनभने तिनीहरू आफ्नो घमण्डमा आफ्नो हराएको, पापी अवस्था मानिलिन तयार छैनन् ।

**लूका १५:३-४:** यहाँ, यस दृष्टान्तमा हामी प्रभु येशूलाई भेड़ाको गोठालोको रूप लिनुभएको देख्छौं । अनि अनान्सय भेड़ाहरूले शास्त्रीहरू र फरिसीहरूलाई सङ्केत गर्छन्। अनि हराएको भेड़ाले चाहिँ महसुल उठाउनेलाई अथवा समाजमा पापी मानिएको जुनसुकै मानिसलाई चित्रण गर्छ। यस दृष्टान्तमा गोठालालाई आफ्ना भेड़ाहरूमध्ये एउटाचाहिँ हराएको थाहा लाग्नेबित्तिकै उनान्सय भेड़ाहरूलाई गोठमा होइन, तर उजाड़स्थानमा छोड़ेर हराएकोलाई खोज्न जान्छ र त्यसलाई नभेट्टाएसम्म खिजिरहन्छ। अनि प्रभु येशूमाथि यसको अर्थ लगाउँदा हामीले यसमा उहाँ स्वर्ग छोड़ेर यस धरतीमा आउनुभएको, उहाँले मानिसहरूलाई सेवा

गर्नुभएका उहाँको सेवकाइका तीन वर्षहरू, साथै उहाँको तिरस्कार, उहाँले सहनुभएको दुःखकष्टहरू र उहाँको मृत्यु बुझ्नुपर्छ। श्रीमती एलिजबेथ सी. क्लेफेनको भजनका निम्न शब्दहरू बिलकुल सत्य र साँचो छन्, जसले यसो भन्छन्ः

*आफ्नो हराएको एउटै भेड़ा खोजेर भेट्टाउनलाई*
*उहाँले तर्नुभएका गहिरा-गहिरा खोला-नदीहरू कति थिए, कति !*
*उहाँले पार गर्नुपरेको त्यो निस्पट्ट अँध्यारो रात कस्तो थियो, कस्तो ! !*
*उहाँका दाम तिरेर छुट्टाइएकाहरूमध्ये कसलाई यो थाहा भएको होला ?*

**लूका १५ः५ः** आफ्नो हराएको भेड़ा भेट्टाएपछि गोठालाले त्यसलाई आफ्नो काँधमा हालेर घरमा ल्यायो। यसको अर्थ खोल्दा के बुझिन्छ भने, मुक्ति पाएको मानिस यस्तो सौभाग्यशाली स्तरमा उठाइन्छ, जहाँ उसले प्रभु येशूसित अघि एक सय भेड़ाहरूमा गन्ती गरिएको बेलामा कहिल्यै अनुभव गर्न नपाएको आत्मीयता उपभोग गर्छ।

**लूका १५ः६ः** तब गोठालाले आफ्ना साथीहरू र छिमेकीहरूलाई हराएको भेड़ा भेट्टाएकोमा आफूसँग आनन्द गर्न बोलायो। यसबाट एकजना पापी मानिसले पश्चात्ताप गरेकोमा मुक्तिदाता प्रभुको आनन्द कति हुँदो रहेछ, सो जानिन्छ।

**लूका १५ः७ः** यस दृष्टान्तबाट हामीले सिक्नुपर्ने पाठ सुस्पष्ट छः *'पश्चात्ताप गरेको एकजना पापी मानिसका निम्ति स्वर्गमा ठूलो आनन्द हुन्छ।'* तर उनान्सय पापी मानिसहरूबाट परमेश्वरलाई कुनै आनन्द लाग्दैन, जुन मानिसहरूले आफ्नो हराएको अवस्था देख्न सक्दैनन् र जुन मानिसहरू आफ्नो पापका निम्ति कहिल्यै कायल हुँदै यो स्वीकार गर्न तयार हुँदैनन्। यस सात पदबाट पश्चात्ताप गर्नु नपर्ने मानिसहरू पनि हुँदा रहेछन् भन्ने सुझाउ लिनुहुँदैन। किनभने सबै मानिसहरू पापी छन्; अनि मुक्ति पाउनलाई संसारको हरेक मानिसले पश्चात्ताप गर्नुपर्छ। पश्चात्ताप गर्न खाँचो नभएका भन्नाले ती मानिसहरूको विचारमा यस्तो भान भएको बुझ्नुपर्छ। तिनीहरूले आफूलाई पश्चात्ताप गर्नु नपर्ने मानिसको रूपमा देखेछन्।

## न) लूका १५ः८-१०ः हराएको सिक्काको दृष्टान्त

यस दृष्टान्तमा जुन स्त्रीको कुरा गरियो, त्यस स्त्रीले पवित्र आत्मालाई सङ्केत गर्छे, जसले हराएका मानिसलाई परमेश्वरको वचनरूपी बत्ती लिएर खोज्नुहुन्छ। चाँदीका नौवटा सिक्काहरूले पश्चात्ताप नगर्ने मानिसहरूलाई चित्रण गर्छन्; अनि त्यो हराएको सिक्काचाहिँ त्यस मानिसको सुचित्र हो, जसले परमेश्वरसितको आफ्नो सम्बन्ध सठीक छैन भन्ने कुरा महसुस गर्छ र सो कुरा मानिलिन तयार हुन्छ। अघिको दृष्टान्तमा हराउने भेड़ाले आफ्नो खुशी गरेर बाटो बिराएको थियो भने, यहाँको दृष्टान्तमा पापी मानिसले निर्जीव सिक्काको रूप लिएको छ। यसले आत्मिक हिसाबअनुसार पापी मानिसको मरेको अवस्था देखाउँछ; किनकि मानिसहरू आफ्ना पाप र अधर्महरूमा मरेका छन्।

त्यस स्त्रीले हराएको सिक्का नभेट्टाएसम्म त्यो होशियारसाथ र यत्नपूर्वक खोजिरहन्छे। अनि जब उसले त्यो भेट्टाउँछे, तब उसले आफ्ना साथीहरू र छिमेकीहरूलाई आफूसँग आनन्द मनाउन बोलाउँछे। उसले हराउँदै नहराएका नौवटा सिक्काहरूबाट भन्दा खोजेर भेट्टाएको त्यस हराएको सिक्काबाट ठूलो आनन्द लिन्छे। परमेश्वरसित कुरा पनि यस्तै हुन्छ। आफूलाई नम्र तुल्याएर आफ्नो हराएको अवस्था स्वीकार गर्ने हरेक पापी मानिसले परमेश्वरको हृदयमा आनन्द पैदा गर्छ। आफ्नो पश्चात्ताप गर्नुपर्ने आवश्यकता कहिल्यै नदेख्ने मानिसहरूबाट उहाँले यस प्रकारको आनन्द प्राप्त गर्नुहुन्न।

## प) लूका १५ः११-३२ः हराएको छोराको दृष्टान्त

**लूका १५ः११-१६ः** यस दृष्टान्तमा परमेश्वर पितालाई दुईवटा छोराहरू भएका मानिससित तुलना गरिएको छ। कान्छा छोराले पश्चात्ताप गर्ने पापी मानिसलाई सङ्केत गर्छ भने, जेठा छोराले फरिसीहरू र शास्त्रीहरूलाई चित्रण गर्छ; किनभने फरिसी र शास्त्रीहरू सृष्टिको हिसाबले परमेश्वरका छोराहरू हुन्, तर मुक्तिको सम्बन्धमा छोराहरू

होइनन्। कान्छा छोरालाई उड़न्ता पुत्र पनि भनिन्छ। उड़न्ताचाहिँ फिजुलखर्ची, जसले नचाहिँदो किसिमले खर्च गर्छ र धन, रुपियाँपैसा मनपरी उड़ाउँछ। यही कान्छा छोरालाई बुबाको घरमा बस्न वाक्कै लागेको थियो। त्यसले घर छोड़ेर हिँड्ने निर्णय गऱ्यो। त्यसले आफ्नो बुबाको मृत्युको दिन पर्खन सकेन, तर अघिबाट आफ्नो अंश मागिहाल्यो। यसकारण बुबाले आफ्ना दुई छोराहरूलाई आ-आफ्नो अंश छुट्टाइदिए। आफ्नो अंश पाउनासाथ कान्छा छोरा एउटा टाढ़ा देशमा गइहाल्यो, जहाँ त्यसले आफ्नो पैसा पापमय जीवनका सुखविलासहरूमा उड़ायो। यसरी नै त्यससँग भएको सबै पैसा मासियो। अनि ठीक यस बेलामा त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव हुन लाग्यो। पेटपालाका निम्ति अरू कुनै काम नपाएर त्यसले केवल सुँगुर चराउने काम पायो, जुन काम यहूदी मानिसका निम्ति अति घृणित काम थियो। त्यसलाई सुँगुरहरूले खाएका कोसाहरू खाने लालसा भयो; किनभने यी सुँगुरहरूले अघाउने गरी चारो खान्थे, तर त्यसको खाना कम्ती, अपुग हुन्थ्यो। अनि कसैले त्यसको वास्ता गर्दैनथियो। आफ्नो धन उड़ाउँदा त्यसका साथीहरू थुप्रै हुन्थे, तर अहिले तिनीहरू सबै कता हराए कता!

**लूका १५:१७-१९:** तर नजानी यो अनिकाल त्यसको लागि आशिष बन्न गएको छ; किनकि यस अनिकालले त्यसलाई सोच्ने तुल्यायो। बुबाको घरमा भएका ज्यालादार नोकरहरू त्यसको सम्झनामा आएछन्, जसको जीवन त्यसको भन्दा कति सुखी थियो। तिनीहरूको खानेकुरा प्रशस्त हुन्थ्यो; तर त्योचाहिँ भोकले मर्न लागेको थियो। यसको आलो सम्झना त्यसका निम्ति आफ्नो परिस्थिति बदल्ने प्रेरणा बन्यो। त्यसले घर फर्किने निर्णय लियो। त्यसले पूरा पश्चात्तापी भई आफ्नो बुबाकहाँ जाने, आफ्नो पाप मानिलिने र उनीबाट क्षमादान पाउने इच्छा गऱ्यो। अबदेखि उसो त्यो आफ्नो दृष्टिमा छोरा भनिन लायकको थिएन, तैपनि घरमा कतै ज्यालादार नोकर हुने मौका पाउँछु कि भन्ने आशा गऱ्यो।

**लूका १५:२०:** कान्छा छोरा घरबाट अझै धेरै टाढ़ै हुँदा नै त्यसको बुबाले त्यसलाई देखे, र त्यसप्रति दयाले भरिए। तिनी दौड़ेर त्यसकहाँ गए; तिनले त्यसलाई अङ्कमाल गरे र त्यसलाई चुम्बन गरे। मेरो

विचारमा, पवित्र बाइबलमा परमेश्वर भलाइ गर्न हतारिनुभएको एकमात्र वर्णन यो हुन्छ होला। श्री जेम्स स्टूवर्टले आफ्नो पुस्तकमा निम्न उचित व्यख्या दिएका छन्ः

> 'ठूलो सहास गरेर प्रभु येशूले यहाँ, यस दृष्टान्तमा परमेश्वरलाई एउटा अचम्मको चित्रण दिनुभएको छ। "लाजले लुरुक्कै परेको मेरो कान्छा छोरा कहिल्यै चोरझैं सुटुक्कै घरभित्र पसोस्" भन्ने प्रेरणाले पर्खिबस्ने बुबाको रूपमा होइन, अँ, कान्छा घर आइपुग्दा गजक्क परेको, आफ्नो धाकमा उभिएको बुबाको रूपमा पनि होइन, तर यहाँले परमेश्वरलाई सरम र डरले आकुल, झुत्रेझाम्रे लुगा लगाएको छोरालाई धुस्रोफुस्रो अवस्थामा स्वागत गर्न त्यसकहाँ दौड़िरहेका र त्यसलाई आफ्नो अँगालोमा हालेका बुबाको रूप प्रस्तुत गर्नुभएको छ। अनि यही बुबा भन्ने चित्रणद्वारा उहाँले तत्कालै पापको कालोपन अझै कालो बनाइदिनुभयो र पापको क्षमाको महिमित प्रताप अझै उच्च , अझ उज्ज्वल पारिदिनुभयो।' 47)

**लूका १५ः२१-२४ः** कान्छा छोराले बुबाको सामु आफ्नो पाप मानिलिँदैथियो र 'मलाई तपाईंका ज्यालादार नोकरहरूमध्ये एकजनासरह तुल्याउनुहोस्' भन्ने विन्ती गर्न लागेको थियो। तर त्यसको बुबाले त्यसको कुरा काटे र आफ्ना दासहरूलाई 'सबैभन्दा बढ़ियो पोसाक निकाल र उसलाई पहिराइदेओ; अनि उसको हातमा औंठी र उसका पाउहरूमा जुत्ता लगाइदेओ' भन्ने आदेश दिए। अनि तिनले घरमा फर्किआएको आफ्नो हराएको छोराका निम्ति एउटा ठूलो भोज लगाउने आज्ञा गरे; किनभने कान्छा हराएको थियो, तर अब फेरि फिर्ता पाइयो। त्यसको बुबाका निम्ति अघि मरेको कान्छा छोरा अहिले फेरि जिउँदो भयो। कसैको भनाइ यस प्रकारको छः 'यो जवान मानिस सुखभोगी मानिस थियो, तर सुदुर देशमा गएर यसले सुख पाएन। तर जब यसको होश खोलियो, र यो आफ्नो बुबाको घरमा फर्केर आयो, तब मात्र यस जवानले खास सुखको उपभोग गर्न सक्यो।' यहाँ के देखिन्छ भने, तिनीहरूले आनन्द मनाउन थाले। तर तिनीहरूको आनन्द मनाउने कार्यक्रम कहिल्यै टुङ्गिंदैनथियो। पापी मानिसको मुक्तिको सम्बन्धमा कुरा उस्तै छः उसको आनन्द मनाइको अन्त कहिल्यै हुनेछैन।

**लूका १५ः२५-२७ः** जब जेठा छोरा खेतबाट घरमा आइरहेको थियो, तब उसले घरमा धुमधामसँग खुशीयाली मनाइरहेको आवाज सुन्यो। यसकारण उसले एउटा नोकरलाई बोलायो र यसको कारण सोध्यो। त्यस नोकरले उसलाई जवाफ दिएर भन्योः 'तपाईंको भाइ घरमा फर्केर आउनुभएको छ; र तपाईंका पिताजी साह्है आनन्दित हुनुभएको छ।'

**लूका १५ः२८-३०ः** जेठा छोरा रिसले भुतुक्कै भयो। उसले बुबाको आनन्दमा भाग लिन पटक्कै मानेन। यस सन्दर्भमा श्री जे. एन. डार्बीले असल ढङ्‌गले यसो भनेका छन्ः

> 'स्वधर्मी मानिस परमेश्वरको खुशीयालीभित्र प्रवेश गर्न सक्दैन। परमेश्वर पापी मानिसप्रति भलो हुनुहुन्छ भने, मेरो स्वधार्मिकताको के काम ?'

जब उसको बुबाले उसलाई आग्रह गरेर उसलाई यस उत्सवमा भाग लिन मनाउन खोजे, तब उसले मानेन। उसले रुन्चे सोरमा बुबाको सामु आफ्नो गुनासो यसो गरी पोख्योः 'पूरा विश्वासी र इमानदार भई मैले आजको दिनसम्म तपाईंको सेवा गर्दै रहें, तर पनि तपाईंले मलाई यसका निम्ति कुनै इनाम दिनुभएन; त्यस पोसाइएको मोटो पशुको कुरा छोड़ौं, एउटा पाठो वा खसीधरि दिनुभएन।' ऊ गनगनाउँदै रह्यो। त्यो उड़न्ता पुत्र घर फर्किनासाथ बुबाले त्यसका निम्ति एउटा ठूलो भोज आयोजना गर्नदेखि पछि सरेनन् – आफ्नो बुबाको धनसम्पत्ति वेश्याहरूसित उड़ाउने त्यस छोराका निम्ति। तीस पदमा यो कुरा याद गर्नुहोलाः उसले उड़न्ता पुत्रलाई 'मेरो भाइ' नभन्दै त्यसलाई 'यो तपाईंको छोरा' भनेको छ।

**लूका १५ः३१-३२ः** बुबाको उत्तरबाट के बुझिन्छ भने, हराएको छोराको सम्बन्ध पुनर्स्थापना गरेकोमा आनन्द हुन्छ; तर अट्टेरी, बैगुणी, सम्झाउँदा पनि नमान्ने छोराबाट चाहिँ कुनै आनन्द मनाउने कारण हुँदैन।

जेठा छोराले शास्त्रीहरू र फरिसीहरूको समुचित प्रतीक हो। परमेश्वरले निर्लज्जा, घोर पापी मानिसहरूलाई कृपा देखाउनुभएकोमा बेखुशी हुनेहरू यिनीहरू हुन्। यिनीहरूको विचार परमेश्वरको रायसँग मिल्दैनथियो। यिनीहरू भन्थेः 'परमेश्वरको विश्वासयोग्य सेवा गर्ने र उहाँका आज्ञाहरू कहिल्यै उल्लङ्घन नगर्नेहरू हामी हौं, तर पनि यसो गरेअनुसारको इनाम खोइ, कहाँ छ ? हामीले यसको उचित इनाम पाएनौं।'

तर वास्तवमा अर्को कुरा सत्य थियोः यिनीहरू धर्मको मुखुन्डो ओढ्ने कपटी, अधर्मी, दोषी मानिसहरू थिए। यिनीहरूको अहङ्कारले यिनीहरूलाई अन्धा तुल्याएको थियो; यिनीहरूले आफू परमेश्वरबाट कति टाढ़ा रहेछौं, सो कुरा जान्न सकेनन्। उहाँले यिनीहरूमाथि आशिषमाथि आशिष बर्साउनुभएको कुराको विषयमा यिनीहरू अनजान रहे। यिनीहरूले पछुताएका भए, र आफ्ना पापहरू मानिलिएका भए परमेश्वर पिताको हृदय आनन्दले गद्‌गद हुनेथियो, र यिनीहरू पनि ठूलो उत्सव मनाउने कारण हुनेथिए।

## फ) लूका १६ः१-१३ः अधर्मी भण्डारीको दृष्टान्त

**लूका १६ः१-२ः** प्रभु येशूले अब यी फरिसीहरू र शास्त्रीहरूलाई छोड्नुभयो र आफ्ना चेलाहरूतिर फर्केर उनीहरूलाई यो दृष्टान्त भन्नुभयो। लूकाको सुसमाचारको पुस्तकमा यो खण्ड बुझ्नु कठिन पर्छ। अप्ठ्यारो कुरा के छ भने, अधर्मी भण्डारीको यस दृष्टान्तमा बेइमानी व्यवहार अनुमोदन गरिएको देखिन्छ। तर यस दृष्टान्तको व्याख्यामा अघि बढ्दाखेरि हामी त्यसो होइन रहेछ, बेइमानी व्यवहार सिफारिस भएको रहेनछ भन्ने कुरा पत्ता लगाउँछौं।

यस दृष्टान्तमा धनी मानिसले परमेश्वरलाई सङ्केत गर्छ। अनि भण्डारीचाहिँ अर्को व्यक्तिको सम्पत्तिको जिम्मा सुम्पिएको मानिस हो। अनि यस दृष्टान्तको अर्थमा प्रभु येशूको कुनै पनि चेला यस प्रकारको भण्डारी हुन जान्छ। अनि यहाँको भण्डारी विशेषलाई आफ्नो मालिकको सम्पत्ति बरबाद गरेको दोष लागेछ; उसले हिसाब बुझाउनु थियो; उसलाई नोकरीबाट अवकाश लिने जानकारी दिइएको थियो।

**लूका १६ः३-६ः** यस भण्डारीले छिटो आफ्नो दिमाग लगाइहाल्यो। आफ्नो भविष्यको निम्ति उसले केही न केही गर्नुपरेको थियो। तर बलको काम गरूँ त उसको उमेर ढल्किसकेको थियो। भीख मागूँ त, कसरी? यो लाजको सवाल थियो। (बरु चोर्न उसलाई सरम लागेनछ)। तब उसले आफ्नो भविष्यका निम्ति प्रबन्ध कसरी गर्ने? तुरुन्तै उसले एउटा युक्ति

रचिहाल्यो। उसलाई खाँचो पर्दा उसका साथीहरूले उसलाई साथ दिने युक्ति यस प्रकारको भयोः उसले आफ्नो मालिकको एकजना ऋणीलाई आफूकहाँ बोलायो, र त्यसबाट त्यसलाई कति ऋण लागेको कुरा बुझ्यो। त्यस ऋणीले भन्योः 'सय मन तेल।' तब यस भण्डारीले 'पचास मन लेख र तिम्रो कुरा छोनाफिना हुन्छ' भन्यो।

**लूका १६ः७ः** अर्को ऋणी पनि थियो, जसलाई पाँच सय मुरी गहुँ ऋण लागेको थियो। अनि यस भण्डारीले त्यसलाई भन्योः 'चार सय तिरेर तिम्रो ऋण चुक्ता हुन्छ ल!'

**लूका १६ः८ः** तर यस दृष्टान्तमा आश्चर्य लाग्ने र जिल्ल पार्ने कुरा के हो भने, अधर्मी भण्डारीको मालिकले उसलाई उसले चतुऱ्याइँ गरेकोमा तारिफ पो गरेछन्!! यस प्रकारको बेइमानी व्यवहार कसले र किन अनुमोदन गर्ला? किनकि यस भण्डारीले गरेको काम बेठीक थियो। अनि यस खण्डमा अघि बढ्दै जाँदा कुरा स्पष्ट छः तारिफचाहिँ उसको धूर्तताको लागि होइन, तर उसको दूरदर्शिताको लागि पो उसलाई गरिएको हो। उसले बुद्धिमानीको साथ काम गरेको थियो। उसले अघिबाट आफ्नो भविष्यको विषयमा सोच्यो र त्यसका निम्ति प्रबन्ध गऱ्यो। उज्ज्वल भविष्यका निम्ति उसले वर्तमान फाइदा त्याग्यो।

यो पाठ हाम्रो जीवनमा लाग्गू गराउँदा एउटा कुरा हाम्रो निम्ति एकदम स्पष्ट हुनुपर्छः परमेश्वरको छोराछोरीको भविष्य यस पृथ्वीमा होइन, तर स्वर्गमा हुन्छ। यस भण्डारीले नोकरीबाट अवकाश लिएपछि यहाँ यस युगमा आफ्नो भविष्यका निम्ति आफ्ना साथीहरूमार्फत यसको प्रबन्ध निश्चित गऱ्यो, ठीक त्यस्तै ख्रीष्ट-विश्वासी स्वर्गमा पुग्दाखेरि तिनीहरूले उसलाई त्यहाँ न्यानो स्वागत सुनिश्चित गर्ने हिसाबले उसले आफ्नो मालिकको सम्पत्ति सदुपयोग गर्नुपर्छ।

जब प्रभु येशूले *'यस संसारका सन्तानहरू आफ्नो पुस्तामा ज्योतिका सन्तानहरूभन्दा बढ्ता चतुर हुन्छन्'* भनेर भन्नुभयो, तब यसको अर्थ यस प्रकारको थियोः यस संसारमा आफ्नो भविष्यका निम्ति प्रबन्ध गर्नुमा नयाँ जन्म नपाएका भक्तिहीन मानिसहरूको बढ़ता बुद्धि हुन्छ, जब स्वर्गमा धन थुपार्नुमा साँचो ख्रीष्ट-विश्वासीहरूको बुद्धि कम हुन्छ।

**लूका १६:९:** हामीले अधर्मको धनले आफ्ना निम्ति साथीहरू बनाउनुपर्छ, अर्थात् हामीले रुपियाँपैसा र अन्य भौतिक सम्पत्तिहरू लिएर आत्माहरू ख्रीष्ट येशूका निम्ति जित्ने प्रयासमा प्रयोग गर्नुपर्छ। यस प्रकारको मित्रता अनन्त मित्रता हुनेछ। यस विषयमा श्री ए. टि. पियर्सनले आफ्नो लेखमा सफासँग भनेका छन्ः

> 'हाम्रो रुपियाँपैसाचाहिँ बाइबल, आत्मिक किताब र सुसमाचारीय पर्चापर्चीहरू किन्नका निम्ति प्रयोग गर्न सकिन्छ अर्थात् आत्माहरू जित्नलाई खर्च गर्न सकिन्छ। यसरी नै हाम्रो भौतिक र क्षणिक सम्पत्ति आत्मिक सम्पत्ति, अँ, अनन्त, स्वर्गको अमर धन हुन जान्छ। उदाहरणको लागि भनौंः एकजना मानिससँग दस हजार रुपियाँ छ। कि त उसले यो रकम एउटा राम्रो होटेलमा भव्य भोजमा वा एउटा प्रीतिभोजमा खर्च गर्न सक्छ, अनि यसबाट भोलिका निम्ति केही बाँकी रहँदैन; कि त उसले एक सय बाइबल किन्न सक्छ। परमेश्वरको राज्यको बीउ सम्झेर उसले ती बाइबलहरू होशियार र प्रार्थनासाथ वितरण गर्छ। यस छराइबाट अमूल्य आत्माहरूको फसल भित्र्याइन्छ। यसरी नै उसले अधर्मको धन लिएर अमर साथीहरूलाई बनाएको हुन्छ, जुन साथीहरूले उसलाई अनन्त वासस्थानहरूमा न्यानो स्वागत गर्नेछन्।' **48)**

यस खण्डमा प्रभु येशूको शिक्षा यो हो। हाम्रो भौतिक सम्पत्ति बुद्धिमानीसाथ खर्च गरेर हामीले मानिसहरूलाई अनन्त आशिषका भागीदार तुल्याउन सक्छौं। यसमा हाम्रो हात छ र हाम्रो भाग पनि छ। स्वर्गको ढोकाको सामु आइपुग्दा हामीलाई न्यानो स्वागत गर्ने मानिसहरूको टोली हुने कुरा सुनिश्चित गरौं, जुन मानिसहरूले हाम्रो बलिदानले पूर्ण अनुदान र प्रार्थनाहरूको फलस्वरूप मुक्ति पाए। यी मानिसहरूले हामीलाई यसो भन्दै धन्यवाद चढ़ाउनेछन्ः 'हामीलाई स्वर्गको राज्यको निम्तो दिने तपाईं हुनुहुन्छ।'

यस सन्दर्भमा श्री जे. एन. डार्बीले टिप्पणी गरेर भनेका छन्ः

> 'सामान्य हिसाबले मानिस परमेश्वरको भण्डारी हो; यो कुरा छोड़ेर परमेश्वरको भण्डारी को होला ? हो, एक समयमा इस्राएली जाति परमेश्वरको भण्डारी थियो। यो जाति परमेश्वरको दाखबारीमा राखियो, तिनीहरूको हातमा मोशाको व्यवस्था, परमप्रभुको सेवा, प्रतिज्ञाहरू र करारहरू सुम्पिए। तर

इस्राएली जातिले परमेश्वरका यी सम्पत्तिहरू बरबाद गरेर उड़ायो। चाहे आदमको सन्तान, चाहे इस्राएली जाति किन नहोस्, मानिस भण्डारीको काममा पूरा रूपले अविश्वासी ठहरियो। तब यसभन्दा बढ़ी के गर्न सकिन्थ्यो? परमेश्वर आफै देखा पर्नुभयो। अनि उहाँले आफ्नो अनुग्रहको सर्वअधिकारमा पृथ्वीमा मानिसद्वारा बेप्रगोग गरिएको चीज, त्यो अधर्मको धन स्वर्गको राज्यका निम्ति फल फलाउने माध्यम तुल्याउनुभयो। यसर्थ मानिसको हातमा भएका भौतिक चीजहरू उसले यस संसारका वर्तमान सुखहरूका निम्ति होइन, (जुन सुखहरू परमेश्वरको इच्छादेखि बाहिरका कुरा हुन्), तर भविष्यका निम्ति खर्च गर्नुपर्छ। हामीले वर्तमान समयमा सम्पत्ति जमाउन खोज्नुहुँदैन, तर हामीले यी कुराहरूको सदुपयोग गरेर आउने समयहरूका निम्ति प्रबन्ध गर्नुपर्छ। अहिले धनसम्पत्ति थुपार्नुभन्दा बरु आउने समयमा एकजना साथीलाई पाउने हिसाबले आफ्नो सारा धन खर्च गर्नु उचित देखिन्छ। यस दृष्टान्तको चतुर भण्डारी एक दिन नाश भयो; यसको निचोड़ यो होः संसारका मानिसहरू भण्डारी कामको योग्य हुँदैनन्।' 49)

**लूका १६ःः१०ः** आफ्नो भण्डारीको काममा विश्वासयोग्य हुनु हो भने, हामी सबैभन्दा सानो कुराबाट शुरु गरेर त्यसमा विश्वासयोग्य हुनुपर्छ अर्थात् रुपियाँपैसाको सम्बन्धमा विश्वासी हुनुपर्छ; त्यसपछि हामी सबैभन्दा ठूलो कुरामा अर्थात् आत्मिक धनसम्पत्तिको विषयमा विश्वासयोग्य हुन सक्षम बन्नेछौं। तर जुन मानिस परमेश्वरले उसको जिम्मामा लगाउनुभएको रुपियाँपैसाको विषयमा अधर्मी हुन्छ, त्यो मानिस यसभन्दा महत्त्वपूर्ण अरू कुराहरूको विषयमा पनि अधर्मी नै रहन्छ। रुपियाँपैसाको महत्त्व कति सानो रहेछ! 'थोरै कुरा' भन्ने शब्दले यसमा जोड़ गरेको छ।

**लूका १६ःः११ः** प्रभु येशूका निम्ति अधर्मको धनमा विश्वासयोग्य नहुने मानिस जोसुकै होस्, उसको जिम्मामा साँचो धन कहिल्यै सुम्पिइनेछैन। रुपियाँपैसा अधर्मको धन हो। अनि रुपियाँपैसा सरासर खराब भन्न मिल्दैन। तर हुन सक्छ, पापले संसारमा प्रवेश नगरेको भए सायद रुपियाँपैसाको कुनै दरकार हुनेथिएन होला। अनि रुपियाँपैसा किन अधर्मको धन भन्ने अर्को कारण छः किनभने प्रायः मानिसले त्यो लिएर परमेश्वरको महिमा गर्दैन, तर अन्य कामकुराहरूमा बढ़ी खर्च गर्दछ। यहाँ

अधर्मको धनको विरोधमा साँचो धन छ। रुपियाँपैसाको मूल्य अनिश्चित र क्षणिक हो भने आत्मिक धनको मूल्य सुनिश्चित र अनन्त हुन्छ।

**लूका १६:१२:** यस पदमा अर्कोको चीज र आफ्नै चीजको बीचमा छुट्ट्याइएको छ। हामीसँग जेजति कुराहरू छन्, ती सबै प्रभुका हुन्छन्: हाम्रो रुपियाँपैसा, हाम्रो समय र हाम्रा प्रतिभाहरू आदि। यसकारण हामीले यी कुराहरू प्रभुका निम्ति खर्च गरेर सदुपयोग गर्नुपर्छ। अनि जे कुरा यहाँ 'आफ्नो' अर्थात् 'हाम्रै' भनिएको छ, त्यो हाम्रो इनाम हो, जुन इनाम हामीले यस संसारमा र आउने युगमा ख्रीष्ट येशूको विश्वासयोग्य सेवा गरेको बापतमा पाउँछौं। जुन कुराहरू प्रभुका हुन्, यी कुराहरूमा हामी विश्वास-योग्य भएनौं भने उहाँले हामीलाई हाम्रै कुरा कसरी दिन सक्नुहुन्छ त?

**लूका १६:१३:** एकै समयमा हामीलाई दुईवटा कुराहरूका निम्ति जिउनु असम्भव छ। हामी भौतिक कुराहरूका निम्ति र परमेश्वरका निम्ति एकसाथ जिउन सक्दैनौं। रुपियाँपैसा हाम्रो मालिक हो भने हामीले प्रभुको सेवा गर्नै सक्दैनौं। धनसम्पत्ति थुपार्नु हो भने हामीले यस कुरामा सकभर प्रयास गरेर यसमा तनमन दिएर त्यसको पछि लाग्नुपर्छ। यसो गर्दा हामीले परमेश्वरबाट उहाँलाई दिनुपर्ने भाग लुटिदिन्छौं। यो हाम्रो भक्तिको सवाल हो। प्रभुव्रत हुनुमा गड़बड़ आएको छ; मनको भावना अशुद्ध भएको छ, हाम्रो मनमा खिचड़ी भएछ; प्रभुचाहिँ पक्ष र संसारचाहिँ विपक्ष भएछ, तब सठीक निर्णय कसरी गरौं? जहाँ हाम्रो धन, त्यहाँ हाम्रो मन पनि हुन्छ। धन कमाउने प्रयासमा हामीले धनको सेवा गर्नुपर्छ। अनि धनको सेवा गर्नेले परमेश्वरको सेवा गर्नै सक्दैन। यो असम्भव छ। धन एउटा क्रूर मालिक हो रहेछ, जसले हाम्रो फुर्सद, हाम्रा सप्ताहान्तहरू, अँ, प्रभुलाई दिनुपर्ने हाम्रो सारा समय खाइदिन्छ।

## ब) लूका १६:१४-१८: लोभी फरिसीहरू

**लूका १६:१४:** फरिसीहरू घमण्डी र कपटी थिए, अनि लोभी पनि हुन्थे। तिनीहरूको विचारमा, भक्तिचाहिँ धन कमाउने बाटो थियो। यसकारण तिनीहरूले आफ्नो धर्म प्रशस्त पैसा आउने पेशाको रूपमा लिइरहेका थिए। तिनीहरूको सेवामा परमेश्वरको महिमा होइन,

छिमेकीको हित पनि होइन, तर आफूलाई धनी तुल्याउने भावना हुन्थ्यो। तिनीहरूले प्रभु येशूलाई शिक्षा दिइरहनुभएको सुन्दैथिएः 'स्वर्गमा धन थुपार्न हामीले यस संसारको धन त्याग्नुपर्छ।' यसैले तिनीहरूले उहाँलाई खिसी गरे। तिनीहरूका निम्ति परमेश्वरका प्रतिज्ञाहरूभन्दा रुपियाँपैसा नै वास्तविक कुरा भएको रहेछ। कुनै कुराले तिनीहरूलाई धन कमाउनदेखि रोक्न सक्दैनथियो।

**लूका १६ःश्**ः बाहिरी दृष्टिले हेर्दा फरिसीहरू परमेश्वरको भक्ति गर्ने आत्मिक मानिसहरू थिए। तिनीहरूले आफूलाई मानिसहरूको बीचमा धर्मी सम्भन्थे। तर तिनीहरूको बाहिरी छली भेष र तिनीहरूको भित्री अवस्था अलिकति पनि मिल्दैनथियो। परमेश्वरले तिनीहरूको मनको लोभ देख्नुभएको थियो। परमेश्वरलाई कुनै हालतमा पनि छल्न सकिँदैन। उहाँले मानिसको बाहिरी रूप होइन, तर मानिसको हृदयको अवस्था हेर्नुहुन्छ। अनि तिनीहरूको विषयमा मानिसहरूको राय जेसुकै होस्, उहाँले तिनीहरूको जीवनमा जे देख्नुभयो, त्यो उहाँको दृष्टिमा घिनलाग्दो थियो (भजन ४९:१८)। तिनीहरूले आफूलाई निक्कै सिपालु र सफल भएको ठान्ने भावना कहाँबाट आयो? तिनीहरूले प्रशस्त धनदौलतले आफ्नो धर्मको पेशा सिँगारेका थिए। तर परमेश्वरको दृष्टिमा तिनीहरूले आत्मिक व्यभिचार गरेका थिए; किनभने तिनीहरूले मुखले परमप्रभुलाई प्रेम गर्छौं भन्थे, तर वास्तवमा तिनीहरूले धनको पूजा गरिरहेका थिए।

**लूका १६ः१६**ः अघिको खण्डको तरङ पछिको खण्डसित कसरी मिल्छ, सो बुझ्न गाह्रो पर्ला। किनकि लूका १६:१६-१८ पदहरू सरासर पढ्दाखेरि अघिको खण्डसित कुनै सम्बन्ध नरहेको देखिन्छ। तर यी दुई खण्डको सन्दर्भ बिर्सनुहुँदैन, तब हाम्रो विचारमा, यिनको अर्थ स्पष्ट हुन्छः लूका सोह्र अध्यायको सन्दर्भचाहिँ फरिसीहरूको पैसाको लोभ र तिनीहरूको अविश्वासयोग्यता हो। तिनीहरूले व्यवस्थाका सबै नियमहरू होशियारसाथ पालन गरेकोमा गर्व गर्थे, तर वास्तवमा तिनीहरू कपटी, अँ, पैसाका लोभी थिए, अनि यो कुरा यहाँ साबित भएको थियो। व्यवस्थाको

खास उद्देश्य र फरिसीहरूको उद्देश्य आकाश र पातालजत्तिकै फरक थियो ।

व्यवस्था र भविष्यवक्ताहरू बप्तिस्मा दिने यूहन्नासम्म रहे। यी शब्दहरूद्वारा प्रभु येशूले व्यवस्थाको युगको वर्णन गर्नुभयो, जुन युग मोशाबाट शुरु भएको थियो र बप्तिस्मा दिने यूहन्नाको साथमा अन्त भयो । अबदेखि एउटा नयाँ युग शुरु भयो; किनभने बप्तिस्मा दिने यूहन्नादेखि परमेश्वरको राज्यको सुसमाचार प्रचार गरिन थाल्यो । बप्तिस्मा दिने यूहन्ना इस्राएलका मसीह राजाको आगमनको घोषणा गर्दै आएका थिए। तिनको सन्देश यस प्रकारको थियोः मानिसहरूले पश्चात्ताप गर्नुपर्छ; तब प्रभु येशूले तिनीहरूमाथि राज्य गर्नुहुनेछ। तिनको प्रचार, अनि प्रभु येशू र उहाँका प्रेरितहरूको प्रचारको फलस्वरूप धेरै मानिसहरूले उत्साहित भई सुसमाचारप्रति सकारात्मक प्रतिक्रिया जनाए ।

*'हरेक मानिस जोर लगाएर यसभित्र पस्छ'* भन्ने वाक्यको अर्थ यस प्रकारको छः सुसमाचारको सन्देशप्रति सकारात्मक प्रतिक्रिया जनाउनेहरू परमेश्वरको राज्य कब्जा गर्ने गरी त्यसभित्र पस्छन् । महसुस उठाउनेहरू र पापी मानिसहरू यसको उदाहरण हुन्; किनभने तिनीहरूले परमेश्वरको राज्य पस्नलाई फरिसीहरूद्वारा खड़ा गरिएका मार्ग-रोक्काहरू फाल हान्नुपरेको थियो । अरू मानिसहरू ठूलो बल गरेर आफ्नो हृदयमा राज्य गरेको रुपियाँपैसाको लोभमाथि जय पाएर त्यसभित्र पस्नुपरेको थियो । फेरि अरूले आफ्नो पूर्वविचारमाथि विजयी पाएर त्यसभित्र पस्नुपरेको थियो ।

**लूका १६ः१७-१८ः** तर एउटा नयाँ युग शुरु भयो भन्नेमा आधारभूत नैतिक सत्यताहरू खारिज भएनन् । *'व्यवस्थाको एउटा विन्दु टलेर जानुभन्दा आकाश र पृथ्वी बितेर जानु सजिलो छ ।'* एउटा विन्दुमा के बुझ्नुपर्छ भने चन्द्रविन्दुको थोप्लाजत्ति सानो, अक्षरभन्दा सानो कुरा हो । अथवा व अक्षरबाट ब अक्षर बनाउने 'व'को पेट काट्ने सानो धर्कोजत्तिकै सानो कुरा हो ।

फरिसीहरू आफ्नो विचारमा परमेश्वरको राज्यका हुने भए। तर प्रभु येशूले तिनीहरूलाई भावात्मक अर्थमा के भन्नुभयो भने 'तिमीहरूले

परमेश्वरका कति ठूला नैतिक नियमहरू तुच्छ ठानेर बेवास्ता गरेर परमेश्वरको राज्यमा आफ्नो कुनै हक छ भन्ने दाबी गर्न सक्दैनौ।' अनि तिनीहरूले उहाँलाई सोध्लान्: 'भन्नुहोस्, कुनचाहिँ ठूलो नैतिक नियम हामीले तुच्छ ठानेर वास्ता गर्दैनौं त?' अनि प्रभु येशूले तिनीहरूलाई विवाहको नियम देखाएर भन्नुहुन्छः 'यो नियम कहिल्यै बितेर जानेछैन।' यसर्थ *'हरेक जसले आफ्नी स्वास्नीलाई त्यागेर अर्कीलाई विवाह गर्छ, त्यसले व्यभिचार गर्छ, अनि हरेक जसले लोग्नेद्वारा त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्छ।'* अनि आमिक हिसाबले फरिसीहरूले ठीक त्यही गरिरहेका थिए। एउटा करारद्वारा यहूदीहरूको सम्बन्ध परमेश्वरसित स्थापित भएको थियो। तर अब यी फरिसीहरूले सांसारिक धनदौलतको खोजको उन्मत्त दौड़ानमा परमेश्वरलाई आफ्नो पिठ्यूँ फर्काएका थिए। अनि हुन सक्छ, यस पदअनुसार तिनीहरूले आत्मिक व्यभिचार मात्र नगरेर तर शारीरिक व्यभिचार पनि गरेको अर्थ बुझ्नु सम्भव छ।

## भ) लूका १६:१९-३१: धनी मानिस र लाजरस

**लूका १६:१९-२१:** भौतिक कुराहरूको भण्डारीपनको सिलसिलामा प्रभु येशूले आफ्नो प्रवचनको अन्तमा दुईजनाको वृत्तान्त दिनुहुन्छ, जसको जीवन र जसको मृत्यु फरक, अँ, जसको परलोकको अवस्था पनि फरक हुन गयो। हामीले यस ठाउँमा याद गर्नुपर्छः उहाँले यहाँ कुनै दृष्टान्त भन्नुभएन। अनि हामी यस कुरामा किन तपाईंको ध्यान आकर्षण गर्न चाहन्छौं? यसको कारण यी विरोधी पक्षकाहरू हुन्, जसले यो कथा एउटा दृष्टान्त मात्र हो भन्ने गर्छन् र यसरी यस कहानीको तात्पर्य र यसबाट उठेका गम्भीर चेताउनीहरूको महत्त्व घटाएर कम गर्न चाहन्छन्।

शुरुमै भनिहालौं: त्यो नामहीन धनी मानिस आफ्नो धनको खातिर पातालको दोषी भएको होइन। मुक्तिको आधार प्रभु येशूमाथि राखिएको विश्वास हो। अनि उहाँमाथि विश्वास नगर्ने मानिसहरू दोषी हुन्छन्। तर त्यो धनी व्यक्ति विशेषले आफ्नो व्यवहारबाट मुक्ति पाउने किसिमको विश्वास नभएको प्रमाणित गर्‍यो; किनभने त्यसले आफ्नो घरको ढोकामा

राखिएको भिखारीलाई तुच्छ ठानेर उसलाई कुनै वास्ता गर्दैनथियो। त्यस धनी मानिसमा परमेश्वरको प्रेम भएको भए त्यसले आफू ऐस-आराम र सुख-सयलमा जिइरहेको, तर आफ्नो छिमेकी घरको ढोकाको सामु एक गाँसको भीख मागिरहेको सहन सक्दैनथियो। परमेश्वरको राज्यभित्र पस्न त्यसले रुपियाँपैसाको प्रेम आफ्नो मनदेखि त्याग्न पूरा बलजफत गर्नेथियो।

अनि लाजरसको विषयमा पनि कुरा ठीक त्यस्तै छः ऊ गरिब भएको हुनाले उसले मुक्ति पाएको होइन है। उसले आफ्नो आत्माको मुक्तिका निम्ति प्रभु येशूमाथि विश्वास गरेको हुनुपर्छ।

अब श्री डाइवेसको चरित्र हेर्दै जाऔं! किनकि त्यसको नाम ल्याटिन भाषामा यसो राखिएको छ। डाइवेसको अर्थ धनी हो। त्यसले केवल दामी-दामी भड्किला वस्त्र लाउँथ्यो र केवल मीठो-मीठो भोजन खान्थ्यो। आफ्नो शरीर र मनका अभिलाषाहरू पूरा गर्दै त्यो धनी केवल आफ्नो स्वार्थका निम्ति जिउँथ्यो। त्यस मानिसमा परमेश्वरका निम्ति प्रेम थिएन र आफ्नो छिमेकीका निम्ति वास्ता थिएन।

तर लाजरसको जीवनचाहिँ त्यस धनीको भन्दा एकदम भिन्न थियो। ऊ एक तुच्छ, अभागी भिखारी थियो, जो दिनदिनै त्यस धनी मानिसको घरको सामु राखिन्थ्यो। उसको शरीर घावैघाउले भरिएको थियो। ऊ भोकले क्षीण भइसकेको थियो। अनि उसको दिक्कत अरू के थियो? कुकुरहरू आएर उसका घाउहरू चाट्दैथिए।

**लूका १६ः२२ः** एक दिन यो भिखारी मर्‍यो। अनि स्वर्गदूतहरूले उसलाई अब्राहामको काखमा ल्याइपुर्‍याए। के साँच्चै ख्रीष्ट-विश्वासीहरूका आत्माहरू स्वर्गमा पुर्‍याउने काममा स्वर्गदूतहरूको हात छ? धेरै मानिसहरूले यस कुरामा शङ्का गरेका छन्। तर हामीचाहिँ – यी सरल, सुस्पष्ट शब्दहरूमा शङ्का गर्ने कुनै उचित कारण देख्दैनौं। स्वर्गदूतहरूले यस जीवनमा ख्रीष्ट-विश्वासीहरूको सेवा गर्छन्; तब तिनीहरूले उनीहरूलाई मर्ने बेलामा साथ किन नगर्ने त? अब्राहामको काखचाहिँ परम आशिषको ठाउँको परिभाषा हो। हाम्रो बुझाइअनुसार अब्राहामको काख र स्वर्ग एउटै ठाउँ हो।

धनी मानिस पनि मऱ्यो; अनि त्यसको मृत-शरीर गाड़ियो – त्यही शरीर, जसको स्याहार त्यसले दिनरात गर्दथियो र जसका निम्ति त्यसले यति धेरै खर्च गर्दथियो।

**लूका १६:२३-२४:** तर त्यसको मृत्युमा सबै कुरा सकिएको रहेनछ। त्यसको आत्मालाई चाहिँ के भयो? त्यसको आत्मा वा आत्मचेतन नरकरूपी पातालमा पुग्यो। ग्रीक भाषाको 'हादेस' र हिब्रू भाषाको 'शेओल' भन्ने शब्दको अर्थ एउटै होः मरेका मानिसहरूका आत्माहरू भएको ठाउँ। पुरानो नियमको समयमा दुवै मुक्ति पाएका र मुक्ति नपाएका मानिसहरूका आत्माहरू पाताल भन्ने अधोलोकमा पुग्थे। तर यहाँ, यस खण्डमा चाहिँ त्यो अधोलोकरूपी नरक मुक्ति नपाएका मानिसहरूका आत्माहरू रहने ठाउँ रहेछ; किनकि त्यस ठाउँमा धनी मानिस पीड़ामा तड़्पिरहेको थियो।

एकजना धनी यहूदी मानिस नरकमा पुग्नु – प्रभु येशूको यस कुराबाट उहाँका चेलाहरूलाई ठूलो घत लागेको हुनुपर्छ। पुरानो नियमको प्रकाशअनुसार तिनीहरूले धनसम्पत्तिमा सधैं परमेश्वरको आशिष र निगाहको लक्षण देख्थे। किनभने परमप्रभुको आज्ञा मान्ने यहूदी मानिसलाई धनसम्पत्तिको भौतिक आशिष प्रतिज्ञा गरिएको थियो। तब त्यो धनी यहूदी कसरी नरकमा पुग्यो? तपाईंलाई याद होलाः प्रभु येशूले केही क्षण अघि भन्नुभएको थियो, कि बप्तिस्मा दिने यूहन्नाको प्रचारसित एउटा नयाँ युग शुरु भयो। यसैकारण अबदेखि उसो धनसम्पत्ति आशिषको लक्षण होइन, तर त्यसको भण्डारीपनमा हामी कति विश्वास-योग्य हुन्छौं भन्ने जाँचको माध्यम पो हुन्छ। किनकि जसलाई धेरै दिइएको छ, उसबाट धेरैको लेखा लिइनेछ।

लूका १६:२३ पदले मरेको मानिसको आत्मा मरेको दिनदेखि त्यसको पुनरुत्थान नभएसम्म अचेत अवस्थामा सुतिरहन्छ भन्ने धारणा खारिज गरेको छ। मृत्युपार परलोकमा पुगेको मानिसको आत्मामा आत्मचेतन हुँदो रहेछ। अधोलोकमा त्यस धनी मानिसले के-के जान्दछ, त्यसको ज्ञानको भण्डारमा हामी छक्क पर्दछौं। *'त्यसले आफ्ना आँखाहरू उठायो र टाढ़ामा अब्राहामलाई र उनको काँखमा लाजरसलाई देख्यो।'* अचम्म, त्यसले

अब्राहामसँग कुरा गर्न सकेछ। त्यसले उनलाई 'पिता अब्राहाम' भनेर सम्बोधन गर्‍यो। त्यसले उनीबाट कृपा पाउन चाह्यो र उनीलाई एक थोपो पानीको भीख माग्यो। लाजरस आएर उसको जिब्रोलाई शीतल पारिदिए कति असल हुनेथियो।

हुन त, यस वृत्तान्तबाट शरीरविना मानिसको आत्मालाई तिर्खा लाग्नु र त्यसले ज्वालाको पीड़ा कसरी अनुभव गर्न सक्छ भन्ने प्रश्न उठ्छ। हाम्रो विचारमा यस प्रश्नको उत्तर यो हुनुपर्छः यस वृत्तान्तको भाषा भावात्मक भएको हुनुपर्छ। यसो भनेपछि हामीले त्यस धनी मानिसको पीड़ा केवल काल्पनिक अनि वास्तविक नभएको सोच्नुहुँदैन। त्यसका पीड़ाहरू वास्तविक थिए।

**लूका १६ः२५ः** अब्राहामले यहाँ त्यस धनी मानिसलाई 'हे छोरा' भनेर सम्बोधन गरे। यसर्थ त्यस धनी मानिस अब्राहामको शारीरिक वंशको थियो। तर कुरा स्पष्ट छः त्यो मानिस अब्राहामको आत्मिक सन्तान थिएन। कुलपति अब्राहामले त्यसलाई सम्झना दिलाएर यसो भनेः *'हे छोरा, तिमीले जीवनभरि असल कुराहरू पायौ।'* त्यसको जीवन ऐस-आराम र सुख-सयलको सुखभोगी जीवन थियो। त्यसपछि उनले त्यससित लाजरसको कुरा पनि गरे। उसको गरिबी र उसको दुःखकष्ट उसको जीवनको भाग थियो। तर अब मृत्युपार परलोकमा तिनीहरूको अवस्थामा साटफेर हुन गएको छ र धनी मानिसले लाजरसको ठाउँ लिनुपरेको छ।

**लूका १६ः२६ः** यस वृत्तान्तबाट हामीले के सिक्छौं भनेः हाम्रो अनन्त भाग्य हामीले यस जीवनमा गरेका निर्णयहरूमा निर्भर गर्छ। मृत्युपछि हाम्रो भाग्यमा हेरफेर हुँदैन। मुक्ति पाएका मानिसहरूका आत्माहरू हुने ठाउँदेखि मुक्ति नपाएका मानिसहरूका आत्माहरू भएको ठाउँमा आउ-जाउ गर्ने बाटो हुँदैन।

**लूका १६ः२७-३१ः** आफ्नो मृत्युपछि धनी मानिसमा अचानक सुसमाचार प्रचार गर्ने उमङ बढ्‌यो। त्यसका पाँच भाइहरूलाई चेताउनी दिने व्यक्ति भएको भए त्यसले उसलाई तिनीहरूकहाँ पठाउनेथियो र तिनीहरूलाई तिनीहरू यस पीड़ाको ठाउँमा आउनु नपरोस् भन्ने हेतुले

होशियार गराउनेथियो। तर अब्राहामको उत्तर यस प्रकारको थियोः 'तिम्रा भाइहरू यहूदी मानिस हुन्; तिनीहरूसँग पुरानो नियमरूपी पवित्र धर्मशास्त्र छ; अनि यो धर्मशास्त्र तिनीहरूलाई चेताउनी दिन यथेस्ट छ।' तर 'होइन, होइन! मरेकाहरूबाट कोही बौरिउठेर तिनीहरूकहाँ गएको भए तिनीहरूले अवश्य पश्चात्ताप गर्नेथिए' भनेर धनी मानिस अब्राहामको कुरा मान्न तयार भएन। तर अब्राहामको अन्तिम वचन अडिग भयोः 'परमेश्वरको वचन सुन्न इन्कार गर्नेहरूका निम्ति अरू कुनै बाँच्ने उपाय हुँदैन।' जुन मानिसहरूले पवित्र बाइबलको कुरा ध्यानसित सुन्दैनन्, ती मानिसहरूले मरेकाहरूबाट कोही बौरेर उठेमा पनि विश्वास गर्दैनन्। अनि अब्राहामको यो वचन प्रभु येशूमा सत्य ठहरियोः किनभने उहाँ मरेकाहरूबाट बौरिउठ्नुभएको हो, रपनि मानिसहरूले अझै पनि विश्वास गर्दैनन्।

नयाँ नियमको पुस्तकबाट हामीलाई यो जानकारी दिइएको छः जब एक ख्रीष्ट-विश्वासी मर्छ, तब उसको मृत-शरीर चिहानमा गाड़िन्छ, तर उसको आत्माचाहिँ स्वर्गमा ख्रीष्ट येशूकहाँ जान्छ (२ कोरिन्थी ५:८; फिलिप्पी १:२३)। अनि जब विश्वास नगर्ने मानिसको मृत्यु हुन्छ, तब त्यसको मृत-शरीरको पनि दफन हुन्छ वा अन्य संस्कारअनुसार त्यसको अन्त्य-कर्म गरिन्छ, तर त्यस मानिसको आत्माचाहिँ नरकरूपी अधोलोकमा जान्छ। त्यो अधोलोक त्यसका निम्ति पीड़ा भोग्ने र अफसोस मान्ने ठाउँ हुन्छ।

तर एक दिन ख्रीष्ट-विश्वासीहरूका शरीरहरू चिहानबाट बौराइनेछन्, जुन दिनमा ख्रीष्ट येशूको दोस्रो आगमनमा जीवित रहेका र अघि मरिसकेका सबै विश्वासीहरू आकाशमा प्रभुलाई भेट्न उठाइनेछन्। त्यस दिनमा उनीहरूका शरीर, प्राण र आत्मा फेरि एकसाथ मिल्नेछन् (१ थेस्सलोनिकी ४:१३-१८)। उनीहरू अनन्त-अनन्तसम्म ख्रीष्ट येशूको साथमा जिउनेछन्। तर ठूलो सेतो सिंहासनको सामु विश्वास नगर्ने मानिसहरूको न्याय हुनेछ। त्यहाँ तिनीहरूका शरीर, प्राण र आत्माहरू पनि फेरि एकसाथ मिल्नेछन् (प्रकाश २०:१२-१३)। त्यसपछि तिनीहरू आगोको तालमा फ्याँकिनेछन्, र त्यहाँ तिनीहरूले अनन्त दण्ड भोग्नेछन्।

यसरी नै लूका सोह्र अध्यायको अन्त भएको छः फरिसीहरू र रुपियाँपैसाका निम्ति जिउने अरू सबै मानिसहरूले गम्भीर चेताउनी पाएका छन्। रुपियाँपैसाका निम्ति जिउनेहरू आफ्नो आत्मा गुमाउने खतरामा परेका छन्। याद रहोस्ः यस पृथ्वीमा एक गाँसको भीख माग्नु नरकमा एक थोपो पानीको भीख माग्नुभन्दा उत्तम हो।

# खण्ड ९) लूका १७ः१-१९ः२७ः मानिसको पुत्रले आफ्ना चेलाहरूलाई शिक्षा दिँदै हुनुहुन्छ

## क) लूका १७ः१-२ः ठेस-ठक्करहरू आउन नदिने सम्बन्धमा प्रभु येशूको शिक्षा

यस अध्यायमा सन्दर्भको तरङ स्पष्ट हुँदैन। लेखक लूकाले यस अध्यायमा विभिन्न विषयहरूको टिका-टिप्पणीहरू मिलाएका छन्, जसको बीचमा सम्बन्ध नभएको देखिन्छ। तर ठेसठक्कर आउन नदिने विषयचाहिँ लूका सोह्र अध्यायको अन्तमा दिइएको धनी मानिसको वृत्तान्तसित जोड्न सकिन्छ; किनभने आत्मसन्तुष्ट भएर ऐस-आरामको जीवन जिउने मानिसले पक्का पनि अरू मानिसहरूलाई, विशेष गरी भर्खर विश्वास गरेकाहरूलाई ठेस खुवाउनुमा ठूलो सम्भावना छ। मानिसहरूले

इसाई भाइबहिनीको असल-खराब उदाहरण नकल गर्छन् र उसको देखासिकी गर्छन्; यसमा शङ्का छैन। यसकारण जसले यस प्रकारले प्रभु येशू ख्रीष्टका उदीयमान चेलाहरूलाई भौतिक थोकहरूका निम्ति जीवन जिएको र धनको पूजा गरेको उदाहरण दिन्छ, त्यसको गल्ती गम्भीर हुन्छ।

तर निस्सन्देह, कसैलाई ठेसठक्कर नखुवाउने यो नियम एउटा सर्वमान्य नियम हो। सानाहरूले सांसारिक हुने हौसला पाएर ठेस खान सक्छन्। व्यभिचारमा फसेर सानाहरूले विश्वासमा ठक्कर खालान्। तिनीहरूले पवित्र धर्मशास्त्र बाइबलको शिक्षा धमिल्याउने वा पन्यालो तुल्याउने मानिसहरूको प्रयासमा ठेस खान सक्छन्। प्रभु येशूमा सरल विश्वास, भक्ति र पवित्रताको जीवन जिउने मार्गदेखि तिनीहरूलाई तर्काउने जेसुकै कुरा ठेस लाग्ने ढुङ्गा मान्नुपर्छ।

मानिसको स्वभाव र संसारको अवस्था जानेर प्रभु येशूले भन्नुभयो, कि *'ठेस-ठक्करहरू आउँदै नआउनु असम्भव हुन्छ।'* यसो भन्दैमा अरूलाई ठेस-ठक्कर खुवाउनेहरूको दोष घटेको छैन, तर उत्तिकै ठूलो हुन्छ। *'त्यसको घिच्रोमा एउटा जाँतो झुन्ड्याइएको भए र त्यो समुद्रभित्र फालिएको भए त्यसका निम्ति बढ़िया हुनेथियो।'* प्रभु येशूले प्रयोग गर्नुभएका कड़ाभन्दा कड़ा शब्दहरूबाट कुरा स्पष्ट छः अरूलाई ठेस-ठक्कर खुवाउने मानिसको शारीरिक मृत्यु हुनुको साथै त्यसलाई अनन्त दण्ड पनि दिइनेछ।

'यी सानाहरूमध्ये एउटालाई ठेस नखुवाउनू' भनेर प्रभु येशूले जुन कुरा सानाहरूको बारेमा भन्नुभयो, सो कुरा केवल बालकहरूको विषयमा बोल्नुभएको बुझ्नुहुँदैन। यस पदको सन्दर्भअनुसार उहाँले यी चेलाहरूको विषयमा यो कुरा पनि बोल्नुभयो, जुन चेलाहरू विश्वासमा कलिलै छन्।

## ख) लूका १७:३-४: क्षमाशील हुने आवश्यकताको सम्बन्धमा प्रभु येशूको शिक्षा

अरू मानिसहरूलाई ठेस-ठक्कर खुवाउनुदेखि मात्र इसाई जीवनका निम्ति खतरा आउनु होइन, तर मनमुटाउबाट, हाम्रो विरोधमा भूलचूक गरेर

माफ माग्नेलाई माफ नदिनुबाट पनि आउँछ। यहाँ प्रभु येशूले यस सन्दर्भमा बोल्नुभएको छ। यस विषयमा नयाँ नियमको व्यवहारिक शिक्षा यस प्रकारको छः

१) जहाँ एक इसाई भाइबहिनीले अर्को इसाई भाइबहिनीको विरोधमा पाप गरेको छ, त्यहाँ चाल्नुपर्ने पहिलो कदम यस प्रकारको छः सबैभन्दा पहिले उसले दोषीलाई आफ्नो हृदयमा क्षमा दिनुपर्छ (एफेसी ४:३२)। यसरी नै उसले आफ्नो मन अमेल, वैरभाव र द्वेषदेखि सफा राख्न सक्छ।

२) त्यसपछि ऊ दोषी भाइबहिनीकहाँ एकलै जानुपर्छ र यसलाई हप्काएर यसलाई यसको दोष देखाइदिनुपर्छ (लूका १७:३ र मत्ती १८:१५)। यस भाइबहिनीले पश्चात्ताप गऱ्यो भने उसले यसलाई क्षमा दिनुपर्छ। एकपल्ट मात्र होइन, तर यस भाइ-बहिनीले घरिघरि उसको विरोधमा पाप गऱ्यो भने पनि उसले यसलाई यसले पश्चात्ताप गरेमा क्षमा दिनुपर्छ (लूका १७:४)।

३) ऊ एकलै गएर सम्झाउँदा काम भएन भने एक वा दुईजना साक्षी लिएर ऊ फेरि दोषीकहाँ जानुपर्छ (मत्ती १८:१६)। अनि दोषी भाइबहिनीले यसपालि पनि सुन्न मानेन भने त्यो मामिला स्थानीय मण्डलीको सामु ल्याउनुपर्छ। अनि जुन व्यक्तिले मण्डलीको फैसला सुन्दैन, यस व्यक्तिलाई मण्डलीले बहिष्कार गर्नुपर्छ (मत्ती १८:१७)।

दोषी भाइबहिनीलाई दिइएका हप्कीहरू र उसप्रति अपनाइएका अनुशासनका अन्य कारबाहीहरूको उद्देश्य उसबाट बदला लिनु, उसलाई दण्ड दिनु, उसको सेखी झार्नु होइन, तर प्रभुसित र अरू भाइबहिनी-हरूसित उसको सङ्गति पुनर्स्थापित गर्नु हो। सबै हप्कीहरू प्रेमको भावनाको फल हुनुपर्छ। दोषी भाइबहिनीले साँच्चै पश्चात्ताप गरेको वा नगरेको कुरा हामी कुनै उपायले जान्न सक्दैनौं। यो कुरा जाँच्ने काम हाम्रो होइन, तर हामीले उसको मुखबाट 'मैले पश्चात्ताप गरें' भन्ने वचन स्वीकार गर्नुपर्छ। यही कारणले प्रभु येशूले भन्नुभएको छः *'अनि त्यसले दिनमा*

*सात पल्ट तिम्रो विरोधमा पाप गऱ्यो र दिनमा सातै पल्ट "म पश्चात्ताप गर्छु" भन्दै तिमीकहाँ फर्केर आयो भने तिमीले त्यसलाई क्षमा गर!'* किनभने यही किसिमले हाम्रा परमेश्वर पिताले हामीसित करुणामय व्यवहार गर्नुहुन्छ। हामी उहाँको विरोधमा जति पल्ट चुके पनि उहाँको यो प्रतिज्ञा जारी रहन्छः *'हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्न उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ'* (१ यूहन्ना १ः९)।

## ग) लूका १७ः५-६ः विश्वासको सम्बन्धमा प्रभु येशूको शिक्षा

**लूका १७ः५ः** एकै दिनमा सात पल्ट क्षमा दिनु – यो प्रेरितहरूका निम्ति एउटा ठूलो समस्या, अँ, एउटा असम्भव कुरा थियो। यस प्रकारको दयाको व्यवहार देखाउन उनीहरूलाई आफूमा क्षमता नपुगेको जस्तै लाग्यो। यसकारण उनीहरूले 'हाम्रो विश्वास बढ़ाइदिनुहोस्' भनेर प्रभुलाई विन्ती गरे।

**लूका १७ः६ः** प्रभु येशूको उत्तरबाट के बुझिन्छ भने, यस सम्बन्धमा खास कुरा उनीहरूको विश्वासको परिमाणमा होइन, तर विश्वासको गुणस्तरमा भर पर्छ। अनि यो बढ़ी विश्वास पाउने सवाल थिएन, तर भएको विश्वास प्रयोगमा ल्याउने यसको खास उपाय थियो। हाम्रा भाइबहिनीहरूलाई तिनीहरूको दोष क्षमा नगर्ने कूटनीति हाम्रो घमण्ड र हाम्रो अभिमानको फल हो। अनि यो घमण्ड, यो अहम, यो अहङ्कार हामीले जरासित उखेल्नु र आफ्नो मनदेखि निकालेर फ्याँक्नुपर्छ। रायोको दानाजत्तिको विश्वासले एउटा किम्बुको रूख उखेलेर समुद्रमा रोप्न सक्छ भने यत्तिको विश्वासले हामीलाई आफ्नो कठोर हृदय र आफ्नो ढीठ, चूर्ण नभएको आफ्नो मनमाथि सजिलोसँग विजय दिन्छ, यस हेतुले कि हामीले आफ्नो भाइबहिनीप्रति ढिलो नगरी उसलाई तत्कालै उसको पाप क्षमा दिन सकौं।

## घ) लूका १७:७-१०: कामलाग्ने उपयोगी दासहरूको विषयमा प्रभु येशूको शिक्षा

**लूका १७:७-९:** प्रभु येशूको सच्चा दासका निम्ति घमण्ड गर्ने कुनै कारण छैन। अभिमान र अहङ्कार जरासितै उखेलिनुपर्छ, र त्यसको सट्टामा आफ्नो विषयमा निकम्मा, अयोग्य हुने सद्भावना धारण गर्नुपर्छ। यहाँ, यस दासको कथाबाट सिक्नुपर्ने पाठ यही हो। यस दासले दिनभरि हलो जोतिरहेको वा भेड़ा चराइरहेको रहेछ। अनि दिनभरि मेहनत गरेर साँझमा जब ऊ खेतबारीबाट फर्केर आउँछ, तब उसको मालिकले पक्का पनि उसको सामु खाना टक्राउँदैनन्, तर बरु उसलाई 'लुगा फेरेर भान्सामा जा र मेरा निम्ति खाना तयार गर्' भनेर आज्ञा गर्छन्। त्यसपछि मात्र यस दासले आफ्नो खाना लिन पाउँछ। अनि यसको मालिकले उसलाई यी कुराहरू गरेकोमा धन्यवाद भन्दैनन्; किनभने यी सबै कामहरू दासको जिम्मेवारीमा पर्छन्; यसैले उसले यी कामहरू पूरा गरेर छाड्नुपर्छ। किनकि एउटा दास उसको मालिकको सम्पत्ति हो; अनि उसको परम कर्तव्य आफ्नो मालिकको आज्ञापालन गर्नु हो।

**लूका १७:१०:** प्रभु येशू ख्रीष्टका चेलाहरू उहाँका दासहरू हुन्। उनीहरू, उनीहरूको आत्मा, प्राण र शरीर उहाँका हुन्। गलगथामा उहाँले पूरा गर्नुभएको त्राणको कामको खातिर उनीहरूले जेजस्तो गरेर पनि मुक्तिदाता प्रभुलाई कहिल्यै यसको गुण फर्काउन सक्दैनन्। यसकारण नयाँ नियममा आज्ञा गरेका सबै कुराहरू पूरा गरेर ख्रीष्टको चेलाले स्वीकार गर्नुपर्छः 'म एउटा निकम्मा दास हुँ; किनभने जे गर्नु मेरो कर्तव्य थियो, त्यही मात्र मैले गरेको छु।'

श्री रोय हेशनको विचारमा दासमा पाँचवटा लक्षणहरू यी हुन्ः

१) दासको परिस्थिति ख्याल नगरी उसमाथि एक काममाथि अर्को कामको जिम्मा थपिँदै गएमा उसले राजीखुशीले यो ग्रहण गर्नुपर्छ।

२) यति गरेर पनि उसले यसका निम्ति स्याबासी पाउने आशा गर्नुहुँदैन ।

३) यति गरेर पनि उसले आफ्नो मालिकलाई स्वार्थी भन्ने दोष लगाउनुहुँदैन ।

४) बरु उसले 'म एक निकम्मा दास हुँ' भन्ने कुरा स्वीकार गर्नुपर्छ ।

५) नम्र र दीन भई उसले सबै कुराहरू सहे र सबै कामकुराहरू पूरा गरे पनि उसले केवल आफ्नो कर्तव्य पूरा गरेको र त्योभन्दा बढ्ता केही पनि नगरेको मान्नुपर्छ । 50)

## ङ) लूका १७ः११-१९ः प्रभु येशूले दसजना कोरीहरूलाई शुद्ध पार्नुभयो

**लूका १७ः११ः** प्रभु येशूको चेलाको जीवनमा अर्को खतरा पनि छः कृतज्ञताको अभाव, धन्यवादी नहुने पाप । दसजना कोरीहरूको कथाबाट यो कुरा स्पष्ट गरिएको छ। यस पदअनुसार प्रभु येशू यरूशलेमतर्फ पैदल-यात्रा गर्दै हुनुहुन्थ्यो, र सामरिया र गालीलको सिमाना हुँदै जाँदै हुनुहुन्थ्यो ।

**लूका १७ः१२-१४ः** यात्रा गर्नुहुँदा उहाँ कुनै गाउँमा पस्नुभयो; तब दसजना कोरीहरूले उहाँलाई भेटे । तर तिनीहरूको रोगले गर्दा तिनीहरू उहाँको नजिकै आउनै सकेनन् । यसकारण तिनीहरूले टाढ़ाबाट उहाँलाई पुकारेर 'हामीलाई निको पारिदिनुहोस्' भन्ने विन्ती गरे। उहाँले तिनीहरूलाई तिनीहरूको विश्वासअनुसार इनाम दिनुभयो र तिनीहरूलाई 'जाओ र आफूलाई पूजाहारीहरूकहाँ देखाओ' भनेर पठाउनुभयो । प्रभु येशूको आदेशअनुसार तिनीहरू पूजाहारीकहाँ पुग्दा-नपुग्दै कोरबाट निको हुनेथिए । पूजाहारीसँग तिनीहरूलाई निको पार्ने शक्ति थिएन, तर तिनीसँग उनीहरूलाई 'शुद्ध' भनेर घोषणा गर्ने अधिकार थियो। प्रभु येशूको वचनप्रति आज्ञाकारी भई यी कोरीहरू पूजाहारीहरूकहाँ जाँदैथिए, अनि बाटोमा एउटा अचम्मको काम भयोः तिनीहरू सबैजना कोर-रोगबाट शुद्ध भइगए ।

**लूका १७ः१५-१८ः** दसैजनामा निको हुने विश्वास थियो, तर तिनीहरूमध्ये एकजना मात्र प्रभुलाई धन्यवाद चढ़ाउन फर्क्यो; अनि त्यो एकजनाचाहिँ सामरी थियो । रहरलाग्दो कुरा यो हो । यहूदीहरूले आफ्नो छिमेकी जाति, यी सामरीहरूलाई तुच्छ ठान्थे र तिनीहरूसँग कुनै सरोकार राख्दैनथिए। त्यो सामरी प्रभु येशूका पाउमा भुइँसम्म घोप्टो पर्‍यो। भुइँसम्म घोप्टो पर्नु भनेको दण्डवत् गर्नु, ढोग्नु वा पुज्नु हो । अनि त्यस सामरीले सठीक ठाउँमा दण्डवत् गर्‍यो, ऊ प्रभु येशूको चरणमा पर्‍यो । किनकि दण्डवत् गर्नुपर्ने सही ठाउँ यही हो । प्रभु येशूले सोध्नुभयोः *'के शुद्ध पारिएकाहरू दसजना थिएनन् र? तर ती नौजना कहाँ छन् । के यो परदेशीबाहेक अरू कोही भएन, जो परमेश्वरलाई महिमा दिन फर्केर आउँछ?'*

**लूका १७ः१९ः** प्रभु येशू त्यस सामरीकहाँ फर्कनुभयो, र उसलाई भन्नुभयोः *'उठ, आफ्नो बाटो लाग! तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।'* ख्रीष्ट येशूको साँचो धन दसजनामा यही एकजनाले मात्र पाउँदो रहेछ। उहाँकहाँ फर्केर आउने र उहाँलाई धन्यवाद चढ़ाउने हरेकलाई उहाँ नयाँ आशिष दिनुहुन्छ (लूका १७ः१५-१६)। 'तिम्रो विश्वासले तिमीलाई निको पारेको छ' भन्ने वाक्यको अर्थ 'तिम्रो विश्वासले तिमीलाई बचाएको छ' पनि हुन सक्छ। यसो हो भने नौजना कोरबाट शुद्ध भए तर केवल एकैजना पापबाट बचाइयो ।

## च) लूका १७ः२०-३७ः परमेश्वरको राज्यको आगमनको विषयमा प्रभु येशूको शिक्षा

**लूका १७ः२०-२१ः** कतिजना फरिसीहरूले प्रभु येशूलाई 'परमेश्वरको राज्यको आगमन कहिले हुने हो' भनेर प्रश्न गरे । तिनीहरूको प्रश्न साँचो प्रश्न वा बनावटी प्रश्न थियो, सो जान्न सकिँदैन । तर यति हामी जान्दछौंः यहूदीहरूले परमेश्वरको राज्यको बाटो हेर्दैथिए, जुन राज्य ठूलो शक्ति र महिमाको साथ आउनेथियो। यसकारण तिनीहरूले त्यसका लक्षणहरू देखा पर्ने चिन्हहरू र ठूला राजनैतिक हेरफेरहरूमा खोजिरहेका

थिए। मुक्तिदाता प्रभुले तिनीहरूलाई जवाफ दिएर भन्नुभयोः *'परमेश्वरको राज्य देखिने रूपमा आउँदैन।'* परमेश्वरको राज्यको वर्तमान रूपको कुरा गर्दा त्यो हालैमा देखिने प्रदर्शनको साथ आउने होइन। हालैमा त्यो राज्य न देखिने, न पृथ्वीमाथि कहीं स्थापित हुने लौकिक राज्य हो। 'यहाँ छ' वा 'त्यहाँ छ' भनेर त्यो औंल्याएर देखाउन सकिँदैन। मुक्तिदाता प्रभुले भन्नुभयोः *'परमेश्वरको राज्य तिमीहरूभित्रै छ।'* यस वाक्यको विशुद्ध अर्थ र अनुवाद 'परमेश्वरको राज्य तिमीहरूको बीचमा छ' हुन्छ। किनभने प्रभु येशूको वचनको सठीक अर्थ परमेश्वरको राज्य फरिसीहरूका हृदयभित्र भएको हुनै सक्दैन; किनकि तिनीहरूको हृदय कठोर थियो, तिनीहरू धर्मको भेष ओढ्ने कपटी थिए, जसका हृदयमा मसीह राजाका निम्ति कुनै ठावैं थिएन। तर उहाँले परमेश्वरको राज्य तिनीहरूको बीचमा आएको भन्न खोज्नुभयो। उहाँ इस्राएली जातिको न्यायसँगत राजा हुनुहुन्थ्यो। उहाँले आश्चर्यकर्महरू देखाउनुभयो। उहाँले सबैको सामु आफ्नो विषयमा विश्वास दिलाउने प्रमाणहरू पेश गरिदिनुभयो। तर फरिसीहरूले उहाँलाई ग्रहण गर्न चाहेनन्। अनि यही कारणले तिनीहरूका निम्ति परमेश्वरको राज्यले आफूलाई ख्रीष्ट येशूमा प्रस्तुत गर्दा त्यो तिनीहरूका आँखाका निम्ति पूरा अदृश्य थियो।

**लूका १७ः२२ः** अघि प्रभु येशू फरिसीहरूसित बोल्नुभयो; त्यस बेलामा उहाँले परमेश्वरको राज्य आइसकेको भन्नुभयो। तर यहाँ उहाँ आफ्ना चेलाहरूसित कुरा गर्नुहुन्छ, र परमेश्वरको राज्य भविष्यमा, उहाँको दोस्रो आगमनमा स्थापित हुनेछ भनेर बताउनुहुन्छ। तर उहाँको पहिलो आगमन र उहाँको दोस्रो आगमनको बीचमा एउटा अन्तराल समय हुन्छ, जसको विषयमा उहाँले भन्नुभयोः *'दिनहरू आउनेछन्, जब तिमीहरूले मानिसको पुत्रका दिनहरूमध्ये कुनै एक दिन देख्ने इच्छा गर्नेछौ, तर देख्न पाउनेछैनौ।'* अर्को शब्दमा भन्नु हो भने, भविष्यमा उनीहरूले प्रभु येशू आफूसँग हुनुभएको र आफूले उहाँसित मीठो सङ्गति उपभोग गरेको कुनै एक दिन देख्न पाऔं भन्ने उत्कट इच्छा गर्नेछन्। यसर्थ उनीहरू प्रभु येशूसित रहेका यी दिनहरूले उनीहरूलाई त्यस समयको

पूर्वस्वादरूपी पूर्वअनुभव दिएका रहेछन्, जुन समयमा उहाँ ठूलो शक्ति र ठूलो महिमाको साथ फर्केर आउनुहुनेछ।

**लूका १७:२३-२४:** झूटा ख्रीष्टहरू धेरै उठ्नेछन्; अनि शासकहरूले जतातत्तै मसीहको आगमन भएको उद्‌घोषना गर्लान्। तर उहाँका चेलाहरूचाहिँ यस प्रकारका झूटा खबरहरूको जालमा फस्नुहुँदैन। किनकि ख्रीष्ट येशूको दोस्रो आगमन भुल्न सकिँदैन, त्यो सुस्पष्ट रूपले देखिने दृश्य हुनेछ, आकाशको एक कुनादेखि त्यसको अर्को कुनासम्म चम्किने एउटा विजुलीजस्तै देखिनेछ।

**लूका १७:२५:** तर उहाँले अर्को कुरा बीचमा हालेर आफ्ना चेलाहरूलाई सम्झना दिलाउनुभयोः यो हुनुभन्दा पहिले उहाँले धेरै दुःखहरू भोग्नुपरेको थियो, र उहाँ यस पुस्ताका मानिसहरूद्वारा रद्द गरिनुपरेको थियो।

**लूका १७:२६-२७:** यहाँ प्रभुको शिक्षाको प्रसङ्ग आफ्नो दोस्रो आगमनतिर फर्केको छ। उहाँ राज्य गर्न आउनुहुनेछ। तर उहाँको महिमित आगमनको ठीक अगाड़िका दिनहरू नूहका दिनहरूजस्तै हुनेछन्। नूहका दिनहरूमा मानिसहरूले खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका-गराइरहेका थिए। यी कुराहरूमा सरासर कुनै गल्ती नहोला; यी कुराहरू सामान्य होलान्, उचित कार्य होलान्। तब यिनमा खराब कुरा के छ त? मानिसहरूले केवल यी कुराहरूका निम्ति जिइरहेका थिए; र तिनीहरूको सोचमा परमेश्वरका निम्ति कुनै ठावैं भएन। तिनीहरूलाई परमेश्वरको सम्झना गर्ने फुर्सद थिएन। नूह र तिनको परिवार जहाजभित्र पसेपछि पृथ्वीमाथि जलप्रलय आयो र त्यसले अरू सबै मानिसहरूलाई नष्ट पार्‍यो। यसरी नै प्रभु येशूको दोस्रो आगमन हुनेछः जस-जसले ख्रीष्ट येशूको नाममा पेश गरिएको उहाँको कृपा-दानको प्रस्ताव इन्कार गर्छन्, तिनीहरूका निम्ति उहाँको दोस्रो आगमन न्याय र दण्डको दिन हुनेछ।

**लूका १७:२८-३०:** उहाँको दोस्रो आगमनको ठीक अगाड़िका दिनहरू कस्ता-कस्ता छन्? ती दिनहरू लूतका दिनहरूजस्तै हुनेछन्। हो, तिनको समयमा मानिसहरू निक्कै सभ्य भइसकेका थिए। मानिसहरूले खान र पिउन मात्र होइन, तर किन-बेच गर्न पनि, बोटविरुवा लगाउन र

घर, भवन, शहरहरू आदि कुराहरू निर्माण गर्न पनि जान्दथिए। तिनको पालोमा परमेश्वरको सहायता र आशिषविना मानिसहरूले आफ्नो प्रयासले शान्ति र समृद्धिको सुनौलो युग स्थापना गर्ने समय रहेछ। तर लूत, तिनकी पत्नी र दुई छोरीहरू सदोमबाट निस्केको दिनमा आकाशबाट आगो र गन्धनको वर्षा भयो, जसले यस दुष्ट शहरका अरू सबै मानिसहरूलाई भस्म गर्‍यो। अनि मानिसको पुत्रको प्रकट हुने दिनमा पनि यस्तै हुनेछ। सुखमा जिउने, मोजमज्जा गर्ने, स्वार्थसिद्धिमा मात्र लाग्ने मतलबी र व्यवसायमा लीन भएका, अनि धन र नीच कमाइका लोभी साहूकार गर्नेहरू नष्ट हुनेछन्।

**लूका १७:३१:** भौतिक कुराहरूमा संलग्न भएका मानिसहरूका निम्ति त्यो दिन कस्तो विसोकको दिन, खतराको दिन हुनेछ। घरको कौसीमाथि हुने मानिसले आफ्नो घरभित्रबाट आफ्नो कुनै सामान निकाल्ने प्रयास नगरोस्! अनि खेतबारीमा हुने मानिस फर्केर आफ्नो घरमा नआओस्! जुन ठाउँहरूमाथि परमेश्वरको न्याय पर्न लागेको छ, ती ठाउँहरूबाट मानिस भाग्नुपर्छ।

**लूका १७:३२:** लूतकी स्वास्नीलाई जबरजस्ती सदोमबाट निकालियो; उसको शरीर सदोममा नरहे ता पनि उसको मनचाहिँ सदोममा थियो। त्यो कुरा स्पष्ट छ; किनकि उसको नजर त्यतातिर फर्क्यो। ऊ सदोमबाट निस्केर आई, तर सदोमको माया र त्यसको आलो सम्भना उसभित्र रहेको थियो। फलस्वरूप परमेश्वरले उसलाई नुनको खाँबो तुल्याएर नाश गरिदिनुभयो।

**लूका १७:३३:** *'हरेक जसले आफ्नो प्राण बचाउन खोज्छ, त्यसले त्यो गुमाउनेछ'* अर्थात् जुन मानिसले आफ्नो आत्माको फिक्री नगरेर आफ्नो शरीरको सुरक्षा आफ्नो एकमात्र चिन्ताको कारण तुल्याउँछ, त्यस मानिसले अफ्नो प्राण र आत्मा सधैंका निम्ति गुमाउनुपर्नेछ। *'तर जसले आफ्नो प्राण गुमाउँछ, उसले त्यो जोगाउनेछ' अर्थात्* सङ्कष्टको यस अवधिमा जसले प्रभु येशूप्रति विश्वासयोग्य भएको हुनाले आफ्नो जीवन गुमाउनेछ, उसले नै अनन्त-अनन्तसम्म आफ्नो प्राण र आत्मा बचाइराख्नेछ।

**लूका १७ः३४-३६ः** प्रभु येशूको दोस्रो आगमनको दिन एउटा विछोड़ गर्ने-गराउने समय हुनेछ। दुईजना एउटै पलङमा सुतिरहेको बेलामा एकजना न्यायमा लगिनेछ; अनि नलगिएकोचाहिँ एक ख्रीष्ट-विश्वासी भएको हुनुपर्छ, जो ख्रीष्ट येशूको राज्यमा प्रवेश गर्न छोड़िनेछ। दुईवटा स्त्रीहरूले सँगै जाँतो पिँधिरहेका बेलामा विश्वास नगर्नेचाहिँ परमेश्वरको क्रोधको प्रकोपमा लगिनेछे, तर परमेश्वरकी छोरी भएकीचाहिँ ख्रीष्ट येशूको हजार वर्षको राज्यका आशिषहरूमा सहभागी हुन छोड़िनेछे।

संयोगवश लूका १७ः३४ र ३५ पदको बयानले पृथ्वी गोलो छ भन्ने कुरा पुष्टि गर्छ; किनभने एकै समयमा पृथ्वीको एक भागमा रात परेको र अर्को भागमा दिन भएको कुरा सत्य ठहरिन्छ। यी पदहरूमा पृथ्वीको एक भागमा मानिसहरूले सुतिरहेका र अर्को भागमा जाँतो पिँधिरहेका वृत्तान्तले यहाँ जुन वैज्ञानिक तथ्य प्रकट गरेको छ, त्यो तथ्य वैज्ञानिकहरूले धेरै वर्षहरू पछि मात्र पत्ता लगाउन सके।

**लूका १७ः३७ः** मुक्तिदाता प्रभुका वचनहरूबाट उहाँका चेलाहरूले स्पष्टसँग बुझिहाले, कि उहाँको दोस्रो आगमनचाहिँ स्वर्गबाट विपत्तिले पूर्ण सङ्कटकारी न्यायको रूपमा पतित, भ्रष्ट संसारमाथि आइपर्ने रहेछ। यसकारण उनीहरूलाई प्रभुलाई सोधेः 'प्रभु, यो न्यायरूपी विपत्ति कहाँनिर पर्ने हो ?' अनि उहाँको जवाफ यस प्रकारको थियोः *'जहाँ सिनु छ, त्यहाँ गिद्ध भेला हुन्छन्-हुन्छन्।'* चील वा गिद्धहरूले आउन लागेको न्यायलाई सङ्केत गर्छन्। यसकारण प्रभुको यस उत्तरबाट यसको खास अर्थ यसरी बुझिन्छः यस संसारमा जहाँ-जहाँ जुनसुकै प्रकारको अविश्वास र परमेश्वरको विद्रोह भेटिन्छ, त्यहाँ-त्यहाँ परमेश्वरको न्यायका दण्डहरू आइपर्नेछन्।

लूका सत्र अध्यायमा प्रभु येशूले आफ्ना चेलाहरूलाई उनीहरूमाथि आइपर्ने कष्ट र सतावटहरूको विषयमा चेताउनी दिनुभयो। उहाँको महिमित आगमनको ठीक अगाड़िको समयमा उनीहरूले घोर परीक्षाहरूको सामना गर्नुपर्नेथियो। अबचाहिँ मुक्तिदाता प्रभुले उनी-हरूलाई यसका निम्ति अझै पनि तयार पार्ने हेतुले उनीहरूलाई प्रार्थना गर्ने

सम्बन्धमा थप शिक्षा दिनुहुन्छ। आउने खण्डमा हामीले प्रार्थना गर्ने विधवा, प्रार्थना गर्ने फरिसी, प्रार्थना गर्ने महसुल उठाउने र प्रार्थना गर्ने भिखारीको विषयमा पढ्‌न पाउनेछौं।

## छ) लूका १८:१-८: आफ्नो विन्तीमा दृढ़ रहने विधवाको दृष्टान्त

**लूका १८:१:** प्रार्थना गर्ने विधवाको दृष्टान्त भनिने उद्देश्य यस प्रकारको छः मानिसहरूले सधैं प्रार्थना गर्नुपर्छ र हिम्मत हार्नुहुँदैन। सबै मानिसहरूलाई यो कुरा जान्न र मान्न राम्रो हुन्छ; अनि यस शिक्षाको अर्थ सबै किसिमका प्रार्थनाहरूमा लागू हुन्छ। तर यस शिक्षाको खास सिलसिला परीक्षाका घड़ीहरू हुन्, जुन घड़ीहरूमा हार नखाई मानिसले परमेश्वरको छुटकारा पाउने प्रार्थना गर्नुपर्छ। ख्रीष्ट येशूको पहिलो आगमन र उहाँको दोस्रो आगमनको बीचमा एउटा लामो, हरेशलाग्दो अन्तराल समय हुनेछ, जुन समयमा विश्वासीहरूले हरेश नखाईकन निरन्तर प्रार्थना गर्नुपर्नेछ।

**लूका १८:२-३:** यस दृष्टान्तमा एकजना अधर्मी न्यायकर्तालाई प्रस्तुत गरिन्छ, जसले परमेश्वरको डर मान्दैनन् र मानिसहरूको वास्ता पनि गर्दैनन्। अनि एउटी विधवा पनि छे, जसलाई एकजना वैरी-वादीले अत्याचार गरिरहेको थियो। अनि यो विधवा घरिघरि यी न्यायकर्ताकहाँ आई, र तिनीलाई 'हजुर, न्याय पाऊँ' भन्ने विन्ती गरी। उसले त्यस वैरीको असह्य अत्याचारबाट छुटकारा पाउने इच्छा र आशा गरी।

**लूका १८:४-५:** तर यी न्यायकर्ताले उसको मामिलामा अलिकति चासो लिएनन्। यस विधवालाई अन्याय हँदैछ भन्ने कुराले तिनलाई प्रभाव पार्न र तिनलाई उसको न्याय गरिदिने प्रेरणा दिन सकेन। तर ऊ लगातार तिनीकहाँ आइरहेको कुराले तिनलाई न्याय गर्ने बाध्यतामा पार्‍यो। विधवाको आग्रह र निरन्तरताचाहिँ उसको पक्षमा सठीक न्यायको फैसला प्राप्त गर्नमा सफल भयो।

**लूका १८:६-७:** त्यसपछि प्रभु येशूले आफ्ना चेलाहरूलाई यस दृष्टान्तको अर्थ स्पष्ट पार्नुभयो। अधर्मी न्यायकर्ताले एउटी गरिब

विधवाको निरन्तर आग्रहमा उसको न्याय गरिदिन्छन् भने धर्मी परमेश्वरले आफ्ना चुनिएकाहरूको पक्षमा झन् छिटो र झन् कति बढ्ता गरी काम गर्नुहुन्छ। उहाँका चुनिएकाहरू को होलान्? एक त, तिनीहरू सङ्कष्टकालमा जिउने यहूदीहरूको बाँकी भाग हुनेछन्; अनि दुई, तिनीहरू युग-युगमा अत्याचार सहनुपर्ने सबै ख्रीष्ट-विश्वासीहरू पनि हुन्। अनि परमेश्वरले अघिबाट तिनीहरूको न्याय नगर्नुभएको कारण के होला? परमेश्वर धैर्यवान् परमेश्वर हुनुहुन्छ, जसले कोही पनि नष्ट नहोस् भन्ने हेतुले मानिसहरूलाई सहनुहुन्छ र तिनीहरूप्रति धीरजी हुनुहुन्छ।

**लूका १८:८:** तर त्यो दिन आउने नै छ, जुन दिनमा उहाँको आत्माले मानिसहरूसित बहस गर्न छोड्नुहुनेछ, र उहाँले ती मानिस-हरूलाई दण्ड दिनुहुनेछ, जुन मानिसहरूले उहाँका अनुयायीहरूलाई सताइरहेका छन्। प्रभु येशूले एउटा प्रश्न सोधेर यो दृष्टान्त अन्त्याउनुहुन्छः *'तर के? जब मानिसको पुत्र आउँछन्, तब के उनले यस पृथ्वीमा विश्वास भेट्टाउनेछन्?'* उहाँले कस्तो विश्वास भेट्टाउने आशा गर्नुहुन्छ? यस गरिब विधवाको जस्तै विश्वास उहाँले खोज्नुहुन्छ। तर यसको अर्थ यो पनि हुन सक्छः प्रभुले आफ्नो दोस्रो आगमनमा उहाँप्रति विश्वासयोग्य बाँकी भागरूपी थोरै चेलाहरूलाई भेट्टाउनुहुनेछ। अनि हाम्रो विषयमा चाहिँ? यस दृष्टान्तबाट हामीले परमेश्वरलाई दिनरात पुकार्ने किसिमको विश्वास हामीमध्ये हरेकसँग हुनुपर्छ भन्ने प्रेरणा लिनुपर्छ।

## ज) लूका १८:९-१४: फरिसी र महसुल उठाउनेको दृष्टान्त

**लूका १८:९-१२:** यो दृष्टान्त यी स्वधर्मी मानिसहरूका निम्ति हो, जसले आफ्नो अहङ्कारमा फुलेर आफूलाई धर्मी सम्झन्छन् अनि अरूलाई तुच्छ ठान्छन् र आफूभन्दा सानो मान्छन्। मुक्तिदाता प्रभुले पहिलो मानिसलाई 'फरिसी' भन्नुभयो। उहाँले कस्तो किसिमको मानिसको विषयमा कुरा गर्नुभएको छ, यसको विषयमा कुनै शङ्का हुनुहुँदैन। यसकारण उहाँले त्यस स्वधर्मी मानिसलाई 'फरिसी' भन्नुभयो। किनकि फरिसीहरूले मुखले त प्रार्थना गर्थे, तर तिनीहरूले वास्तवमा

परमेश्वरसित कुरा गर्दैनथिए। किनभने प्रार्थना गर्दा तिनीहरूले आफ्नो नैतिक र धार्मिक प्रशंसा गर्दथिए। तिनीहरूले आफूलाई परमेश्वरको सिद्ध मापदण्डले नाप्नुपर्नेथियो र आफ्नो पापमय अवस्था जान्नुपर्नेथियो। तर यसको सट्टामा तिनीहरूले आफूलाई समाजका दाजुभाइहरूसित तुलना गर्दथिए र अरूभन्दा धर्मी हौं भन्ने धाक पिटिरहेका थिए। घरिघरि 'म, म, म ...' भन्ने प्रथम पुरुषको सर्वनाम प्रयोग गरेर त्यस फरिसीले आफ्नो हृदयको अवस्था प्रकट गर्छः त्यो कति अभिमानी र आत्मनिर्भर रहेछ ! !

**लूका १८ः१३ः** तर महसुल उठाउने कति फरक थियो। ऊ परमेश्वरको सामु उभिएको थियो; यसकारण उसले आफूलाई पूरा अयोग्य सम्झ्यो, र आफूलाई धूलोको कण गनेर सारा विनयी तुल्यायो। उसले आफ्ना आँखाहरू स्वर्गतिर उठाउन चाहेन, तर आफ्नो छाती पिट्दै परमेश्वरलाई पुकार्योः *'हे परमेश्वर, म पापीमाथि दया राख्नुहोस् !'* उसले आफूलाई धेरै पापी मानिसहरूमध्ये कुनै एक पापी सम्झेन, तर आफूलाई परम पापी ठान्यो, जो परमेश्वरबाट कुनै आशिष पाउने योग्यको थिएन।

**लूका १८ः१४ः** अनि प्रभु येशूले आफ्नो श्रोतागणलाई भन्नुभयोः परमेश्वरको सामु ग्रहणयोग्य हुनु हो भने, मानिसले आफूलाई नम्र तुल्याउनुपर्छ र चूर्ण भई पश्चात्ताप गर्नुपर्छ। मानिसको विचार र दृष्टिकोण विपरीत महसुल उठाउने धर्मी ठहरिएर आफ्नो घरमा फर्क्यो। परमेश्वरले नम्रहरूलाई उच्च पार्नुहुन्छ, तर जस-जसले आफूलाई उचाल्छन्, तिनीहरूलाई उहाँले होच्याउनुहुन्छ।

## झ) लूका १८ः१५-१७ः प्रभु येशू र बालबालिकाहरू

यहाँको घटनाले भर्खर हाम्रो सामु पेश गरिएको प्रभु येशूको यस उपरोक्त शिक्षा पुष्टि गर्छ; किनकि परमेश्वरको राज्यमा पस्नु हो भने हामीसँग बालबालिकाको नम्रता हुनुपर्छ। कति आमाहरू आफ्ना बाल-बालिकाहरूलाई लिएर उहाँले ती बालबालिकाहरूलाई आशिष दिऊन् भन्ने उद्देश्यले प्रभु येशूकहाँ आएका रहेछन्। तर तिनीहरूले मुक्तिदाता प्रभुको समय किन बरबाद पारिदिऊन् भनेर उहाँका चेलाहरू तिनीहरूसित

रिसाए। तर प्रभु येशूले आफ्ना चेलाहरूलाई हकार्नुभयो, र यी बाल-बालिकाहरूलाई आफूकहाँ नजिक ल्याउने आदेश दिनुभयो र भन्नुभयोः *'परमेश्वरको राज्य यस्तैहरूको हो।'* ससाना नानीहरू मरे भने तिनीहरूलाई के हुने होला भन्ने प्रश्नको उत्तर हामी लूका १८ः१६ पदबाट पाउँछौं। तिनीहरू स्वर्ग जान्छन्। किनकि प्रभु येशूले सफासँग भन्नुभयोः *'परमेश्वरको राज्य यस्तैहरूकै हो।'*

बालबालिकाहरू कलिलै उमेरमा प्रभुलाई पाउन सक्छन्। कति उमेर पुगेको नानीले प्रभु येशूलाई ग्रहण गर्न सक्छ, यसको नियम छैन, र बालक-बालकमा फरक पर्ला। तर बालबालिकाहरूको विषयमा कुरा यस प्रकारको छः नानीको उमेर जतिकै सानो किन नहोस्, हामीले कुनै नानीलाई प्रभु येशूकहाँ आउन रोक्नुहुँदैन; हामीले उसलाई प्रभुकहाँ आउन दिनुपर्छ र उसलाई उहाँमाथि विश्वास गर्ने उत्साह दिनुपर्छ।

बालबालिकाहरू मुक्ति पाउनलाई प्रौढ़ हुनुपर्दैन। तर प्रौढ़हरू परमेश्वरको राज्य पस्नु हो भने तिनीहरूको विश्वास नानीको जस्तै सरल र तिनीहरू नानीजस्तै नम्र हुनुपर्छ।

## ञ) लूका १८ः१८-३०ः धनी जवान शासक

**लूका १८ः१८-१९ः** यस खण्डमा एकजना मानिसको चर्च गरिएको छ, जो परमेश्वरको राज्य सानो बालकले जस्तो गरी ग्रहण गर्न तयार भएन। एक दिनको कुरा होः कुनै एकजना शासक प्रभु येशूकहाँ आएछन्। तिनले उहाँलाई 'उत्तम गुरुजी' भनेर सम्बोधन गरे र उहाँलाई अनन्त जीवनको हकदार हुनलाई आफूले के-के गर्नुपर्छ भन्ने प्रश्न सोधे। तर मुक्तिदाता प्रभुले तिनलाई शुरुमा अर्को प्रश्न गर्नुहुन्छः 'तिमीले मलाई उत्तम गुरुजी किन भनेका छौ ?' किनभने परमेश्वर मात्र उत्तम हुनुहुन्छ। हाम्रा प्रभुले यहाँ स्वयम् परमेश्वर हुनुहुने कुरा इन्कार गर्नुभएन, तर वास्तवमा उहाँले कुराकानीको सिलसिलामा ती शासकको मुखबाट यो कुरा सुन्न चाहनुभयो। उहाँ उत्तम हुनुहुन्छ भने उहाँ परमेश्वर हुनुभएको हुनुपर्छ; किनभने केवल परमेश्वर उत्तम हुनुहुन्छ।

**लूका १८ः२०ः** त्यो कुरा छोड़ेर प्रभु येशू अघि बढ्नुभयो, र यी शासकको प्रश्नको उत्तर दिनुहुन्छ। अनन्त जीवनको हकदार हुनलाई मानिसले के-के गर्नुपर्छ? के तपाईं यो कुरा जान्नुभएको छ? जान्नुभएको छैन भने त सुन्नुहोस्! असल कामहरू गरेर कसैले पनि अनन्त जीवनको हक पाउँदैन, अनन्त जीवन कमाउँदैन पनि। अनन्त जीवन परमेश्वरको वरदान हो, जुन वरदान येशू ख्रीष्टद्वारा सित्तैंमा पाइन्छ। प्रभु येशूले यी शासकलाई दस आज्ञाहरूको सम्झना दिलाएर तिनलाई व्यवस्था पालन गरेर मुक्ति पाउने उपाय देखाउनुभएन; तर उहाँले यी मानिसलाई पापको विषयमा कायल पार्न खोज्नुभएको हो। प्रभु येशूले दस आज्ञाहरूमध्ये यी पाँचवटा उद्धृत गर्नुभयो, जुन आज्ञाहरू ढुङ्गाका पाटीहरूमध्ये दोस्रोमा लेखिएका थिए, जुन आज्ञाहरूचाहिँ हाम्रो छिमेकीप्रति हाम्रो कर्तव्यसित सम्बन्धित छन्।

**लूका १८ः२१-२३ः** यी मानिसमाथि व्यवस्थाको कायल पार्ने प्रभाव अधूरो भएको देखिन्छ; किनभने घमण्डमा फुलेर तिनले बालककालदेखि यी आज्ञाहरू मान्दै आएको दाबी पो गर्छन्। प्रभु येशूको विचारअनुसार तिनलाई एउटै कुराको अभाव थियोः तिनमा आफ्नो छिमेकीप्रति प्रेम थिएन। किनभने तिनले साँचो तवरले यी आज्ञाहरू पालन गरेका भए तिनले आफ्नो सारा सम्पत्ति बेचेर गरिबहरूलाई त्यो बाँड्नेथिए। तर तिनले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्दैनथिए। तिनले स्वार्थी जीवन व्यतीत गरेका थिए। यस्तो मानिसमा अरू मानिसहरूका निम्ति प्रेम कहाँ हुन्छ र! यो तिनको प्रतिक्रियाबाट प्रमाणित भयोः *'यो कुरा सुनेर तिनी साह्रै दुःखित भए; किनभने तिनी असाध्यै धनी थिए।'*

**लूका १८ः२४ः** यी जवान शासकमाथि नजर राख्दै प्रभु येशूले धनीहरूको विषयमा *'धनसम्पत्ति हुनेहरू कति कठिनसँग परमेश्वरको राज्यभित्र पस्नेछन्'* भन्ने टिप्पणी छोड्नुभयो; किनभने धनीहरूको समस्या के छ भने, धनसम्पत्ति हुनेहरूले आफ्नो धनसम्पत्तिको माया गर्छन् र आफ्नो धनमाथि भरोसा गर्छन्।

यस खण्डबाट इसाई र अइसाई मानिसहरूका निम्ति हृदय विदारक प्रश्नहरू उठिरहेका छन्। ख्रीष्ट येशूको सुसमाचारको अभावले मानिसहरू

नष्ट भइरहेको बेलामा हामी धनी भएर आफ्नो सुखमा जिउँदाखेरि हामीले आफ्ना छिमेकीहरूलाई कसरी साँचो प्रेमले प्रेम गरेका हुन्छौं? यसको उत्तर हामीले दिनुपर्छ।

**लूका १८ः२५ः** यस सम्बन्धमा प्रभु येशूले यसो भन्नुभयोः *'धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।'* यस वाक्यका अर्थ खोल्न प्रशस्त व्याख्यानहरू दिइएका छन्। कतिजनाको सुझाउअनुसार सियोको नाथ्रीचाहिँ यरूशलेम शहरको पर्खालमा हुने सानो ढोका हो अरे, जुन ढोकाबाट एउटा ऊँट घुँडा टेकी-टेकी मात्र छिर्न सक्छ रे। तर लेखक लूका वैद्य भएका नाताले यहाँ अर्को शब्द प्रयोग गरेका छन्, जसको खास अर्थ चिकित्सकले प्रयोग गर्ने विशेष सियो हो। अनि प्रभु येशूले भन्नुभएको कुराको अर्थ टाढ़ाबाट खोजेर निकाल्नुपर्दैन; किनकि त्यो सुस्पष्ट हुन्छः ऊँटका निम्ति सियोको नाथ्रीबाट छिर्नु असम्भव छ भने त धनी मानिसका निम्ति परमेश्वरको राज्यभित्र पस्नु उत्तिकै असम्भव नै हुन्छ। अनि येशूको यस वचनमा केवल धनी मानिसका निम्ति आफ्नो कोशिशले परमेश्वरको राज्यभित्र पस्नु असम्भव हुन्छ भन्ने अर्थ लगाउन पुग्दैन; धनी वा गरिबको कुरा छोड़ौं, कुनै पनि मानिसले आफ्नो कोशिशद्वारा परमेश्वरको राज्यभित्र पस्न पाउँदै-पाउँदैन। प्रभु येशूको यस वचनको सठीक अर्थ यस प्रकारको छः आफूलाई धनी सम्झेको जुनसुकै मानिसका निम्ति परमेश्वरको राज्यमा पस्नु असम्भव हुन्छ; जबसम्म मानिसको धनसम्पत्ति उसको ईश्वर हुन्छ, तबसम्म त्यो धनसम्पत्ति उसका निम्ति मुक्तिको बाटो छेक्ने बाधक बन्दछ। यस अवस्थामा उसले मुक्ति पाउन सक्दैन। यस कुराको सारतत्त्व यस प्रकारको छः धेरै सङ्ख्यामा धनी मानिसहरूले मुक्ति पाएका छैनन्। अनि जुन धनी मानिसले मुक्ति पाउँछ, त्यस मानिसको हृदय यसो हुनुभन्दा पहिले परमेश्वरको सामु टुक्रा-टुक्रा हुने गरी टुट्नु र फुट्नुपर्दो रहेछ।

**लूका १८ः२६-२७ः** जब प्रभु येशूका चेलाहरूले यो सब विषयमा गहन सोच लगाए, तब उनीहरू 'यसो हो भने कसैले मुक्ति पाउन सक्दैन' भन्ने निचोड़मा पुगे; किनभने उनीहरूको विचारमा धनसम्पत्तिचाहिँ

परमेश्वरको आशिष पाएको शुभ लक्षण थियो (व्यवस्था १८:१-८)। धनी यहूदी मानिसहरूको मुक्ति हुनै सक्दैन भने, कसको मुक्ति हुन सक्छ त? प्रभु येशूले उनीहरूलाई यसो भन्दै जवाफ दिनुभयोः *'मानिसहरूका निम्ति जुन कुराहरू असम्भव छन्, ती कुराहरू परमेश्वरका निम्ति सम्भव छन्।'* अर्को शब्दमा भन्नु हो भने, ईश्वरीय अनुग्रहको अचम्मको कामअनुसार परमेश्वरले लोभी, धन सोहोर्ने, विषयासक्त, निर्लज्ज मानिसहरूलाई लिएर तिनीहरूबाट धनप्रतिको लोभलालच हटाएर त्यसको बदलीमा तिनीहरूको हृदयमा प्रभु येशूप्रति साँचो प्रेम हाल्न सक्नुहुन्छ।

यस खण्डबाट परमेश्वरका सन्तानका निम्ति हृदय केही विदारक प्रश्नहरू उठिरहेका छन्। दास आफ्नो मालिकभन्दा महान् हुँदैन। हामी-जस्ता दोषी, पापी मानिसहरूका आत्माहरू बचाउन प्रभु येशू आफ्नो स्वर्गको धन छोड़ेर आउनुभयो। अनि जुन संसारमा उहाँ गरिब रहनुहुन्थ्यो, त्यस संसारमा धनी हुनु हामीलाई सुहाउँदैन। के हाम्रा निम्ति हराएका आत्माहरूको कुनै मूल्य छैन कि? के ख्रीष्ट येशूको दोस्रो आगमन नजिक आएको छैन र? के उहाँको प्रेमले हामीलाई अलिकति पनि विवशमा पार्न सक्दैन त? यस्तो हुनुहुँदैन। आउनुहोस्, समय छँदै हामी आफूसँग भएको जुनसुकै धन र सम्पत्ति प्रभुको काममा लगाइहालौं!

**लूका १८:२८-३०:** अब पत्रुसको पालो आयो। उनले प्रभु येशूलाई याद दिलाउँछन्, कि उनले र सँगी-चेलाहरूले आ-आफ्नो घर-परिवारलाई छोड़ेर उहाँको पछि लागेका थिए। उत्तरमा प्रभुले उनलाई के भन्नुभयो भने, यस प्रकारको त्यागको जीवन जिउने मानिसले यस जीवनमा ठूलो इनाम पाउँछ र परलोकमा पनि अनन्त-अनन्तसम्म आशिष पाउनेछ। लूका १८:३० पदको अन्तमा *'... र आउने युगमा अनन्त जीवन पाउनेछ' भन्ने* कुरा लेखिएको छ। 'सबै कुराहरू छोड्नेले अनन्त जीवन पाउनेछ' भन्ने मतलब यस वाक्यको अर्थ होइन है। तर बरु यस्तो मानिसले स्वर्गको महिमाबाट झन् बढ़ी आनन्द उठाउन सक्ने रहेछ र स्वर्गको राज्यमा बढ़ी इनामहरू पाउन सक्ने रहेछ। यस वाक्यको खास अर्थ यस प्रकारको छः 'मानिसले प्रभुकहाँ फर्केको बेलामा जुन जीवन पायो,

उसले स्वर्गमा त्यस जीवनको पूर्ण रूप अर्थात् जीवनको परिपूर्णता अनुभव गर्नेछ।'

## ट) लूका १८:३१-३४: प्रभु येशूले फेरि एकपल्ट आफ्नो मृत्यु र पुनरुत्थानको पूर्वसूचना दिनुहुन्छ

**लूका १८:३१-३३:** यहाँ प्रभु येशूले तेस्रो पल्ट आफ्ना बाह्रजनालाई आफूमाथि हुन लागेका कुराहरूको पूर्वजानकारी दिनुभयो (लूका ९:२२ र ४४)। उहाँको पूर्वसूचनाअनुसार उहाँको कष्टमय मृत्युमा नै पुरानो नियमका भविष्यवक्ताहरूद्वारा लेखिएको कुरा पूरा हुन लागेको थियो। 'उहाँलाई अन्यजातिहरूको हातमा सुम्पिइन लागेको थियो' भनेर उहाँको ईश्वरीय पूर्वज्ञानअनुसार उहाँले यहाँ यसको भविष्यवाणी गर्नुभयो। 'तर सुटुक्क उहाँको हत्या गर्ने वा उत्तेजित भीड़ले उहाँलाई ढुङ्गाले हानेर मार्ने सम्भावना बढ़ी हुन्थ्यो।' 52) तर भविष्यवक्ताहरूले यहूदा इस्करयोतीको विश्वासघात, येशूको गिल्ला र बेइज्जत, अनि उहाँले सहनुपरेको मानिसहरूको थुकाइको विषयमा भविष्यवाणी गरेका थिए। अनि यसरी पूरा हुनुपरेको थियो। उहाँले कोर्राका चोटहरू खानुपर्नेथियो। उहाँको हत्या हुन लागेको थियो। तर मरेको तेस्रो दिनमा उहाँ बौरिउठ्नु थियो।

यस पुस्तकका बाँकी अध्यायहरूमा उहाँले आफ्नो विषयमा अघि नै जान्नुभएको र यहाँ पूर्वजानकारी दिनुभएको दुःखद घटना अब क्रमशः पूरा हुन लागेको थियो, जस्तैः

**क)** लूका १८:३५-१९:४५: 'हामी माथि यरूशलेमसम्म जानेछौं',

**ख)** लूका १९:४७-२३:१: 'मानिसको पुत्रलाई अन्यजातिहरूको हातमा सुम्पिइनेछ';

**ग)** लूका २३:१-३२: 'तिनीहरूले उहाँलाई गिल्ला गर्नेछन् र बेइज्जत गर्नेछन्' र

**घ)** लूका २३:३३-५६: 'तिनीहरूले उहाँलाई मार्नेछन्।'

अनि

**ङ)** लूका २४ः१-१२ः 'तेस्रो दिनमा उहाँ बौरिउठ्नुहुनेछ।'

**लूका १८ः३४ः** अचम्म, उहाँका चेलाहरूले यी कुराहरूमध्ये एउटा पनि बुझ्न सकेनन्! उहाँका वचनको अर्थ तिनीहरूबाट छिपेर बसेको थियो। यस कुराको सम्बन्धमा चेलाहरू किन यति अबुझ थिए, सो बुझ्न हामीलाई गाह्रो पर्ला। तर यसको कारण यो हुन सक्छः उनीहरूको विचारअनुसार यहूदीहरूलाई रोमको जुवादेखि बचाउने उद्धारक आउनै लागेका थिए, जसले तत्कालै उनीहरूका आँखाको सामु आफ्नो राज्य स्थापित गर्नेथिए। उनीहरूको दिमाग यस प्रकारको धारणाले यति साह्रै भरिएको थियो, यहाँसम्म कि उनीहरूको मनमा अरू कुनै फाल्तू योजनाका निम्ति ठावैं रहँदैनथियो। हामी मानिसहरूको विषयमा कुरा यस्तो छः जुन कुरा हामीले विश्वास गर्न चाहन्छौं, त्यो कुरा छोड़ेर हामीले अरू कुनै कुरा विश्वास गर्न मान्दैनौं। अनि जुन तथ्य हाम्रो पूर्वधारणासँग मिल्दैन, त्यो तथ्य स्वीकार गर्न हामी प्रायः राजी हुँदैनौं।

## ठ) लूका १८ः३५-४३ः अन्धा भिखारी निको भएको

**लूका १८ः३५-३७ः** प्रभु येशूले पेरिया यर्दनपारी छोड्नुभयो, र उहाँ यर्दन नदी तार्नुभयो। अनि जुन घटना अब घट्न लागेको थियो, त्यो घटना लेखक लूकाले यस प्रकारले बयान गरेका छन्ः *'उहाँ यरिहोको नजिक आइपुग्नुभएको बेलामा यस्तो भयोः ...।'* तर मत्तीको र मर्कूसको सुसमाचारअनुसार प्रभु येशूले यरिहो शहर छोड्नुभएको बेलामा यो घटना घटेको थियो (मत्ती २०ः२९ र मर्कूस १०ः४६)। अनि मत्तीले दुईजना अन्धा मानिसहरूलाई देखे। तर मर्कूस र लूकाले एकजना अन्धा मानिस थियो भनेर भन्छन्। हुन सक्छ, लूकाले यरिहोको नयाँ बस्तीको कुरा गरे, जब मत्ती र मर्कूसले पुरानो यरिहो शहरको कुरा गरे होलान्। हुन सक्छ, यस ठाउँमा अन्धा मानिस निको भएको अचम्मको काम एउटा मात्र होइन, तर दुईवटा भएका सम्भव छ। यसको सठीक व्याख्यान जेजस्तो हुनुपरे ता पनि यस विषयमा कुरा स्पष्ट छः हाम्रो विचारमा आपसमा नमिलेका

कुराहरू पक्का पनि हाम्रो ज्ञानको कमी भएको फल हुनु परेको छ। ज्ञानको प्रकाशमा एक-अर्कोसित मेल नखाएका कुराहरू हराउनेथिए; यस कुरामा हामी विश्वस्त छौं।

**लूका १८:३८:** कसरी हो, कुनि? त्यस अन्धा मानिसले प्रभु येशूलाई मसीहको रूपमा चिनेछ; किनकि त्यसले उहाँलाई 'दाऊदको पुत्र' भन्दै सम्बोधन गर्‍यो। त्यसले प्रभु येशूलाई 'ममाथि दया गर्नुहोस्! मलाई दृष्टि दिनुहोस्' भनेर पुकार्‍यो।

**लूका १८:३९:** कति मानिसहरूले त्यस अन्धा मानिसलाई चुप गराउन खोजे; तर त्यसले चुप रहन मानेन, तर झन् बढ़ी चिच्च्याएर प्रभु येशूको गुहार माग्यो। मानिसहरूलाई त्यस अन्धाको के वास्ता? त्यसको वास्ता गर्ने प्रभु येशू हुनुहुन्थ्यो।

**लूका १८:४०-४१:** हिँड्दै गर्नुभएको प्रभु येशू टक्क अड़िनुभयो। यस सन्दर्भमा श्री जे. एन. डार्बीले निम्न गहिरो ज्ञानको टिप्पणी लेखेका छन्:

> 'पुरानो समयमा यहोशूको विन्तीमा सूर्य आकाशमा अड़ियो, तर यहाँ सूर्य, चन्द्रमा र तारागणरूपी सारा आकाशको मालिक आफै एकजना अन्धा भिखारीको विन्तीमा अड़िनुभयो।'

प्रभु येशूको आज्ञाअनुसार त्यो भिखारी उहाँकहाँ ल्याइयो। अनि उहाँले त्यसलाई सोध्नुभयो: 'तिमी के चाहन्छौ?' भिखारीले आलेटाले गरेन, हिचकिच पनि गरेन; त्यसको विन्ती स्पष्ट थियो: त्यसले देख्न चाहेको थियो। त्यस मानिसको विन्ती छोटो थियो, विषयबद्ध थियो, विश्वासले पूर्ण थियो।

**लूका १८:४२-४३:** तब प्रभु येशूले त्यसको विन्ती स्वीकार गर्नुभयो। अनि तुरुन्तै त्यो अन्धा मानिस देख्ने भयो। यत्ति मात्र होइन, तर त्यसले परमेश्वरको महिमा गर्दै प्रभुको पछि लाग्न थाल्यो। यस घटनाबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छ: हामीले असम्भव हुने कुरा सम्भव तुल्याउनुहुने परमेश्वरमाथि विश्वास गर्नुपर्छ। ठूलो विश्वासबाट उहाँको ठूलो महिमा हुन्छ, जस्तो एकजना कविले यसो लेखेका छन्:

*परमेश्वरकहाँ आउँदाखेरि सम्भः उहाँ राजाहरूका महाराजा हुनुहुन्छ;*
*यसकारण ठूला-ठूला विन्तीहरू साथमा लिएर उहाँकहाँ आऊ!*
*किनकि उहाँको अनुग्रह र शक्ति यति विघ्न छ, कि कसैको विन्तीले पनि उहाँलाई समस्यामा वा अप्ठ्यारोमा पार्न सक्दैन।*

*श्री जोह्न न्यूटन*

## ड) लूका १९ः१-१०ः जक्कैले मुक्ति पाए

जक्कैले मुक्ति पाएको घटनाले लूका १८ः२७ पदको तथ्यलाई पुष्टि गर्छः मानिसहरूका निम्ति असम्भव हुने कुराहरू परमेश्वरका निम्ति सम्भव छन्। जक्कै धनी मानिस थिए। अनि सामान्य हिसाबले धनी मानिसका निम्ति परमेश्वरको राज्यमा पस्नु असम्भव हुन्छ। तर जक्कैले आफूलाई मुक्तिदाता प्रभुको सामु नम्र तुल्याए। परमेश्वरलाई धन्यवाद होस्! तिनको धनसम्पत्ति तिनका निम्ति परमेश्वरकहाँ जाने बाटोमा छेक्ने बाधक बनेन।

**लूका १९ः१-५ः** यो घटना त्यस बेलामा घटेको थियो, जुन बेलामा प्रभु येशू तेस्रो र अन्तिम पल्ट यरूशलेममा जाँदै हुनुहुन्थ्यो। जक्कैले उहाँलाई हेर्न खोजिरहेका थिए। निस्सन्देह, तिनको यो चिज्ञासो तिनको कुतूहलको फल थियो। तिनी महसुल उठाउनेहरूको हाकिम थिए। तर मुक्तिदाता प्रभुलाई हेर्न तिनी जे पनि गर्न तयार भए। यसो गर्न तिनी सरम, मर्यादा जेपनि नाघ्न तयार थिए। तिनी पुड्का थिए; यसकारण भीड़को कारणले म येशूको असल दृश्य पाउन सक्दिनँ भन्ने कुरा जानेर तिनी अघि-अघि दगुरे र प्रभु येशू आइरहनुभएको बाटोको छेउमा भएको एउटा नेभाराको रूखमाथि चढ़े। विश्वासले गरेको तिनको यो काम अदेख रहन, गुप्त रहन सकेन। जब प्रभु येशू तिनी भएको ठाउँमा आइपुग्नुभयो, तब उहाँले माथितिर हेर्नुभयो र तिनलाई देख्नुभयो। उहाँले तिनलाई *'जक्कै, तुरुन्तै ओर्ल; किनभने आज म तिम्रो घरमा बस्नुपरेको छ'* भन्नुभयो।

मुक्तिदाता प्रभु आफूले कसैको घरमा वास बस्ने विन्ती गर्नुभएको यो एकैपल्ट मात्र भएको हो। उहाँले यसो गर्नुभएको अरू कुनै वर्णन छैन।

**लूका १९:६:** जक्कै छिटो ओर्ले, र तिनले प्रभु येशूलाई आनन्दसाथ स्वागत गरे। अनि तिनले मुक्ति पाएको क्षण यही भएको हुनुपर्छ भनेर हामी निश्चयतापूर्वक तोकेर भन्न सक्छौं।

**लूका १९:७:** प्रभु येशूको विपक्षमा बस्नेहरू सबैले उहाँको विरोधमा गनगनाए; किनभने उहाँ समाजमा पापीको रूपमा चिनिएको व्यक्तिकहाँ पाहुना बस्न जानुभयो। तर यस संसारमा आउनुभएको प्रभुले केवल पापी मानिसहरूका घरहरू भेट्टाउनुभयो, अरू घरहरू भेट्टाउन सक्नुभएन भन्ने कुरा तिनीहरूले किन विचारै गरेनन्?

**लूका १९:८:** मुक्तिको अनुभवले ती महसुल उठाउने मानिसको जीवनमा कति ठूलो भिन्नता ल्यायो! आफ्नो सम्पत्तिको आधा भाग गरिबहरूलाई दिने तिनको इच्छा आफैआफ भयो। त्यस दिनसम्म तिनले गरिबहरूबाट कर लिएको निहुँले तिनीहरूलाई सकेसम्म लुटेका थिए। तर अबचाहिँ अन्याय गरेर लिएको एक-एक पैसा तिनले चार गुणा फर्काउने भयो। व्यवस्थाले क्षतिपूर्ति गर्दा यति फर्काउनुपर्छ भनेर भनेको छैन; यो व्यवस्थाको मागभन्दा बढ़ी थियो (प्रस्थान २२:४ र ७; लेवी ६:५; गन्ती ५:७)। यसबाट के बुझिन्छ भने, जुन जक्कै अघि लोभको वशमा हुन्थे, ती जक्कै अब प्रेमको नियन्त्रणमा थिए।

जक्कैले अन्याय गरेर पैसा लिएकोमा कुनै शङ्का छैन। यसकारण श्री वूस्टले लूका १९:८[ख] पद सीधा यस प्रकारले अनुवाद गरेः 'अनि मैले कसैबाट अन्याय गरेर लिएको पैसा ...।' 'यदि' र 'भने' किन भन्नु, जब तिनले पक्का पनि अन्याय गरेर पैसा लिएका थिए।

जक्कैको कुरा सुन्दाखेरि कसैलाई के लाग्न सक्छ भने, 'तिनले आफ्नो उपकारको बारेमा साह्है गर्व गरेछन्; के तिनले आफ्नो मुक्तिका निम्ति आफ्नो उपकारमाथि भर परेका थिएनन् र?' तर तिनको विषयमा कुरा यस्तो थिएन। तिनले खास भन्न खोजेको यस प्रकारको छः 'मैले ख्रीष्ट येशूमा नयाँ जीवन पाएँ; यसैले विगतमा कसैलाई गरेको क्षति मैले जसरी भए पनि पूर्ति गर्नुपर्छ।' तिनले मुक्ति पाएको हुनाले तिनी

परमेश्वरप्रति कृतज्ञ भए। तिनले आफ्नो रुपियाँपैसा परमेश्वरको महिमाका निम्ति र आफ्ना छिमेकीहरूको उपकारका निम्ति काममा लगाउने इच्छा गरे।

क्षतिपूर्ति गर्ने सम्बन्धमा लूका १९ः८ पद यसको समर्थन गर्ने मुख्य पद गनिन्छ। मुक्ति पाएको मानिस उसले बितेको जीवनमा गरेका भूलहरू सुधार्नुपर्ने कर्तव्यबाट मुक्त भएको छैन। मुक्ति नपाएको अवस्थामा खाएका ऋणहरू ऋणीले नयाँ जन्म पाएर पनि उऋण हुँदैनन्। अनि मुक्ति पाउनुभन्दा अघि चोरेको पैसा अब परमेश्वरको अनुग्रहद्वारा परमेश्वरको सन्तान भएको व्यक्तिले फर्काउनैपर्छ। परमेश्वरको अनुग्रहले यस प्रकारको सद्भावना सृजना गर्छ र नयाँ विश्वासीलाई क्षतिपूर्ति गर्न करमा पार्छ।

**लूका १९ः९ः** जक्कैको घरमा मुक्ति आएको कुरा प्रभु येशू आफूले भन्नुभएको हो। किनकि तिनी पनि अब्राहामको एक छोरा रहेछन्। यसर्थ यहूदी भएको नाताले जक्कैले मुक्ति पाएनन्, तर अब्राहामको छोरा भन्ने शब्दले सङ्केत गरेझैं तिनी अब्राहामको शारीरिक वंश थिएनन्, तर वास्तवमा अब्राहामले गरेझैं तिनले प्रभुमाथि विश्वास गरे। भन्नुको तात्पर्यः अब्राहाम र जक्कैको विश्वास उस्तै थियो। जक्कैको उपकार र क्षतिपूर्तिको फलस्वरूप तिनको घरमा मुक्ति आएन (लूका १९ः८)। होइन नि! मुक्ति पाएको कारणले तिनको जीवनमा यस्ता कुराहरू कार्यकारी भए। मुक्ति पाउने उद्देश्यले यी कामहरू गरिएनन्।

**लूका १९ः१०ः** प्रभु येशू पापी मानिसको घरमा पाहुना बस्नुभएकोमा उहाँमा दोष भेट्टाउनेहरूलाई उहाँको मुखबाट सठीक उत्तर मिलेको छः *'मानिसको पुत्रचाहिँ हराएकोलाई खोज्न र बचाउन आउनुभएको हो।'* यसर्थ जक्कैले पाएको मुक्तिमा ख्रीष्ट येशू यस संसारमा आउनुभएको उद्देश्य पूरा भएको मान्नुपर्छ।

## ढ) लूका १९ः११-२७ः दस असर्फीको दृष्टान्त[53)]

**लूका १९ः११ः** मुक्तिदाता प्रभु यरिहोबाट यरूशलेमको नजिकै आइपुग्नुभयो; अनि उहाँका अनुयायीहरूमध्ये धेरैजनाले अब तत्काल

परमेश्वरको राज्य स्थापित हुनेछ भन्ने विचार-धारणा अपनाएका थिए। तर दस असर्फीको दृष्टान्तमा उहाँले उनीहरूको यो आशा चकनाचूर पार्नुभयो। उहाँले आफ्नो पहिलो आगमन र आफ्नो दोस्रो आगमनको बीचमा अन्तराल समय हुन्छ, जुन समयमा उहाँका चेलाहरू उहाँका निम्ति व्यस्त रहनुपरेको थियो भन्ने कुरा स्पष्ट पार्नुभयो।

**लूका १९:१२-१३:** यस दृष्टान्तमा एकजना कुलीन व्यक्तिलाई प्रस्तुत गरिएको छ। अनि त्यस कुलीन मानिससित अर्खिलाउसको इतिहास पनि खूब मिल्छ। किनभने राजा हेरोदले उनलाई आफ्नो बदलीमा राजा हुन छानेका थिए, तर देशको जनताले उनलाई रद्द गर्‍यो। तब उनी आफ्नो नियुक्ति निश्चित गराउन रोममा गए। त्यसपछि उनी फर्के, र तिनले आफ्ना दासहरूलाई इनाम दिए र आफ्ना शत्रुहरूलाई नाश गरे।

तर यस दृष्टान्तमा प्रभु येशू आफूचाहिँ ती कुलीन व्यक्ति हुनुहुन्छ, जो स्वर्ग जानुभयो र आफ्नो फर्कने समय पर्खनुहुन्छ। एक दिन उहाँ फर्कनुहुनेछ, र यस पृथ्वीमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ। अनि यी दस दासहरूले उहाँका चेलाहरूलाई सङ्केत गर्छन्। उहाँले उनीहरूमध्ये हरेकलाई एक-एक असर्फी वा मिना दिनुभयो। उनीहरूका निम्ति उहाँको आदेश सुस्पष्ट थियो: *'म नआएसम्म यस असर्फीसित व्यापार गर!'* प्रभु येशूका दासदासीहरूमा प्रतिभा र खूबीहरू फरक छन्, जस्तै मत्ती २५:१४-३० पदको खण्डमा लेखिएको छ। तर उहाँका दासदासीहरूमा कतिपय कुराहरू उस्तै-उस्तै हुन्छन्, जस्तै ख्रीष्टको सुसमाचार प्रचार गर्ने, संसारमा ख्रीष्ट येशूको प्रतिनिधि गर्ने र प्रार्थना गर्ने सौभाग्यहरू आदि। अनि यस असर्फीले यी सौभाग्यहरूको कुरा गर्छ।

**लूका १९:१४:** अनि नागरिकहरूचाहिँ? तिनीहरू यहूदी जाति हुन्। तिनीहरूले उहाँलाई रद्द गरे; तर रद्द गरिसकेर पनि तिनीहरूले उहाँलाई छोड़ेनन्, तर उहाँको पछि-पछि यसो भन्ने प्रतिनिधि पठाए: *'यस व्यक्तिले हामीमाथि राज्य गरेको हामी चाहँदैनौं।'* अनि प्रतिनिधिलाई कुनचाहिँ अर्थ दिऔं त? योचाहिँ स्टिफनसजस्तै ख्रीष्ट येशूका अन्य दासहरूलाई शहीद बनाएको तिनीहरूको दुर्व्यवहार हो।

**लूका १९:१५:** यस दृष्टान्तमा प्रभु येशू आफ्नो राज्य स्थापित गर्न फर्कनुभएछ। त्यस बेलामा उहाँले आफ्ना दासहरूबाट, जसलाई उहाँले अघि एक-एक असर्फी वा मिना दिनुभएको थियो, हिसाब लिनुहुनेछ।

यस अनुग्रहको युगमा जिउने ख्रीष्ट-विश्वासीहरूले एक दिन ख्रीष्टको न्याय-आसनमा आफ्नो सेवाको सम्बन्धमा लेखा दिनुपर्नेछ। सबै विश्वासीहरू उठाइलगिएपछि स्वर्गमा ख्रीष्ट येशूको न्यायआसनको सामु उभिनुपर्छ।

अनि सङ्कष्टकालभरि ख्रीष्ट येशूको गवाही दिने विश्वासयोग्य यहूदीहरूको बाँकी भागको न्याय ख्रीष्ट येशूको दोस्रो आगमनमा हुनेछ। अनि यस खण्डमा यही न्यायमा जोड़ दिइएको देखिन्छ।

**लूका १९:१६:** पहिलो दासले उसको जिम्मामा लगाइएको एकै असर्फी लिएर दसवटा असर्फीहरू कमाएछ। *'तपाईंको असर्फीले ...'* भनेर उसले त्यो आफ्नो होइन भन्ने कुरा राम्ररी बुझेको देखाउँछ। अनि उसले त्यो पैसा सकभर आफ्नो मालिकको इच्छाअनुसार र आफ्नो मालिकको फाइदाका निम्ति काममा लगायो।

**लूका १९:१७:** अनि मालिकले उसलाई ऊ थोरै कुरामा विश्वासयोग्य भएकोमा तारिफ गरे। सम्झना आलो रहोस्ः जे गर्नु हाम्रो कर्तव्य थियो, त्यही मात्र हामीले पूरा गरेको उहाँका अयोग्य सेवक हौं। यस दासको इनाम दसवटा शहरहरूमाथि अधिकारी हुने भयो। अनि यसो हेर्दा यहाँ विश्वासयोग्य सेवाका निम्ति दिइने इनामहरू ख्रीष्ट येशूको राज्यमा गरिने शासन-अधिकारसित सम्बन्धित छन् भन्ने कुरा स्पष्ट हुन्छ। उहाँको चेलाको धेर-थोर शासन-अधिकार प्रभुप्रति उसको भक्ति र उहाँका निम्ति गरिएको त्यागको ठूलो-सानो नापमा निर्भर गर्दो रहेछ।

**लूका १९:१८-१९:** अनि दोस्रो दासले उसको जिम्मा लगाइएको एउटै असर्फीले पाँचवटा असर्फीहरू कमायो। अनि उसको इनाम पाँचवटा शहरहरूमाथि अधिकारी हुनु थियो।

**लूका १९:२०-२१:** अनि तेस्रो दाससँग फुस्रो बहानाबाहेक अरू केही पनि थिएन। त्यसले एउटा रुमालमा साँचेर राखेको त्यो असर्फी फर्कायो। त्यसले त्यो काममा लगाएन र केही पनि कमाएन। किन? त्यसले यसका

निम्ति आफ्नो मालिकलाई दोष पो लगाउँछ। त्यसको शब्दअनुसार मालिकचाहिँ कठोर मानिस रहेछन्, जसले लगानी नभएको ठाउँबाट आम्दानी खोज्दछन् अरे। तर त्यसले भनेको त्यसकै शब्दले त्यसलाई दोषी ठहरायो। किनभने त्यसले आफ्नो मालिकलाई कठोर सम्भेको भए त्यसले कम्तीमा त्यो असर्फी ब्याङ्कमा जम्मा गर्नुपर्नेथियो; तब त्यस असर्फीबाट केही ब्याज मिल्नेथियो।

**लूका १९:२२:** *'मैले जे राखेको छैनँ, त्यो उठाउने र मैले जे छरेको छैनँ, त्यसको कटनी गर्ने कठोर मानिस म रहेछु भन्ने तैंले जानेको रहेछस्'* भन्ने शब्दहरू त्यस दुष्ट दासको मालिकको मुखबाट निस्केका शब्द त थिए; तर प्रभु येशूले यी शब्दहरूमा व्यक्त गरिएको कुरा सत्य ठहराउनुभएन। किनभने यी शब्दहरू त्यस दुष्ट दासको पापी हृदयको फल थिए, जसले आफ्नो अल्छीपनका निम्ति आफ्ना मालिकलाई दोष लगाइदियो। किनकि त्यसले आफ्ना शब्दहरूमा विश्वास गरेको भए त्यसले त्यहीअनुसार काम गर्नुपर्नेथियो, होइन र?

**लूका १९:२३:** यस पदले के सुझाउ दिन्छ भने, कि त हामीसँग भएको हरेक थोक हामीले प्रभुको काममा लगाउनैपर्छ, कि त हामीले त्यो अरू कसैलाई दिनुपर्छ, जसले त्यो हाम्रो सट्टामा उहाँको काममा लगाउँछ।

**लूका १९:२४-२६:** यी मालिकको मुखबाट त्यस तेस्रो दासको फैसला सुन्नुहोस्: *'त्यसबाट त्यो असर्फी लैजाओ, र त्यो दस असर्फी हुनेलाई देओ!'* यसरी नै, हामीले प्रभुको सेवा गर्न पाएका सुअवसरहरू सदुपयोग गर्दैनौं भने ती सुअवसरहरू हामीबाट खोसिन्छन्। तर थोरै कुरामा, सानो कुरामा पनि विश्वासयोग्य हुनेहरूलाई सेवा गर्ने अवसरहरू कहिल्यै टुट्दैनन्; बरु परमेश्वरको प्रबन्धमा यस्ताहरूलाई झन् बढ़ी सेवा गर्ने मौकाहरू दिइनेछन्। मालिकले दस असर्फी भएकोलाई त्यो असर्फी दिएकोमा कतिजनाले अन्याय देख्न खोज्छन्। तर आत्मिक जीवनको सम्बन्धमा एउटा स्थायी नियम छः जस-जसले प्रभु येशूलाई प्रेम गर्छन् र तनमनले उहाँको सेवा गर्छन्, उनीहरूलाई झन् धेरै, झन् ठूला अवसरहरू दिइनेछन्। अनि यी अवसरहरू नछोप्नेले सबै मौकाहरू गुमाउनेछ।

तेस्रो दासले आफ्नो इनाम गुमायो; तर त्यसपछि अरू कुनै सजायको विषयमा केही पनि लेखिएको छैन। यसकारण त्यसले मुक्ति पाएको सम्बन्धमा शङ्का गर्नुहुँदैन, यसको बारेमा कुनै प्रश्न उठ्दैन।

**लूका १९:२७:** जुन नागरिकहरूले यी कुलीन व्यक्तिलाई आफ्नो शासक हुन दिएनन्, ती नागरिकहरू उहाँका शत्रुहरू गनिए, र मृत्युदण्डको योग्य ठहरिए। मसीह राजालाई तिरस्कार गर्ने इस्राएली जातिको अन्तको विषयमा कत्रो दुःखद पूर्वसूचना यही थियो।

# खण्ड १०) लूका १९:२८-२१:३८: मानिसको पुत्र यरूशलेममा

## क) लूका १९:२८-४०: जयजयकारको साथ यरूशलेममा प्रभु येशूको प्रवेश

**लूका १९:२८-३४:** यो दिन उहाँको क्रूसको मृत्यु हुने हप्ताको आइतबारको दिन थियो। प्रभु येशू जैतुन डाँड़ाको पूर्वीय पाखाबाट यरूशलेमतिर आइरहनुभएको थियो। जब उहाँ बेथफागे र बेथानीको सामु

आइपुग्नुभयो, तब उहाँले आफ्ना चेलाहरूमध्ये दुईजनालाई सामुन्नेको गाउँमा पठाउनुभयो। तिनीहरूले त्यहाँबाट एउटा गधाको बच्चा ल्याउनुपरेको थियो, जसमाथि बसेर उहाँले यरूशलेममा प्रवेश गर्न चाहनुभयो। तिनीहरूले त्यो बछेड़ा कहाँ पाउने हो, सो कुरा उहाँले तिनीहरूलाई सफासँग भन्नुभयो, साथै त्यस पशुका मालिकहरूले तिनीहरूलाई के-के भन्नेछन्, सो पनि बताउनुभयो। यी दुईजना चेलाहरूले किन, कसरी, केही भन्नुपरेन। नभन्दै यी मालिकहरूले आफ्नो गधाको बछेड़ा प्रभु येशूकहाँ पठाइहाले। अनि कसले जान्दछ? हुन सक्छ, यी मानिसहरूले अघि कुनै समयमा प्रभु येशूको सेवकाइद्वारा आशिष पाएर उहाँलाई कतै खाँचो परेमा सहायता दिन्छौं भन्ने आश्वासन दिए होलान्।

**लूका १९:३५-३८:** प्रभु येशूका चेलाहरूले उहाँका निम्ति त्यस बछेड़ामाथि आफ्ना लुगाहरू ओछ्याए। अनि धेरै मानिसहरूले आफ्ना लुगाहरू जैतुन डाँड़ाको पश्चिम पाखाको फेद हुँदै आउनुभएको प्रभुको सामु सड़कमा बिछ्याए। त्यसपछि प्रभु येशूको पछि आइरहेका उहाँका अनुयायीहरूले बितेको समयमा आफ्ना आँखाले उहाँको हातद्वारा पूरा भएका शक्तिका कामहरूका निम्ति अहिले ठूलो सोरले एकसाथ परमेश्वरको प्रशंसा गर्न लागे। यसो गर्दा तिनीहरूले उहाँलाई परमेश्वरको राजाको रूपमा जयजयकार गरे र उहाँको आगमनद्वारा स्वर्गमा शान्ति र परमधाममा महिमा हुने उद्घोषणा गरे। स्वर्गमा शान्ति?! तिनीहरूले 'पृथ्वीमा शान्ति भएको होस्' भनेर किन भनेनन्? यसमा अर्थ छ। किनभने चाँड़ै शान्तिको राजकुमारलाई तिरस्कार गरिनेछ र उहाँको हत्या गरिनेछ; तब पृथ्वीमा केको शान्ति? तर स्वर्गमा शान्ति हुनेछ; किनभने गलगथामा हुन लागेको ख्रीष्ट येशूको क्रूसको त्राणात्मक मृत्युद्वारा र उहाँको स्वर्गारोहणद्वारा स्वर्गमा शान्ति स्थापित हुनेछ।

**लूका १९:३९-४०:** प्रभु येशूले खुल्लमखुल्ला यस प्रकारको भव्य सम्मान पाउनुभएको देखेर फरिसीहरू रिसले चूर भए। अनि तिनीहरूले उहाँलाई आफ्ना चेलाहरूलाई हप्काएर चुप गराउने आग्रह गरे। तर प्रभु येशूले तिनीहरूलाई जवाफ दिनुभयोः उहाँको जयजयकार नभई हुँदैन,

तर जसरी भए पनि हुनैपर्छ। चेलाहरूलाई चुप गराउँदा ढुङ्गाहरू उहाँको जयघोषको नारा लाउँदै चिच्च्याउनेथिए। यसरी नै उहाँले फरिसीहरूलाई हप्काउनुभयो; किनकि तिनीहरू निर्जीव ढुङ्गाहरूभन्दा पनि कठोर र ढीठ थिए।

## ख) लूका १९ः४१-४४ः यरूशलेममाथि मानिसको पुत्रको बिलौना

**लूका १९ः४१-४२ः** प्रभु येशू यरूशलेमको नजिकै आइपुग्नुभयो; तब उहाँले यस शहरका निम्ति विलाप गर्नुभयो, जुन शहरले आफ्नो सुनौलो मौका गुमाएको थियो। यरूशलेमका बासिन्दाहरूले उहाँलाई मसीह राजाको रूपमा ग्रहण गरेका भए त्यो कुरा तिनीहरूका निम्ति शान्ति हुनेथियो। तर तिनीहरूले शान्तिको स्रोत हुनुभएको प्रभुलाई चिन्न सकेनन्। अनि अब उहाँलाई चिन्नु ढिलो भइसकेको थियो। किनकि तिनीहरूले परमेश्वरको पुत्रलाई के गर्ने हो, सो अघिबाट तय गरेका थिए। तिनीहरूले उहाँलाई तिरस्कार गरेका हुनाले तिनीहरूका आँखाहरू अन्धा भए। तिनीहरूले उहाँलाई देख्न चाहेनन्; यसकारण तिनीहरूले उहाँलाई अझै पनि देख्न पाएनन्।

यहाँ एक क्षण विराम गरौं! मुक्तिदाता प्रभुका आँसुहरूको धारामा ताजुप होऔं र मनन गरौं! यस सम्बन्धमा श्री डब्ल्यू. एच. ग्रिफिट थोमसले यसो भनेका छन्ः

> 'ख्रीष्ट येशूका आँसुहरूको रहस्य नखोलेसम्म हामी उहाँको चरणमा परौं! हाम्रो शहर र हाम्रो देशका पापहरू र दुःखद अवस्था नियालेर हेरौं र हाम्रा मानिसहरूका निम्ति पनि आँसु बगाऔं!' 54)

**लूका १९ः४३-४४ः** यहाँ प्रभु येशूले एउटा गम्भीर पूर्वदर्शन दिनुभएको छः रोमी सेनापति तीतसले यरूशलेम शहरको वरिपरि मोर्चा बाँध्नेछन्, त्यसका बासिन्दाहरूलाई घेरामा हाल्नेछन् अनि दुवै जवान र वृद्ध मानिसहरूलाई मार्नेछन्। तिनले यस शहरका पर्खाल र भवनहरू भुइँसम्म मिलाउनेछन्, यहाँसम्म कि यसको एउटा ढुङ्गा अर्को ढुङ्गामाथि

छोड़िनेछैन। किनभने यरूशलेम शहरले आफ्नो कृपादृष्टि भएको समय चिनेन। प्रभु येशू यस शहरमा आउनुभएको थियो, र यसका मानिसहरूलाई मुक्तिको प्रस्ताव गर्नुभयो। तर यी मानिसहरूले उहाँलाई आफ्नो जीवनमा, आफ्नो परिकल्पनामा कुनै स्थानै दिएनन्।

## ग) लूका १९:४५-४६: प्रभु येशूले दोस्रो पल्ट मन्दिर शुद्ध पार्नुभएको

प्रभु येशूले आफ्नो सेवकाइको शुरुमा एकपल्ट मन्दिरलाई शुद्ध पार्नुभएको थियो (यूहन्ना २:१४-१७)। अनि अबचाहिँ उहाँको सेवकाइ छिटो अन्त हुँदै गएको बेलामा उहाँ त्यस मन्दिरको पवित्र भूमिमा खुट्टा टेक्नुभयो, र ती मानिसहरूलाई निकालिदिनुभयो, जसले त्यस प्रार्थनाभवनलाई डाँकूहरूको ओड़ार तुल्याएका थिए। परमेश्वरका कुराहरूको सम्बन्धमा व्यापारको भावना अपनाउने यो खतरा सधैं जारी रहन्छ। वर्तमान इसाईधर्म यस खराबीको खमिरले पूरा खमिरी भएको छ। जताततै मण्डली-बजार र गोष्ठीहरू लाग्दैछन्, आर्थिक अवस्था सुधार्ने अभियानहरू आयोजना गरिन्छन्, आर्थिक लाभका निम्ति प्रचार गरिन्छ, सबका सब येशूको नाममा।

ख्रीष्ट येशूले यी किनबेच गर्ने मानिसहरूलाई मन्दिरबाट निकाल्नुभयो; उहाँले यशैया ५६:७ र यर्मिया ७:११ पदबाट यसो गरेको काम पुष्टि गर्ने पवित्र धर्मशास्त्रको समर्थन पाउनुभयो। अनि याद रहोस्ः ख्रीष्टको मण्डलीमा दुर्व्यवहारको हरेक सुधारले परमेश्वरको वचनमा आधार पाएको हुनुपर्छ।

## घ) लूका १९:४७-४८: प्रभु येशूले दिनदिनै मन्दिरमा शिक्षा दिनुभएको

यी दिनहरूमा प्रभु येशूले दिनहुँ मन्दिरमा शिक्षा दिनुभयो। मन्दिरमा भन्नाले पवित्रस्थानभित्र बुझ्नुहुँदैन, तर मन्दिरका चोकहरू बुझ्नुपर्छ, जहाँ सर्वसाधारण मानिसहरूले आउन पाउँथे। धर्मनेताहरूले उहाँलाई नाश गर्ने

निहुँ खोजिरहेका थिए। तर मानिसहरू अचम्मका कामहरू गर्नुहुने नासरीमा अझै पनि ध्यानमग्न थिए। उहाँको मर्ने बेला आएको थिएन। तर चाँड़ै त्यो घड़ी आइरहेको थियो, जुन घड़ीमा मुख्य पूजाहारीहरू, शास्त्रीहरू र फरिसीहरूले उहाँमाथि हात हाल्नेछन् र उहाँलाई मार्नेछन्।

त्यो दिन सोमबार भएको थियो। भोलि मङ्गलबार हुनेथियो, जुन दिनचाहिँ उहाँको सार्वजनिक शिक्षा दिने अन्तिम दिन हुनेथियो। लूका २०:१-२२:६ पदसम्म त्यस दिनको वर्णन उल्लेख गरिएको छ।

## ङ) लूका २०:१-८: मानिसको पुत्रको अधिकारको विषयमा उठेको प्रश्न

**लूका २०:१-२:** हाम्रो सामु कस्तो अद्‌भुत चित्र प्रस्तुत गरिएको छः एकातिर परम शिक्षकले नथाकीकन मन्दिरको चोकमा सुसमाचार सुनाउँदै हुनुहुन्थ्यो भने अर्कोतिर इस्राएली जातिका ढीठ अगुवाजनहरूले उहाँलाई शिक्षा दिने अधिकारको सम्बन्धमा चुनौती दिएका थिए। तिनीहरूको दृष्टिमा प्रभु येशूचाहिँ नासरतको कच्चा सिकर्मी हुनुहुन्थ्यो। उहाँको पढ़ाइ के पो थियो र? उहाँको शैक्षिक उपाधि वा योग्यता थिएन; अँ, उहाँको कुनै धार्मिक संस्थाबाट दिइएको मान्यता पनि थिएन। तब यसरी शिक्षा दिन उहाँको परिचय-पत्र वा विश्वास-पत्र कुनचाहिँ थियो त? कसले उहाँलाई यो शिक्षा दिने, प्रचार गर्ने र मन्दिर शुद्ध पार्ने अधिकार दिएको थियो? त्यो कुरा तिनीहरूले जान्न चाहे।

**लूका २०:३-८:** प्रभु येशूले तिनीहरूको प्रश्नको जवाफमा तिनीहरूलाई अर्को प्रश्न सोध्नुभयो। पहिले तिनीहरूले उहाँलाई यसको उत्तर दिऊन्, त्यसपछि उहाँले तिनीहरूको प्रश्नको जवाफ दिनुहुनेछ। *'यूहन्नाको बप्तिस्मा – के यो परमेश्‍वरबाटको थियो, कि मानिसहरूबाटको थियो?'* अर्थात् के परमेश्‍वरले यो बप्तिस्मा निर्धारित गर्नुभएको थियो कि यो मानिसको आज्ञा र रीतिविधि मात्र थियो? तिनीहरू फसे। किनभने तिनीहरूले बप्तिस्मा दिने यूहन्नाको प्रचारको दिव्य शक्ति र उनको अभिषेक स्वीकार गरे भने तिनीहरूले उनको सन्देश शिरोपर किन गरेनन्

र आफ्ना पापहरूको विषयमा किन थकथकी गरेनन् र उनले प्रचार गरेका मसीह राजालाई किन ग्रहण गरेनन् त ? यी प्रश्नहरूले तिनीहरूको घाँटी पक्रे। तर तिनीहरूले बप्तिस्मा दिने यूहन्ना त अरूजस्तै साधारण प्रचारक मात्र थिए भन्ने कुरा भने भने पक्का पनि तिनीहरूले यसरी नै मानिसहरूको भीड़को रिस उठाउनेथिए; किनभने उनीहरूको विचारमा यूहन्नाचाहिँ परमेश्वरको भविष्यवक्ता थिए। यसकारण तिनीहरूले भनेः *'खै, कहाँबाटको हो, सो हामीलाई थाहै छैन'* अर्थात् 'उनको अधिकारको विषयमा हामी अनविज्ञ छौं।' तब प्रभु येशूले भन्नुभयोः 'त्यसो भए म पनि कसको अधिकारले म शिक्षा दिँदैछु, सो तिमीहरूलाई भन्दिनँ।' यूहन्नाको विषयमा यति पनि भन्न नसक्नेहरूले उहाँको अधिकारको विषयमा कसरी प्रश्न उठाऊन् त ? उहाँ यूहन्नाभन्दा कति महान् हुनुहुन्थ्यो। यस खण्डबाट स्पष्ट छः परमेश्वरको वचन सिकाउनेले पवित्र आत्माको भरपूरीमा यसो गर्नुपर्छ। यो नभई नहुने अनिवार्य कुरा रहेछ। अनि प्रभु येशूसँग पवित्र आत्माको यो भरपूरी थियो। यसैले उहाँले तिनीहरूलाई जित्नुभयो, जसको अधिकार केवल मानिसहरूबाट दिइएका उपाधि, पदवी र मान्यताहरू थिए।

'तपाईंको डिप्लोमा खोइ, कहाँ छ ? कसले तपाईंको अभिषेक गरेको हँ ?' भन्ने प्रश्नहरू पुरानो प्रश्न हुन्, जुन प्रश्नहरू आजको दिनमा अझै पनि सोधिन्छन्। यसरी नै वर्तमान समयमा पनि सफल सुसमाचारको प्रचारकलाई चुनौती दिइन्छ, जब ऊ कुनै मान्यताप्राप्त विश्वविद्यालय वा धर्मविज्ञानको कालेजबाट तालिमप्राप्त मानिस होइन। उसको अधिकार कहाँबाट आएको ? उसको योग्यता सुनिश्चित गर्ने अभिषेक कसले गरेको ?

## च) लूका २०ः९-१८ः दाखबारीका दुष्ट मोहियाहरूको दृष्टान्त

**लूका २०ः९-१२ः** दाखबारी लगाउने मालिकको दृष्टान्तमा इस्राएली जातिप्रति परमेश्वरको हृदयको अटुट साग्रह र तिर्सना फेरि पनि एक पल्ट

प्रकट गरिएको छ। आफ्नो दाखबारी ठेक्कामा दिने ती एकजना मानिस परमेश्वर हुनुहुन्छ। दाखबारी इस्राएली जाति हो भने त्यसको ठेक्का लिनेहरू इस्राएली जातिका अगुवाहरू हुन् (यशैया ५:१-७)। दृष्टान्तमा दाखबारीको मालिकले दाखबारीको केही फल पाउने हेतुले आफ्ना दासहरूलाई दाखबारीका मोहीहरूकहाँ पठाए। यी दासहरू परमेश्वरका भविष्यवक्ताहरू हुन्, जस्तै यशैया र बप्तिस्मा दिने यूहन्ना आदि, जसले इस्राएली जातिका मानिसहरूलाई पश्चात्ताप गर्ने र विश्वास गर्ने आह्वान दिए। तर इस्राएली जातिका शासकहरूले निरन्तर यी भविष्यवक्ताहरूलाई सताउँथे।

**लूका २०:१३:** अन्तमा तिनीहरूले कतै उहाँलाई आदर गरून् कि भन्ने विचारले परमेश्वरले आफ्नो एकमात्र प्रिय पुत्रलाई पठाउनुभयो। हुन त तिनीहरूले ख्रीष्ट येशूलाई रद्द गरेर तिरस्कार गर्नेछन् भन्ने उहाँलाई थाहा त थियो। याद गर्नुहोस्ः भविष्यवक्ताहरू दासहरू थिए; तर ख्रीष्ट येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो। अरू सबैजनाभन्दा उहाँको भिन्नता यसैमा थियो।

**लूका २०:१४:** बितेका दिनहरूमा तिनीहरूका पुर्खाहरूले गरेझैं यी मोहीहरूले उस्तै काम गरे। तिनीहरूले हकवालालाई मार्न खोजे। *'... र हकको सम्पत्ति हाम्रो हुनेछ'* भन्ने वाक्यले तिनीहरूको मनसाय प्रकट गरेको छः तिनीहरूले इस्राएली जातिका मानिसहरूमाथि अगुवा र शिक्षक हुने आफ्नो सर्वअधिकार अरू कसैसँग बाँड्चूड् गर्न चाहेनन्। तिनीहरू आफ्नो धार्मिक आसन प्रभु येशूलाई सुम्पन राजी भएनन्। तिनीहरूले उहाँलाई मार्न सके भने इस्राएली जातिमाथिको तिनीहरूको सर्वअधिकारको सम्बन्धमा कसैले पनि तिनीहरूलाई चुनौती दिनेथिएन। यहाँसम्म तिनीहरूको भ्रम थियो।

**लूका २०:१५-१७:** *'तब तिनीहरूले उनलाई दाखबारीको बाहिर फालिदिए र मारे।'* दृष्टान्तको यस मोड्मा आइपुगेपछि प्रभु येशूले यहूदी श्रोतागणलाई सोध्नुभयोः *'त्यस दाखबारीका मालिकले यी दुष्ट मोहीहरूसित के गर्लान् त?'* मत्तीको सुसमाचारअनुसार मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरू आफूले यसरी नै यसको आफूलाई दोष्याउने उत्तर

दिएः *'तिनले यी दुष्ट मानिसहरूलाई नराम्रो गरी नष्ट गर्नेछन् र आफ्नो दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्'* (मत्ती २१ः४१)। तर यहाँचाहिँ प्रभु येशू आफूले यसको उत्तर दिनुभएको छः *'तिनी आउनेछन्, र तिनले ती किसानहरूलाई नाश गर्नेछन् र त्यो दाखबारी अरूलाई दिनेछन्।'* यसर्थ जुन यहूदीहरूले ख्रीष्ट येशूलाई तिरस्कार गरे, ती यहूदीहरू नष्ट हुनेछन्, अनि परमेश्वरले अरू मानिसहरूलाई लिएर तिनीहरूको सौभाग्यस्थलमा राख्नुहुनेछ। अरू मानिसहरूलाई भन्नाले अन्यजातिका मानिसहरूलाई बुझिन्छ, साथै अन्तिम दिनहरूमा नयाँ जन्म पाउने यहूदीहरूलाई सङ्केत गरिन्छ। प्रभुको मुखबाट यस प्रकारको सुझाउ सुन्ने यहूदीहरू तर्से। तत्कालै तिनीहरूको मुखबाट 'यो हुनुहुँदैन' सुनियो। तर प्रभु येशूले भजन ११८ः२२ पद उद्धृत गरेर त्यस पदको भविष्यवाणी पुष्टि गर्नुभयोः *'हो, डकर्मीहरूले जुन ढुङ्गा रद्द गरे, त्यही ढुङ्गाचाहिँ कुनाको शिरढुङ्गा भएको छ।'* हो, डकर्मीरूपी यहूदीहरूले ख्रीष्टरूपी ढुङ्गालाई रद्द गरेछन्। तिनीहरूको जीवनको योजनामा उहाँका निम्ति कुनै ठाउँ थिएन। तर परमेश्वरले उहाँलाई मुख्य कुनेढुङ्गा तुल्याएर उहाँलाई सर्वोच्च स्थानमा राख्नुहुने नै छ। कुनाको शिरढुङ्गा नभई नहुने ढुङ्गा हो, जुन ढुङ्गाको स्थान सबैभन्दा आदरणीय हुन्छ।

**लूका २०ः१८ः** यस पदमा ख्रीष्ट येशूका दुईवटा आगमनहरूको झलक [55)] पाइन्छ। उहाँको पहिलो आगमन भुइँमा भएको ढुङ्गाले सङ्केत गर्छ, जुन ढुङ्गामा मानिसहरूले ठेस खाए। मानिसहरूले उहाँको नम्र र दीन रूपमा ठक्कर खाए र उहाँलाई तिरस्कार गरेका हुनाले तिनीहरू टुक्रा-टुक्रा भए। तर यस पदको अन्तिम भागमा हामी त्यो ढुङ्गाचाहिँ स्वर्गबाट खसेको देख्छौं, जुन ढुङ्गाले विश्वास नगर्ने मानिसहरूलाई धूलोपीठो पारिदिनेछ।

## छ) लूका २०ः१९-२६ः सिजरलाई दिनुपर्ने कुरा सिजरलाई र परमेश्वरलाई दिनुपर्ने कुरा परमेश्वरलाई देऊ !

**लूका २०ः१९-२०ः** मुख्य पूजाहारीहरू र शास्त्रीहरूले बुझिहालेः प्रभु येशू तिनीहरूको सम्बन्धमा बोल्नुभएको थियो। यसकारण

तिनीहरूले झन् बढ़ी उहाँमाथि हात हाल्न चाहे। तिनीहरूले जासुस-हरूलाई पठाए, जसले उहाँ कतै केही अनुचित कुरा बोल्नुहुन्छ कि र तिनीहरूले उहाँलाई न्याय-जाँचका निम्ति रोमी राज्यपालको हातमा पक्राइदिन सकून् भन्ने हेतुले उहाँलाई आफ्नो कुरामा फसाउन खोजे। उहाँ कतै सिजरको विरोधमा बोल्नुहुन्छ कि भन्ने आशाले यी जासुसीहरूले पहिले उहाँलाई सर्काउँदै यसरी उहाँको झूटो प्रशंसा गरेः 'गुरुज्यू, तपाईं सधैं ठीक बोल्नुहुन्छ र सठीक शिक्षा दिनुहुन्छ भन्ने कुरा हामीलाई थाहै छ; तपाईं कसैको मुख हेरेर काम गर्नुहुन्न र परमेश्वरको मार्ग साँचो गरी सिकाउनुहुन्छ।'

**लूका २०ः२१-२२ः** त्यसपछि तिनीहरूले उहाँलाई सोधेः 'के हामी यहूदीहरूलाई सिजरलाई कर तिर्नु ठीक छ?' येशू फस्नुभयो। किनकि उहाँले 'होइन, सिजरलाई कर तिर्नुपर्दैन' भनेर भन्नुभयो भने तिनीहरूले उहाँलाई राजद्रोह गरेको आरोप लाउनेथिए र उहाँलाई न्याय-जाँचका निम्ति रोमी सरकारको हातमा सुम्पनेथिए। उहाँले 'हो, सिजरलाई कर तिर्नुपर्छ' भनेर भन्नुभयो भने उहाँले हेरोदीहरूको रिस उठाउनुहुनेथियो, र यस जवाफको कारणले प्रायः जसो यहूदीहरूले उहाँसित दुस्मनी गर्नेथिए।

**लूका २०ः२३-२४ः** तर प्रभु येशूले आफ्नो विरोधमा उठेको यो धूर्त युक्ति थाह पाउनुभयो। उहाँले तिनीहरूबाट एउटा दीनार माग्नुभयो; किनभने सायद उहाँसित कुनै दीनार थिएन कि? तर तिनीहरूसित दीनार रहेछ। जुन पैसाको मुद्रा तिनीहरूको गोजीमा थियो र तिनीहरूको बीचमा चालू हुन्थ्यो, त्यस विदेशी मुद्राले तिनीहरूलाई 'स्वपालित छैनौं रहेछ, तर अन्यजातिको पर-शासनको अधीनतामा रहेछौं' भन्ने कुरा सम्झायो। प्रभु येशूले तिनीहरूलाई सोध्नुभयोः 'यस सिक्कामा कसको मूर्ति र छाप छ?' तिनीहरूले जवाफ दिएः 'यसमा सिजरको मूर्ति र छाप छ।'

**लूका २०ः२५-२६ः** त्यसपछि उहाँको यस आज्ञाले तिनीहरूलाई सधैंका निम्ति चुप गरायोः 'यसो हो भने सिजरलाई दिनुपर्ने कुराहरू सिजरलाई र परमेश्वरलाई दिनुपर्ने कुराहरू परमेश्वरलाई देओ!' तिनीहरूले परमेश्वरका कुराहरूमा भन्दा सिजरका कुराहरूमा किन यत्रो चासो लिएका? 'रुपियाँपैसा सिजरको हो, तर तिमीरूचाहिँ परमेश्वरका

हौ । यसैले संसारलाई त्यसको एक-एक पाई पाउन देओ, तर तिमी उहाँका सृष्टिहरू – परमेश्वरले तिमीहरूलाई पाउनैपर्छ ।' जिन्दगीका महत्त्वपूर्ण कुराहरू लत्याउनेलाई मामुली कुराहरूको विषयमा झगड़ा गर्नु कुनै ठूलो कुरा होइन रहेछ । अनि परमेश्वरलाई दिनुपर्ने भाग उहाँबाट लुटेर मानिस-हरूलाई तिनीहरूलाई दिनुपर्ने ऋण तिर्नु सजिलो हुन्छ ।

## ज) लूका २०ः२७-४४ः सदुकीहरू र पुनरुत्थानको सम्बन्धमा तिनीहरूको अड्को

**लूका २०ः२७ः** राजनीतिक प्रश्न गरेर प्रभु येशूलाई फसाउने तिनीहरूको युक्ति विफल भएपछि सदुकीहरूमध्ये कोही एउटा धार्मिक वाक्छली प्रश्न लिएर उहाँकहाँ आए। सदुकीहरूको विश्वासअनुसार मरेका मानिसहरूको मृतशरीर बौरिउठ्नु असम्भव थियो। यसकारण बौरिउठाइको शिक्षा हास्यास्पद तुल्याउन तिनीहरूले टाढ़ाबाट झिकेको एउटा बनावटी कथा सुनाए ।

**लूका २०ः२८-३३ः** पहिले तिनीहरूले मोशाको व्यवस्थामा लेखिएको निम्न कुरा प्रभु येशूलाई सम्झाएः कुनै मानिसको दाजु सन्तान नभईकन मऱ्यो भने त्यसको भाइले त्यसकी स्वास्नीलाई लैजाओस् र आफ्ना दाजुको परिवारको नाम र परिवारको सम्पत्ति नमासिओस् भन्ने उद्देश्यले त्यसका निम्ति सन्तान पैदा गरोस्! (व्यवस्था २५ः५)। अनि तिनीहरूको बनावटी कथाअनुसार एउटी स्त्रीको विवाह एकसँग भएपछि अर्कोसित हुँदै सातजना भाइहरूसँग भएछ । अनि जब त्यस दाजुको कान्छा भाइ मऱ्यो, तब ऊ अझ पनि निस्सन्तान थिई । अन्तमा यो स्त्री पनि मरी । *'यसकारण बौरिउठाइमा ऊ तिनीहरूमध्ये कसकी स्वास्नी हुन्छे?'* भन्ने प्रश्नको उत्तर तिनीहरूले पाउन खोजे । तिनीहरूले आफूलाई यस प्रकारको जटिल प्रश्न पेश गर्न सक्ने कति बाठै भएका ठाने; किनभने तिनीहरूको विचारमा, यस प्रकारको समस्याको उत्तर थिएन ।

**लूका २०ः३४ः** प्रभु येशूले तिनीहरूलाई जवाफ दिएर के भन्नुभयो भने, विवाहको सम्बन्ध यस जीवनमा मात्र कायम रहन्छ, स्वर्गमा त्यसको

निरन्तरता हुँदैन। पति-पत्नीहरूले स्वर्गमा एक-अर्कालाई चिन्दैनन् भन्ने कुरा उहाँका शब्दहरूको अर्थ होइन। उहाँले यसो भन्नुभएन। तर स्वर्गमा तिनीहरूको बीचमा वैवाहिक सम्बन्ध रहँदैन।

**लूका २०:३५:** *'तिनीहरू जो मरेकाहरूबाटको बौरिउठाइ प्राप्त गर्ने योग्यका हुन्छन्'* भन्ने वाक्यको अर्थ कोही-कोही मानिसहरू व्यक्तिगत तवरले स्वर्गका योग्य हुन्छन् भन्नुतिर लाउनुहुँदैन। पापी मानिसहरूको आफ्नो केको योग्यता हुन्छ र? तिनीहरूको एकमात्र योग्यता प्रभु येशू ख्रीष्टमा छ। यसकारण 'तिनीहरू स्वर्गका योग्य हुन्छन्, जसले आफूलाई जाँच गर्छन्, ख्रीष्ट येशूलाई निर्दोष र पवित्र ठहराउँछन् र आफ्नो योग्यताका निम्ति पूरा श्रेय उहाँलाई नै दिन्छन्।'[56] मरेकाहरूको बीचबाटको बौरिउठाइचाहिँ ख्रीष्ट-विश्वासीहरूको बौरिउठाइ हो। ग्रीक भाषाको कुरा होः एउटा बौरिउठाइ छ, जुनचाहिँ मरेकाहरूको बीचबाट हुन्छ। तर मुक्ति पाएका र मुक्ति नपाएका सबै मरेकाहरू सँगै एकसाथ एकै बौरिउठाइमा बौरिउठ्नेछन् भन्ने धारणा गैर-बाइबलको विचार हो।

**लूका २०:३६:** स्वर्गमा मानिसहरूको अलौकिक अवस्थाको सर्वश्रेष्ठता यस पदले बयान गरेको छ। स्वर्गमा मृत्यु हुनेछैन; अनि यस सम्बन्धमा मानिसहरू स्वर्गदूतहरूसित बराबर हुनेछन्। अनि त्यहाँ तिनीहरू परमेश्वरका सन्तानको रूपमा प्रकट हुनेछन्। ख्रीष्ट-विश्वासी-हरू अहिले पनि परमेश्वरका सन्तान हुन्, तर तिनीहरूलाई हालैमा बाहिर कुनै कुराबाट चिन्न सकिँदैन। तर स्वर्गमा तिनीहरू प्रत्यक्ष रूपमा परमेश्वरका सन्तान भई देखा पर्नेछन्। तिनीहरू प्रथम पुनरुत्थानमा सहभागी भएको कुराले यो सबको निश्चयता दिलाउँछ। *'तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं, किनकि हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं'* (१ यूहन्ना ३:२)। *'जब ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, प्रकट हुनुहुनेछ, तब तिमीहरू पनि उहाँसँगै महिमा प्रकट हुनेछौ* (कलस्सी ३:४)।

**लूका २०:३७-३८:** प्रभु येशूले बौरिउठाइको पक्का प्रमाण दिनलाई प्रस्थान ३:६ पद लिनुभयो, जहाँ परमप्रभुले मोशालाई *'म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ'* भनेर

भन्नुभएको थियो। सदुकीहरूले यस कुरामा एकै क्षण आफ्नो विचार पुऱ्याएका भए तिनीहरूले निम्न कुराहरू बुझ्नेथिएः **क)** परमेश्वर मरेकाहरूका परमेश्वर हुनुहुन्न, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ। **ख)** तीनैजना अब्राहाम, इसहाक र याकूब मरेका थिए। उनीहरूका परमेश्वर हुनलाई परमेश्वरले उनीहरूलाई मरेकाहरूबाट बौराएर उठाउनुपरेको थियो। किनभने परमप्रभुले 'म अब्राहामको परमेश्वर थिएँ' भन्नुभएन, तर 'म अब्राहामको परमेश्वर हुँ' भनेर भन्नुभएको थियो। जीवितहरूको परमेश्वर हुनु उहाँको विशेष गुणले बौरिउठाइ अनिवार्य ठहराउँछ।

**लूका २०ः३९-४४ः** शास्त्रीहरूमध्ये कतिले उहाँको तर्कको शक्ति मान्नुपरेको थियो। तर प्रभु येशूले आफ्नो कुरा अझ सक्नुभएको थिएन। उहाँले फेरि पनि परमेश्वरको वचनको सहारा लिनुभयो। भजन ११०ः१ पदमा राजा दाऊदले मसीहलाई 'मेरो प्रभु' भनेर सम्बोधन गरेका थिए। अनि मसीहचाहिँ दाऊदको पुत्र हुने कुरामा प्रायः सबै यहूदीहरूको बीचमा एक मत थियो। तर उहाँ कसरी एकै समयमा दाऊदको प्रभु र दाऊदको पुत्र हुन सक्नुहुन्छ? प्रभु येशू यस प्रश्नको उत्तर हुनुहुन्थ्यो। किनभने उहाँ दाऊदको वंशबाटको मानिसको पुत्र हुनुहुन्थ्यो; तर उहाँ दाऊदको सृष्टिकर्ता पनि हुनुहुन्थ्यो। तर तिनीहरू यो कुरा देख्न नसक्ने अन्धा थिए।

## झ) लूका २०ः४५-४७ः शास्त्रीहरूको विषयमा प्रभु येशूको चेताउनी

त्यसपछि प्रभु येशूले सबैको सामु आफ्ना चेलाहरूलाई चेताउनी दिएर भन्नुभयोः *'शास्त्रीहरूदेखि होशियार रहो!'* तिनीहरूले भक्तिको भेषको रूपमा लामा वस्त्रहरू पहिरन्थे; तिनीहरू बजारहरूहुँदो हिँड्केको बेलामा मानिसहरूबाट 'माननीय गुरुज्यू' आदि सम्मानका अभिवादन पाउन रुचाउँथे। अनि सभाघरहरूमा अनि भोजहरूमा तिनीहरूले मुख्य-मुख्य आसनहरू ओगट्थे। तर तिनीहरूले असहाय विधवाहरूलाई लुट्ने गर्थे, र उनीहरूबाट उनीहरूले जीवन धान्नलाई साँचेर राखेको जायजेथा पनि

खोस्थे, अनि लामा-लामा प्रार्थनाहरू चढ़ाएर आफ्नो दुष्टताको ढाकछोप गर्थे। यस प्रकारको कपटले तिनीहरूमाथि कड़ाभन्दा कड़ा सजाय निम्त्याएको थियो।

## ञ) लूका २१ः१-४ः विधवाको भेटी

प्रभु येशूले धनी मानिसहरूलाई मन्दिरको ढुकुटीमा आ-आफ्ना भेटीहरू हालेका देख्नुभयो। तर उहाँ कुनै एउटी विधवाको भेटीमा छक्क पर्नुभयो; त्यो भेटी धनीहरूका भेटीहरूभन्दा कति फरक थियो! धनीहरूले आफ्नो सम्पत्तिको केही अंश दिए, तर उसले आफ्नो सबै दिई। परमेश्वरको दृष्टिमा उसले चढ़ाएको भेटी अरू सबै भेटीहरूभन्दा बढ़ी गनिएको थियो। किनकि धनीहरूले आफ्नो प्रशस्तताबाट भेटी चढ़ाए; तर उसले आफ्नो गरिबीबाट चढ़ाई। आफूले ढुकुटीमा हालेको भेटीले धनीहरूलाई अलिकति पनि दुःख्दैनथियो। तर उसले आफूसँग भएको सम्पूर्ण जीविका ढुकुटीमा हालेकी थिई।

> 'परमेश्वरले धनाढ्यको त्यो सुन अथाह कुण्डमा फ्याँक्नुहुन्छ, जुन सुन त्यसको खाँचो नपरेको मानिसले चढ़ाइहाल्यो; तर त्यो रगतले पोतिएको तामाको पैसा – हेर, उहाँले त्यो तामाको सिक्का उठाएर चुम्बन गर्दै अनन्त-अनन्तसम्म रहिरहने सुनमा परिणत गर्नुहुन्छ।' 57)

## ट) लूका २१ः५-११ः भविष्यमा घट्ने घटनाहरूको क्रम वा रूपरेखा

**लूका ३२ः५-३३** पदको खण्डमा प्रभु येशूको महान् भविष्यवाणीरूपी उपदेश प्रस्तुत गरिएको छ। मत्तीको सुसमाचारको चौबीस र पच्चीस अध्यायमा उल्लेख गरिएको उपदेशसित यसको निक्कै समानता हुन्छ, तर यहाँको उपदेश उस्तै-उस्तै होइन। यहाँ हामीले फेरि पनि एउटा कुरा आफूलाई याद दिलाउनुपर्छः सुसमाचारका पुस्तकहरूमा भएका भिन्नताहरूमा ठूलो अर्थ हुन्छ।

यहाँ प्रस्तुत गरिएको उपदेशमा हामीले प्रभु येशूलाई इस्वी संवत् ७० सालमा घट्ने यरूशलेमको विनाश र त्यसपछि उहाँको दोस्रो आगमन हुनुभन्दा अघिको समयमा हुने परिस्थितिहरूको विषयमा पालोसँग बोल्नुभएको पाउँछौं। यो कुरा एकै भविष्यवाणी दुईवटा सन्दर्भहरूमा लाग्ने नियम भनिन्छ; किनभने प्रभु येशूका भविष्यवाणीहरू रोमी सेनापति तीतसले यरूशलेम शहर घेराबन्दी गरेकोमा आंशिक रूपमा पूरा हुन लागेका थिए, तर ती भविष्यवाणीहरू सङ्कष्टकालको अन्तमा पूर्ण रूपले पूरा हुनेछन्।

यस उपदेशको रूपरेखा यस प्रकारको छः

**क)** लूका २१:५-६: प्रभु येशूले यरूशलेमको विनाशको विषयमा भविष्यवाणी गर्नुहुन्छ

**ख)** लूका २१:७: उहाँका चेलाहरूले 'त्यो कहिले हुनेछ' भन्ने प्रश्न सोधे।

**ग)** लूका २१:८-११: पहिले प्रभु येशू आफ्नो दोस्रो आगमन हुनुभन्दा पहिलेका घटनाहरूको विषयमा सामान्य तवरले बोल्नुहुन्छ।

**घ)** लूका २१:१२-२४: त्यसपछि उहाँले यरूशलेमको पतन र त्यसपछि शुरु हुने युगको बेलिबिस्तार दिनहुन्छ।

**ङ)** लूका २१:२५-२६: अन्तमा उहाँले आफ्नो दोस्रो आगमन हुनुभन्दा अघिका लक्षणहरू के-के हुन्, सो बताउनुहुन्छ र आफ्ना चेलाहरूलाई उहाँको आगमनको बाटो हेर्दै जिइरहने आग्रह गर्नुहुन्छ।

**लूका २१:५-६:** केही मानिसहरूले हेरोद राजाले बनाएको मन्दिरको सुन्दरताको प्रशंसा गरेको कुराबाट निहुँ पाएर प्रभु येशूले तिनीहरूलाई 'नष्ट हुन लागेका भौतिक कुराहरूमा विचारमग्न नहुनू, तिनमा ध्यान नदिनू' भन्ने चेताउनी दिनुभयो। किनकि यस्ता दिनहरू आउन लागेका थिए, जुन दिनहरूमा यो मन्दिर पूरा ध्वस्त पारिनेछ।

**लूका २१ः७ः** तुरुन्तै यस कुरामा उहाँका चेलाहरूले जिज्ञासा लिइहाले। त्यो कहिले हुनेछ र त्यसको विनाश हुन लागेको बेलामा के चिन्ह देखा पर्नेछ? उनीहरूको प्रश्नको सन्दर्भ यरूशलेम शहरको विनाशमा केन्द्रित थियो; यसमा शङ्का छैन।

**लूका २१ः८-११ः** मुक्तिदाता प्रभुले उनीहरूको प्रश्नको उत्तर यस प्रकारले दिनुभयोः उहाँले यी पदहरूमा उनीहरूलाई यस युगको अन्तमा लाँदै हुनुहुन्थ्यो, जुन बेलामा उहाँको राज्यको स्थापना हुनुभन्दा अघि मन्दिर फेरि एकपल्ट ध्वस्त पारिनेछ। झूटा ख्रीष्टहरू हुनेछन्; फेक-न्यूसहरू, अफवाहहरू फैलिनेछन्। लड़ाइँहरू र हूलदङ्गाहरू हुनेछन्। जाति-जातिको बीचमा, राष्ट्र-राष्ट्रको बीचमा अमेल र झगड़ाहरू हुनु मात्र कहाँ हो र, ठूला-ठूला प्राकृतिक प्रकोपहरू पनि हुनेछन्, जस्तै भुइँचालाहरू, अनिकालहरू, महामारीहरू, आतङ्कहरू र आकाशबाट ठूला, डरलाग्दा चिन्हहरू आदि।

## ठ) लूका २१ः१२-१९ः अन्त हुनुभन्दा अगाड़िको समय

**लूका २१ः१२-१५ः** अघिको खण्डमा प्रभु येशूले यस युगको अन्तमा घट्ने घटनाहरूको बेलिबिस्तार गर्नुभएको छ भने उहाँले *'तर यी सबै कुराहरूभन्दा पहिले ...'* भनेर यहाँ, यस पदमा एउटा नयाँ विषय शुरु गर्नुहुन्छ। यसकारण मेरो विचारमा, लूका २१ः१२-२४ पदको खण्डले प्रभु येशूको समयदेखि सङ्कष्टकालसम्म त्यसको बीचको अवधिको वर्णन गरेको हुनुपर्छ। उहाँका चेलाहरू पक्राउ पर्नेछन्, सतावटमा पर्नेछन्, धर्म-अधिकारीहरू र सरकारका अधिकारीहरूका न्याय-जाँचमा पर्नेछन्, झ्यालखानामा हालिनेछन्। उनीहरूका आँखाहरूमा यो हार, विफलता र दुःखान्तबाहेक अरू के हुन सक्थ्यो र? तर वास्तवमा प्रभु येशूले आफ्नो महिमाका निम्ति त्यस परिस्थितिमाथि राज्य गर्नुहुन्छ र त्यो साक्षीको सुअवसरमा परिणत गर्नुहुन्छ। उनीहरूले आफ्नो परिवाद वा सफाइका निम्ति अघिबाट कुनै तयारी गर्नुहुँदैनथियो। त्यस आपद्विपद् परेको स्थितिमै परमेश्वरले उनीहरूलाई विशेष बुद्धि दिनुहुनेछ, यहाँसम्म कि

उनीहरूले आफ्नो जवाफमा यस्ता कुराहरू भन्नेछन्, जसद्वारा उनीहरूका विरोधीहरू निरुत्तर पारिनेछन् र शर्ममा पर्नेछन्।

**लूका २१:१६-१८:** परिवार-परिवारभित्र एक-अर्काको विश्वासघात गरिनेछ। मुक्ति नपाएका आफन्तहरूले ख्रीष्ट-विश्वासीहरूलाई थानामा सुम्पिदिनेछन्। कतिजना विश्वासयोग्य गवाहीहरूको हत्या गरिनेछ। सोह्र र अठार पदको बीचमा नमिलेको कुरा के देखिन्छ भने, सोह्र पदमा *'अनि तिनीहरूले तिमीहरूमध्ये कतिजनालाई मार्नेछन्'* लेखिएको र अठार पदमा *'तर तिमीहरूको शिरको एउटा केश पनि नष्ट हुनेछैन'* भनेर लेखिएको छ। त्यसको एकमात्र सम्भव अर्थ यो होः कोही-कोही विश्वासीहरू ख्रीष्ट येशूका निम्ति शहीद हुनेछन्; यस्तो भए पनि यिनीहरूका आत्माको सुरक्षा सुनिश्चित हुनेछ। यिनीहरू मर्नेछन्, तर कहिल्यै नाश हुनेछैनन्।

**लूका २१:१९:** जो-जो ख्रीष्ट येशूलाई त्याग्नुभन्दा बरु उहाँका निम्ति धीरज धारीकन कष्ट भोग्न तयार छन्, तिनीहरूले यसरी नै आफ्नो विश्वासको पक्का प्रमाण दिन्छन्। जस-जसको मुक्ति भएकै हुन्छ, तिनीहरू जुनसुकै हालतमा पनि विश्वासी नै भइरहनेछन् र तिनीहरूले कुनै मूल्यमा पनि आफ्नो बहुमूल्य विश्वास बेच्नेछैनन्। यसकारण अङ्ग्रेजी आर.एस.वी.को अनुवादमा 'तिमीहरूको जीवनको प्राप्ति तिमीहरूको सहनशीलताको फल हुनेछ' भनेर भनिएको छ।

## ड) लूका २१:२०-२४: यरूशलेमको विनाश

अबचाहिँ प्रभु येशूले सफासँग यरूशलेमको विनाश आफ्नो उपदेशको विषयवस्तु बनाउनुहुन्छ, जुन विनाश इस्वी संवत् ७० सालमा पूरा भएको हो। यस घटनाको चिन्ह के हुनेछ? जब यरूशलेम रोमी सेनाहरूले घेरिएको हुनेछ, तब त्यसको विनाश शुरु हुनेछ।

> 'इस्वी संवत् ७० सालमा बाँचिरहेका ख्रीष्ट-विश्वासीहरूले यरूशलेमको सर्वनाश र सङ्गमर्मरले सुसज्जित भएको सुन्दर मन्दिरको ध्वंस हुने काम कहिले शुरु हुन्छ, त्यसका निम्ति एउटा विशेष चिन्ह पाएका थिए। *"जब तिमीहरूले यरूशलेम शहर सेनाहरूले घेरिरहेका देख्नेछौ, तब त्यसको विनाश*

*नजिकै आएको छ भनी जान !"* त्यो सङ्केत यरूशलेमको विनाशको पक्का चिन्ह थियो; अनि त्यो सङ्केत देखेर तिनीहरू भाग्नुपरेको थियो। पर्खालहरूबाहिर घेराबन्दी सेना हुँदा कसरी भाग्न सकिन्छ भनेर अविश्वासको तर्क गरिबस्नु के काम? परमेश्वरको वचन कहिल्यै विफल हुँदैन, तर यसपालिमा पनि विश्वासयोग्य ठहर्‍यो। किन हो, कुनि ? तर रोमी सेनापतिले आफ्ना सेनाहरू छोटो समयका निम्ति यरूशलेमबाट हटाए; यसरी नै विश्वास गर्ने यहूदीहरूले भाग्ने मौका पाए। तिनीहरूले यो मौका छोपे, र भागेर पेल्ला भन्ने ठाउँमा गए, जहाँ तिनीहरू सुरक्षित रहे।' 58)

यरूशलेम शहरमा फर्केर जाने हरेक कोशिश घातक हुनेथियो; किनभने त्यस शहरका मानिसहरूले परमेश्वरको पुत्रलाई तिरस्कार गरेको फलस्वरूप त्यस शहरमाथि परमेश्वरको सजाय आइलागेको थियो। गर्भवती हुनेहरू र दूधेबालक-बालिका हुने आमाहरूलाई परिस्थिति प्रतिकूल हुनेथियो; यिनीहरूलाई परमेश्वरको न्यायदेखि भाग्न अप्ठ्यारो हुनेथियो, जुन न्याय इस्राएल देश र त्यसका मानिसहरूमाथि आइपर्न लागेको थियो। मर्नेहरूको सङ्ख्या धेरै हुनेथियो। अनि उम्केकाहरू कैदी भएर देश-देशमा पुग्नेथिए।

चौबीस पदको बाँकी भागमा एउटा अचम्मको भविष्यवाणी उल्लेख गरिएको छ। अबदेखि उसो, अन्यजातिहरूका समयहरू पूरा नहोउन्जेल, यो पुरानो शहर यरूशलेम अन्तजातिहरूको हातमा पर्नेछ। अबदेखि तिनीहरूले नै यसमाथि शासन चलाउनेछन्। यस भविष्यवाणीको वचनबाट यहूदीहरूलाई बेला-बेलामा छोटो समयका निम्ति यस शहरमाथि अधिकार गर्न दिनेछैन भन्ने अर्थ बुझ्नुहुँदैन। तर अन्य-जातिहरूका समयहरू पूरा नभएसम्म अन्यजातिहरूले यस शहरमाथि बारम्बार हमला गर्नेछन् र यसको अधिकार हस्तक्षेप गर्नेछन् – यस भविष्यवाणीको सठीक अर्थ हो।

नयाँ नियमभित्र 'अन्यजातिहरूको सम्पत्ति', 'अन्यजातिहरूको पूर्णता' र 'अन्यजातिहरूका समयहरू'को बीचमा छुट्ट्याइएको छ।

**क)** रोमी ११:१२: *अन्यजातिहरूको सम्पत्ति* भन्नाले परमेश्वरले इस्राएली जातिलाई केही समयका निम्ति यसको सौभाग्यस्थलबाट

हटाउनुभयो, र वर्तमान समयमा अन्यजातिहरूले यहूदीहरूको सौभाग्य-स्थान ओगटेर त्यसको आशिष उपभोग गर्न पाउनेछन्।

**ख)** रोमी ११ः२५ः *अन्यजातिहरूको पूर्णता*ले त्यो घड़ी सङ्केत गर्छ, जुन घड़ीमा सबै ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिनेछन्। तब विश्वास गर्नेहरूको सङ्ख्या पूरा हुनेछ अनि ख्रीष्ट येशूकी अन्यजातीय दुलही तयार हुनेछे र पृथ्वीबाट उठाइलगिनेछे। त्यसपछि परमेश्वरले फेरि इस्राएली जातिसँग व्यवहार गर्नुहुनेछ।

**ग)** लूका २१ः२४ः *अन्यजातिहरूका समयह*रूचाहिँ इस्वी पूर्व ५२१ सालमा यहूदीहरू बेबिलोनको कैद लगिएको वर्षबाट शुरु भएका हुन्। अनि जुन बेलामा अन्यजातिहरूले यरूशलेम शहरमाथि अधिकार जमाउन छोड्नेछन्, त्यस बेलामा अन्यजातिहरूका समयहरू समाप्त हुनेछन्।

मुक्तिदाता प्रभुले यी भविष्यवाणीका वचनहरू बोल्नुभएको समयदेखि यताको इतिहास साक्षी छः अन्यजातिहरूले प्रायः सधैं नै यरूशलेममाथि आफ्नो अधिकार चलाए। इस्वी संवत् ३३१-३६३ सालमा सम्राट 'धर्मपतित' जुलियानले इसाई धर्मको विषयमा शङ्का-उपशङ्काहरू सृजना गर्ने हेतुले प्रभुको यो भविष्यवाणी असत्य ठहराउन खोजे। यसकारण तिनले यहूदीहरूलाई फेरि आफ्नो मन्दिर बनाउने अनुमति दिए। अनि तिनीहरूले तनमनले यो काम शुरु गरे। यी अतिरञ्जकहरूले चाँदीका बेल्चाहरू काममा लगाए र बैजनी ओढ्नेहरूमा माटो ओसारे। यसरी नै तिनीहरूले मन्दिरको निर्माण गर्दाथिए; तब भुइँचालो आयो, र जमिनबाट बुद्बुद आगोका फोकाहरू निस्के। तत्कालै तिनीहरूको काम बन्द भयो। **59)**

## ढ) लूका २१ः२५-२८ः प्रभु येशूको दोस्रो आगमन

ख्रीष्ट येशूको दोस्रो आगमन हुनुभन्दा पहिले पृथ्वीलाई भयानक प्राकृतिक उत्पात र खलबलीरूपी व्यथाहरू लाग्नेछ। सूर्य, चन्द्रमा र ताराहरूमा पृथ्वीबाट स्पष्ट देखिने गड़बड़ीहरू मच्चिरहनेछन्। ग्रहहरूले

आ-आफ्ना पथहरू छोड़ेर जानेछन्। हुन सक्छ, पृथ्वी आफ्नो अक्षदेखु झुकेर यता कि उता हुनेछ। सुनामीझैं विशाल पानीका तरङहरू उर्लेर धेरै भुभागहरू छोप्नेछन्। आकाशीय पिण्डहरू पृथ्वीसँग ठोकिन खोजेको हुनाले मानिसहरू डरले आत्तिनेछन् र तिनीहरूको ज्यानमा ज्यान रहनेछैन। तर भक्त जनहरूका निम्ति आशा छ; किनकि *'तब तिनीहरूले मानिसको पुत्रलाई शक्ति र महामहिमाको साथ बादलमा आइरहेका देख्नेछन्। जब यी कुराहरू हुन आउन थाल्छन्, तब माथि हेर र आफ्नो शिर उठाओ ! किनकि तिमीहरूको छुटकारा नजिकै आएको छ।'*

## ण) लूका २१:२९-३३: विशेष गरी नेभाराको रूख, अनि अरू सबै रूखहरू हेर !

**लूका २१:२९-३१:** प्रभु येशूको दोस्रो आगमन नजिकै आएको कुरा सङ्केत गर्ने अर्को चिन्ह पनि छः नेभाराको रूख र अरू सबै रूखहरूले पालुवा हाल्छन्। नेभाराको रूखले इस्राएली जातिलाई चित्रण गर्छ। अन्तिम दिनहरूमा इस्राएली जातिमा नयाँ जीवन पाएका लक्षणहरू देखा पर्छन्। इस्राएली जाति धेरै शताब्दीहरूसम्म जाति-जातिहरूको बीचमा तितरबितर भएको थियो, त्यसको अस्तित्व हरायो पनि। तर इस्वी संवत् १९४८ सालमा इस्राएल जाति आफ्नै देश र भूमिमा एउटा राष्ट्रको रूपमा फेरि स्थापित भयो। यसमा अवश्य अर्थ हुन्छ। अनि अहिले संसारका राष्ट्रहरूको परिवारमा सदस्य भई इस्राएलले मान्यता पाएको छ।

अनि अरू रूखहरूले पालुवा हालेको अर्थ के होला त? त्यसले संसारभरि भर्खर विकसित भएका देशहरूमा राष्ट्रवाद अचम्म प्रकारले बढ़ेको र नयाँ-नयाँ सरकारहरूले आफ्नो शिर उठाएको र माथि उठेको कुरा सङ्केत गर्न सक्छ। यी लक्षणहरूले ख्रीष्ट येशूको महिमित राज्यको स्थापना हुन लागेको कुरा पुष्टि गर्नेछन्।

**लूका २१:३२:** प्रभु येशूले भन्नुभयोः *'यी कुराहरू पूरा नहोउन्जेल यो पुस्ता कुनै रीतिले बित्नेछैन।'* तर उहाँले 'यो पुस्ता' भनेर के भन्न खोज्नुभयो ?

**क)** कतिको विचार के छ भने, प्रभु येशूले त्यस पुस्ताको कुरा गर्नुभयो, जुन पुस्ता उहाँले यी वचनहरू बोल्नुभएको बेलामा बाँचिरहेको थियो। यसर्थ उहाँले लूका एकाइस अध्यायमा बोल्नुभएका सबै कुराहरू यरूशलेमको विनाशसित पूरा भए। तर यो यस शब्दको अर्थ हुनै सक्दैन; किनभने ख्रीष्ट येशू त्यस समयमा शक्ति र ठूलो महिमाको साथ बादलमा आउनुभएन।

**ख)** 'यो पुस्ता' भनेर भनेको सम्बन्धमा अरूको विश्वास यस प्रकारको छः यसले ती मानिसहरूलाई सङ्केत गर्छ, जो यी चिन्हहरू पूरा हुन लागेको बेलामा जिउँछन्। जुन मानिसहरूले यी चिन्हहरू शुरु भएका देख्नेछन्, ती मानिसहरूले उहाँको दोस्रो आगमन पनि देख्नेछन्। यसर्थ यी घटनाहरू सबै एकै पुस्ताभित्र पूरा हुनुपरेको छ। यस प्रकारको व्याख्या सम्भव देखिन्छ।

**ग)** तर अर्को अर्थ पनि सम्भव छ। 'यो पुस्ता' भन्नाले यहूदी जातिलाई बुझ्न सकिन्छ, जुन जातिले ख्रीष्ट येशूलाई हेला र विरोध गर्दथियो। यस सङ्केतिक अर्थअनुसार प्रभु येशूले यहाँ के भन्न खोज्नुभएको छ भने, यहूदी जातिको अस्तित्व रहनेछ; तिनीहरू जाति-जातिहरूको बीचमा तितरबितर हुनेछन्, तापनि कहिल्यै नाश हुनेछैनन्। अनि शताब्दीहरूभरि तिनीहरूको वैरभावको भावना उहाँप्रति पनि बदली हुनेछैन।

उपरोक्त सम्बन्धमा हामीलाई ख) र ग) बुँदामा व्यक्त गरिएको अर्थ सठीक लाग्छ।

**लूका २१:३३:** स्वर्ग बितिजान सक्दैन। वायुमण्डल र तारा-मण्डलरूपी आकाश नै बितिजानेछ। अनि पृथ्वी वर्तमान रूपमा रहनेछैन। तर प्रभु येशूका यी भविष्यवाणीका वचनहरू पूरा हुने नै छन्।

## त) लूका २१:३४-३८: जग्गा रहो र प्रार्थना गर !

**लूका २१:३४-३५:** अनि अन्तराल समयमा उहाँका चेलाहरूले चाहिँ के गर्नुपर्छ? उनीहरूले खाना र पिउनुमा बढ़ी ध्यान दिनुहुँदैन; उनीहरू सांसारिक फिक्रीचिन्ताहरूमा डुब्नुहुँदैन। उनीहरूका निम्ति

उहाँको दोस्रो आगमन अचानक आउनुहुँदैन। पृथ्वीलाई आफ्नै स्थायी घर सम्झेर बस्ने सबै मानिसहरूमाथि पो यो घटना अचानक आइपर्नेछ।

**लूका २१ः३६ः** प्रभु येशूका सच्चा चेलाहरू जागा रहनुपर्छ; उनीहरूले हर समयमा प्रार्थना गर्नुपर्छ। उनीहरू यस भक्तिहीन संसारबाट अलग रहनुपर्छ, जुन संसारमाथि परमेश्वरको क्रोध र विनाश निर्धारित समयमा आइपर्नेछ। उनीहरूले तिनीहरूसँग आफ्नो स्थान र पक्ष लिनुपर्छ, जो मानिसको पुत्रको सामु खड़ा हुनका निम्ति योग्य हुन्छन्।

**लूका २१ः३७-३८ः** यी दिनहरूमा प्रभु येशूले दिनहुँ मन्दिरमा शिक्षा दिनुहुन्थ्यो; अनि जैतुन डाँड़ामा उहाँले रात बिताउनुहुन्थ्यो; किनकि उहाँले सृष्टि गर्नुभएको संसारमा उहाँको घर थिएन। अनि एकाबिहान-देखि मन्दिरमा उहाँको वचन सुन्ने मानिसहरूको धुइरो लाग्थ्यो।

# खण्ड ११) लूका २२-२३ः मानिसको पुत्रको कष्ट र क्रूसको मृत्यु

## क) लूका २२ः१-२ः प्रभु येशूलाई मार्ने षड्यन्त्र

**लूका २२ः१ः** अखमिरे रोटीको चाड़चाहिँ निस्तारको बलिको पाठो मारेको दिनको भोलिपल्टदेखि शुरु हुन्छ र सात दिनसम्म लाग्छ, जुन दिनहरूमा कुनै खमिर हालिएको रोटी खानुहुँदैनथियो। निसान महिनाको चौधौं दिनमा अर्थात् यहूदीहरूको समय-तलिकाअनुसार सालैपिच्छे

तिनीहरूको वर्षको पहिलो महिनाको चौधौं दिनमा निस्तार-चाड़ मानिन्थ्यो; अनि त्यस महिनाको पन्ध्र तारिखदेखि पच्चीस तारिखसम्म यो सात दिने अखमिरे रोटीको चाड़ मानिन्थ्यो। तर लूका २२:१ पदमा निस्तारचाड़ नामक अखमिरे रोटीको चाड़ भनेर यी दुवै चाड़हरू एउटै पारिएका छन्। लेखक लूकाले यहूदीहरूका निम्ति यो सुसमाचारको पुस्तक लेखेका भए तिनले निस्तार-चाड़ र अखमिरे रोटीको चाड़को बीचमा रहेको सम्बन्धको बारेमा उल्लेख गर्नुपर्नेथिएन।

**लूका २२:२:** मुख्य पूजाहारीहरू र शास्त्रीहरूले निरन्तर प्रभु येशूलाई मार्ने दाउ हेरिरहेका थिए। तर यो काम तिनीहरूले सुटुक्कै गर्नुपर्छ भन्ने तिनीहरूलाई थाहै थियो; किनभने तिनीहरूलाई जनतादेखिको डर थियो। अनि तिनीहरूले जानकारी पाएअनुसार अझै पनि धेरै मानिसहरूले प्रभु येशूलाई ठूलो सम्मान गर्थे।

## ख) लूका २२:३-६: यहूदा इस्करयोतीको विश्वासघात

**लूका २२:३:** तब शैतान इस्करयोती उपमान भएको यहूदामा पसिगयो, जो बाह्रजना प्रेरितहरूमध्येको थियो। यूहन्ना १३:२७ पदअनुसार प्रभु येशूले निस्तार-भोजमा बस्नुहुँदा यहूदालाई रोटीको टुक्रा दिनुभएपछि भएको कुरा हो। हुन सक्छ, शैतान यहूदाभित्र पसेको सिलसिलामा लूकाले यस कुराको सठीक समय नबताईकन केवल यो कुरा भएको तथ्यमाथि जोड़ दिन खोजे होलान्।

**लूका २२:४-६:** जेजस्तो भए पनि, यहूदा आफ्नो बाटो लाग्यो, र त्यसले मुख्य पूजाहारीहरू र कप्तानहरूसित बोल-कबोल गर्‍यो। ती कप्तानहरूचाहिँ मन्दिरका पालेहरूका कमाण्डरहरू थिए। त्यसले कुनै होहल्ला नमच्चाईकन प्रभु येशूलाई तिनीहरूको हातमा सुम्पने आफ्नो युक्ति अघिबाट होशियारसाथ तयार गरेको थियो। अनि त्यसको यो योजना तिनीहरू सबैका आँखामा ठीक ठहरियो; अनि तिनीहरूले त्यसलाई यति-यति पैसा दिने कबोल गरे। अन्य ठाउँमा लेखिएअनुसार कबोल गरिएको त्यो दाम चाँदीका तीस टुक्राहरू थिए। अनि आफ्नो विश्वासघाती योजना पूरा गर्ने जिम्मेवारी लिएर यहूदा त्यहाँबाट हिँड़्यो।

## ग) लूका २२ः७-१३ः निस्तार-चाड़को तयारी

**लूका २२ः७ः** *'तब अखमिरे रोटीको दिन आयो, जुन दिनमा निस्तारको पाठो बलिदान गरिनुपर्थ्यो'* भनेर लेखिएको कुराले एउटा समस्या सृजना गर्छ। अखमिरे रोटीको दिनचाहिँ निसान महिनाको तेह्र तारिख हुन्थ्यो, जुन दिनमा यहूदीहरूका घरहरूबाट सबै खमिर निकालिन्थ्यो। तर यहाँ, यस पदमा के भनिएको छ भने, त्यस दिनमा निस्तारको पाठो बलिदान गरिनुपर्थ्यो, अनि निस्तारको पाठो बलि गर्ने दिन निसान महिनाको चौधा तारिख हुन्थ्यो। यस सन्दर्भमा श्री लेओन मोर्रिस र अरू बाइबल-विद्वान्‌हरूले निम्न सुझाउ दिएका छन्ः निस्तार-चाड़को सम्बन्धमा दुईवटा समय-तालिकाहरू प्रयोग गरिएका हुनुपर्छः एउटा औपचारिक तालिका र अर्को अनौपचारिक तालिका; अनि यो दोस्रो तालिकाचाहिँ प्रभु येशू र अरूले अपनाए।[60)] यसकारण हाम्रो विश्वास छ, कि यस अन्तिम बिहीवारको दिनका घटनाहरूको विवरण यहाँबाट शुरु हुन्छ र लूका २२ः५३ पदसम्म जान्छ।

**लूका २२ः८-१०ः** प्रभु येशूले पत्रुस र यूहन्नालाई यरूशलेममा पठाउनुभयो। तिनीहरूले निस्तारको भोज तयार गर्नुपरेको थियो। उहाँले तिनीहरूलाई दिनुभएका आदेशहरूबाट स्पष्ट बुझिन्छः प्रभु येशूलाई सबै कुराहरू थाहै थियो। शहरभित्र पसेपछि पानीको गाह्रो बोकिरहेको मानिसले तिनीहरूलाई भेट्‌ने रहेछ। पानीको गाग्रो बोक्ने लोग्ने मानिसलाई भेट्टाउनु पूर्वीय शहरमा विरलै हुन्थ्यो, किनभने पानीको गाग्रो बोक्ने काम त्यहाँका स्वास्नी मानिसहरूले गर्ने गर्थे। यसकारण यहाँ यस लोग्ने मानिसले पवित्र आत्मालाई चित्रण गर्छ, जसले प्रभुको खोजी गरिरहेका आत्माहरूलाई उहाँको सङ्गति भएको ठाउँमा पुऱ्याउनुहुन्छ।

**लूका २२ः११-१३ः** यस लोग्ने मानिसको सम्बन्धमा प्रभु येशूले यसको बस्ने थलो, यसको हिंड्‌ने बाटो आदि सबै कुराहरू मात्र जान्नुहुन्नथियो, तर घरको ती धनीको कुरा पनि जान्नुभयो, जो उहाँका निम्ति र उहाँका चेलाहरूका निम्ति राम्ररी सजिसजाउले तयार भएको आफ्नो

ठूलो, माथिल्लो कोठा दिन राजी थिए। हुन सक्छ, ती मानिसले प्रभु येशूलाई चिनेका थिए र आफूलाई र आफ्नो सारा सम्पत्ति उहाँलाई सुम्पे होलान्। चेलाहरूले आशा गरेको पाहुना-कोठा र उदारचित्त मालिकले प्रबन्ध गरेको सजिसजाउले युक्त ठूलो, माथिल्लो कोठाको बीचमा ठूलो भिन्नता छ। बेतलेहेममा प्रभु येशूको जन्म हुँदा उहाँका निम्ति पौवामा ठावैं थिएन। (ग्रीक भाषामा 'कातालुमा') अनि यहाँ उहाँले आफ्ना चेलाहरूलाई 'त्यो पाहुना-कोठा कहाँ छ' भनेर सोध्न लाउनुभयो। (ग्रीक भाषामा पाहुना-कोठा पनि 'कातालुमा' हो।) तर तिनीहरूलाई त्योभन्दा बढ़िया कोठा, सजिसजाउले युक्त एउटा ठूलो, माथिल्लो कोठा दिइयो।

प्रभु येशूले दिनुभएको पूर्वजानकारीअनुसार सबै कुराहरू भए; अनि यी दुईजना चेलाहरूले निस्तार-भोज तयार गरे।

## घ) लूका २२:१४-१८: अन्तिम निस्तार-भोज

**लूका २२:१४:** कैयौं शताब्दीहरूदेखि यहूदीहरूले निस्तार-चाड़ मनाउँदै आएका थिए, जुन चाड़ हुँदा तिनीहरूले कसरी निष्कलङ्क पाठोको रगतद्वारा मिस्र देशबाट र मृत्युबाट महिमित छुटकारा पाएको सम्झना गर्थे। मुक्तिदाता प्रभु आफ्ना प्रेरितहरूसँग अन्तिम पल्ट निस्तार-चाड़ मान्न बस्नुभएको बेलामा उहाँको मनमा यी सबै कुराहरूको आलो सम्झना भएको हुनुपर्छ। किनभने वास्तविक निस्तारको पाठो उहाँ हुनुहुन्थ्यो, जसले आफूमाथि विश्वास गर्नेहरू सबैका निम्ति, तिनीहरूको मुक्तिको लागि आफ्नो अमूल्य रगत बहाउन लाग्नुभएको थियो।

**लूका २२:१५-१६:** यसपालिको निस्तारचाड़ उहाँका निम्ति विशेष थियो, अर्थपूर्ण थियो। यसकारण दुःख भोग्नुभन्दा अघि उहाँले आफ्ना चेलाहरूसित यो निस्तारको भोज खाने ठूलो इच्छा गर्नुभयो। किनभने यस पृथ्वीमा फर्केर आफ्नो महिमित राज्य स्थापित नगरेसम्म उहाँले निस्तार-चाड़ फेरि कहिल्यै मान्नहुनेथिएन। *'मैले साह्रै लालसा गरेको छु'* भन्ने वाक्यबाट उहाँलाई कत्रो उत्कट इच्छा भएको बुझिन्छ। सारा जगतका ख्रीष्ट-विश्वासीहरूहो, यी शब्दहरूबाट प्रभु-भोकमा प्रभु येशू हामीसँग

सङ्गतिको कति ठूलो लालसा गर्नुहुन्छ भन्ने कुरा बुझ्नुहोस् र याद गर्नुहोस् !

**लूका २२:१७-१८:** निस्तार-चाड़को दस्तुरअनुसार उहाँले कचौरा लिनुभयो, त्यसका निम्ति धन्यवाद चढ़ाउनुभयो र त्यो आफ्ना चेलाहरूलाई 'यो लेओ र आपसमा बाड़' भनेर दिनुभयो अनि फेरि एकपल्ट उनीहरूलाई 'जबसम्म परमेश्वरको राज्य आउनेछैन, तबसम्म म दाखको फलबाट पिउनेछैनँ' भन्ने सम्झना दिलाउनुभयो। परमेश्वरको राज्य भन्नाले यहाँ ख्रीष्ट येशूको हजार वर्षको राज्य बुझ्नुपर्छ। अब लूका २२:१८ पदमा निस्तार-चाड़को वर्णन सकिएको छ।

## ङ) लूका २२:१९-२३: पहिलो प्रभु-भोज

**लूका २२:१९-२०:** अन्तिम निस्तार-भोजको लगातै प्रभु-भोजको स्थापना भयो। प्रभु येशूले यो पवित्र विधि यस हेतुले स्थापित गर्नुभयो, कि यस युगका पुस्ता-पुस्तामा उहाँका चेलाहरूले यसरी नै उहाँको मृत्युको सम्झना जारी राखून्। पहिले उहाँले उनीहरूलाई प्रभु-भोजको रोटी दिनुभयो, जुन रोटीले उहाँको शरीरको चित्रण गर्छ, जुन शरीर उहाँले अब चाँड़ै उनीहरूका निम्ति दिन लाग्नुभएको थियो। त्यसपछि उहाँले प्रभु-भोजको कचौरा लिनुभयो, जुन कचौराले उहाँको अमूल्य रगतको चित्रण गर्छ, जुन रगत उहाँले अब चाँड़ै गलगथाको क्रूसमा बगाउन लाग्नुभएको थियो। उहाँले यहाँ त्यस कचौरालाई *'मेरो रगतमा स्थापित गरिएको नयाँ करारको कचौरा'* भन्ने नाम दिनुभयो। अनि त्यो रगत उहाँका हुनेहरूका निम्ति बगाइन्थ्यो। यसको मतलब यो हो, कि उहाँले खास गरी इस्राएली जातिसित बाँध्नुभएको त्यो नयाँ करार उहाँकै रगतद्वारा पारित भएको हो। अनि यस पृथ्वीमा स्थापित गरिने हाम्रा प्रभु येशू ख्रीष्टको राज्यमा यस नयाँ करारको चरमसीमा हुनेछ र यसको परिपूर्णता हुनेछ। तर हामी ख्रीष्ट-विश्वासीहरूले वर्तमान समयमा यस नयाँ करारको आशिषको लाभ उठाइरहेका छौं।

प्रभुभोजको त्यो रोटी र त्यो दाखमद्य प्रभु येशूको शरीर र उहाँको रगतको सम्झना दिलाउने प्रतीक हुन् र उहाँको शरीर र रगतको चित्रण

गर्छन् भन्ने कुरा खास नभन्नुपर्नेथियो। किनकि त्यस बेलासम्म न उहाँको शरीर चढ़ाइएको थियो, न ता उहाँको रगत बगाइएको थियो। यसकारण यी प्रतीकहरू अचम्म रीतिले बदली भए र यी कुराहरूले साकार रूप लिए, अनि त्यो रोटी र त्यो दाखमद्य उहाँको वास्तविक शरीर र उहाँको वास्तविक रगतको रूपमा परिणत भए भन्ने सुझाउ दिनु असंगत कुरा हो। अनि यहूदी मानिसहरूलाई रगत खानु मनाही थियो; अनि उहाँका चेलाहरूले कुरा बुझेः उहाँले यहाँ यस कचौराको सम्बन्धमा आफ्नो वास्तविक रगतको कुरा गर्नुभएको थिएन, तर उहाँको रगतको सम्झना गराउने प्रतीकको कुरा गर्नुभयो।

**लूका २२ः२१ः** यस पदबाट स्पष्ट छ, कि यहूदा इस्करयोतीचाहिँ अन्तिम भोजमा उपस्थित थियो। तर यूहन्नाको सुसमाचारको तेह्र अध्याय-अनुसार विश्वासघाती यहूदाले प्रभुको हातबाट झोलमा चोपिएको रोटीको टुक्रा लिएपछि त्यो त्यस कोठाबाट निस्केर गयो। अनि प्रभुभोज त्यस बेलासम्म स्थापित भएको थिएन। यसकारण धेरैजनाको विश्वासअनुसार यहूदा इस्करयोती प्रभु-भोजको रोटी र दाखमद्य बाँड़िएको बेलामा उपस्थित थिएन, तर गइसकेको थियो।

**लूका २२ः२२ः** प्रभु येशूले कष्टहरू भोग्नुपर्ने र उहाँको मृत्यु हुने कुरा परमेश्वरको मनसायअनुसार सुनिश्चित भएको थियो। तर यहूदा इस्करयोतीले आफ्नो राजीखुशीले उहाँलाई विश्वासघात गर्‍यो। यसकारण प्रभु येशूले भन्नुभयोः 'यस मानिसलाई हाय, जसको विश्वासघातले गर्दा मानिसको पुत्र पक्राउ पर्नेछ!' यहूदा बाह्रजनामध्ये एक त थियो, तर साँचो विश्वासी भने थिएन।

**लूका २२ः२३ः** यस पदले उहाँका चेलाहरूको विषयमा के प्रकट गर्छ भने, उनीहरू यस वचनमा छक्क परेका थिए, र यस सम्बन्धमा उनीहरूसँग कुनै आत्मविश्वास थिएन। अनि उनीहरूको बीचमा कसले चाहिँ यस प्रकारको पापिष्ठ काम गर्न लागेको छ, सो उनीहरूलाई थाहा थिएन।

## च) लूका २२ः२४-३०ः सेवा गर्नुमा साँचो महानता छ

**लूका २२ः२४-२५ः** प्रभु-भोज खानेबित्तिकै उहाँका चेलाहरूमध्ये कोचाहिँ सबैभन्दा ठूलो गनिने हो, सो सम्बन्धमा कसरी उनीहरूको बीचमा झगड़ा हुन सक्यो ? मानिसको हृदयको डरलाग्दो परिचय दिने आरोप-बाहेक यो अरू के हुन सक्छ ? प्रभु येशूले उनीहरूलाई नयाँ व्यवस्था-अनुसार साँचो महानताको अर्थ खोल्नुभयो, जुन महानता मानिसहरूको विचारसित मिल्दैन, तर ठीक उल्टो हुन्छ। जुन राजाहरूले अन्तजातिका मानिसहरूमाथि शासन गर्छन्, ती राजाहरूलाई महान् व्यक्तिहरू सम्झिन्छन्, र तिनीहरूलाई 'उपकारक' भन्ने नाम दिइन्छ। तर वास्तवमा यी 'उपकारक' भनाउँदाहरू निष्ठूर तानाशाहहरू हुन्। तिनीहरूको कुचरित्र तिनीहरूको सुनामसित अलिकति पनि मेल खाँदैन।

**लूका २२ः२६ः** तर मुक्तिदाता प्रभुका अनुयायीहरूमा चाहिँ यस्तो हुनुहुँदैन। ठूलो हुन खोज्नेहरूले सानो उमेर भएकाहरूको स्थान लिनु-पर्छ। अनि मुख्य हुन खोज्नेहरूले झुकेर अरू भाइबहिनीहरूको विनम्र सेवा गर्नुपर्छ। यस क्रान्तिकारी उक्तिले सर्वमान्य परम्परालाई उल्टाउँछ, जुन परम्पराअनुसार उमेरमा जेठाभन्दा कान्छा सधैं सानो हुन्छ, र मुख्यले मानिसहरूमाथि प्रभुत्व चलाएर आफ्नो महानता देखाउँछन्।

**लूका २२ः२७ः** मानिसहरूको विचारमा, खाना पस्किने सेवकभन्दा खानामा बस्ने अतिथि ठूलो हुन्छ। तर प्रभु येशू मानिसहरूको सेवकको रूपमा आउनुभयो। अनि उहाँका चेलाहरूले यस कुरामा उहाँको देखासिकी गर्नुपर्छ।

**लूका २२ः२८-३०ः** 'मेरा परीक्षाहरूमा मसँग रहिरहने तिमीहरू नै हौ' भनेर अनुग्रही प्रभुले आफ्ना चेलाहरूलाई प्रशंसा गर्नुभयो। तर के उनीहरूले भर्खर आपसमा झगड़ा गरेका थिएनन् ? अनि चाँड़ै उनीहरूले उहाँलाई छोड़ेर भाग्नुहुनेथिए। तर उहाँले उनीहरूको हृदय जान्नुहुन्थ्यो र आफूप्रति उनीहरूको प्रेम देख्नुभयो। अनि उनीहरूले उहाँको नामको खातिर निन्दा सहेका थिए। अनि इस्राएलका बाह्र कुलहरूको न्याय गर्दै

सिंहासनहरूमाथि बस्न पाउने इनाम त्यस बेलामा उनीहरूको हुनेथियो, जुन बेलामा ख्रीष्ट येशू फर्केर आउनुहुनेथियो र दाऊदको सिंहासनमाथि बस्नुहुनेथियो; अनि उहाँले पृथ्वीमाथि राज्य गर्नुहुनेथियो। निश्चय नै परमेश्वर पिताले ख्रीष्ट येशूलाई एउटा राज्यको प्रतिज्ञा गर्नुभएको थियो; अनि त्यस राज्यमा उनीहरू पनि उहाँसँग पुनर्स्थापित भएको इस्राएलमाथि राज्य गर्ने भए; यो पनि सुनिश्चित थियो।

## छ) लूका २२ः३१-३४ः प्रभु येशूले पत्रुसको इन्कारको पूर्वसूचना दिनुभएको

मानिसहरूको अविश्वासयोग्यताको सन्दर्भमा तीनवटा क्रमिक घटनाहरूमध्ये अन्तिमचाहिँ यो हो। यसमा पहिलो बुँदा यहूदा इस्करयोतीको विश्वासघात थियो भने, दोस्रोचाहिँ उहाँका चेलाहरूको सबैभन्दा ठूलो हुन खोज्ने स्वार्थपूर्ण अभिप्राय थियो भने, अबचाहिँ पत्रुसको काँतरता आयो।

**लूका २२ः३१-३२ः** प्रभु येशूले 'शिमोन, शिमोन' भनेर दुईपल्ट पत्रुसलाई सम्बोधन गर्नुभएको मतलब ख्रीष्ट येशूको हृदयमा आफ्नो ढलपल चेलाका निम्ति कति अगाध प्रेम र कोमल दया रहेछ, सो बुझिन्छ। शैतानले उहाँका सबै चेलाहरूलाई गहुँजस्तै निफन्न पाऊँ भन्ने माग गरेको रहेछ। अनि प्रभु येशूले पत्रुसलाई सम्बोधन गरेर यस सम्बन्धमा सबै चेलाहरूलाई के भन्न चाहनुभयो भने, *'... तर मैले तिम्रो विश्वास ग्रसित नहोस् भनेर तिम्रा निम्ति प्रार्थना गरें।'* 'मैले तिम्रा निम्ति प्रार्थना गरें' भन्ने वचन कति गहन छ। फलस्वरूप पतित भएको पत्रुस प्रभुकहाँ फर्केर आउनेथिए, र तिनले आफ्ना सँगीविश्वासी भाइहरूलाई स्थिर पार्नेथिए। पत्रुस फर्केर आएको सम्बन्धमा हामीले स्पष्ट पार्नुपर्छः यो फर्केर आउनुचाहिँ मुक्तिसित सम्बन्धित छैन, तर यहाँ, यस ठाउँमा विश्वासबाट पछि हटेको चेलाको प्रभुसितको सङ्गतिमा पुनर्स्थापित भएको अर्थ लिन्छ।

**लूका २२ः३३-३४ः** पत्रुसलाई यो आत्मविश्वास अलिकति पनि सुहाउँदैन, तर के गर्ने ? तिनले यहाँ प्रभुसित झ्यालखानामा जान र उहाँसँग मर्न तयार भएको अङ्गीकार गर्छन् । तर *'म उहाँलाई चिन्दिनँ भन्दै तिमीले मलाई तीन पल्ट इन्कार गर्नुभन्दा अघि आज भाले बास्नेछैन'* भनेर प्रभु येशूले पत्रुसलाई भन्नुपऱ्यो । बिहानीको मिरमिरे उज्यालो खस्नुभन्दा अघि विचराले प्रभुलाई तीनै पल्ट इन्कार गरिसक्नेथिए ।

मर्कूस १४ः३० पदअनुसार भाले दुई पल्ट बास्नुभन्दा पहिले पत्रुसले प्रभुलाई तीन पल्ट इन्कार गरेको कुरा लेखिएको पाइन्छ भने मत्ती २६ः३४, लूका २२ः३४ र यूहन्ना १३ः३८ पदअनुसार भाले बास्नुभन्दा अघि पत्रुसले प्रभुलाई तीनपल्ट इन्कार गरेको हुनेछ । यो अमेल देखिने कुरा कसरी मिलाऔं ? कसरी सफाइ दिऔं ? तब भाले बास्ने कुरा आयो । भाले राति र बिहानै दुई चोटि बास्न सक्छ नि ! अनि सुसमाचारका पुस्तकहरूमा पत्रुसले तीन पल्ट होइन, तर छ पल्ट इन्कार गरेको बयान गरेको विषयमा कसो ?

पत्रुसले निम्न परिस्थितिहरूमा आफ्ना प्रभुलाई इन्कार गरेः

**क)** मत्ती २६ः६९-७०; मर्कूस १४ः६६-६८ः एउटी नोकरनीको सामु

**ख)** मत्ती २६ः७१-७२ः अर्की नोकरनीको सामु

**ग)** मत्ती २६ः७३-७४; मर्कूस १४ः७०-७१ः छेउमा उभिएका-हरूको सामु

**घ)** लूका २२ः५८ः एकजना मानिसको सामु

**ङ)** लूका २२ः५९-६०ः अर्को एकजना मानिसको सामु

**च)** यूहन्ना १८ः२६-२७ः महापूजाहारीका दासहरूमध्ये एकजनाको सामु; 'के मैले तिमीलाई बगैंचामा यस मानिससित देखेको थिइनँ र' भनेर त्यसले भनेको कुराबाट स्पष्ट छ; त्यो दास अघिका अरू पाँचजनाभन्दा फरक मानिस हुनुपर्छ ।

## ज) लूका २२ः३५-३८ः हालैमा उहाँका चेलाहरूलाई नयाँ किसिमको आदेश किन चाहियो ?

**लूका २२ः३५ः** प्रभु येशूले अघि आफ्नो सेवकाइको पूर्व-समयमा आफ्ना चेलाहरूलाई पैसाको थैली, झोला र जुत्ताविना अर्थात् न्यूनतम सामानसित पठाउनुभएको थियो (लूका १०ः४)। त्यस समयमा उनीहरूलाई अति आवश्यक कुराहरू लैजान पुग्नुपरेको थियो; अनि उनीहरूलाई पर्याप्त भयो पनि। त्यस बेलामा उनीहरूलाई कुनै कुराको खाँचो परेको थिएन। उनीहरू आफू यसको कुराका साक्षी हुन्।

**लूका २२ः३६ः** तर अबचाहिँ उहाँले उनीहरूलाई छोड्न लाग्नुभएको थियो। अनि उनीहरूले उहाँको सेवा गर्ने सम्बन्धमा अर्को कदम चाल्नुपरेको थियो। उनीहरूले अब गरिबी, भोक र खतरा आदि कुराहरूको सामना गर्नुपरेको थियो। अनि उनीहरूले अबदेखि उसो आफ्ना आवश्यकताहरूका निम्ति आफूले बन्दोबस्त गर्नुपरेको थियो। यसकारण उनीहरूले अहिले चाहिँ पैसाको थैली, झोला वा टिफिन-बोक्स बोक्नुपरेको थियो; अनि जससँग तरवार थिएन, उसले आफ्नो वस्त्र बेचेर एउटा किन्नुपरेको थियो।

मुक्तिदाता प्रभुले कुन अर्थमा 'एउटा तरवार किन' भन्नुभयो ? यस सम्बन्धमा कुरा स्पष्ट छ, कि उहाँले पक्का पनि उनीहरूलाई अरू मानिसहरूको विरोधमा त्यो तरवार हमलादार हातहतियारको रूपमा प्रयोग गर्न दिनुभएन। यस प्रकारको अर्थ निम्न पदहरूमा प्रस्तुत गरिएको उहाँको शिक्षाको विरोध गर्छः

यूहन्ना १८ः३६ः *'मेरो राज्य यस संसारको होइन; मेरो राज्य यस संसारको हुँदो हो त म यहूदीहरूकहाँ नसुम्पिइऊँ भनेर मेरा सेवकहरूले लड़ाइँ गर्नेथिए।'*

मत्ती २६ः५२ः *'तरवार लिनेहरू सबै तरवारद्वारा नष्ट हुनेछन्।'*

मत्ती ५ः४४ः *'आफ्ना शत्रुहरूलाई प्रेम गर !'*

मत्ती ५ः३९ः *'जसले तिम्रो दाहिने गालामा थप्पड़ लाउला, त्यसपट्टि अर्को पनि फर्काइदेऊ !'* (यस सन्दर्भमा २ कोरिन्थी १०ः४ पद पनि पढ्नुहोला)

तब 'तरवार किन' भनेर प्रभु येशूले के भन्न खोज्नुभयो ? कतिजनाको सुझाउअनुसार उहाँले यसरी आत्माको तरवारलाई सङ्केत गर्नुभएको छ, जुन तरवार परमेश्वरको वचन हो (एफेसी ६ः१७)। यो अर्थ सम्भव देखिन्छ। तर तरवारलाई आत्मिक अर्थ दिएपछि हामीले पैसाको थैली, झोला र वस्त्रलाई पनि यस प्रकारले एउटा आत्मिक अर्थ दिनुपर्छ।

श्री जोर्च विलियम्स्को सुझाउअनुसार तरवारको अर्थचाहिँ सुव्यवस्थित सरकारको सुरक्षा हुनुपर्छ। तिनले रोमी १३ः४ पद लिएर आफ्नो तर्क पुष्टि गरेका छन्, जहाँ तरवारले उच्च पदाधिकारीको सजाय दिने शक्तिको अर्थ लिन्छ।

श्री जे. पी. लाङ्गेले के भनेका छन् भने यस तरवारले शत्रुहरूको विरोधमा सुरक्षा दिन्छ, तर यो तरवार चलाएर आफ्नो बदला लिनुहुँदैन रे। तर मत्ती ५ः३९ पदले यस प्रकारको अर्थ खारिज गर्छ। उक्त पदअनुसार आफ्नो सुरक्षाका निम्ति पनि तरवार उठाउन पाइँदैन।

फेरि अरूले 'तरवार त जङ्गली पशुहरूको विरोधमा आफ्नो सुरक्षाका निम्ति मात्र चलाउन पाइन्छ' भन्छन्। यो पनि सम्भव छ।

**लूका २२ः३७ः** तर यसको सही उत्तर यस पदमा पाइन्छ। उहाँका चेलाहरूले अहिले पैसाको थैली, झोला र तरवार किन साथमा लानुपरेको थियो ? प्रभु येशू त्यस दिनसम्म उनीहरूको साथमा हुनुहुन्थ्यो। अनि अहिलेसम्म उहाँले उनीहरूको खाँचो पूरा गर्नुहुन्थ्यो। तर यशैया ५३ः१२ पदको भविष्यवाणीअनुसार चाँड़ै उहाँ उनीहरूलाई छोड़िजानुहुनेथियो। उहाँको विषयमा भविष्यवाणी गरिएका कुराहरू पूरा भएर यिनको अन्त हुनेथियो। उहाँ अपराधीहरूसँग गनिनुभएर यस संसारमा उहाँको जीवन र सेवकाइ समाप्त हुनुपरेको थियो। तरवारको सही अर्थ यही रहेछ।

**लूका २२ः३८ः** तर उहाँका चेलाहरूले प्रभु येशूको यो वचन उल्टो बुझे र यस वचनमा बेग्लै अर्थ लगाए। उनीहरूले दुईवटा तरवारहरू कतैबाट झिकिहाले। उनीहरूको विचारमा, उहाँहरूले सामना गर्नुपरेका

समस्याहरू समाधान गर्ने यी तरवारहरू पर्याप्त हुनुपर्नेथियो। तर प्रभु येशूले 'भयो, पुग्यो' भनेर यस प्रकारको अनुचित बातचित अन्त्याउन चाहनुभयो। कुरा स्पष्ट छः उनीहरूले आफ्ना प्रभु येशूलाई मार्न खोज्ने उहाँका शत्रुहरूलाई तरवारको बलले जित्न खोजे। तर यो विचार उहाँको मनसित अलिकति पनि मिल्दैनथियो।

## झ) लूका २२ः३९-४६ः गेत्समनीमा प्रभुको भारी व्यथा

**लूका २२ः३९ः** गेत्समनीको बगौंचाचाहिँ जैतुन-डाँड़ाको पश्चिम पाखामा अवस्थित भएको थियो। प्रभु येशू धेरैजसो यस जग्गामा प्रार्थना गर्न जानुहुन्थ्यो। अनि उहाँको विश्वासघात गर्ने यहूदा इस्करयोतीलगायत उहाँका अरू सबै चेलाहरूले यो कुरा जान्दथिए।

**लूका २२ः४०ः** प्रभु-भोज सिद्ध्याउनुभएपछि प्रभु येशू र उहाँका चेलाहरू त्यस माथिल्लो कोठाबाट निस्कनुभयो र गेत्समनीको बगैंचामा जानुभयो। त्यहाँ पुग्नेबित्तिकै उहाँले तिनीहरूलाई चेताउनी दिएर भन्नुभयोः *'प्रार्थना गर, नत्रता तिमीहरू परीक्षामा पर्छौ!'* हुन सक्छ, यो आदेश दिँदा उहाँको मनमा शत्रुहरू आइलाग्दा कतै उनीहरू आफ्ना परमेश्वर र उहाँको ख्रीष्टलाई त्यागिदिने करकापमा पर्छन् कि भन्ने विशेष परीक्षाको सम्झना भएको थियो, कि कसो हो?

**लूका २२ः४१-४२ः** त्यसपछि प्रभु येशूले आफ्ना चेलाहरूलाई त्यस ठाउँमा छोड्नुभयो, र त्यहाँबाट अघि बढ़ेर त्यस बगैंचाको भित्री भागमा जानुभयो, जहाँ उहाँले एकलै प्रार्थना गर्नुभयो। उहाँको कष्टको प्रार्थना सुनौं, जुन प्रार्थनाको शब्द यस प्रकारको थियोः *'हे पिता, तपाईंले चाहनुभयो भने यो कचौरा मबाट हटाइदिनुहोस्! तरै पनि मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा भएको होस्!'* अनि हामीले उहाँको प्रार्थनाको अर्थ यस प्रकारले बुझेका छौंः उहाँले आफ्नो क्रूसको मृत्यु छोड़ेर पापी मानिसहरूले अरू कुनै उपायले मुक्ति पाउन सके भने हे पिता, यस प्रकारको उपाय अपनाइदिनुहोस् भन्ने विन्ती गर्नुभयो। तर उहाँको यस विन्तीमा स्वर्ग चुप रह्यो; किनभने मुक्तिको अर्को उपाय थिएन।

त्यस बगैंचामा ख्रीष्ट येशूले सहनुभएका कष्टहरू उहाँको त्राणको कामको अंश थियो भन्ने कुरामा हामी विश्वास गर्दैनौं। तर अन्धकारले छाया हालेको तीन घण्टाभित्र क्रूसमा त्यो त्राणको काम पूरा भयो। तर त्यस कामको सिलसिलामा गेत्समनीचाहिँ गलगथाको पूर्व-अनुभव भएको घटना थियो। किनभने यसो गर्नका निम्ति उहाँले हाम्रा पापहरू छुनुपरेको थियो, जुन कल्पनाले प्रभु येशूलाई भारी कष्ट दियो।

**लूका २२ः४३-४४ः** भारी व्यथामा पर्नुभएको प्रभु येशूले यहाँ संघर्ष गर्नुभएको थियो। उहाँ सिद्ध मानिस हुनुहुन्थ्यो भन्ने प्रमाण यहाँ छ। लूकाको सुसमाचारमा मात्र यस प्रकारले लेखिएको छः *'स्वर्गबाट एकजना दूत उहाँकहाँ देखा परे, जसले उहाँलाई शक्ति दिए।'* अनि निपुण वैद्य भएको नाताले लूकाको ध्यान मात्र निम्न कुरामाथि परेको थियोः *'उहाँको पसिना रगतका ठूला-ठूला थोपाझैं भुइँमा खसिरहेको थियो।'*

**लूका २२ः४५-४६ः** प्रभु येशू आफ्ना चेलाहरूकहाँ फर्कनुभयो, र उनीहरूलाई सुतिरहेका भेट्टाउनुभयो। उनीहरूको निद्रा उनीहरूको बेवास्ताको फल होइन, तर शोकले व्याकुल भएर उनीहरू यसरी निदाएछन्। उहाँले उनीहरूलाई जगाउँदै फेरि पनि *'उठ, र प्रार्थना गर, नत्र तिमीहरू परीक्षामा पर्छौ'* भनेर सक्रिय तुल्याउनुभयो; किनभने उनीहरूको परीक्षाको घड़ी आइरहेको थियो, जुन बेलामा उनीहरूले शासन-अधिकारीहरूको सामु उहाँलाई इन्कार गर्ने सम्भवना जारी नै थियो।

## ञ) लूका २२ः४७-५३ः प्रभु येशूको विश्वासघात र पक्राउ

**लूका २२ः४७-४८ः** यति बेला यहूदा इस्करयोती पनि त्यहाँ आइपुग्यो; त्यसको साथमा मुख्य पूजाहारीहरू, बूढ़ा प्रधानहरू र मन्दिरका कप्तानहरूको दलबल थियो। तिनीहरू प्रभु येशूलाई पक्रन आएका थिए। यहूदाले उहाँलाई चुम्बन गर्न नजिक आयो; विश्वासघात गर्नेले अघिबाट तिनीहरूलाई दिएको चिन्ह यही थियो। यस विषयमा श्री जेम्स स्टूवर्टले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

> 'यो कस्तो थरथरी र बीभत्स पैदा गराउने मर्मस्पर्शी महापापको चरमबिन्दु थियो, जब त्यस बगैंचामा आएर यहूदाले कराएर-चिच्च्याएर होइन, मुक्का

> हानेर, घोचेर वा प्रहार गरेर पनि होइन, तर चुम्बन गरेर आफ्नो स्वामीलाई विश्वासघात गरेर पक्राउनेहरूको हातमा सुम्पिदियो । यो चुम्बनचाहिँ मानिसले पार गर्न नसक्ने अपार महापाप थियो ।' **61)**

प्रभु येशूले सोध्नुभयोः *'हे यहूदा, के तिमी मानिसको पुत्रलाई चुम्बनद्वारा पक्राइदिन्छौ ?'* त्यसलाई यो प्रश्न गर्दा उहाँको सोर अपार दयाको थियो ।

**लूका २२ः४९-५१ः** अब के हुन लागेको थियो, सो कुरा उहाँका चेलाहरूले बुझिहाले । अनि उनीहरू यी शत्रुहरूलाई आक्रमण गर्न तयार थिए। अनि उनीहरूमध्ये एकजनाले एउटा तरवार झिके, हाने र महापूजाहारीको दासको दाहिने कान च्वाट्टै काटे। ती एकजना पत्रुस थिए। तर प्रभु येशूले तिनलाई हप्काउनुभयो। आत्मिक लड़ाइँमा यस प्रकारको शारीरिक उपाय अपनाएको के काम ? उहाँको घड़ी आइपुग्यो । अनि परमेश्वरका पूर्वनिर्धारित अभिप्रायहरू पूरा हुनुपरेको थियो। प्रभु येशूले आफ्नो दयामा त्यस पीड़ित व्यक्तिको कान छुनुभयो र त्यसलाई निको पार्नुभयो ।

**लूका २२ः५२-५३ः** यहूदी अगुवाहरू र अधिकारीहरूकहाँ फर्केर प्रभु येशूले तिनीहरूलाई सोध्नुभयोः *'के तिमीहरू डाँकूको विरोधमा आएझैं तरवार र लाठाहरू लिएर निस्किआयौ ?'* उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिनुहुन्थ्यो; तर त्यति बेलामा तिनीहरूले उहाँलाई पक्रन कोशिश गरेका थिएनन्। किन ? उहाँले यसको जवाफ जान्नुभयोः *'यो तिमीहरूको घड़ी हो, र अन्धकारको अधिकार हो।'* समय बिहीवारको मध्यरात थियो ।

यसो हेर्दा प्रभु येशूको धार्मिक न्याय-जाँच तीन कदममा पूरा भयो । पहिले उहाँलाई हन्नासको सामु खड़ा गराइयो। त्यसपछि उहाँ कायफाको सामु उभिनुपर्‍यो। अनि अन्तमा महासभाको सामु उहाँलाई अभियोग लगाइयो। लूका २२ः५४-६५ पदको खण्डमा बयान गरिएका घटनाहरू शुक्रवार राति एक बजे र बिहान पाँच बजेभित्र घटे ।

## ट) लूका २२ः५४-६२ः पत्रुसले प्रभु येशूलाई इन्कार गरे, र धुरुधुरु रोए

**लूका २२ः५४-५७ः** प्रभु येशूलाई महापूजाहारीको भवनमा ल्याइयो । अनि पत्रुसले चाहिँ टाढ़ोबाट पछ्याइरहेका थिए । त्यहाँ चोकको बीचमा कति मानिसहरूले आगो तापिरहेका थिए। अनि भित्र पसेर पत्रुसले तिनीहरूको साथमा बसेर आगो ताप्न लागे । कुनै एउटी नोकरनीले पत्रुसलाई नियालेर हेरी र 'यो मान्छे पनि येशूका चेलाहरूमध्ये एक हो' भनेर ठूलो सोरले भनी । 'हे नारी, म उसलाई चिन्दिनँ' भनेर पत्रुसले यो कुरा इन्कार गरे ।

**लूका २२ः५८-६२ः** थोरै बेरपछि अर्को एकजनाले पत्रुसपट्टि औंल्याएर भन्योः 'तिमी पनि नासरी येशूका अनुयायीहरूमध्येका हौ ।' अनि पत्रुसले फेरि पनि यो कुरा इन्कार गरे। एक घण्टापछि अर्को एकजनाले पत्रुसलाई चिनिहाल्यो र ठोकुवा दिँदै यसो भन्योः 'निश्चय यो गालीली पनि त्यससँग थियो !' तर त्यस मानिसले के भनिरहेको थियो, यसको विषयमा पत्रुसले 'म केही पनि जान्दिनँ' भने। तर यसपालि पत्रुसको तेस्रो इन्कारको विराममा भाले बास्यो । अनि यस अँध्यारो क्षणमा प्रभुले पत्रुसतिर फर्केर हेर्नुभयो। तब पत्रुसले 'भाले बास्नुभन्दा अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ' भनेर प्रभुले तिनलाई भन्नुभएको वचन सम्झे । परमेश्वरको पुत्रको एकै हेराइले पत्रुस बाहिर गए र धुरुधुरु रोए ।

## ठ) लूका २२ः६३-६५ः रोमी सिपाहीहरूले मानिसको पुत्रलाई गिल्ला गरेका

यरूशलेमको पवित्र मन्दिरका पालेहरूका कप्तानहरूले प्रभु येशूलाई पक्राएका थिए। अनि अहिले परमेश्वरको पवित्र भवनका यी संरक्षकहरूले प्रभु येशूलाई गिल्ला गर्न र उहाँलाई पिट्न लागे। अनि उहाँका आँखाहरूमा पट्टि बाँधेर तिनीहरूले उहाँलाई अनुहारमा हिर्काए र

यसो भन्दै उहाँलाई सोधेः 'लौ भन् त, तँलाई हिर्काउने को हो?' तिनीहरूले उहाँको विरोधमा अरू धेरै निन्दाका कुराहरू गरे। तर उहाँले आफ्नो विरुद्धमा पापी मानिसहरूको यति विरोध सहनुभयो।

## ड) लूका २२ः६६-७१ः एकाबिहान महासभाको सामु प्रभु येशूको धार्मिक न्यायजाँच

**लूका २२ः६६-६९ः** पाँच-छ बजेतिर उज्यालो भयो। दिन हुनासाथ जनताको बूढ़ा प्रधानहरूले प्रभु येशूलाई 'सन्हेद्रीन' नामक महासभामा उभ्याए। अनि सन्हेद्रीनका सदस्यहरूले सीधै उहाँलाई सोधेः 'के तँ ख्रीष्ट होस्?' अनि प्रभु येशूले यस प्रकारले भावात्मक उत्तर दिनुभयोः 'तिमीहरूसित यस कुराको चर्च गर्न फाइदा छैन; किनभने तिमीहरू सत्यता ग्रहण गर्न तयार छैनौ।' तर उहाँले तिनीहरूलाई चेताउनी दिएर यसो भन्नुभयोः *'अबदेखि उसो मानिसको पुत्र परमेश्वरको सामर्थी दाहिने हातमा बस्नेछन्'* अर्थात् विनम्रसाथ तिनीहरूको सामु उभिनुभएको मानिसचाहिँ एक दिन परमेश्वरको दाहिने हातपट्टि विराजमान हुनुहुनेछ (भजन ११०ः१)।

**लूका २२ः७०-७१ः** यसकारण तिनीहरूले सफासँग उहाँलाई सोधेः 'त्यसो भए के तँ परमेश्वरको पुत्र होस्?' किनभने तिनीहरूको विचारमा परमेश्वरको पुत्र परमेश्वरसित बराबर हुनुहुन्थ्यो। प्रभु येशूले जवाफ दिनुभयोः 'त्यो म हुँ भनेर तिमीहरू आफूले भन्छौ।' (मर्कूस १४ः६२ पद पनि हेर्नुहोला)। तिनीहरूले सुन्न चाहेको यति थियो। हत, येशू परमेश्वरसित बराबर हुनुभएको? भर्खर तिनीहरूले उहाँको मुखबाट ईश्वर-निन्दा गरेको यो कुरा सुनिहाले। अब तिनीहरूलाई अरू गवाही-हरूको दरकार थिएन। तर एउटै समस्या रहेको थियोः तिनीहरूको व्यवस्थाअनुसार ईश्वर-निन्दकलाई मृत्यु-दण्ड दिनुपरेको थियो। तर वर्तमान समयमा यहूदीहरू रोमी सरकारको अधीनतामा बसेका थिए। अनि रोमी नियमअनुसार कुनै अपराधीलाई मृत्युदण्ड दिने तिनीहरूको अधिकार थिएन। यसकारण तिनीहरूले प्रभु येशूलाई रोमी राज्यपाल

पिलातसकहाँ लानुपर्‍यो। तर पिलातसले ईश्वर-निन्दाजस्तै धार्मिक अभियोगमा कुनै चासो लिँदैनथिए। यसैकारणले तिनीहरूले पिलातसको सामु उहाँको विरोधमा राजनीतिक अभियोग लगाउनुपरेको थियो।

## ढ) लूका २३ः१-७ः राज्यपाल पिलातसको सामु प्रभु येशूको सरकारी न्यायजाँच

**लूका २३ः१-२ः** प्रभु येशूको सम्बन्धमा बसेको महासभाको बैठक सक्नेबित्तिकै तिनीहरूको सारा भीड़ उठ्‍यो, र तिनीहरूले हतारसँग उहाँलाई लगेर उहाँलाई सरकारी न्यायजाँचका निम्ति रोमी राज्यपाल पिलातसको सामु प्रस्तुत गरे। अनि यहूदी धर्मनेताहरूले तुरुन्तै उहाँको विरोधमा तीनवटा राजनीतिक अभियोगहरू लगाए। पहिलो अभियोगः येशूले यहूदी जातिलाई बहकाइरहेको थियो अर्थात् मानिसहरूलाई 'रोमी सरकारप्रति निष्ठवान हुनुहुँदैन' भनेर त्यसको विरोधमा उभाड़ेको थियो। दोस्रो अभियोगः येशूले 'सिजरलाई कर तिर्नुहुँदैन' भनेर यहूदीहरूलाई रोमी सरकारलाई कर दिनदेखि रोकेको थियो। अनि तेस्रो र अन्तिम अभियोगः येशूले आफूलाई राजा तुल्याएको थियो।

**लूका २३ः३-७ः** तब पिलातसले प्रभु येशूलाई सोधेः 'के तिमी यहूदीहरूका राजा हौ ?' अनि उहाँले तिनलाई सीधा 'हो, म हुँ' भनेर उत्तर दिनुभयो। तर पिलातसको विचारमा, उहाँको यस दाबीबाट रोमी सम्राटलाई ढलपल गर्ने कुनै धम्की आएन। तिनले अलग्गै प्रभु येशूसित सोधखोज गरे (यूहन्ना १८ः३३-३८क), त्यसपछि तिनले मुख्य पूजाहारीहरू र मानिसहरूलाई यसो भनेः 'यस मानिसमा म कुनै दोष पाउँदिनँ।' 'गालीलदेखि लिएर यस ठाउँसम्म सारा यहूदियाभरि यसले मानिसहरूलाई उभाड़्छ' भनेर उत्तेजित भीड़ले झन् सुरिएर प्रभु येशूको विरोधमा उहाँले जनतालाई राजभक्ति गर्न नदिएको आरोप लगाए। अनि गालीलको नाम सुन्नेबित्तिकै पिलातसले यसैमा आफ्नो समस्या टार्ने र आफ्नो टाउको जोगाउने उपाय देखे। किनकि गालील तिनको होइन, तर रजौटा हेरोद एन्टिपासको अधिकार-क्षेत्र थियो। यस मामिलामा अबदेखि

उसो आफूले कुनै सरोकार राख्नु नपरोस् भन्ने हेतुले तिनले प्रभु येशूलाई हेरोदको हातमा सुम्पे। अनि संयोगवश यस बेलामा हेरोद एन्टिपास यरूशलेममा आएका थिए।

हेरोद एन्टिपासचाहिँ ती महान् हेरोदका छोरा थिए, जुन राजा हेरोदले बेतलेहेममा त्यहाँका सबै नवबालकहरूलाई मार्न लगाएका थिए। अनि हेरोद एन्टिपासले बप्तिस्मा दिने यूहन्नालाई मारे; किनभने यूहन्नाले तिनलाई तिनको भाइकी पत्नीको विषयमा हप्काएका थिए, जससित तिनले अवैध विवाहको सम्बन्ध राखेका थिए। अनि लूका १३ः३२ पदमा प्रभु येशूले त्यही हेरोदलाई 'स्याल' भन्ने उपनाम दिनुभयो।

## ण) लूका २३ः८-१२ः हेरोदद्वारा प्रभु येशूको अपमानयुक्त सोधखोज

**लूका २३ः८ः** प्रभु येशूलाई देख्न पाउँदा हेरोद निक्कै खुशी भए; किनकि तिनले उहाँको विषयमा धेरै कुराहरू सुनेका थिए। अनि धेरै समय अघिदेखि नै तिनले उहाँबाट कुनै न कुनै चिन्ह वा चमत्कार देख्ने आशा गरेका थिए।

**लूका २३ः९-११ः** तर हेरोदले मुक्तिदाता प्रभुलाई जति पनि प्रश्न गरे, तिनले उहाँबाट एउटै पनि जवाफ पाएनन्। अनि तिनको उपस्थितिमा यहूदीहरूले ठूलो जोशको साथ उहाँको विरोधमा आफ्ना आरोपहरू पेश गरे। तर प्रभु येशूले आफ्नो मुख खोल्नुभएन। हेरोदको कुनै सीप लागेन; यसकारण तिनले उहाँलाई आफ्ना सिपाहीहरूको हातमा दिए, जसले उहाँमाथि हात लगाए, उहाँलाई एउटा भड्किलो वस्त्र पहिराएर खिसी गरे र उहाँलाई पिलातसकहाँ फर्काए।

**लूका २३ः१२ः** पहिले हेरोद र पिलातसको बीचमा दुस्मनी थियो; तर अबचाहिँ तिनीहरू एक-अर्काका मित्र भए; किनकि तिनीहरू प्रभु येशूको विपक्षमा एक थिए। (इस्वी संवत् १०५०-११०७) ओरिदका बिशप थेओफिलक्टले यस विषयमा विलाप गर्दै भनेका छन्ः

‘यी दुईजना दुष्ट मानिसहरूलाई आपसमा आफ्नो दुस्मनी छोड्न र मिलेर येशूको हानि गर्न लाउनुमा शैतानचाहिँ सफल भयो, तर इसाईहरूले मानिसहरूको भलाइ खोज्ने हेतुले आपसमा मित्रता कायम राख्न नसक्दा उनीहरूका निम्ति कति शर्मको कुरा हो ।’

## त) लूका २३ः१३-२५ः पिलातसको न्यायको फैसलाः निर्दोष प्रभु येशू दोषी ठहरिनुभयो

**लूका २३ः१३-१७ः** पिलातसले आफ्नो राजकीय कैदीलाई निर्दोष ठहराउने सठीक फैसला नगरेका हुनाले तिनी अब फसे । हतारमा तिनले यहूदी अगुवाजनहरूलाई भेला गराए, र येशूले राजभक्तिको विरोध गर्नुभएको आरोपको विषयमा तिनीहरूलाई के स्पष्ट पारे भने ‘मैले यस मानिसमा कुनै दोष भेट्टाइनँ, अनि हेरोदले पनि भेट्टाएनन् । यसले मृत्युदण्ड लायकको कुनै काम गरेन ।’ यसकारण तिनको प्रस्ताव यस प्रकारको थियोः ‘म उसलाई सजाय दिएर छोड़िदिनेछु ।’ यस सम्बन्धमा श्री जेम्स स्टूवर्टले टिप्पणी गरेर भनेका छन्ः

‘निस्सन्देह, पिलातसको यस प्रकारको अभागी सम्झौता न्यायसँगत र तर्कसँगत थिएन । किनकि यसरी एकै समयमा येशूको विषयमा आफ्नो कर्तव्य पूरा गर्न खोज्नु र मानिसहरूको उत्तेजित भीड़लाई खुशी पार्न खोज्नु तिनको कमजोर र काँतर कोशिश मात्र थियो । तर यी दुई कुरामा एउटा पनि भएन । अनि यी रिसाएका पूजाहारीहरूले यस प्रकारको फैसला कुनै हालतमा पनि स्वीकार गर्नेथिएनन्; यो स्वभाविक कुरा हो ।’ 62)

**लूका २३ः१८-२३ः** मुख्य पूजाहारीहरू र शासकहरू यस कुरामा रिसाए । येशूको मृत्युदण्ड र बरब्बाको छुटकारा तिनीहरूको माग थियो । बरब्बाचाहिँ एक कुख्यात अपराधी थियो, जो राजद्रोह र हत्याको कारणले झ्यालखानामा हालिएको थियो । काँतर पिलातसले फेरि पनि प्रभु येशूलाई निर्दोष ठहराउन, दोषमुक्त गराउन कोशिश गरे । तर तिनको कुनै सीप लागेन । उत्तेजित भीड़को मागको गगनभेदी आवाजको सामु तिनको

कुरा कसले सुन्ने ? पिलातसले जेजस्तो पनि भनेर पनि मानिसहरूले परमेश्वरको पुत्रको मृत्युदण्डको माग जारी राखे ।

**लूका २३ः२४-२५ः** अनि पिलातसले प्रभु येशूलाई निर्दोष ठहराएको कुरा के भयो ? मानिसहरूलाई खुशी पार्न तिनले उहाँलाई मृत्युदण्डका निम्ति सुम्पिदिए; अनि त्यही समयमा तिनले तिनीहरूका निम्ति तिनी-हरूले मागेको बरब्बालाई छोड़िदिए ।

## थ) लूका २३ः२६-३२ः मानिसको पुत्रलाई गलगथामा लगियो ।

**लूका २३ः२६ः** समय शुक्रवार बिहानको नौ बजे भएको थियो; अनि क्रूसको सजाय दिने स्थानतिर जाँदै गर्दा सिपाहीहरूले कुरेनी निवासी शिमोनलाई प्रभु येशूको क्रूस बोकाए । यस मानिसको विषयमा अरू धेरै जानकारी मिलेन । यसका दुईजना छोराहरू थिए, जो दुवै प्रख्यात ख्रीष्ट-विश्वासी भए (मर्कूस १५ः२१) ।

**लूका २३ः२७-३०ः** प्रभु येशूलाई लगिँदै गर्दा उहाँका अनुयायी-हरूको समवेदनाशील भीड़ले रुँदै उहाँलाई पछ्यायो । उहाँले यी स्त्रीहरूलाई *'हे यरूशलेमका छोरीहरूहो'* भन्दै सम्बोधन गर्नुभयो र तिनीहरूलाई भन्नुभयोः *'मेरा निम्ति होइन, तर आफ्ना निम्ति रोओ !'* यस भनाइको सन्दर्भ इस्वी संवत् ७० सालमा यरूशलेमको सत्यानाश थियो । यी दिनहरूका दुःखकष्ट र क्लेशहरू यति विघ्न हुनेथिए, कि बाँझी र निस्सन्तान स्त्रीहरू धन्यका मानिनेछन्; यस्ता अभागी स्त्रीहरू त्यस समयसम्म निन्दाको कारण मानिन्थे । रोमी सेनापति तीतसको घोर घेराबन्दीको त्रासले गर्दा मानिसहरूले पहाड़हरूलाई 'हामीमाथि खसिदेओ' र डाँड़ाहरूलाई 'हामीलाई छोपिदेओ' भन्नेछन् ।

**लूका २३ः३१ः** त्यसपछि प्रभु येशूले *'किनकि हरियो रूखसँग यिनीहरूले यी कुराहरू गर्छन् भने सुकेकोलाई झन् के गरिएला'* भन्ने वाक्य थप्नुभयो । हरियो रूखचाहिँ उहाँ हुनुहुन्थ्यो भने विश्वास नगर्ने इस्राएली जातिचाहिँ त्यो सुकेको दाउरा थियो । उहाँको भन्नुको तात्पर्य यो

थियोः रोमीहरूले पापरहित र निर्दोष परमेश्वरको पुत्रलाई यस प्रकारले बेइज्जत गर्छन् र कष्ट दिन्छन् भने परमेश्वरको प्रिय पुत्रको हत्याको दोष लाग्नेहरूको विषयमा कसो? तिनीहरूमाथि आइपर्ने सजाय भयानक हुनुपर्छ।

**लूका २३ः३२ः** प्रभु येशूको साथमा अरू दुईजना अपाधीहरू लगिएका थिए, जसलाई पनि मृत्युदण्ड दिइयो।

## द) लूका २३ः३३-३८ः प्रभु येशू क्रूसमा

**लूका २३ः३३ः** मृत्युदण्ड दिइने ठाउँको नाम गलगथा हो, जसको अर्थ 'खोपड़ी' हो, र ल्याटिन भाषामा 'कलभरी' भनिन्छ। [63] हुन सक्छ, त्यस ठाउँको आकार खोपड़ीको जस्तो थियो होला; अथवा मृत्युदण्ड दिइने ठाउँ भएको नाताले त्यस ठाउँको नाम यसो राखियो; किनभने खोपड़ीचाहिँ प्रायः मृत्युको सङ्केत गर्ने चिन्हको रूपमा लिइन्छ। पवित्र धर्मशास्त्र बाइबलमा प्रभु येशूको क्रूसको मृत्युको वर्णन स्मारणीय छ, त्यसमा लगाम लगाइएको छ। यसकारण यस भयानक कष्टको लामो न लामो बेलिबिस्तार पाइँदैन। *'तब तिनीहरूले उहाँलाई र ती कुकर्मीहरूलाई त्यहाँ क्रूसमा टाँगे।'* यस छोटो वाक्यभन्दा अझ छोटो के हुन सक्थ्यो र? यस सन्दर्भमा हामी फेरि पनि श्री जेम्स स्टूवर्टको एउटा उचित टिप्पणी उद्धृत गर्छौंः

> 'ख्रीष्ट येशूको मृत्यु हुने कुरा हामीलाई पच्नु गाह्रो भएको छ, तर उहाँले यस प्रकारको क्रूसको क्रूर मृत्यु भोग्नुपर्ने कुरा हामीलाई विश्वास गर्नु हददेखि बाहिर छ। तर यस्तो हुन आयो। तर जुन-जुन कुरा उहाँले स्पर्श गर्नुभयो, ती सबै कुराहरू अँ, क्रूससमेत उहाँले सुन्दर तुल्याउनुभयो, तिनको शोभा बढ़ाउनुभयो र तिनलाई महिमित प्रभामण्डल लगाइदिनुभयो। तर यस सम्बन्धमा हामी यो कुरा कहिल्यै नभुलौंः कस्ता-कस्ता गहिरा, विस्मयकारी सागरहरूदेखि उहाँले यो क्रूस उच्च स्थानमा ल्याइपुऱ्याउनुभयो।' [64]

*त्यस उच्च पारिएको क्रूसको अर्थ मलाई सिकाउनुहोस् !*
*जसमा दुःख, कष्ट र शोकसँग सुपरिचित हुनुभएको मानिस टाँगिनुभयो;*
*रगत बगाएर मर्नु - उहाँको विषयमा न्यायको फैसला यो थियो;*
*किन होला, किन, हे प्रभु, मलाई भन्नुहोस् !*

*श्रीमत्ती लुसी ए. बेन्नेट*

त्यस दिनमा गलगथामा तीनवाट क्रूसहरू खड़ा थिएः येशूको क्रूस बीचैमा, अनि एक कुकर्मी उहाँको देब्रे हातपट्टिको क्रूसमा र अर्को कुकर्मी उहाँको दाहिने हातपट्टिको क्रूसमा। यशैया ५३ः१२ पद पूरा भयो, जहाँ यसो लेखिएको छः *'उहाँ अपराधीहरूसँग गनिनुभयो।'*

**लूका २३ः३४ः** असीम प्रेम र दयाले भरिनुभएको प्रभु येशूले क्रूसमा पुकार्नुभयोः *'हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्; किनभने यिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्।'* उहाँको यस प्रार्थनाद्वारा ईश्वरीय क्रोधको कति ठूलो प्रलय थामियो – कसलाई थाहा छ? मुक्तिदाता प्रभुको प्रेमको सम्बन्धमा श्री जी. चाम्प्बेल मोर्गनको टिप्पणी यस प्रकारको छः

> 'प्रभु येशूसित यत्रो दुर्व्यवहार गर्ने मानिसहरूप्रति उहाँको मनमा कुनै तीतोपन, कुनै रिस, कुनै बदला लिने भावना थिएन। तर प्रभु येशूको यो प्रार्थना सुनेपछि मलाई निश्चित रूपले के थाहा लाग्छ भने, उहाँमाथि अत्याचार गर्ने त्यो फलामे मुड्की जसलाई मानिसहरूले प्रशंसा गरे र गरिरहेका छन्, त्यो फलामे मुड्कीका निम्ति एकमात्र उचित ठाउँ नरक नै हुनुपर्छ।' 65)

त्यसपछि सिपाहीहरूले उहाँका वस्त्रहरू भाग-भाग गरे र उहाँको सिउनीरहित पोशाकका निम्ति गोला हाले।

**लूका २३ः३५-३८ः** क्रूसको सामु उभिरहेका यहूदी शासकहरूले उहाँलाई गिल्ला गरे र यसो भन्दै उहाँलाई चुनौती दिएः *'त्यसले अरूलाई बचायो; त्यो ख्रीष्ट, परमेश्वरको चुनिएको जन हो भने त्यसले आफूलाई बचाओस्!'* अनि सिपाहीहरूले पनि उहाँलाई सिर्का दिँदै खिसी गरेः 'लौ, तँ यहूदीहरूको राजा, आफूलाई बचा!' तिनीहरूले उहाँको शिरदेखि मास्तिर 'यहूदीहरूको राजा यो हो' भन्ने एउटा दोषपत्र पनि झुन्ड्याए।

अनि यस दोषपत्रको सम्बन्धमा फेरि एक पल्ट हामी श्री जेम्स स्टूवर्टको एउटा टिप्पणी यहाँ उद्धृत गर्छौं, जसले यसो भन्दछन्ः

'यो दोषपत्र ग्रीक, ल्याटिन र हिब्रू – तीनै भाषाहरूमा लेखिएको कुरामा अर्थ छ; त्यो हाम्रा आँखाबाट लुक्न सक्दैन । क्रूसको छेउमा उपस्थित भएको त्यस भीड़को एक-एक मानिसले यो दोषपत्र पढ्नुपर्छ । यसको उद्देश्य पक्का पनि यही भएको हुनुपर्छ । तर ख्रीष्टको मण्डलीले चाहिँ सधैंभरि यो दोषपत्र संसारमाथि उहाँको प्रभुत्वको अधिकार-पत्रको रूपमा देख्यो, जुन कुरा बिलकुल साँचो र सत्य हो । किनभने यी तीनवटा भाषाहरूचाहिँ विश्वका प्रसिद्ध भाषाहरू थिए, जुन भाषाहरूमा एक-एक क्षेत्रको प्रतीकात्मक अर्थ छ । ग्रीक भाषा संस्कृति र ज्ञानको भाषाको रूपमा मानिन्थ्यो; यसकारण त्यस क्षेत्रमा प्रभु येशू राजा हुनुहुन्छ भन्ने कुरा यस दोषपत्रको भावात्मक अर्थ हो । अनि ल्याटिन भाषा कानुनको र रोमी सरकारले प्रयोग गर्ने शासन-प्रशासनको भाषा थियो । अनि ती क्षेत्रहरूमा पनि प्रभु येशू राजा हुनुहुन्छ । हिब्रूचाहिँ यहूदीहरूको भाषा थियो, जुन भाषामा परमेश्वरले आफ्नो धर्मको प्रकाश दिनुभएको थियो । अनि प्रभु येशू सत्धर्ममाथि पनि राजा हुनुहुन्छ । हो, उहाँ क्रूसमा झुन्डिएर मर्नुभयो; यो सही हो । तर *"उहाँको शिरमा धेरै मुकुटहरू थिए"* भन्ने कुरा उत्तिकै सत्य हो (प्रकाश १९ः१२) ।' [66)]

## ध) लूका २३ः३९-४३ः यी दुईजना डाँकूहरू

**लूका २३ः३९-४१ः** अरू सुसमाचारका पुस्तकहरूको विवरणबाट के बुझिन्छ भने, शुरुमा यी दुई डाँकूहरूले पनि प्रभु येशूको निन्दा गरे । उहाँ ख्रीष्ट हुनुहुन्छ भने, उहाँले आफूलाई र तिनीहरूलाई किन बचाउनुहुन्न ? यो तिनीहरूको मनबाट उठेको प्रश्न थियो । तर त्यसपछि तिनीहरूमध्ये एकजनाको मन बदलियो; अनि उसले आफ्नो साथीलाई यसो भनेर हप्कायोः *'के तँ परमेश्वरको डर मान्दैनस् ?'* तिनीहरूले आ-आफ्ना अपराधको फलस्वरूप दुःख भोगिरहेका थिए। तिनीहरूले आफ्नो कुकर्मको उचित दण्ड पाइरहेका थिए। तर तिनीहरूको बीचमा क्रूसमा झुन्डिएका यी मानिसचहिँ – यिनले कुनै अनुचित काम गरेका थिएनन् ।

**लूका २३ः४२ः** प्रभु येशूतिर फर्केर यस डाँकूले उहाँलाई भन्योः 'हे प्रभु,[67)] जब तपाईं आफ्नो राज्यमा पुग्नुहुन्छ, तब मलाई

सम्झाइदिनुहोस् !' अथवा अर्को अर्थमाः जब उहाँ पृथ्वीमाथि आफ्नो राज्य स्थापित गर्न फर्केर आउनुहुनेछ, तब उहाँले उसलाई नबिर्सून्। यस प्रकारको विश्वास यस डाँकूमा पाउनु अचम्मको कुरा हो। किनकि प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुहुनेछ, र अन्तमा उहाँले संसारमाथि राज्य गर्नुहुनेछ भन्ने कुरा उसले विश्वास गरेको थियो।

**लूका २३ः४३ः** प्रभु येशूले उसको विश्वास कदर गर्नुभयो र उसलाई निम्न प्रतिज्ञा दिनुभयोः *'म तिमीलाई साँच्चै भन्दछु, आज नै तिमी मसँग स्वर्गलोकमा हुनेछौ।'* 'परोडाइस' अथवा स्वर्गलोकचाहिँ तेस्रो स्वर्ग पनि भनिन्छ (२ कोरिन्थी १२ः२ र ४)। अनि यो 'परोडाइस'चाहिँ परमेश्वरको वासस्थान हो। 'आज' अर्थात् ढिलो नहुने गरी कति चाँड़ो; 'मसँग' कस्तो अमूल्य सँगतमा; 'स्वर्गलोक' कत्रो आनन्द ! यस विषयमा श्री चार्ल्स आर. एर्डम्यानले यसरी लेखेका छन्ः

'यस कथाबाट यो सत्यता प्रकट भएको छः हाम्रो मुक्ति दुईवटा सर्तमा निर्भर गर्छः पश्चात्ताप र विश्वास। तर यस कथामा हाम्रा निम्ति हामीले सिक्नुपर्ने अरू पाठहरू पनि समावेश छन्, जस्तैः मुक्ति बप्तिस्मा र प्रभु-भोजको विधिमा निर्भर गर्दैन। किनकि यस डाँकूको बप्तिस्मा कहिल्यै भएन। अनि यो मानिस कहिल्यै प्रभु-भोजमा सहभागी हुनै सकेन। ... विरोध गर्ने मानिसहरूको भीड़को सामु, शासकहरू र सिपाहीहरूले खिसी र गिल्ला गरेको बेलामा यस मानिसले निडरको साथ खुला रूपले प्रभु येशूमाथि आफ्नो विश्वास स्वीकार गऱ्यो, र उसले मुक्ति पायो। उसले मुक्ति पाउँदा इसाई धर्म-नियमअनुसारका विधिहरू खोइ, कहाँ थिए ? ! अनि मुक्तिको विषयमा अर्को कुरा पनि सुस्पष्ट छः मुक्तिचाहिँ असल कामहरूसित सम्बन्धित हुँदैन। ... अनि मरेकाहरूको आत्मा सुतिरहेको छ भन्ने कुरा पनि सत्य हुँदैन। मृत-शरीर सुत्ला, तर मृत्युपछि मानिस होशमा हुन्छ। अनि यहाँ, यस ठाउँमा 'पुर्गटोरी' नामक शोधन-स्थान कहाँ छ? यसका निम्ति कुनै स्थानै छैन। किनभने पश्चात्ताप गर्ने डाँकूले पाप र शर्मले पूर्ण जीवनबाट तुरुन्तै स्वर्गको आनन्दमा प्रवेश गऱ्यो। अनि यो कुरा यस ठाउँमा पनि भन्नुपर्लाः मुक्तिचाहिँ व्यक्तिगत हो, सार्वजनिक होइन। किनभने दुईजना डाँकूहरू थिए, तर एकजनाले मात्र मुक्ति पायो। अनि याद गर्नुपर्ने अन्तिम बुँदा यो होः मृत्युपारि हाम्रो आनन्द कुन

कुरामा हुनेछ ? हाम्रो आनन्द ख्रीष्ट येशूसितको हाम्रो व्यक्तिगत सँगतमा हुनेछ । प्रभु येशूले यस मर्न लागेको डाँकूलाई दिनुभएको प्रतिज्ञाको मुटु "तिमी मसित हुनेछौ" भन्ने शब्दमा छ । यो हो हाम्रो आशाको परमधन्य निश्चयता ! "मेरो इच्छा त हुन्छ, म बिदा लिऊँ र ख्रीष्टसँग रहूँ; किनकि यो अति नै राम्रो हुनेथियो ।" ' 68)

येशू ख्रीष्टको एकपट्टिबाट एकजना स्वर्ग गयो र उहाँको अर्कोपट्टिबाट एकजना नरक गयो । अनि तपाईंचाहिँ प्रभु येशूमाथिको विश्वासको सम्बन्धमा कता, देब्रे-दाहिने कुनपट्टिको हुनुहुन्छ ?

## न) लूका २३ः४४-४९ः तीन घण्टाको अन्धकार

**लूका २३ः४४ः** सारा देश अन्धकारले छोपेको थियो । ग्रीक भाषाअनुसार यहाँ, यस वाक्यमा 'संसारभरि अन्धकार थियो' भन्ने अर्थ पनि सम्भव छ । अनि यो अन्धकार बाह्र बजेदेखि तीन बजेसम्म रह्यो । यो अन्धकार इस्राएली जातिका निम्ति एउटा चिन्ह थियो । तिनीहरूले येशूमा संसारको ज्योतिलाई इन्कार गरे, अनि यही कारणले परमेश्वरको न्याय-अनुसार तिनीहरू अब अन्धा भए र अन्धा रहनुपर्छ ।

**लूका २३ः४५ः** अनि मन्दिरको पर्दा बीचैमा च्यातियो, टुप्पादेखि फेदसम्म च्यातियो । यस चित्रणबाट यो सत्यता स्पष्ट बुझिन्छः प्रभु येशू ख्रीष्टको त्राणात्मक मृत्युद्वारा परमेश्वरकहाँ जाने प्रवेश सबैजनाका निम्ति खोलिएको छ, जसले उहाँमाथि राखिएको विश्वास लिएर परमेश्वरकहाँ आउँछन् (हिब्रू १०ः२०-२२) ।

**लूका २३ः४६-४७ः** यी अन्धकारले छाया परेका घण्टाहरूमा प्रभु येशूले क्रूसमा हाम्रा पापहरूको सजाय आफ्नो शरीरमा भोग्नुभयो । अनि यस अवधिको अन्तमा उहाँले आफ्नो आत्मा परमेश्वर पिताको हातमा सुम्पनुभयो र राजीखुशीले आफ्नो जीवन अर्पण गर्नुभयो । प्रभु येशूको मृत्युमा रोमी सुबेदार यति चकित र प्रभावित भए, कि तिनले स्वीकार गरेर र परमेश्वरलाई महिमा दिएर यसो भनेः *'निश्चय यिनी धर्मी मानिस भएका हुनुपर्छ ।'*

**लूका २३ः४८-४९ः** क्रूसको यस मार्मिक दृश्यले सारा भीड़लाई डर र शोकले छियाछिया पाऱ्यो र अशुभ आउन लागेको पूर्वलक्षणको बोध दिलायो। प्रभु येशूका विश्वासी चेलाहरू र गालीलदेखि उहाँको पछि-पछि आएका स्त्रीहरू टाँढ़ाबाट यी कुराहरू हेर्दै उभिए। अनि उनीहरू संसारको इतिहासमा सबैभन्दा महत्त्वपूर्ण सङ्गिन घटनाका प्रत्यक्षसाक्षी बने।

## प) लूका २३ः५०-५६ः अरिमथियाको यूसुफको चिहानमा प्रभु येशूको दफन

**लूका २३ः५०-५४ः** अरिमथियाका यूसुफचाहिँ त्यस बेलासम्म प्रभु येशूको गुप्त चेला थिए। तिनी 'सन्हेद्रीन' नामक महासभाको सदस्य थिए; तर तिनी प्रभु येशूको विषयमा महासभाले लिएको न्यायको फैसलामा सहमत थिएनन्। अबचाहिँ तिनी सहासी भई राज्यपाल पिलातसकहाँ गए, र उनलाई 'येशूको मृत-शरीर क्रूसबाट तल झारेर सम्मानपूर्वक उहाँको दफन गर्न पाऊँ' भन्ने विन्ती गरे। समय तीन बजेदेखि साँझको छ बजेको बीचको थियो। तिनलाई अनुमति दिइयो; अनि त्यसलाई तल झारेर यूसुफले त्यसलाई सुती कपड़ामा लपेटे र त्यसलाई चट्टानमा खोपिएको एउटा चिहानमा राखे, जसमा अघि कहिल्यै कुनै मानिसलाई राखिएको थिएन।

शुक्रवारको दिन थियो, तयारीको दिन थियो। विश्रामदिन शुरु हुन लागेको थियो। यसमा याद गर्नुपर्छ कि यहूदीहरूको विश्रामदिन शुक्रवार बेलुका छ बजेदेखि शुरु हुन्थ्यो, जब घाम अस्ताउँथ्यो।

**लूका २३ः५५-५६ः** गालीलबाट उहाँसँग आएका ती विश्वासी स्त्रीहरूले यूसुफलाई पछ्याउँदैथिए, जब तिनले येशूको मृत-शरीर चिहानमा गाड्न लाँदैथिए र त्यसमा राख्दैथिए। त्यसपछि उनीहरू फर्केर गए, र सुगन्धित मसाला र तेलहरू तयार गरे, यस हेतुले कि विश्रामदिन सक्नेबित्तिकै उनीहरूले चिहानमा आएर आफ्नो प्रिय प्रभुको शरीरलाई शव-संलेपन गर्न सकून्।

एक प्रकारले यूसुफले प्रभु येशूको मृत-शरीरको दफन गर्दा आफूलाई पनि गाड़े; किनभने यस कार्यले तिनलाई सधैंका निम्ति आफ्नो जातिबाट अलग पाऱ्यो, जुन जातिले जीवनको स्वामी, अँ, महिमाको प्रभुलाई क्रूसमा टाँगेर माऱ्यो। अबदेखि उसो तिनी धर्मको हिसाबले यहूदी भएनन्। अबदेखि चाहिँ तिनी नैतिक हिसाबले पनि त्यस जातिबाट अलग जिउँथे र यसरी नै त्यसको विरोधमा गवाही दिइरहन्थे।

विश्रामदिनमा यी स्त्रीहरूले विश्राम लिए, र यसरी विश्रामदिनको विषयमा दिइएको आज्ञा पालन गरे।

# खण्ड १२) लूका २४ः मानिसको पुत्रको विजय

## क) लूका २४ः१-१२ः ती स्त्रीहरू रित्तो चिहानको सामु

**लूका २४ः१ः** आइतवारको दिन एकाबिहानै ती स्त्रीहरू आफूले येशूको मृत-शरीरका निम्ति तयार गरेका मसालाहरू लिएर त्यस चिहानमा आइपुगे। तर प्रश्न उठ्छः तिनीहरूले त्यस चिहानभित्र भएको येशूको शरीरकहाँ कसरी पुग्न चाहे? त्यस चिहानको ढोकामा एउटा ठूला ढुङ्गा गुड़ाएर राखिएको कुरा के तिनीहरूलाई थाहा थिएन र? वचनले हामीलाई यस प्रश्नको उत्तर दिँदैन। तिनीहरूको विषयमा हामीलाई यति थाहा भएको छः तिनीहरूले प्रभु येशूलाई अति नै प्रेम गर्थे। अनि कतिपल्ट प्रेम गर्ने मानिसले आफ्नो उद्देश्य पूरा गर्न नदिने बाधाहरू बिर्सन्छ।

तिनीहरूको प्रेमले तिनीहरूलाई सबेरै उठ्ने प्रेरणा दियो (लूका २४:१), र तिनीहरूको त्यस कामको प्रतिफल प्रशस्त थियो (लूका २४:६)। ठीक त्यस्तै बौरिउठ्नुभएको प्रभुले बिहान छिट्टै उठेर उहाँलाई यत्नसित खोज्नेहरूलाई अझै पनि ठूलो प्रतिफल दिनुहुन्छ (हितोपदेश ८:१७)।

**लूका २४:२-१०:** तिनीहरू त्यस चिहानमा पुगेको बेलामा चिहानको मुखबाट त्यो ढुङ्गा गुड़ाएर हटाइएको थियो; अनि तिनीहरू त्यस चिहानभित्र गए। तर तिनीहरूले तत्कालै देखेः प्रभु येशूको शरीर त्यहाँ थिएन। तिनीहरू आश्चर्यचकित परेको स्वभाविक कुरा हो। तिनीहरूले प्रभु येशूको शरीर त्यहाँ नभएको खास कारण के थियो, सो पत्ता भेट्टाउन खोजेको बेलामा चम्किलो वस्त्र पहिरिएका दुईजना स्वर्गदूतहरू तिनी-हरूकहाँ देखा परे (यूहन्ना २०:१२)। अनि उनीहरूले तिनीहरूलाई उहाँ जिउँदो हुनुहुन्छ भन्ने आश्वासन दिए। उहाँलाई त्यस चिहानमा खोज्नु व्यर्थ छ; किनभने आफ्नो प्रतिज्ञाअनुसार उहाँ बौरिउठ्नुभएको थियो, जुन प्रतिज्ञा गालीलमा हुनुभएको बेलामा उहाँले तिनीहरूलाई गर्नुभएको थियो। मानिसको पुत्र पापी मानिसहरूको हातमा पर्नुहुन्छ र क्रूसमा मर्नुपर्छ र तेस्रो दिनमा बौरिउठ्नुहनेछ भन्ने कुरा उहाँले तिनीहरूलाई पूर्वजानकारी दिनुभएको थियो (लूका ९:२२ र १८:३३)। तब यो कुरा तिनीहरूलाई याद भयो। तिनीहरूले शहरमा फर्कन पूरा हतार गरे र यो खबर एघारजना चेलाहरूलाई भनिदिए। सबैभन्दा पहिले प्रभु येशूको बौरिउठाइको शुभ खबर प्रचार गर्नेहरूमध्ये मरियम मग्दलिनी, योअन्ना र याकूबकी आमा मरियम थिए।

**लूका २४:११-१२:** यी एघार चेलाहरूले तिनीहरूको कुरा विश्वासै गरेनन्। उनीहरूको विचारमा, यो खबर एउटा दन्त्य कथा मात्र थियो – कस्तो अचम्मको स्वैरकल्पना! तब पत्रुस उठे र त्यस चिहानमा गए, र तिनले देखेः अँ, सुती कपड़ाहरू अलग्गै पड़िरहेका रहेछन्। अघि यी सुती कपड़ाहरू उहाँको मृत-शरीरलाई कसिलो हुने गरी वरिपरि बेहेरिएका थिए। यी सुती कपड़ाहरू खोलिएका थिए कि अथवा के ती कपड़ाहरू अझै मृतशरीरलाई बेहेरिएको अवस्थामा थिए कि? यो कुरा वचनले

हामीलाई भन्दैन। तर ती सुती कपड़ाहरू मृत-शरीरको रूपमै थिए भन्ने कल्पना गर्नुमा केही गल्ती नहोला। हाम्रो विचारमा, प्रभु येशूले यी सुती कपड़ाहरू पुतलीले कोया छोड़ेर गएझैं छोड्नुभयो। जे होस्, कात्रोरूपी यी सुती कपड़ाहरू त्यहाँ छोड़िएको कुराले उहाँको मृतशरीर चोरी नभएको प्रमाण दिन्छ। चोरहरूले मृत-शरीरबाट यस प्रकारले बेहेरिएको कात्रो हटाउने समय पाउँदैनन् नि। पत्रुस घर फर्के। तिनका निम्ति यो कुरा रहस्यमय रह्यो र यस घटनाको मतलब तिनलाई अझ स्पष्ट भएन।

## ख) लूका २४ः१३-३५ः इम्माउसको बाटोमा

**लूका २४ः१३ः** इम्माउसमा बस्ने दुई चेलाहरूमध्ये एकजनाको नाम क्लेओपा थियो (लूका २४ः१८); तर अर्को चेला को थियो, सो हामी जान्दैनौं। त्योचाहिँ क्लेओपाकी पत्नी थिइन् भन्ने अड़कल काटिन्छ; परम्पराअनुसार त्यो दोस्रो चेलाचाहिँ लूका आफै हुन सक्छन् अरे। तर त्यस चेलाको विषयमा एउटा कुरा मात्र सुनिश्चित छः तिनी एघारजना प्रेरितहरूमध्येका थिएनन् (लूका २४ः३३)। जे होस्, यी दुईजना यरूशलेमदेखि इम्माउसमा फर्किँदैथिए र अफसोस मान्दै [69] बाटोमा प्रभु येशूको मृत्यु र दफनका सबै बेहोराहरू खुलाएर बातचित गर्दैथिए।

इम्माउस यरूशलेमदेखि उत्तर-पश्चिम पर्थ्यो, र त्यहाँदेखि सात माइल टाढ़ा थियो।

**लूका २४ः१४-१८ः** तिनीहरू हिँड्दै गर्दा एकजना परदेशी तिनीहरूसँग भेट भई सँगसँगै हिँड्न थाल्नुभयो। त्यो परदेशी बौरि-उठ्नुभएको प्रभु येशू हुनुहुन्थ्यो; तर तिनीहरूले उहाँलाई चिनेनन्। उहाँले तिनीहरूलाई सोध्नुभयोः 'तिमीहरूले आपसमा के कुरा गर्दैछौ?' एकक्षण तिनीहरू केही नभनी चुप रहे; किनकि तिनीहरू साह्रै दुःखी थिए। तर त्यसपछि यस प्रश्नमा अचम्म मान्दै गरेका क्लेओपाले उहाँलाई जवाफ दिएर भनेः 'हालैमा यरूशलेममा घटेको कुराको विषयमा कोही पनि अनजान छैन, सबैलाई थाहा थियो, अँ, हजुरजस्तै परदेशीलाई समेत यो पनि विदितै हुनुपर्ने।'

**लूका २४ः१९-२४ः** प्रभु येशूले तिनीहरूलाई फेरि पनि सोध्नुभयोः 'किन ? के भयो त ?' उहाँले तिनीहरूको कुरा अझ स्पष्ट बुझ्न खोज्नुभयो। तब पानीको धारा बगेझैं कुरा निस्क्योः 'हामी नासरतको येशूको विषयमा कुरा गर्दैछौं; उहाँ काम र वचनमा शक्तिशाली भविष्यवक्ता हुनुहुन्थ्यो। तर अफसोस, मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँको न्यायजाँच गरे, उहाँलाई दोषी ठहराए र उहाँलाई क्रूसमा टाँगेर मृत्युदण्ड दिए।' यसरी नै तिनीहरूको आशा चकनाचूर भयो। अनि त्योबाहेक प्रभु येशूको मृत-शरीर चिहानमा छैन; कुनै स्वर्गदूतहरूबाट आश्वासन दिइने 'उहाँ जीवित हुनुहुन्छ' भन्ने खबरले तिनीहरूलाई जिल्ल पारेको थियो।

**लूका २४ः२५-२७ः** तब प्रभु येशूले तिनीहरूलाई प्रेमसाथ हप्काउनुभयो; किनभने यी सबै कुराहरू पुरानो नियमका भविष्य-वक्ताहरूले आफ्ना भविष्यवाणीहरूद्वारा मसीहको विषयमा पूर्वजानकारी दिएअनुसार भएका हुन्। पहिले उहाँले दुःख भोग्नुपरेको थियो, त्यसपछि उहाँले महिमा पाउनुहुनेथियो। उत्पत्तिको पुस्तकदेखि लिएर र भविष्यवक्ताहरूका पुस्तकहरू हुँदै उहाँले पवित्र धर्मशास्त्रका सबै पुस्तकहरूमा आफ्नो सम्बन्धमा मसीहको सन्दर्भमा लेखिएका कुराहरूको बेलीबिस्तार गर्नुभयो। ती दुईजनाको कति अद्‌भुत बाइबल-अध्ययनको समय भएछ। अनि अहो, हामी पनि त्यस बेलामा यस बाइबल-अध्ययनको कक्षामा उपस्थित भएका भए हाम्रा निम्ति कति असल हुनेथियो ! ! तर हामीसँग यही पुरानो नियमको पुस्तक छँदैछ। अनि हामीसँग पवित्र आत्मा पनि हुनुहुन्छ, जसले हामीलाई शिक्षा दिनुहुन्छ। यसकारण सम्पूर्ण पवित्र धर्मशास्त्र बाइबलले उहाँको विषयमा के-के भन्दछ, सो कुरा हामी स्वयम्‌ले पत्ता लगाउन सक्छौं।

**लूका २४ः२८-२९ः** अब ती दुई चेलाहरू आफ्नो घरमा आइपुग्न लागे। अनि तिनीहरूले आफ्नो सङ्गी-यात्रीलाई 'आउनुहोस्, हामीसँग बस्नुहोस्, भोलि पाल्नुहोला' भन्ने अतिथि-सत्कारको निम्तो दिए। शिष्ट भएर उहाँले पहिले यो कुरा मान्नुभएन, तर आफ्नो यात्रामा अघि बढ्ने इच्छा प्रकट गर्नुभयो; किनकि उहाँलाई सत्कार गर्ने कुनै बाध्यता थिएन।

तर तिनीहरूले 'होइन, आउनुहोस्, हामीसँग बस्नुहोस्' भन्दै ढिपी गरे, र अन्तमा उहाँले बस्न मान्नुभयो। अनि तिनीहरूको यस शुभ-कार्यमा ठूलो प्रतिफल थियो।

**लूका २४:३०-३१:** उहाँहरू खाना खान बस्नुभएको थियो; तब पाहुनाले पस्कने काम गर्न शुरु गर्नुभयो।

'त्यो सादा खाना प्रभु-भोजजत्तिकै पवित्र भयो र त्यो साधारण घर परमेश्वरको भवनजस्तो भयो। जहाँ जानुभए पनि यो ख्रीष्ट येशूको पारा हो। जसले उहाँलाई सत्कार गर्छन्, तिनीहरूको भव्य सत्कार हुनेछ। यी दुईजनाले आफ्नो घरको ढोका खोलेर उहाँलाई आफ्नो घरमा स्वागत गरे; अनि अबचाहिँ उहाँले तिनीहरूका आँखाहरू खोल्नुहुन्छ।'

डेली नोट्स अफ् द स्क्रिप्च्यर यूनियन

उहाँले रोटी लिनुभयो, आशिष दिएर त्यो भाँच्नुभयो र तिनीहरूलाई दिनुभयो। तब तिनीहरूले उहाँलाई चिनिहाले। के तिनीहरूले उहाँका हातहरूमा काँटीका डोबहरू देखे? होइन, अचम्म प्रकारले तिनीहरूका आँखाहरू खोलिए, र तिनीहरूले उहाँलाई चिने। अनि तिनीहरूले उहाँलाई चिन्नासाथ उहाँ अल्पिनुभयो।

**लूका २४:३२:** त्यसपछि तिनीहरूले त्यस दिनको यात्रा अवलोकन गरे। उहाँले तिनीहरूसँग कुरा गर्नुहुँदा र पवित्र धर्मशास्त्रका खण्ड-खण्डको अर्थ खोल्नुहुँदा तिनीहरूभित्र तिनीहरूको हृदय जलेको थियो। तिनीहरूको शिक्षक र सङ्गी-यात्री बौरिउठ्नुभएको प्रभु येशू ख्रीष्ट पो हुनुहुन्थ्यो।

**लूका २४:३३:** इम्माउसमा रहेर भोलिपल्ट यरूशलेम फर्कन तिनीहरूले कहाँ सक्थे र! तर सट्टामा तिनीहरू हतार गरेर तत्कालै यरूशलेममा फर्केछन्। अनि तिनीहरूले एघारजनालाई भेला भइरहेका भेट्टाए। एघारजना भन्ने शब्दबाट हामीले प्रेरितहरूरूपी प्रभुका पहिला चेलाहरूलाई बुझ्नुपर्छ। शुरुमा यहूदा इस्करयोतीसित बाह्रजना थिए। हुन त यूहन्नाको सुसामाचारअनुसार सबै एघारजना त्यहाँ भेला भएकै थिएनन् (यूहन्ना २०:२४)। यसकारण 'एघारजना' भन्नाले यी प्रेरितहरूका निम्ति समग्र रूपले प्रयोग गरिने शब्द हुनुपर्छ।

**लूका २४ः३४ः** इम्माउसका यी दुईजना चेलाहरूले आफ्नो खुशीको खबर सुनाउन पाएनन्; किनभने यरूशलेमका चेलाहरूले ठूलो हर्षको साथ तिनीहरूलाई 'प्रभु येशू बौरिउठ्नुभएको हो; अनि उहाँ शिमोन पत्रुसकहाँ देखा पर्नुभएको छ' भन्ने ढोल पिटे ।

**लूका २४ः३५ः** तब मात्र इम्माउसका दुईजना चेलाहरूको पालो आयो, जसले भनेः 'हो, यो कुरा बिलकुल सत्य हो; किनभने उहाँले हामीसँग यात्रा गर्नुभयो र हाम्रो घरमा बस्नुभयो; अनि उहाँले रोटी भाँच्नुभएको कुराबाट आफूलाई प्रकट गर्नुभयो; यसैबाट हामीले उहाँलाई चिन्यौं ।'

## ग) लूका २४ः३६-४३ः बौरिउठ्नुभएको प्रभु एघारजनाकहाँ देखा पर्नुभएको

**लूका २४ः३६-४१ः** बौरिउठ्नुभएको प्रभु येशूको शरीर वास्तविक शरीर थियो, छुन सकिने शरीर थियो, हड्डीहरू र मासु भएको शरीर थियो । तीन दिन अगाड़ि त्यही शरीर गाड़िएको थियो; तर अबचाहिँ त्यो शरीर बदलियो, र फेरि कहिल्यै मृत्युको वशमा रहँदैनथियो । अनि यही महिमित शरीर लिएर प्रभु येशू ढोका बन्द भएको कोठाभित्र पस्न सक्नुभयो (यूहन्ना २०ः१९) ।

पहिलो आइतवारको रातमा कुरा पनि यस्तो थियो। किनभने चेलाहरूले आफ्ना आँखाहरू उठाए र उहाँलाई देखे, र उहाँ उनीहरूसँग बोल्नुभएको कुरा सुने। *'तिमीहरूलाई शान्ति !'* तर उनीहरूले उहाँलाई भूत सम्झे, र सन्त्रासले धेरै हड़बड़ाए। तर जब उहाँले उनीहरूलाई उहाँका हात र खुट्टाहरू देखाउनुभयो, जसमा क्रूसको कष्टका चिन्हहरू देखिन्थ्यो, तब उनीहरूले बुझ्न थाले। यसो भए पनि के उनीहरूले देखेका कुराहरू साँचो थिए? विचरा, उनीहरूले पत्याउनै सकेनन्।

**लूका २४ः४२-४३ः** यसकारण प्रभु येशूले उनीहरूलाई आफ्नो विषयमा पक्का प्रमाण दिनका निम्ति उनीहरूको सामु सेकाइएको माछा र मौरीको चाकाको एक टुक्रा खानुभयो ।

## घ) लूका २४:४४-४९: उहाँले उनीहरूको समक्ष खोल्नुभएको

**लूका २४:४४-४७:** यो खण्ड मुक्तिदाता प्रभुको शिक्षाको सारांशको रूपमा लिन सकिन्छ, जुन शिक्षा उहाँले आफ्नो बौरिउठाइ र आफ्नो स्वर्गाहोरणको बीचको अवधिमा दिनुभयो। उहाँको बौरिउठाइमा उहाँले अघि उनीहरूसित बोल्नुभएका उहाँका वचनहरू पूरा भए। अनि के उहाँले उनीहरूलाई यी सबै कुराहरू पूरा हुनुपर्छ भनेर भन्नुभएको थिएन र, जुन कुराहरू उहाँको विषयमा पुरानो नियमका सबै भविष्यवाणीहरूमा लेखिएका छन्? मोशाको व्यवस्था, भविष्यवक्ताहरू र भजनसङ्ग्रहको पुस्तक पुरानो नियमका मुख्य खण्ड हुन्। यी तीनवटा खण्ड मिलेर सारा पुरानो नियम बनेको छ। अनि मसीहको विषयमा पुरानो नियमका भविष्यवाणीहरूमा निम्न मुख्य बुँदाहरू छन्:

**क)** ख्रीष्टले दुःख भोग्नुपर्छ (भजन २२:१-२१; यशैया ५३:१-९)।

**ख)** ख्रीष्टले मरेकाहरूको बीचबाट बौरिउठ्नुपर्छ (भजन १६:१०, योना १:१७ र होशे ६:२)।

**ग)** यरूशलेमदेखि शुरु गरेर उहाँको नाममा सबै जातिका मानिसहरूको बीचमा 'पश्चात्ताप गर्नुपर्छ र पापहरूको क्षमा पाउनुपर्छ' भन्ने प्रचार गरिनेछ।

तब प्रभु येशूले उनीहरूको समक्ष खोलिदिनुभयो, र उनीहरूले पवित्र धर्मशास्त्रका यी सबै खण्डहरू बुझ्न सके।

यस अध्यायमा खोलिएका कुराहरू निक्कै पाइँदा रहेछन्, जस्तै चिहान खोलिएको (लूका २४:१२), पाहुनाको सत्कारमा चेलाहरूको घरको ढोका खोलिएको (लूका २४:१९), यी दुई चेलाहरूका आँखाहरू खोलिएका (लूका २४:३१), पवित्र धर्मशास्त्रहरूको अर्थ खोलिएको (लूका २४:३२), दुईजना चेलाहरूको मुख खोलिएको (लूका

२४:३५), एघारजनाको समक्ष खोलिएको (लूका २४:४५) र स्वर्ग खोलिएको (लूका २४:५१)।

**लूका २४:४८-४९:** अनि यसरी नै प्रभुका यी चेलाहरू उहाँको बौरिउठाइका प्रत्यक्ष गवाहीहरू भए। यो महिमित सुसमाचार लिएर उनीहरू प्रचारप्रसारको काममा अघि बढ्नु थियो। तर यसो गर्नुभन्दा पहिले उनीहरू पिताको प्रतिज्ञा पाउनलाई पर्खनुपरेको थियो; किनभने पेन्टेकोष्टको दिनमा पवित्र आत्मा उनीहरूमाथि आउन लाग्नुभएको थियो। तब उनीहरूले बौरिठ्नुभएको प्रभु येशू ख्रीष्टको गवाही दिन ईश्वरीय शक्ति पाउनेथिए। पवित्र आत्माचाहिँ पिताको प्रतिज्ञा हुनुहुन्थ्यो, जसको विषयमा उहाँले पुरानो नियममा निम्न खण्डहरूमा प्रतिज्ञा गर्नुभएको थियोः यशैया ४४:३; इजकिएल ३६:२७ र योएल २:२८।

## ङ) लूका २४:५०-५३: मानिसको पुत्रको स्वर्गारोहण

**लूका २४:५०-५१:** प्रभु येशूको बौरिउठाइको चालीस दिनपछि उहाँको स्वर्गारोहण भयो। त्यस दिनमा उहाँले आफ्ना चेलाहरूलाई बेथानीमा लैजानुभयो, जुन बेथानी गाउँ जैतुन-डाँड़ाको पूर्वीय पाखामा अवस्थित थियो। त्यहाँ उहाँले आफ्ना हातहरू उठाएर उनीहरूलाई आशिष दिनुभयो। अनि उनीहरूलाई आशिष दिनुहुँदा नै उहाँ स्वर्गमा उठाइनुभयो।

**लूका २४:५२-५३:** तब उनीहरूले उहाँलाई दण्डवत् गरे, र ठूलो आनन्दको साथ उनीहरू यरूशलेममा फर्के। उनीहरूले आउँदा दस दिनहरूमा प्रायः सब समय परमेश्वरलाई प्रशंसा र धन्यवाद चढ़ाउँदै मन्दिरमा बिताए।

लूकाको सुसमाचारको पुस्तकको शुरुमा ईश्वरभक्त विश्वासीहरूले मन्दिरमा लामो समयसम्म बाटो हेरिरहेका मसीहका निम्ति प्रार्थना गरि-रहेका थिए भने यस पुस्तकको अन्तमा प्रभुभक्त ख्रीष्ट-विश्वासीहरूले परमेश्वरलाई प्रशंसा र धन्यवाद चढ़ाइरहे; किनभने परमेश्वरले प्रार्थनाको

उत्तरमा ख्रीष्ट येशूमा मानिसहरूका निम्ति मुक्तिको प्रबन्ध गर्नुभयो । हामी यस पुस्तकको सुन्दर चरमसीमामा आइपुग्यौं, जुन पुस्तकको विषयमा श्री एर्नष्ट रेनान् ‘संसारको सबैभन्दा सुन्दर पुस्तक यही हो’ भन्ने आफ्नो राय दिएका छन् । आमेन ! [70)]

# ENDNOTES:

[1] (1:2) James S. Stewart, The Life and Teaching of Jesus Christ, p. 9.

[2] (1:4) The same word (anoμthen) occurs in John 3:7: "You must be born again" (or "from above").

[3] (1:16, 17) G. Coleman Luck, Luke, p. 17.

[4] (1:28) The Greek word is a passive participle, showing she received the favor. The Latin gratia plena ("full of grace") has been misused to teach that Mary is a source of grace. This points up the importance of precisely accurate translation.

[5] (1:72–75) G. Campbell Morgan, The Gospel According to Luke , pp. 30, 31.

[6] (2:7) J. N. Darby, Synopsis of the Books of the Bible, III:293.

[7] (2:8) Stewart, Life and Teaching, p. 24.

[8] (2:13, 14) The critical (NU) text reads "to men of good will," which seems to contradict the Bible doctrine of man's depravity. Evangelicals who accept the critical reading generally paraphrase. The KJV tradition is probably best.

[9] (2:33) The NU reading "His father and mother" does not deny the Virgin Birth, but is less clear. Compare also v. 43 in the traditional and majority texts vs. the NU text.

[10] (2:40) The NU text omits "in spirit."

[11] (4:13) Stewart, Life and Teaching, p. 45.

[12] (4:28) John Charles Ryle, Expository Thoughts on the Gospels, St. Luke, I:121.

[13] (5:30) The NU text reads "the Pharisees and their scribes," meaning those scribes who held the Pharisaic position.

[14] (6:17–19) Many scholars, however, believe the "plain" (KJV) was a flat place on the mountain side and the differences are merely from condensation, choice of emphasis by Matthew and Luke, and editorial arrangement (inspired by God).

[15] (6:26) The majority of mss. omit "all," suggesting that only some would praise compromisers.

[16] (6:27–29a) F. B. Meyer, The Heavenlies, p. 26.

[17] (6:47–49) The critical reading ("well-built") followed in most modern Bibles, misses the point. It is not how but on whom (Christ) one builds one's life!

[18] (7:21–23) C. G. Moore, quoted by W. H. Griffith Thomas, Outline Studies in the Gospel of Luke, p. 129. (7:21–23) C. G. Moore, quoted by W. H. Griffith Thomas, Outline Studies in the Gospel of Luke, p. 129.

[19] (7:27) F. L. Godet, Commentary on the Gospel of Luke, I:350.

[20] (7:30–34) Ryle, St. Luke, I:230.

[21] (7:49, 50) Ibid., p. 239.

[22] (8:11–15) J. N. Darby, The Gospel of Luke, p. 61.

[23] (8:18) G. H. Lang, The Parabolic Teaching of the Scripture, p. 60.

[24] (8:26, 27) Here and in verse 37 the NU text reads Gerasenes.

[25] (8:34–39) Darby, Synopsis, III:340.

[26] (8:51–53) Sir Robert Anderson, Misunderstood Texts of the New Testament, p. 51.

[27] (9:19,20) Stewart, Life and Teaching, pp. 109, 110.

[28] (9:28, 29) W. H. Rogers, further documentation unavailable.

[29] (9:32,33) Ryle, Gospels, St. Luke, I:320.

[30] (9:50) A. L. Williams, further documentation unavailable.

[31] (9:62) This probably does not mean a momentary glance back, but the "back to Egypt" mentality of the Israelites in the wilderness.

[32] (10:1–12) Here and in v. 17 the NU text reads "seventy-two."

[33] (10:16) Ryle, St. Luke, I:357, 358.

[34] (10:36, 37) F. Davidson, ed., The New Bible Commentary, p. 851.

[35] (10:42) C. A. Coates, An Outline of Luke's Gospel, p. 129.

[36] (10:42) Charles R. Erdman, The Gospel of Luke, p. 112.

[37] (11:4) Luke gives a shorter version of the "Disciple's Prayer," which perhaps suggests it is not to be recited word-for-word. The omissions in the critical (NU) text (see NKJV footnotes) are generally considered interpolations from Matthew by the editors of that text, but who knows?

[38] (11:9) The Greek present imperative suggests continuous action.

[39] (11:41) Harry A. Ironside, Addresses on the Gospel of Luke, p. 390.

[40] (11:46) William Kelly, An Exposition of the Gospel of Luke, p. 199.

[41] (12:2,3) Godet, Luke, II:89.

[42] (12:15) J. R. Miller, Come Ye Apart, reading for June 10.

[43] (12:36) Kelly, Luke, p. 214.

[44] (13:6–9) Lang, Parabolic Teaching, p. 230.

[45] (14:33) Ryle, Gospels, St. Luke, II:86.

[46] (14:34,35) Kelly, Luke, p. 249.

[47] (15:20) Stewart, Life and Teaching, pp. 77, 78.

[48] (16:9) Arthur T. Pierson, further documentation unavailable.

[49] (16:9) J. N. Darby, The Man of Sorrows, p. 178.

[50] (17:10) Roy Hession, The Calvary Road, p. 49.

[51] (17:34–36) Both the oldest and the majority of mss. lack v. 36, which means it is probably not authentic.

[52] (18:31–33) Ryle, Gospels, St. Luke, II:282.

[53] (19:11) A mina (Heb. minah, Gk. kmna) was worth a great deal more than a British "pound," hence the change here from KJV.

[54] (19:41, 42) Griffith Thomas, Luke, p. 303.

[55] (20:18) Others take the stone to refer to the repentant sinner falling in contrition on Jesus in true brokenness and being saved vs. the Christ-rejecter being smashed to powder at the future judgment.

[56] (20:35) Coates, Luke's Gospel, p. 252.

[57] (21:1–4) Dr. Joseph Parker, further documentation unavailable.

[58] (21:20–24) Christian Truth Magazine, November 1962, p. 303.

[59] (21:20–24) Edward Gibbon, The Decline and Fall of the Roman Empire, II:95-101.

[60] (22:7) Leon Morris, The Gospel According to Luke, pp. 302-304.

[61] (22:47,48) Stewart, Life and Teaching, p. 154.

[62] (23:13–17) Ibid., p. 161.

[63] (23:33) This is the only place in the English Bible (KJV tradition) where this beloved name occurs. Even though there are thousands of congregations named "Calvary Church," most modern Bibles have scrapped this traditional rendering.

[64] (23:33) Stewart, Life and Teaching, p. 166.

[65] (23:34) Morgan, Luke, p. 269.

[66] (23:35–38) Stewart, Life and Teaching, p. 168.

[67] (23:42) The traditional and majority text reading, "Lord, remember me," is much more impressive than the critical (NU) text "Jesus, remember me." The title of respect "Lord" (can also mean "Sir") shows deeper faith than the use of a personal name.

[68] (23:43) Erdman, Luke, pp. 217, 218.

[69] (24:13) The NU text reads, "'What kind of conversation is this that you have with one another?' And they stood still, looking sad."

[70] (24:52, 53) The critical (NU) text omits "praising and" as well as the final "Amen"

## BIBLIOGRAPHY


Coates, C. A. *An Outline of Luke's Gospel.* Kingston on Thames: Stow Hill Bible and Tract Depot, n.d.

Darby, J. N. *The Gospel of Luke*. London: James Carter, n.d.

__. *The Man of Sorrows*. Glasgow: Pickering and Inglis, n.d.

__.. Notes of Addresses on the Gospel of Luke. London: C. A. Hammond, n.d.

Erdman, Charles R. *The Gospel of Luke*. Philadelphia: The Westminster Press, 1921.

Geldenhuys, Norval. *Commentary on the Gospel of Luke,* 2 vols. Grand Rapids: Zondervan Publishing House, 1977.

Ironside, H. A. *Addresses on the Gospel of Luke*. New York: Loizeaux Brothers, 1947.

Kelly, William. *An Exposition of the Gospel of Luke*. London: Pickering and Inglis, n.d.

Luck, G. Coleman. *Luke*. Chicago: Moody Press, 1960.

Morgan, G. Campbell. *The Gospel According to Luke*. New York: Fleming H. Re vell Co., 1931.

Morris, Leon. *The Gospel According to St. Luke, TBC*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1974.

Thomas, W. H. Griffith. *Outline Studies in the Gospel of Luke*. Grand Rapids: Kregel Publications, 1984.

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**

**२) मामुली जीवनभन्दा उच्च जीवन**

**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**

**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**

**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**

**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**

**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

**८) मत्तीको सुसमाचारको टिप्पणी**

**९) मर्कूसको सुसमाचारको टिप्पणी**

**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**

**११) रोमीको पुस्तकको टिप्पणी**

**१२) गलातीको पुस्तकको टिप्पणी**

**१३) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१४) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
W.B., India

Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal

Phone No. 00977/9841275267 or 00977/14478738


एन.बी.सी.आई द्वारा उत्पादित
आशाको नयाँ किरण
आत्मिक रेडियो कार्यक्रम
भरतपुरको रेडियो त्रिवेणी १००.६
मेगाहर्जमा हरेक बिहीबार बेलुकी
७:१५ मा प्रसारण भइरहेको छ ।
अवश्य सुन्नुहोला ।
Gospel through the radio
आशाको
नयाँ किरण
NEW RAY OF HOPE